# बैंक समाचार

# ५६ औं वार्षिकोत्सव आर्थिक विशेषाङ्क




Agricultural Development Bank Ltd.

**कृषि विकास बैंक लि.**






ADBL
सि-आश्वा
C-ASBA
Application Supported by Blocked Amount
IPO/FPO/Right शेयरको
खरिद आवेदन
अब कृषि विकास बैंकबाट...
बैंक सेवा नि:शुल्क
सरल, सहज र सुरक्षित
देशभरका सम्पूर्ण शाखाबाट
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.

## कृषि विकास बैंक लि.

# ५६ औं वार्षिकोत्सव आर्थिक विशेषाङ्क

हामी ५६ औं वर्षमा प्रवेश गरेका छौं । यहाँसम्म आइपुग्न आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने समस्त ग्राहकवर्ग, कर्जाग्राही, शेयरधनी महानुभावहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवं नियामक निकायहरू, Asian Development Bank, IFAD, World Bank लगायत विभिन्न दातृ निकाय, सहयोगी संघसंस्थाहरू र सबै शुभेच्छुकहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा अझ स्तरीय एवं विशिष्टीकृत सेवा दिने प्रण गर्दछौं ।

प्रधानमन्त्री

काठमाडौं, नेपाल



# शुभकामना

कृषि विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको ५६ औं बर्ष प्रवेश गर्न लागेको अवसरमा बैंक परिवार एवम् समस्त ग्राहक, उद्यमी, व्यवसायी लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

देशको बहुसंख्यक जनसंख्या कृषि क्षेत्रमा आबद्ध छन्। कृषि विकास बैंक लिमिटेडले किसान, उद्यमी तथा व्यवसायीहरूलाई सहज रूपमा कर्जा उपलब्ध गराई कृषि क्षेत्रको व्यावसायिक विकास तथा प्रवर्द्धनका लागि गरेका प्रयासहरू प्रशंसनीय छन्। ग्राहकहरूलाई सबै किसिमका बैंकिङ्ग सेवाहरू उपलब्ध गराई तथा देशमा बैंकिङ्ग सेवाको पहुँच ग्रामीणस्तरसम्म विस्तार गरी कृषकहरूको जीवनस्तर सुधार गर्न सहयोग गर्दै आएको यस बैंकले मुलुकको कृषि क्षेत्रको विकासमा आफ्नै विशिष्ट पहिचान राख्न सफल भएको छ।

बैंकले नेपाल सरकारमार्फत संचालन भइरहेको वित्तीय क्षेत्रका गरिबी निवारण, ग्रामीण अर्थतन्त्रको विकास एवम् विस्तार, विपन्न वर्गको उत्थान, वित्तीय साक्षरता प्रवर्द्धन, कृषि लगायतका उत्पादनशील क्षेत्रमा सहुलियतपूर्ण कर्जा प्रवाहमा योगदान पुऱ्याउँदै आएको छ। उद्यम व्यवसाय गर्न चाहने युवा वर्गलाई सहज रूपमा आवश्यक कर्जा उपलब्ध गराई उनीहरूको सीप, क्षमता र उद्यमशीलतालाई मुलुकको विकासमा लगाउन उत्प्रेरित गर्ने विषयमा यस बैंकले जोड दिनुपर्दछ।

कृषि विकास बैंक लिमिटेडले विगत पाँच दशकदेखि मुलुकको ग्रामीण भेगदेखि शहर बजारसम्मका आम जनसमुदायको बचतलाई परिचालन गरी कृषि लगायत उत्पादनशील क्षेत्रमा पूँजी प्रवाह गर्न योगदान पुऱ्याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु। मुलुकको अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रूपमा रहेको कृषि क्षेत्रको थप आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्दै यस क्षेत्रमा आय र रोजगारी प्रवर्द्धन गर्न तथा सेवालाई विस्तार गरी सीमान्तकृत वर्ग र क्षेत्रका किसानलाई लाभान्वित तुल्याउन बैंकले अग्रणी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

अन्त्यमा, कृषि विकास बैंक लिमिटेडलाई आजको प्रतिस्पर्धात्मक युगमा अन्य वाणिज्य बैंकहरूसँगै आफूलाई प्रतिस्पर्धामा खरो उत्रन तथा आधुनिक प्रविधिको माध्यमबाट देशको दूर-दराजसम्म सेवा विस्तार गरी सर्वसाधारण जनताको घर आँगनको बैंकको रूपमा स्थापित हुन सफलता प्राप्त होस् भन्ने शुभेच्छा सहित बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

मिति : २०७९ माघ ७

पुष्प कमल दाहाल 'प्रचण्ड'

नेपाल सरकार
# अर्थ मन्त्रालय

मा. विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री तथा अर्थमन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल



## शुभकामना

कृषि विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको ५६ औं वर्ष प्रवेश गर्न लागेको सुखद अवसरमा समस्त बैंक परिवार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ग्रामिण ईलाकादेखि शहर बजारसम्म बृहत्तर रुपमा आम-जनसमुदायलाई सम्पूर्ण बैंकिङ्ग सेवा उपलब्ध गराउने लक्ष्यका साथ अग्रसर कृषि विकास बैंक लिमिटेडले बैंकिङ्ग व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुऱ्याउँदै आएको योगदान प्रशंसनीय छ ।

बैंकले नेपाल सरकारद्वारा संचालन भइरहेका आर्थिक गतिविधिको विकास एवं विस्तारका लागि उपलब्ध गराउँदै आएको अनुदानसहितको सहुलियतपूर्ण कर्जालाई आगामी दिनमा पनि उत्पादनशील क्षेत्रमा अझ प्रभावकारी रुपमा प्रवाह गर्दै लैजाने छ भन्ने विश्वास लिएको छु । बैंकले सूचना प्रविधिको माध्यमबाट कृषक तथा कृषि क्षेत्रमा सेवा विस्तार गर्ने कार्यमा अग्रणी भूमिका खेल्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

अन्त्यमा, आगामी दिनमा बैंकले अझ प्रभावकारी रुपमा निक्षेप परिचालन गर्दै उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गरी गुणस्तरीय एवम् विश्वसनीय सेवा प्रवाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । वित्तीय अनुशासनको पालना गर्दै रोजगारी सिर्जना, गरिबी निवारण र ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा बैंकले सफलता प्राप्त गर्दै जाओस् भन्ने कामना गर्दछु । आफूलाई सर्वसाधारणको घर आँगनको बैंकका रुपमा चिनाउँदै आएको कृषि विकास बैंक लिमिटेडको उत्तरोत्तर प्रगतिको कामना समेत गर्दछु ।

७ माघ, २०७९

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री तथा अर्थमन्त्री

टेलिफोन नं.: +९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: +९७७-१-४२११८३१
वेबसाईट: www.mof.gov.np

गभर्नर
Governor


# नेपाल राष्ट्र बैंक
# NEPAL RASTRA BANK


केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
Central Office
Baluwatar, Kathmandu




## शुभ-कामना

कृषि विकास बैंक लिमिटेड आफ्नो स्थापनाको ५५ वर्ष पूरा गरी ५६ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा बैंक परिवारप्रति हार्दिक शुभकामना व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने मुख्य उद्देश्यका साथ स्थापित यस बैंकले कृषिको व्यावसायीकरण, उत्पादन अभिवृद्धि, ग्रामीण रोजगारी सिर्जना, बैंकिङ सेवाको पहुँच विस्तार एवम् गरिबी न्यूनीकरणका क्षेत्रमा पुर्‍याएको योगदान सराहनीय छ । बैंकले कृषि क्षेत्रमा आवश्यक कर्जा लगानीमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ । कृषकहरूको लागि आवश्यक कर्जा व्यवस्थापनका साथै कृषि तालिममार्फत कृषकको क्षमता अभिवृद्धि गर्दा कृषि उत्पादकत्व बढ्ने र समग्र अर्थतन्त्रको विकास र विस्तारमा योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ । यस बैंकले कृषि कर्जा उपयोग गर्न कृषि बण्ड जारी गरेको र किसानलाई सहजै कर्जाको लागि किसान कार्ड जारी गरी सेवा प्रवाह गर्दै आएको छ । नेपाल सरकार र नेपाल राष्ट्र बैंकले परिलक्षित गरेका कार्यक्रमहरूको कार्यान्वयनमा समेत सहयोग पुर्‍याउँदै आएको र भविष्यमा समेत सोमा निरन्तरता हुने विश्वास व्यक्त गर्दछु । आजको प्रतिस्पर्धी वित्तीय बजारमा बैंकले कुशल, प्रतिस्पर्धी, नवीनतम तथा आधुनिक बैंकिङ सेवा प्रवाह गर्दै तोकिएको उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहमा प्राथमिकता दिई एक सबल वाणिज्य बैंकको रूपमा उल्लेखनीय भूमिका निर्वाह गर्नेछ भन्ने मलाई विश्वास छ ।

आगामी दिनमा यस बैंकले उपलब्ध प्रविधि, पूर्वाधार, जनशक्ति व्यवस्थापन तथा शाखा सञ्जालको उपयोग गरी सबल वित्तीय स्थिति कायम गर्दै संस्थागत सुशासन एवम् उच्च कार्यदक्षतामार्फत उत्तरदायित्वपूर्ण वित्तीय सेवा प्रवाह गरी अर्थतन्त्रको विकासमा मार्गदर्शक तथा कृषि क्षेत्रको अगुवा बैंकको भूमिका निर्वाह गर्ने आशाका साथ वार्षिकोत्सवको यस पावन अवसरमा पुनः शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७९ माघ ७

(महा प्रसाद अधिकारी)


Phone: 977-1-4410386 Fax: 977-1-4410159 Post Box: 73 Website: www.nrb.org.np Email: ofg@nrb.org.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

नेपाल सरकार
अर्थ मन्त्रालय

पत्र संख्या:-

च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।



## शुभकामना

कृषि विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको ५६औं वर्ष प्रवेश गर्न लागेको सुखद अवसरमा बैंकलाई यस अवस्थासम्म ल्याई पुऱ्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने समस्त बैंक परिवार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

कृषि विकास बैंकले ग्रामीण इलाकादेखि शहर बजारसम्म बृहत्तर रूपमा आम-जनसमुदायलाई सम्पूर्ण बैंकिङ्ग सेवा उपलब्ध गराउने लक्ष्य लिएको र सोही अनुसार बैंकिङ्ग व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ। नागरिकको घर आँगनको बैंकको रूपमा आफूलाई चिनाउँदै नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुऱ्याएको योगदान प्रशंसनीय छ।

बैंकले आफ्नो उद्धेश्यअनुसार सार्वसाधारणको निक्षेप अधिकाधिकरूपमा परिचालन गरी कृषि तथा अन्य उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी रूपमा अगाडि बढाउँदै लैजानेछ भन्ने विश्वास लिएको छु। सूचना प्रविधिको माध्यमबाट सेवा विस्तार गरी आमजनताका लागि वित्तीय पहुँचको सुनिश्चितता गर्ने, वित्तीय सुशासन कायम गर्ने, संस्थागत सुशासन प्रवर्द्धन गर्ने, आफ्नो क्षमता अभिवृद्धि गर्ने र अन्य वाणिज्य बैंकहरूसँग स्वच्छ प्रतिस्पर्धा गरी सबल र सक्षम संस्थाको पहिचान बनाउने छ भन्ने विश्वास लिएको छु।

अन्यमा, बैंकले आगामी दिनमा वित्तीय अनुशासनको पूर्ण पालना गर्दै बैकिङ्ग व्यवसायमा विश्वव्यापी रूपमा अवलम्बन भएका/गरिएका उत्कृष्ट अभ्यास भिœयाउँदै आधुनिक बैंकिङ्ग प्रणाली मार्फत् वित्तीय पहुँच विस्तार गर्न, कृषिजन्य उत्पादनमा लगानी बढाउन, गुणस्तरीय एवं विश्वासनीय सेवाप्रवाह गर्ने कार्यमा अग्रणी भूमिका खेल्न सक्षम रही आफ्नो लगानी विविधीकरणबाट रोजगारी सिर्जना, गरिबी निवारण तथा ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा सफलता प्राप्त गर्न सकोस् भनी उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

मिति : २०७९ माघ ७

तीयम राया
सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मु.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-



## शुभकामना

कृषि विकास बैंक लि.ले आफ्नो स्थापनाको ५६ औं वर्ष प्रवेश गर्न लागेको सुखद अवसरमा समस्त बैंक परिवार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ग्रामीण ईलाकादेखि शहर बजारसम्म आम-जनसमुदायलाई बैंकिङ्ग सेवा उपलब्ध गराउने लक्ष्यका साथ अग्रसर कृषि विकास बैंक लि.ले बैंकिङ्ग व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुर्‍याउँदै आएको योगदान प्रसंशनीय छ ।

बैंकले नेपाल सरकारद्धारा उपलब्ध गराउँदै आएको अनुदानसहितको सहुलियतपूर्ण कर्जालाई आगामी दिनमा पनि उत्पादनशील क्षेत्रमा थप प्रभावकारी रुपमा प्रवाह गर्दै लैजाने छ भन्ने विश्वास लिएको छु । खास गरी कृषि क्षेत्रमा अझै पनि जनसंख्याको ठूलो हिस्सा आबद्ध रहेको हुँदा बैंकले आफ्नो मौलिक पहिचान अनुकूल हुने गरी कृषिक्षेत्रमा लगानी विस्तार गरी मुलूकको आर्थिक समृद्धिमा योगदान पुर्‍याउनेछ भन्नेमा म विश्वस्त छु । आम जनताका लागि वित्तीय पहुँचको सुनिश्चितता गर्दै यस बैंकले अन्य वाणिज्य बैंकहरुसँग प्रतिस्पर्धा गरी क्षमता अभिवृद्धि गर्दै सूचना प्रविधिको माध्यमबाट सेवा विस्तार गर्ने कार्यमा अग्रणी भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, आगामी दिनमा बैंकले अझ प्रभावकारी रुपमा निक्षेप परिचालन गर्दै उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गरी गुणस्तरीय एवं विश्वसनीय सेवा प्रवाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । वित्तीय अनुशासनको पालना गर्दै रोजगारी सिर्जना, गरिबी निवारण र ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा बैंकले सफलता प्राप्त गर्दै जाओस् भन्ने कामना गर्दछु । आफूलाई सर्वसाधारणको घर आँगनको बैंकका रुपमा चिनाउँदै आएको कृषि विकास बैंक लि.को उत्तरोत्तर प्रगतीका लागि शुभकामना व्यक्त गर्दछु ।

२०७५/१०/०८

डा.राम प्रसाद घिमिरे
सचिव (राजस्व)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np



# सञ्चालक समितिका अध्यक्षको शुभकामना

कृषि विकास बैंक लिमिटेडको ५५ औं वर्ष पूरा गरी ५६ औं वर्षमा प्रवेश गर्न लागेको शुभ अवसरमा यस बैंकलाई आ-आफ्नो तर्फबाट अमूल्य सहयोग गर्नुहुने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, शेयरधनी तथा ग्राहक महानुभावहरू, कर्मचारी वर्ग तथा शुभेच्छुक सबैमा हार्दिक बधाईसहित शुभकामना व्यक्त गर्न चाहन्छु ।

मुल रूपमा वित्तीय सहयोगको माध्यमबाट कृषि र ग्रामीण क्षेत्रको विकास गर्ने उद्देश्यका लागि वि.सं. २०२४ माघ ७ गते स्थापना भएको यस बैंकले हालसम्म कृषि क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग पुर्‍याउनुका साथै वर्तमान अवस्थामा वाणिज्य बैंकले प्रदान गर्ने सबै किसिमका सेवा सुविधा ग्राहकहरूलाई उपलब्ध गराउँदै आएको छ ।

कृषि विकास बैंक नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति निर्देशन तथा प्राथमिकतालाई समेत मध्यनजर राख्दै निर्दिष्ट जिम्मेवारी बहन गरी प्रतिस्पर्धात्मक बजारमा दक्ष जनशक्ति उच्च प्रविधिका साथ ग्राहकको सन्तुष्टीलाई आफनो लक्ष्य बनाई वित्तीय क्षेत्रमा गरिएका सफल अभ्यास र वित्तीय औजारहरूको माध्यमबाट अत्याधुनिक र उन्नत सेवा प्रदान गर्न अग्रसर रहेको छ । यस बैंकले संघ, प्रदेश र स्थानीय निकायमा समेत आफ्नो सेवा विस्तार गरी वित्तीय बजारमा एक प्रतिष्ठित बैंकको रूपमा आफूलाई उभ्याउन सक्षम हुने विश्वास लिएको छु ।

बैकिङ्ग क्षेत्रमा हालका दिनमा देखा परेको असहज परिस्थितिको सामना गर्न बैंक सक्षम रहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु । बैंकले आफूलाई ग्रामीण स्तरमा शाखा विस्तार गर्दै तथा डिजिटलाइजेशनको माध्यमबाट दूरदराजमा रहेका ग्राहकहरूसँग साक्षात्कार गरी वित्तीय साक्षरता, वित्तीय पहुँच, निक्षेपको संकलन, गुणस्तरीय लगानी तथा Compliance को पालना गर्दै यो बैंक आगामी दिनमा अझै सशक्त रूपमा अगाडि बढ्ने छ भन्ने मैले आशा लिएको छु ।

अन्तमा, सरकारले सञ्चालन गरेको कार्यक्रमहरूमा समेत उल्लेखनीय योगदान पुर्‍याउने विश्वास लिँदै गौरवपूर्ण ५५ वर्ष पूरा गरी सफलतापूर्वक ५६ औं वर्ष प्रवेश गरेको आजको यस शुभ दिनमा बैंकलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।

**रमेश दुवाडी**
अध्यक्ष
सञ्चालक समिति
कृषि विकास बैंक लिमिटेड

मिति : २०७९ माघ ७

# कृषि विकास बैंक लि. मा
# Online बाट खाता खोल्दा
# 5in1
# सुविधा पाउनुहोस् ।

Mero Share

C-ASBA Registration Number (CRN)

VISA Debit Card

Demat Account

Internet Banking



थप जानकारीको लागि नजिकैको शाखामा सम्पर्क राख्नुहोला ।


Agricultural Development Bank Ltd.

कृषि विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np | सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक | SWIFT: ADBLNPKA

# प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिबद्धता



कृषि विकास बैंक लि. ५५ वर्ष पूरा गरी ५६ औं वर्षमा प्रवेश गरेको यस सुखद अवसरमा नेपाल सरकार, बैंक सञ्चालक समिति, बैंकका समस्त ग्राहक वर्ग, शेयरधनी महानुभावहरू, दातृ निकाय, नियमनकारी निकाय, पूर्व कर्मचारी तथा कार्यरत कर्मचारीहरू, सञ्चारकर्मीलगायत सम्पूर्ण शुभचिन्तक संस्था एवम् महानुभावहरूमा हार्दिक आभार एवं शुभकामना व्यक्त गर्दछु ।

वि.सं. २०२४ माघ ७ गतेका दिन देशको कृषि तथा ग्रामीण क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले स्थापना भएको यस बैंकले वि.सं. २०३२ सालमा साना किसान विकास आयोजनाबाट ग्रामीण र गरिबी निवारण कार्यक्रम मार्फत सीमान्तकृत वर्गको उत्थान गर्ने कार्यक्रम सुरूवात गरेको थियो । यसलाई निश्चित आकार र स्वरूप दिँदै वि.सं. २०५८ सालमा यस बैंकको पहलमा साना किसान विकास बैंक स्थापना गरी कार्यक्रम हस्तान्तरण गरियो । सरकार र दातृ निकायको मात्र भर नपरी आफ्नै पहलमा दीगो र भरपर्दो स्रोत जुटाई लक्षित कार्यक्रमहरू निर्बाध सञ्चालन गर्ने उद्देश्यले सहरी क्षेत्रको निक्षेप संकलन गरी ग्रामीण क्षेत्रसम्म पुऱ्याउन वि.सं. २०४१ सालमा यस बैंकले पनि वाणिज्य बैंकिङ्ग कारोबार सुरूवात गरेको थियो ।

वि.सं. २०६२ सालमा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वाणिज्य बैंकको इजाजतपत्र प्राप्त गरेर हाल देशको वाणिज्य बैंकको रूपमा कार्य गरिरहेको यस बैंकलाई नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रको अगुवा बैंकका रूपमा तोकेको सन्दर्भमा देशको कृषि क्षेत्रको समग्र विकासमा आवश्यक कर्जा उपलब्ध गराउने, कृषि बन्ड जारी गर्ने, किसान कार्ड, किसान एप उपलब्ध गराउने नेपाल सरकारको सहुलियतपूर्ण कर्जा लक्षित वर्गसम्म पुऱ्याउनेदेखि, विभिन्न प्रदेश सरकारहरूसमक्ष अलग्गै सम्झौता गरेअनुसार सहुलियतपूर्ण कर्जाअन्तर्गतका कार्यक्रमहरूमा समेत बैंकले कार्यहरू गर्दै आइरहेको सन्दर्भमा अत्याधुनिक वाणिज्य बैंकिङ्ग सेवालाई सहरदेखि ग्रामीण क्षेत्रका सर्वसाधारणको घरदैलोसम्म आधुनिक प्रविधिमार्फत जोड्ने कार्य गरी "सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक" को अनुभूति दिन सधैं क्रियाशील रहेको छ ।

हाम्रा अत्याधुनिक डिजिटल बैंकिङ सेवाहरूः "क्रेडिट कार्ड देखि किसान कार्डसम्म", "Online 5 in 1 Banking" अन्तर्गत अनलाइनबाटै खाता खोली Demat Account, Meroshare, C–ASBA, Visa Debit Card तथा Internet Banking, किसान एप, सेवा ग्राहकले online माध्यमबाट आफ्नो अनुकूल स्थानमा नै प्राप्त गर्न सक्छन् । त्यस्तै, Mobile Banking, QR Code, Connect IPS, ECC, ABBS लगायत सम्पूर्ण आधुनिक बैंकिङ्ग सेवाहरू हाम्रा सम्पूर्ण शाखाबाट उपलब्ध छन् । विदेशमा बस्ने नेपाली समेतले अनलाइनबाट विदेशी मुद्रा तथा नेपाली मुद्रामा बचत तथा मुद्दति खाता खोल्न सकिने व्यवस्था लागू गरिएको छ । SWIFT कारोबार तथा ADBL Remit मार्फत विश्वभरबाट तथा नेपालभित्र पनि जुनसुकै ठाउँमा रकम तत्काल पठाउने सुलभ व्यवस्था गरेका छौं । बैंकले एकातर्फ सम्पूर्ण वाणिज्य बैंकिङ्ग सुविधाअन्तर्गत निक्षेप संकलन, उद्योग, व्यापार र वाणिज्य कर्जा, प्रतितपत्र, बैंक जमानत जस्ता गैरकोषीय सेवाहरू उपलब्ध गराउन र अर्कोतर्फ कृषि क्षेत्रको अगुवा (Lead) बैंकको बैंकको रूपमा आफूलाई स्थापित गर्दै कृषि क्षेत्रको विशिष्टीकृत वित्तीय संस्थाको रूपमा क्रमशः आफ्ना सेवाहरू विस्तार गरेको छ ।

यस ऐतिहासिक घडीमा बैंकले आफ्नो दूरदृष्टि, ध्येय, उद्देश्य एवं दीर्घकालीन लक्ष्यहरू प्राप्त गर्न एवं आवश्यकता अनुरूपका बैंकिङ्ग प्रोडक्ट र बढीभन्दा बढी डिजिटल बजारको मागमा आधारित सेवा सुविधामार्फत ग्राहकको पूर्ण सन्तुष्टि, बैंकको समग्र व्यवसाय वृद्धिका लागि दिगो श्रोतको परिचालन, कर्जा पोर्टफोलियो वृद्धि एवं कर्जा मिश्रणको व्यवस्थापन, गैरबैंकिङ सम्पत्ति व्यवस्थापन, बजारमैत्री ब्याजदर व्यवस्थापन, संस्थागत सुशासन, आन्तरिक नियन्त्रण तथा बैंकिङ्ग कारोबारमा अन्तर्निहित जोखिम व्यवस्थापन गर्न विवेकशील नियम (Prudential Norms) र अन्तर्राष्ट्रिय उच्चतम बैंकिङ्ग अभ्यासहरू (International Best Banking Practices) को पालना गर्न बैंक व्यवस्थापन पूर्ण रूपमा कटिबद्ध तथा क्रियाशील छ । आगामी दिनमा हाम्रा बैंकिङ्ग सेवाहरूलाई आधुनिक वित्त बजारसँग थप अद्यावधिक गराउँदै उत्पादनशील अर्थतन्त्र निर्माण गर्न सरकार तथा केन्द्रीय बैंकको लक्ष्य पूरा गर्न हाम्रा तर्फबाट निरन्तर सहकार्य तथा सहयोग रहिरहने प्रतिबद्धता व्यक्त गर्दछु ।



..............................

**प्रताप सुवेदी**
नि. प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लिमिटेड

मिति : २०७९ माघ ७


ADBL
बचत
योजना
बैंकमा खाता खोलौं
बचत गर्ने बानी बसालौं
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# कृषि विकास बैंक लि.

## सञ्चालक समिति



**रमेश दुवाडी**
अध्यक्ष



**डा. राजेन्द्रप्रसाद मिश्र**
सञ्चालक
प्रतिनिधि- नेपाल सरकार



**सुमन दाहाल**
सञ्चालक
प्रतिनिधि- नेपाल सरकार



**संजिव पौडेल**
सञ्चालक
प्रतिनिधि- सर्वसाधारण शेयरधनी



**हरिप्रसाद पराजुली**
सञ्चालक
प्रतिनिधि- सर्वसाधारण शेयरधनी



**विनोद कुमार गुरागाईं**
सञ्चालक
प्रतिनिधि- सर्वसाधारण शेयरधनी

रिक्त

**स्वतन्त्र सञ्चालक**

---



**हिमलाल पौडेल**
कम्पनी सचिव



सरल, सुरक्षित र स्मार्ट सेवाका लागि
कृषि विकास बैंक लिमिटेडमा
स्वागत छ ।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA

# कृषि विकास बैंक लि.

## व्यवस्थापन समूह



**प्रताप सुवेदी**
नि. प्रमुख कार्यकारी अधिकृत



**यज्ञ प्रकाश न्यौपाने**
प्रमुख सेवा अधिकृत
(का.मु. उपमहाप्रबन्धक)



**दीर्घ बहादुर अर्याल**
प्रमुख जनशक्ति व्यवस्थापन अधिकृत
(का.मु. उपमहाप्रबन्धक)



**प्रेम कुमार श्रेष्ठ**
प्रमुख वित्त अधिकृत
(का.मु. उपमहाप्रबन्धक)



**डा. बाबुकाजी थापा**
प्रमुख कर्जा अधिकृत
(का.मु. उपमहाप्रबन्धक)



**निर्मल प्रसाद उपाध्याय**
मुख्य निर्देशक,
बागमती प्रदेश कार्यालय
(का.मु. उपमहाप्रबन्धक)

### विभागस्तरीय विभागीय प्रमुख

१. मीनराज पोखरेल, वि.प्र., सञ्चालन तथा बजार व्यवस्थापन विभाग
२. पप्पुबाबु श्रेष्ठ, वि.प्र., सूचना प्रविधि विभाग
३. सुशील हुमागाईं, वि.प्र., आ.ले.प. तथा निरीक्षण विभाग
४. कृष्ण नकर्मी, वि.प्र., कर्पोरेट बैंकिङ्ग
५. सुदीपकुमार दाहाल, वि.प्र., व्यवसाय कर्जा तथा ट्रेड फाइनान्स विभाग
६. वासु अधिकारी, वि.प्र., वित्त तथा लेखा विभाग
७. निर्मलराज कोइराला, वि.प्र., कानुन तथा कर्जा असुली विभाग
८. घनेन्द्र अधिकारी, वि.प्र., निक्षेप व्यवस्थापन विभाग
९. गिरीधारी पौडेल, वि.प्र., ट्रेजरी तथा करेस्पोन्डेन्ट बैंकिङ्ग विभाग
१०. अजय कुमार रिमाल, वि.प्र., केन्द्रीय तालिम प्रतिष्ठान
११. सुन्दर प्रसाद खतिवडा, वि.प्र., सामान्य सेवा विभाग
१२. बिना शर्मा, वि.प्र., योजना तथा परियोजना विभाग
१३. चन्द्रसिंह थापामगर, वि.प्र., कृषि कर्जा, एमएसएमई कर्जा विभाग
१४. रूकमिणी भट्ट उपाध्याय, वि.प्र., कर्मचारी अवकाश कोष व्यवस्थापन कार्यालय
१५. सरिताकुमारी पोखरेल दाहाल, वि.प्र., कम्प्लायन्स विभाग
१६. माधव रिजाल, वि.प्र., भौतिक सम्पत्ति व्यवस्थापन विभाग
१७. डालेन्द्र थापा, वि.प्र., जनशक्ति व्यवस्थापन विभाग
१८. गोकुलप्रसाद पनेरू, वि.प्र., व्यवस्थापन सूचना विभाग
१९. हिमलाल पौडेल, वि.प्र., कम्पनी सचिवालय
२०. जगदीश्वर पन्थी, वि.प्र., कर्जा प्रशासन विभाग
२१. निकु आचार्य, का.मु.वि.प्र., जोखिम व्यवस्थापन विभाग
२२. गिरिराज रेग्मी, का.मु.वि.प्र., डिजिटल बैंकिङ्ग विभाग

### प्रदेश निर्देशकहरू

१. प्रदेश १- प्रदेश निर्देशक, रञ्जन खनाल, प्रदेश कार्यालय विराटनगर
२. मधेस- (क) प्रदेश निर्देशक, अनिलकुमार यादव, प्रदेश कार्यालय वीरगन्ज
(ख) का.मु.प्रदेश निर्देशक,नवीनकुमार पाखिन, प्रदेश कार्यालय जनकपुर
३. बागमती- (क) प्रदेश निर्देशक, नवराज न्यौपाने, प्रदेश कार्यालय काठमाडौं
(ख) प्रदेश निर्देशक, रघुनाथ न्यौपाने, प्रदेश कार्यालय विरेन्द्रनगर
४. गण्डकी- प्रदेश निर्देशक, प्रकाश कँडेल, प्रदेश कार्यालय पोखरा
५. लुम्बिनी- (क) प्रदेश निर्देशक, राजेशकुमार श्रीवास्तव, प्रदेश कार्यालय दाङ
(ख) प्रदेश निर्देशक, सरोजकुमार शाह, प्रदेश कार्यालय भैरहवा
६. कर्णाली- का.मु.प्रदेश निर्देशक, खुर्सिद अहमद, प्रदेश कार्यालय सुर्खेत
७. सुदूरपश्चिम- का.मु.प्रदेश निर्देशक, योगेन्द्रबहादुर सिंह, प्रदेश कार्यालय धनगढी

### मुख्य शाखास्तरीय प्रबन्धक

१. मनोजभक्त आचार्य, मुख्य शाखा प्रबन्धक, मुख्य शाखा धम्बोजी
२. टंकप्रसाद पोखरेल, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा रत्नपार्क
३. राजेन्द्र रानाभाट, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा गौशाला
४. तिलक प्रधान, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा विराटनगर
५. नारायणप्रसाद आचार्य, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा लगनखेल
६. समृद्धि कार्की, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा पोखरा



ADBL
ONLINE ACCOUNT
० मौज्दातमा खाता खोल्न सकिने
अनलाइनबाटै रकम जम्मा गर्न सकिने
घरमै बसीबसी कारोवार गर्न सकिने
देश विदेश जहाँबाट पनि कारोवर गर्न सकिने
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ सुविधा सहितको तपाई हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA




ADBL
रेमिटान्स खाता
रेमिटान्स बचत खाता
र
ADBL रेमिटान्स मुद्धती खाता
SEND
» विदेशमा रहेका नेपाली नागरिक तथा निजको एकाघर परिवारका सदस्य नाममा खाता खोल्न सकिने
» विदेशबाट पनि अनलाइन खोल्न सकिने
» आकर्षक ब्याजदर
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA

# कृषि विकास बैंक लि.

बैंक समाचार

# ५६ औं वार्षिकोत्सव आर्थिक विशेषाङ्क

**सम्पादन समूह**

यज्ञ प्रकाश न्यौपाने

डा. बाबुकाजी थापा

कृष्ण नकर्मी

सुन्दरप्रसाद खतिवडा

निकु आचार्य

खेमराज काफ्ले

**कार्यकारी सम्पादक**

विदुर कुमार श्रेष्ठ

**विशेष सहयोगी**

कृष्ण निरौला

**डिजाइन**

भक्तबहादुर कार्की

**मुद्रण**

वेस्टर्न प्रिन्टिङ सपोर्ट

कृषि विकास बैंक लि., मुख्य कार्यालय, सामान्य सेवा विभागका लागि
सूचना तथा प्रकाशन र श्रव्यदृश्य शाखाद्वारा प्रकाशित तथा वितरित


---

यसमा प्रकाशित सामग्रीहरू लेखकका निजी विचार हुन् ।

# Key Performance Highlights

## Stock and Cash Dividend Percentage




## Operating Profit Rs. (Millions)



**Deposit Rs.( Millions)**




**Loans Rs. ( Millions)**




**NPL Percentage**




सुरक्षित बैकिङ्ग कारोवारको लागि
ADBL
QR PAYMENT SERVICE
ADBL
DEBIT CARD
ATM
VISA
ADBL
SMART BANKING
ADBL
INTERNET BANKING
बैंकको डिजिटल Product हरुबाट कारोबार गरौं ।
नगद कारोबारबाट हुन सक्ने जोखिमबाट बचौं ॥
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA

# सम्पादकीय

सरकारको नीति तथा प्राथमिकतालाई आत्मसात गर्दै नेपाल राष्ट्र बैंकलगायत अन्य नियामक निकायका निर्देशनको पालना गर्दै देशको समावेशी आर्थिक विकासको लागि सहरकेन्द्रित पुँजी, सिप, प्रविधि तथा अनुभवलाई उच्चतम उपयोग गर्न परिचालन गरी देशको गरिबी न्यूनीकरण तथा रोजगारी सृजनामा उल्लेखनीय योगदान पुऱ्याउँदै कृषि विकास बैंक लि. आफ्नो सेवाको ५५ वर्ष पूरा गरी ५६ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा हामी आदरणीय शेयरधनी महानुभावहरू, समस्त ग्राहक, नेपाल सरकारलगायत बैंकको नियमनकारी निकाय, बैंकका अग्रज, कार्यरत कर्मचारी एवं सम्पूर्ण शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

बैंकले आफ्नो सेवा विविधीकरण गरी साना कृषक तथा उद्यमीदेखि ठूला औद्योगिक प्रतिष्ठानसम्मलाई मूल्य शृंखलामा आवश्यक पर्ने पुँजीसँगै शिक्षा, प्रविधि, सेवा, सुविधा, ज्ञान र सिप उपलब्ध गराउँदै देशको विकट कुना कन्दरामा समेत बैंकको शाखा विस्तार गरी आम जनताको मन जित्न सफल भएको छ ।

कृषि विकास बैंक लि. ले वाणिज्य बैंकिङ्ग कारोबारलाई विस्तार गर्ने क्रममा विभिन्न किसिमका आधुनिक र प्रविधियुक्त बैंकिङ्ग प्रोडक्टहरूको विकास र विस्तार गर्दै कर्जाको पोर्टफोलियो संरचनालाई क्रमशः परिवर्तन गर्दै कर्पोरेट व्यवसाय र एमएसएमई कर्जालाई अधिकेन्द्रित गर्दै जाने नीति लिएको छ । कम लागतका दीर्घकालीन र अल्पकालीन स्रोतहरूको पहिचान गरी सोको लागि विभिन्न दातृ निकायहरूसँगै नेपाल सरकार अर्थ मन्त्रालयमार्फत सहकार्य गर्ने गरी सहमति भएअनुरूप कृषि शृङ्खला तथा वनजन्य उद्योग एवं व्यवसायहरूको विकास तथा विस्तार र वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषिमा आबद्ध गराउन सहुलियत कर्जा, क्षमता अभिवृद्धि एवं प्रविधि विकासका लागि सहकार्य गर्दै अघि बढेको छ ।

बैंकले यस अवधिमा आधुनिक बैंकिङ्ग सेवालाई फराकिलो बनाउँदै IPS, Connect IPS, RTGS, Visa Debit Card, Internet Banking, Mobile Banking, E-Sewa, Fonpay, CASBA, DMAT, Five In One, Dollar Card सेवा जस्ता आधुनिक E-Banking को उपकरणहरूको प्रयोगलाई तीव्रता दिएको छ । बैंकको सम्पूर्ण शाखाहरूमा Core Banking System जडान गरी अत्याधुनिक सुरक्षित र गुणस्तरीय बैंकिङ्ग सुविधा ग्रामीण क्षेत्रसम्म पुऱ्याउँदै कारोबारको सञ्चालनको सन्दर्भमा उत्पन्न हुनसक्ने सम्भावित प्रविधिजन्य जोखिमहरूको पहिचान गरी सोको न्यूनीकरणको लागि बैंकले आवश्यक व्यवस्थापन गरेको छ । बैंकले आफ्नो जनशक्तिलाई प्रभावकारी ढंगबाट परिचालन गर्दै उत्पादकत्व अभिवृद्धि गर्न आन्तरिक तथा बाह्य तालिमको व्यवस्था गर्ने कार्यलाई तीव्रता दिएको छ ।

अन्त्यमा, यस बैंकको उत्तरोत्तर प्रगति तथा विकासका निम्ति प्रत्यक्ष एवं परोक्ष रूपमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाप्रति पुनः हार्दिक धन्यवाद व्यक्त गर्दै बैंकले प्रवाह गर्ने सेवा र व्यवसायलाई अझ गुणस्तरीय तुल्याउँदै वित्तीय क्षेत्रको अब्बल बैंकको रूपमा आफूलाई उभ्याउने प्रतिबद्धताका साथ बैंकको ५६ औं वार्षिकोत्सवको अवसरमा बैंक तथा वित्तीय क्षेत्रका विशिष्ट महानुभावहरू एवं विज्ञ लेखकहरूको महत्वपूर्ण लेख, रचनासहितको बैंक समाचारको ५६ औं विशेषाङ्क प्रकाशित गरेका छौं । यस प्रकाशनमा प्रकाशित सामग्रीले अवश्य पनि सम्बद्ध सबै पाठक वर्गमा थप उर्जा र हौसला प्रदान गर्ने विश्वास व्यक्त गर्दै पुनः हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# विषयसूची


| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|

**नेपाली खण्ड**

| | | |
|---|---|---|
| १. | "कृषि विकास बैंक युनिभर्सल बैंकिङ्गको अवधारणा पूरा गर्न क्रियाशील"<br>*(अन्तर्वार्ता : नि. प्रमुख कार्यकारी अधिकृत प्रताप सुवेदी)* | ३ |
| २. | विश्व मानचित्रमा नेपाल र कृषि विकास बैंक<br>*-रमेश दुवाडी* | ११ |
| ३. | कृषि वित्त परिचालनका लागि विशिष्टीकृत बैंकको आवश्यकता<br>*-सुमन दाहाल* | १६ |
| ४. | के आर्थिक मन्दी आउनै लागेको हो ?<br>*-देवेन्द्रप्रताप शाह* | २१ |
| ५. | विश्व अर्थतन्त्रको नेपालमा प्रभाव<br>*-डा. प्रकाशकुमार श्रेष्ठ* | २५ |
| ६. | दैनिक तरलता सुविधासम्बन्धी व्यवस्था, नयाँ व्यवस्था र यसको प्रभावकारिता<br>*-गुरु प्रसाद पौडेल* | २९ |
| ७. | धितोपत्रको भित्री कारोबारको परिचय, कानुनी व्यवस्था र भित्री कारोबारमा कमी ल्याउने उपायहरू<br>*-डा. नवराज अधिकारी* | ३२ |
| ८. | नेपालमा अनौपचारिक रोजगारीको अवस्था<br>*-डा. लोकनाथ भुसाल* | ४४ |
| ९. | नेपालको अर्थव्यवस्थाको वर्तमान अवस्था र बैंकिङ्ग क्षेत्रमा यसले पारेको प्रभाव<br>*- नरेश कुमार रोका* | ४९ |
| १०. | आर्थिक कुटनीति : सिद्धान्त र नेपालमा यसको अभ्यास<br>*-इन्द्रबहादुर देवकोटा* | ५२ |
| ११. | आन्तरिक नियन्त्रण प्रणाली बैंकिङ्ग क्षेत्रको सञ्चालन कुशलता<br>*-गिरीधारी पौडेल* | ६० |
| १२. | दिगो बैंकिङ्ग सेवा : अबको आवश्यकता<br>*- वीना शर्मा* | ६२ |
| १३. | कृषि विकास बैंक लिमिटेडमा कर्जा प्रशासन विभागको भूमिका<br>*- जगदिश्वर पन्थी* | ६५ |
| १४. | बजेट तथा मौद्रिक नीतिमा कृषि वित्त<br>*-बिजयराज पोखरेल* | ७० |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १५. | अर्थतन्त्रमा नेपाल राष्ट्र बैंकको भूमिका<br>*-डा. गुणराज भट्ट* | ७३ |
| १६. | आजको जटिल आर्थिक अवस्थाको सुधारका लागि कृषि विकास बैंकको अग्रणी भूमिका<br>*-शिव अधिकारी* | ७७ |
| १७. | नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको महत्त्व र आवश्यकता–समस्या तथा सुझाव<br>*-गम्भीरबहादुर हाडा* | ९२ |
| १८. | मुद्रा तथा पुँजीबजारः विकास, वर्तमान अवस्था एवम् चुनौतीहरू<br>*-ईश्वर उप्रेती* | ११७ |
| १९. | नेपालको धितोपत्र बजारको पछिल्लो अवस्थाः प्रमुख सूचकांकको विश्लेषण<br>*-रूपेश के.सी.* | १२३ |
| २०. | धितोपत्र बजारमा लगानीकर्ताको हक हित संरक्षण<br>*-नारायणप्रसाद शर्मा* | १३१ |
| २१. | कृषि विकास बैंकको ५६औं शृङ्खला : नामदेखि कामसम्म, कुलोदेखि चुलोसम्म सफलता<br>*-डा. सुरोज टण्डन* | १३७ |
| २२. | बैंक तथा वित्तीय संस्थाको शाखा सञ्चालनमा छरितो व्यवस्थापन (Lean Management) एक सिंहावलोकन<br>*-विनोद कोइराला* | १४४ |
| २३. | खराब कर्जा व्यवस्थापनमा देखिएका समस्या र समाधानका उपाय<br>*- निरञ्जन पौडेल* | १४९ |
| २४. | डिजिटल वित्तीय साक्षरता र यसको आवश्यकता<br>*-प्रज्वल भट्टराई* | १५४ |
| २५. | बैंकिङ्ग व्यवसायमा देखिएका सञ्चालन जोखिम र निराकरणका उपायहरू<br>*-अमृतप्रसाद पौड्याल* | १५७ |
| २६. | कम्पनीको दर्ता तथा सञ्चालन<br>*-दिपक खतिवडा* | १६२ |


## English Section


| | | |
|---|---|---|
| २७. | Governance : The Act, Process and Power of Governing<br>*-Anil Kumar Upadhyay* | १७१ |
| २८. | Corporate Governance<br>*-Yagya Prakash Neupane* | १७४ |
| २९. | Nepal's Agriculture and Agricultural Credits-Facts, Rumors and Way Forward<br>*-Babu Kaji Thapa, PhD* | १७८ |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ३०. | Human Resource Management: An Indispensable Tool for Success of Organizations<br>*-Bhuvan Dahal* | १८३ |
| ३१. | External Sector: Challenges and Prospects<br>*- Prem Prasad Acharya* | १९१ |
| ३२. | Opportunity to Expand Qualitative Agriculture Loan in Nepal<br>*- Ghuran Thakur* | १९८ |
| ३३. | IOSCO Principles and Securities Market Regulation<br>*-Rewat Shrestha* | २०४ |
| ३४. | Role of Trade Finance in Modern Banking<br>*-Arun Sigdel* | २१० |
| ३५. | Growth of FinTech with Web 3.0<br>*-Kumar Pudashine* | २२३ |
| ३६. | Corporate Governance and Good Governance<br>*-Krishna Niraula* | २२५ |
| ३७. | Business Environment Analysis: SWOT, PEST and ETOP Analysis<br>*-Bhola Nepal* | २३५ |
| ३८. | Delivering Value Through Digital Lending<br>*- Deep Singh Rawat* | २४४ |
| ३९. | Subsidized Loan Policy Review Implemented by Government of Nepal – A Study of Implementation Practices from the Perspective of Bankers<br>*- Tolakanta Adhikari* | २४७ |
| ४०. | Reasons Why Insider Trading Practices are Deeply Rooted in Nepal<br>*-Dwaipayan Regmi* | २५७ |
| ४१. | Workforce Diversity and Equality<br>*-Pratigya Bhatta* | २६१ |

# नेपाली खण्ड

# 'कृषि विकास बैंक युनिभर्सल बैंकिङ्गको अवधारणा पूरा गर्न क्रियाशील'



कृषि विकास बैंक लि. को ५६ औं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकको समग्र कारोबारको स्थिति, बैंकले अपनाएका रणनीति तथा भविष्यका योजनाहरूका बारेमा बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत **श्री प्रताप सुवेदी**सँग बैंकका वरिष्ठ शाखा प्रमुख **खेमराज काफ्ले**, वरिष्ठ लेखा अधिकृत (सिए) **कृष्ण निरौला** र वरिष्ठ व्यवसाय अधिकृत **विदुर कुमार श्रेष्ठ**ले लिनुभएको अन्तर्वार्ता :

**सर्वप्रथम कृषि विकास बैंक लि. ५६ वर्षमा प्रवेश गरेको छ । यस सम्बन्धमा के भन्नुहुन्छ ?**

वि.सं. २०२४ माघ ७ गते भूगोलपार्क नयाँ सडकबाट रामशाहपथ हुँदै नेपालका ७७ वटै जिल्लामा फैलाउन र यस बैंकलाई हालको अवस्थामा पुऱ्याउन मद्दत एवं सहयोग गर्नुहुने नेपाल सरकार, स्थापनाकालीन नेतृत्व, पूर्व कर्मचारीहरू, सञ्चालक समिति, कार्यरत कर्मचारीहरू, शेयरधनी महानुभावहरू, कृषक एवं ग्राहकवर्ग, सरोकारवाला निकाय, नियमनकारी निकाय, दातृसंस्था, पेसाकर्मी, युनियनकर्मी साथीहरू, सञ्चारकर्मीलगायत सहयोगी हात र विचार दिने सबैप्रति आजको पुनित अवसरमा हार्दिक आभार व्यक्त गर्दछु ।

**कोभिड-१९ पछिको अर्थतन्त्र र हालको विश्व अर्थतन्त्रको परिवेशलाई कसरी हेर्नुभएको छ ?**

विश्वव्यापी आर्थिक गतिविधिले फराकिलो आधारमा र अपेक्षा गरेभन्दा तीव्र मन्दीको अनुभव गरिरहेको छ, मुद्रास्फीति धेरै दशकहरूमा देखेको भन्दा बढी छ । जीवनयापनको लागत सङ्कट, अधिकांश क्षेत्रहरूमा कडा आर्थिक अवस्था, युक्रेनमा रूसको आक्रमण र लामो समयसम्म फैलिएको कोभिड-१९ महामारी आदि सबैले विश्व अर्थतन्त्रलाई असर गरेको छ । IMF को अध्ययनअनुसार विश्वव्यापी वृद्धिदर सन् २०२१ मा ६.० प्रतिशतबाट २०२२ मा ३.२ प्रतिशत र २०२३ मा २.७ प्रतिशतमा घट्ने प्रक्षेपण गरिएको छ । विश्वव्यापी वित्तीय सङ्कट र कोभिड-१९ महामारीको तीव्र चरणबाहेक २००१ पछिको सबैभन्दा यो नै कमजोर वृद्धिको आँकडा हो । विश्वव्यापी मुद्रास्फीति २०२१ मा ४.७ प्रतिशतबाट बढेर २०२२ मा ८.८ प्रतिशतमा पुग्ने प्रक्षेपण गरिएको छ तर २०२३ मा ६.५ प्रतिशत र २०२४ सम्म ४.१ प्रतिशतमा झर्ने प्रक्षेपण छ । मौद्रिक नीतिले मूल्य स्थिरतालाई पुनर्स्थापना गर्नतर्फ लाग्नुपर्छ र वित्त नीतिले पनि मौद्रिक नीतिसँग प्रतिबद्धता मिलाउँदै जीविकोपार्जनको लागत (cost of living) लाई बढ्दो मुद्रास्फीतिबाट जोगाउनुपर्छ । संरचनात्मक सुधारहरूले उत्पादकत्व सुधार गरेर र आपूर्ति बाधाहरूलाई सहज बनाएर मुद्रास्फीति विरूद्धको लडाइँलाई थप समर्थन गर्न सकिन्छ । त्यस्तै हरित ऊर्जातर्फको यात्रालाई द्रुतरूपमा अघि बढाउने र खण्डीकरण रोकी जलवायु परिवर्तनलाई उचित सम्बोधन गर्न ग्रिन फाइनान्सिङसँगै उत्पादनशील क्षेत्रको कर्जामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

**नेपालमा यस वर्ष तरलताको समस्या देखिरहनुका कारण के के होलान् ? यसलाई सम्बोधन गर्न के गर्न सकिन्छ जस्तो लाग्छ यहाँलाई ?**

नेपाल उपभोगमुखी अर्थतन्त्र भएकाले मूल रूपमा विदेशी विनिमयमा चाप पर्नासाथ यहाँ तरलतामा पनि चाप पर्नु स्वाभाविक प्रक्रिया हो । यसैकारण हरेक वर्ष निर्यातको तुलनामा आयातको रकम अधिक हुँदा हरेक वर्षजसो नेपालमा तरलतामा चाप परिरहने गरेको छ । यस वर्ष अघि भनेजस्तै रूस र युक्रेन युद्धबाट उत्पन्न भएको अन्तर्राष्ट्रिय परिवेशबाट वृद्धि भएको पेट्रोलियम पदार्थको मूल्य, विप्रेषणको वृद्धि आयातको तुलनामा सोहीबमोजिम हुन नसक्नु, चुनाव तथा सरकार परिवर्तन, सरकारको बजेट खर्च एवम् निकासालगायत कारणले तरलतामा चाप परेको देखिन्छ । मौद्रिक नीतिले यही कुरालाई मध्यनजर गरी अनुत्पादक कर्जामा कटौती गर्न कर्जा वृद्धिको लक्ष्यलाई केही संकुचित गरेको हो । हालैका दिनहरूमा तरलतामा केही सुधार भएको सङ्केत देखिएको छ । सरकारबाट विशेषतः पुँजीगत खर्च समयमै गर्ने र उत्पादनशील कर्जालाई थप प्रोत्साहन गरी निर्यात तथा विदेशी विनिमय संचितिमा सुधार गर्दा यसको अल्पकालीन र दीर्घकालीन समाधान हुनसक्ने देखिन्छ ।

> **दीर्घकालीन स्रोत संकलन गर्नका लागि डिबेन्चर निष्कासन, कृषि मूल्य शृंखलाको कार्यका लागि IFAD (VITA) सँग ८० मिलियन डलरको ३५ वर्षे ऋण सम्झौता कार्यान्वयनमा रहेको छ**

**कृषि विकास बैंकको कारोबारको अवस्था कस्तो छ ?**

बैंकको कारोबारको अवस्था हेर्दा हामीले करिब १८ लाखजति निक्षेप ग्राहक र करिब १ लाख ५० हजार कर्जाग्राहीलाई सेवा दिइरहेका छौं । बैंकले तरलता व्यवस्थापन गर्न वित्तीय बजारमुखी रणनीति अवलम्बन गर्नुका साथै दीर्घकालीन तरलता व्यवस्थापन गर्न समेत रू. १८ अर्बको कृषि बन्ड र रू. २ अर्ब ५० करोडको डिबेन्चर जारी गरिसकेको छ, जसको भारित औसत ब्याजदर ५ प्रतिशतभन्दा पनि कम छ । यस्तै पौष मसान्तसम्मको विवरण हेर्दा हाम्रो निक्षेप रकम रू. १७० अर्बभन्दा बढी र कर्जा रकम रू. १७८ अर्ब हाराहारी रहेको छ । बैंकको औसत आधार दर १०.१५ प्रतिशत रहेको छ । जनशक्तिको प्रभावकारी कार्यसम्पादन भएको, उत्पादकत्व तथा कार्यदक्षताको आधारमा वृत्ति विकासको योजना लागु गरिएको, गुणस्तरीय कर्जाको विस्तार गरी कर्जा मिश्रणमा सन्तुलन ल्याइएको, निक्षेप मिश्रणमा सुधार गरी कर्जा तथा निक्षेपबीचको भुक्तानी अवधि मिलान गर्दै CASA मोडेल लागु गरिएको, कर्जा पोर्टफोलियोमा वृद्धि र कर्जा प्रशोधनमा Automation तथा सेवाग्राहीलाई प्रविधिमा अभ्यस्त गराउँदै डिजिटल बैंकिङ्ग सेवा विस्तार गरिएको छ । दीर्घकालीन स्रोत संकलन गर्नका लागि डिबेन्चर निष्कासन, कृषि मूल्य शृंखलाको कार्यका लागि IFAD (VITA) सँग ८० मिलियन डलरको ३५ वर्षे ऋण सम्झौता कार्यान्वयनमा रहेको छ । साथै World Bank सँग "Forestry For Prosperity" कार्यक्रमका लागि २५ वर्ष अवधिसम्म भुक्तानी हुने गरी सहुलियतपूर्ण ऋण सम्झौता समेत भएको छ ।

गत वर्षको तुलनामा मुनाफा केही कमी देखिनुको कारण भने ब्याजदर स्प्रेडमा आएको गिरावट, ग्राहकहरूकै पनि क्रयशक्ति खस्कन गई ब्याज आम्दानी नियमित नहुनु, धितोपत्रको विनिमय बजारमा भएको गिरावट, विभिन्न शुल्कमा आधारित आम्दानीमा भएको ह्रास, कर्जा नोक्सानी व्यवस्थामा अतिरिक्त ०.३ प्रतिशतको व्यवस्था आदि हुन् ।

**हाल आधुनिक बैंकिङ्ग प्रविधिमा बैंकले गरेका प्रगति र संस्थागत सुशासनका बारेमा बताइदिनुहुन्छ कि ?**

आधुनिक प्रविधितर्फ विदेशमा बस्ने नेपाली समेतले अनलाइनबाट विदेशी मुद्रा तथा नेपाली मुद्रामा बचत तथा मुद्दती खाता खोल्न सकिने व्यवस्था गरिएको छ । Central Payroll System, MIS Integration, T24 को R16 बाट R19 Version मा अपग्रेड गर्नुका साथै क्रेडिट कार्डदेखि किसान कार्ड, सूचनामूलक किसान एप्स, "Online 5 in 1 Banking" अन्तर्गत Demat Account, Meroshare, C–ASBA, Visa Debit Card तथा Internet Banking सेवा ल्याएका छौं ।

संस्थागत सुशासन मजबुत बनाउन आन्तरिक लेखापरीक्षणको Outsourcing, IS Audit र सूचना प्रविधिको सुरक्षार्थ VAPT परीक्षण नियमित गरेका छौं । आगामी दिनमा Compliance को पूर्ण पालना गर्दै Prudent Bank को रूपमा अगाडि बढ्न प्रतिबद्ध छौं । त्यस्तै, सञ्चालन जोखिम व्यवस्थापनका निमित्त सफ्टवेयरको प्रयोगलाई अघि बढाएका छौं ।

**सरकारी बैंक र निजी क्षेत्रका बैंकबीच सेवाको गुणस्तरीयतामा सधैं फरक परिरहेको भन्ने आम जनताको बुझाइ छ। यसमा कृषि विकास बैंक लि.ले आफूलाई बजारमुखी स्वस्थ प्रतिस्पर्धामा कसरी उभ्याएको छ ?**

कृषि विकास बैंक लि. निजी क्षेत्रका वाणिज्य बैंकहरूसँग सेवा प्रवाहको तुलनामा सबै किसिमले अघि छ र बैंकले आफ्नो प्रगति दिनानुदिन अघि बढाउँदै लगेको छ । हामीले आधुनिक प्रविधिमैत्री डिजिटल बैंकिङ्ग सेवालाई आफ्नो मूलमन्त्र मानेका छौं । बजारमुखी स्वस्थ प्रतिस्पर्धा, आर्थिक उदारीकरण तथा पारदर्शी कारोबारका साथै सरल, सहज र शिघ्र बैंकिङ्ग सेवाको अवधारणा बमोजिम कार्य गरिरहेका छौं ।

हाम्रा अत्याधुनिक डिजिटल बैंकिङ्ग सेवा जस्तैः Demat Account, Meroshare, C–ASBA, Visa Debit Card तथा Internet Banking सेवा ग्राहकले online माध्यमबाट आफ्नो अनुकुल स्थानमै प्राप्त गर्न सक्छन् । त्यस्तै किसान कार्ड, किसान एप्स (सूचनामूलक जानकारी), Mobile Banking, QR Code, Connect IPS, ECC, ABBS लगायत सम्पूर्ण बैंकिङ्ग सेवाहरू हाम्रा सम्पूर्ण शाखाबाट उपलब्ध छन् । SWIFT कारोबार तथा ADBL Remit मार्फत विश्वभरिबाट तथा नेपालभित्र पनि जुनसुकै ठाउँमा रकम तत्काल पठाउने सुलभ व्यवस्था गरेका छौं । नेपाल सरकारको वित्तीय क्षेत्र विकास रणनीतिले लिएको युनिभर्सल बैंकिङ्गको अवधारणा पूरा गर्न सधैं क्रियाशील छौं ।

**बैंकको आउँदो साधारण सभाले शेयरधनीहरूको अपेक्षालाई कसरी सम्बोधन गर्ला ?**

बैंकले आर्थिक वर्ष २०७८/७९ मा हासिल गरेको प्रगति विवरण, बैंकिङ्ग बजारको स्थिति, नेपाल राष्ट्र बैंकको निर्देशन, नेपाल सरकार अर्थ मन्त्रालयको निर्देशन समेतको आंकलन गरी शेयरधनीहरूलाई लगानीको उचित प्रतिफल दिने क्रममा बैंकको सम्मानित सञ्चालक समितिले नेपाल राष्ट्र बैंकको स्वीकृति र आगामी वार्षिक साधारण सभाबाट अनुमोदनपश्चात् वितरण हुने गरी १३ प्रतिशत प्रतिफल (नगद तथा लाभांश) प्रस्ताव गरी स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक पठाइसकेको छ ।

**कृषि विकास बैंक लि. कृषि कर्जा लगानीमा अग्रणी बैंकको रुपमा रहेको सन्दर्भमा कृषि क्षेत्रको विकास र प्रवर्द्धनमा कस्तो भूमिका निर्वाह गरेको छ ?**

कृषि क्षेत्रको समग्र विकासको लागि सरकारले ल्याउने विभिन्न कृषि सम्बन्धी कार्यक्रमहरू ग्रामीण क्षेत्रको तल्लो तहका किसानहरूसम्म पुर्‍याउने माध्यमको रूपमा यस बैंकको स्थापना भएको सन्दर्भमा बैंकको विगतको अनुभव, संचरना तथा कर्मचारीहरूको विशिष्टीकृत अवस्थाले गर्दा तथा नेपाल सरकारले पनि हामीलाई सोही अनुसारको जिम्मेवारी दिएको हुँदा कृषि कर्जा लगानीमा अग्रणी बैंकको रूपमा भूमिका निभाउनुपर्ने जिम्मेवारी छ । यसको लागि बैंकले कृषि तथा एमएसएमई कर्जा विभाग नै संरचनागत रूपमा स्थापना गरी दूर दराजका साना साना कृषि उद्यम व्यवसायीदेखि लिएर रोजगारी स्थापना गर्ने, आयात प्रतिस्थापन गर्ने खालका ठूला-ठूला कर्पोरेट हाउसहरूलाई पनि कर्जा प्रवाह गरिरहेको छ, जसले गर्दा कृषि कर्जाको प्रभाग सबैभन्दा ठूलो छ । यसको साथै

> **हामीले आधुनिक प्रविधिमैत्री डिजिटल बैंकिङ्ग सेवालाई आफ्नो मूलमन्त्र मानेका छौं । बजारमुखी स्वस्थ प्रतिस्पर्धा, आर्थिक उदारीकरण तथा पारदर्शी कारोबारका साथै सरल, सहज र शिघ्र बैंकिङ्ग सेवाको अवधारणा बमोजिम कार्य गरिरहेका छौं**

सबै खालका कृषि उद्यम व्यवसायीहरूलाई सहुलियतपूर्ण कर्जा सुविधा पनि प्रवाह गरिरहेको छ । ग्रामीण भेगका किसानहरूलाई सुविधा दिने हेतुले कृषि सहकारी तथा समूहहरूमार्फत बाली तथा पशुधन सुरक्षण कार्यक्रम पनि सञ्चालन गरी किसान समूह वा सहकारीलाई नै लघुबिमा संचालकको रूपमा संस्थागत विकास पनि गरिरहेको छ । देशको समग्र बैंकिङ्ग क्षेत्र नै निक्षेपको आधारमा कर्जा प्रवाह गर्ने परिपाटीले कर्जा प्रवाहमा देखिएको अन्योलतालाई मध्यनजर गर्दै बैंकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूबाट स्रोतको व्यवस्थापन गरी मूल्य शृंखलालाई आधार मानेर कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) कर्जा लगानी गर्ने कार्यक्रम सञ्चालनमा आइसकेको र केही कार्यक्रमहरू पाइप लाइनमा रहेको छ । यसरी कृषि क्षेत्रलाई आवश्यक पर्ने विभिन्न आयामहरूमा बैंकले आफ्नो क्षमता अनुसार

कार्यक्रमहरू सञ्चालन गरी यस क्षेत्रको अग्रणी बैंकको रूपममा भूमिका निर्वाह गरिरहेको छ ।

**कृषि विकास बैंक लि. ले उपलब्ध गराइरहेको सहुलियतपूर्ण कर्जाको बारेमा बताइदिनुहुन्छ कि ?**

नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गत सहुलियपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि अनुसार नेपालका विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले कृषि व्यवसायी र साना तथा लघु उद्यमहरूलाई धितो लिई तथा परियोजना नै धितो लिई उपलब्ध गराई आएको सहुलियतपूर्ण कर्जा निरन्तर र सहज ढंगले प्रवाह भइरहेको छ । यस कार्यक्रमलाई पनि बैंकले आफूलाई अग्रणी बैंकको रूपमा उभ्याउन सफल भएको छ । नेपाल राष्ट्र बैंकको विवरणअनुसार २६ वटा "क" वर्गका बैंकहरूमा कुल लगानी भएका यस प्रकारका कर्जा करिब १० प्रतिशतभन्दा बढी हामीले मात्र प्रवाह गरेका छौं । यसको लागि हामीले विभिन्न संघ/संस्थाहरू, प्रदेश तथा स्थानीय सरकारहरूसँगको सहकार्यमा प्रदेश तथा स्थानीय स्तरबाट पनि थप सुविधा दिने गरी सहुलियतपूर्ण कार्यक्रम समेत सञ्चालन गरिरहेका छौं ।

**बैंकको सूचना प्रविधि र सोको अवस्थाको बारेमा बताइदिनुहोस् न ?**

यस बैंकको सूचना प्रविधि सञ्चालनमा अत्याधुनिक प्रविधियुक्त विश्वको उत्कृष्टमध्ये Core Banking System को रूपमा Temenos Transact R20 बाट बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेका छौं । नयाँ प्रविधियुक्त बैंकिङ्ग सञ्चालन गर्न यस बैंकले Hyper Converged Infrastructure (HCI) जस्ता आधुनिक प्रविधि सञ्चालन गदै आइरहेको र यस बैंकमा सञ्चालनमा रहेको सम्पूर्ण प्रविधिको साइबर जोखिम न्यूनीकरण गर्नको लागि नेपालमै पहिलोपल्ट प्रयोगमा ल्याइएका प्रविधिहरू जस्तै Anti APT, Anti DDoS, SIEM यस बैंकमा जडान गरी सञ्चालनमा ल्याइएको साथ साथै समयअनुसार उच्चतम् प्रविधियुक्त Infrastructure लाई Upgrade गर्ने कार्य नियमित रूपमा भइरहेको छ ।

**कृषि विकास बैंक लि. को आगामी योजना र प्राथमिकताहरू के के रहेका छन् ?**

बैंकले आफूलाई प्रतिस्पर्धी वित्तीय बजारमा खरो रूपमा प्रस्तुत गर्नका लागि वर्तमान वित्तीय बजारमा देखिएको तरलताको चाप, ब्याजदरको असर, कोभिड-१९ को कारण व्यवसायको निरन्तरता लगायत व्यावसायिक तथा कृषि कर्जालाई मध्यनजर गरी आधुनिक बैंकिङ्ग सेवा र अभ्यासलाई पूर्णता दिँदै उत्पादन र व्यावसायिकतामा प्राथमिकता दिई आफ्ना कार्यक्रम सञ्चालन गर्ने, व्यावसायिक कर्जालाई प्राथमिकताका साथ जोड दिँदै आधुनिक बैंकिङ्ग सेवा विस्तार गरी कृषि कर्जामा विशिष्टीकृत बैंकको रूपमा कार्य गर्ने, डिजिटाइजेसनको माध्यमबाट कृषक तथा कृषि व्यवसायीलाई किसान कार्डको सुविधासहित विशेष सहुलियत दिँदै ग्रामीण क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्ने एवं कृषि कर्जालाई व्यापक रूपमा परिचालन गर्न दीगो स्रोतको व्यवस्थापनका लागि कृषि बन्डको प्रचुर मात्रामा सदुपयोग गर्ने योजना रहेको छ । त्यसैगरी बैंकका ग्राहक शेयरधनी, कर्मचारी तथा विभिन्न नियामक निकायहरू तथा अन्य सरोकारवाला पक्षहरूसँग व्यावसायिक वातावरण सृजना हुने गरी व्यवसाय विस्तारमा जोड दिई निक्षेप दायित्व तथा कर्जा सम्पत्तिको प्रतिस्पर्धी ब्याजदर कायम गर्दै लगानीकर्तालाई उचित प्रतिफल उपलब्ध गराउने योजना रहेको छ ।

अन्तर्राष्ट्रिय असल बैंकिङ्ग अभ्यासको अनुशरण गर्दै विद्यमान नीति, नियम, निर्देशिका, कानुनी प्रावधान र निर्देशनको परिधिभित्र रही नेपाल सरकार, नेपाल राष्ट्र बैंकको निर्देशन, वासेल समितिका मार्गदर्शन, जोखिम व्यवस्थापन सम्बन्धी अभ्यास, असल संस्थागन सुशासन, आन्तरिक नियन्त्रण प्रणालीका अवधारणा तथा कम्प्लायन्सको पूर्ण परिपालना र प्रतिस्पर्धात्मक लाभ हासिल हुने गरी प्राथमिकता निर्धारण गरेको छ । जसअन्तर्गत बैंकको दीगो स्रोत परिचालन हुने गरी न्यून लागतको स्रोत संकलनमा जोड दिने, कृषि क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै कृषि क्षेत्रमा अगुवा बैंकका रूपमा कार्य गर्ने, बैंकको कर्जा सम्पत्तिको गुणस्तरीयता कायम गर्दै कर्जा लगानी वृद्धिमा जोड दिने, लगानीका विभिन्न सम्भावना भएका क्षेत्रहरूमा तरलता व्यवस्थापन गर्दै लगानी गर्ने, कोष तथा गैरकोषमा आधारित सेवा तथा सुविधा थप विस्तार गरी आम्दानी वृद्धि गर्ने, बैंकका सेवा तथा सुविधाहरूलाई Digitalization गरी उत्पादकत्व वृद्धि गर्ने र डिजिटल बैंकिङ्ग सेवाहरू अभिवृद्धि हुने गरी कार्यक्रम सञ्चालन गर्ने, बैंकिङ्ग भुक्तानी उपकरणमा विद्यमान विभिन्न विद्युतीय तथा डिजिटल कार्ड धारकले विदेशी बैंकबाट जारी यस्तै कार्डबाट नेपाली बैंक तथा वित्तीय संस्थाले जारी गरेको कार्डमा (Card to Card) विप्रेषण प्राप्त गर्न सक्ने गरी आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने, बैंकको सूचना प्रविधिको कार्यान्वयन र सुरक्षासम्बन्धी व्यवस्थालाई सुदृढीकरण गर्ने, बैंकको सञ्चालन खर्च न्यूनीकरण

गरी मुनाफा अभिवृद्धि हुने गरी कार्यक्रम सञ्चालन गर्ने, महामारी एवम् संकुचनबाट प्रभावित व्यवसायलाई मध्यनजर गरी कार्यक्रम सञ्चालन गर्ने, बैंकलाई उचित प्रतिफल प्राप्त हुने गरी नेपाल सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, गैरसरकारी संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने, दीगो, प्रतिस्पर्धात्मक र उच्च प्रतिफल प्राप्त हुने गरी व्यवसाय सञ्चालन गर्ने, असल संस्थागत सुशासन, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली, प्रभावकारी जोखिम व्यवस्थापन एवं कम्प्लायन्सको पूर्ण परिपालना हुने गरी कार्यक्रम सञ्चालनमा जोड दिने, नेपाल सरकारको बजेट र नेपाल राष्ट्र बैंकले दिएको निर्देशन बमोजिमका विषयहरूमा बैंकले प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्ने, Branchless Banking (BLB) को सम्भाव्यताको आधारमा सेवाको सुरूवात र विस्तारमा जोड दिने जस्ता प्राथमिकता रहेका छन् ।

**बैंकले World Bank तथा IFAD जस्ता निकायबाट प्राप्त सहुलियतपूर्ण कर्जामार्फत कृषि तथा वन मूल्य शृंखलाअन्तर्गत गरिरहेको कृषि कर्जा लगानी कार्यक्रमको बारेमा बताइदिनुस्न ?**

बैंकले नेपाल सरकार अर्थ मन्त्रालयमार्फत कृषिका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को सहयोगमा कृषिको समावेशी रुपान्तरणका लागि मूल्य शृंखला (Value Chains for Inclusive Transformation of Agriculture, VITA) कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रम मधेस प्रदेशको सबै ८ जिल्लाहरू, बागमती प्रदेशको १३ मध्ये ८ जिल्ला र लुम्बिनी प्रदेशको सबै १२ जिल्ला गरी कुल २८ जिल्लामा कृषि विकास बैंकको ९० वटा शाखा कार्यालयहरूमार्फत कार्यान्वयन गर्ने योजना रहेको र हाल पहिलो चरणमा ३० वटा शाखा कार्यालयहरूबाट यो कार्यक्रमको सुरूवात गरको छ । कृषि क्षेत्रको विकासमार्फत जीविकोपार्जन एवं पोषण अवस्थामा सुधार गरी आर्थिक वृद्धिमा टेवा पुर्‍याउने दीर्घकालीन लक्ष्यका साथ सञ्चालन गरिएको यस कार्यक्रमको उद्देश्य "गुणस्तरीय ग्रामीण वित्तीय सेवामार्फत मूल्य शृंखलामा आधारित कृषि व्यवसायलाई बजारसँग जोडी नाफामूलक तथा प्रतिस्पर्धी कृषि उद्यमको विकास गर्ने" रहेको छ भने कृषि आपूर्ति शृंखलामा आबद्ध सबै सरोकारवालाहरूमा वित्तीय पहुँचको सुनिश्चितता हुने, कृषि आपूर्ति शृंखलाको व्यावसायिक विकास तथा उत्पादकत्व वृद्धिका लागि वित्तीय क्षमतामा सुधार भई लगानीका अवसरहरू वृद्धि (करिब ३६ अर्ब नेपाली रूपैयाँ) हुने, कृषकहरूको बजार पहुँचमा वृद्धि भई आपूर्तिकर्ता र खरिदकर्ताहरूबीच व्यावसायिक सम्बन्ध र सहकार्यमा सुधार हुने, कृषि उत्पादकहरू र आपूर्ति शृंखलामा आबद्ध कृषि व्यवसायीहरूको उत्पादनशील क्षमता एवं बजारमुखी, पूर्वाधारहरूको पहुँचमा वृद्धि हुने, आपूर्ति शृंखला प्रतिस्पर्धी एवं सुदृढ भई कृषकको ५५% ले कुल आयमा वृद्धि हुने र १२५% ले श्रम सघनतामा (Return on Labour) सुधार हुने, कृषिमा महिला सशक्तीकरण, युवा वर्गको संलग्नतामा वृद्धि तथा कृषि विकास बैंक लि. र अन्य साझेदार वित्तीय संस्थाहरूको स्थायी संस्थागत क्षमतामा सुधार हुने आदि यस कार्यक्रमा अपेक्षित उपलब्धिहरू रहेका छन् ।

यस कार्यक्रमअन्तर्गत विशेषतः आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुग्ने कृषि तथा पशुपन्छीजन्य वस्तुहरू जस्तै तरकारी, बाख्रापालन, स्थानीय कुखुरापालन, माछापालन, आलुको बिउ उत्पादन, अन्नबालीको बिउ उत्पादनका दूध तथा दुग्धजन्य वस्तु, केरा खेतीका अतिरिक्त सुन्तला जातका फलफुलहरू, कफी, मौरीपालन तथा जडिबुटी एवं सुगन्धित वनस्पति आदिको रोड कोरिडोर (सडक खण्ड) र क्लस्टर Approach को अवधारणाअनुरूप मूल्य शृंखलाको विकास गर्ने कार्यक्रम रहिआएको छ । छनोट गरिएका आपूर्ति शृंखलाहरूमा संलग्न साना र सीमान्तकृत उत्पादक/कृषकहरू, संकलक तथा प्रशोधनकर्ता लगायत सम्बन्धित आपूर्ति शृंखलाहरूमा आबद्ध लघु, साना र मझौला उद्यमी तथा ठूला व्यवसायीहरू यस कार्यक्रमका लक्षित समूह रहनेछन्, जसमध्ये महिला कम्तीमा ६०%, युवा ३०% एवम् दलित, जनजाति, पिछडिएका वर्ग हुनेछन् ।

त्यस्तै, वन तथा वनजन्य व्यवसायहरूको आपूर्ति शृंखला विकासका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत विश्व बैंकको सहयोगमा समृद्धिका लागि वन (Forest for Prosperity) कार्यक्रम सञ्चालनका लागि प्रारम्भिक तयारी भइरहेको छ । यो कार्यक्रम पनि मधेस प्रदेश तथा लुम्बिनी प्रदेशका ५० वटा स्थानीय निकायहरूमा सञ्चालन हुनेछ भने हालसम्म यस कार्यक्रमका लागि २६ वटा वनजन्य व्यवसायहरूको पहिचान गरिएको छ । वनसँग सम्बन्धित साना, लघु, मध्यम तथा ठूला व्यवसायीहरू यस कार्यक्रमका लक्षित वर्ग रहनेछन् । यी दुवै परियोजनाको अवधि ६ वर्षको हुनेछ भने बैंकले पहिचान गरी विकास गरिएका मूल्य शृंखलामा सहुलियतपूर्ण कर्जा लगानीका साथै क्षमता अभिवृद्धिको कार्य गर्नेछ ।

**बैंकले आफ्नो ग्राहकहरूका लागि के कस्ता आधुनिक बैंकिङ्गका सुविधाहरू उपलब्ध गराइरहेको छ ?**

वि.सं २०४१ सालदेखि कम्प्युटराइज बैंकिङ् सेवाको सुरूवात गरी Fax Draft/ Fax Check तथा ख.ज. (खर्च

जम्मा) पत्र जस्ता सीमित ABBS सेवा हुँदै यस बैंकले हाल सम्पूर्ण कार्यालयहरूबाट अत्याधुनिक Core Banking System (CBS) जडान गरी पूर्ण ABBS सेवा विस्तार गरिसकेको छ । बैंकले अत्याधुनिक बैंकिङ्ग सेवा सञ्चालन गर्ने क्रममा ADBL Remit मार्फत आन्तरिक रेमिट्यान्स सेवा तथा विभिन्न रेमिट्यान्स एजेन्सीहरूसँगको सहकार्यमा बाहृय रेमिट्यान्सको भुक्तानी कार्य गर्दै आइरहेको छ भने अन्तर्राष्ट्रिय बैंकिङ्ग कारोबार गर्नको लागि SWIFT सँगको आबद्धमा Financial तथा Non-financial Message हरूको आदानप्रदान गर्दै आइरहेको छ । हाम्रा अत्याधुनिक डिजिटल बैंकिङ्ग प्रोडक्टहरू मोबाइल बैंकिङ्, इन्टरनेट बैंकिङ्, डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड (अमेरिकन डलर कार्ड), किसान एप्, किसान क्रेडिट कार्डमार्फत विभिन्न Digital Financial Service हरू प्रदान गरिरहेको छ । त्यसैगरी विभिन्न सेवा प्रदायकहरूको सहकार्यमा IBFT, IPS, ECC, NPI, Wallet Transfer, Utility Bill Payment, Merchant Payment, Mobile Top-up, QR Payment जस्ता सेवाहरूका साथै Depository Participant ( BOID, Mero Share), C-ASBA Registration तथा Management को कार्य समेत गर्दै आइरहेको छ । बैंकका संस्थागत ग्राहकहरूलाई NPI, Corporate Pay, Internet Banking Corporate Module जस्ता माध्यमहरूबाट Account Enquiry, User Management सम्बन्धी सम्पूर्ण सेवा प्रदान गरिरहेको छ । बैंकका सेवाग्राहीलाई सहजताका लागि "5 in 1 Account" मार्फत जहाँसुकैबाट पनि Demat, Mero Share, C-ASBA, को रजिष्ट्रेसन तथा Visa Debit Card, Internet Banking को लागि Request Online बाट गर्न सक्ने व्यवस्था गरिसकेको छ । त्यसैगरी बैंकबाट कर्जा सेवा लिन चाहने ग्राहकहरूले अनलाइनमार्फत नै कर्जा माग गर्न सकिने व्यवस्थाको सुरूवात भइसकेको छ भने निकट भविष्यमा Artificial Intelligence (AI) को प्रयोग गरी बैंकको मोबाइल बैंकिङ्गमार्फत नै Realtime मा कर्जा लिन सकिने व्यवस्थाको सुरूवात हुने क्रममा रहेको छ । यसरी बैंकले विभिन्न बैंकिङ्ग सेवाहरूलाई अत्याधुनिक तथा ग्राहकमैत्री बनाउने क्रममा आफ्ना सम्पूर्ण सेवाग्राहीहरूलाई अत्याधुनिक प्रविधिमार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

> **कृषि क्षेत्रको विकासका लागि आवश्यक दीर्घकालीन पुँजीका रूपमा कृषि बन्डलाई लिन सकिन्छ । संगठित संस्थाहरूले कृषि बन्ड खरिद गर्दा खरिद गर्ने संस्थाले कृषि क्षेत्रमै लगानी गरेसरह गणना गर्न पाउने व्यवस्थाले गर्दा विशेषज्ञ वित्तीय संस्थाको आवश्यकतालाई यसले पनि पुष्टि गरेको छ ।**

**बैंकले जारी गरिरहेको कृषि बन्डको बारेमा केही बताइदिनुहुन्छ कि ?**

बैंकले नेपाल राष्ट्र बैंकबाट रू. २४ अर्ब बराबरको कृषि बन्ड जारी गर्न सक्ने स्वीकृति प्राप्त गरेको छ । तदनुरूप हालसम्म रू. १८ अर्ब बराबरको कृषि बन्ड जारी गरिसकेको छ । बाँकी ६ अर्ब पनि निकट भविष्यमै जारी गर्ने क्रममा रहेको छ । कृषि बन्ड जारी गरेर संकलन गरिएको रकम बैंकबाट कृषि क्षेत्रका लागि दीर्घकालीन कर्जा पुँजीको रूपमा उपलब्ध गराउने गरिएको छ । कृषि क्षेत्रको विकासका लागि आवश्यक दीर्घकालीन पुँजीका रूपमा कृषि बन्डलाई लिन सकिन्छ । संगठित संस्थाहरूले कृषि बन्ड खरिद गर्दा खरिद गर्ने संस्थाले कृषि क्षेत्रमै लगानी गरेसरह गणना गर्न पाउने व्यवस्थाले गर्दा विशेषज्ञ वित्तीय संस्थाको आवश्यकतालाई यसले पनि पुष्टि गरेको छ । नेपाल राष्ट्र बैंकले पनि कृषि विकास बैंक लि. लाई कृषि क्षेत्रमा लगानी गर्ने अगुवा बैंकको जिम्मेवारी प्रदान गरेको सन्दर्भमा यस्ता प्रकारका दीर्घकालीन स्रोतको व्यवस्थाले अगुवा बैंकको कार्य गर्न सजिलो हुन्छ ।

**बैंकले आफ्ना ग्राहकहरूका लागि के कस्तो निक्षेप योजनाहरू ल्याएको छ ?**

वि.सं २०२४ माघ ७ गते कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, औद्योगिकीकरण तथा बजारीकरण गर्ने मूल उद्देश्य लिएर स्थापना भएको यस बैंकले २०४१ सालबाट वाणिज्य बैंकिङ्ग कारोवार सुरू गरेको हो । सुरूका दिनमा बैंकको उद्देश्य, कार्यक्षेत्र, प्रतिस्पर्धाको अवस्था, संगठनात्मक संरचना आदि कारणले यस बैंकले निक्षेप संकलनमा खासै आफ्नो ध्यान केन्द्रित नगरेको

अवस्था विद्यमान रहेको थियो । समयको अन्तराल तथा कालखण्डअनुसार बैंकको कार्यक्षेत्रमा भएको विस्तार, संरचनागत परिमार्जन अनुसार अब बैंकले आफ्ना लागि आवश्यक स्रोतको संकलन तथा व्यवस्थापन आफैं गर्नुपर्छ भन्ने आवश्यकता रह्यो । निजीकरण, विश्वव्यापीकरण, आर्थिक उदारीकरण तथा छाता ऐन (BAFIA) आदिको उदयसँगै बैंकिङ्ग क्षेत्रमा प्रतिस्पर्धात्मक अवस्थाको सृजना भयो । वित्त बजारमा आफ्नो दह्रो उपस्थिति जनाउन, ग्राहकका आवश्यकताअनुरूपका विभिन्न सेवा तथा सुविधाहरू उपलब्ध गराउनका लागि यस बैंकले निक्षेपका विभिन्न योजनाहरू सञ्चालनमा ल्याएको छ । हाल ग्राहकका आवश्यकता तथा बजारको मागअनुरूप चल्ती, बचत, कल, करेन्ट लगायत ADBL लखपति करोडपति धमाका मुद्दती निक्षेप, Recurring Fixed Deposit, छोराछोरी समुन्नत खाता बा-आमा बचत खाता, सम्वृद्धि बचत खाता, नारी बचत, मातृभूमि बचत खाता आदि जस्ता विभिन्न योजनाहरू सञ्चालनमा रहेका छन् । भोलिका दिनमा बजारको आवश्यकता, ग्राहकवर्गहरूको माग, अध्ययन अनुसन्धानका नतिजाअनुरूप विभिन्न प्रोडक्ट तथा निक्षेप योजनाहरू समेत सञ्चालन गरिने छ ।

**बैंकको आम्दानी र व्यवसायबारे थप स्पष्ट गरिदिनुहुन्छ कि ?**

बैंकको अहिले पनि ठूलो आम्दानीको स्रोत कर्जा व्यवसाय नै रहेको सन्दर्भमा गाउँदेखि सहरसम्मका ग्रामीण, कृषि र MSME एवम् ठूला व्यावसायिक परियोजनाका लागि चालु पुँजी कर्जा एवम् स्थिर पुँजी उपलब्ध गराउँदै आएको छ । यो बाहेक पनि सबै नेपालीलाई आवश्यक पर्ने विभिन्न प्रकारका कर्जा तथा सुविधाहरू उपलब्ध गराउँदै आएका छौं । यसलाई आगामी दिनमा अझ फराकिलो बनाउँदै ठूला र कर्पोरेट कर्जाहरूमा विशेष जोड दिएका छौं । अहिले कर्जाको औसत आकार सानो भएको सन्दर्भमा आगामी दिनमा यसलाई बढाउँदै लैजाने छौं । अहिले पनि ननफन्ड व्यवसाय इण्डष्ट्रीमा उच्च स्थानमा नै रहेका छौं । आगामी दिनमा यसलाई थप सहज र सरल बनाई पोर्टफोलियो व्यवस्थापन गर्दै जाने छौं । आगामी दिनमा आवश्यक खर्च कटौती (Cost Cutting) गर्दै जनताको घरआँगनमा डिजिटल संस्कृतिबाट सम्पूर्ण सेवा सुविधासहित आम्दानीका क्षेत्रहरूलाई थप फराकिलो बनाउँदै जाने छौं ।



> **भोलिका दिनमा बजारको आवश्यकता, ग्राहकवर्गहरूको माग, अध्ययन अनुसन्धानका नतिजाअनुरूप विभिन्न प्रोडक्ट तथा निक्षेप योजनाहरू समेत सञ्चालन गरिने छ**

**यहाँको अमूल्य समयका लागि धन्यवाद । अन्तमा केही सन्देश दिन चाहनुहुन्छ कि ?**

बैंकले ५६ औं वार्षिकोत्सव मनाइरहँदा सीमित जनशक्तिको सहायताबाट आधुनिक प्रविधिमैत्री उपकरणहरू प्रयोग गरी लागतमा प्रभावकारिता, समयमा चुस्तता र परिणाममुखी बैंकिङ्ग सेवा प्रदान गर्दै विवेकशील नियमनको परिधिमा बैंकको पहिचान कायम गर्न बैंकलाई माया गरी यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सबै ग्राहक, शेयरधनी, सञ्चालक समिति, नियमनकारी निकाय, सरकार, कर्मचारी लगायत क्रियाशील युनियनहरू, सबै सरोकारवालाहरूलाई विशेष धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु । आगामी दिनमा पनि सबैको साथ, सहयोग र सद्भाव यसरी नै रहिरहने छ भन्ने अपेक्षा लिएको छु । धन्यवाद !


ADBL
QR PAYMENT
भुक्तानी झनै सजिलो
QR Code स्क्यान गरी !
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA

# विश्व मानचित्रमा नेपाल र कृषि विकास बैंक



रमेश दुवाडी

**मेरो छोटो अनुभवः**

जब म मेरो बाल्यकालको सम्झना गर्दछु त्यतिखेर मलाई सम्झना आउने गर्दछ "हरियो वन नेपालको धन" र म आजकालका बालबालिकाहरूलाई नियाल्दा हरियो वन नेपालको धन सायद यिनीहरूले थाहै पाएनन् । म सानो छँदा गाउँघरमा दौँतरीहरूसँग कागज पुरानो कपडा प्लाष्टिकले पोको पारेर बल बनाई खेल्दै रमाउँथ्यौं । गाउँ टोलमा केही छलफल भेला गर्नुपर्‍यो भने साँझको समयमा उपलब्ध भएसम्म अग्लो ठाउँमा बसेर ठूलो स्वरले भोलि यति बजे भेला हुने भन्दै कराउने चलन थियो । एउटै कुरा ३/४ पटक दोर्‍याएपछि प्रष्ट नसुन्नेहरूले कान ठाडो पारेर सुन्थे सोहीअनुसार भेला हुन्थे । यसैलाई कटुवाल कराउने भनिन्थ्यो । आजको दिनमा भन्नु पर्दा त्यतिखेरको सूचना प्रविधि त्यही थियो ।

मेरो स्कुले जीवनको स्मरण गर्दा गुरूहरूले नेपाल सम्बन्धी पढाउँदा "नेपाल विश्वमा सानो देश भूपरिवेष्ठित, जलस्रोतको धनी दुई ढुङ्गाबीचको तरूल र संसारमा गरीब देश भनेर सिकाउनुभयो । जब स्कुलको पढाइ पूरा गरी चितवनस्थित रामपुरमा कृषिको विद्यार्थी हुने अवसर पाएँ, अध्ययनको क्रममा नेपालको प्राकृतिक विविधता एवं हावापानी र यसभित्रको सम्भावना केही बुझ्ने अवसर प्राप्त भयो ।

रामपुर कृषि कलेजबाट बिदा भएपश्चातः म एउटा साधारण परिवारको भएको हुँदा त्यतिखेर जागिरको मानसिकता हुन्थ्यो । जागिरभन्दा अरू के हुन्छ ? अर्थात अझ के गर्न सकिन्छ भन्ने सोचबाट अगाडि बढ्दै गर्दा नेपालबाट हस्तकलाका सामानहरू निर्यात गर्ने केही व्यापारीहरूसँग सम्बन्ध भएको कारणले उहाँहरूको सहयोगबाट Nepal Chamber of Commerce को सदस्यता प्राप्त गरी Nepal Chamber ले आयोजना गरेको व्यापारिक भेलामा भाग लिन थालेपछि आफ्नै प्रयत्नबाट पनि व्यापार प्रवर्द्धन गर्न प्रयास गरे । यही सिलसिलामा युरोपका केही देशहरू, जापान, कोरिया, अष्ट्रेलिया आदि देशहरूको भ्रमण गरें । यो करिब ३ दशक अगाडिको कुरा हो त्यतिखेर नेपालीहरू विदेश जाने क्रम तीव्र गतिमा थियो । कतिपय देशका Immigration Officer हरूले नेपालको हरियो Passport देख्नेबित्तिकै देखाएको व्यवहारले मेरो मन कुँडिन्थ्यो । अनावश्यक १/२ घन्टा त्यत्तिकै Immigration मा उभ्याइदिन्थे । अन्य देशका नागरिकहरू बिना बिलम्ब Immigration बाट Exit हुन्थे । मेरो मनमा नेपालको Identity के हो ? विश्व परिदृश्यबाट नेपाललाई खोज्यो भने कहाँनेर पाउछौ ? हाम्रो पहिचान के हो ? हाम्रो हैसियत के हो र कहाँ छौं ? एउटा सचेत नागरिक नेपालबाट निस्कँदा नेपाली हुनुको गर्वका साथ के के लिएर निस्कने ? यी यस्तै तर्क वितर्कहरू मेरो मनमा आइरहन्थे ।

हाम्रो मुलुकलाई बुझ्न नेपालभित्रबाट मात्र नियाल्यौं भने पर्याप्त नहुने रहेछ । विश्वको परीदृश्यबाट हेर्दा हामीले सानो उमेर हुँदा नेपाल सम्बन्धित जे जे हाम्रो Mindset मा थिए ती अपूर्ण रहेछन् संसारमा सानो देश भनियो, हामी क्षेत्रफलको हिसाबले संसारमा करिब २०० स्वतन्त्र राष्ट्रहरूमा नेपाल 94th ठूलो देश र जनसंख्याको हिसाबले 49th ठूलो देश हो । कैयौं राष्ट्रहरू साना भएर पनि नेपाल जति सानो भनेर चर्चा हुन्छ त्यति ती मुलुकहरूको चर्चा हुँदैन । हुनसक्छ संसारका दुई विशाल भूगोल एवं जनसंख्या भएका भारत र चीनबीच अवस्थित भएकाले र हामी Land Locked होइन Land Linked को भनेर बुझ्न धेरै समय खर्चियौं । नेपालभन्दा साना कैयौं राष्ट्रहरू आर्थिक हैसियत राम्रो भएका राष्ट्रहरू जस्तै दक्षिण कोरिया, स्वीट्जरल्याण्ड, Holland, Belgium, Qatar, Brunei, आदि देशहरूको त्यति चर्चा सुनिदैन जति नेपालको सुनिन्छ ।

संसारमा हरेक मुलुकलाई प्रकृतिले जे जे दिएको छ, त्यसैको प्रचुर उपयोग साथै प्रविधिको विकास नै

सम्पन्नताको आधार हो । त्यसैले हाम्रो जस्तो मुलुकमा अपार प्राकृतिक सम्पदा र हाम्रा ऐतिहासिक धार्मिक एवं सांस्कृतिक धरोहर नै हाम्रा वास्तविक पहिचान हुन् । त्यसैले यस आलेखमा प्राकृतिक र धार्मिक एवं सांस्कृतिक विषयमा केही विवेचना गर्ने कोशिस गरेको छु ।

प्राकृतिक रूपमा नेपालः नेपाल विश्वको कुल भूगोलको ०.१% क्षेत्रफल ओगटेको छ । जैविक विविधताको हिसाबले संसारमा २५ औं स्थानमा पर्दछ । संसारमा पहिचान भएका वनस्पतिमध्येमा ३.२% र ९.९% जैविक प्रजाति नेपालमा पाइन्छ ।

नेपालको तराइको समथर फाँटदेखि पहाडको वन जंगल, बुट्यान भएका हरिया पहाड र चाँदी जस्तै टल्कने विश्वको उच्च हिमाल भएको देश हो । संसारमा कहीं कतै नपाइने फरक फरक ठाउँमा वर्षभरि नै उष्ण (Tropical), उपोष्ण (Sub tropical), शितोष्ण (Temperate), तापमान पाइने विशेषता भएको मुलुक हो । समुद्री सतहबाट ७० मिटरदेखि ८८४८.८६ मिटरसम्मको सरदर १९३ किलोमिटर चौडाइभित्र उपलब्ध हुनु प्रकृति प्रदत्त अमूल्य वरदान हो । यिनै हावापानी एवं Topography को अन्तरभित्र संसारमा कतै नपाइने जीवजन्तु साथै वनस्पतिहरू हामीकहाँ पाइन्छ । उदाहरणको लागि नेपालको उच्च पहाडी भागमा पाइने पुतली (Luna moth), काँडे भ्याकुर (Spinny Babbler) नामको चरा नेपालको मध्य पहाडी भागमा मात्र पाइन्छ । सौन्दर्यको सवालमा प्रकृतिले दिएको यो उपहार मानवजातिले कसरी संरक्षण अनुसन्धान एवं आकर्षण बनाउने सवाल महत्वपूर्ण हुन्छ ।

आज विश्वले प्रविधिमा धेरै विकास गरिसकेको छ । मानिसको जीवन यान्त्रिक बन्दै गइरहेको छ । हामी यदाकदा सुन्ने गर्छौं भारतका ठूला प्रदेशका मानिस भारतकै अर्को राज्य वा प्रदेशमा नटेकी उसको जीवन समाप्त हुन्छ । संसारका ठूला ठूला सहर Tokyo, Bangkok, Shanghai, Paris, London, New york आदि जस्ता ठाउँमा मानिसहरूको भीड भागदौड आफ्नो काम प्रतिको लगाव, बिहान ३/४ बजे Train मा निदाउँदै हिँडिरहेको देख्दा मानिस बाँच्नको लागि प्रविधिको उपयोग गरिरहन्छन् र मानिसले प्रविधिलाई होइन, प्रविधिले मानिसलाई दौडाइरहेछ अर्थात मानिस प्रविधिको शिकार भइरहेको भान हुन्छ ।

यस्तो जीवन यापनबाट कुनै युवायुवती हाम्रो जस्तो देशमा जहाँ तराइका समथर फाँटदेखि पहाड र हिमालसम्म आफ्नै आँखाले नियाल्ने प्रयत्न गर्छन् त्यतीखेर Annapurna, manaslu, sagarmatha आदि ठाउँको Treking Route समाउँदै अगाडि बढ्दै गर्दा हिमालबाट बहेको चिसो हावा, रूख विरूवाबाट झरेको पातपतिङ्गरमा पाइला चाल्दको सऱ्याङ सऱ्याङको आवाजसँगै, त्यहीसँगैको खोचबाट झरेको छहराको छङ छङ ध्वनि, पारी डाँडामा ढकमक्क फुलेको लालिगुराँसको सौन्दर्य हेर्दै पाइलाहरू बढ्दै गर्दा अगाडि रहेको रूखको हाँगामा बसेको कोइली र डाँफेको सुन्दर आवाजसँग एउटा ठूलो चट्टानमा विश्राम लिँदै पसिना पुछ्दै यहाँ उल्लेखित दृश्यहरू नियालिरहँदा उसको मस्तिष्कभित्रको प्राकृतिक विविधताको कुनै ठाउँ बाँकी रहला र !

## धार्मिक एवं साँस्कृतिक रुपमा नेपालः

कुनै पनि मुलुकको धर्म र संस्कृति सदियौं देखि मानवसँगसँगै विकास भएको विश्वास गरिन्छ । संसारको आखाँबाट नियाल्दा हिन्दु र बुद्धिष्टहरूको राजधानी नेपाल हो भन्न सकिन्छ । पशुपतिनाथ, मुक्तिनाथ, देवघाट, जनकपुर आदि पवित्र तीर्थस्थलहरू नेपालमा छन् । काठमाडौं उपत्यकाभित्र टोल टोल एवं गल्लीहरूमा प्रशस्त मठमन्दिर भएको हुँदा उपत्यकालाई मन्दिरै मन्दिरको सहर पनि भनिन्छ । प्राचीन कालमा भक्तपुर क्षेत्रमा धेरै भक्तजनहरूको बसोबास हुन्थ्यो त्यसैबाट भक्तपुरको नामाकारण भएको विश्वास गरिन्छ । नेपालका हिन्दुहरू भारतको काशी, बद्रीनाथ, केदारनाथ, तीर्थ गर्न जान्छन् र भारतका हिन्दुहरू नेपालका माथि उल्लेखित शिवालयहरूको दर्शन नगर्दासम्म आफूलाई अपूर्ण ठान्दछन् ।

विश्वमा भएका प्रमुख धर्ममध्ये बुद्ध धर्म मानव जातिको निम्ति दिन प्रति दिन झनै अपरिहार्य बन्दै गएको छ । नेपाली माटोले बुद्ध जन्मायो, त्यो नेपालको पहिचान हो । भौतिक रूपको विकसित एवं प्रगतिभित्र मानव जातिको समुदाय समुदायबीच अशान्ति बढ्दै गइरहेको अवस्थामा शान्ति झनै अपरिहार्य बन्दै गइरहेको छ । यो अवस्थामा कुनै जात, समुदाय, देश नभनीकन बुद्ध शान्ति र एक आपसको सम्मान, सद्भाव र आदर्श समाज मात्र नै बुद्ध धर्मको आदर्श हो जो नेपालको पहिचान हो ।

विश्व अर्थ व्यवस्थाको ८५% ओगटेको संसारका १९औं देश र EU गरी G20 को अष्ट्रेलियामा 2071 कात्तिकमा भएको नवौं शिखर सम्मेलनमा टर्कीका प्रधानमन्त्री अहमत द यामुटोग्लु ले "नेपाल अध्यात्मक केन्द्र हो । मानव जातिको लागि अध्यात्मक झनै महत्वपूर्ण बन्दै गइरहेको छ । नेपाल विश्वको सबैभन्दा राम्रो आध्यात्मिक धरोहर हो । हरेक प्रक्रियामा नेपाललाई समेट्न आवश्यक छ" भनी दिएको अभिव्यक्तिले प्रष्ट हुन्छ, नेपालको धार्मिक

एवं सांस्कृतिक सम्पदा र बुद्ध दर्शन कति महत्वपूर्ण छ । विश्व समुदायले कसरी हेरिराखेको छ । यसै भनाइबाट प्रष्ट हुन्छ धार्मिक एवं आध्यात्मिक हाम्रा धरोहर पनि हाम्रा पहिचान एवं गौरव हुन् ।

हामीसँग भएका कला संस्कृति र भाषा हाम्रो देशका पथ पहिचान हुन । हामी कहाँ विभिन्न जातजाति र धर्म अनुसार थुप्रै भाषाभाषीहरू छन् । यी थुप्रै भाषाभाषी अनुसार फरक फरक संस्कृति र फरक फरक कलाको सुन्दर इतिहास हामीसँग छ । नेपाली कला क्षेत्रको चर्चा गर्दा हाम्रो पौराणिक कला संसारमा प्रसिद्ध छन् । त्यसैले विश्व सम्पदाको सूचीमा उदाहरणको लागि काठमाडौं दरबार स्क्वायर हनुमान ढोका, पाटन र भक्तपुर बुद्धिष्ट स्तुपा, स्वयम्भूनाथ, हिन्दु बुद्धको पहिचान र चाँगुनाराण मन्दिर बुद्धको जन्मस्थान लुम्बिनी आदि ।

नेपाली कला एवं संस्कृतिको सवालमा उदाहरणको लागि सन् २००० मा जर्मनीको हनोभर (Hannover) सहरमा प्रदर्शित नेपाल मण्डपबाट प्रष्ट हुन्छ । त्यो विशाल प्रदर्शनमा विश्वमा २०० देशहरूले भाग लिएका थिए । त्यहाँ निर्मित नेपाल मण्डप हाम्रो पौराणिक कलाको प्रतिबिम्ब थियो । कलात्मक मन्दिर, बौद्ध गुम्बा, कलात्मक घर अत्यन्त व्यवस्थित रूपले पर्याप्त क्षेत्रफल ओगटेको लाग्थ्यो म कुनै पाटन वा भक्तपुरका कतै बौद्ध विहार वा कुनै मठ मन्दिरको बीचमा छु । हाम्रा कालिगढहरूले अत्यन्त मेहनतपूर्वक मण्डपको निर्माण गरेका थिए । मण्डपमा हाम्रा कालिगढहरूको हातले माटोको प्याला, गमला र दियो आदि बनाइरहेको देखिन्थ्यो । त्यहाँको पत्रपत्रिका, टिभी, एफएम रेडीयो सारा सञ्चार माध्यमले प्रमुख विषय बनाएका थिए । सबैभन्दा लामो समय पर्यटकहरू नेपाल मण्डपमा हराउँथे ।

कालिगढहरूले माटोको भाँडा बनाएको देखेर आगन्तुकहरू टोलाई टोलाई वा फर्की फर्की त्यो दृश्य हेरिरहन्थे । कतिपय व्यक्तिहरू अवाक हुँदै एकोहोरो हेरिरहन्थे र आखाँबाट आँसु समेत झार्दथे । भनिन्छ मानिसका आँखाबाट आँसु दुई अवस्थामा झर्दछ त्यो हो दुःख र सुःख । हामी यहाँ सहजै अनुमान लगाउन सक्छौ यो हर्षको आँसु हो हृदयदेखि नै नेपाली कलाको सम्मान पनि । सोही माटोको भाँडा बनाउन कालिगढहरूको हात छाम्न समेत अत्यन्त भीड लाग्थ्यो । हामीलाई जानकारी भएकै कुरा हो हामीसँग भएका कला संस्कृतिको सानो अंश मात्र अन्तर्राष्ट्रिय स्तरमा प्रदर्शन गर्न सक्षम भएका छौ । यो पङ्क्तिकार त्यस प्रदर्शनमा भाग लिन गएको होइन त्यो विशाल Expo को उद्घाटनको भएको केही दिनभित्रै त्यहाँ पुग्ने अवसर जुरेको हो । तत्पश्चात पछिल्ला वर्षहरूमा Osaka र Shanghai Expo मा समेत राम्रो प्रदर्शन भएको थियो ।

## कृषि विकास बैंक लिमिटेड–एक सिंहावलोकनः

### नेपालको कृषिको अवस्था

नेपालको झण्डै दुईतिहाई जनता कृषिमा आश्रित रहेको एवम् देशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५ प्रतिशत रहेको परिप्रेक्ष्यलाई मनन् गर्दै नेपाल सरकारले दीर्घकालीन कृषि योजना, कृषि विकास रणनीति, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) तथा हरेक वर्ष प्रस्तुत गरिने वार्षिक बजेट तथा कार्यक्रममा समेत कृषिलाई विशेष प्राथमिकता दिँदै आएको छ । सरकारले कोभिड-१९ पछिको आर्थिक अवस्थालाई समेत मध्यनजर गरी चालु आ.व. मा कृषि क्षेत्रको विकास र विस्तारका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । जसमा साना कृषकहरूलाई सस्तो र सुलभ कर्जाको व्यवस्था, कृषि प्राविधिकहरूमार्फत घरदैलोमा प्राविधिक सुविधा, बाली तथा पशुको विमा तथा सुरक्षण गरी क्षति न्यूनीकरण, कृषि पेसाबाट अनिवार्य रूपमा बचत हुने ग्यारेन्टी, कृषि उपजको न्यूनतम खरिद मूल्य निर्धारण, कृषि उपकरण, बीउ, मल, सिंचाइमा आदिमा लाग्ने विद्युत महशुल अनुदान, कृषक परिचयपत्र र किसान कार्डको व्यवस्था, सहकारी र चक्लाबन्दी, सामूहिक खेती/भूमि बैंक जस्ता कार्यक्रमहरू प्रमुख छन् । कृषि भूमिको उर्वराशक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरू निर्धारण गरी कृषि क्षेत्रको व्यावसायीकरण गर्दै विदेशबाट ठूलो मात्रामा हुने गरेको कृषिजन्य आयात प्रतिस्थापन गर्न, कृषि मूल्य शृंखला (Agriculture Value Chain) को विकास गरी व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दीगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्नु नेपाल सरकारको लक्ष्य रहेको छ ।

नेपालमा कृषि वस्तुको आत्मनिर्भरताको अवस्था अध्ययन गर्दा विभिन्न देशबाट आयात गरिएको कृषि तथा पशुजन्य वस्तुहरूको विवरण हरेक वर्ष बढिरहेको देखिन्छ । खुला सीमानाका कारणबाट ठूलो मात्रामा यस्ता वस्तु नेपाल भित्रिने गर्दछ । यसरी विचार गर्दा अनौपचारिक रूपमा भित्रिने खाद्य/कृषि वस्तु समेत जोड्ने हो भने यो रकम वार्षिक कम्तीमा पनि ४ खर्ब हुने अनुमान गर्न सकिन्छ । यो तथ्यांकलाई बैंकको

व्यवसायको सम्भावनासँग जोडेर हेर्दा कृषि तथा पशु व्यवसायमा लगानी गरेर मुलुकलाई आत्मनिर्भर बनाउने प्रशस्त सम्भावना रहेको देखिन्छ । त्यसमाथि आयातको झण्डै ७० प्रतिशत भारतबाट र १५ प्रतिशत चीनबाट हुँदै आएकोमा कोभिड महामारीको कारणले निम्त्याएको आर्थिक, सामाजिक एवं स्वास्थ्य सम्बन्धी संकटबाट भविष्यमा त्यस्ता वस्तुको आयातमा रोक, संकुचन वा मूल्य वृद्धि हुन सक्ने सम्भावना देखिएको छ । त्यसैगरी छिमेकी मुलुकमा उत्पादन नहुने वा सीमित उत्पादन हुने उच्च मूल्यका वस्तु निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना पनि उत्तिकै देखिन्छ । नेपाल सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य पूरा गर्न समेत कृषि क्षेत्रमा यथेष्ट मात्रामा लगानी गर्नुपर्ने देखिन्छ र बैंक वित्तीय संस्थाको कृषिमा लगानी गर्ने रूची, योग्यता र अवस्था हेर्दा कृषि विकास बैंक नै एकमात्र बैंकको रूपमा रहेको छ जसले विगत ५५ वर्ष देखि कृषि तथा ग्रामीण कर्जामा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ ।

### कृषि कर्जा प्रवाहको अवस्था:

नेपाल सरकारले विगतदेखि नै कृषि क्षेत्र विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको भए तापनि वर्षेनी ठूलो परिमाणमा कृषिजन्य वस्तु आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यसको प्रमुख कारणमा कृषिमा पर्याप्त पुँजी लगानी हुन नसक्नु पनि एक हो । जसका लागि नेपाल सरकारले कृषकहरूका माझ पुऱ्याउँदै आएको विशिष्टीकृत सेवाका साथसाथै पर्याप्त मात्रामा कर्जाको पहुँच हुनु अनिवार्य देखिन्छ । नेपालका सबै बैंक तथा वित्तीय संस्थाहरूले करिब ३ खर्ब ६० अर्ब रूपैयाँ कृषि कर्जा लगानी गरेका छन् । कुल २६ वटा वाणिज्य बैंकहरूले मात्र करिब ३ खर्ब ६० अर्ब रूपैयाँ लगानी गरेका छन्, कृषिमा जसमध्ये कृषि विकास बैंक लि. को करिब ६० अर्ब रहेको छ । वाणिज्य बैंकहरूले आगामी असार मसान्तसम्ममा कुल कर्जा लगानीको ११ प्रतिशत कृषिमा लगानी गर्न केन्द्रीय बैंकले दिएको निर्देशनअनुरूप पनि लगानी गर्न नसकिएको अवस्था छ । यसरी हेर्दा कृषि क्षेत्रमा लगानी गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ ।

### कृषि क्षेत्रमा लगानी कम हुनुका प्रमुख कारणहरू:

- कर्जाको सहज पहुँच नहुनु ।
- बैंक वित्तीय संस्थाहरूमा कृषि प्राविधिकको अभाव ।
- सहुलियत मूल्यमा कर्जा प्रदान गर्न नसक्नु ।
- कर्जाका लागि धितोको अनिवार्यता हुनु ।
- साना कर्जाग्राहीहरूका लागि महंगो कर्जा प्रक्रिया (दृष्टि बन्धक आदि) ।
- कर्जाका लागि सामान्य कृषक उद्यमीहरूले विभिन्न कागजातहरू जुटाउन नसक्नु ।
- जोखिम न्यूनीकरणको व्यवस्था नहुनु ।
- बिमाको दायरा फराकिलो नहुनु ।
- प्रभावकारी कर्जा सुरक्षणको व्यवस्था नहुनु ।
- कर्जा असुली अनिश्चित भएकाले बैंक तथा वित्तीय संस्थाहरू कृषि कर्जा लगानी गर्न उदासीन रहनु ।
- कृषि वस्तुको बजारको अनिश्चितता भई नाफा नहुनु ।

### कृषि विकास बैंक नै किन ?

- कृषि विकास बैंकको ७७ जिल्लामा २८५ वटा कार्यालय तथा ६ वटा तालिम केन्द्रसहितको वृहत् सञ्जाल छ ।
- यस बैंकमा पर्याप्त कृषि विषय विशेषज्ञ तथा कृषि प्राविधिक जनशक्ति कार्यरत छन्, जसको अर्थ हो कृषि तथा पशु क्षेत्रको लगानीका लागि कर्मचारीमा प्रशस्त प्राविधिक ज्ञान छ ।
- बैंकका कुल कर्जाग्राहीहरूमध्ये करिब ८८ प्रतिशतभन्दा माथि रू. १५ लाखभन्दा कम कर्जा लिने साना कृषक, साना तथा लघुउद्यमी तथा अन्य व्यवसायीहरू छन् ।
- यो बैंकसँग स्थापनाकालदेखि कृषि क्षेत्रमा विशेषगरी साना कर्जाग्राहीहरूलाई कर्जा प्रवाह गरी ग्रामीण विकासमा उल्लेख्य योगदान तथा अनुभव रहेको छ ।
- बैंकको कूल कर्जा रकममध्ये एक तिहाइभन्दा बढी रकम कृषि क्षेत्रमा लगानी गरेको छ ।
- यस बैंकसँग अत्याधुनिक पूर्वाधारसहितका देशका विभिन्न क्षेत्रमा ६ वटा आवासीय सुविधा भएका तालिम केन्द्रहरू रहेका छन् । जहाँबाट कृषक उद्यमीहरूलाई कषि, पशुजन्य उद्यमशीलता तालिम प्रदान गर्न सहज हुन्छ ।
- यो बैंक नेपालका सबै जनताको पहुँचमा रहेको सबै जनताको घर आँगनको बैंकको रूपमा परिचित छ ।

- कोभिड-१९ ले सिर्जना गरेको नकारात्मक अर्थ व्यवस्था, बढ्दो बेरोजगारी तथा अर्ध रोजगारीको अवस्था अन्त्य गर्न यस बैंकको प्रमुख भूमिका रहन सक्छ ।
- वैदेशिक रोजगारबाट फर्किएका/फर्किने तथा स्वदेशमै बेरोजगार बनेका दुरदराजका अदक्ष, अर्धदक्ष तथा दक्ष बढ्दो बेरोजगार जनशक्तिलाई कृषि, पशु, साना तथा घरेलु उद्योगमा कर्जा लगानी गर्न यो बैंक तयार र सक्षम छ ।
- कषिका लागि विशिष्टीकृत कार्यालय/कर्मचारीको व्यवस्था गर्न सकिन्छ ।
- सुलभ र सस्तो व्याजदरमा लगानी गर्न सकिन्छ ।
- कृषि कर्जाका लागि कृषि बन्ड निष्काशन गरी स्रोत व्यवस्थापन गर्न सकिन्छ ।
- कृषि मूल्य शृंखलामा आधारित भई लगानी गर्न सकिन्छ ।
- बाली तथा पशु सुरक्षण कार्यक्रम सञ्चालन भइरहेको छ ।
- कर्जा प्रशोधनमा आधुनिकीकरण भइरहेको छ ।
- एकीकृत सीप, तालिम तथा ज्ञान केन्द्रको अवधारणामा बैंकका तालिम केन्द्रहरू सञ्चालन गर्न सकिन्छ ।
- डिजीटलाइजेसन/किसान क्रेडिट कार्ड लागु भइरहेको छ ।
- अनलाइन खाता खोल्ने तथा कर्जा आवेदन गर्ने काम भइरहेको छ ।
- निजी तथा सरकारी प्राविधिक सेवा प्रदायक, कृषि अनुसन्धान केन्द्र तथा कृषि प्रसार सेवासँग प्रदायकसँग समन्वय गरी कार्य गर्ने सम्भावना रहेको छ ।

## निष्कर्ष:

नेपाल सरकारले कृषियोग्य जमीनको अधिकतम भू-उपयोग नीति लिएअनुरूप र नेपाल राष्ट्र बैंकले कृषि विकास बैंकलाई कृषिमा लगानीको अगुवा बैंकको रूपमा घोषणा गरेको हुँदा देशका दूरदराजमा रहेका गरीब विपन्न तथा निरक्षर ग्राहकसमक्ष वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्दै कृषि तथा अन्य व्यावसायिक कर्जा, निक्षेपको विभिन्न योजना तथा अत्याधुनिक प्रोडक्टहरूका साथ कृषि विकास बैंक समग्र नेपालीको घर आगँनको बैंक बन्न पुगेको छ । बैंकको ५६औं वार्षिकोत्सवको उपलक्ष्यमा म अझ यसको टड्कारो आवश्यकता देख्दछु ।

चिया, कफी, अलैंची, ओखर, टिम्मुर तथा निर्यातजन्य विभिन्न प्रकारका जडिबुटीजन्य वस्तुको उत्पादन, भण्डारण र प्रशोधन गर्न समेत कृषि विकास बैंकको कर्जाले ठूलो सहयोग पुऱ्याइरहेको छ । जसले गर्दा ठूलो मात्रामा विदेशी मुद्रा भित्र्याउन सहयोग पुगेको छ । साथै कृषिको आधुनिकीकरण, वैज्ञानिकीकरण तथा औद्योगिकीकरण गर्दै कृषि उत्पादन वृद्धि गरी ती वस्तुहरूको आयात कम गर्न सकिन्छ ।

हाम्रो देशको धरातलभित्र प्राकृतिक, सांस्कृतिक, उत्पादन अनुसन्धानका साथै पर्यटकीय आदि क्रियाकलापहरूको लागि पुँजी लगानी आवश्यक हुने हुँदा यी सबै कुराहरूमा कृषि विकास बैंक जस्ता वित्तीय संस्था अपरिहार्य छ । त्यसको निम्ति जनताको बैंक, घर आँगनको बैंक र नेपाल सरकारको बैंक साथै सबल, सक्षम र नेतृत्व दिनेसक्ने बैंक कृषि विकास र बैंक परिवार सदैव सक्षम एवं तत्पर रहेको सर्वविदितै छ । विश्व परिदृश्यको आँखाबाट नेपालको पहिचान, हैसियत र नेपालीपनको दरिलो परिचय दिन कृषि विकास बैकको भूमिका सदैव महत्वपूर्ण रहने विश्वास लिएको छु । ■■

*लेखक कृषि विकास बैंक लिमिटेड,*
*सञ्चालक समितिका अध्यक्ष हुनुहुन्छ ।*

# कृषि वित्त परिचालनका लागि विशिष्टीकृत बैंकको आवश्यकता



सुमन दाहाल

## (क) पृष्ठभूमि खण्ड

### नेपालमा कृषिकार्यको अवस्था

कृषि पेसा सामान्यतया व्यक्तिको प्राथमिकतामा नपर्ने परम्परागत पेसा हो जसलाई नेपालीले निर्वाहका लागि मात्र अंगालेको अवस्था छ । अन्य पेसामा नलागिसकेका वा लाग्न नसकेका व्यक्तिहरू मात्र कृषि पेसामा लाग्ने हो भन्ने सामान्य बुझाइले काम गरिरहेको छ । एकातर्फ घामपानीमा हातले शारीरिक परिश्रम गर्नुपर्ने, हिलोमैलो हुनुपर्ने र अर्कोतर्फ सहरिया जीवनको तडकभडकले आकर्षित गर्दै लगेको कारण कृषिमा व्यक्तिलाई टिकाउन गारो परेको अवस्था छ ।

पछिल्लो अध्ययनअनुसार नेपालको कुल क्षेत्रफलको करिब २८ प्रतिशत अर्थात ४१ लाख हेक्टर भूमि कृषियोग्य रहेको छ । तर, करिब २५ लाख हेक्टरमा मात्र कृषि कार्यहरू भइरहेको तथ्याङ्कले देखाएको छ । करिब १६ लाख हेक्टर कृषियोग्य जमीनमा कृषि कार्य हुने गरेको छैन । कृषि क्षेत्रमा युगान्तकारी परिवर्तन ल्याएको इजरायलले आफ्नो कुल क्षेत्रफलको १९ प्रतिशत भूभाग जमीनमा कृषि कार्य गरेर खाद्य संप्रभुता हासिल गरी निर्यात समेत गर्छ तर हामी हाम्रो २८ प्रतिशत भूभागमा कृषिकार्य गरेर पनि अर्बौंको आयात गरिरहेका छौं । यसको प्रमुख कारण प्रविधि, पुँजी र सीपको अपर्याप्तता नै हो । यसका निम्ति कृषि क्षेत्रको लागि यथोचित लगानी हुन नसक्नुलाई प्रमुख कारणका रूपमा लिन सकिन्छ ।

### कृषिउपजको व्यापारको अवस्था

नेपाल श्रमशक्ति सम्बन्धी सर्वेक्षण सन् २०१८ को अनुसार नेपालको कुल जनसंख्याको ६०.४ प्रतिशत जनसंख्या कृषिमा संलग्न रहे तापनि प्रत्येक वर्ष कृषिजन्य वस्तुको आयात बढ्दै गइरहेको छ । आ.ब. ०७७/७८ को तथ्याङ्क हेर्दा करिब रू. ५१ अर्बको धानचामल आयात हुन्छ भने झण्डै रू. १७ अर्बको मकै मात्र आयात हुन्छ । वार्षिक करिब रू. ४० अर्बको तरकारी तथा दलहन आयात हुन्छ भने करिब रू. २२ अर्बको फलफुल आयात हुन्छ । यसरी करिब रू. १३०० अर्बको कुल वैदेशिक व्यापारमा कृषिजन्य वस्तुहरू मात्र करिब ३२५ अर्बको आयात हुने गरेको छ । अर्थात करिब २५ प्रतिशत झण्डैएक चौथाइ आयात नै कृषि उपजको रहेको छ । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.७ प्रतिशत रहेको अनुमान छ । पछिल्लो दशकमा नेपालको कृषि क्षेत्रको वार्षिक उत्पादन औषतमा ३.२ प्रतिशतले मात्र बढेको छ ।

अन्य मालवस्तुको विकल्पमा वस्तुहरू उपभोग गर्न सकिएला तर मानव जीवन रहेसम्म कृषि उपजको उपभोगमा विकल्प खोज्न सकिन्न । तसर्थ कृषि क्षेत्रको विकास र यसको उत्पादन एवम् उत्पादकत्व वृद्धिको विकल्प छैन । यसका लागि कृषि वित्तको महत्वपूर्ण भूमिका रहन्छ । यस प्रयोजनका लागि हाल कृषि विकास बैंकलाई कृषि क्षेत्रको अगुवा (Lead) बैंक तोकिएको भए पनि विशिष्टीकृत संस्थाको रूपमा विकास गर्नु जरूरी देखिन्छ ।

## (ख) विश्लेषण खण्ड

### कृषिवित्तको अवस्था

परम्परागत कृषिलाई आधुनिकीकरण एवम् यान्त्रिकीकरण गर्दै आधुनिक पेसामा रूपान्तरण गर्नका लागि कृषि क्षेत्रको विकासमा एकीकृत प्रयास आवश्यक छ र यसको लागि विशिष्टीकृत कृषि वित्त परिचालन गर्ने संरचना आवश्यक छ ।

निश्चय पनि कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरणका लागि पुँजी जुटाउन स्वलागतबाट मात्र सम्भव नहुने भएकोले बैंक तथा वित्तीय संस्थाको कर्जा सहयोग अपरिहार्य हुन्छ । हाल ग्रामीण भेगमा

कृषि सहकारी तथा लघुवित्त संस्थाहरूले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्ने गरिरहेका छन् । तर तिनीहरूले प्रवाह गर्ने कर्जाको व्याज अत्यधिक रहेको हुँदा कृषि कार्य लागत प्रभावी हुन सकिरहेको छैन । अर्थात्, उत्पादनबाट भन्दा कतिपय अवस्थामा खरिद गर्दा सस्तो समेत देखिने गरेको छ ।

हुन त नेपाल सरकारले सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७७ अन्तरगत कृषि कार्यका लागि समेत ५ प्रतिशत व्याजदरमा रू ५ करोडसम्म कर्जा उपलब्ध गराउने व्यवस्था मिलाएको छ । हुन त नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिमार्फत सबै वाणिज्य बैंकहरूले कुल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने निर्देशनात्मक व्यवस्था गरेको पनि छ । कृषि विकास बैंकलाई कृषि क्षेत्रको अगुवा बैंकको रूपमा विकास गरिने मौद्रिक नीतिको व्यवस्थालाई नेपालको कृषि वित्तको क्षेत्रमा फड्कोको रूपमा लिन सकिन्छ । त्यसैगरी कृषि विकास बैंकले कृषि ऋणपत्र जारी गर्न सक्ने व्यवस्थाले कृषि क्षेत्रमा थप वित्तीय साधन परिचालन हुनुका साथै अन्य बैंक तथा वित्तीय संस्थाहरूलाई कृषि ऋणपत्रमा लगानीमार्फत तोकिएको कृषि कर्जा अनुपालना कायम गर्न सहज भएको छ ।

नेपालको विपन्न र गरिबी मुलतः ग्रामीण भेगमा रहेको छ । तिनीहरू मुलत कृषिमा आश्रित छन् । कृषि संक्षिप्त गणना सन् २०११/०१२ अनुसार कृषि कार्य भइरहेका जमीनहरू अत्यन्त खण्डीकृत छन् र ४ हेक्टरभन्दा कम जमीनमा कृषि कार्य गर्ने किसानहरूले कुल कृषि भइरहेको जमीनको ९४ प्रतिशत भाग ओगटेका छन् । त्यसैले नेपालको कृषि क्षेत्र ४ हेक्टरभन्दा कम जमीनमा कृषि गर्ने किसानहरू अर्थात विपन्न साना किसानसँग सम्बन्धित छ ।

तर एक अध्ययनका अनुसार ७८ प्रतिशत किसानले कर्जामा पहुँच पाएका छैनन । बाँकी २२ प्रतिशत किसानमा पनि सहकारीबाट १६ प्रतिशत, बैंक वित्तीय संस्थावाट २२ प्रतिशत, समूहबाट २३ प्रतिशत र आफन्तबाट ३५ प्रतिशत ले कर्जा लिएको पाइन्छ । नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमासम्म पनि कृषि कर्जा लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरू त्यति उत्साहित देखिएनन् । बैंक तथा वित्तीय संस्थाहरूले कृषि कर्जालाई जोखिमपूर्ण र कम लाभप्रद क्षेत्रको रूपमा नै हेर्ने गरेका छन् । त्यसैले पनि कृषिलाई वाणिज्य कर्जा भन्दा फरक र राज्य संरक्षित क्षेत्रको रूपमा विशिष्ट व्यवस्था गर्न नितान्त जरूरी भैसकेको छ ।

विपन्न वर्गका लागि प्रत्येक बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कर्जा लगानीको कम्तिमा ५ प्रतिशत लगानी विपन्नवर्ग लक्षित कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ । तर यसको व्याजदर उच्च रहेको छ ।विगतमा यस्तो व्याजदर अनियन्त्रित रूपमा बढेका कारण नेपाल राष्ट्रबैंकले यसलाई १५ प्रतिशतको दायरामा राख्न निर्देशित गरेको अवस्था छ । सामान्य व्यापार गर्नेले भन्दा ग्रामीण भेगका साना किसानहरूले बढी व्याज तिर्नुपर्दा कृषि पेसा लागत प्रभावी बन्न सकेको छैन । त्यसमा पनि विपन्न वर्गसम्म कर्जा पहुँच नभएको साथै एउटै व्यक्तिलाई धेरैवटा लघुवित्तहरूले कर्जा प्रवाह गरेको देखिएको छ ।

सवाल व्याजदरको मात्र नभएर विपन्न मधेशका अतिविपन्न र दुर्गमका वर्गको पहुँच नहुनु हो । दुर्गममा जाँदा वित्तीय संस्थाहरूको लागत बढ्ने भएकोले पनि सुगमता खोज्ने गरेका छन् । पछिल्लो समय लघुवित्त संस्थाहरू पनि गरिबी निवारण र ग्रामीण विकासको उद्देश्यबाट नाफामुखी हुँदै गएको पाइएको छ ।

अर्को महत्वपूर्ण कुरा भनेको वित्तीय साक्षरता र शिक्षा पनि हो । विपन्न वर्गले लिएको ऋणको सदुपयोग भएको छ छैन भन्ने हेर्न सकिएको छैन । व्याजदर बढी भएर उत्पादन नभएको भनौं भने सहुलियतपूर्ण कर्जामा पनि हामीले १२/१५ अर्ब लगानी गरिसकेका छौं । महिला उद्यमीहरूलाई पनि व्याज अनुदान दिएका छौं ।

उत्पादन भएर पनि कृषि उपज वारी वाट उठन सकेको छैन । उत्पादनले बजारको मुख देख्न पाएको छैन । बजारमा सामान नबिकेको पनि अवस्था छ । किनकी कृषि बजार पनि विचौलियाको कब्जामा छ । तरकारीबारी र तरकारीबजार बीचमा अन्तरसम्बन्धता छैन । सीमा पारीबाट तराइका मुल बजार भन्दा उत्तर सम्मै तरकारी सहजै आइपुग्ने अवस्था पनि छ ।

### कृषिवित्तमार्फत गरिबी निवारणका अन्तर्राष्ट्रिय अभ्यासहरु

विश्वका अधिकाँश मुलुकहरूमा ग्रामीण विकास, गरिबी निवारण तथा कृषि क्षेत्रको उन्नयनका लागि भनेर विशिष्टीकृत वित्तीय संस्थाहरू स्थापना र सञ्चालनमा रहेका छन् । केही अभ्यासहरूको यहाँ चर्चा गरेको छु–

१. भारतको राष्ट्रिय कृषि तथा ग्रामीण विकास बैंक (National Bank for Agriculture and Rural Development, NABARD)–

भारत सरकारको पूर्ण स्वामित्वको यो बैंक सन

१९८२ मा स्थापना भएको हो । ग्रामीण अर्थतन्त्रलाई उकास्नका लागि एउटा छुट्टै वित्तीय संस्थाको अपरिहार्यतालाई सुरूदेखि नै बुझेको भारत सरकारले यसको स्थापनाका लागि सन् १९७९ मा योजना आयोगका पूर्व सदस्य श्री बि. शिवरामको संयोजकत्वमा अध्ययन गराएको थियो । नाबार्डको स्थापना गर्दा भारतीय रिजर्व बैंकले गर्दै आएको कृषि कर्जा कार्य (Credit functions of RBI) र त्यतिखेरको कृषि पुनर्कर्जा तथा विकास निगम (Agricultural Refinance and Development Corporation, ARDC) को जिम्मेवारीमा रहेको पुनर्कर्जा कार्यलाई हस्तान्तरण गरिएको थियो । सन् २०२० मा यसको चुक्ता पुँजी भारू १४१ अर्ब रहेको छ भने कर्जा तथा सापट भारू ९६४८ अर्ब पुगेको छ ।

यसको मुख्य उद्देश्य ग्रामीण क्षेत्रको उत्थान तथा विकासका लागि एउटा विकास बैंकको रूपमा कार्य गर्ने रहेको छ । यसले मुख्यतः दीगो एवम् समतामुलक कृषि तथा ग्रामीण विकासलाई प्राथमिकता दिएर काम गर्दछ । यसका लागि नाबार्डले वित्तीय तथा गैरवित्तीय औजारहरू, प्रविधिहरू तथा संस्थागत विकासका कामहरू गर्दछ । यसले आफ्नो स्रोत संकलनका लागि विभिन्न ऋणपत्रहरू जारी गर्नेदेखि लिएर निक्षेप संकलन गर्ने एवम् संस्थागत निक्षेपहरू उपयोग गर्दछ । ती कोषहरूलाई नाबार्डले विशेषत ग्रामीण तहको उत्पादन तथा लगानीका लागि कर्जा प्रवाह गर्नेदेखि लिएर पूर्वाधार निर्माणमा ऋण लगानी गर्ने त्यस्तै सामाजिक क्षेत्रका विषयहरू उदाहरणका लागि प्रधानमन्त्री आवास योजना, स्वच्छ भारत अभियानहरूमा समेत लगानी गर्दछ । नाबार्ड बैंकको सुपरीवेक्षणमा क्षेत्रीय ग्रामीण बैंकहरू, प्रदेश स्तरीय सहकारी बैंकहरू, प्राथमिक कृषि कर्जा समूहहरू लगायतका वित्तीय संस्थाहरू क्रियाशील रहेका छन् ।

२. बंगलादेशको पाल्लि कर्मा सहायक फाउण्डेसन (Palli Karma Sahayak Foundation, PKSF) –

सन् १९९० मा स्थापना भएको बंगलादेश सरकारको पूर्ण स्वामित्वमा रहेको कुल पुँजीकोष रू ७० अर्ब रहेको यस वित्तीय संस्थाले ग्रामीण विकासका लागि आवश्यक वित्तीय तथा गैर वित्तीय सेवाहरू प्रदान गर्दछ । यसले गैरसरकारी संस्थाहरूमार्फत ग्रामीण भेगका तृणमुल समुदाय तथा किसानहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाहका साथै रोजगारी सिर्जनाका माध्यमवाट गरिबी निवारणका लागि काम गर्दछ । साथै आवश्यक सीप विकासका तालिम तथा क्षमता विकासका कार्यहरू पनि गर्दछ । झण्डै २७८ साझेदार लघुवित्त संस्थाहरूसँगको सहकार्यमा ११९४७ शाखामार्फत करिब १ करोड ७५ लाख सदस्यहरूलाई प्रवाह गरेको कर्जा रू ७१७४ अर्ब पुगेको छ ।

३. चीनको कृषि बैंक (Agriculture Bank of China, AgBank) –

सन् १९५१ मा स्थापना भएको ३२ करोड व्यक्तिगत र करिब २७ लाख संस्थागत ग्राहक भएको रू ४९६१०० अर्ब सम्पत्ति भएको धनाढ्य कृषि बैंकले कृषिका अतिरिक्त हरित वित्त, युवा रोजगारी, उद्यमशीलता विकास, ग्रामीण पूर्वाधार र गरिबी निवारणमा काम गरिरहेको छ । चीनमा रहेका ठूला चार बैंकमध्ये कृषि बैंक एक हो ।

४. थाइल्याण्डको कृषि तथा कृषि सहकारी बैंक (Bank for Agriculture and Agricultural Cooperatives, BAAC) –

सन् १९६६ मा थाइलैण्ड सरकारको पूर्ण स्वामित्वमा स्थापना भएको यो बैंकले सहुलियत दरमा कृषकहरूलाई सहकारी तथा किसान संघमार्फत र सिधै पनि कर्जा उपलब्ध गराउँछ । सन् १९४७ मा स्थापना भएको सहकारी बैंकलाई यसमा रूपान्तरण गरिएको थियो । यस बैंकको १३२७ वटा शाखाहरू २००१ वटा एटिएम र १८३७२ कर्मचारीहरू कार्यरत रहेका छन् । सन् २०२० मा रू. ७५२४ अर्ब कुल सम्पत्ति रहेको यस संस्थाको कर्जा लगानी रू ५५८८ अर्ब पुगेको छ । चुक्ता पुँजी रू. ३२४८ अर्ब रहेको छ । यस बैंकको ग्रामीण विकासका लागि सुरक्षित र एकीकृत वित्तीय सेवा प्रदान गर्दै किसानको गुणस्तरीय जीवन कायम गर्ने मुख्य ध्येय रहेको छ । वित्तीय सेवाका अतिरिक्त यसले किसानहरूलाई आवश्यक पर्ने सिप तथा प्रविधिहरू पनि उपलब्ध गराउँदछ । सरोकारवाला निजी तथा सरकारी निकायहरूसँग समन्वयात्मक व्यवस्थापनको माध्यमबाट किसानको हित अभिवृद्धिमा यो बैंक लागिपरेको छ ।

५. नेदरल्याण्डको राबो बैंक (Rabo bank)-

नेदरल्याण्डमा सन् १८६४ सालमा किसानका लागि सहकारी बैंक खोल्ने क्रममा स्थापना गरिएको राबो बैंक विश्वविख्यात बैंकमा पर्दछ । सुरुमा गरीब किसान र तिनका परिवारलाई स-साना कर्जा प्रवाह गर्नका लागि ग्रामीण भेगको ससाना निक्षेपहरू संकलन गरी त्यसैबाट व्यावसायिक किसानहरूलाई कर्जा प्रवाह गर्न सुरू गरिएको थियो । नेदरल्याण्डमा प्रधान कार्यालय रहेको राबो बैंकको नेदरल्याण्डमा १९७ वटा शाखा रहेका छन् भने विश्वभरमा ३८ देशमा ४२८ वटा शाखा रहेका छन् । राबो बैंकका ७३ लाख ग्राहक नेदरल्याण्डका छन भने १० लाख अन्तर्राष्ट्रिय ग्राहकहरू छन् । राबो बैंकले अन्य सेवाका अतिरिक्त कृषि तथा खाद्य व्यवसायका लागि नेदरल्याण्ड र अन्य ४८ देशका ग्राहकहरूलाई वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

६. जर्मनीको रेण्टेन बैंक (Renten Bank, Germany)-

विकसित मुलुकले कृषि वित्तलाई कसरी प्राथमिकतामा राख्छन भन्ने कुराको राम्रो उदाहरणको रूपमा जर्मनीको रेण्टेन बैंकलाई लिन सकिन्छ । सन् १९४९ मा स्थापना भएको रेण्टेन बैंकले कृषि उद्यम र कृषि विकासका लागि थोक र केही खुद्रा कर्जा सेवा समेत उपलब्ध गराउने यस बैंकको चुक्ता पुँजी सन २०१९ मा रू. १७८ अर्ब रहेको छ भने बैंकको कुल कर्जा लगानी रू. ९३२६ अर्ब पुगेको छ ।

नेपालमा कृषि र ग्रामीण क्षेत्रको विकास, कृषि र ग्रामीण कर्जाको सहज उपलब्धताका लागि वि.सं. २०२४ सालमा कृषि विकास बैंकको स्थापना गरियो । वि.सं. २०३२ मा यस बैंकमार्फत साना, भूमिहीन र ग्रामीण क्षेत्रलाई लक्षित गरी साना किसान विकास कार्यक्रम सञ्चालन गरी सरकारी र अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोगमा क्रमशः कमी आउन लागेपछि वि.सं. २०५८ सालमा कृषि विकास बैंकको अगुवाइमा यस्ता ४५२ वटा साना किसान विकास आयोजना साना किसान विकास बैंक स्थापना गरी यसलाई हस्तान्तरण गरियो । BAFIA लागु भएपछि कृषि विकास बैंकलाई २०६२ मा कम्पनीमा रूपान्तरणपश्चात् ने.रा. बैंकबाट 'क' वर्गको इजाजत प्राप्त गरी वाणिज्य बैंकमा रूपान्तरण गरिएपछि कृषि विकास बैंक हाल पनि देशको अग्रणी वाणिज्य बैंकका रूपमा छ । नेपाल राष्ट्र बैंकले पछिल्ला दिनहरूमा कृषिको अगुवा (Lead) बैंकका रूपमा कार्य गर्न तोकेको भए पनि यो संस्थालाई कृषिको विशिष्टीकृत संस्थाको रूपमा विकास गर्न जरूरी देखिन्छ ।

## (ग) सुझाव खण्ड

हालका बैंक तथा वित्तीय संस्थाहरूलाई लगाइदिएको कृषि कर्जाको सीमा र सहकारी तथा लघुवित्तहरूले प्रवाह गरेका कृषि कर्जाले कृषि क्षेत्रको विकास र गरिबी निवारण हुन नसक्ने भएकोले विशिष्टीकृत कृषि बैंक आवश्यक छ ।

ऋणीलाई सोझै व्याज अनुदानका रूपमा वा लघुवित्तहरू मार्फत व्याजमा अनुदान नेपाल सरकारले नदिई व्याजदर एक अङ्कमा झार्न नसकिने अवस्था छ । विशिष्टीकृत बैंकलाई न्यूनतम लागतका रकमहरू जम्मा गर्ने व्यवस्था गर्नुपर्छ । विपन्न वर्ग लक्षित कर्जाको बिमा गर्नुपर्ने र भारतमा अभ्यास भइरहेको जस्तो सरकारले बिमाको प्रिमियम भुक्तानी गरिदिनुपर्ने आवश्यकता छ ।

व्याजदरको मात्र समस्या नभई कर्जाको पहुँच र तिनको उपयोगितामा समस्या रहेको पाइएको छ । ऋणीले कर्जाको प्रयोग केमा गरिरहेका छन् र त्यसबाट कति आर्थिक उन्नति गरिरहेका छन् भन्ने हेर्न सकिएको छैन । अहिलेकै अवस्थामा पनि नेपाल सरकारले झण्डै १७ अर्ब जति सहुलियतपूर्ण कर्जाअन्तर्गत व्याज अनुदान प्रदान गरिसकेको छ तर त्यसको पहुँच वास्तविक लक्षित वर्गमा पुगे नपुगेको र त्यसको उपादेयताको लेखाजोखा हुन सकेको छैन । कृषि उपजको भण्डारण तथा बिक्री वितरणमा समस्या छ । कृषि उत्पादन र बजारको पहुँचमा समस्या छ । अचाक्ली नाफाखोरी बिचौलियाको कब्जामा कृषि बजार छ तसर्थ किसानले उपजको सही मूल्य र सही बजार पाउन सकेका छैनन । यी विषयहरूलाई सम्पूर्णतामा हेर्नुपर्छ न कि व्याजदर वा पहुँचको विषयलाई मात्र भन्ने पनि छ ।

विशिष्टीकृत कृषि बैंक स्थापनाको विषय धेरै लामो समयदेखि उठिरहे पनि हालसम्म मूर्तरूप धारण गर्न सकेको छैन । सहकारी क्षेत्रबाटै झण्डै ८०० अर्ब र लघुवित्तहरूबाट झण्डै ४४९ अर्ब कर्जा प्रवाह भइसकेको अवस्था छ । गरिबी निवारणका लागि प्रवाह भइसकेका यी कर्जामा थप कर्जा थप्नु आवश्यक छ छैन भनेर पनि विश्लेषण जरूरी छ । यसरी ऋण बृदि्ब गर्दा हुन सक्ने जोखिमलाई पनि अनुमान गर्नुपर्छ । लघुवित्त वित्तीय संस्थाहरूलाई कुनै विशेष कर छुटको व्यवस्था गर्न नसकिएको र उनीहरूले वाणिज्य बैंकहरूकै सरह आयकर

तिर्नुपरेको कारणले पनि लागत बढेको छ ।

नेपालमा गरिबी निवारणका लागि विभिन्न गरीब लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेको सन्दर्भमा गरीब तथा विपन्न वर्गसम्म पुँजीको उपलब्धता पुऱ्याउन तथा कर्जाको पहुँच सहज तुल्याउन प्राथमिकतापूर्ण विपन्नवर्ग लक्षित कर्जा नीति लिइएको छ । सोको कार्यान्वयनका लागि वाणिज्य बैंकहरूले आफ्नो कुल कर्जा प्रवाहको न्यूनतम पाँच प्रतिशत यस क्षेत्रमा आफैं वा लघुवित्त वित्तीय संस्थाहरूमार्फत लगानी गर्नुपर्ने व्यवस्था गरिएको हुँदा हाल ६५ वटा लघुवित्तहरू यस क्षेत्रमा कार्यरत रहेका छन् । तीमध्ये विभिन्न ४ वटा लघुवित्तहरूले थोक कर्जा प्रवाह गर्दछन् भने बाँकीले वाणिज्य बैंकहरूबाट सिधै वा ती थोक लघुवित्तबाट कोष प्राप्त गरी समूहमार्फत बिनाधितो कर्जा लगानी गरिरहेका छन् । हालसम्म विपन्न वर्ग कर्जा करिब ३ सय ४० अर्बको हाराहारीमा प्रवाह भइसकेको विवरण छ ।

एकातर्फ ती लघुवित्तहरूले आफूले निक्षेप स्वीकार गर्न नपाउने र उनीहरूले प्राप्त गर्ने कोषको लागत नै बढी हुने कारणले र अर्कोतर्फ त्यो कर्जाको असुलीमा रहेको जोखिमका कारणले पनि कर्जाको व्याजदर अत्यधिक रहेको छ । पछिल्लो समय नेपाल राष्ट्र बैंकले हस्तक्षेप गरी यस्तो कर्जामा १५ प्रतिशतभन्दा बढी व्याजदर लिन नपाउने व्यवस्था गरेबाट व्याजदरको सीमा भने कायम भएको छ तर विपन्न वर्गका लागि प्रवाह गरिने यस्तो कर्जाको व्याजदर तुलनात्मक रूपमा बढी पर्न गएबाट लक्षित उद्देश्य प्राप्त हुन नसकेको गुनासो आमरूपमा आएको छ । लघुवित्तको पहुँच दुर्गम तथा अति विपन्नसम्म पुग्न नसकेको साथै सुगममा रहेर एउटै व्यक्ति वा संस्थालाई धेरै वटा लघुवित्तहरूले कर्जा प्रवाह गरेको पनि पाइएको छ ।

## उपसंहार

यसरी विश्वका लगभग सबै देशहरूले ग्रामीण गरिबी हटाउन र किसानको जीवन उत्थानका लागि पूर्णसरकारी स्वामित्वमा विशिष्टीकृत वित्तीय संस्थाहरू स्थापना र सञ्चालन गर्दै आएका छन् । नेपालमा पनि सरकारले विक्रम सम्वत् २०२४ सालमा कृषि विकास बैंक स्थापना गरेर कृषि क्षेत्रको विकास तथा ग्रामीण गरिबी निवारणका लागि पाइला चालेको थियो । तर विस्तारै यसलाई नाम मात्रको कृषि विकास बैंकमा राखी पूर्णत वाणिज्य बैंकमा रूपान्तरण गरिएपछि नेपालमा यस क्षेत्रमा काम गर्ने विशिष्टीकृत कृषि बैंक छैन । हुन त लघुवित्त संस्थाहरू, सहकारीहरू लगायतका वित्तीय संस्थाहरू नभएका होइनन । सरकारले कृषिलाई लक्षित गरेर कर्जा तथा सहुलियतका कार्यक्रमहरू पनि नल्याएको पनि होइन । तर एउटा पूर्ण जिम्मेवार र अडिग वित्तीय संस्था नभएका कारणले गर्दा हाम्रो पर्याप्त फोकस भने नपुगेकै हो ।

नेपालमा कृषि क्षेत्रमा लक्षित गरेर विशिष्टीकृत बैंकको रूपमा नेपाल कृषि विकास बैंक स्थापना भए पनि २०६२ सालमा गएर यसले आफ्नो कारोबारलाई वाणिज्य क्षेत्रमा परिवर्तन गरेसँगै नेपालमा कृषि र किसानका लागि मात्र भनेर कुनै पनि विशिष्टीकृत बैंक नभएकोले भारतको नावार्ड जस्तो विशिष्टिकृत बैंकको आवश्यकता रहेको छ । कृषि क्षेत्रमा रहेको गरिबी हटाउनका लागि हालको वित्तीय प्रणाली र कर्जा प्रवाहले मात्र सम्भव नहुने भएकोले नेपाल सरकारको लगानी बढाउनुपर्ने भएको छ । यसको लागि कृषि विकास बैंकलाई विशिष्टीकृत बनाएर लैजान सक्न देखिन्छ । ■■

*लेखक कृषि विकास बैंक लि. का सञ्चालक सदस्य तथा अर्थ मन्त्रालयका सहसचिव हुनुहुन्छ ।*

## सन्दर्भ सामग्रीहरु


- कृषिजन्य वस्तुको आयात निर्यातको अवस्था, अध्ययन प्रतिवेदन २०७७ - राष्ट्रिय योजना आयोग
- https://www.rabobank.com/en/images/annual-report-2018.pdf
- www.nabard.org
- https://www.baac.or.th/en/
- https://pksf.org.bd/
- https://www.rentenbank.de/en
- https://www.abchina.com/en/

# के आर्थिक मन्दी आउनै लागेको हो ?

■ देवेन्द्रप्रताप शाह

विश्व अर्थतन्त्र सं. २०23 मा मन्दीमा जाने सम्भावना बलियो हुँदै गएको बताउन थालिएको छ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, युरोपीयन केन्द्रीय बैंक जस्ता संस्थाहरू २०२३ मन्दीको वर्ष हुने पक्का भएको भविष्यवाणी गर्दैछन् । विश्वस्तरीय इन्भेष्टमेन्ट बैंकरहरू, फन्ड मेनेजरहरू र यी संस्थाका अर्थशास्त्रीहरू, अनुसन्धान समूहहरू सोचिएको भन्दा पनि चर्को स्थितिको सामना गर्नुपर्ने व्याख्या गर्छन् । निजी क्षेत्रका कतिपय अर्थशास्त्रीले त एक पाइला अघि बढेर विश्वले कहिल्यै यसअघि नदेखेको आर्थिक मन्दी भोग्नुपर्ने भन्दै विश्वलाई नै सचेत गराएका छन् । वास्तवमै यस वर्षको सुरूदेखि नै विकसित तथा विकासोन्मुख मुलुकहरूको आर्थिक वृद्धि दर घट्न थालेको छ । संसारकै सबैभन्दा ठूलो फन्ड मेनेजर 'ब्ल्याक रक' (जसको कुल सम्पत्ति जापानको कुल जिडिपिभन्दा बढी छ) का विज्ञहरूको विचारमा आर्थिक मन्दी आउनुअघिका संकेतहरू प्राप्त भइसकेका छन्, त्यसैले यो मन्दी अवश्यम्भावी छ ।

१९७० पछिका मन्दीहरूमा के देखिएको छ भने मन्दी आउनुअघि पहिलो त विकसित मुलुकको अर्थतन्त्रको वृद्धि कमजोर हुने गर्छ । दोस्रो, एउटा देशमा मात्र हैन, प्रायः सबै विकसित र कतिपय विकासोन्मुख मुलुकमा पनि मन्दीको असर पर्छ । विज्ञहरू भन्छन्, 'अहिले ठिक यस्तै भइराखेको छ' । विकसित मुलुकका बिजिनेस कम्पनीका कार्यकारी प्रमुखहरूको एक भेलामा ९१ प्रतिशतले मन्दी आउने पक्का भएको आफ्नो धारणा राखे । यो निकै महत्वपूर्ण हो । संसारकै दोस्रो ठूलो धनी व्यवसायी तथा विद्युतीय कारका ठूलो कम्पनी टेस्लाका प्रमुख इलन मस्क भन्छन्, 'मन्दी आउँछ र यो १८ महिनासम्म रहन्छ ।' उनी थप्छन्, 'आर्थिक मन्दी वास्तवमा सबैको लागि खराब कुरा होइन, कतिले यसलाई मौकाको रूपमा पनि लिनेछन् ।' वास्तवमा कुरा सही हो, स्मार्ट मान्छेहरू मन्दीमै पनि धन आर्जन गर्न सक्छन् । यसैगरी अनलाइन व्यापारका च्याम्पियन कम्पनी एमेजनका संस्थापक तथा पूर्वप्रमुख जेफ बेजोस भने मन्दीको अवधि कुनै पनि अर्थशास्त्रीले भन्न नसक्ने बताउँछन् । आखिर के हो त आर्थिक मन्दी ? साँच्चै यसको आगमनले विश्व अर्थतन्त्र, नेपालको अर्थतन्त्र र जनतालाई के असर पर्छ ? निश्चय नै यी प्रश्नहरूको जवाफ खोज्नु आजको समयमा सान्दर्भिक हुन्छ ।

अमेरिकीहरू कुनै वर्षको दुई त्रैमासिक अवधिसम्म निरन्तर कुल ग्रहस्थ उत्पादन वृद्धि दर घटेमा देश आर्थिक मन्दीमा धकेलिएको ठान्छन् । मन्दीको यो सजिलो परिभाषा भयो । तर मन्दीका विशेषताहरू धेरै छन् । निश्चय नै आर्थिक वृद्धिको दरमा कमी आउनु एक हो । यसका अरू विशेषताहरूमा लगानीमा ह्रास, सेवा र सामानको मागमा कमी, कर्जा प्रवाहमा न्यूनता, आम खर्च गराइमा कटौती आदि पर्छन् । यसैगरी मन्दीको समयमा बेरोजगारीको समस्या बल्झिन्छ, कम्पनीहरू कर्मचारी भर्ना बन्द गर्छन्, कतिले कर्मचारी निकाल्छन् । टेक कम्पनीहरूमा आएको 'शक' का कारण हालै फेसबुकले एकै निर्णयबाट ११ हजार, एमेजनले १८ हजार, गोल्डम्यान सक्सले ३ हजारभन्दा बढी कर्मचारी निकालेको समाचार आएको छ । नेपालमा यस्तो तथ्यांक राखिँदैन । अचम्मै छ, यहाँ बेरोजगारीको समस्याप्रति सरकार आफूलाई जिम्मेवार ठान्दैन । यति भनेर नेपालमा यस्तो समस्या हुँदै नभएको त हैन । मन्दीमा कुनै कम्पनी त टाट पल्टिन्छन्, यस्तो समाचार पनि सुन्न पाइने छ । फलस्वरूप जनताले आर्थिक संकटको स्थिति भोग्नुपर्ने हुन्छ, जनतामा निराशा देखिन थाल्छ । कतिपय सहरमा विगतका मन्दीहरूमा मान्छेहरूले आत्महत्या गरेको समेत उदाहरण छन् ।

बीबीसीका अनुसार चर्को ब्याज दर, चीनको शुन्य कोभिड नीति, युक्रेन युद्ध तथा इन्धन संकट नै अब आउने आर्थिक मन्दीका कारण हुन् । यसका अतिरिक्त विकसित मुलक र केही अरू मुलुकमा पनि दशकौंसम्म नदेखिएको

मुद्रास्फीति यसपाली देखिएको छ । करिब २% मा रहने विकसित मुलुकको मुद्रास्फीति अहिले ८ देखि ९% सम्म पुगेको छ । यही मुद्रास्फीतिलाई नियन्त्रणमा राख्नका लागि संसारका केन्द्रीय बैंकहरू ब्याजदर बढाएको बढायै छन्, यसअघि कोभिडको कारणले बैंक तथा उसका क्लाइन्टहरूलाई दिइएका मौद्रिक तथा वित्तीय सुविधाहरू कटौती गरिएका छन् । सरकार तथा केन्द्रीय बैंकले अपनाएको पछिल्ला यी नीतिहरूको नतिजा भने उनीहरूले सोचेको भन्दा विकराल होलाजस्तो छ । यसैले नै आर्थिक मन्दी निम्त्याएको कतिपय विज्ञहरूको बुझाइ पनि छ । विश्व बैंक आफैंले मन्दीको चर्को रूप अझै देख्न बाँकी रहेको बताएको छ । तर उसले यो पनि भनेको छ कि अफ्रिकी महादेशमा भने यो मन्दी पुग्ने छैन ।

सं. १९६० देखि विश्वमा साना ठूला गरी १२२ वटा आर्थिक मन्दीका घटनाहरू भएका छन् । तर आजकल यस्ता आर्थिक मन्दीहरू छोटो समयका लागि हुने गरेका छन् । विकसित मुलुकले भोगेको सबैभन्दा पछिल्लो आर्थिक मन्दी १४ वर्ष अघि २००७–८ को हो जुन केन्द्रीय बैंकको हस्तक्षेपले चाँडै नै लयमा फर्किएको थियो । कतिले यस्ता आर्थिक मन्दीलाई व्यापारिक साइकलको अपरिहार्यताको रूपमा समेत बुझ्छन् । तर यो कति वर्षको साइकल हो, कसैले भन्न सक्दैन । धेरैले भन्छन्, दश वर्षको हो । यो पनि शत प्रतिशत सत्य साबित भएको छैन । यसैगरी अमेरिकामा विगतका मन्दी १७ महिनासम्म रहेको इतिहास छ, तर १९८० पछिका मन्दीहरू १० महिनाभन्दा बढी टिकेका छैनन् । तर केही अर्थशास्त्रीहरू यसपाली अलि भिन्दै हुने बताउँछन् ।

आर्थिक मन्दी के कारणले हुन्छ, यसमा विभिन्न सिद्धान्तहरू प्रतिपादित छन् । यी सिद्धान्तहरू आर्थिक, वित्तीय र मनोवैज्ञानिक वा यी तिनको संयोजित छन् । कुनै कुनै अर्थशास्त्रीहरू आर्थिक मन्दीका थप कारण पनि दिन्छन्- जस्तो कि कुनै देशमा औद्योगिक सिफ्ट हुन सक्छ । अर्थात उद्योगको कुनै मुख्य क्षेत्रबाट अर्कोमा सर्ने वा तेलको मूल्यमा एक्कासि ठूलो वृद्धि आदिले अर्थतन्त्रको लागत बढाइदिन्छ । कहिलेकाहीं सम्पत्तिको मूल्यमा विद्यमान बबलले पनि मन्दी ल्याउन सक्छ । सं. २००८ मा अमेरिकामा हाउसिङ बबलले नै आर्थिक मन्दी सुरू गरेको थियो ।

यसका अतिरिक्त कुनै देशमा वित्तीय कारणले पनि आर्थिक मन्दी आउन सक्छ, खास गरेर कर्जाको अत्यधिक वृद्धि । कर्जाको अत्यधिक वृद्धिले अर्थतन्त्रको जोखिम बढाइदिन्छ, खास गरेर मुद्रास्फीतिमा यसको चाप बढ्न सक्छ । नेपालमा अहिले यही भएको हो । यसरी सिर्जित मुद्रास्फीतिलाई नियन्त्रणमा लिनका लागि कर्जाको मात्रा घटाउनुपर्ने हुन्छ, ब्याजदर यसैको लागि बढाइन्छ । देशको केन्द्रीय बैंकले ब्याजदर बढाएर बैंकहरूको कर्जा विस्तार क्षमतालाई घटाइदिन्छ । 'थोरै कर्जा देउ' मात्र भनेर त बैंकहरू मान्ने हैनन्, किनकि उनीहरू नाफाको सिद्धान्तबाट निर्देशित रहन्छन् । त्यसैले ब्याजदर बढाएर र अन्य तरिका अपनाएर उनीहरूको कर्जा प्रवाह क्षमता नै घटाउनु पर्ने हुन्छ । ठिक यस्तै काम अहिले संसारभर भइरहेको छ । अब लाग्छ, व्यवसायीहरूको लागि सस्तो दरमा कर्जा पाउने अवधि समाप्त भएर नयाँ युगको सुरू भएको छ । नयाँ युगको नयाँ समस्यासँग नयाँ तरिकाले नै जुध्ने क्षमता राख्नु पर्छ । देशको सोच्ने अहिलेको बेलामा आफ्नो मात्र सोच्ने कुरा हुँदैन ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार मन्दीको समयमा कुनै पनि देशको आर्थिक वृद्धि कममा २% ले घट्छ, तर बलियो मन्दीमा ५% सम्म घट्न सक्छ । हाल यी दुवै अवस्था सम्भव देखिएका छन् । आर्थिक वृद्धिको सबैभन्दा चर्को स्वरूप, हो आर्थिक 'डिप्रेसन' । डिप्रेसनलाई नेपालीमा के भन्ने ? लामो, गहिरो र फराकिलो मन्दी भने हुन्छ । कममा पनि ३ वर्षसम्म मन्दी रहेमा डिप्रेसन आएको बुझ्नु पर्ने विज्ञहरू बताउँछन् । १९३० को डिप्रेसनमा उत्पादन ३३% ले, शेयर ८० % ले घटेको थियो भने बेरोजगारी दर २५% सम्म पुगेको थियो । १९३७–३८ मा आर्थिक वृद्धि दर १०% ले घटेको थियो । यसपछि नै यस्ता डिप्रेसन वा मन्दीलाई रोक्न संसारका केन्द्रीय बैंकहरूले उपयुक्त मौद्रिक नीति र सरकारले उपयुक्त वित्तीय नीति लिन सुरू गरेका हुन् ।

विश्वको एक तिहाइ भागमा २०२३ मा मन्दी आउने बताउने युरोपीयन केन्द्रीय बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सबभन्दा बढी चपेटमा पर्ने क्षेत्र युरोप हुनेछ । विश्वकै तेस्रो ठूलो अर्थतन्त्र जापान त अघिदेखि नै मन्दीमा थियो । दोस्रो ठूलो अर्थतन्त्र चीन पनि यस चपेटामा परेको देखिन्छ किनकि उसको पनि गत वर्ष आर्थिक वृद्धिदर अत्यन्त घटेको छ । कोभिडपछिका ३ वर्ष चीनले अपनाएको 'शुन्य कोभिड नीति' का कारण उसको अर्थतन्त्र फुलफ्लेज्ड रूपमा नभई एउटा सीमामा चलिरहेको छ । कुनै बेला डबल डिजिटमा भइरहेको उसको आर्थिक वृद्धि दर घटेर अहिले ३.२% मा झरेको छ । यति मात्र हैन, सं. २०३० मा अमेरिकालाई समेत उछिनेर चीन विश्वको पहिलो अर्थतन्त्र हुने आँकलन थियो, यही मन्दीले गर्दा उसको यो अभिलाषा ६ वर्षपछि अर्थात २०३६ मा मात्र साकार हुने बताइन्छ ।

विश्वको समग्र अर्थतन्त्र सं. २०२१, २०२२ र २०२३

मा क्रमशः ६.३, ३.२ र १.७ मा रहने अनुमान गरिएको छ, र २०२३ यो वृद्धि गत तीन दशकमै थोरै हो । २०२४ को अनुमानित आर्थिक वृद्धि दर २.७% छ र यो पनि खासै धेरै हैन । यसमा पनि ठूला र विकसित अर्थतन्त्रहरू त २०२३ नेगेटिभमै जाने पक्का जस्तो देखिन्छ ।

किन आउन लागेको हो त यो मन्दी, यतातिर पनि ध्यान दिन जरूरी होला । हुन पनि विश्वमा क्रिप्टोकरेन्सी ६०% ले तल झरेको छ । यसैगरी न्यूयोर्क स्टक एक्सचेञ्जमा स्टकहरू ओरालो यात्रामा छन् । रियल इस्टेट अर्थात घरको मूल्य घट्न थालेको छ । यो तस्बिर अमेरिकाको मात्र पनि हैन, प्रायः सबै विकसित मुलुकहरूको हो । नेपालकै पनि स्थिति राम्रो छैन, भारत डग्मगाइरहेको छ । पाकिस्तान स्थिति निकै खराब छ । कारण जेसुकै भए पनि श्रीलंकाको अवस्था नाजुक छ । बंगलादेश पनि अन्तर्राष्ट्रिय मुद्रा कोषको शरणमा पुगिसकेको छ ।

कोभिड २०१९ का कारणले थलिएको अर्थतन्त्रलाई विश्वका अधिकांश देशहरूले वित्त तथा मौद्रिक नीतिका माध्यमबाट बढीभन्दा बढी सुविधा दिएर बचाएका थिए । ठूलो डर र त्रासमा रहेको विश्व अर्थतन्त्रलाई उनीहरूले त्राण दिएकै हुन् । त्यसैले कोभिडको पछिल्लो वर्षमा केही मुलुकमा बाहेक विश्व अर्थतन्त्रमा खासै खराबी देखिएन । सुविधा धेरै थपिएको र ब्याजदर घटेकोले कर्जा निकै सस्तो भयो । बिजिनेस कम्युनिटीले सस्तो कर्जा निकै उठाए, अनि उपयोग र दुरूपयोग दुवै गरे । अहिले यही नै आगामी आर्थिक मन्दीको कारण बन्ने पक्का जस्तै भएको छ ।

कोभिडको लगत्तै मान्छेहरू घर बाहिर आए । यसबाट निश्चय नै आर्थिक गतिविधि चलायमान भयो । राज्य र केन्द्रीय बैंकले दिएको सुविधा लिएर उनीहरूले धेरै खर्च गर्न थाले । नेपालको कुरा गर्ने हो भने अत्यधिक सस्तो कर्जा लिएर धेरै सामान आयात गरे । अत्यधिक आयातका कारणले देशको अर्थतन्त्रलाई ठूलो असर पर्‍यो । गरीब तथा विकासोन्मुख मुलुकको वैदशिक मुद्रा सञ्चितिमा ह्रास आयो । यस्तोमा सरकार आत्तिनु स्वाभाविक थियो किनकि श्रीलंकाको घटना ताजै छ । व्यवसायीको गोदाममा सामान थन्क्यो, बिक्री नभएकोले बैंकहरूमा पनि तरलताको संकट आयो । सरकारको विकास खर्च नहुनु र राजस्व संकलन अपेक्षाकृत कम हुनुले समस्या झन थप्यो ।

तर केही महिनामै विकसित मुलुकहरूमा स्थिति बेग्लै भयो । कोभिडको कारणले धेरै कम्पनीहरूले उत्पादन गर्न छाडे, उत्पादकीय लिङ्क टुट्यो । जागिरबाट अवकाश लिएर कामदारहरू घरमै रमाउन थाले, उनीहरू फेरि बाहिर गएर काम गर्न अनिच्छुक देखिए । कतिपय कम्पनीले दक्ष कामदार नै पाएनन्, उनीहरूको बन्द व्यापार घट्यो । अधिकांश विकसित मुलुकको सबैभन्दा ठूलो व्यापारिक पार्टनर चीनको शुन्य कोभिड नीतिले विश्व व्यापारलाई सघाएन । विश्व सप्लाई चेन अर्थात आपूर्ति व्यवस्था बिग्रेको खबरहरू आउन थाले । कुनै पनि सामान समयमै पर्याप्त उपलब्ध हुने अवस्था भएन- खाद्यान्नदेखि लत्ताकपडा र कम्प्युटर चिप्सदेखि गाडी र ब्याट्रीसम्म । सप्लाई साइड अर्थात आपूर्ति व्यवस्था बिग्रेको र यसलाई पुनः यथास्थानमा ल्याउन निकै समय लाग्ने देखियो ।

उता युक्रेन युद्धका कारण युरोप र अन्य देशहरूमा पनि इन्धन आपूर्तिमा समस्या हुन थाल्यो । खास गरेर रसियन तेल र ग्यौँसलाई नाकाबन्दी गरिएकोले युरोपमा इन्धनको संकट उत्पन्न भयो । रसियाले युक्रेनमा आक्रमण गरेको २०२२ फेब्रुअरीसम्म युरोपको लागि आवश्यक पर्ने इन्धनको ३९.२ प्रतिशत रसियाले आपूर्ति गर्दै आएको थियो । यसबाहेक आपूर्ति व्यवस्था बिग्रेकोले मालसामानको भाउ अत्यधिक बढ्न थाल्यो । यहाँसम्म कि विकसित मुलुकको मुद्रास्फीति दर कैयौं दशकको 'अल टाइम हाइ' मा पुग्यो । खास गरेर इन्धन र खाद्यान्नको मूल्य बढेकोले संसारका गरीबहरू मारमा पर्ने देखियो ।

आपूर्ति व्यवस्थालाई यथास्थानमा ल्याउन तत्काल नसकिने भएपछि मुद्रास्फीति नियन्त्रण गर्ने औजार भनेको ब्याज दर हो । यो कुनै पनि देशको केन्द्रीय बैंकमा निहीत हुन्छ । ब्याजदरमा घटबढ गरेर केन्द्रीय बैंकले मुद्रास्फीतिलाई काबुभित्र राख्न खोज्छ । यसैको लागि अमेरिकाको केन्द्रीय बैंक फेड रेजर्भ र अन्य देशका केन्द्रीय बैंकहरू विस्तारै विस्तारै ब्याजदर बढाउनमा व्यस्त छन् । तर यसको नतिजा सोचेभन्दा बढी भयो, मुद्रास्फीति नियन्त्रणमा आइसकेको छैन । तर आर्थिक मन्दीको सम्भावना भने बढेर गयो ।

मुद्रास्फीति नघटाई केन्द्रीय बैंकहरू चुप लागेर बस्दा स्थिति भयावह हुने देखियो । यति मात्र हैन, केन्द्रीय बैंकहरूले ब्याज दर मात्र बढाएनन्, बैंकहरूको कर्जा विस्तार गर्ने क्षमता नै घटाइदिए । नेपालमै पनि राष्ट्र बैंक संकुचनकारी मौद्रिक नीतिको शरण लिन पुग्यो । उसको अध्ययनमा व्यापारी तथा व्यवसायीहरूले माग गरे जस्तो नेपालमा अहिले विस्तारकारी मौद्रिक नीति अपनाउनु अनावश्यक मात्र हैन, अग्राह्य समेत देखियो । राष्ट्र बैंक त आफ्नो सोंच, देशको अर्थतन्त्रको गहिरो अध्ययन, अनुसन्धान, सूचकांकहरूको विश्लेषण तथा अन्तर्राष्ट्रिय संस्थाको सुझाव अनुसार चल्छ । व्यापारिक समुदायको आन्दोलनले उसको काम गराइलाई असर पार्न हुँदैन ।

अध्ययनका साथ राष्ट्र बैंकले चालु वर्षको मौद्रिक नीतिमा नगद रिजर्भ रेसियो कुल निक्षेपको ३% बाट बढाएर ४% पुऱ्याइयो । केन्द्रीय बैंकले बैंक तथा व्यवसायीहरूलाई दिएको अन्य सुविधाहरू पनि घटायो ।

कोही मान्छे खास गरेर व्यापारिक समुदाय नेपालमा अहिले आर्थिक मन्दी आइसकेको बताउँछन् । स्टक मार्केट निकै तल हिँडिरहेको छ । नयाँ अर्थमन्त्रीको आगमनले शेयर बजार दङ्ग त परेको छ, तर यो खुसी स्थायी हुने देखिन्न । घरजग्गा व्यापारीहरू आत्तिएको अवस्था छ । निजी क्षेत्रले गरेको एक अध्ययनअनुसार देशको सूचना प्रविधि र पर्यटन क्षेत्रबाहेक अन्य सबैमा ३०% देखि ७० प्रतिशतसम्म संकुचन आएको छ । निर्माण सामग्री इँटामा ७०%, डण्डीमा ६०% र सिमेन्टमा ५०% संकुचन आएको उनीहरू बताउँछन् । यसमा सरकारी भनाइ आएको छैन । त्यसैले व्याजदर घटाउने, बैंकिङ्ग सिष्टममा तरलता बढाउने नीति राष्ट्र बैंकले अंगीकार गर्नुपर्ने सुझाव उनीहरूको छ । तर राष्ट्र बैंक तुरुन्तै यस सुझावलाई अंगीकार गर्ने पक्षमा देखिएको छैन । उसको प्राथमिकता अहिले मुद्रास्फीति घटाउनेमा छ, आयात नियन्त्रण गरेर वैदेशिक मुद्राको सञ्चिति बढाउनेमा छ । चालु खाता घाटा घटाउनेमा उसको जोड छ, तर यो चाहिँ सरकारले लिने आर्थिक नीतिमा भरपर्ने हो । सल्लाहकारको हैसियतले सरकारलाई सुझाव दिन सक्ने हैसियत भने राष्ट्र बैंकले राख्छ ।

के त अब विश्वमा आउन लागेको आर्थिक मन्दी नेपालमा आइसकेको हो ? के त्यसो भए नेपालको केन्द्रीय बैंक अब ब्याजदर घटाउनमा लाग्नुपर्ने हो ? के अब बैंकहरूको तरलता बढाएर कर्जा प्रवाह बढाउनमा राष्ट्र बैंकले भूमिका खेल्नुपर्ने समय आएको हो ? हालको देशको परिस्थितिलाई दृष्टि दिँदा यस्तो लाग्छ– यी प्रश्नहरूको जवाफ अबका केही महिनामा सम्भवतः यही आर्थिक वर्षभित्र सरकार र राष्ट्र बैंकबाट नआई सुखै छैन । ■■

*लेखक कृषि विकास बैंकका*
*पूर्व अध्यक्ष तथा महाप्रबन्धक हुनुहुन्छ ।*

# विश्व अर्थतन्त्रको नेपालमा प्रभाव



डा. प्रकाशकुमार श्रेष्ठ

## १. विषय प्रवेश

केही अपवादलाई छोड्ने हो भने विश्वव्यापी भू-मण्डलीकरणबाट संसारका कुनै पनि मुलुक अछुता छैनन् । संसारका प्रायः सबै देशहरू कुनै न कुनै माध्यमबाट विश्व-अर्थतन्त्रसँग जोडिएका छन् । नेपालले पनि खुला अर्थनीति अवलम्वन गरेको छ र विश्वसँग जोडिएको छ । जसले गर्दा विश्व-अर्थतन्त्रमा आउने साना-ठूला सबै उतारचढाव तथा परिवर्तनहरूले कहिले सकारात्मक रूपमा त कहिले नकारात्मक रूपमा नेपालको अर्थतन्त्रलाई पनि असर गरिरहेकै हुन्छन् । अन्तर्राष्ट्रियरूपमा आर्थिक सम्बन्धहरू बढ्दै गएकाले विश्व-अर्थतन्त्रमा आउने परिवर्तनहरूले नेपालको अर्थतन्त्रमा विभिन्न ढङ्गले प्रभावित हुने गरेको छ । यसै सन्दर्भमा यसलेखले विश्व-अर्थतन्त्रको पछिल्लो अवस्था र यसले नेपालमा पारेको प्रभाव विश्लेषण गर्ने कोसिस गरेको छ ।

## २. विश्व-अर्थतन्त्रको स्थिति

समयक्रममा विश्व-अर्थतन्त्रमा विभिन्न परिवर्तनहरू देखा पर्दछन् । परिवर्तन निरन्तर चलिरहने प्रक्रिया पनि हो । पछिल्लो पटक कोभिड-१९ महामारीले विश्व आक्रान्त बन्यो । यसको रोकथाम तथा नियन्त्रणका लागि विश्वका सबै देशहरूले विभिन्न प्रतिबन्धात्मक गतिविधिहरू, जस्तै- बन्दाबन्दी तथा निषेधाज्ञा लगाए । कोभिड-१९ विरूद्धको खोपको विकाससँगै कोभिड-१९ महामारीको असर कम हुँदै गर्दा विश्व-अर्थतन्त्र पुनरूत्थानतर्फ गइरहेको थियो । यसक्रममा पेट्रोलियम पदार्थको मूल्यमा निकै उच्च वृद्धि भयो । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि लगाइएको प्रतिबन्धात्मक गतिविधिका कारण विश्व-अर्थतन्त्रको आपूर्ति प्रणाली निकै समयसम्म प्रभावित बन्न पुग्यो । प्रतिबन्धहरू हट्दै गएपछि विश्व-अर्थतन्त्र चलायमान भयो । जसले गर्दा वस्तुको माग ह्वात्तै बढ्यो । बढ्दो मागअनुसार वस्तुको आपूर्ति भने बढ्न सकेन । वस्तु तथा सेवा उत्पादकहरूलाई उत्पादन बढाउनुपर्ने दबाब पर्‍यो । उत्पादन बढाउन खोज्दा उत्पादनका साधनहरूको सीमितताले कच्चा पदार्थको मूल्य बढ्यो । खासगरी पेट्रोलियम पदार्थ, ऊर्जा, इन्डीजस्ता वस्तुहरूको आपूर्तिमा भएको अवरोधले समग्रमा आपूर्ति-प्रणालीमा असर पर्न गयो । जसले गर्दा उच्च मूल्यवृद्धिको अवस्था विश्व-अर्थतन्त्रमा देखापर्‍यो । यसैबीच २०२२ फेब्रुअरीमा रसिया र युक्रेनबीच युद्ध भयो । खासगरी यी दुई देशबीचको युद्धले ऊर्जा र खाद्यान्न सङ्कटको अवस्था सिर्जना गर्‍यो । कोभिड-१९ महामारीदेखि नै सुरू भएको मूल्यवृद्धिलाई यस युद्धले थप बढायो । मूल्यवृद्धि नियन्त्रण गर्न विश्वका धेरै देशहरूले कसिलो मौद्रिक नीति ल्याए । नीतिगत ब्याजदरहरू बढाउँदै लगे । नीतिगत दर बढ्दै गएपछि कर्जाका ब्याजदरहरू बढ्दै गएका छन् । ब्याजदर बढ्दै जाँदा उत्पादनको लागत थप बढ्यो ।

यसैबीच अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक, एसियाली विकास बैंकलगायतका संस्थाहरूले विश्व-अर्थतन्त्रमा मन्दी आउने चेतावनी दिइरहेका छन् । विकसित मुलुकहरूले मूल्यवृद्धि नियन्त्रण गर्न ब्याजदर बढाइरहेकाले यसले आर्थिक मन्दी आउने उनीहरूले बताइरहेका छन् । मूल्यवृद्धिलाई नियन्त्रण गर्न ब्याजदरमा गरिएको वृद्धिले विश्वव्यापीरूपमा आर्थिक वृद्धिदर घट्ने बताइएको छ । सन २०२१ को तुलनामा सन् २०२२ मा झन्नै आधाभन्दा बढीले आर्थिक वृद्धिदर घट्ने उनीहरूको प्रक्षेपण रहेको छ, जुन २०२३ सम्म कायम रहने आँकलन रहेको छ । जसले गर्दा एकातिर आर्थिक वृद्धिदर घट्ने, अर्कोतिर मुद्रास्फीति बढ्ने र बेरोजगारीको समस्या देखिने भएकाले स्ट्यागफेलसनको स्थिति आउने विश्वभरका अर्थशास्त्री तथा अन्तर्राष्ट्रिय संस्थाहरूले बताइरहेका छन् । सन् १९७० को दशकमा विश्वले यस्तै प्रकारको स्ट्यागफेलसनको अवस्था भोगेको थियो । त्यसबेला पनि भियतनाम युद्ध र

पेट्रोलियम पदार्थको मूल्य बढेको थियो ।

अहिलेको उच्च मूल्यवृद्धि देखिनुको कारण कोभिड-१९ कालमा विश्वका विकसित देशहरूले आर्थिक पुनरूत्थान गर्न र जनतालाई सहयोग गर्न अत्यधिक राहत वितरण गर्दा मुद्राप्रदाय (मनी सप्लाई) बढ्यो । मुद्राप्रदाय बढेसँगै मानिसहरूको क्रयशक्ति पनि बढ्यो । क्रयशक्ति बढ्दा विस्तारै माग बढ्न गयो । माग त बढ्यो तर त्यसनुसार आपूर्ति बढ्न सकेन । किनभने कोभिड-१९ कारण विकसित देशमा धेरै मानिसहरूको मृत्यु भयो । कोभिड-१९ कै कारण धेरै श्रमिकहरूले काम छोडेको र केही काममा अझै फर्किएका छैनन् । यसले आपूर्ति कम हुने र माग बढ्ने परिस्थिति सृजना भएकाले मुद्रास्फीति बढ्न गयो । मुद्रास्फीति नियन्त्रण गर्न खासगरी अमेरिकीको केन्द्रीय बैंक फेडरल रिजर्भ स्टिम (फेड) ले लामो समयपछि मौद्रिक नीतिमार्फत नीतिगत दर (फडरल फन्ड रेट) निरन्तररूपमा बढाउँदै गइरहेको छ । जसले गर्दा अन्य देशका मुद्रा अवमूल्यन भइरहेका छन् । नेपाललाई प्रत्यक्ष प्रभाव पार्ने भारतीय मुद्रा पनि अवमूल्यन भइरहेको छ । भारतीय मुद्रासँग नेपालको स्थिर विनिमयदर कायम रहेकाले नेपाली मुद्रा पनि अमेरिकी डलरसँग अवमूल्यन भएको छ । मुद्रा-अवमूल्यनको असर अन्य उदीयमान देशहरूमा पनि समानान्तर रूपमा परिरहेको छ । सामान्यता अमेरिकाले ब्याजदर बढाएपछि विश्वभरको पुँजी अमेरिकातर्फ पलायन हुने गर्दछ । जसले अन्य देशहरूमा पुँजी कम हुने र पुँजी कम हुँदा ती देशहरूको मुद्रा अवमूल्यन हुने प्रवृत्ति रहन्छ ।

### ३. विश्व-अर्थतन्त्रको असर प्रसारित हुने माध्यमहरू

विश्व-अर्थतन्त्रमा आएको परिवर्तन प्रसारित हुने विभिन्न माध्यमहरू छन् । पहिलो माध्यम भनेको वस्तु तथा सेवा व्यापार हो । वस्तु तथा सेवाको व्यापार अर्थात् आयात-निर्यातमार्फत विश्व-अर्थतन्त्रको असर भित्रिने गर्दछ । दोस्रो मूल्यमा आउने परिवर्तनका कारण विश्व-अर्थतन्त्रको असर भित्रिने गर्दछ । आयातमार्फत बाह्य मूल्य नेपाल प्रवेश गर्दछ । जस्तै नेपालजस्तो साना अर्थतन्त्र भएका मुलुकहरूले पेट्रोलियम पदार्थको मूल्यको उतारचढावमा कुनै पनि भूमिका खेल्न सक्दैनन् । विश्वमा जुन ढङ्गबाट पेट्रोलियम पदार्थको मूल्य निर्धारण हुन्छ त्यसलाई नेपालजस्तो मुलुकहरूले स्वीकार गर्नुको विकल्प हुँदैन । त्यस्तै अन्य विभिन्न वस्तुहरू फलाम, सुन, चाँदी, तामा र खाद्यान्नसम्मका वस्तुहरूको मूल्य विश्वबजारबाट निर्धारण हुन्छ । यस्ता वस्तुको मूल्यमा पनि नेपालले हस्तक्षेप गर्न सक्दैन । यसरी मूल्यबाट पनि विश्व-अर्थतन्त्रको असर नेपाल लगायतका मुलुकहरूमा प्रसारित हुन्छ ।

तेस्रो माध्यम भनेको रेमिट्यान्स हो । विदेशी मुद्राको सञ्चिति बढाउने मुख्य स्रोत भएकाले नेपालमा रेमिट्यान्सको महत्त्व बढी छ । विश्व-अर्थतन्त्रमा आउने उतारचढावले रेमिट्यान्स आप्रवाहमा पनि असर गर्छ । विश्व-अर्थतन्त्र राम्रो भएको र श्रमिकको माग बढेको अवस्थामा रेमिट्यान्स बढ्छ । श्रमिकको माग बढ्ने र तलब तथा ज्याला बढ्ने अवस्था भएमा रेमिट्यान्स बढ्ने सम्भावना रहन्छ । यसको विपरीत अवस्था रहेमा रेमिट्यान्स घट्न सक्छ । नेपाली कामदार जाने देशहरूमा आर्थिक मन्दी आएमा नेपाली श्रमिकको माग कम हुन सक्छ ।

विनिमयदर विश्व-अर्थतन्त्रको असर प्रसारण गर्ने चौथो माध्यम हो । विनिमयदरमा उतारचढाव आउँदा विनिमयदरमार्फत विश्व-अर्थतन्त्रको असर स्थानीय अर्थतन्त्रमा पर्छ । विनिमयदर निर्धारण नेपालजस्तो मुलुकको नियन्त्रणमा रहँदैन । हामीले भारतीय मुद्रासँग स्थिर विनिमयदर प्रणाली अवलम्बन गरेका छौं । भारतीय मुद्रासँगको अरू परिवर्त्य मुद्राहरूसँगको विनिमयदरमा जुन ढङ्गले परिवर्तन हुन्छ नेपाली रूपैयाँ पनि त्यही ढङ्गले मुद्राहरूसँग परिवर्तित हुन्छ । हाम्रो अर्थतन्त्रको अवस्थाको आधारमा भन्दा पनि भारतीय मुद्राको आधारमा नेपाली मुद्राको अवमूल्यन तथा अधिमूल्यन हुने गर्दछ । नेपाली मुद्रा अवमूल्यन हुँदा नेपालमा आयात महँगो हुन्छ भने निर्यात सस्तो हुन्छ । मुद्राको अधिमूल्यन हुँदा वस्तु आयात सस्तो हुन्छ भने निर्यात महँगो हुन्छ । नेपालको निर्यातको क्षमता कमजोर छ । जसले गर्दा नेपाली मुद्रा विदेशी मुद्रासँग अवमूल्यन हुँदा बाह्यबजारमा नेपाली वस्तुको माग तथा बजार बढ्ने सम्भावना कम छ । यद्यपि नेपाली मुद्रा अवमूल्यन हुँदा विदेशी पर्यटकहरूलाई नेपाल आउन सस्तो पर्छ । डलर सटही गर्दा नेपाली मुद्रा धेरै आउने र खर्च गर्न सस्तो पर्न जान्छ । अर्कोतर्फ विदेशी विनिमयले अवमूल्यनले वैदेशिक ऋण, प्रत्यक्ष विदेशी लगानी र रेमिट्यान्स आप्रवाहमा समेत असर गर्छ । नेपाली मुद्रा अवमूल्यन हुँदै गर्दा रेमिट्यान्स भने बढी प्राप्त हुन सक्छ ।

पाचौं वित्तीय प्रवाह हो । वैदेशिक अनुदान, प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक ऋण पनि विश्व-अर्थतन्त्रबाटै प्राप्त हुने हुँदा यसले पनि नेपालजस्तो अर्थतन्त्रमा महत्त्व राख्ने गर्दछ । जस्तै- प्रत्यक्ष वैदेशिक लगानी बढी आउँदा लगानी र विदेशी मुद्राको सञ्चिति बढ्ने

गर्दछ । विश्व-अर्थतन्त्र तथा नेपालका विकास साझेदार मुलुकको अर्थतन्त्र राम्रो भयो र उनीहरूको आम्दानी बढ्दा नेपालजस्ता मुलुकमा आउने वैदेशिक सहायता तथा अनुदानमा वृद्धि हुन्छ । तर विकास साझेदार मुलुकहरूको अर्थतन्त्रमा समस्या भयो वा अर्थतन्त्र कमजोर भयो भने वैदेशिक ऋण तथा अनुदानमा कमी आउँछ ।

विश्व-अर्थतन्त्रको असर बहुपक्षीय साझेदारहरू जस्तै- विश्व बैंक, एसियाली विकास बैंकले उपलब्ध गराउने ऋण तथा अनुदानमा पनि पर्दछ । किनकि उनीहरूले पनि विश्व-अर्थतन्त्रबाटै स्रोत तथा साधन सङ्कलन गरेर लगानीको अवसर भएका मुलुकहरूमा लगानी गरिरहेका हुन्छन् । विश्व-अर्थतन्त्र राम्रो हुनसकेन भने उनीहरूलाई स्रोत तथा साधन सङ्कलन गर्न कठिन हुने भएकाले नेपालजस्तो मुलुकले पाउने सहायता घट्छ । नेपालका बैंक तथा वित्तीय संस्था वा फर्महरूले विदेशबाट कमर्सल ऋण लिन सक्छन् । यसबाट पनि मुलुकमा साधन परिचालन हुनसक्छ । यसलाई पनि विश्व-अर्थतन्त्रले असर गर्छ । विश्व-अर्थतन्त्र राम्रो भएमा ऋण प्रवाह गर्ने र अवस्था खराब भएमा ऋण प्रवाह नगर्ने अवस्था रहन्छ ।

## ४. नेपाली अर्थतन्त्रमा असर

विश्व-अर्थतन्त्रमा आएको पछिल्लो परिवर्तनको असर नेपालमा मुख्यगरी तीनतिरबाट परिरहेको छ । चीन र भारतको बीचमा घेरिएको र भूपरिवेष्ठित राष्ट्र भएको हुँदा हामीलाई छिमेकी मुलुकहरूबाट बढी असर पर्छ । नेपालको वैदेशिक व्यापारको निर्भरता भारतसँग दुई तिहाइ रहेकाले विश्व-अर्थतन्त्रको प्रभाव भारतबाट बढी आउँछ । सुरुमा भारतीय अर्थतन्त्र प्रभावित हुन्छ र त्यसको असर नेपाली अर्थतन्त्रमा पर्छ । दोस्रो चीनको अर्थतन्त्रलाई विश्व-अर्थतन्त्रले प्रभावित पारिरहेको हुँदा त्यसको असर पनि नेपालमा आउँछ । पछिल्लो समय चीनसँग नेपालको व्यापार साँघुरिएको छ । तेस्रो, विश्व-अर्थतन्त्रको सीधा असर पनि नेपालमा पर्छ । पेट्रोलियम पदार्थ, खाद्यान्न, सुन, चाँदी, फलाम, तामालगायतका वस्तुहरूको मूल्यमार्फत सीधा असर आउने गर्दछ । यसबाहेक विश्वराजनीतिले पनि नेपाललाई असर गर्दछ । कुन देशलाई सहयोग गर्ने, कुन देशबाट ऋण तथा अनुदान ल्याउने लगायतका पक्षहरूमा विश्वराजनीतिले नेपाली अर्थतन्त्रमा असर पार्ने गरेको छ । विश्वमा उपलब्ध प्रविधिमार्फत पनि नेपालको अर्थतन्त्र प्रभावित हुन सक्छ । हामीले माग गर्ने प्रविधि माग, प्रविधिको वर्तमान प्रयोगको अवस्था र प्रविधिमा रहेको पछ्यौटेपनका कारण पनिविश्व-अर्थतन्त्रको प्रभाव परिरहेकै छ । विभिन्न सफ्टवेयरहरू निर्माणगरी निर्यात गर्नसक्ने हो भने पनि विश्व-अर्थतन्त्रबाट नेपालले फाइदा लिन सक्ने देखिन्छ ।

नेपालमा पेट्रोलियम पदार्थको उपभोग बर्सेनि बढ्दै गएको छ तर यो पूर्ण रूपमा आयातित हो । यसको मूल्य विश्वबजारमा परिवर्तन भइरहेको हुन्छ जसको असर हामीले उपयोग गर्ने पेट्रोलियम पदार्थमा पनि पर्दछ । विश्वबजारमा यसको मूल्य बढेको बेला यसले नेपालको समग्र मूल्यस्थितिलाई प्रभाव पार्दछ । हालका महिनाहरूमा यसको मूल्य ८० डलर प्रतिब्यारेलको आसपासमा छ । यो मूल्य प्रि-कोभिडभन्दा बढी नै हो । थप बढ्ने सम्भावना पनि रहेको छ ।

विश्वका धेरै देशहरूले मूल्यवृद्धि नियन्त्रण गर्न ब्याजदर बढाएका छन् । जसले विश्व-अर्थतन्त्रमा मन्दी आउने, मन्दीले मागमा कमी ल्याउने र पेट्रोलियम पदार्थको मागमा कमी हुने सम्भावनाको आधारमा अहिले पेट्रोलियम पदार्थको मूल्य थप बढेको छैन । मन्दी कुन डिग्री र कति सशक्तरूपमा विश्व-अर्थतन्त्रमा पर्छ त्यसले आगामी दिनमा पेट्रोलियम पदार्थको मूल्य थप घटबढको आधार तय गर्छ । अर्कोतर्फ रसिया-युक्रेन युद्धले युरोपमा अहिले त्रासदीपूर्ण वातावरण सिर्जना गरेको छ । यो कहिले टुङ्गिन्छ भने अझै ठेगान छैन । यसले गर्दा पेट्रोलियम पदार्थको मूल्य घट्न सकेको छैन ।

कोभिड सङ्क्रमण घटेपछि नेपाल आउने पर्यटकहरूमा सुधार भइरहेको छ तर अझै कोभिडपूर्वको स्थितिमा पुगेको छैन । रसिया-युक्रेन युद्ध र विश्व-अर्थतन्त्रका देखिएका अनिश्चिताका कारणले पनि पर्यटन आगमन अपेक्षित रूपमा बढ्न सकेको छैन । यी दुई देशबीचको युद्धले पूरै युरोप महादेश नै कष्टपूर्ण र तनावको स्थितिमा छ । ग्यास तथा ऊर्जाको मूल्य बढिरहेकाले युरोपेली अर्थतन्त्र खस्किरहेको छ । अमेरिकी अर्थतन्त्र केही सुधारको क्रममा रहेपनि अमेरिका पनि युद्धमा कुनै न कुनै रूपमा संलग्न रहेकाले सहजतापूर्ण ढङ्गले बाहिर घुमफिर गर्ने अवस्था नहुँदा पर्यटन क्षेत्र जति मात्रामा बढ्नुपर्ने हो त्यति बढ्न सकेको छैन । पेट्रोलियम पदार्थको मूल्य केही सुधार भएपनि हवाइ-इन्धनको मूल्य उच्च नै रहेकाले हवाइ-भाडा बढी छ । हवाइ-भाडा उच्च हुँदा प्रि-कोभिडमा झैं पर्यटकको आवगमन नेपालमा अझै बढ्न सकेको छैन, तर कोभिडको समयभन्दा सुधारोन्मुख रहेको छ ।

गत आर्थिक वर्षदेखि हामी बाह्य क्षेत्रको असन्तुलनमा छौं । हाल आएर नीतिगत प्रयासहरूले गर्दा विदेशी मुद्राको सञ्चिति तीव्रदरमा घट्ने क्रममा कमी आई केही सुधार हुन थालेको छ । चालु आर्थिक वर्षको तेस्रो महिनादेखि शोधनान्तर बचत हुन सकेको छ । केही

वस्तुहरूमा लगाइएको आयात नियन्त्रण हटाइएको र नेपाली मुद्राको अमेरिकी डलरसँगको अवमूल्यनले गर्दा आयात महँगो हुने हुँदा बाह्य क्षेत्रको सुधार दिगो हुनेमा अझै जोखिम रहेको छ ।

अघिल्लो आर्थिक वर्ष वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको सङ्ख्या बढेको र चालु आ.व.को ४ महिनासम्म पनि त्यो क्रम जारी रहेकाले नेपालमा विप्रेषण आप्रवाहमा सुधार भएको छ, जसले निरन्तरता पाउने अपेक्षा गर्न सकिन्छ । नेपाली मुद्राको अमेरिकी डलरसँगको अवमूल्यनले पनि विप्रेषण आप्रवाह बढाउन सहयोग पुऱ्याएको छ । तर, पछिल्लो समय आँकलन गरेझैं विश्व-अर्थतन्त्र मन्दीमा गएमा भने रोजगारी सिर्जना कम भई नेपाली कामदारको माग कम हुन सक्छ । तापनि मध्यपूर्वका र दक्षिण-पूर्व एसियाका देशहरू आर्थिक मन्दीबाट त्यति धेरै प्रभावित नहुन सक्छन् ।

भुक्तान सन्तुलन घाटामा गई विदेशी विनिमय सञ्चिति कम हुँदा नेपालको बैंकिङ्ग प्रणालीमा गत वर्षदेखि तरलता अभाव रहेको छ यसले गर्दा ब्याजदरहरू बढेका छन् । ब्याजदर बढ्दा लगानी र आर्थिक क्रियाकलापहरू प्रभावित भएका छन् । घट्दो विदेशी विनिमय सञ्चितिलाई ध्यानमा राखेर नेपाल राष्ट्र बैंकले नीतिगत दरहरू बढाउँदै मौद्रिक नीतिको अडानलाई कडा बनाएको छ । जसले गर्दा पनि चालु आ.व.को कर्जा प्रवाह कम रहने देखिन्छ ।

बाह्य सन्तुलन कायम गर्न आयात कम गर्ने उपायहरू अवलम्बन गर्दा आयातको वृद्धिदरमा गत वर्षभन्दा कमी आउँदा सरकारको राजस्व सङ्कलन घटेको छ । तर सरकारी खर्चमा भने कमी आएको छैन । चालु आ.व.को पहिलो ४ महिनामा सरकारी खर्च २२.१ प्रतिशतले बढ्दा राजस्व सङ्कलन करिब २० प्रतिशतले घटेको छ । सरकारी ऋणपत्रहरूको ब्याजदरहरू पनि बढेका छन् । जसले गर्दा सरकारलाई ऋणको ब्याज भार बढेको छ । विदेशी ऋणको सबालमा नेपाली मुद्राको अमेरिकी डलरसँग भइरहेको अवमूल्यनले पनि ऋण भुक्तानीको भार बढाइरहेको छ । तसर्थ, सरकारी वित्त व्यवस्थापन चुनौतीपूर्ण बनेको छ ।

## ५. उपसंहार

अहिलेको विश्वव्यापीकरणको युगका विश्व-अर्थतन्त्रमा आउने परिवर्तनबाट विश्वका सबै देशहरू कुनै न कुनै रूपमा प्रभावित हुन पुग्दछन् । यसबाट नेपाल पनि अछुतो छैन । कोभिड-१९बाट सङ्क्रमणमुक्त हुँदै विश्वको अर्थतन्त्र पुनरूत्थानतर्फ लाग्दै गर्दा आपूर्तिका आएको व्यवधान, खाद्य तथा गैरखाद्य-वस्तुहरूको भएको मूल्यवृद्धि, कोभिडको समयमा अँगालिएका लचक वित्त र मौद्रिक नीतिका कारण बढेको मागले गर्दा विश्वव्यापी रूपमा मूल्यवृद्धि भइरहेको बेला रसिया-युक्रेनको युद्धले अझ बढी अनिश्चतता र नकारात्मक प्रभाव पारेकाले आपूर्ति शृङ्खला थप प्रभावित भई मुद्रास्फीति अझ बढ्न गयो । बढ्दो मुद्रास्फीतिलाई रोक्न अधिकांश केन्द्रीय बैंकहरूले कडा मौद्रिक नीतिहरू अँगालेका छन् । अमेरिकाको फेडरल रिजर्भले फेडरल फन्ड रेट बढाएकाले अमेरिकी डलर बलियो भई अन्य देशका मुद्राहरू अवमूल्यन भएका छन् ।

नेपाल पनि विश्व-अर्थतन्त्रसँग जोडिएको हुनाले विश्व-अर्थतन्त्रको प्रभाव नेपाली अर्थतन्त्रमा पनि पर्दछ । कोभिडको समयका लचक नीति, त्यतिबेला विप्रेषण आप्रवाह राम्रो रहेको र आर्थिक गतिविधिहरू सुस्त रहेकाले अर्थतन्त्रमा तरलता बढेर ब्याजदरहरू कम रहे । कम ब्याजदरमा उपलब्ध कर्जा खासगरी शेयरबजार, घरजग्गा कारोबार र आयातमा प्रवाहित हुँदा आयात बढ्न गयो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र नेपाली मुद्राको अवमूल्यनले पनि आयात उच्चदरले बढ्न जाँदा भुक्तान सन्तुलन घाटामा गई बैंकिङ्ग प्रणालीमा तरलता र ब्याजदरहरू बढ्न गए ।

तर मौद्रिक नीतिको कडाइले गर्दा आयातमा कमी, विप्रेषणमा सुधार आउन थालेकाले भुक्तान सन्तुलन सकारात्मक भएको छ । तर सरकारको राजस्व घटेको र आर्थिक गतिविधिहरू गर्न पर्याप्त कर्जा उपलब्ध हुन अझै सकेको छैन । कर्जाको ब्याजदर उच्च भएका गुनासाहरू बढेका छन् । यो अवस्थामा सुधार आउन अझै केही समय लाग्ने देखिन्छ । आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन नगर्दासम्म बाह्य अर्थतन्त्रमा आउने प्रभावले नेपाल अर्थतन्त्रलाई बढी नकारात्मक प्रभाव पार्दछ । साथै बाह्य अर्थतन्त्रमा आउने उतार-चढावबाट नेपाली अर्थतन्त्रलाई कसरी सन्तुलनमा राख्ने भन्ने सन्दर्भमा सरकार, उद्योग व्यवसायीलगायत सबै सरोकारवालाहरूले रणनीतिक ढङ्गले सोच्नु र लाग्नु जरूरी छ । वास्तवमा आर्थिक मुद्दाहरूलाई प्राथमिकतामा राखी देशमा उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी उत्पादनमुखी अर्थतन्त्र निर्माण आजको ज्वलन्त आवश्यकता हो । ■■

*लेखक नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुनुहुन्छ ।*

# दैनिक तरलता सुविधासम्बन्धी व्यवस्था, नयाँ व्यवस्था र यसको प्रभावकारिता



गुरु प्रसाद पौडेल

**पृष्ठभूमि :**

सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने उद्देश्य समेतका लागि नेपाल राष्ट्र बैंकको स्थापना भएको हो । Large and Critical Value को Settlement प्रभावकारी ढंगले गर्न राष्ट्र बैंकले सञ्चालनमा ल्याएको आरटिजिएस प्रणालीमा आबद्ध बैंक तथा वित्तीय संस्था (यसपछि संस्था भनिएको) हरूले दैनिक रूपमा सम्पादन गर्नुपर्ने कारोबारलाई सहजीकरण गर्न दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याइएको थियो । यसको उद्देश्य संस्थाहरूले दैनिक रूपमा निर्वाह गर्नुपर्ने दायित्व भुक्तानी सहज ढंगले छिटोभन्दा छिटो माध्यमबाट होस् भन्ने नै थियो । २०७६ चैतमा स्वीकृत गराई लागू गरिएको उक्त कार्यविधिले परिकल्पना गरेअनुसार तरलता प्रवाह हुनसक्ने नदेखिएपछि कार्यान्वयनमा सहजीकरण होस् भनी यस कार्यमा संलग्न हुने राष्ट्र बैंकभित्रका विभागहरूको भूमिका स्पष्ट गर्दै मिति २०७८ साउनमा प्रथम संशोधन समेत गरिएको थियो । तथापी कार्यविधि कार्यान्वयनमा आएको दुईवर्षसम्म कुनै पनि संस्थाले दैनिक तरलता सुविधा उपभोग गरेनन्, गर्न सकेनन् । यसो हुनुमा दुईवटा विषयहरू जिम्मेवार थिए :

- संस्थाहरूले दैनिक तरलता सुविधाको सट्टामा स्थायी तरलता सुविधा बेफ्रिक्री उपयोग गर्न पाउने अवस्था विद्यमान रहनु,
- कार्यविधिमा स्वचालित तबरले तरलता प्रवाह हुनसक्ने व्यवस्था नरहनु ।

यही विषयलाई मध्यनजर गरी आ.व. २०७९/८० को मौद्रिक नीतिको बुँदा नं. ७७ मा "भुक्तानी प्रणालीलाई सहज र विश्वसनीय बनाउने उद्देश्यले सरकारी ऋणपत्रको धितोमा बैंक तथा वित्तीय संस्थालाई यस बैंकले उपलब्ध गराउने विद्यमान दैनिक तरलता सुविधालाई आवश्यकतानुसार ओभरनाइट अवधिको बनाई यस्तो सुविधा बैंकदरमा उपलब्ध गराइने छ" भन्ने उल्लेख गरियो ।

बैंक तथा वित्तीय संस्थाको जुनसुकै शाखाबाट जतिसुकै बेला पनि आरटिजिएस प्रणालीमार्फत् निमेशभरमा अर्बौ रकम डेबिट आदेश प्राप्त हुन सक्छ । अतः उक्त कारोबार तत्कालै फछ्र्यौट गर्न संस्थाहरूले राष्ट्र बैंकमा रहेको सेटलमेण्ट खातामा पर्याप्त मौज्दात उपलब्ध भइरहनु पर्दछ । यदि कारणवश रकम अपुग भई कारोबारको तत्काल भुक्तानी हुन नसक्ने अवस्था आएमा संस्थाहरूलाई स्वचालित तबरले तत्काल आवश्यक पर्ने तरलता उपलब्ध गराउने उद्देश्यले दैनिक तरलता सुविधा (Daily Liquidity Facility) को परिकल्पना मौद्रिक नीतिको उक्त व्यवस्थाले गरेको देखिन्छ ।

यो सुविधाको महत्व किन पनि महत्वपूर्ण छ भने ऐ मौद्रिक नीतिको बुँदा नं. ७८ मा "बैंक तथा वित्तीय संस्थालाई अघिल्लो हप्ताको अन्त्यमा कायम रहेको सम्बन्धित संस्थाको स्वदेशी मुद्रामा रहेको कुल निक्षेपको एक प्रतिशतभन्दा बढी वक्यौता नहुने गरी यस बैंकले तोकेको ऋणपत्रको धितोमा अधिकतम पाँच दिनसम्म अवधिको स्थायी तरलता सुविधा बैंकदरमा उपलब्ध गराइने छ" भन्ने व्यवस्थाले गर्दा अब संस्थाहरूले असीमित स्थायी तरलता सुविधा उपभोग गर्न नपाउने मात्र हैन कि त्यस्तो सुविधाको अवधि सात दिनबाट घटाई पाँच दिनमा झारिएको छ ।

यही पृष्ठभूमिमा संस्थाहरूलाई स्वचालित तबरले दैनिक तरलता सुविधा उपलब्ध गराउन आवश्यक भएकाले राष्ट्र बैंकले कार्यविधिको संशोधन गर्ने मात्र नभई कार्यान्वय योग्य बनाउन सर्वसाधारण तथा सरोकारवाला संस्था/निकायहरूको राय/सुझाव प्राप्त गर्ने उद्देश्यले प्रस्तावित संशोधनलाई नेपाल राष्ट्र बैंकको वेबसाइटमा करिब एक महिना राखिएको थियो । सरोकारवालाबाट प्राप्त राय/सुझाव समेतलाई आवश्यकता अनुसार समायोजन गरी दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि,

(दोस्रो संशोधन, २०७९) यही मिति २०७९ पुस १ गतेबाट कार्यान्वयनमा आएको छ । अबको बाँकी खण्डमा उक्त संशोधित कार्यविधिका प्रमुख व्यवस्थाहरूको बारेमा चर्चा गरिएको छ :

### संशोधित कार्यविधिका प्रमुख व्यवस्थाहरू :

### दैनिक तरलता सुविधामा सहभागी हुने प्रक्रिया:

- नेपाल राष्ट्र बैंकको आरटिजिएस प्रणालीमा सहभागी संस्थाहरू (हाल उक्त संस्थाहरू ४६ वटा रहेका) ले मात्र दैनिक तरलता सुविधा उपयोग गर्न पाउने व्यवस्था छ । सहभागी हुन इच्छुक संस्थाले तोकिएको ढाँचामा राष्ट्र बैंकको भुक्तानी प्रणाली विभाग, मौद्रिक व्यवस्थापन विभाग तथा बैंकिङ्ग विभागमा निवेदन दिनु पर्नेछ ।




- यस्तो सुविधा उपयोग गर्नका लागि सम्बन्धित संस्थाले राष्ट्र बैंकको मौद्रिक व्यवस्थापन विभागसँग कार्यविधिको अनुसूची-२ मा उल्लेख भएबमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ भने बैंकिङ्ग विभागमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिई धितो व्यवस्थापन (Collateral Management) खाता खोल्नु पर्नेछ ।
- मौद्रिक व्यवस्थापन विभागमा राखिएको सरकारी सुरक्षण धितोको आधारमा संस्थालाई ऋणको सीमा तोकिन्छ । बैंकिङ्ग विभागमा खोलिएको धितो व्यवस्थापन खाताबाट तोकिएको सीमासम्म संस्थाले ओभरड्राफ्ट प्रकृतिको ऋण लिन सक्छन् ।

### सुरक्षण धितो राखी ऋण लिने र ऋण चुक्ता गर्ने व्यवस्था :

कार्यविधिले यो सुविधामा भाग लिने संस्थाहरूलाई आफ्नो लागि आवश्यक दैनिक तरलता कति आवश्यक पर्ने हो भन्ने अनुमान आफैं गर्न पाउने सुविधा दिएको छ । आफ्नो विगत कारोबारहरूको विश्लेषणका आधारमा ऋणको सीमा तोकी माग्न पाउने व्यवस्था छ । धितोस्वरूप राखिएको सरकारी सुरक्षणपत्रको ९० प्रतिशतसम्म ऋण लिन पाइने व्यवस्थाले गर्दा राष्ट्र बैंकले धेरै लचकता अपनाएको देखिन्छ । धितो व्यवस्थापन खाताको सीमासम्मको रकम संस्थाले आवश्यकता अनुसार सेटलमेन्ट खातामा लैजान र तोकिएको Business Day अवधिभर नि:शुल्क प्रयोग गर्न पाउँछन् । यदि संस्थाको सेटलमेण्ट खातामा रकम पर्याप्त छ भने तोकिएको Business Day भित्र स्वत: धितो व्यवस्थापन खातामा रकम शोधभर्ना हुने व्यवस्था कार्यविधिले मिलाएको छ । सेटलमेण्ट खातामा रकम पर्याप्त नभएका कारण तोकिएको Business Day भित्र संस्थाले तिर्न नसकेमा सोही बराबरको रकम ओभरनाइट सुविधा (Overnight Liquidity Facility) मा परिणत हुनेछ । त्यसैले कार्यविधिले यस्तो सुविधालाई दैनिकमात्र नभएर ओभरनाइटको समेत व्यवस्था गरेको छ । ओभरनाइट सुविधा लिएपछि भोलिपल्टका लागि सीमासम्मको बाँकी रकममात्र दैनिक तरलता सुविधामा प्रयोग गर्न पाइनेछ । तर संस्थाले Business Day अवधिभर धितो व्यवस्थापन खाताको ऋण रकम शुन्य बनाएमा भोलिपल्टका लागि सीमासम्मकै रकम ओभरनाइट सुविधामा प्रयोग गर्न सकिने व्यवस्था छ । धितो व्यवस्थापन खाता लगातार

तीन कार्यदिनसम्म शुन्य बनाइएको छैन र कुनै न कुनै रूपमा ओभरनाइट सुविधाको रूपमा प्रयोग भइरहेको छ भने वक्यौता ओभरनाइट सुविधा रकम चौथोदिनको १२:०० बजेभित्र नगदै भुक्तानी गर्ने व्यवस्था संस्था स्वंयले गर्नुपर्नेछ । कार्यविधिले संस्थालाई थप सुरक्षणपत्र धरौटी राखी धितो व्यवस्थापन खातालाई पहिला निर्धारित सीमामा ल्याउन सक्ने सुविधा पनि दिएको छ ।

### ब्याज गणना सम्बन्धी व्यवस्था :

संस्थाले आफूले कायम गरेको सीमासम्मको रकम धितो व्यवस्थापन खाताबाट दिनभर सेटलमेन्ट खातामा लैजान र तोकिएको Business Day अवधिभर निःशुल्क प्रयोग गर्न पाउँछन् । तर तोकिएको Business Day अवधि सकिनासाथ सोही दिन नै वक्यौता रकम ओभरनाइट सुविधामा परिणत हुने र उक्त बक्यौता रकममा वैकदरको हिसाबले दैनिक रूपमा ब्याज गणना हुनेछ । उदारहणको लागि कुनै संस्थाले आइतवार आफूले कायम गरेको धितो व्यवस्थापन खाताको सीमा रू. १० अर्ब बराबर नै सेटलमेन्ट खातामा लैजान सक्छ । यदि Business Day अवधि बेलुका ५:४५ बजेलाई तोकिएको छ भने ५:४६ वजे धितो व्यवस्थापन खाताको वक्यौता ऋण रकम ओभरनाइट सुविधामा स्वतः परिणत भई सोही दिन (आइतबार) नै बैंकदर (हालको ८.५ प्रतिशत) को हिसाबले ब्याज गणना हुने व्यवस्था छ ।

संस्थाले चालु कार्यदिनको आरटिजिएस ILF Returns Period[1] भित्र कुनै पनि समयमा अघिल्लो कार्यदिनमा उपयोग गरेको ओभरनाइट सुविधा शुन्य गर्न नसकेमा धितो व्यवस्थापन खाताको कुल सीमाबाट अघिल्लो कार्यदिन उपयोग भएको ओभरनाइट सुविधा कटाएर शेष हुन आउने रकमसम्मलाई चालु कार्यदिनको लागि ओभरनाइट सुविधाको सीमा कायम गरिने र यस्तो सुविधा बैंकदरमा नै उपलब्ध हुनेछ । तर, यसरी कायम हुन आएको सीमाभन्दा बढी ओभरनाइट सुविधा आवश्यक परि लिएमा उक्त सीमाबाट धितो व्यवस्थापन खाताको सीमासम्मको ओभरनाइट सुविधामा बैंकदरमा ५० प्रतिशत थप[2] गरी अतिरिक्त ब्याज लगाइने व्यवस्था कार्यविधिले गरेको छ । यसलाई एउटा उदाहरणबाट यसरी प्रस्ट गर्न सकिन्छ : कुनै एउटा संस्थाको धितो व्यवस्थापन खाताको कुल सीमा रू. १० अर्ब छ, अघिल्लो कार्यदिन (मानौं कि आइतबार) ओभरनाइट सुविधा रू. ७ अर्ब उपयोग भएको छ, चालु कार्यदिनको Business Day Period भित्रको कुनै पनि समयमा ओभरनाइट सुविधा पूर्णरूपमा शोधभर्ना हुन सकेको छैन भने चालु कार्यदिन (सोमबार) का लागि ओभरनाइट सुविधाको सीमा रू. ३ अर्ब हुनेछ र यो सुविधा बैंक दर अर्थात् ८.५ प्रतिशत व्याजदरमा पाइनेछ भने रू. १० अर्बकै सीमाभित्र रही रू. ३ अर्बभन्दा बढी ओभरनाइट सुविधा प्रयोग भएको रहेछ भने बैंक दरमा ५० प्रतिशत थप गरी अतिरिक्त लाग्नेछ ।

### नेपाल राष्ट्र बैंकको अपेक्षा :

केन्द्रीय बैंकले सञ्चालन गर्ने RTGS प्रणालीले Large and Critical Value को राफसाफ Real Time मा नै गर्ने भएकाले बैंक तथा वित्तीय संस्थाहरूलाई अचानक तरलताको खाँचो पर्न सक्छ । Large Value Payment System: RTGS र ECC को राफसाफ निर्बाध रूपमा Real Time मा हुन सकोस् र मुलुकको भुक्तानी प्रणाली प्रभावकारी बनोस् भन्ने अभिप्रायले दैनिक तरलता सुविधाको व्यवस्था गरिएको हो । व्यापार व्यवसायमा आएको बदलाव तथा भूमण्डलीकरणको प्रभावका कारण पनि वित्तीय संस्थाहरूलाई दैनिक तरलताको खाँचो बढ्दै गएको छ । प्रभावकारी दैनिक तरलता सुविधाले वित्तीय स्थायित्वलाई प्रवर्द्धन गर्दछ भने हचुवाको भरमा यस्तो सुविधा उपलब्ध गराउँदै गइयो भने केन्द्रीय बैंकको सापटी सुविधाका कारण निजी क्षेत्रमा कर्जा प्रवाह विस्तार भई मौद्रिक नीतिको कार्यान्वयनमा समेत विचलन आउन सक्छ । दैनिक तरलता सुविधाले Single business day का लागि उपलब्ध गराउने तरलता सुविधामा कुनै पनि शुल्क नलिने व्यवस्था गरेको छ भने ओभरनाइट तरलता सुविधा प्राप्त गर्दा बैंकदरमा ब्याज लिने र अनिवार्य रूपमा तीन कार्यदिनपछि भुक्तानी गर्नुपर्ने अन्यथा दैनिक तरलता सुविधाबाटै बञ्चित समेत गराउन सक्ने प्रावधन नयाँ कार्यविधिले गरेको छ । ■■

*लेखक नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुनुहुन्छ ।*

---

1. According to RTGS System Rules, 2019 Summer and Winter business days close at 5:45 and 4:45 respectively.

2. 2079 पुस १ गतेदेखि दुई महिनासम्म पाइलट टेस्टका रूपमा लागु गरिएकाले उक्त अवधिभर थप व्याज नलाग्ने व्यवस्था भएको ।

# धितोपत्रको भित्री कारोबारको परिचय, कानुनी व्यवस्था र भित्री कारोबारमा कमी ल्याउने उपायहरु



डा. नवराज अधिकारी

## (१) धितोपत्रको भित्री कारोबारको परिचय

संगठित संस्थाले जारी गरेको शेयर, हकप्रद शेयर, अग्राधिकार शेयर, डिबेन्चर, सामूहिक लगानी योजनाका युनिट र नेपाल सरकारले जारी गरेको बन्ड वा बचतपत्र तथा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको बन्ड वा ऋणपत्र र नेपाल धितोपत्र बार्डले धितोपत्र विनिमय बजारमार्फत कारोबार हुनसक्ने भनी तोकिदिएको अधिकारपत्रलाई धितोपत्र भनिन्छ । एक वर्षभन्दा बढी समयमा परिपक्य हुने वित्तीय साधनहरूको खरिद बिक्री गर्न सकिने संयन्त्र धितोपत्र बजार हो । धितोपत्र बजार पुँजी आवश्यकता पूर्ति गर्न चाहने सरकार तथा सरकारी एकाइ, व्यापारिक संस्थाहरू र लगानी गर्न चाहने व्यक्तिगत तथा संस्थागत लगानीकर्तालाई लगानीको अवसर प्रदान गर्ने प्रभावकारी माध्यम हो । धितोपत्र बजारले वित्तीय साधनहरूको मूल्य निर्धारण, तरलता प्रदान, न्यून कारोबार लागत र सर्वस्वीकार्यता बढाउने कार्य गर्दछ । धितोपत्र बजार बजारमा आधारित मध्यमकालीन तथा दीर्घकालीन पुँजीको दक्ष परिचालनको महत्त्वपूर्ण संयन्त्र, देशको औद्योगिकीकरण तथा पूर्वाधार विकासमा सर्वसाधारण लगानीकर्ताको सहभागितामा वृद्धि, वित्तीय औजारहरूको कारोबार तथा मूल्य निर्धारण र पुँजीको उत्पादनशील परिचालनमा धितोपत्र बजारको अपरिहार्य भूमिका हुने गर्दछ ।

**धितोपत्र बजार पुँजी आवश्यकता पूर्ति गर्न चाहने सरकार तथा सरकारी एकाइ, व्यापारिक संस्थाहरू र लगानी गर्न चाहने व्यक्तिगत तथा संस्थागत लगानीकर्तालाई लगानीको अवसर प्रदान गर्ने प्रभावकारी माध्यम हो**

धितोपत्र बजार मुख्यरूपमा सूचना वा जानकारीमा आधारित हुने भएकोले धितोपत्र बजारको प्रभावकारिताका लागि सूचना वा जानकारी प्रवाह सम्बन्धमा समसामयिक सुदृढ कानुनी व्यवस्था तथा बजारमा संलग्न पक्षहरूबाट सोको परिपालना, बजार सहभागीहरूको सुशासनको अभ्यास र बजार गतिविधिहरूको सुपरिवेक्षण तथा कानुन प्रबलीकरणको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । बजारमा सूचना प्रवाहमा प्रभावकारिता ल्याउन उल्लेखित कुनै एक वा बढी कार्यहरू प्रभावकारी रूपमा हुन नसकेमा धितोपत्रको भित्री कारोबारको सम्भावना बढी हुने गर्दछ । सामान्यतया कुनै व्यक्तिले सार्वजनिक नभएका धितोपत्रको मूल्यमा असर पार्न सक्ने भित्री सूचना वा जानकारीहरूको आधारमा आफूले धितोपत्र कारोबार गरेमा वा अरूलाई धितोपत्र कारोबार गर्न लगाएमा त्यस्तो व्यक्तिले धितोपत्रको भित्री कारोबार गरेको मानिन्छ । कुनै धितोपत्र जारी गर्ने संगठित संस्थाबाट सार्वजनिक नभएको कुनै खास किसिमको सूचना वा जानकारी सार्वजनिक भएमा त्यस्तो धितोपत्रको मूल्यमा असर पर्न सक्ने किसिमका सूचना वा जानकारी नै "भित्री सूचना वा जानकारी" हो र यस्तो सूचनालाई मूल्य संवेदनशील सूचना समेत भनिन्छ । भित्री व्यक्तिद्वारा अरूलाई मूल्य संवेदनशील सूचना प्रवाह गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धितोपत्रको खरिद, बिक्री तथा हक हस्तान्तरणमा संलग्न हुने वा गराउने कार्य नै धितोपत्रको भित्री कारोबार (Insider trading) हो । धितोपत्रमा हुने कारोबारको प्रत्याभूत (Guarantee) हुनुपर्ने धितोपत्र बजारको सिद्धान्त तथा असल अभ्यास रहेकाले र विशेषगरी सम्बन्धित ऐनमा समेत सोसम्बन्धी स्पष्ट व्यवस्था हुने हुँदा भित्री कारोबार भएको भन्ने कारणले मात्र भइसकेको कारोबारमा कुनै असर परेको मानिँदैन र उक्त कारोबारको अन्य कारोबार जस्तै राफसाफ तथा फछ्र्यौट हुने गर्दछ । धितोपत्रको

भित्री कारोबारले धितोपत्रको मूल्य निर्धारणमा अप्राकृति प्रभाव पार्ने तथा भित्री सूचनाका आधारमा कारोबार गर्ने पक्षलाई अस्वाभाविक फाइदा कमाउने वा सम्भाव्य हानीबाट बच्न सहयोग पुऱ्याउने हुँदा यसले धितोपत्र बजारलाई अस्थिर एवम् अश्विसनीय बनाउने गर्दछ । देशमा स्वच्छ, प्रतिस्पर्धी एवम् विश्वसनीय धितोपत्र बजारको विकास तथा विस्तार गर्नका लागि धितोपत्र बजार नियमन निकाय तथा बजार सञ्चालकले भित्री सूचनाको आधारमा हुने कारोबार अर्थात् भित्री कारोबारमा कमी ल्याउनमा महत्त्वपूर्ण भूमिका खेल्नु पर्दछ ।

### (२) धितोपत्रको भित्री कारोबारसम्बन्धी कानुनी व्यवस्थाहरू

धितोपत्रसम्बन्धी ऐन, २०६३ (ऐन) को दफा ९२ बमोजिम कुनै संगठित संस्थाका सञ्चालक, कर्मचारी वा शेयरवालाको हैसियतले कुनै सूचना वा जानकारी प्राप्त गर्न सक्ने व्यक्ति, सो संगठित संस्थालाई पेसागत सेवा प्रदान गर्ने नाताले कुनै सूचना वा जानकारी प्राप्त गर्न सक्ने व्यक्ति र उल्लिखित व्यक्ति वा स्रोतमा प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क भई कुनै सूचना वा जानकारी प्राप्त गर्न सक्ने व्यक्तिलाई उक्त संगठित संस्थाले सार्वजनिक नगरेका भित्री सूचना वा जानकारीमा पहुँच भएको व्यक्ति मानिन्छ । ऐनको दफा ९३ बमोजिम धितोपत्र बजारको विनियम बमोजिम कुनै कुरा लगानीकर्ता र उनीहरूको व्यावसायिक सल्लाहकारलाई सूचित गर्ने उद्देश्यले प्रकाशित गरेको भएमा, कुनै अभिलेखमा भएका सूचना वा जानकारीहरू कानुन बमोजिम सर्वसाधारणले हेर्न पाउने व्यवस्था भएको भएमा, धितोपत्र कारोबार गर्न चाहने कुनै पनि व्यक्तिले थाहा पाउन सक्ने गरी धितोपत्र बजारको कारोबार कक्षमा पुऱ्याउने व्यवस्था भएको भएमा, त्यस्तो सूचना वा जानकारी प्राप्त गर्न वा हेर्न, प्रतिलिपि प्राप्त गर्न चाहने व्यक्तिले प्राप्त गर्न, हेर्न सक्ने व्यवस्था भएको भएमा, सर्वसाधारणमध्ये कुनै खास वर्गलाई मात्र सूचित गरिएको भएमा, दस्तुर तिरेर मात्र सूचनाको जानकारी प्राप्त गर्ने व्यवस्था भएमा वा नेपाल देश बाहिर त्यस्तो सूचना वा जानकारी प्रकाशित भएको भएमा सूचना वा जानकारीलाई सार्वजनिक गरेको वा जानकारी सार्वजनिक गरेको मानिन्छ । धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ९१ को उपदफा (१) बमोजिम कुनै व्यक्तिले सार्वजनिक नभएका धितोपत्रको मूल्यमा असर पार्न सक्ने भित्री सूचना वा जानकारीहरूको आधारमा आफूले धितोपत्र कारोबार गरेमा वा अरूलाई धितोपत्र कारोबार गर्न लगायमा वा आफूलाई थाहा भएको सूचना वा जानकारी आफ्नो कर्तव्य पालनाको सिलसिलामा बाहेक अरू कसैलाई दिएमा त्यस्तो व्यक्तिले धितोपत्रको भित्री गरेको मानिन्छ ।

ऐनको दफा १०१ को उपदफा (१) मा दफा ९१ मा भित्री कारोबार गर्नेलाई भित्री कारोबार गरेको ठहरेमा बिगोबमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने र दफा १०२ मा दफा ९१ बमोजिम हुने मुद्दा नेपाल सरकार वादी हुने व्यवस्था रहेको छ । त्यस्तै, ऐनको दफा १०३ को उपदफा (१) मा ऐनको दफा ९१ मा उल्लिखित कसुर कसैले गरेको छ भनी कसैको उजुरी परेमा वा कुनै व्यहोराले त्यस्तो कसुरसम्बन्धी जानकारी बोर्डले प्राप्त गरेमा वा कसैले त्यस्तो कसुर गरेको कुरामा बोर्ड विश्वस्त भएमा त्यस्तो कसुरसम्बन्धी मुद्दाको तहकिकात गर्न बोर्डले कुनै अधिकृतलाई तहकिकात गर्ने अधिकारी तोक्नेछ । उक्त दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम तोकिएको तहकिकात गर्ने अधिकारीले त्यस्ता कसुरका सम्बन्धमा तोकिए बमोजिम तहकिकात गरी तहकिकातको काम पूरा भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्ने, उपदफा (३) मा तहकिकात गर्ने अधिकारीले तहकिकातको सिलसिलामा कसुरसँग सम्बन्धित व्यक्ति वा संस्थासित आवश्यक सोधपुछ गर्न, बयान लिन वा आवश्यक कागज, विवरण तथा अभिलेख माग गर्न सक्ने र उपदफा (४) यस दफा बमोजिम मुद्दाको तहकिकात र दायर गर्दा तोकिएको तहकिकात गर्ने अधिकारीले सरकारी वकिलको राय लिनुपर्ने व्यवस्था रहेको छ । त्यस्तै, ऐनको दफा १०४ को दफा (१) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएका भए तापनि यस ऐन बमोजिम कसुर ठहरिने मुद्दाको तहकिकात गर्दा यस ऐन बमोजिमको कसुरको आरोपमा कारबाही चलाइएको व्यक्ति फरार भई बेपत्ता हुन सक्छ भनी सम्झनुपर्ने कुनै मनासिब कारण भएमा वा बिगो हानी नोक्सानी भएको देखिएमा बोर्डले आवश्यक धरौटी वा जेथा जमानत माग्न र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्ने र उक्त दफाको उपदफा (२) मा ऐन बमोजिमको कसुरको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरूद्धको प्रमाण लोप वा नाश गर्न सक्ने वा मुद्दाको तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिव कारण भएमा बोर्डले त्यस्तो व्यक्तिलाई निलम्बनमा राख्न सम्बन्धित संस्थामा लेखी पठाउन सक्ने व्यवस्था समेत रहेको छ । त्यस्तै, ऐनको दफा १०८ बमोजिम कुनै सञ्चालक, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको कुनै व्यक्तिले ऐनको दफा १०१ बमोजिमको कुनै सजाय पाएमा त्यस्तो सजाय

पाएको मितिले दश वर्षको अवधि पूरा नभएसम्म त्यस्तो व्यक्ति कुनै पनि पब्लिक लिमिटेड कम्पनी, वा संस्थाको सञ्चालक, महाप्रबन्धक वा सो सरहको पदमा बहाल हुन योग्य हुन छैन भन्ने व्यवस्था रहेको छ ।

साथै, नेपाल धितोपत्र बोर्डसम्बन्धी नियमावली, २०६४ को नियम १७ को उपनियम (१) मा भित्री कारोबारलगायत झुटो कारोबार, मूल्यमा उतारचढाव, धितोपत्र बजारलाई प्रभावित पारेमा, झुक्याउने विवरणहरू दिने तथा जालसाँजीयुक्त कारोबार गर्ने, जालसाँज गरी वा झुक्यानमा पारी धितोपत्र कारोबार गर्ने, लिखत, विवरण वा अभिलेख नष्ट गर्ने वा लुकाउने कार्य गरी ऐनको दफा १०१ को उपदफा (१), (२) वा (३) बमोजिमको सजाय हुने कसुर भएको वा भइरहेको कुराको जानकारी प्राप्त भएमा बोर्डले सो सम्बन्धमा तहकिकात गर्न र मुद्दा दायर गर्नुपर्ने देखिएमा मुद्दा दायर गर्न समेत बोर्डको कम्तीमा अधिकृतस्तरको कुनै कर्मचारीलाई तहकिकात अधिकारी तोक्नुपर्ने तथा उपनियम (२) मा उपनियम (१) बमोजिम तोकिएको तहकिकात अधिकारीलाई आवश्यक पर्ने सहयोगीलगायत आर्थिक तथा अन्य सुविधा बोर्डले तोके बमोजिम हुने व्यवस्था रहेको छ । नियम १८ को उपनियम (१) मा नियम १७ बमोजिम तोकिएको तहकिकात अधिकारीले बोर्डमा प्राप्त हुन आएका उजुरी वा अन्य माध्यमबाट प्राप्त जानकारी समेतका आधारमा आवश्यक छानवीन गर्ने, अभियुक्त वा कसुरसँग सम्बन्धित व्यक्तिसँग स्पष्टीकरण माग गर्ने वा बयान लिने र कसुरसम्बन्धी अन्य तहकिकात गर्ने, उपनियम (२) मा तहकिकात अधिकारीले कसुरका सम्बन्धमा तहकिकातको सिलसिलामा माग गरेको स्पष्टीकरण दिनु, सोधिएको विषयमा सत्य तथ्य जानकारी वा विवरण दिनु वा कागजात पेस गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुने, उपनियम (३) मा उपनियम (१) बमोजिम तहकिकात अधिकारीले छानबिन गर्दा प्रारम्भिक छानबिनबाट तहकिकात गरी मुद्दा चलाउनुपर्ने अवस्था नदेखिएमा बोर्डसमक्ष सोही बमोजिमको सिफारिस गर्ने र उपनियम (४) मा तहकिकात अधिकारीले तहकिकात गर्दै जाँदा अभियुक्तलाई ऐनको दफा १०१ को उपदफा (१), (२) वा (३) बमोजिम सजाय नहुने तर सोही दफाको उपदफा (४), (५), (६), (७) वा ऐनको अन्य दफा बमोजिम सजाय हुन सक्ने देखिएमा तहकिकात अधिकारीले सोही व्यहोरा खुलाई आफ्नो राय सहितको प्रतिवेदन बोर्डसमक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।

त्यस्तै, नियम १९ को उपनियम (१) धितोपत्रसम्बन्धी कसुरको अभियोग लागेको व्यक्तिलाई तारेखमा राखी अनुसन्धान तथा तहकिकात गर्न उचित र आवश्यक देखिएमा तहकिकात अधिकारीले सामान्य तारेखमा राखी अनुसन्धान तथा तहकिकात गर्न सक्ने र उपनियम (२) मा अनुसन्धानको सिलसिलामा अभियुक्तलाई तारेखमा राख्दा तारेखको अभिलेख राखी नियमावलीको अनुसूची (४) बमोजिमको ढाँचामा तारेख पर्चा दिनुपर्ने व्यवस्था रहेको छ । नियम २० को उपनियम (१) मा ऐनको दफा १०४ बमोजिम अचल सम्पत्ति जेथा जमानत लिँदा त्यस्तो सम्पत्ति रोक्का रहेको कुरा सम्बन्धित कार्यालयबाट प्रमाणित भई आएपछि मात्र जेथा जमानत लिनुपर्ने, उपनियम (२) मा तहकिकातको सिलसिलामा वा मुद्दाको कारबाही हुँदा बोर्ड वा अदालतको आदेश बमोजिम कुनै अभियुक्त वा निजको तर्फबाट जमानतका रूपमा अचल सम्पत्ति वा नगद धरौटी लिएकोमा सोको अभिलेख खडा गरी राख्नुपर्ने र उपनियम (३) मा उपनियम (२) बमोजिमको अभिलेखमा अभियुक्तको नाम, थर, वतन, अन्य व्यक्तिबाट जेथा जमानत दिएको भए निजको नाम, थर, वतन, जेथको विवरण, अचल सम्पत्ति जेथा जमानत लिएको भए रोक्का राखिदिने कार्यालयको नाम, रोक्का राखिएको जानकारी प्राप्त मिति र अन्य आवश्यक कुरा खुलाई राख्नुपर्ने व्यवस्था रहेको छ । नियम २१ को उपनियम (१) मा तहकिकातको सिलसिलामा कुनै अभियुक्तलाई पक्राउ गर्नुपर्ने अवस्था परेमा तहकिकात अधिकारीले बोर्डको पूर्व स्वीकृति लिई सम्बन्धित अभियुक्तलाई पक्राउ गर्न प्रचलित कानुनबमोजिम पक्राउ पुर्जी जारी गरी उपस्थित गराई दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउन सक्ने र उपनियम (२) मा उपनियम (१) बमोजिम लेखिआएमा सम्बन्धित अभियुक्तलाई पक्राउ गरी बोर्डमा उपस्थित गराउनु सम्बन्धित प्रहरी कार्यालयको कर्तव्य हुने व्यवस्था रहेको छ ।

नियम २२ को उपनियम (१) मा धितोपत्रसम्बन्धी कसुर गरेको सम्बन्धमा छानबिन, अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै स्थानको खानतलासी लिनुपर्ने भएमा वा कुनै उपकरण वा कागजात बरामद गर्नुपर्ने भएमा तहकिकात अधिकारीले सम्बन्धित व्यक्ति वा संगठित संस्थालाई पूर्वसूचना दिई त्यस्तो स्थानमा प्रवेश गर्न र कसुरसँग सम्बन्धित उपकरण वा कागजात कब्जामा लिन सक्ने, उपनियम (२) मा उपनियम (१) बमोजिम खानतलासी वा बरामद गर्दा तहकिकात अधिकारीले नेपाल धितोपत्र बोर्ड नियमावली, २०६४ को अनुसूची(५ बमोजिमको ढाँचामा वरामदी मुचुल्का तयार गर्नुपर्ने, उपनियम (३) मा उपनियम (१) बमोजिम गरेको खानतलासी तथा बरामदबाट प्राप्त सूचना, तथ्याङ्क, विवरण, कागजात वा उपकरण वा अन्य कुनै मालवस्तु

प्रमाणका लागि लैजानुपर्ने भएमा त्यस्तो मालवस्तु वा विवरण कागजात बुझेको भर्पाई तयार गरी विवरण वा मालवस्तु धनीलाई दिनुपर्ने र मालवस्तुधनी फेला नपरेमा वा फेला परेको भए तापनि भर्पाइ बुझ्न नमानेमा स्थानीय निकायको प्रतिनिधिलाई सोको भर्पाई दिई मालवस्तु लैजानुपर्ने र उपनियम (४) मा उपनियम (३) बमोजिम भर्पाई बुझिलिने कोही उपस्थित नभएमा बरामदी मुचुल्कामा सोही व्यहोरा जनाई स्थानीय निकायलाई जानकारी दिई प्रमाण कागज वा मालवस्तु तहकिकात अधिकारीले कब्जामा लिन सक्ने व्यवस्था रहेको छ ।

नियम २३ को उपनियम (१) धितोपत्रसम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा तहकिकात अधिकारीले कसुरसँग सम्बन्धित धितोपत्रको खरिद, बिक्री वा विनिमय रोक्का गर्न आवश्यक देखिएमा बोर्डको स्वीकृति लिई त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय रोक्का गरी दिन सम्बन्धित संगठित संस्था र धितोपत्र बजारलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखिआएमा सो धितोपत्रको खरिद, बिक्री वा विनिमय हुन नदिई रोक्का राखिदिनु सम्बन्धित संगठित संस्था र धितोपत्र बजारको कर्तव्य हुने र उपनियम (२) मा मुद्दाको कारबाहीको सिलसिलामा अदालत वा बोर्डले कसुरसँग सम्बन्धित धितोपत्रको खरिद, बिक्री वा विनिमय रोक्का गर्न आवश्यक र उचित देखेमा जुनुसुकै बखत सम्बन्धित संगठित संस्था र धितोपत्र बजारलाई त्यस्तो धितोपत्रको खरिद बिक्री वा विनिमय रोक्का राखिदिन आदेश दिन सक्ने व्यवस्था रहेको छ ।

नेपाल धितोपत्र बोर्ड नियमावली, २०६४ मा तहकिकात अधिकारीले मुद्दा दायर गर्नेसम्बन्धी कार्यविधिका सम्बन्धमा समेत स्पष्ट व्यवस्था गरिएको छ । नियम २४ को उपनियम (१), (२), (३) बमोजिम सजाय माग दाबी लिनुपर्ने देखिएमा तहकिकात अधिकारीले अभियोगपत्र तयार गरी त्यस्तो अभियोगपत्रसहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नुपर्ने, उपनियम (२) उपनियम (१) बमोजिम मुद्दा दायर गर्न तयार गरिने अभियोगपत्रमा सम्भव भएसम्म (क) अभियुक्तको स्थायी र अस्थायी तथा अन्य सम्पर्क ठेगाना र सम्भव भएसम्म तीनपुस्ते विवरण, (ख) कसुर गर्ने व्यक्तिको पेसागत विवरण, (ग) अभियोग लगाएका विषय वा तथ्यहरू, (घ) हेलचक्र्याईं, लापरबाही र वदनियतका कुनै कुरा भए सोसम्बन्धी विवरण, (ङ) गैरकानुनी लाभ वा हानी पुर्‍याएको भएमा कसलाई कसरी लाभ वा हानी पुर्‍याएको हो सो को विवरण, (च) हानी नोक्सानीको बिगो देखिएकोमा के कति हानी नोक्सानी भएको वा हानी नोक्सानी गर्न प्रयत्न गरेको हो सो को विवरण, (छ) कसुरको मात्रा निर्धारण गर्ने आधार, (ज) सजायको माग दावी, (झ) कसुरलाई पुष्टि वा प्रमाणित गर्ने सबुत प्रमाण, तथा (ज) सम्बद्ध देखिने अन्य आवश्यक कुराहरू खुलाउनुपर्ने र उपनियम (३) मा उपनियम (२) बमोजिम तयार गरेको अभियोगपत्र बमोजिम अभियुक्त बनाउनुपर्ने व्यक्ति छुट हुन गएको अवस्थामा सोको कारण खुलाई बोर्डले छुट हुन गएको व्यक्तिको बिरूद्ध थप अभियोगपत्र पेस गर्नसक्ने व्यवस्था रहेको छ ।

साथै, नेपाल धितोपत्र बोर्डसम्बन्धी नियमावली, २०६४ मा बोर्डले पुनरावेदन गर्न सक्ने, सम्पत्ति फुकुवा गर्ने तथा मुद्दा सम्बन्धित कुनै कागजातको छायाँप्रति (नक्कल) सम्बन्धमा समेत स्पष्ट व्यवस्थाहरू समावेश भएको छ । यससम्बन्धमा नियम २५ को उपनियम (१) मा अदालतमा दायर भएको कुनै मुद्दामा अदालतबाट भएको फैसलामा चित्त नबुझेमा सो फैसला उपर बोर्डले पुनरावेदन गर्न सक्ने र उपनियम (२) मा बोर्डले मुद्दाको तथ्य, सम्बद्ध कानुन, अदालतको फैसला तथा सम्बन्धित अन्य पक्षहरू समेतको आधारमा पुनरावेदन गर्ने वा नगर्ने कुराको निर्णय गर्ने व्यवस्था रहेको छ । नियम २६ मा बोर्डले कुनै लागेको दण्ड जरिवाना वा बिगो भराउनुपर्नेमा त्यस्तो बिगोसमेत दाखिला भएपछि वा नभएमा पनि कुनै अभियुक्त वा निजको तर्फबाट धरौटी वा बैंक ग्यारेन्टी वा जेथाजमानी लिएकोमा मुद्दा अन्तिम किनारा लागेपछि त्यस्तो रोक्का भएको धरौटी वा बैंक ग्यारेन्टी वा जेथा फुकुवा गरिदिनुपर्ने व्यवस्था रहेको छ भने नियम २६ को उपनियम (१) मा नियमावली बमोजिम चलाइएको मुद्दासँग सम्बन्धित कुनै कागजको नक्कल लिन चाहने सरोकारवाला व्यक्तिले बोर्डसमक्ष निवेदन दिनुपर्ने, उपनियम (२) मा उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले प्रति पृष्ठ पाँच रूपैयाँका दरले नक्कल दस्तुर लिई नक्कल प्रमाणित गरी निवेदकलाई उपलब्ध गराउनुपर्ने र उपनियम (३) मा उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसन्धान तथा तहकिकातको अवस्थामा रहेको कुनै पनि विषयसँग सम्बन्धित कागजात वा कागजातको प्रकृति अनुसार गोप्य राख्नुपर्ने कागजको नक्कल उपलब्ध नगराउने व्यवस्था समेत रहेको छ ।

ऐनमा भित्री कारोबारसम्बन्धी अनुसन्धान तथा तहकिकागसंग अप्रत्यक्षरूपमा सम्बन्धित केही विशेष व्यवस्थाहरू समेत रहेका छन् । ऐनको दफा ९० को उपदफा (१) (ज) मा धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै सञ्चालक वा कर्मचारीले धितोपत्रसम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम तथा

विनियम र सोअन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता सञ्चालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने र उपदफा (२) मा उपदफा (१) बमोजिमको विशेष अधिकार प्रयोग गरी बोर्डले दिएको आदेश वा निर्देशनको पालना गर्ने कर्तव्य सम्बन्धित सबैंको हुने व्यवस्था रहेको छ । त्यस्तै, ऐनको दफा ११४ मा पुँजी बजारको विकास तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्र कारोबारलाई नियमित तथा व्यवस्थित गर्न बोर्डले मागेको सहयोग पुर्‍याउनु सम्बन्धित सबैंको कर्तव्य हुने व्यवस्था समेत रहेको छ ।

भित्री कारोबारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूको अध्ययन गर्दा अमेरिका, साउथ अफ्रिका, संयुक्त अधिराज्य, क्यानडा, जापान आदि देशहरूमा यससम्बन्धी छुट्टै ऐनको नै व्यवस्था गरिएको देखिन्छ । उल्लिखित देशहरूमा क्रमशः Federal Securities Law: Insider Trading, Insider Trading Act, 1998, Criminal Justice Act, Criminal Act, Financial Market Abuse Act रहेको देखिन्छ । त्यस्तै छिमेकी देश भारत, चीनलगायत अन्य अधिकांश देशहरूमा भित्री कारोबार नियमनसम्बन्धी ऐनमा व्यवस्था गरी छुट्टै नियमावलीहरूको व्यवस्था भएको देखिन्छ । साथै, विश्वका अधिकांश देशहरूमा भित्री कारोबारलाई धितोपत्र बजारमा हुने मुख्य अपराध ठहर गरी यससम्बन्धी अभियोगमा ठूलो परिमाणमा मौद्रिक तथा लामो अवधिको कैदको व्यवस्था गरिएको देखिन्छ । यस सम्बन्धमा अधिकतम मौद्रिक सजाय तथा कैद सजायको अन्तर्राष्ट्रिय अभ्यास हेर्दा फ्रान्समा यूरो १०० मिलियन तथा दुई वर्ष, संयुक्त अधिराज्यमा असीमित तथा सात वर्ष, स्विजट्रल्यान्डमा तीन वर्ष, अष्ट्रेलियामा अष्ट्रेलियन डलर ४ लाख ९५ हजार वा भित्री कारोबारमा भएको नाफाको तीन गुणा तथा १० वर्ष, ब्राजिलमा बिआरएल १९ मिलियन तथा पाँच वर्ष, चीनमा गैरकानुनी नाफाको पाँच गुणा तथा १० वर्ष, भारतमा नाफाको तीन गुणा तथा १० वर्ष, जापानमा जापनिज ऐन तीन मिलियन तथा तीन वर्ष, कोरियामा गैरकानुनी नाफाको तीन गुणा तथा २० वर्ष, अमेरिकामा एक मिलियन डलरभन्दा बढी वा गैरकानुनी नाफाको तीन गुणा तथा अधिकतम पाँच मिलियन डलर तथा २० वर्ष हुने व्यवस्था गरेको देखिन्छ । उल्लिखित अन्तर्राष्ट्रिय अभ्यासहरूसँग यससम्बन्धी नेपालमा गरिएको व्यवस्था हेर्दा बिगो बमोजिमको जरिवाना वा एक वर्ष कैद सजाय मात्र गरिएको देखिएकाले भित्री कारोबार धितोपत्र बजारमा हुने गम्भीर अपराध भएकाले यससम्बन्धी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (१)मा भएको दण्ड सजायसम्बन्धी व्यवस्थालाई अन्तर्राष्ट्रिय अभ्यास अनुकूल हुने गरी समसामयिक संशोधन गरी सो व्यवस्था प्रभावकारीरूपमा प्रबलीकरण गरिएमा धितोपत्रको भित्री कारोबार निरूत्साहित भई कम हुने देखिन्छ ।

माथि उल्लिखित ऐन नियममा रहेका व्यवस्थाहरूबाट धितोपत्र बजारमा हुने भित्री कारोबारको तहकिकात तथा अनुसन्धान गर्ने कार्य प्रक्रियागत रूपमा केही सहज हुने देखिए तापनि अन्य आवश्यक भित्री कारोबार बन्देज तथा सूचीकृत संगठित संस्थाभित्रका व्यक्ति तथा सम्बद्ध व्यक्तिहरूले सूचना प्रवाह गर्ने सम्बन्धमा स्पष्ट कानुनी पूर्वाधार, सूचना प्रवाह, सुशासन तथा तथ्याङ्क व्यवस्थापनसम्बन्धी कमजोर पूर्वाधार तथा अभ्यास, स्वचालित एकीकृत बजार सुपरिवेक्षणसम्बन्धी अन्तर्राष्ट्रियस्तरको पूर्वाधारको अभाव र कानुन प्रबलीकरणमा कमी आदि जस्ता कारणले समयमै गैरकानुनी कारोबारको सुपरिवेक्षण तथा अनुसन्धान गरी भित्री कारोबार भए/नभएको एकीन गर्न र भित्री कारोबारमा कमी ल्याउनमा अझै धेरै जटिलताहरू रहेको देखिन्छ ।

### (३) धितोपत्रको भित्री कारोबारमा कमी ल्याउने उपायहरू

भित्री सूचनाका आधारमा हुने कारोबारलाई धितोपत्रसम्बन्धी ऐनको व्यवस्था बमोजिम गम्भीर अपराध मानिने भए तापनि देशमा धितोपत्र बजारको संगठित विकासको चार दशक छ वर्ष पूरा भइसक्दा समेत भित्री कारोबार भइरहेको आशंकाका बावजुत यस्तो कारोबारलाई कानुनी कारबाहीको दायरामा ल्याई कारबाही नभएका कारणले धितोपत्र बजारलाई अवाञ्छित तरिकाले तलमाथि गर्ने पक्ष हावी भई बजार गतिविधि आमलगानीकर्ताको हित अनुकूल भई बजारमा लगानीकर्ताको मनोबल बढ्न सकेको छैन् । यसमा सुधार ल्याउन धितोपत्र बजार नियमन निकाय, सरकार, धितोपत्र व्यवसायी र सूचीकृत संगठित संस्थालगायत लगानीकर्ता सबैले आ-आफ्नो स्थानबाट अपेक्षित भूमिका खेल्नुपर्ने देखिन्छ । यस सन्दर्भमा धितोपत्रको भित्री कारोबारमा कमी ल्याउने उपायहरू संक्षेपमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।

#### (क) भित्री कारोबार बन्देज नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने

धितोपत्र ऐनअन्तर्गत हाल बजारसम्बन्धी विभिन्न विषयमा ११ वटा नियमावलीहरू तर्जुमा गरी कार्यान्वयनमा

ल्याइएको भए तापनि धितोपत्र बजारसम्बन्धी एक ठूलो अपराधको रूपमा लिइने भित्री कारोबार बन्देजसम्बन्धी नियमावली तर्जुमा तथा लागु गर्ने कार्य हालसम्म हुन सकेको छैन् । छिमेकी मुलुक भारतलगायत विश्वका अधिकांश धितोपत्र बजारमा भित्री कारोबार बन्देजसम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको देखिन्छ । यसका लागि नियमन निकायको रूपमा नियमावलीको मस्यौदा तयार गर्ने कार्यमा बोर्डको अग्रसरता तथा बोर्डबाट सरकारको स्वीकृतिका लागि पेस गरिने यससम्बन्धी नियमावलीलाई विशेष प्राथमिकता दिई स्वीकृति दिनुपर्ने आवश्यकता देखिन्छ ।

भित्री कारोबार बन्देजसम्बन्धी नियमावली तर्जुमा गर्दा नियमावलीमा कम्तीमा देहाय अनुसारका व्यवस्थाहरू समावेश हुनुपर्ने देखिन्छ ।

नियमावलीको परिच्छेद १ मा परिभाषा राखि सोमा अन्य विषयहरूका अतिरिक्त सूचीकृत संगठित संस्थामा नियम परिपालनाको अनुगमन, कारोबार तथा यस नियमावलीमा उल्लेखित आचारसंहिताको कार्यान्वयनको अनुगमन गर्न जिम्मेवार कुनै उच्च तहको पदाधिकारी अर्थात् "अनुपालना अधिकृत", सूचीकृत संगठित संस्थाको सञ्चालन, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, संस्थासँग पेसागतरूपमा सम्बन्ध राख्ने व्यक्ति तथा उनीहरूको परिवार मात्रलाई भित्री कारोबारमा सम्लग्न हुन सक्ने सम्बद्ध व्यक्ति नभनेर सम्बद्ध व्यक्तिमा उल्लिखित सम्बद्ध व्यक्तिहरूको नजिकको नातेदार, मुख्य कम्पनी वा सम्बद्ध कम्पनी, वा सहायक कम्पनी, वा ऐनको दफा ५८ मा उल्लेखित बजार मध्यस्थकर्ता वा सोको कुनै कर्मचारी वा सञ्चालक, वा कुनै लगानी कम्पनी, ट्रष्टी कम्पनी, सम्पत्ति व्यवस्थापन कम्पनी वा सोको कुनै कर्मचारी वा सञ्चालक, वा कुनै धितोपत्र बजार, वस्तु विनिमय बजार वा क्लियरिङ्ग हाउस वा सोको कुनै कर्मचारी वा सञ्चालक, वा बोर्डबाट मान्यता प्राप्त कुनै पनि स्वनियमित संस्था र सोसँग आबद्ध व्यक्ति, सञ्चालक वा कर्मचारीहरू तथा सोका नजिकको नातेदारहरू; वा कुनै पनि सूचीकृत संस्थाको नियमित कारोबार गर्ने आधिकारिक बैंक तथा वित्तीय संस्था; वा कम्पनीको १० प्रतिशत स्वामित्व धारण गर्ने कुनै पनि व्यक्ति वा संस्था, ट्रष्ट वा कम्पनीको सञ्चालक वा नजिकको नातेदार वा नियमित कारोबार गर्ने आधिकारिक बैंक तथा वित्तीय संस्था; कम्पनी, कम्पनीको धितोपत्र तथा धितोपत्रको बजार र वस्तु विनिमय बजारको प्रत्यक्ष नियमन गर्ने नियमन निकायसँग आबद्ध व्यक्ति, सञ्चालक वा कर्मचारीहरू तथा सोका नजिकको नातेदारहरू समेत समावेश हुने व्यक्ति वा संस्थालाई "सम्बद्ध व्यक्ति"; एकासगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, सासु, ससुरा, दाजुभाइ, दिदीबहिनी, भाउजु, बुहारी, साला, साली, भिनाजु, काका, काकी, मामा, माइजु, छोरा, छोरी, छोराबुहारी, नाति, नातिनी, नातिबुहारी वा ज्वाइँ समेतलाई "नजिकको नातेदार"; कुनै सम्बद्ध व्यक्ति वा; सार्वजनिक नभइसकेको मूल्य संवेदनशील सूचनासँग सम्बन्धित भएको वा सोको पहुँच भएको वा हुन सक्ने व्यक्तिलाई 'भित्री व्यक्ति'; टेलिफोन तथा मोबाइल फोन वा; इमेल, मोबाइल एस.एम.एस. तथा सामाजिक सञ्जालका माध्यमहरू वा; अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीयस्तरका रेडियो च्यानल, टि.भि. च्यानल, अनलाइन सञ्चार माध्यम तथा पत्रपत्रिकाहरू वा; कम्पनीको आधिकारिक वेवसाईट तथा अन्य आधिकारिक सूचना प्रवाह गर्ने माध्यमहरू वा; कम्पनीसँग सम्बद्ध विनिमय बजार तथा नियमक निकायको आधिकारिक वेबसाइट तथा अन्य सूचना प्रवाह गर्ने माध्यमहरू वा; भित्री व्यक्तिले दिनेसक्ने सूचना वा संकेत अंकित हुने व्यक्तिगत लेख, ब्लग तथा अन्तरवार्ता आदिमार्फत सूचना वा जानकारी प्रदानलाई 'सूचना प्रवाह'; सूचीकृत संस्था वा सोको धितोपत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित भई सार्वजनिक भई नसकेको संगठित संस्थाको विनियममा संशोधन; तात्विक असर पार्ने व्यावसायिक सम्झौता; तात्विक असर पार्ने व्यावसायिक सम्झौताको समाप्ति; तात्विक असर पार्ने सम्पत्ति खरिद/बिक्री; कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व विवरण; व्यवसाय/सेवाबाट बहिर्गमनसम्बन्धी विवरण; सम्पत्तिको पुनर्मूल्यांकन; लेखापरीक्षक परिवर्तन; संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहको अधिकृत परिवर्तन; संस्थाको नियन्त्रणमा परिवर्तन; शेयरपुँजीको स्वामित्व संरचना परिवर्तन; व्यवसायको प्रकृति परिर्वतन; लाभांश घोषणा वा पुँजी संरचना परिवर्तन; शेयरधनीको अधिकारमा तात्विक असर पर्ने हेरफेर; प्रतिफलका लागि शेयर निष्कासन; संस्थाले दायर गरेको वा संस्था विरूद्ध दायर भएको मुद्दा; संस्थाबाट जारी गरिएको सूचना; पूर्व घोषित विवरणमा त्रुटि; ठेगाना परिवर्तन; व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी; नामसारी दाखिल खारेज बन्द; कुनै असामान्य घटना र संस्थामा परेको असर; वार्षिक साधारणसभाको अनियमितता; सूचीकरण खारेजी वा सूचीकरण हुन आवश्यक कुरा; संस्थाको शेयर मूल्यमा तात्विक प्रभाव पार्ने अन्य घटना आदिलाई धितोपत्रको मूल्यमा असर पार्ने विशेष घटना वा परिस्थितिसम्बन्धी कुनै पनि सूचना

वा जानकारी 'सार्वजनिक नगरिएको मूल्य संवेदनशील सूचना' आदिको स्पष्ट परिभाषा समावेश गर्ने ।

परिच्छेद २ मा अनुपालना अधिकृतको नियुक्ति सम्बन्धी व्यवस्था समावेश गरी सोमा प्रत्येक सूचीकृत कम्पनीले आफूले जारी गर्ने मूल्य संवेदनशील सूचना र सोसँग सम्बन्धित कम्पनीका सञ्चालक तथा कर्मचारीले गर्ने कारोबारको नियमित व्यवस्थापनका लागि अनुपालना अधिकृतको नियुक्ति गर्नुपर्ने र अनुपालना अधिकृतको कार्य जिम्मेवारीअन्तर्गत कम्पनीको मूल्य संवेदनशील सूचनाको व्यवस्थित एवम् सुरक्षित तरिकाले प्रवाह गर्ने, कम्पनीको सार्वजनिक नगरिएको मूल्य संवेदनशील सूचनाको गोपनीयताको जिम्मेवारी लिने, कम्पनीको मूल्य संवेदनशील सूचना एवम् भित्री व्यक्तिले गर्ने कारोबारको विवरण नियमन निकायहरूमा समयमै पेस गरिएको यकिन गर्ने, कम्पनीका सञ्चालक तथा कर्मचारीले गर्ने सोही कम्पनीको धितोपत्रको किनबेचको योजना समयमै प्राप्त गर्ने र सोहीअनुरूप कारोबार भए नभएको यकिन गरी कारोबार प्रक्रियालाई सहजीकरण गर्ने तथा कम्पनीका सञ्चालक तथा कर्मचारीले गर्ने सोही कम्पनीको धितोपत्रको कारोबार गर्दा निजहरूको तर्फबाट धितोपत्र दलाललाई आदश दिने तथा कारोबार व्यवस्थित गर्ने कार्यका लागि अनुपालना अधिकृतको नियुक्ति गर्नुपर्ने व्यवस्था गर्ने; भित्री व्यक्तिले सूचीकृत कम्पनी र सोको धितोपत्रसम्बन्धी सार्वजनिक नगरिएको मूल्य संवेदनशील सूचना तोकिएको जिम्मेवारी पूरा गर्ने क्रममा वा कानुनले तोकेको अवस्थामा बाहेक अन्य कुनै अवस्थामा भित्री व्यक्तिलगायत कुनै पनि व्यक्तिलाई प्रवाह गर्न नपाउने, कुनै पनि व्यक्तिले सूचीकृत कम्पनी र सोको धितोपत्रसम्बन्धी सार्वजनिक नगरिएको मूल्य संवेदनशील सूचना तोकिएको जिम्मेवारी पूरा गर्ने क्रममा वा कानुनले तोकेको अवस्थामा बाहेक अन्य अवस्थामा प्राप्त गर्न नसक्ने गरी सूचना प्रवाहमा बन्देजको तथा प्रवाह गर्न सकिने विशेष सूचनासम्बन्धी र कम्पनीको सञ्चालक समितिबाट दोस्रो पक्षलाई प्रवाह गरिएको मूल्य संवेदनशील सूचनाको गोपनीयताको सुनिश्चितताको करार गर्नुपर्ने र सो सूचनाको आधारमा धितोपत्रको कुनै कारोबार नहुने सुनिश्चित गर्नुपर्ने व्यवस्था समावेश गर्ने र विशेष व्यवस्था गरिएबमोजिम बाहेक सार्वजनिक नगरिएको मूल्य संवेदनशील सूचनामा पहुँच रहेको कुनै पनि भित्री व्यक्तिले धितोपत्र बजारमा सूचीकृत भइसकेको वा हुन लागेको धितोपत्रको कारोबार गर्न नपाउने गरी कारोबारमा बन्देजको व्यवस्था गर्ने ।

त्यस्तै, परिच्छेद ३ मा भित्री व्यक्तिले गर्ने कारोबारको सूचना प्रवाहको व्यवस्था गरी सोमा सामान्य व्यवस्थाहरू, निश्चित व्यक्तिहरूले गर्नुपर्ने प्रारम्भिक सूचना प्रवाह, निरन्तर सूचना प्रवाह सूचना प्रवाह, सम्बद्ध व्यक्तिहरूले गर्नुपर्ने सूचना प्रवाहसम्बन्धी व्यवस्था समावेश गर्ने ।

परिच्छेद ४ मा स्वच्छ सूचना प्रवाहसम्बन्धी आचारसंहिताको व्यवस्था गरी सोमा स्वच्छ सूचना प्रवाहसम्बन्धी कोड तथा व्यवस्था, सूचना प्रवाहसम्बन्धी न्यूनतम व्यवस्थाहरू समावेश आचारसंहिताको व्यवस्था, सार्वजनिक नगरिएको मूल्य संवेदनशील सूचनाको पहुंच हुने प्रत्येक अन्य व्यक्ति तथा संस्थाले समेत आफ्ना कर्मचारी तथा सम्बद्ध व्यक्तिहरूले गर्ने धितोपत्रको कारोबारको नियमन, सुपरिवेक्षण तथा संबन्धित निकायहरूलाई बुझाउनुपर्ने विवरणहरूको अभिलेख राख्ने अनिवार्य व्यवस्था तथा सूचना प्रवाहसम्बन्धी आचार सहितासम्बन्धी कम्पनीबाट भएगरेका कार्यविवरणहरूको अभिलेख समेत वार्षिक प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नुपर्ने व्यवस्था समावेश गर्ने ।

परिच्छेद ५ मा जाँचबुझ तथा दण्ड सजायको व्यवस्था गरी सोमा बार्डले भित्री कारोबारसँग सम्बन्धित अनुसन्धान तथा कारबाहीको प्रक्रियामा नेपाल प्रहरी तथा अन्य सम्बन्धित निकायहरूसँग आवश्यक सहयोग लिन सक्ने, बोर्डले सम्बन्धित सञ्चारका माध्यमको जाँचबुझ गर्ने सक्नेः (१) भित्री कारोबारसँग सम्बन्धित हुने अनुसन्धानमा बोर्डले सम्बन्धित नियमन निकायहरूको सहयोग लिई संलग्न व्यक्ति तथा संस्थाहरूसँग सम्बन्धित सञ्चारका माध्यमहरू जस्तै टिभी, रेडियो, छापा, टेलिफोन बार्ता, एसएमएस, इमेल तथा सामाजिक सञ्जालहरूको जाँचबुझ गर्ने र कुनै व्यक्ति वा संस्था वा मध्यस्तकर्ता भित्री कारोबारमा संलग्न रहेको पाइएमा ऐन बमोजिम कारबाही हुने तथा कुनै व्यक्ति वा कम्पनीको सञ्चालक वा उच्च पदको कर्मचारी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भित्री कारोबारमा संलग्न रहेको पाइएमा कम्तीमा दश (१०) वर्षसम्म कुनै पनि सूचीकृत संस्थाको जिम्मेवारीमा रहन अयोग्य हुने व्यवस्थाहरू समावेश गरी भित्री कारोबार बन्देजसम्बन्धी स्पष्ट व्यवस्थाहरू सहितको भित्री कारोबार बन्देज नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । उल्लिखित व्यवस्थाहरू समावेश गरी भित्री कारोबार सम्बँन्धी विशेष नियमावली तर्जुमा भई कार्यान्वयमा ल्याइएमा यस्ता गतिविधिहरूको प्रभावकारीरूपमा सुपरिवेक्षण तथा कानुन प्रबलीकरण गर्न सहज हुने र यसबाट ऐन नियम विपरितका गतिविधिहरूमार्फत भित्री सूचनाका आधारमा हुने कारोबार निरूत्साहित भई न्यूनीकरण हुने वातावरण बन्ने देखिन्छ ।

### (ख) बजारसम्बन्धी सूचना प्रवाहमा सुधार ल्याई बजारको विश्वसनीयता अभिवृद्धि गर्ने

बजारमा सूचीकृत कम्पनीहरूले विभिन्न आवधिक वित्तीय विवरणहरू बोर्ड तथा धितोपत्र बजार (हाल नेप्से) मा पेस गर्नुका साथै दैनिक पत्रपत्रिकामार्फत सार्वजनिक गर्नुपर्ने धितोपत्रसम्बन्धी ऐन तथा नियमका व्यवस्था पूर्णरूपमा परिपालना नगर्ने अभ्यासका साथै विभिन्न मूल्य संवेदनशील सूचना समेत प्रभावकारीरूपमा प्रवाह गर्ने अभ्यास नहुँदा केही भित्री तथा सीमित व्यक्तिले सूचनाको पहुँचका आधारमा बजारमा चलखेल गर्ने र बजार गतिविधिहरूलाई अविश्वसनीय बनाउने कार्य गरिरहेको सम्बन्धमा विभिन्न गुनासाहरू तथा आर्थिक सञ्चार माध्यमहरूमा प्रकाशन भइरहेकोले यस्ता गतिविधिहरूको स्थलगत तथा गैरस्थलगत रूपमा प्रभावकारी सुपरिवेक्षण गरी ऐन नियमको व्यवस्थाको परिपालना नगर्ने पक्षहरूलाई कानुनी दायरामा ल्याई गलत अभ्यासलाई निरूत्साहित गर्न आवश्यक देखिन्छ । ऐन नियम बमोजिमका जानकारी तथा सूचना समयमै प्रवाह गरिएमा र प्रवाहित सूचनामा आम लगानीकर्ताहरूको पहुँचको सुनिश्चितता गरिएमा बजार गतिविधि पारदर्शी भई धितोपत्रको भित्री कारोबारमा कमी आउने गर्दछ ।

### (ग) बजारको स्थलगत निरीक्षण, सुपरिवेक्षण, बजार अनुसन्धान तथा कानुन प्रबलीकरणमा जोड दिने

धितोपत्र बजारको स्थलगत निरीक्षण, बजार सुपरिवेक्षण, बजार अनुसन्धान तथा कानुन प्रबलीकरण कार्यलाई चुस्त दुरूस्त एवम् प्रभावकारी बनाइएमा भित्री कारोबारमा कमी ल्याउन सकिन्छ र सोका लागि बजार नियमन तथा सुपरिवेक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त तथा अभ्यास अनुरूप देशको संस्थागत क्षेत्र, वित्तीय प्रणाली तथा समग्र अर्थतन्त्रको विकासको अवस्था तथा भविष्यको सम्भावना अनुकूल हुने गरी आवश्यक निर्देशिका (Manual/Directives) हरू तर्जुमा गरी लागु गर्न आवश्यक देखिन्छ । यस्ता निर्देशिकाहरूको तजुमा गरी लागु गरिएमा बजार सुपरिवेक्षण कार्य प्रभावकारी हुने र यसले भित्री कारोबारको सम्भावना कम भई बजार नियमन तथा बजार सञ्चालन र व्यवसायी सेवा समेत परिपक्व हुने तथा बजारमा आम लगानीकर्ताहरूको विश्वास अभिवृद्धि हुन्छ ।

बोर्ड धितोपत्र तथा फ्यूचर्स बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसिएट सदस्य भइसकेको हालको अवस्थामा पनि धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षण कार्य अपेक्षितरूपमा प्रभावकारी हुन नसकी भित्री कारोबारको सम्भावना समेत बढ्दै गएको सन्दर्भमा बजारसम्बन्धी नियमन व्यवस्थाहरू र बजार नियमन तथा सुपरिवेक्षण कार्यविधि तथा अभ्यासलाई अन्तर्राष्ट्रिय सिद्धान्त एवम् मान्यता अनुकूल बनाई बजारको नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन बजारमा हुने सुधार तथा विकास कार्य एवम् बजार सुधारसम्बन्धी नीति तथा कार्यक्रमलाई अध्ययन अनुसन्धानमा आधारित बनाई सुदृढरूपमा अगाडि बढाउँदा बजारमा नीति, नियम तथा निर्देशन बजार सहभागी तथा आम लगानीकर्ताको हितमा हुने भई भित्री कारोबारको संभावनामा समेत कमी आउने वातावरणको विकास हुन्छ ।

धितोपत्रसम्बन्धी ऐन, २०६३ मा नेपाल धितोपत्र बोर्डलाई बजारको स्वायत्त एवम् प्रभावकारी नियमनका लागि पर्याप्त व्यवस्था तथा अधिकार जस्तै धितोपत्र कारोबारसम्बन्धी कसुर गर्ने व्यक्ति तथा संस्थाको बैंकिङ् अभिलेखमा बोर्डको पहुंचको अधिकारको अभाव, धितोपत्रसम्बन्धी विशेष नियमावलीहरू स्वीकृति गर्ने अधिकारको अभाव, सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाको सदस्यता लिने तथा प्रशिक्षण प्रतिष्ठानको स्थापनासम्बन्धी निर्णय गर्ने स्पष्ट अधिकारको अभावलगायत अन्य आवश्यक अधिकारहरूको अभावले समेत बोर्डको नियमनमा स्वायत्तता नहुँदा बोर्ड अधिकार सम्पन्न भई सुदृढ नियमन निकाय हुन नसकेकोले यी सबै व्यवस्थाहरू हुनेगरी बोर्डसम्बन्धी छुट्टै नयाँ ऐनको व्यवस्था गर्न आवश्यक छ ।

त्यस्तै अन्तर्राष्ट्रिय अभ्यास एवम् क्षेत्रीय अभ्यास र नेपालको बैंक तथा वित्तीय संस्थाहरूको नियमन अभ्यास अनुरुप (जस्तो बैंक तथा वित्तीय संस्थाहरूको नियमन सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ गरी दुई छुट्टाछुट्टै ऐन रहेको) हुने गरी धितोपत्र बजार नियमनसम्बन्धी अर्को नयाँ छुट्टै ऐन तर्जुमा गरी बार्डको अधिकार तथा कार्य सञ्चालन र धितोपत्र बजार गतिविधिहरूको नियमनसम्बन्धी छुट्टाछुट्टै स्पष्ट व्यवस्था गरी धितोपत्र बजारको नियमन व्यवस्थालाई सशक्त एवम् प्रभावकारी बनाउन सकिएमा धितोपत्र बजारको अन्य सुधार तथा विकास गर्न र भित्री कारोबारमा समेत कमी ल्याउनमा सहज वातावरण बन्ने देखिन्छ ।

### (घ) लगानीकर्ताहरूको गुनासो समाधानको सुदृढ व्यवस्था गर्ने

सूचीकृत संगठित संस्थाहरूको सूचना प्रवाहलगायत सुशासनको सुदृढ व्यवस्था तथा अभ्यास भएमा लगानीकर्ताहरूको हकहितको रक्षा हुने र यसबाट

भित्री कारोबारको सम्भावना समेत कम हुने गर्दछ भने यसको विपरित हुन गएमा सूचीकृत संगठित संस्थाबाट लगानीकर्ताहरूको बृहत हकहित अनुकूलका कार्यहरू नहुने तथा भित्री कारोबारको सम्भावना समेत बढ्ने तथा यसबाट लगानीकर्ताहरूको गुनासाहरू बढ्दै जाने हुन्छ । सूचीकृत संगठित संस्थाहरूलाई लगानीकर्ताहरूको बृहत हकहित हुने गरी सञ्चालन गराउन तथा भित्री कारोबारको सम्भावना समेतलाई कम गर्न लगानीकर्ताहरूको गुनासो समाधानको चुस्त दुरूस्त व्यवस्था हुन नितान्त आवश्यक हुन्छ । लगानीकर्ताहरूको गुनासो समाधानको हालको व्यवस्था तथा अभ्यास अपेक्षितरूपमा चुस्त दुरूस्त भएको देखिदैन् ।

यसमा सुधारका लागि धितोपत्र व्यवसाय सेवासम्बन्धी गुनासो समाधानको सुदृढ व्यवस्था गर्न धितोपत्र व्यवसायीहरूलाई, सामूहिक लगानी योजना तथा शाख मूल्याङ्कनसम्बन्धी गुनासा क्रमशः सामूहिक लगानी योजना तथा शाख मूल्याङ्कन संस्थालाई, धितोपत्र कारोबारसम्बन्धी गुनासो समाधानका लागि नेप्से र कारोबार पश्चात्को राफसाफ तथा फछ्र्योटसम्बन्धी गुनासो समाधानका लागि सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) लाई ठोस निर्देशन दिनुका साथै नियमनसम्बन्धी गुनासो समाधान तथा बजारका अन्य पक्षहरूबाट समाधान नभएका गुनासाहरू समाधानका लागि समाधान नगरिदिएको प्रमाणसहित बोर्डमा गुनासा राख्न सकिने व्यवस्था गर्न आवश्यक देखिन्छ । बोर्डमा गुनासो समाधानको सुदृढ व्यवस्था गर्न आवश्यक Platform/software जस्तै SEBON complaints redress system (SCORES) विकास गरी सञ्चालनमा ल्याउने र बोर्डबाट सर्वसाधारण लगानीकर्ताहरूलाई गुनासाहरू व्यवस्थित एवम् उपयुक्त तरिकाले राख्ने सम्बन्धमा आवश्यक सचेतना समेत अभिवृद्धि गर्न आवश्यक छ ।

### (ङ) बोर्ड, नेप्से तथा सिडिएससीका पदाधिकारी एवम् कर्मचारीलाई धितोपत्र कारोबारमा बन्देज लगाउने

बोर्ड, नेप्से तथा सिडिएससी र अन्य व्यवसाय विशेष नियमन निकाय नेपाल राष्ट्र बैंक, बिमा समिति तथा विद्युत नियमन आयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरू भित्री सूचनामा पहुँच हुने व्यक्ति हुने भएकोले उनीहरूलाई धितोपत्र कारोबार गर्न बन्देज लगाइनु पर्दछ । यस्तो अभ्यास अन्य देशहरूमा समेत रहेको हुन्छ तर नेपालमा हालसम्म यस्तो व्यवस्थामा कडाइ गरिएको देखिँदैन, जुन अनिवार्य रूपमा हुनुपर्दछ । उल्लेखित निकायमध्ये केहीमा पदाधिकारी एवम् कर्मचारीहरूका लागि आचारसंहिता तथा प्रतिबन्धात्मक व्यवस्था त गरेको देखिन्छ तर उक्त आचारसंहिताका सम्बन्धित व्यवस्थाहरू तथा सम्बन्धित प्रतिबन्धात्मक व्यवस्थाहरू पूर्णरूपमा पालना भए/नभएको अनुगमन गर्ने तथा नभएको पाइएमा कारबाही गरी निरूत्साहित गर्ने कार्यलाई गम्भीरतापूर्वक लिई समन्वयात्मक रूपमा अगाडि बढाउने गरेको पाइदैन् । यसमा यथाशीघ्र सुधार गरिएमा बजारमा विभिन्न पक्षहरूको आपसि हित बाझिएर हुने कमिकमजोरीहरू (Malpractices due to the conflict of interest) निरूत्साहित हुने तथा बजार नियमन, बजार सञ्चालन तथा व्यवसायी सेवा प्रवाह प्रभावकारी भई बजार थप स्वच्छ, पारदर्शी एवम् विश्वसनीय समेत हुने वातावरण बन्नेछ ।

यस तथ्यलाई हृदयगम गरी बोर्ड, नेप्से तथा सिडिएससीमा रहे भएका आचारसंहितामा समसामयिक सुधार गराई त्यसलाई कडाइपूर्वक लागु गरी सम्बन्धित निकाय तथा संस्थाहरूमा कार्यरत पदाधिकारी एवम् कर्मचारीहरूले सूचीकृत धितोपत्रमा लगानी गर्न नपाउने व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । साथै, विशेष नियमन निकाय नेपाल राष्ट्र बैंक, बिमा समिति तथा विद्युत नियमन आयोगसँग आवश्यक समन्वय स्थापित गरी तत्तत् निकायमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूलाई समेत उक्त निकायसँग सम्बन्धित सूचीकृत कम्पनीको धितोपत्रमा लगानी गर्न बन्देज लगाउने व्यवस्था गर्ने तथा गराउन समेत आवश्यक छ । यसबाट देशको धितोपत्र बजारमा भित्री कारोबार लगायतका अस्वच्छ गतिविधिहरूमा मात्र कमी नआई धितोपत्र बजार स्वच्छ एवम् पारदर्शी भई समग्र वित्तीय प्रणाली स्वच्छ एवम् पारदर्शी हुनमा समेत सहयोग पुग्ने देखिन्छ ।

### (च) बोर्डको सूचना प्रविधि नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउने

बोर्डले सूचना प्रविधि नीति, २०७६ लागु गरिसकेकोले यसलाई प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउने र बजारलाई सूचना प्रविधिमैत्री बनाई बजारको दक्षता अभिवृद्धि गर्न बोर्डले केही समयअघि परामर्शदातामार्फत विकास गरी कार्यान्वयनमा ल्याएको Online Reporting System अर्थात् System for Electronic Reporting and Retrieval (ERRS) लाई थप विस्तार तथा सुदृढ गरी यसलाई थप प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याइएमा सूचीकृत संगठित संस्थाहरूलगायत अन्य बजार सहभागीहरूको सूचना प्रवाह कार्य सहज एवम् कम खर्चिलो हुने, बजारको पारदर्शिता तथा गतिशीलतामा

समेत सुधार आउने र यसबाट बजारमा भित्री कारोबारको सम्भावनामा कमी आउने देखिन्छ ।

### (छ) लगानीकर्ता शिक्षा तथा व्यावसायिकता अभिवृद्धिका लागि छुट्टै संस्थागत व्यवस्था गर्ने

नेपालको धितोपत्र बजारमा हालसम्म पनि बजारसम्बन्धी अध्ययन अनुसन्धान, व्यावसायिकता अभिवृद्धि र लगानीकर्ता शिक्षाका लागि एक छुट्टै संस्थागत व्यवस्था भइसकेको छैन् । यस्तो छुट्टै स्वायत्त संस्थागत व्यवस्था नहुँदा बजारमा अध्ययन अनुसन्धान, व्यावसायिकता अभिवृद्धि र लगानीकर्ता शिक्षासम्बन्धी गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । साथै देशमा वित्तीय शिक्षालाई व्यावहारिक बनाई देशका बहुसंख्यक जनतालाई वित्तीय साक्षर बनाउनुपर्ने आवश्यकता बढ्दै गएको छ । उल्लेखित विषयवस्तुहरूमा आवश्यक जोड नदिइँदा अर्थात् सोका लागि आवश्यक संस्थागत व्यवस्था नभएको कारणले समेत धितोपत्र बजार केवल सट्टेबाजी गर्ने संयन्त्र (Speculative mechanism) मात्र हो भन्ने आम बुझाव बन्दा धितोपत्र बजारले हालसम्मपनि अपेक्षितरूपमा परिपक्वता हाशील गर्न नसकेको, बजारमा भित्री कारोबारलगायत अन्य अस्वच्छ गतिविधि समेतका कारणले एकदमै उतारचढावयुक्त हुन पुगेको तथा धितोपत्र बजार देशको औद्योगिकीकरण तथा व्यापारिकीकरणका लागि आवश्यक दीर्घकालीन पुँजी परिचालनको विश्वासिलो र भरपर्दो संयन्त्र हुन नसकेको अवस्था विद्यमान रहेको छ । यसमा सुधार ल्याउन यथाशिघ्र संस्था दर्ता ऐन, २०३४ बमोजिम धितोपत्र बजार, वस्तु विनिमय बजार तथा वित्तीय शिक्षासम्बन्धी प्रतिष्ठान स्थापना गरी देशमा धितोपत्र बजार, वस्तु विनिमय बजार तथा वित्तीय शिक्षासम्बन्धी अध्ययन अनुसन्धान, व्यावसायिकता अभिवृद्धि तथा लगानीकर्ता शिक्षासम्बन्धी एक सुदृढ संस्थागत व्यवस्था गर्न आवश्यक देखिन्छ ।

नेपाल सरकारले हाल वित्तीय साक्षरतासम्बन्धी रणनीति तयार गर्दै गरेकोले यसलाई प्रभावकारीरूपमा लागु गर्न समेत उपयुक्त संस्थागत व्यवस्थाहरूको आवश्यकता हुने जसमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा बिमा प्राधिकरण जस्ता नियमन निकायहरूको समेत महत्त्वपूर्ण भूमिका हुने सन्दर्भमा बोर्डले स्थापना गर्ने तालिम तथा शिक्षा प्रतिष्ठान (Training and education institute) को महत्त्वपूर्ण भूमिका हुनेछ । बोर्डमा रहेको पुस्तकालयमा आवश्यक थप अध्ययन सामग्रीहरूसहित उपयुक्त व्यवस्थापन गरी धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विश्वविद्यालय तथा स्वतन्त्र विज्ञहरूबाट हुने अध्ययन अनुसन्धान कार्यलाई सहजीकरण एवम् प्रोत्साहित गर्न आवश्यक छ ।

बोर्डले धितोपत्र बजार नियमनको सुरूवात गरेको ३० वर्ष हुँदासम्म पनि धितोपत्र बजार सञ्चालन, व्यवसायी सेवा प्रवाह तथा नियमनमा संलग्न जनशक्तिको निरन्तर व्यावसायिकता अभिवृद्धिको स्तरीय व्यवस्था हुन सकेको छैन् । यसले गर्दा धितोपत्र बजारमा उच्च व्यावसायिक व्यक्तित्वको अभाव खड्किरहेको देखिन्छ । यसमा सुधार ल्याउन तथा धितोपत्र बजार गतिविधिहरूलाई उच्च व्यावसायिक तथा मर्यादित बनाउनका लागि समेत आवश्यक संस्थागत व्यवस्था गरी निरन्तर व्यावसायिकता विकास निर्देशिका बनाई लागु गर्ने र निरन्तर व्यावसायिकता विकास (Continuing professional development-CPD) कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### (ज) धितोपत्र दलाल व्यवसायी तथा व्यापारी सेवालाई प्रतिस्पर्धी एवं सर्वसुलभ बनाउने

धितोपत्रको दोस्रो बजार व्यवसायी सेवालाई थप व्यावसायिक तथा प्रतिस्पर्धी बनाई देशभर पहुँच अभिवृद्धि गरी धितापत्रको माग पक्षको उपयुक्त व्यवस्थापन गर्न तथा धितोपत्रको दोस्रो बजार मूल्यलाई स्थिरता प्रदान गर्न र संस्थागत लगानीकर्ताहरूका लागि धितोपत्र बजार आकर्षक बनाउन बोर्डको वार्षिक नीति तथा कार्यक्रम र चार वर्षीय रणनीतिक योजनामा प्राथमिकतामा परेको तथा मौद्रिक नीतिमा व्यवस्था भएको वाणिज्य बैंकहरूलाई सहायक कम्पनीहरूमार्फत धितोपत्र दलाल व्यवसाय सेवा प्रदान गर्ने नीतिलाई कार्यान्वयनमा ल्याउन नेप्सेलाई निर्देशित गर्नुका साथै अन्य आवश्यक सम्पूर्ण सहजीकरण कार्य गरी वाणिज्य बैंकहरूको सहायक कम्पनी, विशेष ऐनअन्तर्गत स्थापित कम्पनीको सहायक कम्पनी र अन्य धितोपत्र दलाल व्यवसायी सेवा प्रदान गर्ने उद्देश्य लिई स्थापित पब्लिक लिमिटेड कम्पनीलाई धितोपत्र दलाल व्यवसायी सेवा र इच्छुक तथा तोकिएको पुँजी आधार पूरा गरेका पब्लिक लिमिटेड कम्पनीहरूलाई धितोपत्र व्यापारी तथा कारोबारसँग निक्षेप सदस्य, आस्वा सदस्य लगायतका सेवा सञ्चालन अनुमति पत्र दिने र धितोपत्र दलाल व्यवसायीहरूको आधिकारिक प्रतिनिधिहरू (Authorised representatives) समेतको व्यवस्था गरी देशको विकट तथा दुर्गम क्षेत्रहरूमा समेत दलाल व्यवसायीहरूको पहुँचको व्यवस्था मिलाई धितोपत्र दलाल व्यवसायी सेवालाई सर्वसुलव, व्यावसायिक तथा प्रतिस्पर्धी बनाउने कार्यमा तत्काल अगाडि बढ्नुपर्ने अवस्था रहेको छ । यसबाट धितोपत्रको दोस्रो बजार तथा धितोपत्र

दलाल व्यवसायी सेवा प्रतिस्पर्धी हुने तथा धितोपत्र दलाल व्यवसायी सेवाको पहुँचमा वृद्धि हुने र धितोपत्रको थोक खरिद तथा बिक्रीकर्ताको रूपमा धितोपत्र व्यापारी समेत बजारमा सहभागी हुँदा धितोपत्रको मागमा वृद्धि आउने र बजारमा भित्री कारोबार लगायतका अन्य अस्वच्छ गतिविधिहरूका लागि असहज वातावरण बन्ने तथा बजारमा विश्वास बढ्ने देखिन्छ ।

### (झ) धितोपत्र बजार नियमन व्यवस्थासम्बन्धी संरचनात्मक कमीकमजोरीहरूमा सुधार गर्ने

बोर्डको सञ्चालक समितिमा नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको प्रतिनिधित्व हुने व्यवस्थाले समेत उनीहरूको सम्बन्धित व्यवसाय र बोर्डमा प्रतिनिधित्वमार्फत बजारको नियमन गर्ने जिम्मेवारीबीच हित बाझिने कार्य (Conflict of interest) हुन गई बोर्डको बजार नियमन तथा कानुन प्रबलीकरण कार्य प्रभावकारी हुन सकिरहेको छैन् । बोर्डको नियमनलाई सुदृढ बनाउन यसको सञ्चालक समितिको वर्तमान संरचनामा परिवर्तन गरी कार्यकारी तहको प्रतिनिधित्व बढाई सञ्चालक समितिलाई थप व्यावसायिक बनाउन कार्य भएमा धितोपत्र बजार नियमन व्यवस्था सुदृढ भई बोर्ड धितोपत्र बजारको सशक्त नियमन निकाय हुने र यसबाट धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी भई धितोपत्रको भित्री कारोबार निरूत्साहित हुने देखिन्छ ।

### (ञ) नेपालको पुँजी बजार तथा नियमन निकायको अन्तर्राष्ट्रिय आबद्धता बढाउने

बोर्ड २०१६ जूलाईमा IOSCO को Associate सदस्य भएको भए तापनि हालसम्म पनि IOSCO को MMoU मा हस्ताक्षर गरी पूर्ण सदस्य अर्थात् साधारण सदस्य हुन नसकेकोले बोर्डको अन्तर्राष्ट्रियस्तरमा Reputation सुदृढ हुन नसकेको र IMF तथा World Bank जस्ता संस्थाहरूले लगानीका लागि विभिन्न Jurisdictional Assessment गर्दा नेपाललाई समावेश गर्ने नगरेको र पुँजी बजारमा लगानीकर्ताहरूको विश्वास अभिवृद्धि हुने, पुँजी परिचालनमा गतिशीलता आउने र पुँजीको लागतसमेत कम गर्न सघाउ पुग्ने गरी बजार सुधार तथा विकास कार्य हुन नसक्नुका साथै नेपालको धितोपत्र बजार नियमनले विश्व पुँजी बजार नियमनको थप प्रभावकारिता तथा सवलता सुनिश्चित गर्न सहयोग समेत नपुगिरहेको हालको अवस्थाले बोर्डको IOSCO को Associate सदस्यता केवल खर्च बढाउने काम मात्र हुन पुगेकोले बोर्डले IOSCO को Multilateral Memorandum of Understanding on Cooperation and Consultation and Exchange of Information (the “MMoU”) मा हस्ताक्षर गरी IOSCO को साधारण सदस्यता प्राप्त गर्नमा सक्दो प्रयास गर्न आवश्यक देखिन्छ । यसबाट नेपालको धितोपत्र बजार नियमन निकाय (बोर्ड) तथा नेपालको धितोपत्र बजारको विश्वमा चिनारी हुनुका साथै बोर्डलाई धितोपत्रसम्बन्धी भित्री कारोबार लगायतका अन्य अपराधको अनुसन्धान तथा तहकीकात गर्ने कार्यका साथै बजारको स्तर अभिवृद्धि गर्नमा र विस्तारै धितोपत्र निष्कासन, सूचीकरण तथा कारोबारको अन्तर्राष्ट्रियकरण गर्न अर्थात् Cross border listing & trading को व्यवस्था गर्ने कार्य गर्नमा विश्वका अन्य नियमन निकायहरूबाट विभिन्न किसिमका प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्न सहज हुने वातावरणको विकास हुनेछ ।

### (ट) बोर्डमा केन्द्रीय तथ्याङ्क बैंक स्थापना गरी बजारसम्बन्धी तथ्याङ्कहरूको नियमित व्यवस्थापन गर्ने

बोर्डमा एसडिएमएस (SDMS) आयोजनाअन्तर्गत धितोपत्रको केद्रीय तथ्याङ्क बैंक स्थापना भएको भए तापनि यसमा नियमितरूपमा तथ्याङ्कहरूको सङ्कलन तथा प्रशोधन गरी प्रविष्ट गर्ने अभ्यास नहुँदा धितोपत्रको केदीय तथ्याङ्क बैंक बन्न नसकेको र हाल वस्तु विनिमय बजार समेतको नियमन प्रारम्भ भइसकेको परिप्रेक्ष्यमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी सम्पूर्ण तथ्याङ्कहरूको केन्द्रीय रूपमा व्यवस्थापन गर्न धितोपत्र बजार तथा वस्तु विनिमयसम्बन्धी केद्रीय तथ्याङ्क बैंक स्थापना गरी बजारसम्बन्धी तथ्याङ्कहरूको उच्च व्यवस्थापन कार्य गर्न आवश्यक छ । यसले धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी तथ्याङ्कहरूको समुचित व्यवस्थापन भई तथ्याङ्कहरूको सहज उपलब्ध हुँदा बजारसम्बन्धी विषय शीर्षकमा स्वतन्त्ररूपमा हुने अध्ययन अनुसन्धान कार्य प्रोत्साहित हुनेछ भने धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम र बजार सुधार तथा विकास गतिविधिहरू अध्ययन अनुसन्धानमा आधारित भई बजारका लागि आवश्यक पूर्वाधारको विकास तथा नियमन व्यवस्थाहरूको प्रभावकारीरूपमा कार्यान्वयन हुने वातावरण तयार भई धितोपत्रको भित्री कारोबारलगायत अन्य अपराधिक गतिविधिहरूको सम्भावना कम हुने तथा यस्ता गतिविधिहरूको समयमै पहिचान गरी सोको अनुसन्धान तथा तहकिकात कार्य गरी कानुनी सजाय गर्ने कार्य समेत सहज हुने देखिन्छ ।

**अन्त्यमा,**

नेपालमा धितोपत्र बजारको प्रभावकारीरूपमा नियमन गर्न र बजारलाई स्वच्छ, प्रारदर्शी तथा विश्वसनीयरूपमा विकास विस्तार गर्न बोर्डको नियमन तथा कानुनी प्रबलीकरण क्षमता अभिवृद्धि तथा बोर्डमा सुपरिवेक्षण प्रणालीलगायत सूचना प्रविधि पूर्वाधारको सुदृढ व्यवस्था, कानुनी तथा नियमन संरचनाको सुदृढीकरण, बजार पूर्वाधारको सुदृढीकरण तथा विकास, कानुनी व्यवस्थाको परिपालना, बजार सुपरिवेक्षण, अनुसन्धान तथा कानुन प्रबलीकरण, बजारको सुशासन अभ्यासमा सुधार तथा व्यावसायिकता विकास, अध्ययन/अनुसन्धान तथा लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धिसम्बन्धी व्यवस्थाहरूमा सुधार तथा विकास गर्ने कार्य भएमा धितोपत्र बजारमा हुने भित्री कारोबारलगायत अन्य अपराधिक गतिविधिहरूमा कमी आउनेमा कसैको दुईमत नहोला । ■■

*लेखक नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक हुनुहुन्छ ।*

**सन्दर्भ सामग्रीहरू**

१. धितोपत्रसम्बन्धी ऐन, २०६३

२. नेपाल धितोपत्र बोर्ड नियमावली, २०६४

३. PROHIBITION OF INSIDER TRADING) REGULATIONS, 2015, SEBI

३. Macrothink Institute (2013), A Global Comparison of Insider Trading Regulations, International Journal of Accounting and Financial Reporting ISSN 2162-3082 2013, Vol. 3, No. 1, 1-23.

४. www.iosco.org: Objectives and Principles of Securities Regulations ("Principles")

५. Gao, P. (2010), "Disclosure quality, cost of capital and investors' welfare", Accounting Review, Vol. 85, No.1, pp.1-29.

६. INSIDER TRADING ACT. 1998, Republic of South Africa Government Gazette

७. Michael V. Seitzinger Legislative Attorney (2016), Federal Securities Law: Insider Trading, Congressional Research Service . The Library of Congress, USA

८. INSIDER TRADING HOW JURISDICTIONS REGULATE IT REPORT, (2003), REPORT OF THE EMERGING MARKETS COMMITTEE OF THE INTERNATIONAL ORGANIZATION OF SECURITIES COMMISSIONS

९. M. Karsch / THE INSIDER TRADING SANCTIONS ACT: INCORPORATING A MARKET INFORMATION DEFINITION, Journal of Comparative Business and Capital Market Law 6 (1984) 283-305 283 North-Holland

# नेपालमा अनौपचारिक रोजगारीको अवस्था



डा. लोकनाथ भुसाल

## परिचय

रोजगारी विभिन्न अवस्थाको हुन सक्दछ । रोजगारी जीविकोपार्जन, आयआर्जन र आत्मोन्नतिका लागि गर्ने गरिन्छ । रोजगारी आर्थिक विकासको पूर्वसर्त नै हो । कामदारको छनौट, नियुक्ति, सेवा सुविधा र सामाजिक सुरक्षा व्यवस्थित र निर्धारित मापदण्ड वा कानुनद्वारा नै व्यवस्था भएको रोजगारीलाई औपचारिक रोजगारीको रूपमा लिन सकिन्छ । यस्तो रोजगारीमा जोखिम कम हुन्छ, ज्याला बढी हुन्छ, श्रमिकको हक अधिकार सुनिश्चित हुन्छ र कामको सम्मान रहन्छ । औपचारिक रोजगारीलाई उत्पादनशील र मर्यादित रोजगारीको रूपमा लिने गरिन्छ । त्यसैले संसारभर औपचारिक रोजगारी बढाउन प्रयासहरू हुने गरेका छन् । सामान्यतया: औपचारिक अर्थतन्त्र र औपचारिक रोजगारीको बीचमा सकारात्मक सम्बन्ध रहेको हुन्छ । श्रम कानुनको पहूँच र सरकारको नियमनकारी भूमिकाले पनि औपचारिक रोजगारीको मात्रा निर्धारण हुने गर्दछ ।

रोजगारीको अर्को अवस्था अनौपचारिक रोजगारी हो । अनौपचारिक रोजगारीको एउटै र स्वीकार्य परिभाषा छैन । बायाँतर्फको चित्रमा देखाएजस्तै अनौपचारिक रोजगारीमा कार्य वातावरण (Working Conditions) र रोजगारीका सर्तहरू (Employment Conditions) कमजोर हुने गर्दछन् (Benavides FG, Silva–Peñaherrera M, Vives A, 2022). Employment conditions अन्तर्गत lack of contracts, working hours and schedule, low income, employment insecurity, lack of social security and workplace rights, etc.) र Working conditions अन्तर्गत unsafe workplace,



poor air quality, heavy load handling, high demand and low control, etc . as well as poor living conditions and limited access to health services पर्दछन् । अनौपचारिक कामलाई मर्यादित काम बनाउन यी दुवै अवस्थामा सुधार ल्याउनु जरूरी हुन्छ । अनौपचारिक रोजगारी वा कामलाई अभिलेख नभएको तर महत्त्वपूर्ण कामको रूपमा लिने गरिएको छ । यस्तो रोजगारीले अर्थतन्त्रको जरामा मल–जल गर्ने काम गरेको हुन्छ । कामदारको हिसाबले यस्तो काम रहरभन्दा बाध्यताले गरिने गरिन्छ । बेरोजगारी बढी रहेको र अनौपचारिक अर्थतन्त्रको हिस्सा ज्यादा रहेको मुलुकमा अनौपचारिक रोजगारीको प्रधानता रहने गर्दछ । यस्तो काम निर्धारित सेवासर्तको अभावमा असुरक्षित र जोखिमपूर्ण हुने गर्दछ । गरूजेल मात्र खाने भएकोले यस्तो रोजगारीमा रहनेलाई कानुनी संरक्षण, सामाजिक सुरक्षा र श्रमिको हक अधिकारको व्यवस्था पनि हुँदैन । श्रमिकको शोषण यही हुन्छ । ज्याला कम भएकोले काम गरेर पनि गरिबीमा रहनुपर्ने (वर्किङ पोभर्टी) अवस्था विद्यमान रहन्छ । आपत–विपतको समयमा प्रदान गरिने सरकारी राहत पनि अनौपचारिक क्षेत्रका श्रमिकलाई उपलब्ध हुँदैन् । यसले गर्दा गरिबीको जोखिम बढ्छ ।

अनौपचारिक रोजगारी स्थायित्व पनि नभएको काम हो । यस्तो कामबाट व्यवसायी वा रोजगारदातालाई केही लाभ हुने भएतापनि श्रमिक र सरकाकारलाई नोक्सानी हुन्छ । रोजगारदाताको नाफाका लागि श्रमिक र सरकारलाई नोक्सानी पु¥याउनु किमार्थ जायज होइन । Benavides FG, Silva–Peñaherrera M and Vives A (2022) का अनुसार “we could summarize that informal employment is characterized by the lack of a contract and social security coverage and that precarious employment is characterized by a weak employment relation with different extents of employment insecurity, low wages, limited workplace rights and social protection among formally employed workers . A shared feature of workers in poor employment conditions is that they generally perform less qualified jobs, face more risks at work and lack the power to bargain over their working and employment conditions to improve them. Informal and precarious workers are generally invisible for statistics, such as occupational injury and unemployment rates and, as a consequence, do not exist for policy–making or social security purposes .” राष्ट्रिय रोजगार नीति, २०७१ ले अनौपचारिक रोजागारी न्यून गुणस्तरीय, अनुत्पादनशील र न्यून पारिश्रमिकबाट ग्रस्त रहेको उल्लेख गरेको छ । यसबाट श्रम बजारको ठूलो हिस्सामा रहेका कामदारको अवस्था स्पष्ट हुन्छ । समग्रमा,अनौपचारिक कामलाई घटाउँदै गएर अन्त्य गरिएमा मात्र देशले समाजवादी अर्थतन्त्र निर्माणको मार्गमा गति हासिल गर्न सक्नेछ ।

## नेपालमा अनौपचारिक रोजगारीको अवस्था

रोजगारीको अवस्थाले देशको श्रम बजारको स्वास्थ्य निर्धारण गर्दछ । मर्यादित रोजगारी दिगो विकासको आधार हो । श्रम कानुनको पहुँच कम रहदाँ अनौपचारिक रोजगारीको हिस्सा बढने गर्दछ । नेपालमा अनौपचारिक रोजगारीको विषम अवस्थारहेको छ । तीन वर्ष पहिला लेखिएको पन्ध्रौं योजनामा ६४ प्रतिशत श्रमिक अनौपचारिक क्षेत्रमा कार्यरत रहेको भनेर उल्लेख छ । दर्ता भएर सञ्चालनमा रहेका ठूला उद्योग प्रतिष्ठानहरूमा पनि अनौपचारिक श्रमिकहरू रहने गरेको बताइन्छ । महिला श्रमिकहरूको संलग्नता अनौपचारिक रोजगारीमा बढी हुने गरेको छ । योजनाको अन्त्यसम्ममा अनौपचारिक रोजगारीलाई ५० प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । कोभिड–१९ लगायतका सङ्कटले यो लक्ष्य प्राप्ति चुनौतीपूर्ण देखिन्छ । हाम्रो अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा ३८ प्रतिशत रहेको अनुमान पनि हुने गरेको पाइन्छ । यसको आधिकारिता भने पुष्टि गरिएको छैन् ।

यसले पनि अनौपचारिक रोजगारीको अहिलेको यथार्थ अवस्था किटानीसाथ यकिन गर्न असजिलो छ । यस दशकमा नेपालले सामना गरेका भुकम्प, नाकाबन्दी र काभिड–१९ ले बढाएको अनौपचारिक अर्थतन्त्र र रोजगारीलाई बढावा दिएको भने सहजै अनुमान गर्न सकिन्छ । अर्थतन्त्रमा सेवा क्षेत्रको बढोत्तरी भएकोले पनि अनौपचारिक रोजगारी बढेको छ । निजी क्षेत्रका अस्पताल र नर्सिङ्ग होममा मासिक रु पाँच हजारमा स्टाफ नर्सले अनौपचारिक तबरले काम गर्ने गरेको भन्ने सुन्नमा अएको छ । निर्माण क्षेत्रको लगभग सबै रोजगारी अनौपचारिक नै हो । पुँजीवादी नाफाका लागि लागत घटाउने सजिलो उपाय रोजगारीलाई अनौपचारिक बनाउनु पनि हो भन्ने तर्कमा धेरैको सहमति पनि छ । यसको अर्थ विश्वव्यपीकरणसँगै अनौपचारिकता बढेको छ । रोजगारदाताले सामान्यतया रोजगारीलाई अनौपचारिक बनाउन चाहन्छन् । नेपालमा अनौपचारिक रोजगारीको यथार्थ अवस्था जान्नका लागि

नयाँ सर्वेक्षणको आवश्यकता छ । अवस्था जानेपछि नै समस्या पहिचान गरी समाधानका उपायको खोजी गर्न सकिन्छ ।

ढिलै भए पनि सरकार रोजगारीलाई मर्यादित बनाउनेतर्फ लागेको छ । औपचारिक, अनौपचारिक र स्वरोजगारीमा रहेका सबै श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनु अहिलेको आवश्यकता हो । यसले अनौपचारिक रोजगारीलाई औपचारिक बनाउन पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । नेपाल श्रम शक्ति प्रतिवेदन-२०१७/१८ का अनुसार अनौपचारिक क्षेत्रमा ४४ लाख ११ हजार श्रमिक छन् । सबैभन्दा जोखिममा यही क्षेत्रमा कार्यरत श्रमिक छन् । रोजगारीमा रहेकामध्ये सबैभन्दा धेरै संख्या पनि यिनीहरूको रहेको छ । औपचारिक क्षेत्रमा २६ लाख ७५ हजार जना छन् । यिनीहरू मर्यादित रोजगारीमा भएको स्पष्ट छ । यिनीहरूसँग नियुक्तिपत्र हुन्छ, सेवासर्तको स्पष्ट व्यवस्था हुन्छ । सर्भेक्षणका अनुसार स्वरोजगारीमा १८ लाख श्रमिक रहेका छन् । वि. स. २०७५ मंसिर ११ देखि लागु भएको सामाजिक सुरक्षा कार्यक्रमले औपचारिक क्षेत्रमा रहेका २६ लाख ७५ हजार श्रमिकलाई मात्रै सम्बोधन गरेको थियो । हालै सरकारले अनौपचारिक र स्वरोजगारमा रहेका तथा वैदेशिक रोजगारीमा रहेका समेत सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरेर सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

अनौपचारिक रोजगारी मर्यादित र सम्मानित बन्न सकेको छैन् । अनौपचारिक रोजगारीभित्र धेरै समस्याहरू रहेका हुन्छन् । पहिलो त यस्तो रोजगारी जोखिमपूर्ण हुन्छ किनभने यसमा व्यावसायिक स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरू पालना गरिएको हुँदैन । निर्माण क्षेत्रमा काम गर्ने श्रमिकलाई पञ्जा, हेल्मेट लगायतका आधारभूत सुरक्षाका उपकरणहरू निर्माण व्यवसायीले उपलब्ध नगराउनुले गर्दा हुनसक्ने दुर्घटना र दीर्घकालीन स्वास्थ्यको कमजोर अवस्थाले अनौपचारिक काममा रहने जोखिमलाई देखाउँछ । विश्वव्यापी रूपमा बढ्दो अनौपचारिक रोजगारी र श्रमिकको कार्यसर्त र स्वास्थ्यको बारेमा Benavides FG, Silva–Peñaherrera M and Vives A (2022) ले देहाय बमोजिम उल्लेख गरेका छन्:- "We are in the middle of a great transformation probably comparable to the Industrial Revolution in the 18th and 19th centuries . One which has been accelerated by the COVID–19 pandemic . An epoque change characterized by a new economic and labor space, as well as a social one – cyberspace – which deepens the digitization of the economy and the exponential increase in the flexibility of the labor market . Think of gig–working in delivery or driving, at a high risk for workers own health, or other forms of platform teleworkers, caregivers, etc ., always available for the work that is needed, when it is needed. It is the other side of the relocation of work, both physically and organizationally, and with the only link being the internet connection. New forms of work on the bridge between self–employment and informal or highly precarious dependent work that require still greater effort if the health of the workforce is to be protected." यसबाट नेपालको पठाओ र राइड शेयरिङ्ग जस्ता यातायातका नयाँ सेवामा काम गर्ने श्रमिकको स्वास्थ्य अवस्था पनि स्पष्ट हुन्छ । यस्तो काममा बिदा, बिमा, उपचार खर्च, पेन्सन र अन्य योगदानसहित वा योगदान-रहित सामाजिक सुरक्षा नहुनु अर्को समस्या हो । यसले रोजगारीलाई असुरक्षित र अमर्यादित बनाएको अवस्था छ । यस्ता श्रमिकको कामको शिलशिलामा मृत्यु भयो भने परिवारकै विचल्ली हुन्छ, गरिबीको जन्म हुन्छ । अनौपचारिक रोजगारीमा हुने कम ज्यालाले गरिबी र असमानता समेत बढाउँछ । यस्तो अवस्था आउनु हाम्रो विकासको आकांक्षाको विपरित हुन जान्छ ।

रोजगारीको स्थायित्व नहुने, सरकारी नियमनको कमी रहने, यौन लगायतका शोषण तथा हिंसा रहने, रोजगारीको हक नहुने र महिलाका थप समस्या पनि अनौपचारिक रोजगारीमा हुने गरेका छन् । मुलुकमा रहेका नौ लाख २३ हजार उद्योग प्रतिष्ठानहरूमध्ये ५० प्रतिशत मात्र दर्ता हुनेले पनि अनौपचारिक अर्थतन्त्र र रोजगारीको व्यापकता स्पष्ट हुन्छ । व्यवसाय दर्तामा कडाइ नगरिदाँ यस्तो अवस्था रहन गएको हो । यी समस्याले नेपाली श्रमिकलाई संविधानप्रदत्त हकको प्राप्तिमा बाधा पारेकोको समस्या समाधानका लागि ठोस पहल गरिनु अहिलेको आवश्यकता हो ।

नीतिगत रूपमा सरकार अनौपचारिक रोजगारीलाई व्यवस्थित गर्न प्रतिबद्ध रहेको देखिन्छ । नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रमहरूमार्फत अनौपचारिकतालाई घटाउँदै अन्त्यमा हटाउने प्रयास गरेको छ । अनौपचारिक अर्थतन्त्र र रोजगारीलाई औपचारिकतामा रूपान्तरण गर्ने बारेमा १५औं योजनाका विभिन्न खण्डका ३५ स्थानमा

उल्लेख छ । राष्ट्रिय रोजगार नीति, २०७१, दिगो विकास लक्ष्य र अन्य श्रम कानुनहरूले पनि अनौपचारिक कामलाई घटाउँदै जाने उद्घोष गरेका छन् । राष्ट्रिय रोजगार नीति, २०७१ को एउटा उद्देश्य नै अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिकमा रूपान्तरण गरी रोजगारीको गुणस्तर वृद्धि गर्ने रहेको छ । दिगो विकास लक्ष्य-८ मा कृषि क्षेत्रमा रहेको अनौपचारिक रोजगारीलाई सन् २०३० सम्म १० प्रतिशतमा झार्ने परिलक्ष्य किटान गरिएको छ ।

यसबाट सरकार यसका लागि प्रतिबद्ध छ भन्ने स्पष्ट हुन्छ । यसका लागि व्यवसाय दर्तालाई अनिवार्य गर्ने, श्रमिकलाई नियुक्तिपत्र अनिवार्य गर्ने, न्यूनतम ज्यालाको व्यवस्था गरी अनुगमन गर्ने, हेरचाह र घरेलु कामलाई पनि राष्ट्रिय आयमा गणना गर्ने, सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने, बिमा र सार्वजनिक रोजगारीमार्फत सामाजिक संरक्षणको दायरा विस्तार गर्ने, यसका लागि दाता र गैरसरकारी संस्थाहरूलाई पनि परिचालन गर्ने काम सरकारबाट निरन्तर रूपले भएका छन् । पछिल्लो समयमा यस्ता कामको गति र गहिराई पनि बढेको देखिन्छ । यसबाट लाखौं श्रमिकलाई लाभ मिल्दै जाने र संविधान र विकास योजनाका घोषणाहरू कार्यान्वयन पनि हुने भई सरकार र नागरिकको सम्बन्धले नयाँ विश्वास प्राप्त गर्ने निश्चित छ । आलोचनात्मक चेतसहित सकारात्मक र आशावादी रहनुको विकल्प पनि देखिँदैन ।

अनौपचारिक रोजगारीलाई व्यवस्थित गर्दा सबैलाई फाइदा हुने देखिन्छ । अनौपचारिक रोजगारीलाई औपचारिक बनाउँदा सरकारलाई कर, श्रमिकलाई भर र रोजगारदातालाई सम्मान मिल्ने भएकोले यस क्षेत्रमा भएका प्रयासलाई थप गति दिनु आवश्यक छ । यसका लागि यो विषयलाई रोजगारदाता र सरकारले पनि सूक्ष्म तरिकाले बुझ्नु आवश्यक रहेको छ । सबै सरोकारवाला निकायले थप पहल गर्नुपर्ने जरूरी देखिन्छ । हालै अवकाश लिएका श्रममन्त्रीले 'श्रम सबैले गर्छन् । कसैले ढुंगा, माटो नछोई आरामको श्रम गर्छन् भने कसैले ढुंगा माटोमा लडिबुडी गरेर पनि कडा श्रम गर्छन् । तिनै कडा श्रम गर्नेलाई महत्त्व नदिइएको । जसले अनौपचारिक क्षेत्रमा कडा श्रम गरिरहेका छन्, उहाँहरूको श्रमको मूल्याङ्कन गरिनु पर्दछ । उहाँहरूलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याएर न्याय दिने काम गर्नतर्फ सबैको ध्यान जान आवश्यक छ' भन्नुले सरकार कामको सम्मान गरी अनौपचारिक रोजगारीको अन्त्यका लागि कटिबद्ध रहेको स्पष्ट हुन्छ । सरकारको यस्तो कटिबद्धता अनौपचारिक र स्वरोजगारमा रहेका श्रमिकलाई पनि अलग्गै निर्देशिकामार्फत सामाजिक सुरक्षाको दायरामा ल्याएबाट देखिन्छ । यसरी नयाँ-नयाँ नीतिगत व्यवस्था र भएका नीति, कानुन र कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत सरकारको सक्रियता र नेतृत्वदायी भूमिका विस्तार भएको पनि देखिन्छ ।

श्रम बजारका अन्य सरोकारवालाहरूको पनि औपचारिक रोजगारीतर्फ चासो बढेको छ । पछिल्लो समयमा आमसञ्चार क्षेत्रले पनि यो विषयलाई गहन र विश्वसनीय तबरले उठान गरेकोले पनि यसमा आशातित प्रगति हासिल हुने देखिन्छ । रोजगारदाताहरूले पनि कामको सम्मान गर्नुपर्ने र सबै प्रकारका शोषणको अन्त्य गर्नु नवीन अवस्थाप्रति सचेत र जागरूक बन्दै गएका छन् । नियम-कानुनको पालना गरे उद्यम गर्दा सरकारी सेवा-सुविधा र नागरिकको सम्मानमा पहुँच बढने तथ्यप्रति पनि रोजगारदाताहरू सचेत रहेका छन् । नियमको पालना गर्नु र उत्तरदायी बन्नु उनीहरूको पनि दायित्व हो । सरकारी निकायमा दर्ता भई सञ्चालनमा रहेका उद्यम-व्यवसायले बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लिन सक्ने र सरकारबाट अन्य सेवा सुविधा पनि सहजै प्राप्त गर्न सक्ने भएकोले औपचारीकरण रोजगारदातालाई पनि फाइदाजनक हुने देखिन्छ । श्रमिकको जागरण, नागरिक समाजको सचेतना र दबाबमूलक कार्यक्रमहरू पनि बढाउँदै जानु जरूरी छ । अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई शिक्षा र प्राविधिक शिक्षाको व्यवस्थामार्फत क्षमता विकास गरी औपचारिक रोजगारीमा आकर्षण गर्न सकिने पनि स्पष्ट छ । परम्परागत पेसालाई आधुनिकरण गर्दा पनि औपचारिक रोजगारीको विस्तार हुने देखिन्छ ।

## निष्कर्ष तथा सुझावहरू

श्रम उत्पादनको जीवन्त र महत्त्वपूर्ण साधन हो । नेपालमा श्रम र रोजगारीसम्बन्धी तथ्याङ्कको कमी छ र उपलब्ध तथ्याङ्कको पनि यथोचित र सामयिक विश्लेषण हुने गरेको छैन् । अर्थतन्त्रमा गरिने उत्पादन र वितरणका लागि रोजगारीको आवश्यकता रहेको हुन्छ । रोजगारीबाट गरिबी निवारणलाई टेवा मिल्दछ । श्रमलाई सङ्कलन गरेर राख्न सकिँदैन तर यसको प्रभावकारी तबरले उपयोग गर्न सकिन्छ । रोजगारीलाई उत्पादनशील र मर्यादित बनाउनु जरूरी हुन्छ । अनौपचारिक कामलाई औपचारिकीकरण गर्नु सबैका लागि फाइदाजनक विषय हो । यसले व्यवसायलाई वैधानिकता प्रदान गर्दछ र कर्जा प्राप्तिका लागि वाञ्छनीय बनाउँछ । त्यसैले रोजगारीलाई मर्यादित बनाऔं । श्रमको सम्मान गरौ, श्रमिकलाई कानुनी संरक्षण प्रदान गरौं । रोजगारीको गुणस्तर

बढाऔं । जोखिम, गरिबी, असमानता र शोषणको अन्त्य गरौ । सबैलाई प्रोत्साहित गरौं । "संघशक्तिकलौयुगे" पनि भनिएकोले पहिचान, पहुँच, प्रतिनिधित्वको र दबाबका लागिअनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू संगठित पनि बन्नु पर्लो । तर राजनीतिक दलका भातृ संगठनरूपी संगठनहरू निरूत्साहित गरिनु पर्दछ । उत्पादन प्रक्रियालाई नै अवरूद्ध गर्ने गरेर श्रमिकहरू आन्दोलित हुन नदिन सरकारी नियमनलाई प्रभावकारी बनाउनु जरूरी हुन्छ ।

अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षाको दायरमा ल्याइने गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत महिनाको २५ गते जारी गरेको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७९ महत्त्वपूर्ण कदम हो । यसले धेरै कामदारको श्रम, रोजगारी र सामाजिक सुरक्षाको हक प्राप्तिका लागि योगदान गर्नेछ । यसका लागि सरकार, रोजगारदाता र ट्रेड युनियनको त्रिपक्षीय गठजोडलाई धन्यवाद दिनु पर्दछ । यसले श्रमिकको सामाजिक सुरक्षा र रोजगारदाताको रोजगारीको लचकताको चाहनालाई सन्तुलन पनि गरेको छ । मर्यादित रोजगारीबाट नै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय विकासको आकांक्षा हासिल हुने स्पष्ट छ । ■■

*लेखक राष्ट्रिय योजना आयोगका*
*कार्यक्रम निर्देशक हुनुहुन्छ ।*

## सन्दर्भ सामग्रीहरू


- राष्ट्रिय रोजगार नीति, २०७१, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।
- Nepal's Sustainable Development Goals: Status and Roadmap 2016–2030, National Planning Commission .
- पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१, राष्ट्रिय योजना आयोग ।
- नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति ।
- Benavides FG, Silva–Peñaherrera M, Vives A (2022) Informal employment, precariousness, and decent work: from research to preventive action . Scand J Work Environ Health, 48(3):169)172 .
- विभिन्न पत्रपत्रिका र वेबसाइटहरू ।

# नेपालको अर्थव्यवस्थाको वर्तमान अवस्था र बैंकिङ्ग क्षेत्रमा यसले पारेको प्रभाव

■ नरेश कुमार रोका

## अन्तर्राष्ट्रिय आर्थिक स्थिति

विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष/अप्रत्यक्ष प्रभावबाट पछिल्लो समयमा संसारका कुनै पनि देश अछुतो रहने अवस्था छैन । वर्तमान समयको सबैभन्दा ठूलो त्रासदीको रूपमा भोग्नुपरेको कोभिड-१९ को महामारीले थिलथिलो हुनपुगेको विश्व अर्थतन्त्र रूस/युक्रेन युद्धले विश्वव्यापी रूपमा पेट्रोलियम पदार्थ, खाद्य तथा गैह्र खाद्य पदार्थमा हुनपुगेको मूल्य वृद्धि लगायतका कारण थप चुनौतीपूर्ण अवस्थामा पुगेको छ । अमेरिकी केन्द्रीय बैंकलगायत विश्वका अधिकांश देशका केन्द्रीय बैंकले गरेको ब्याजदर वृद्धिको असरले विकासशील र उदीयमान अर्थतन्त्र भएको देशहरूको मुद्रा अवमूल्यन हुन गई विश्व अर्थतन्त्र उच्च मुद्रास्फीति र आर्थिक मन्दीको दोहोरो सङ्कटतर्फ उन्मुख भएको देखिन्छ ।

अन्तर्राष्ट्रियस्तरमा उच्च मुद्रास्फीति, कोभिडको समयका सहुलियतपूर्ण राहत कार्यक्रम तथा नियमनकारी छुट विस्तारै हटाउँदै पुरानै लयमा लैजाने क्रममा अर्थतन्त्रमा देखिएको असन्तुलन सम्बोधनको लागि एकातर्फ कसिलो नीति बनाउँदै लैजानुपर्ने अवस्था छ भने अर्कोतर्फ मूल्य एवं बाह्य क्षेत्र स्थायित्वमा देखिएको दवाव र लगानीयोग्य साधनमा आएको संकुचनको कारण अर्थतन्त्रको पुनरूत्थानसँगै उच्च आर्थिक वृद्धिदर हासिल गर्नु समेत कम चुनौतीपूर्ण रहेको छैन । कमजोर उत्पादन क्षमता, भत्किएको वितरण प्रणालीको शृङ्खला र बढ्दो उपभोगले यो चुनौती थप पेचिलो बनेको छ ।

रूस/युक्रेन युद्धको कारण विश्व अर्थतन्त्रको वृद्धिमा गिरावट आई सन् २०२१ मा ६.०% वृद्धि भएको विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२२ मा ३.२% र २०२३ मा २.७% मा सीमित हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण रहेको छ । यसमध्ये विकसित अर्थतन्त्रको वृद्धिदर सन् २०२१ मा ५.२% रहेकोमा सन् २०२२ मा २.४% मा सीमित रहने प्रक्षेपण रहेको छ भने उदीयमान अर्थतन्त्रको वृद्धिदर सन् २०२१ मा ६.६% रहेकोमा २०२२ मा ३.७% सीमित रहने कोषको प्रक्षेपण रहेको छ । पछिल्लो एक दशकमा विकसित देशको औषत मुद्रास्फीति १.५५ हाराहारीमा रहेकोमा सन् २०२१ मा विकसित तथा विकासोन्मुख देशहरूको मुद्रास्फीति क्रमशः ३.१% र ५.९% रहेकोमा सन् २०२२ मा ७.२% र ९.९% तथा २०२३ मा ४.४% र ८.१% रहने प्रक्षेपण रहेको छ । सन् २०२१ मा अन्तर्राष्ट्रिय व्यापारको वृद्धिदर १०.१% रहेकोमा २०२२ मा ४.३% र २०२३ मा २.५% सीमित रहने समेत अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ ।

अमेरिका, युरोप र चीन लगायतका देशमा आर्थिक मन्दी आउने संकेत देखिए सँगसँगै विगत ४० वर्षपछि चीनको आर्थिक वृद्धिदर विश्वव्यापी वृद्धिको बराबर वा सोभन्दा कम हुनसक्ने आँकलन गरिएको छ । अमेरिकी अर्थतन्त्रले विश्वको एक तिहाई अर्थतन्त्रलाई प्रभाव पार्दै आएको सन्दर्भमा मुद्रास्फीति नियन्त्रण गर्न अमेरिका लगायतका देशका केन्द्रीय बैंकले लामो समयसम्म ब्याजदरमा कडाइ गर्न सक्ने अनुमानका बीच सन् २०२३ विश्वव्यापी आर्थिक वृद्धिका हिसाबले निकै कठिन र थप चुनौतीपूर्ण हुने देखिएको छ ।

## नेपालको वर्तमान अवस्था

नेपालको आर्थिक वृद्धि दर आ.व. २०७७/७८ मा ४.२५% रहेकोमा विद्युत उत्पादन, निर्माण गतिविधिमा विस्तार र पर्यटन क्षेत्रको पुनरूत्थानको योगदानको कारण आ.व २०७८/७९ मा ५.८४% पुगेको थियो । त्यसैगरी आ.व. २०७८/७९ अन्तर्गत २०७८ असोज मसान्तको औषत मुद्रास्फीति दर ४.२४% रहेकोमा चालु आ.व. मा २०७९/८० मा ७.०% को सीमाभित्र राख्ने लक्ष्य रहे तापनि २०७९ असोज मसान्तमा यो दर ८.५% रहेको छ । नेपाल सरकारको राजश्व परिचालनको अवस्था हेर्दा चालु आ.व. २०७९/८० मा कुल १४ खर्ब ५८ अर्ब ६० करोड

राजश्व संकलनको लक्ष्य रहेकोमा पौष महिनाको तेस्रो सातासम्मको तथ्यांकअनुसार केवल ४ खर्ब ५ अर्ब ८६ करोड मात्र संकलन हुन गई वार्षिक लक्ष्यको केवल २७.८३% मात्र प्रगति हुनसकेको छ ।

नेपालको वैदेशिक व्यापारअन्तर्गत चालु आ.व.को असोज मसान्तसम्मको अवस्था हेर्दा वस्तु आयात १६.२%, वस्तु निर्यात ३५.७% र व्यापार घाटा १३.१% ले घटेको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ को ११ महिनाको तथ्यांक हेर्दा कुल आयात १७ खर्ब ६३ अर्ब २२ करोड कुल निर्यात १ खर्ब ८५ अर्ब ८४ करोड र व्यापार घाटा १५ खर्ब ७७ अर्ब ३९ करोड रहेको थियो । उल्लेखित अवधिमा आयातको वृद्धिदर २७.५%, निर्यातको वृद्धिदर ५३.३% र व्यापार घाटाको वृद्धिदर २५% रहेको थियो । २०७९ असोजसम्म नेपालको कुल सार्वजनिक ऋण २० खर्ब ७ अर्ब ८४ करोड रहेको सोमध्ये कुल बाह्य ऋण १० खर्ब ५० अर्ब २३ करोड (५२.३१%) र कुल आन्तरिक ऋण ९ खर्ब ५७ अर्ब ६१ करोड (४७.६९%) रहेको छ । नेपालको कुल गार्हस्थ उत्पादन ४८ खर्ब ५१ अर्ब ६२ करोड रहेको सन्दर्भमा कुल ऋण ४१.३८%, कुल बाह्य ऋण २१.६५% र कुल आन्तरिक ऋण १९.७३% रहेको छ । विप्रेषण आप्रवाहतर्फ हेर्दा आ.व २०७८/७९ को पछिल्लो ११ महनिामा ९.०४ अर्ब अमेरिकी डलर अर्थात करिब ११ खर्बभन्दा बढी प्राप्त भएको देखिन्छ भने चालु आर्थिक वर्षको पछिल्लो ३ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.८०% ले वृद्धि हुन पुगेको तथ्यांक रहेको छ ।

## नेपालको बैंक तथा वित्तीय क्षेत्रको अवस्था

हरेक वर्ष बैंकिङ्ग प्रणालीमा तरलतामा केही चाप देखिनु र ब्याजदरमा उतारचढाव हुनुलाई वित्तीय प्रणालीमा सामान्य रूपमै लिइँदै आइएकोमा कोभिड-१९ को कारण समग्र क्षेत्र प्रभावित हुँदा यो अवस्था थप जटिल हुनपुग्यो । कोभिडको कारण थिलथिलो हुनपुगेको अर्थतन्त्रको पुनरूत्थान गर्न नियमनकारी निकायबाट जारी विभिन्न प्रावधानहरूलाई धेरै हदसम्म खुकुलो बनाउने काम गर्नु जरूरी थियो । आयात घटेसँगै बैंकिङ्ग प्रणालीमा अधिक तरलता भएको अवस्थामा केन्द्रीय बैंकले जारी गरेको नीतिमा आधारित भएर बैंकहरूबाट आँखा चिम्लिएर चालु पुँजी लगायतका शीर्षकहरूमा अन्धाधुन्ध कर्जा प्रवाह हुनगयो । केन्द्रीय बैंकले कोभिड प्रभावित उद्योगीहरूलाई सहजीकरण गर्न अतिरिक्त २०% सम्म चालु पुँजी कर्जा दिने थप व्यवस्थाले अवस्था झन जटिल हुन गयो ।

**आयात घटेसँगै बैंकिङ्ग प्रणालीमा अधिक तरलता भएको अवस्थामा केन्द्रीय बैंकले जारी गरेको नीतिमा आधारित भएर बैंकहरूबाट आँखा चिम्लिएर चालु पुँजी लगायतका शीर्षकहरूमा अन्धाधुन्ध कर्जा प्रवाह हुनगयो**

यसरी प्रवाह गरिएको कर्जाको प्रयोग कहाँ भयो अर्थात पूर्णरूपमा सदुपयोग भयो/भएन भन्ने सम्बन्धमा प्रभावकारी अनुगमन हुन सकेन । यसैको फलस्वरूप कोभिडको सुरूवाती चरण अर्थात २०७७ आषाढ मसान्तमा ३२ खर्ब ७३ अर्बमा सीमित रहेको नेपालको बैंकिङ्ग क्षेत्रको कुल कर्जा २०७९ आषाढ मसान्तमा आइपुग्दा ४७ खर्ब १४ अर्ब हुन पुग्यो । केवल २ वर्षको अन्तरालमा १४ खर्ब ४१ अर्ब अर्थात ४४.०३% कर्जा विस्तार हुँदा न त यसबाट उत्पादन वृद्धि हुन गयो न त रोजगारी सिर्जना नै । अर्थतन्त्र प्रतिकुल हुँदा समेत उक्त अवधिमा कैयौं बिलासी वस्तुको आयातको लागि वित्तीय प्रणालीबाट भएको कमजोर लगानी (८ खर्बभन्दा बढी) को कारण समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्न गयो । यो अवधिमा २ खर्बभन्दा बढीको त सवारी साधन नै आयात भयो । नेपाल राष्ट्र बैंकको २०७९ कार्तिक मसान्तसम्मको तथ्यांक हेर्दा कुल ४७ खर्ब ६८ अर्ब कर्जामध्ये डिमान्ड तथा चालु पुँजी कर्जा १० खर्ब ५० अर्ब, आयात (Trust Receipt) कर्जा ८२ अर्ब र अधिविकर्षण (Overdraft) कर्जा ७ खर्ब ८८ अर्ब रहेको छ । डिमान्ड तथा चालु पुँजी कर्जा र आयात कर्जा सबै चालु पुँजीसँग सम्बन्धित कर्जा हो भने अधिविकर्षण (Overdraft) कर्जाको मुख्य हिस्सा चालु पुँजी नै रहने गरेकोले उल्लेखित शीर्षकमा करिब १९ खर्ब २० अर्ब अर्थात कुल कर्जाको ४०.७२% कर्जा रहेको छ । अत्यधिक आयात वृद्धि हुँदा अर्थतन्त्रको बाह्य क्षेत्रमा असन्तुलन बढ्न गएको र त्यसलाई व्यवस्थापन गर्न कतिपय शीर्षकमा आयात प्रतिबन्ध लगाउनुपर्ने अवस्थाको कारण अन्ततोगत्वा सरकारी राजश्वमा प्रत्यक्षरूपमा नकारात्मक असर पर्न गई समग्र अर्थतन्त्रको चक्र नै खल्बलिन पुगेको छ ।

ब्याजदरतर्फ हेर्दा चालु आर्थिक वर्षको असोज मसान्तसम्म अल्पकालीन र दीर्घकालीन ब्याजदरहरू बढेको देखिन्छ । अन्तर बैंक ब्याजदर २०७८ असोजमा ४.९५% रहेकोमा २०७९ असोजमा ८.५१% पुगेको छ, त्यसैगरी सोही अवधिमा ९१ दिने ट्रेजरी बिलको भारित औषत ब्याजदर ४.८६%बाट १०.१४% पुगेको छ । त्यसगरी

वाणिज्य बैंकहरूको औसत आधार दर ७.५७% बाट १०.३४% पुगेको, निक्षेपको औसत ब्याजदर ५.४३% बाट ८.१६% र कर्जाको भारित औसत ब्याजदर ८.६९% बाट वृद्धि भई १२.१९% पुगेको छ । चालु आर्थिक वर्षको श्रावणदेखि हालसम्म २ खर्ब निक्षेप बढेको तुलनामा केबल ५० अर्ब थप कर्जा विस्तार भएको कारणले गर्दा कर्जा निक्षेप अनुपात ८७% को हाराहारी रहन गएको छ । पछिल्लो समयमा उद्यमी/व्यवसायीले एकातर्फ आवश्यकता अनुसार कर्जा पाउने अवस्था छैन भने अर्कोतर्फ कर्जाको उच्च ब्याजदरको कारण व्यवसाय/आयोजना चल्न कठिन हुने अवस्था समेत रहेको छ ।

### अबको बाटो

समग्र अर्थतन्त्रको स्वास्थको लागि निक्षेपको ब्याजदर र मुद्रास्फीतिबीच तादाम्यता हुनैपर्दछ साथै निक्षेपको ब्याजदर बढी हुँदा अर्थतन्त्र उद्यमीको हातबाट क्रमैसँग अल्छीहरूको हातमा पुग्ने खतरा रहेकोले राजश्व बढाउन/आर्थिक वृद्धि हासिल गर्न आयात, विदेशी मुद्राको संचिति, सोधनान्तर बचत र उत्पादनमा ध्यान दिनु जरूरी हुन्छ । पेट्रोलियम पदार्थमा केही कर घटाएर भए पनि सेवा क्षेत्रमा चहलपहल ल्याउनुपर्ने/राजश्व बढाउन संयमतापूर्वक आयात बढाउनैपर्ने हुन्छ । उच्च आर्थिक वृद्धि नगरी देश विकास गर्न नसकिने भएकोले निर्माण उद्योगदेखि निर्माण सामग्रीहरूको आयात गर्नैपर्ने हुन्छ । चालु पुँजी कर्जाको नाममा जुनसुकै क्षेत्रमा लगानी गर्ने अवस्थाबाट निस्केर व्यवसायीहरूले सम्बन्धित शीर्षकमा नै कर्जा लगानी गर्नुपर्छ । कमजोर अवस्थामा रहेका र धरासायी हुन लागेका उत्पादनमुलक उद्योगको लागि सरकारको तर्फबाट थप चालु पुँजी कर्जा उपलब्ध गराउनुको साथसाथै कर्जाको ब्याजदर लागु गर्दा यस्तो कर्जाको हकमा आधार दरमा न्यूनतम प्रतिशत मात्र थप गर्ने व्यवस्था जरूरी हुन्छ । घरजग्गा लगानीमा समस्या हुँदा कर्जा भुक्तानी अवधि सम्बन्धमा समेत केही लचिलो हुनैपर्दछ जसबाट यो क्षेत्र केही चलायमान हुँदा बजारमा तरलता बढ्छ र तरलता बढेपछि क्रमशः निक्षेप तथा कर्जाको ब्याजदरमा सुधार हुनगई समग्र अर्थतन्त्रका अवयवहरूका सकारात्मक असर पर्नजाने देखिन्छ । ■■

*लेखक कृषि विकास बैंक लि. का पूर्व उपमहाप्रबन्धक हुनुहुन्छ ।*

### सन्दर्भ सामग्री


- मौद्रिक नीति २०७९/८० र सोको प्रथम त्रैमासिक समीक्षा, नेपाल राष्ट्र बैंक ।
- नयाँ अर्थमन्त्रीलाई पूर्व अर्थमन्त्रीको प्रेष्क्रिप्सन ।
- विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर आर्थिक लेखहरू ।

# आर्थिक कुटनीति : सिद्धान्त र नेपालमा यसको अभ्यास

■ इन्द्रबहादुर देवकोटा

## १. पृष्ठभूमि

वैदेशिक व्यापार वृद्धि, वैदेशिक लगानी वृद्धि, द्विपक्षीय र बहुपक्षीय व्यापार सन्धि/सम्झौतामा सहकार्य, श्रम सम्बन्धको विस्तार गर्ने लगायतका विषयमा राज्यको स्रोत-साधन परिचालन गर्ने नीति एवं तौरतरिकालाई आर्थिक कुटनीतिको रूपमा बुझ्ने गरिन्छ । यसले आर्थिक गतिविधिलाई परराष्ट्र नीति सञ्चालनको मुख्य एजेण्डा बनाउँदछ । राजनीतिक सम्बन्धबाट सञ्चालित विश्व सम्बन्ध विशेष गरी सन् १९८० को दशकदेखि विश्वव्यापीकरण, आर्थिक उदारीकरण र खुला अर्थतन्त्रको अवधारणाले आर्थिक सम्बन्धबाट सञ्चालित हुने र आर्थिक गतिविधिबाट अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्ने प्रचलनको सुरुवात भयो । यसरी आर्थिक सम्बन्धबाट सञ्चालित विश्वमा व्यापार प्रवर्द्धन, वैदेशिक सहयोग परिचालन, श्रम व्यवस्थापन, र विप्रेषण प्रवर्द्धन वैदेशिक लगानीको प्रवर्द्धनबाट राष्ट्रिय अर्थतन्त्रलाई विश्व बजारसँग जोड्ने अभ्यास भएका छन् । यी अभ्यासको व्यवस्थापन, परिचालन र कार्यान्वयनको महत्वपूर्ण औजारको रूपमा आर्थिक कुटनीतिलाई लिइएको छ । समकालीन विश्वका प्रायः सबै राष्ट्रको परराष्ट्र नीति सञ्चालनको एक अभिन्न अंगको रूपमा आर्थिक कुटनीति रहेको छ ।

आर्थिक कुटनीति हाल विशेष गरी विकासोन्मुख देशहरूमा कुटनीतिक संयन्त्रको रूपमा धेरै प्रयोगमा आउने विषय भएको छ । कसै-कसैले यसलाई नयाँ अवधारणा (New Concept) को रूपमा लिन्छन् भने कसैले यसलाई पुरानै अभ्यासलाई नयाँ अभ्यासको रूपमा अगाडि ल्याइएको विषय (Colourful Expression) को रूपमा लिएको पाइन्छ । कसैले त व्यापार कुटनीति (Trade Diplomacy) को विकसित रूप नै आर्थिक कुटनीति हो पनि भनेका छन् ।

नेपालमा पनि आर्थिक विकासका गतिविधि सञ्चालन गर्ने र आर्थिक गतिविधिबाट विश्व बजारको सम्भावनालाई आफ्नो हितमा प्रयोग गर्ने उद्देश्यसाथ आर्थिक कुटनीतिलाई परराष्ट्र सम्बन्धको अभिन्न अंगको रूपमा लिई सोहीअनुसार विभिन्न नीतिगत संरचनागत र कार्यक्रमगत व्यवस्था गरिएका छन् । तर विभिन्न कारणले गर्दा यस प्रकारका गतिविधिबाट अपेक्षाकृत रूपमा फाइदा लिन भने नसकिएको विज्ञहरूको भनाइ रहेको छ ।

## २. आर्थिक कुटनीतिको प्रारम्भ

विश्वव्यापीकरण र आर्थिक अन्तरनिर्भरताको सन्दर्भमा आर्थिक कुटनीति परराष्ट्र नीतिको मुख्य अंग/तत्वको रूपमा रहेको पाइन्छ । आर्थिक कुटनीतिलाई परराष्ट्र सम्बन्धको एउटा सशक्त औजारको रूपमा अगाडि सारिएको छ । कुनै पनि देशको परराष्ट्र नीतिले अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको प्राथमिकता र व्यवहारलाई निर्देशित गर्दछ । परराष्ट्र नीतिको मुख्य उद्देश्य मुलुकको राष्ट्रिय पहिचान वृद्धि गर्ने, राष्ट्रिय हितलाई प्रवर्द्धन गर्ने र आर्थिक स्वार्थलाई सम्बर्द्धन गर्ने रहेको हुन्छ । आर्थिक कुटनीतिले मुलुकको आर्थिक स्वार्थलाई प्रवर्द्धन गर्ने/विस्तार गर्ने महत्वपूर्ण भूमिका खेल्छ । त्यसैले, यसलाई कुटनीतिको "आर्थिक आयाम" को रूपमा हेरिन्छ । आर्थिक कुटनीति विश्वव्यापीकरणको परिणामस्वरूप प्रयोगमा आएको हो र यसले राजनीतिक गतिविधिलाई भन्दा आर्थिक गतिविधि (व्यापार विस्तार, अर्थतन्त्र विस्तार) लाई इङ्गित गर्छ । प्रजातन्त्र र विश्वव्यापीकरणको लहरले राजनीतिक कुटनीतिको भूमिकालाई आर्थिक कुटनीतितिर रूपान्तरण गरेको पाइन्छ ।

सन् ८० को दशकदेखि अर्थतन्त्र द्रुतगतिमा विश्वव्यापी हुन थाल्यो । सेवा र उत्पादनको बजार अन्तर्राष्ट्रियस्तरमा नै बढ्न थाल्यो । राष्ट्रहरूले क्षेत्रीय एवं विश्वव्यापी साझेदारी बढाउन थाले भने व्यापारिक संस्थाहरूले आफ्नो कार्यक्षेत्र बढाउन थाले र विश्वव्यापी स्तरमा कारोबार सञ्चालन गर्न थाले । राज्य नियन्त्रित अर्थतन्त्र (State

Controlled Economy) ले असाधारण तबरले छलाङ मारेर बजारउन्मुख अर्थतन्त्र (Market–led Economy) को रूपमा कार्य गर्न थाल्यो । विश्व एउटा ग्राममा परिणत भयो । यसैको फलस्वरूप ठूलो मात्रामा पुँजी र प्रविधि प्रथम विश्व (First World) बाट तेस्रो विश्व (Third World) मा प्रवाह हुन थाल्यो । यसरी राज्य नियन्त्रित अर्थतन्त्रमा निजीक्षेत्रको सहभागिता बढ्दै गयो । यसको फलस्वरूप राजनीतिक प्रणालीलाई अर्थतन्त्रले डोऱ्याउन थाल्यो । राजनीतिशास्त्रबाट निर्देशित हुने अन्य सामाजिक विज्ञानका शाखाहरू अर्थशास्त्रबाट निर्देशित हुनथाले । यसले राजनीतिक साम्राज्य (Political Empire) को अन्त्य हुन पुग्यो र विश्व अर्थतन्त्रमा व्यापक परिवर्तन (Far–reaching Changes) देखापऱ्यो ।

बेलायतमा मार्गरेट थ्याचरले सुरू गरेको आर्थिक सुधार अभियानले व्यापकता पाए पश्चात् अर्थतन्त्र सरकारी/राज्य नियन्त्रण स्तरबाट निजीक्षेत्रको हातमा पुग्यो । यसको प्रभाव बेलायत, युरोप र त्यसपछि दोस्रो र तेस्रो विश्वका राष्ट्रहरूमा समेत पर्न थाल्यो ।

सोभियत संघको परिवर्तित अवस्था पश्चात् अर्थतन्त्रले छलाङ माऱ्यो र यसबाट कुटनीतिक क्षेत्रमा पनि परिवर्तन देखापऱ्यो । अकल्पनीय रूपमा भएको शीतयुद्धको समाप्तिले एक ध्रुवीय विश्व शक्तिको सर्वोच्चताको आगमनको घोषणा भयो । शीतयुद्धको समाप्तिले नाटकीय ढङ्गले राजनीतिक जोडलाई परिवर्तन गरी व्यापार र लगानीमा ध्यान खिच्न बाध्य पाऱ्यो । यसबाट साम्यवाद र मिश्रित अर्थतन्त्रको अवधारणा शिथिल हुन गयो ।

यी विविध तथ्यहरूलाई विचार गर्दा भूपरिवेष्ठितता, अल्पविकसित अवस्था, आर्थिक गतिविधिको न्यूनता र गरिबीका कारणले नेपालजस्ता अल्पविकसित देशका लागि आर्थिक कुटनीति अपरिहार्य भएको छ । विविध कारणले हाम्रो अर्थतन्त्र विश्व अर्थतन्त्रसँग जटिल तबरले जोडिन पुगेको छ । शीतयुद्धको समाप्तिपछिको परिवर्तित अन्तर्राष्ट्रिय अवस्था, मुलुकको बढ्दो आर्थिक आवश्यकता (बढ्दो विकास खर्च, घट्दो सहायता, गरीब र धनी बीचको बढ्दो खाडल, सामाजिक सुरक्षामा बढ्दो खर्च), विश्वव्यापीकरण, राष्ट्रको आर्थिक हित प्रवर्द्धन गर्नुपर्ने अवस्था, अर्थतन्त्रको (व्यापार, पर्यटन, वैदेशिक लगानी, विकास सहायता, वैदेशिक रोजगारी) सबलीकरण गरी अन्तरनिर्भरता बढाउनुपर्ने भएकोले आर्थिक कुटनीति अत्यावश्यक हुन गएको छ ।

## ३. नेपालमा आर्थिक कुटनीतिको अभ्यास

नेपालको इतिहास अध्ययन गर्दा बाह्यसम्बन्धको दृष्टिकोणबाट बन्द रहेको अवस्थामा पनि उत्तरमा तिब्बत (भोट) र दक्षिणमा कोलकातासँग व्यापार गरेको उल्लेख छ । यसबाट नेपालले राजनीतिक सम्बन्धभन्दा आर्थिक सम्बन्धलाई बढी महत्व दिएको पाइन्छ तर यसलाई अहिलेको जस्तो आर्थिक कुटनीतिको रूपमा प्रभावकारी व्यवस्थापन गरिएको थिएन । राजनीतिकरूपले अन्तर्राष्ट्रियस्तरमा सम्बन्ध विस्तार गर्दै गएपछि आर्थिक कुटनीति त्यति सशक्त हुन सकेको थिएन ।

नेपालको सन्दर्भमा आधुनिकरूपमा आर्थिक कुटनीतिको विकासक्रमलाई अध्ययन-विश्लेषण गर्दा देहायका अवस्था रहेका छन् :

- सन् १९५० मा प्रजातन्त्रको प्रादुर्भाव भएपछि द्विपक्षीय र बहुपक्षीय सहायता प्राप्त गर्ने दिशातर्फ आर्थिक कुटनीति बढी केन्द्रित रह्यो । विकासका लागि पूर्वाधार खडा गर्नु, अन्तर्राष्ट्रिय ज्ञान, सीप एवं प्रविधि हासिल गर्नु र गरिबी निवारण गर्ने प्रयास गर्नु जस्ता कार्यक्रमहरू त्यसबेलाको सहायताका उद्देश्य रहे ।
- सन् १९६०-७० को दशकमा नेपालले व्यापार विविधीकरणमा जोड दिन थाल्यो भने सन् १९८० को दशकमा विभिन्न मित्रराष्ट्रहरूसँग आर्थिक सहयोगको सम्बन्ध कायम गर्न संयुक्त आर्थिक नियोगहरूको गठन हुनु आर्थिक कुटनीतिको दिशामा अर्को गहकिलो पाइला थियो ।
- सहायता परिचालन गर्न, व्यापार प्रवर्द्धन गर्न र आर्थिक तथा पूर्वाधार विकास गर्न चालिएका यी विविध अभ्यासलाई अहिलेको नवीन अवधारणा, मान्यता र नीतिगत तथा संस्थागत संयन्त्र र वातावरणको रूपमा आर्थिक कुटनीति (Economic Diplomacy) को रूपमा प्रचारप्रसारमा भने ल्याइएको थिएन । यसलाई राजनीतिक कुटनीति (सम्बन्ध विस्तार गर्ने, सहयोग आदान प्रदान गर्ने) को रूपमा मात्र अगाडि बढाइएको थियो ।
- वि. सं. २०४६ सालमा परराष्ट्र मन्त्रालय, व्यापार प्रवर्द्धन केन्द्र तथा जेनेभास्थित अन्तर्राष्ट्रिय व्यापार केन्द्र (International Trade Centre) को संयुक्त आयोजनामा विदेशस्थित नेपालका वाणिज्य प्रतिनिधिहरूको निम्ति कार्यविधि (Operational Mannual for Nepal's Commercial Representatives Abroad, 1979) तयार गरिनु नेपालको आर्थिक कुटनीतिलाई संरचनात्मक रूप दिन गरिएको प्रयास थियो ।

- सन् १९९० को राजनीतिक परिवर्तनपछि बहुदलीय व्यवस्थाको पुनर्बहाली भयो । नवनिर्वाचित प्रजातान्त्रिक सरकारले प्रजातन्त्रलाई दिगो बनाउन र राजनीतिक स्थिरताका लागि आर्थिक विकासको प्रक्रियालाई तीव्रतापूर्वक सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरियो । यतिबेलासम्म विश्वव्यापीकरण, आर्थिक उदारीकरण र निजीकरणको लहरबाट नेपाल पनि प्रभावित भइसकेको थियो । यसै सन्दर्भमा देशमा बहुदलीय व्यवस्थाको पुनस्थापनाभन्दा पहिले परम्परागत कुटनीतिको माध्यमबाट अगाडि बढेको आर्थिक विकासलाई तीव्रता दिन आर्थिक कुटनीतिलाई प्रभावकारी रूपले अगाडि बढाउनु पर्ने भयो ।

- वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि गठन भएको प्रजातान्त्रिक सरकारले परराष्ट्र नीतिमा आर्थिक हितका पक्षलाई संलग्न नगरी कुनै पनि राष्ट्रको परराष्ट्र नीति रणनीतिक एवं प्रभावकारी हुन सक्दैन भन्ने कुरा महसुस गरी आर्थिक कुटनीतिलाई परराष्ट्र नीतिको एउटा तत्वको रूपमा स्वीकार गऱ्यो ।

- आर्थिक कुटनीतिलाई प्रवर्द्धन गर्ने कुरालाई मनन गरी तत्कालीन सरकारले एउटा उच्चस्तरीय कार्यदल गठन गऱ्यो । कार्यदलले मुलुकले आर्थिक वृद्धि हासिल गर्न नेपालको परराष्ट्र नीतिमा समाहित गर्नुपर्ने सुझावहरू सहितको एउटा बृहत् प्रतिवेदन तयार गऱ्यो र सरकारलाई बुझायो ।

- कार्यदलले निर्यात व्यापार बढाउन र वैदेशिक लगानीका सम्भावनाहरू पत्ता लगाउन कुटनीतिक नियोगहरूलाई क्रियाशील बनाउनु पर्ने, नेपालको परराष्ट्र नीतिमा आर्थिक विषयहरू समावेश गर्ने, प्रभावकारी आर्थिक कुटनीतिका लागि निजीक्षेत्र र विभिन्न क्षेत्रगत मन्त्रालयहरू बीच साझेदारी बढाउने, आर्थिक कुटनीतिको प्रवर्द्धनका लागि कुटनीतिक नियोगहरूलाई क्रियाशील बनाउने, आर्थिक विकासका लागि क्षेत्रीय तथा उपक्षेत्रीय सहयोगको सम्भावना पहिचान गर्ने र द्विपक्षीय संयुक्त आर्थिक आयोजनाहरूलाई विस्तार गर्ने, सञ्चालित आयोजनालाई सुपरीवेक्षण गर्ने, विविध आर्थिक केन्द्रहरूसँग समन्वय कायम गर्ने, कुटनीतिक नियोग तथा कर्मचारी दरबन्दी वृद्धि गर्ने र परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना गर्नेजस्ता सुझाव सिफारिस गरेको थियो ।

- कार्यदलको प्रतिवेदनका आधारमा आर्थिक पक्षलाई व्यवस्थापन गर्न "आर्थिक सम्बन्ध र सहयोग महाशाखा" को स्थापना गरियो भने मन्त्रालय र निजीक्षेत्रबीच विचारविमर्श गर्नका लागि छुट्टै "व्यापार मञ्च" को स्थापना पनि गरियो । राजनीतिक अस्थिरता, दूरदृष्टियुक्त नेतृत्वको अभाव, प्रतिबद्धताको अभाव आदिका कारणले कार्यदलले दिएका सुझाव पूर्णरूपले कार्यान्वयनमा आउन सकेनन् र केही स्थापना गरिएका संयन्त्रले पनि प्रभावकारी रूपले कार्यसम्पादन गर्न सकेनन् ।

- केही समयपश्चात् सरकारले आर्थिक कुटनीतिको महत्वलाई मनन गरी परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान अन्तर्गत पुनः वरिष्ठ अर्थशास्त्री डा. बद्रीप्रसाद श्रेष्ठको संयोजकत्वमा प्रतिष्ठित व्यक्तिहरू संलग्न एउटा नीति अध्ययन समूह (Policy Study Group: PSG) गठन गऱ्यो । यस समूहले आर्थिक कुटनीति प्रवर्द्धनका लागि विगतमा भएका अभ्यास, व्यवधान आदिलाई पुनरावलोकन गर्दै सरकारले आर्थिक कुटनीतिलाई प्रवर्द्धन गर्न गर्नुपर्ने संस्थागत एवम् नीतिगत व्यवस्थाको लागि प्रधानमन्त्रीको अध्यक्षतामा क्षेत्रगत मन्त्रालयहरू सम्मिलित "बाह्य आर्थिक सम्बन्ध र समन्वय समिति" को गठन गर्ने, मुख्य सचिवको अध्यक्षतामा "बाह्यसम्बन्ध परामर्श समिति" स्थापना गर्ने, परराष्ट्र मन्त्रालय अन्तर्गत निष्प्रभावी रहेको आर्थिक सम्बन्ध तथा समन्वय शाखाको सट्टामा "बहुपक्षीय आर्थिक मामला/विषयक महाशाखा" स्थापना गर्ने र कुटनीतिक नियोगहरूलाई पुनसंरचना गर्नेजस्ता सुझाव पेश गऱ्यो ।

- आर्थिक कुटनीतिलाई प्रभावकारी बनाउन दूतावासहरूमा राजदूत (सम्पूर्ण नेतृत्व लिने र समन्वयकर्ताको भूमिका निभाउने), मिनिष्टर (सरकारस्तरको सहयोग र जिम्मेवारी/उत्तरदायित्व बहन गर्ने), आर्थिक परामर्शदाता (निजीक्षेत्रको व्यापार, पर्यटन, लगानी आदिको उत्तरदायित्व वहन गर्ने), सहचारी (वाणिज्यसम्बन्धी उत्तरदायित्व वहन गर्ने) र स्थानीय कर्मचारीको व्यवस्था गर्नुपर्ने सुझाएको छ । त्यस्तै, उक्त समितिले आर्थिक कुटनीतिको प्रभावकारी कार्यान्वयनका लागि परराष्ट्र मन्त्रालय र क्षेत्रगत मन्त्रालयबीच समन्वय, सहयोग, सञ्चार र परामर्श हुनुपर्ने कुरा औंल्याएको छ ।

- आर्थिक कुटनीतिका माध्यमबाट नेपालको आर्थिक हित अभिवृद्धि/प्रवर्द्धन गर्ने उद्देश्यले निजी क्षेत्रको सहभागितासहित "उच्चस्तरीय आर्थिक कुटनीति समन्वय समिति" को स्थापना भएको छ भने आर्थिक

कुटनीतिलाई अझ नतिजा-उन्मुख बनाउन "बहुपक्षीय आर्थिक मामिला महाशाखा" स्थापना भएको छ । यस महाशाखाले नेपालको आर्थिक कुटनीतिलाई प्रभावकारी रूपले कार्यान्वयन गरी नेपालको आर्थिक हित अभिवृद्धि गर्न लिनुपर्ने आर्थिक नीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने, निर्यात वृद्धि गर्न लगानी आकर्षित गर्न, पर्यटन प्रवर्द्धन गर्न एवं वैदेशिक रोजगारी बढाउन कुटनीतिक नियोगहरूलाई परिचालन गर्ने कार्य गर्दै आएको छ ।

- सन् २००० मा तत्कालीन उद्योग तथा वाणिज्य मन्त्रालयले विदेशी राष्ट्रहरूसँग सञ्चालन गर्नुपर्ने आर्थिक कुटनीतिको महत्वलाई मनन गरी पहिलो पटक राजनीतिक गतिविधि सञ्चालन गरिरहेका राजदूतहरूलाई व्यापार विस्तार र वैदेशिक लगानी आकर्षण गरी राष्ट्रको बृहत् आर्थिक हितका पक्षमा काम गराउन "आर्थिक पक्षमा अभिप्रेरित गर्नु (To provide an Economic hat to political diplomats)" एउटा परामर्श बैठकको आयोजना गऱ्यो ।
- सन् २००८ मा वैदेशिक लगानी आकर्षित गरी र वैदेशिक रोजगारीको विस्तार गरी राजनीतिक पक्षभन्दा आर्थिक कुटनीतिमा राजदूतहरूलाई अभ्यस्त/संलग्न गराउन अर्को प्रयास गरियो तर विश्वव्यापी आर्थिक संकट चरममा पुगेको कारणले अपेक्षाकृत नतिजा हात पार्न सकिएन ।
- नेपालमा प्रजातन्त्रको पुनःस्थापना पश्चातका विभिन्न आर्थिक वर्षका बजेटहरूमा प्रत्यक्ष/ अप्रत्यक्ष रूपले आर्थिक कुटनीतिलाई प्रभावकारी बनाउन नीतिगत एवं कार्यक्रमगत प्रतिबद्धता जनाइ सोही अनुसार विभिन्न कार्यक्रम सञ्चालन गरिएको पाइन्छ ।

नेपालमा आर्थिक कुटनीतिलाई प्रवर्द्धन गर्न आठौं योजनादेखि नीतिगत व्यवस्था गरेको पाइन्छ । हाले प्रकाशित १५औं योजनामा अन्तर्राष्ट्रियस्तरमा नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्दै तीव्र आर्थिक वृद्धि, गरिबी न्यूनीकरण तथा दिगो विकासका लक्ष्यहरू प्राप्तिमा योगदान पुऱ्याउन अन्तर्राष्ट्रिय सम्बन्धको महत्तम परिचालन गर्ने उद्देश्यसाथ विभिन्न नीति तथा रणनीति अवलम्बन गरिने उल्लेख गरिएको छ ।

आर्थिक कुटनीतिलाई प्रभावकारी बनाई आर्थिक गतिविधि सञ्चालन गर्न र निर्यात विस्तार, वैदेशिक सहयोग विस्तार, लगानी वृद्धि तथा रोजगार प्रवर्द्धन गर्न विभिन्न आवधिक योजनाहरू र वार्षिक बजेटहरूमा क्षमता विस्तार, संस्थागत सुधार, नीतिगत व्यवस्था लगायतका विभिन्न प्रबन्ध गर्ने व्यवस्थाअनुसार विभिन्न संस्थागत व्यवस्था भई क्रियाशील रहेका पनि छन् ।

## ४. नेपालमा आर्थिक कुटनीतिको महत्व

आर्थिक कुटनीतिले राजनीतिक प्रभाव र सम्बन्धको प्रयोगबाट आर्थिक स्वार्थको पूर्ति गर्छ । यसले राजनीतिक सम्पर्क र संयन्त्रको प्रयोग गरी तुलनात्मक लाभका क्षेत्रमा आफ्नो सक्रियता देखाई देश र नागरिकको हित अभिवृद्धि गर्छ । विद्वानले यसको महत्वलाई निम्नानुसार औंल्याएका छन् ।

१. व्यापारलाई विस्तार गर्न व्यापार साझेदारसँग वार्ता गरी द्विपक्षीय व्यापार विवादको अन्त्य गर्छ ।

२. व्यापार सम्बन्धित सम्झौता र सन्धिका लागि वार्ता गरी राष्ट्रिय हित अभिवृद्धि गर्छ । वाणिज्य-व्यापार र लगानीलाई प्रवर्द्धन गर्छ ।

३. संकट क्षेत्रको उत्थानका लागि वित्तीय सहयोग अभिवृद्धि गर्छ ।

४. वाणिज्य नीति, औधोगिक नीति, श्रम नीति लगायतका क्षेत्रगत नीतिका व्यवस्थाहरूलाई प्रभावकारी बनाउँछ ।

५. वैदेशिक लगानीका लागि सहज वातावरण बनाई लगानीको उत्कृष्ट अवसर सिर्जना गर्छ ।

६. बजार संयन्त्रको स्वचालन हुने वातावरण सिर्जना गर्छ ।

७. सीमापार व्यापार (कारोबार) को लगात र जोखिम कम गर्छ ।

८. अन्तर्राष्ट्रियस्तरमा स्वीकार गरिएका मापदण्ड अवलम्बन गर्न सहयोग गर्छ ।

९. सम्पत्ति र लगानी संरक्षणको वातावरण सिर्जना गर्छ ।

१०. राष्ट्रिय आर्थिक स्वार्थपूर्ति गर्न अन्तर्राष्ट्रियस्तरमा सञ्जाल विस्तार गर्छ ।

११. प्रविधि हस्तान्तरण, स्रोतको पूर्ति, रोजगारी वृद्धि, संस्थागत सुशासन जस्ता विविध पक्षमा सहयोग पुऱ्याउँछ ।

१२. आर्थिक विकास र समृद्धिका लागि उपयुक्त राजनीतिक वातावरण बनाउन सहयोग पुऱ्याउँछ ।

१३. राष्ट्रको पहिचान अभिवृद्धि गर्छ ।

१४. आर्थिक सम्बन्ध विस्तार गर्दै आर्थिक वृद्धिलाई दिगो बनाई र राजनीतिक स्थिरता कायम गर्न सहयोग गरी द्वन्द्व निवारणका लागि प्रभावकारी संयन्त्रको रूपमा काम गर्छ ।

### ५. आर्थिक कुटनीतिका उद्देश्य

आन्तरिक तथा बाह्य क्षेत्रमा आएको परिवर्तनको सन्दर्भमा राष्ट्रिय हित अभिवृद्धिका लागि वाणिज्य, पर्यटन, वैदेशिक लगानी, प्राविधिक र आर्थिक सहयोगका क्षेत्रमा मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संगठनहरूसँग आर्थिक सम्बन्ध प्रगाढ बनाउनु र निरन्तरता दिनु नै आर्थिक कुटनीतिको मुख्य उद्देश्य हो । राष्ट्रको विकासको अवस्था, आर्थिक-सामाजिक अवस्था र समग्रमा सम्पन्नताको अवस्थाअनुसार आर्थिक कुटनीतिका उद्देश्य फरक-फरक हुन सक्छन् । नेपालको सन्दर्भमा आर्थिक कुटनीतिका उद्देश्य देहाय रहेका छन्-

१. निर्यात व्यापार बढाउने वातावरण सिर्जना गर्ने ।

२. वैदेशिक लगानीको प्रवाहलाई आकर्षित गर्ने ।

३. देशमा औद्योगिक विकासका लागि आवश्यक प्रविधि हस्तान्तरण गराउने ।

४. नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा प्रवर्द्धन गराउने ।

५. नेपाली श्रमशक्तिलाई वैदेशिक रोजगारका अवसर सिर्जना गराउने ।

६. द्विपक्षीय र बहुपक्षीय वित्तीय तथा प्राविधिक सहयोगको निरन्तरताका लागि प्रयत्न गर्ने ।

७. आर्थिक समृद्धिमार्फत राष्ट्र निर्माण गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको सम्मान अभिवृद्धि गर्ने ।

### ६. नेपालमा आर्थिक कुटनीतिका समस्या

आर्थिक कुटनीतिलाई प्रभावकारी रूपले सञ्चालन एवं प्रर्वद्धन गर्नका लागि विभिन्न ऐन नियमहरू, नीतिगत व्यवस्थाहरू तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका छन् । नेपालको संविधानमा नै मुलुकको परराष्ट्र सम्बन्धका विषयमा स्पष्ट उल्लेख भएको छ भने वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९; औद्योगिक व्यवसाय ऐन, २०४; गैर आवासिय नेपाली सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५; लगानी बोर्ड ऐन, २०६८; अध्यागमन ऐन, २०४;, वैदेशिक रोजगार ऐन, २०६४ र नियम, २०६५; श्रम ऐन, २०४८ र नियम २०४९ जस्ता कानुनी व्यवस्था कार्यान्वयनमा छन् । त्यस्तै, आर्थिक कुटनीतिलाई व्यवस्थित तथा परिचालन गर्नका लागि विभिन्न क्षेत्रगत नीतिहरू पनि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका छन् । वाणिज्य नीति, २०६५; औद्योगिक नीति, २०६७; पर्यटन नीति, २०६५; हवाई नीति, २०४९; अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६; वैदेशिक रोजगार नीति, २०६९; श्रम नीति, २०६८ र परराष्ट्र नीति, २०७७ मुख्य नीतिहरू हुन् ।

यसरी आर्थिक कुटनीतिका क्षेत्रमा नीतिगत, संस्थागत, स्रोतगत र व्यवस्थापकीय व्यवस्था गरे तापनि यसको प्रभावकारी कार्यान्वयन नभएको भन्ने भनाइ रहेको छ । यसमा विभिन्न समस्या रहेका छन् । यी समस्यालाई संक्षेपमा यसप्रकार उल्लेख गर्न सकिन्छ-

१. घट्दो विदैशी सहायता, अत्यन्तै न्यून वैदेशिक लगानी र ज्यादै ठूलो व्यापार घाटाले नेपालको आर्थिक कुटनीति प्रभावकारी हुन नसकेको ।

२. वाणिज्य र व्यापारको मुद्दामा सहजीकरण गर्ने सक्षमता नहुनु ।

३. नेपालको व्यापार सम्भावना, त्यहाँको आवश्यकता र नेपाली उत्पादनमा पाउने विविध छुट सम्बन्धमा पर्याप्त ज्ञान नहुनु ।

४. व्यापार प्रवर्द्धन, सम्बर्द्धन र संरक्षणमा कुटनीतिक नियोग तथा सम्बद्ध निकायहरू अपेक्षाकृत रूपमा जिम्मेवार र उत्तरदायी हुन नसक्नु ।

५. विश्वमा आर्थिक कुटनीति र वाणिज्य कुटनीतिबाट फाइदा लिइरहेका बेला हाम्रो कुटनीतिक सक्षमता कमजोर रहनु ।

६. नेपालका निर्यातकर्ता देशहरूमा रहेका नियोगको क्षमता कमजोर रहेकाले त्यस देशमा माग हुने वस्तुको गुणस्तर, त्यहाँको व्यापार कानुन, कर प्रणाली तथा विश्व व्यापार प्रणालीमा पाउने छुट सुविधाबारे नेपाली उत्पादकलाई सूचना प्राप्त नहुनु ।

७. व्यापार कुटनीति तथा आर्थिक कुटनीतिमा पर्याप्त अध्ययन-विश्लेषण नहुनु; स्रोत-साधनको पर्याप्तता नहुनु (न्युन आर्थिक स्रोत परिचालन) र क्षमतायुक्त जनशक्ति परिचालन हुन नसक्नु (थोरै र कमजोर नेतृत्व क्षमता भएको जनशक्ति) ।

८. कुटनीतिक नियोगहरूबाट गर्नुपर्ने अन्तर मन्त्रालय समन्वय कमजोर रहनु ।

९. आर्थिक कुटनीतिकका कामको नियमन अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र कमजोर रहनु ।

१०. आर्थिक कुटनीति सञ्चालन गर्ने निकायबीच प्रभावकारी समन्वयको कमी तथा सबै निकायबाट अपनत्व लिई एकीकृतरूपले कार्यक्रम सञ्चालन गर्न नसक्नु ।

११. सम्बद्ध सबै पक्षहरूमा परिवर्तनशील सोच तथा सिर्जनात्मकताको कमी; विभिन्न सरकारी र गैरसरकारी संगठनबीच समन्वय हुन नसक्नु; आर्थिक मुद्दाहरूमा राष्ट्रिय सहमतिसहित अघि बढ्ने संस्कार र व्यवहारको कमी ।

१२. शासन, विकास र सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन नसक्नु; नीति, कानुन तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयन हुन नसक्नु र नयाँ र सम्भावनायुक्त बजारको अध्ययन गरी पहुँच विस्तार गर्न नसकिनु ।

१३. नेपालको अद्वितीय संस्कृति, संस्कार, प्रयावरणीय अनुकुलतालाई आर्थिक कुटनीतिको अङ्गको रूपमा विकास गर्न साँस्कृतिक कुटनीति, पर्या-कुटनीति, खेल कुटनीति, अध्यात्मा कुटनीति जस्ता विविध नवीन् आयामलाई प्रस्फुटन गर्न सकिनु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

## ७. आर्थिक कुटनीति प्रभावकारी बनाउन गर्नुपर्ने प्रयास

आर्थिक कुटनीति आर्थिक विकासका लागि महत्वपूर्ण आधार हो । अतः आर्थिक सरोकारका विषयलाई महत्वसाथ हाम्रो परराष्ट्र नीतिमा समावेश गर्नुपर्ने हुन्छ । आर्थिक हित अभिवृद्धि गर्ने कुरालाई परराष्ट्र नीतिले उच्च प्राथमिकता दिनुपर्छ । "आर्थिक पक्षमा वकालत (Economic Lobbing)" गर्ने प्रणाली र नतिजाउन्मुख कुटनीतिको विकास गर्नुपर्छ । नेपाललाई विश्व अर्थतन्त्रसँग जोडी त्यसबाट अधिक आर्थिक फाइदा लिने वहिर्मुखी आर्थिक नीतिहरू (Outward Looking Economic Policies) अवलम्बन गर्ने परराष्ट्र नीतिका मुख्य आर्थिक लक्ष्य रहनुपर्छ ।

नेपालको आर्थिक कुटनीतिलाई प्रभावकारी एवं कुशलतापूर्वक सञ्चालन गरी आर्थिक हितलाई अभिवृद्धि गर्नका लागि मुख्यतया निम्न पक्षमा ध्यान दिनुपर्ने देखिन्छ-

१. विदेशमा रहेका नियोग र आर्थिक कुटनीति सञ्चालनसँग सम्बद्ध मन्त्रालयहरूवीच समन्वय गर्ने टेक्निकल संयन्त्र निर्माण गर्ने ।

२. नियोगमा खटिने कर्मचारी र नियोग प्रमुखहरू (राजदूत र वाणिज्यदूतहरू) लाई नेपालको निर्यात व्यापारको अवस्था, सक्षमता, सम्भावना, कानुनी व्यवस्था, नीति-नियम र अवसरको बारेमा पर्याप्त ज्ञान दिने व्यवस्था गरी उनीहरूलाई नेपालको वैदेशिक व्यापार एवं लगानी विस्तार गर्ने कार्य जिम्मेवार बनाउने ।

३. नियोगबाट नियमित रूपमा नेपालका निर्यातकर्तासँग कार्यरत मुलुकका व्यापारी-लगानीकर्तासँग सम्बन्ध बढाउने; ती देशमा वस्तुको माग र गुणस्तरसम्बन्धी नियम, कार्यविधि, कर तथा छुटको अवसरबारे जानकारी गराउने व्यवस्था गर्ने ।

४. नियोगमा राजदूत र वाणिज्यदूत पठाउँदा

५. सम्बन्धित क्षेत्रका अनुभवी, विषय विज्ञ व्यक्तिलाई जिम्मेवारी दिने व्यवस्था गर्ने । साथै, नियोग प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था गर्ने ।

६. नियोगहरूले नेपालको व्यापार व्यवसाय वृद्धि गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसैको आधारमा नियोग प्रमुखको कार्यसम्पादन मापण गर्ने व्यवस्था गर्ने ।

७. नेपाली नियोगमा नेपाली वस्तुको प्रदर्शनी केन्द्र स्थापना गर्ने ।

८. साना उद्यमी, लघु तथा घरेलु उद्योगका उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा जोड्ने र कार्यलाई प्राथमिकतामा राख्ने ।

९. आर्थिक कुटनितिलाई व्यवस्थित रूपले सञ्चालन र परिचालन गर्न स्पष्ट नीतिको व्यवस्था गर्ने, भएका संयन्त्रलाई सशक्त, सक्षम र प्रभावकारी बनाउने कार्यमा जोड दिनुपर्छ । त्यस्तै, यसको प्रभावकारिताका लागि काम र जिम्मेवारिसहितको निर्देशिका बनाई लागु गर्नुपर्छ ।

१०. परराष्ट्र मन्त्रालय, कुटनीतिक नियोग, लगानी बोर्ड, निजीक्षेत्र र वैदेशिक लगानीकर्ताबीच प्रभावकारी समन्वय स्थापना गर्ने । साथै, परराष्ट्र मन्त्रालयको क्षमता विस्तार गर्ने । आर्थिक स्रोत र मानवीय स्रोतको विकास (अर्थतन्त्रको ज्ञान, भाषाको ज्ञान वार्तासम्बन्धी ज्ञान आदि) गर्ने ।

११. आर्थिक हितका गतिविधि सञ्चालन गर्नका लागि कुटनीतिक नियोगहरूको पुनसंरचना (जनशक्ति थप,

क्षमता विस्तार, नियोगहरू थप गर्ने, लाभ-लागत विश्लेषणका आधारमा आर्थिक हित हुने ठाउँमा नियोग खोल्ने आदि) गर्ने।

१२. नेपालका आर्थिक, औद्योगिक, वाणिज्यलगायतका क्षेत्रगत नीतिहरू, लगानीका सम्भावनाहरूसँग सम्बन्धित सूचनाहरू नियमित रूपमा प्रवाह हुने, जिज्ञासा र गुनासा समाधान गर्ने, बजार-सर्वेक्षण गर्ने र नेपाली उत्पादनलाई प्रवर्द्धन गर्ने कार्य कुटनीतिक नियोगहरूबाट प्रभावकारी रूपले हुने संयन्त्र निर्माण गर्ने । कुटनीतिक नियोगहरूलाई Trade Intelligence को रूपमा कार्य गर्ने गरी क्रियाशील तुल्याउने ।

१३. राजदूतलगायत नियोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको कार्य सम्पादन, मूल्याङ्कन आर्थिक कुटनीतिका क्षेत्रहरूको प्रवर्द्धनसँगै आबद्ध गर्ने । वैदेशिक लगानी भित्र्याउने, पर्यटक संख्या वृद्धि गर्ने, व्यापार प्रवर्द्धन र द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध विस्तारमा नियोगबाट खोलेको भूमिकालाई मूल्याङ्कनका आधार बनाउने । नियोगहरूले स्पष्ट रूपले वार्षिक कार्ययोजना बनाई आफ्ना क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था गर्ने ।

१४. कुन मुलुकसँग के कस्ता आर्थिक सम्भावना रहेका छन् । ती मुलुकबाट नेपालले कसरी बढीभन्दा बढी लाभ लिन सक्छ, के कसरी आर्थिक सम्बन्ध विस्तार गर्न सकिन्छ भनी अध्ययन-विश्लेषण गरी समन्वय र सहकार्य अगाडि बढाउने ।

१५. निजी क्षेत्रले आर्थिक कुटनीतिमा नेतृत्वदायी भूमिका खेल्नु पर्छ । सार्वजनिक-निजी-साझेदारीद्वारा आर्थिक कुटनीतिलाई गति दिन सकिन्छ । उद्योग वाणिज्य संघहरू, पर्यटन बोर्ड आदिले व्यापार प्रवर्द्धन, पर्यटन विस्तार, साँस्कृतिक आदानप्रदान र वैदेशिक लगानी आकर्षित गरी आर्थिक कुटनीतिको प्रभावकारितामा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । सरकारले यी निकायहरूलाई यसतर्फ परिचालन गर्ने वातावरण सिर्जना (Level Playing Field) गर्ने ।

१६. आर्थिक लाभमा दोहोरो लाभको कुरा हुने भएकोले नेपालले त्यसप्रकारको सक्षमता र दक्षता अभिवृद्धि गर्ने । त्यस्तै, राष्ट्र हित र सम्मान अभिवृद्धि हुने गरी बहुपक्षीय लगानी सम्झौता (विप्पा) र दोहोरो करमुक्ति सम्झौता (डिटिए) गर्दै जाने ।

१७. नीतिगत निरन्तरता, राजनीतिक विश्वसनीयता, संरचनागत सुधार, सेवा प्रवाहमा सुधार, लगानीको सुरक्षाको प्रत्याभूति, स्रोतको विवेकपूर्ण प्रयोग र परिचालन, सुशासन जस्ता विविध क्षेत्रमा सुधार गरी स्पष्ट कानुनी र भौतिक पूर्वाधारहरू (बाटोघाटो, पानी, विद्युत, सञ्चार र सुरक्षा आदि) को व्यवस्थापन गर्न सकेमा आर्थिक कुटनीतिले सही दिशा लिने हुँदा यसप्रकारका पूर्वाधारको विकासमा जोड दिने ।

१८. आर्थिक कुटनीतिलाई विकास सहायता र प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने रूपमा मात्र नहेरी यसका बहुआयामिक पक्षलाई प्रभावकारी बनाउने ।

१९. स्रोतको अभाव, संरचनागत समस्या र कार्यक्षमताका कारण सबै ठाउँमा वाणिज्य सहचारी, श्रम सहचारी नियुक्त गर्न समस्या परेको अवस्थामा त्यहाँ कार्यरत नेपाली विद्यार्थी, गैर-आवासीय नेपाली तथा नेपालको हित चाहने विदेशी मित्रहरू (Friends of Nepal) लाई परिचालन गर्न सकिन्छ । यसतर्फ नीतिगत व्यवस्था गर्ने ।

२०. नेपालको प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका क्षेत्र अन्तर्गत यहाँको अद्वितीय विविधतायुक्त संस्कृति, प्राकृतिक सुन्दरता र अनुपम हावापानीलाई प्रवर्द्धन गरी साँस्कृतिक सम्पति (नाच, कला, संस्कार आदि) उजागर गर्न साँस्खृतिक कुटनीति, खेल कुटनीति, पर्या-कुटनीतिको प्रवर्द्धन गर्ने । यसका लागि विभिन्न भाषामा प्रचारप्रसार गर्ने, डकुमेन्ट्री बनाउने ।

२१. उत्पादनमूलक एवं निर्यातमूलक उद्योगको स्थापना र सञ्चालनमा विशेष जोड दिनका लागि विशेष आर्थिक क्षेत्र (Special Economic Zone) सञ्चालन गर्ने ।

२२. विश्व व्यापार संगठनलगायत क्षेत्रीय संगठनमा प्रभावकारी भूमिका निर्वाह गर्न र त्यस्ता संगठनमा जनाइएका प्रतिबद्धता अनुरूप नीतिगत र संरचनागत आबद्धतालाई घनिभूत बनाउने । ■■

*लेखक अर्थ मन्त्रालयका उपसचिव हुनुहुन्छ ।*

## सन्दर्भ सूची

देवकोटा, इन्द्रबहादुर (२०६८), आर्थिक कुटनीति र नेपालमा यसको प्रयोग, व्यापार र विकास, वर्ष ४, अङ्क १, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

देवकोटा, इन्द्रबहादुर (२०७०), नेपालमा वैदेशिक सहायता परिचालन र व्यवस्थपन, व्यापार र विकास, वर्ष ५, अङ्क २, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

देवकोटा, इन्द्रबहादुर (२०६८), वैदेशिक सहायताः अवधारणा र नेपालमा यसको प्रयोग, निजामती सेवा पत्रिका, लोकसेवा आयोग, काठमाडौं ।

..........(२०५२), परिवर्तित सन्दर्भमा कुटनीति सञ्चालन गर्न परराष्ट्र मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिकाः कार्यदलको प्रतिवेदन ।

.......... (२०७०), आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, सिंहदरबार

.......... ( ) आर्थिक योजनाका दस्तावेज (विभिन्न), राष्ट्रिय योजना आयोगको सचिवालय

.......... ( ) बजेट वक्तव्यहरू (विभिन्न), अर्थ मन्त्रालय, सिंहदरबार

.......... (२०७७) परराष्ट्र नीति, २०७७, परराष्ट्र मन्त्रालय, सिंहदरबार ।

.......... (२०७६) पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग, सिंहदरबार ।

Acharya, Gyan Chandra (2008), Economic Diplomacy, Perspectives for Nepalese Economy, Souvenir, Ministry of Commerce, Kathmandu

Adhikari, Khaga Nath (2010), Economic Diplomacy, International Relation and Foreign Diplomancy, Sopan Monthly, Kathmandu.

Amolo, Tom (2009), Some Thoughts on Economic Diplomany and Its Impact on International Relations

Minodora, Ursacescu (.....), The Economic Diplomacy in the Context of Globalization &Infomational Economy, The Academy of Economic Studies, Bucharest.

Shrestha, Dr. Badri Prashad(2005), Enhancing Economic Diplomacy, Economic Policy Network.

Skylakakis, Theodore (2011), The Importance of Economic Diplomacy, The Bridge Magazine, Greek Ministry of Foreign Affairs.

Sobhan, Farooq (......), Focus on Economic Diplomacy : The Priority Tasks, Bangladesh

Udas, Bhim (2010), Economic Diplomacy, the Role of Nepali Diaspora, Republica Daily, Dec 20, 2010

.............(2008), NEPAL A Generic Guidelines for Development through Econonomic Diplomacy, Institute of Foreign Affairs, Kathmandu.

................ (2002), Report of the Study Group on Nepal's Economic Diplomacy, Institute of Foreign Affairs, Kathmandu.

# आन्तरिक नियन्त्रण प्रणाली बैंकिङ्ग क्षेत्रको सञ्चालन कुशलता



गिरीधारी पौडेल

बैंकिङ् क्षेत्र स्रोत र साधनको प्रभावकारी एव दक्षतापूर्ण परिचालन गरी सेवाग्राहीहरूमा प्रभावकारी सेवा र त्यसका लगानीकर्ताहरूमा उचित प्रतिफल दिने उद्देश्यले स्थापित भएको हुन्छ । बैंकिङ् क्षेत्रमा लगानी योग्य स्रोतहरूको नै केही मूल्य परेको हुन्छ, स्रोतको केही प्रतिशत थप मार्जिनमा कर्जा लगायतका सेवा व्यवसाय सञ्चालन गरी यसै मार्जिनभित्र सञ्चालन मुनाफाको अपेक्षा रहेको हुन्छ । ब्याजका दरमा नियमनकारी निकाय (ने.रा.बैंक) को निर्देशनात्मक नियन्त्रणको दायराभित्र व्यवस्थापन गर्नुपर्ने हुँदा मुनाफा सदैव थप चुनौतीपूर्ण रहेको हुन्छ । अहिलेको सन्दर्भमा बजारमा भएको तरलता अभावसँगै स्रोतहरूमा अन्तर वित्तीय संस्थाबीच प्रतिस्पर्धा हुँदा स्रोत झन महँगो हुन गएको छ । यस्तो अवस्थामा आन्तरिक नियन्त्रण प्रणालीको थप महत्त्व रहेको छ ।

आन्तरिक नियन्त्रण प्रणाली नेपालको संविधान २०७२ को नियन्त्रण र सन्तुलनको सिद्धान्तले समेत अपेक्षित विषय हो । संविधानको भाग ४ मा रहेको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गतका विभिन्न धाराहरूमा व्यवस्था गरिएको राज्यले अपनाउने शोषणरहित र न्यायपूर्ण समाज तथा मुलुकमा सुशासन कायम गर्न राज्यका स्रोत र साधनको मितव्ययी रूपमा दक्षतापूर्ण प्रयोग अपेक्षित रहेको विषय संविधानको प्रस्तवनालगायत भाग २२ मा रहेको महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गर्दा खर्चमा सो अपनाइयो वा अपनाइएन हेर्न सकिने भन्ने समेत व्यवस्था भएबाट प्रष्ट हुन्छ । यसैगरी विभिन्न कानुनहरूबाट समेत सबै निकायले अनिवार्य रूपमा आफ्नो आम्दानी र खर्चको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था हुनु पनि स्वयम्मा नियन्त्रण प्रणालीलाई मजबुत गराउन नै हो । संविधानका यस्ता प्रावधानहरूलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, तथा नेपाल राष्ट्र बैंक ऐन २०५८ ले समेत आत्मसात गरी बैंकिङ् क्षेत्रमा आन्तरिक सुशासन कायम गराउन विभिन्न व्यवस्थाहरू उल्लेख गरिएको छ । यसको साथै कानुन तथा आचारसंहिता पालना नगर्ने संस्थाको स्रोतको दुरूपयोग गर्नेहरूलाई बैंकिङ् अपराध तथा सजाय ऐनको समेत छुट्टै व्यवस्था गरी अपराधको स्तरअनुरूप कारबाहीको प्रक्रियामा जाने व्यवस्था रहनु जस्ता सबै विषयहरू संस्थागत सुशासन कायम गराउन गरिएका विषयहरु हुन् । संस्थागत सुशासन र आन्तरिक नियन्त्रण एकआपसका परिपुरक पनि हुन् । नियन्त्रणको अर्थ व्यवसायको विस्तारलाई रोक्नु कदापि होइन बरू जोखिमलाई न्यूनीकरण गर्दै सुरक्षित रूपमा व्यवसायलाई गति दिनु हो ।

बैंक तथा वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न कानुनतः वैधानिकता र जिम्मेवारी पाएको मुख्य निकाय त्यो संस्थामा रहने लेखापरीक्षण समिति हो, जसलाई प्रत्येक बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३,को अन्तर्गत रही गठन गरी सोअनुरूप कार्य गर्ने प्रत्याभूति संस्थाको प्रबन्धपत्र नियमावली समेतमा गरेको हुनुपर्दछ । लेखापरीक्षण समितिमा संस्थाको सञ्चालक समितिले गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा तीन सदस्यीय लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ६१ ले लेखापरीक्षण समितिको काम कर्तव्य र अधिकारको समेत व्यवस्था गरेको छ । जस अन्तर्गत (क) बैंक तथा वित्तीय संस्थाको लेखा, बजेट तथा आन्तरिक लेखापरीक्षण कार्यविधि, आन्तरिक नियन्त्रण उपयुक्त भए नभएको र भएमा सोको पालना भए नभएको अनुगमन तथा सुपरिवेक्षण गर्ने (ख) बैंक तथा वित्तीय संस्थाको लेखा बहिखाताको आन्तरिक लेखापरीक्षण गराउने र त्यस्ता कागजात प्रचलित कानुन, राष्ट्र बैंकको नियमन तथा निर्देशन बमोजिम ठीकसँग तयार भए नभएको यकिन गर्ने । (ग) बैंक तथा वित्तीय संस्थामा लागु भएको प्रचलित कानुन पूर्णरूपमा पालना भएको छ भनी विश्वस्त हुन बैंक वा वित्तीय संस्थाको व्यवस्थापन र

सञ्चालनको नियमित व्यवस्थापकीय तथा कार्यसम्पादनको परीक्षण गर्ने गराउने । (घ) बैंक वा वित्तीय संस्थामा यो ऐन वा यस अन्तर्गत बनेको नियम, विनियम, नीति वा दिइएको निर्देशन बमोजिम काम कारबाही भए नभएको अनुगमन गर्ने र सोको प्रतिवेदन सञ्चालक समितिसमक्ष पेस गर्ने । (ङ) बाह्य लेखापरीक्षकको नियुक्तिका लागि तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्ने । (च) सञ्चालक समितिबाट माग गरिएको विषयमा राय दिने । यसरी संस्थागत रूपमा नै स्वतन्त्र निकायको व्यवस्था गरी कार्यकारी अधिकारको दुरूपयोग हुन नदिने कुराको प्रत्याभूति गरिएको छ ।

आन्तरिक नियन्त्रण कार्यलाई थप प्रभावकारी ढंगले सञ्चालन गर्ने सन्दर्भमा चर्चा गर्नुपर्दा आन्तरिक नियन्त्रण सञ्चालन कार्यदक्षता पनि हो जति बढी कर्मचारीहरू भए त्यसको लागत पनि बढी हुने हुँदा कम कर्मचारी खर्चमा बढी काम लिन सक्नु, कर्मचारीहरूलाई काममा दक्ष बनाई दक्षताको उपयोग संगठनको काममा गरिनु, सोअनुरूप लगानीलाई बढी प्रतिफल आउन सक्ने क्षेत्रमा लगानी गर्दै यसको जोखिमलाई न्यून गर्न सफल हुनु, कर्मचारीहरूमा नैतिकता र संस्थाप्रति निष्ठाको भाव विकास गराई स्रोतहरूको दुरूपयोग हुन नदिनु, संस्थामा काममा लापरबाही गर्ने अनुशासनको पालना नगर्ने कर्मचारीहरूलाई दण्डित गरेर, राम्रो काम गर्ने पुरस्कृत हुने र खराब, गलत नियत भएकाहरू दण्डित हुने वातावरणको विकास गरिनु, कर्मचारीहरूका आर्थिक लगायतका समस्याहरूमा संस्थाको स्रोत र साधनलाई मध्यनजर गरी समयानुकुल परिमार्जन गरी आकर्षक सुविधा बनाई उच्च मनोवलका साथ काम गर्ने वातबरणको विकास गरिनु, संस्थाको सेवा सुविधाहरूमा कोही पनि कर्मचारीहरू काखा र पाखा नभई नियमको परिपालनामा एकरूपता हुनु, राम्रो काम गरे पुरस्कृत भइन्छ भन्ने कुराको पूर्ण प्रत्याभूति हुनु, सेवासँग सरोकार भएका विषयहरूमा समयानुकुलका उचित तालिमहरू दिई कर्मचारीहरूलाई दक्षताको आधारमा सही मान्छे सही ठाउँमा (Right man in Right Place) पदस्थापन गर्नु, संस्थागतरूपमा काममा दोहोरोपन नहुने गरी कार्यप्रणालीमा व्यवस्थापन गरिनु, संगठन राजनैतिक उद्देश्य परिपूर्ति गर्न होइन, व्यावसायिक सम्भावनाका आधारमा मात्र कार्यालयहरू खोलिनुपर्ने, एकै क्षेत्रमा नजिकै रहेका अनावश्यक देखिएका कार्यालयहरू समायोजन गरी कार्यालय सञ्चालन खर्चमा मितव्ययिता अपनाउनुपर्ने, कार्यालयहरूमा हुने कार्यालय सञ्चालन खर्च घर भाडा, बत्ती, बिजुली, सवारी साधन, इन्धन, भ्रमण खर्च, विविध मर्मत, भैपरिलगायतका खर्चहरूमा मितव्ययी दृष्टिकोण तथा खर्चमा विवेकशीलता अपनाई कम खर्चमा बढी उपलब्धि हासिल हुने गरी कार्य सम्पादन क्षमता प्रदर्शन गर्ने वातावरणको विकास गरिनुपर्ने, यसरी भइरहेका आफ्ना क्रियाकलापको पुनः समीक्षा गरी थप परिमार्जन गरिएमा बैंक तथा वित्तीय संस्थाको स्रोतको पूर्ण सदुपयोग भई थप वित्तीय सक्षमता देखिने, लगानीकर्ताहरूको मुहारमा खुसीको चमक र संस्थाको प्रगतिबाट समग्र बजारमा संस्थाप्रति जनाकर्षण वृद्धि भई संस्थाको ख्यातिमा समेत बढोत्तरी हुने देखिन्छ । यसरी आन्तरिक नियन्त्रण प्रणाली बैंकिङ्ग क्षेत्रको सञ्चालन कुशलता हो भन्नुमा पनि कुनै अत्युक्ति देखिँदैन । ■■

*लेखक कृषि विकास बैंक लि. का विभागीय प्रमुख हुनुहुन्छ ।*

# दिगो बैंकिङ्ग सेवा : अबको आवश्यकता

■ वीना शर्मा

दिगो विकास आफैंमा सम्पूर्ण शब्द भने होइन । कुनै पनि क्षेत्रको दिगो विकास भन्नेबित्तिकै त्यस क्षेत्रको आर्थिक, सामाजिक तथा पर्यावरणीय विकास भन्ने बुझाइरहन्छ । वातावरण तथा विकास सम्बन्धी विश्वव्यापी आयोग (World Commission on Environment and Development: WCED 1987) ले (Sustainable Development) लाई भोलिका पुस्ताहरूको आवश्यकता प्राप्त गर्ने क्षमतासँग सम्झौता नगरीकन आजको आवश्यकता पूरा गर्न सक्नु नै समष्टिगत रूपमा दिगो विकास हो भनी पुष्ट्याइँ गरेको छ । हुन त दिगो विकास कार्यान्वयनका लागि एक शव्दको व्याख्याले मात्र सम्भव नहुन सक्छ । त्यसैले, Reo Declaration 1992 ले दिगो विकासका लागि २७ वटा सिद्धान्तहरू पारित गरेको छ । यसमध्ये यी ६ वटा प्रक्रियागत सिद्धान्तहरू जसले दिगो विकासलाई वित्तीय बजारसँग जोडेर कार्यान्वयनमा ल्याउने कार्यमा प्रमुख भूमिका खेलेको देखिन्छ ।

१. विभिन्न नीतिगत आयामहरूको सन्तुलन
२. दीर्घकालीन समयावधि तथा अन्तर-युग समानता
३. वातावरणीय सुरक्षा, विकासको सीमा तथा पृथ्वीको सीमा क्षेत्र
४. समान अवसर तथा पहुँच
५. समावेशी तथा सहभागितामूलक
६. शुसासन

## दिगो विकास र वित्तीय व्यवसाय

के वित्तीय बजारमा दिगो विकास सम्भव छ त रु दिगो विकास तथा वित्तीय बजारको अध्ययन गर्ने हो भने दिगो विकास तथा वित्तीय बजारको विकास फरक फरक अवधारणाबाट प्रेरित भएको देखिन्छ । दिगो विकासका लागि हामी विभिन्न नीतिगत आयामहरू जस्तो कि सामाजिक, आर्थिक तथा वातावरणीय आयामहरूको वृहत्तर विकासको चर्चा गर्छौ भने वित्तीय विकासको लागि एक मात्र आयाम (One Dimension) आर्थिक विकासलाई लक्षको रूपमा लिने गरिन्छ । जसमा मुख्यतः अधिकतम मुनाफा आर्जन तथा लगानीमा अधिकतम प्रतिफल (Return on Investment) पर्न आउँछन् । त्यस्तै दिगो विकास, दीर्घकालीन समयावधि तथा अन्तर-युग समानतालाई आधार मानी विकासको अवधारणा तयार गरिन्छ भने वित्तीय बजारको विकासका लागि अल्पकालीन मुनाफा तथा तत्काल लाभलाई सूचक मानिन्छ । दिगो विकासका लागि वातावरणीय सुरक्षा, विकासको सीमा तथा पृथ्वीको क्षमताको सूक्ष्म अध्ययन गरिन्छ भने वित्तीय व्यवसायमा वातावरणीय असरप्रति न्यून चिन्तन भएको पाइन्छ । दिगो विकासका लागि सबै वर्ग, क्षेत्र तथा समुदायको समान अवसर तथा पहुँचलाई सूचक मानिन्छ भने वित्तीय व्यवसायमा सामाजिक असरहरूप्रतिको चिन्तनलाई खासै प्राथमिकता दिइएको पाइँदैन । दिगो विकास समावेशी तथा सहभागितामूलक विकासमा विश्वास राख्दछ भने वित्तीय व्यवसायमा समावेशी तथा सहभागितामूलक क्रियाकलापले खासै महत्व राखेको पाइँदैन । त्यसैगरी दिगो विकास पारदर्शिता तथा जवाफदेहितामा आधारित शुसासनमा विश्वास राख्दछ भने वित्तीय व्यवसाय व्यक्तिगत क्षमता तथा उत्पादकत्वमा विश्वास राख्दछ ।

## वित्तीय व्यवसायमा दिगो विकासको सम्भावना

कुनै पनि राष्ट्रको आर्थिक विकासमा बैंकिङ्ग व्यवसायको महत्वपूर्ण भूमिका रहने कुरालाई नकार्न सकिदैन र बैंकिङ्ग क्षेत्रबिनाको आर्थिक विकास कल्पना पनि गर्न सकिँदैन । छुट्टाछुट्टै विषयका रूपमा रहेको दिगो विकास तथा आर्थिक विकासलाई विकासका अभियन्ताहरूले एकीकृत गर्दै वित्तीय व्यवसायलाई समेत बहुआयामिक बनाउनु पर्ने विषयमा जोड दिन थालेका छन् । जसको फलस्वरूप वित्तीय व्यवसायलाई नाफा/नोक्सानको दृष्टिकोणले मात्र नहेरी आर्थिक, सामाजिक तथा वातावरणीय आयामलाई पनि उत्तिकै प्राथकिकता दिनुपर्ने विषयको सुरूवात भयो । जसको फलस्वरूप सामाजिक उत्तरदायित्व सहितको लगानीमा विषेश जोड दिन थालियो । सामाजिक उत्तरदायित्व सहितको लगानीले बैंकको दिगो विकासमा मात्र महत्वपूर्ण भूमिका खेल्ने मात्र नभई वातावरणीय सन्तुलन कायम गर्न पहरेदारी गर्ने, ग्राहकको प्रतिरक्षा गर्ने, मानव अधिकार सुनिश्चित गर्ने, गुणस्तरीय जनशक्ति

निर्माण तथा सेवा विस्तार गर्ने कार्यका साथसाथै प्राकृतिक स्रोतहरूको उचित परिचालन समेत गर्दछ ।

आजभन्दा १० वर्षअघिको बैंकिङ्ग व्यवसायलाई फर्केर हेर्ने हो भने आजको बैंकिङ्ग व्यवसायभन्दा आकाश जमीनको फरक देखिन्छ । विगतका बैंकिङ्ग व्यवसायहरू नाफा परिलक्षित थिए भने आजको बैंकिङ्ग व्यवसाय सामाजिक उत्तरदायित्वमा आधारित रहेको छ । नियमनकारी निकायहरूको दवाब, digitalization, विश्वव्यापीकरण (globalization) जनसंख्या विस्तार (Demography), Sustainability तथा volatile बैंकिङ्ग व्यवसायलाई प्रभाव पार्ने प्रमुख तत्वहरू हुन् ।

## दिगो बैंकिङ्ग सेवा (Sustainable Banking) अवधारणा र प्रयोग

व्यवसायमा दिगोपन तथा वातावरणीय अनुकुलनको बहस विश्वव्यापी रूपमा भइरहदा वित्तीय क्षेत्रमा पनि यसको चाप पर्न गएको प्रष्ट देखिन्छ । दिगो बैंकिङ्गले वातावरणीय, सामाजिक एवं सुशासन (ESG) को प्रभावलाई मध्यनजर गर्दै बैंकिङ्ग सेवा तथा व्यावसायिक गतिविधिहरूको रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने गर्दछन् । आन्तरिक रूपमा बैंकहरूले दिगो बैंकिङ्ग अभ्यासको माध्यमद्वारा सञ्चालन दक्षताका साथ साथै मानव संसाधन तथा भौतिक सम्पत्तिहरूको व्यवस्थापनमा प्रतिस्पर्धात्मक लाभ पाउन सक्षम हुने विभिन्न अध्ययनहरूले देखाएको छ ।

विश्वव्यापी रूपमा शीर्ष बैंकहरूले विभिन्न क्षेत्रमा दिगोपनका लागि प्रतिबद्धता जाहेर गर्दै दीर्घकालीन रूपमा बैंकिङ्ग व्यवसायका रणनीति तय गर्ने र सोही अनुसार कर्मचारीहरूलाई प्रशिक्षित गर्दै कार्य शैली (working Culture) मा परिवर्तन गर्ने प्रयासमा लागि परेका छन् । सन् २०११ मा वातावरणीय जोखिम निर्देशिका तथा ग्रीन बैंकिङ्गका लागि नीतिगत दिशानिर्देशन जारी गरी बंगलादेशको केन्द्रीय बैंक, बंगलादेश बैंकले पहिलो पटक वातावरणीय चुनौतीहरूलाई बैंकिङ्ग व्यवसायमा सम्बोधन गर्ने बैंकको रूपमा परिचित हुन पुग्यो । ग्रीन बैंकिङ्ग तथा न्यून कार्बन उत्सर्जन क्षेत्रमा लगानी प्रोत्साहन गर्ने चीन संसारको एक प्रमुख देशको रूपमा उभिएको छ । चीनको केन्द्रीय बैंकले सबै बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्नो कर्जाको पोर्टफोलियोलाई 'ग्रीन,' 'ब्राउन' एवं 'तटस्थ' वर्गमा अनिवार्य वर्गीकरण गर्नुपर्ने र सोको आधारमा केन्द्रीय बैंकले जोखिमको मूल्यांकन गरी बैंकहरूलाई 'ग्रीन अंक' प्रदान गर्ने प्रावधान जारी गऱ्यो । चीनको केन्द्रीय बैंकले हरित लगानी (Green Financing) लाई मौद्रिक र नियामक नीति उपकरणहरूमा समेत परिलक्षित गर्दै Micro Prudential मूल्यांकनको एक अभिन्न अंगको रूपमा प्रस्तुत गरिएको छ । Green Bond, Climate Bond, Green Private Equity Investment Market जस्ता नविनतम (innovative) उपकरणहरूको पहिचान र प्रयोगमा चीन अग्रस्थानमा रहेको छ भने विश्वभर नै Green Bond जारी गर्ने मुलुकहरूमध्ये सम्भवतः सबैभन्दा ठूलो रकमको बन्ड जारी गर्ने मुलुकको रूपमा स्थापित हुन सफल भएको छ । जसको हिस्सा समग्रमा ४०% रहेको छ ।

भारतीय रिजर्व बैंकले सन् २००७ मा जारी गरेको 'कर्पोरेट सोसल उत्तरदायित्व, दिगो विकास र गैर वित्तीय प्रतिवेदन – बैंकहरूको भूमिका' सम्बन्धी परिपत्र नै भारतीय केन्द्रीय बैंकबाट दिगो बैंकिङ्ग सम्बन्धी सम्बोधन थियो तर यसमा दिगो बैंकिङ्ग, ग्रीन फाइनान्सिङ्ग तथा वातावरणीय चुनौतीहरूको सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था भने थिएन । भारतीय वित्तीय नीतिको एउटा महत्वपूर्ण पक्ष भनेको प्राथमिकता क्षेत्र लगानी हो जसमा बैंकहरूले आफ्नो कर्जा पोर्टफोलियोको ४०% हिस्सा कृषि एवं लघु, साना, तथा मझौला व्यवसाय (MSMEs) लगायत सामाजिक रूपमा महत्वपूर्ण मानिने क्षेत्रहरूमा अनिवार्य रूपमा कर्जा लगानी गर्नुपर्ने प्रावधान रहेकोमा सन् २०१५ मा भारतीय रिजर्व बैंकले यस प्राथमिकता क्षेत्रमा ग्रीन फाइनान्सिङ्गलाई समर्थन गर्दै सामाजिक पूर्वाधार तथा नविकरणीय उर्जालाई समेत समावेश गऱ्यो । सन् २०१५ को पेरिस सम्झौतापछि विश्व बजारमा ग्रीन बन्डको उदयसंगै भारतमा पहिलो पटक यस बैंक (Yes Bank), निर्यात-आयात बैंक (Export- Import Bank of India), CLP Wind Farms तथा IDBI Bank ले अमेरिकी डलर १.१ विलियन बराबरको ग्रीन बन्ड जारी गरेका थिए । भारतीय सरकारद्वारा Clean Energy परियोजनाहरूमा लगानी गर्न ग्रीन बैंकको स्थापनाको लागि समेत प्रस्ताव गरिएको छ ।

घानाको केन्द्रीय बैंकले सन् २०१९ मा ७ बुँदे 'दिगो बैंकिङ्ग सिद्धान्तहरू (Sustainable Banking Principle)' जारी गऱ्यो जसमा वातावरणीय र सामाजिक जोखिम व्यवस्थापन (ESRM), बैंकहरूको आन्तरिक, वातावरणीय, सामाजिक तथा शुसाशन (ESG) सम्बन्धी व्यवस्था, कर्पोरेट गभर्नेन्स र नैतिक मानक (Corporate Governance and Ethical Standard), लैंगिक समानता, वित्तीय समावेशीकरण, स्रोत दक्षता (Resource Efficiency), दिगो उत्पादन तथा उपयोग एवं रिर्पोटिङ्ग जस्ता विषयहरू समावेश गरिएको छ ।

इण्डोनेसिया, सिंगापुर, भियतनाम पनि ग्रीन बन्ड, जलवायु बन्डको सिद्धान्तलाई आत्मसात गर्दै वातावरणीय

तथा सामाजिक सुरक्षणको नीति (ESRM) लाई अवलम्वन गर्ने महत्वपूर्ण मुलुकहरूमा पर्दछन् ।

नेपालमा समेत नेपाल राष्ट्र बैंकबाट हालसालै बैंक तथा वित्तीय संस्थाहरूका लागि जारी गरिएको "वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन २०२२" जारी भई बैंकहरूलाई कार्यान्वयनका लागि निर्देशन प्राप्त भइसकेको छ । यसै सन्दर्भमा बैंकहरूले आफ्नो कर्जा लगानी प्रक्रिया तथा समग्र जोखिम व्यवस्थापन प्रक्रियामा वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापनलाई समाहित गर्दै ग्रीन फाइनान्सिङ्ग तथा समावेशी लगानी वृद्धि गरी वातावरणीय तथा सामाजिक स्थायित्व कायम गर्दै जलवायुमा पहल, जलमूनिको जीवन र जमीन माथिको जीवन जस्ता दिगो विकास लक्ष्य हासिल गर्नका लागि बैंकको योगदान समेत वाञ्छनीय रहेको विषयमा विश्वस्त छन् ।

धेरै मुलुकहरूमा खासगरी हाम्रो जस्तो विकासोन्मुख मुलुकमा जलवायु परिवर्तनका असरहरू प्रति अझैपनि चेतनाको कमी छ । जलवायु परिवर्तनले मुलुको वित्तीय प्रणालीमा समेत प्रत्यक्ष असर गर्छ भन्ने कुराको चेतना धेरैलाई छैन त्यसैले पनि जलवायु परिवर्तनको विषय केन्द्रीय बैंक एवं वित्तीय क्षेत्रको कार्यादेशभन्दा बाहिरको विषय र बैंकको कोर व्यवसायभन्दा फरक विषयको रूपमा तर्क गरे तापनि वित्तीय स्थायित्वको लागि जलवायु परिवर्तनका असरहरूलाई भौतिक जोखिमको रूपमा लिन सकिन पर्याप्त प्रमाणहरू छन् । International Finance Corporation (IFC) ले सन् २००२ मा गरेका एक सर्वेक्षण अनुसार ८६% वित्तीय संस्थाहरूले वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापनलाई आफ्नो कार्यक्रमसँग एकीकृत गर्दा सकारात्मक परिवर्तन भएको रिपोर्ट गरे भने १९% वित्तीय संस्थाहरूले यसलाई महत्वपूर्ण परिवर्तनको रूपमा लिए जबकि नकारात्मक टिप्पणी गर्ने संस्थाहरूको संख्या ०% थियो । त्यसैगरी, United Nation Environment Program Financial Initiative (UNEPFI) ले सन् २००७ मा गरेको एक सर्वेक्षण अनुसार दिगो व्यवसायको अभ्यास गरिरहेका वित्तीय संस्थाहरू मध्ये ९०% भन्दा बढी संस्थाहरूले संस्थागत प्रतिष्ठामा वृद्धि तथा लागतमा बचत जस्ता स्पष्ट देखिने खालका लाभहरू अनुभव गरेको रिपोर्टले बताएको छ ।

दिगो बैंकिङ्ग अभ्यास विश्वव्यापी रूपमा अघि बढीरहेको सन्दर्भमा नेपालमा पनि ग्रीन फाइनान्सिङ्गको अवधारणहरूको सुरूवात भइसकेको छ जस अन्तर्गत नवीकरणीय उर्जा, हरित बन्ड, दिगो पूर्वाधार जस्तै कम कार्बन उत्सर्जन तथा शुद्ध शून्य उत्सर्जन आदि जुन ठूला लगानीबाट मात्र सम्भव हुन्छ भने सम्भाव्यताका आधारमा गरिने लघु, साना तथा मझौला (MSMEs) व्यवसायहरूको सम्मिश्रणले बैंकको व्यावसायिक लक्ष्य मात्र पूरा हुने नभई व्यवसायीक सन्तुलन कायम गर्न, बैंकको फोर्टफोलियोको गुणस्तर सुधार गर्न, बैंकको ब्राण्ड/प्रतिष्ठा, सामुदायिक सम्बन्ध सुधार गर्न तथा नविनतम वित्तीय उत्पादनहरूको प्रयोगले बैंकिङ्ग बजारमा आफ्नो प्रभुत्व जमाउन सकिन्छ ।

अबको बाटो दिगो बैंकिङ्ग सेवा भए तापनि यसका धेरै चुनौतीहरू छन् । कतिपय अवस्थामा वित्तीय तथा दिगोपन नीतिहरूमा भएको बेमेलका कारण दिगो बैंकिङ्ग तथा ग्रीन फाइनान्सिङ्गलाई परिभाषित गर्न यसलाई वर्गीकरण (Green Classification) गर्न तथा सोहीअनुरूपको मापदण्ड, सिद्धान्त, निर्देशन तथा कार्यविधि तयार गर्न आवश्यक छ । यसका अतिरिक्त जलवायु अनुकुलन, कार्बन फुटप्रिन्ट, कार्बन उत्सर्जन जस्ता विषयहरू वातावरणीय वा सामाजीक अभियन्ताको मात्र नभई हरेक नीति निर्माता तथा कर्मचारीले बुझ्न आवश्यक छ । भविष्यमा बैंकका व्यवसायहरूलाई निर्बाध रूपमा अघि बढाउनका लागि यस तर्फ पहल गर्न सके मात्र मुलुकको अर्थतन्त्र विस्तारका लागि मजवुत अधारशीला खडा भई बैंकहरूको लगानी उत्पादनशील क्षेत्रमा जाने देखिन्छ । ■■

*लेखक कृषि विकास बैंक लि. का विभागीय प्रमुख हुनुहुन्छ ।*

## सन्दर्भ सामग्री :

1. ASEAN Capital Markets Forum (ACMF). 2017. ASEAN Green Bond Standards. Jakarta: ASEAN Capital Markets Forum.
2. Batten S., R. Sowerbutts, and M. Tanaka. 2016. Let's Talk about the Weather: The Impact of Climate Change on Central Banks. BoE Working Paper No. 603. London: Bank of England.
3. Durrani, A., Ulrich V. and Masyitah R. 2020. ADBI Working Paper Series 1099. 2020, The role of Central Banks in Scaling up Sustainable Finance: What do Monitory Authority in Asia and the Pacific think ?;
4. EBRD Sustainability Report 2011 – available on the Bank's web-site http://www.ebrd.com/pages/research/publications/flagships/sustainability.shtml
5. IFC Performance Standards on Environmental and Social Sustainability (https://www.ifc.org/wps/wcm/connect/c8f524004a73daeca09afdf998895a12/IFC Performance Standards.pdf?MOD=AJPERES

# कृषि विकास बैंक लिमिटेडमा कर्जा प्रशासन विभागको भूमिका

■ जगदिश्वर पन्थी

## परिचय

कर्जा तथा सुविधा प्रवाह एवं नवीकरण गर्दा बैंकको नीति, नियम तथा कार्यविधिको साथै नेपाल राष्ट्र बैंकको निर्देशन, बैंक तथा वित्तीय संस्था ऐन २०७३, कम्पनी ऐन २०६३, अदालती नजिर र अन्य यससम्बन्धी प्रचलित ऐन, कानुनलाई मध्यनजर गर्दै कानुनीलगायत अन्य आवश्यक कागजातहरूको शुध्दता यकिन गरी धितो, स्टक, Drawing Power, Insurance, CIC, आदि जस्ता विषयहरूको क्रस चेकजाँच समेत गरी स्वीकृत कर्जा एवं सुविधाको निर्धारित सीमा तोकिएको शीर्षक तथा उपशीर्षकमा CBS प्रणाली अन्तर्गतको T24 मा केन्द्रीकृत तबरले सम्बन्धित ग्राहकको खातामा Posting गर्ने कार्य गर्ने तथा कर्जा प्रभागको विश्लेषण एवं अनुगमन गर्नका लागि आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रममार्फत कर्जा प्रशासन विभागको स्थापना भएको हो ।

विगतमा व्यवसाय कर्जा विभाग अन्तर्गत कर्जा प्रशासन एकाइमार्फत प्रदेश कार्यालय तथा मुख्य कार्यालयबाट स्वीकृत भएको कर्जा तथा सुविधाको केन्द्रीकृत तबरले सम्बन्धित ग्राहकको उक्त सीमा Posting गर्ने कार्य भइरहे तापनि यसको दायरा वृद्धि गरी प्रभावकारी कार्यान्वयनमार्फत कर्जा जोखिम न्यूनीकरण गर्ने उद्देश्यका साथ उक्त एकाइ विभागमा परिणत भएको छ । विविध कारणले अझै पनि यस विभाग पूर्ण केन्द्रीकृत रूपमा सञ्चालन हुन सकेको छैन यद्यपि यस विभागको सञ्चालनसँगै कर्जा तथा सुविधासम्बन्धी नेपाल राष्ट्र बैंकको निरीक्षण, आन्तरिक लेखा परिक्षक र बाह्य लेखा परिक्षकले औंल्याएका कैफियतहरूमा पनि न्यूनीकरण गर्न मद्दत गर्नेछ । यसको साथै मासिक रूपमा कर्जा प्रभाग एवं कर्जाको गुणस्तर विश्लेषण गर्ने, रकमको आधारमा कर्जाको वर्गीकरण, चालु पुँजी तथा आवधिक कर्जाको अवस्था साथै कर्जा नवीकरण समयमा नै गर्ने उद्देश्यअनुरूप म्याद पुग्ने कर्जाको विवरण दुई महिनाअगावै प्रत्येक प्रदेश तथा अन्तर्गतका शाखाहरूमा पठाई अनुगमन गर्नाले कर्जाको गुणस्तर अभिवृद्धिमा समेत मद्दत गर्दछ । त्यसैगरी मासिक रूपमा तयार गरिएको कर्जा प्रभाग विश्लेषण प्रतिवेदन उच्च व्यवस्थापनले समेत अनुगमन गर्न सक्ने व्यवस्थाले कर्जाको गुणस्तर कायम गर्न थप बल पुग्नेछ ।

## विभागको महत्व

बैंक सञ्चालनको सुरूवात सगसँगै यस्तो विभाग अन्य वाणिज्य बैंकहरूमा सञ्चालनमा आइरहेको छ । कृषि विकास बैंक लिमिटेडले पनि यस विभागको अपरिहार्यता महसुस गरी चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममार्फत स्थापना गरेको यस विभागको निम्नानुसारको महत्व छ ।

- कर्जा कार्यविधि, नेपाल राष्ट्र बैंकको निर्देशन साथै अन्य ऐन, नियम र कानुन अनुसार कर्जा तथा सुविधा प्रदान एवं नवीकरण गर्ने साथै कर्जा स्वीकृति पश्चातका प्रक्रियाहरूमा एकरूपता ल्याई सो सम्बन्धी सम्पूर्ण अनुपालना पूरा गर्न ।
- कानुनी कागजातलगायत सम्पूर्ण आवश्यक कागजातहरू भए/नभएको यकिन गरी ती कागजातहरूलाई कैफियतरहित बनाउन ।
- विभागद्वारा गरिने सबैजसो कामहरूका लागि स्पष्ट दिशानिर्देश प्रदान गर्न ।
- मूल्याङ्कनकर्ता सूचीकरण/डिलिस्टिङ, कालोसूची त्यसैगरी ग्राहकहरूको CIC, कालोसूची, डिलिस्टिङका साथै आवश्यकता अनुसार STR को कार्य गर्न ।
- कर्जा अनुगमन प्रणाली सुदृढ गर्न ।
- समग्रमा कर्जा जोखिम न्यूनीकरण गर्न मद्दत पुऱ्याउन ।

### विभागको उद्देश्यहरू

यस चालु आ.व. देखि स्थापना भई सञ्चालनमा आएको यस विभागको तपसिल अनुसारका उद्देश्यहरू छन् ।

- कर्जा अनुशासन उचित रूपमा सुनिश्चित गर्ने र बैंकभित्र एक समान संस्कृति कायम गर्ने ।
- बैंकभरि एक समान कर्जा प्रशासन प्रक्रिया स्थापित गर्ने ।
- सम्पत्तिको मूल्याङ्कनका लागि शाखाहरूमा पर्याप्त मूल्याङ्कनकर्ता उपलब्ध छन् भनी सुनिश्चित गर्ने ।
- कर्जा प्रभागको विश्लेषण गरी उच्च व्यवस्थापनका लागि समयमै प्रतिवेदन तयार गर्ने र उपलब्ध गराउने ।
- CIC लाई कर्जाग्राहीको विवरण रिपोर्ट गर्ने ।
- कर्जाको बिमाको स्थिति समयमै अद्यावधिक गर्ने ।
- कर्जा, धितो तथा Stock को अनुगमन तथा निरीक्षण गर्ने ।
- कर्जा प्रशासनको प्रभावकारी कार्यान्वयनमार्फत कर्जाको गुणस्तर कायम गर्न मद्दत गर्ने ।

### विभागका प्रमुख कार्यहरू

चालु आ.व. २०७९/८० को बजेट तथा कार्यक्रममा व्यवस्था गरिएको TOR अनुरूप यस विभागको प्रमुख कार्यहरू तल उल्लेख गरिएको छ ।

- CBS मा Input को एकरूपता सुनिश्चित गर्ने ।
- कानुनी कागजात लगायत अन्य आवश्यक कागजातहरू चेकजाँच गर्ने ।
- Risk Based Pricing को entry गर्ने ।
- CBS मा कुनै पनि कर्जासम्बन्धी समस्याको समाधानको लागि पहल गर्ने ।
- कर्जा तथा सुविधाको समयमै कोर बैंकिङ्ग सिस्टममा Sector, Subsector, Activity, Sub activity, Purpose मिल्ने गरी सीमा पोष्टिङ एवं नवीकरण गर्ने ।
- कर्जा तथा सुविधाको नवीकरणका लागि कर्जाग्राहीहरूको नामावलीसहित २ महिनाअगावै प्रत्येक शाखा र प्रदेश कार्यालयलाई जानकारी गराउने ।
- कर्जा तथा सुविधाको स्वीकृतिपश्चात सीमा पोष्टिङ एवं नवीकरण गर्नु अगावै आवश्यकताअनुसार समय समयमा वा आस्कमिक रूपमा धितो, परियोजना तथा Stock को फिल्डमा नै गई अनुगमन तथा निरीक्षण गर्ने ।
- केन्द्रीकृत र नियमित सिल्वर ब्लेड रिपोर्टिङ गर्ने ।
- STR सम्बन्धी कार्य गर्ने ।
- ब्ल्याकलिस्टिङ/डिलिस्टिङ/चेक बाउन्स आदि सम्बन्धी कार्य गर्ने ।
- समयमै बिमा नवीकरणको कार्य गर्ने ।
- बिमा विवरण अद्यावधिक गर्दै र म्याद समाप्ति स्थितिको जानकारी दिने व्यवस्था गर्ने ।
- धितो मूल्यांकनकर्ताहरूको सूची अद्यावधिक गर्ने तथा नयाँ सूचीकृतको लागि आवश्यक व्यवस्था मिलाउने ।
- कर्जा प्रभागको साथै विभिन्न प्रतिवेदनहरू तयार गर्ने
- कर्जा प्रवाह तथा नवीकरण गर्दा नियामक निकायको निर्देशन अनुरूपको LTV अनुपात कायम गरे/नगरेको यकिन गर्ने ।
- चालु पुँजी कर्जाको हकमा drawing power check गरी मिति २०७९/९/२० गते नेपाल राष्ट्र बैंकले जारी गरेको चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शन २०७९ (प्रथम संशोधनसहित), अनुरूप भए/नभएको यकिन गर्ने ।
- कर्जा तथा सुविधाको स्वीकृत गर्ने अख्तियारी (SOL सहित) सोही तहमा भए/नभएको यकिन गर्ने ।
- कानुनी तथा अन्य आवश्यक format हरूमा बैंकका सबै शाखाहरूमा एउटै गुणस्तर कायम गर्न तालिम तथा प्रशिक्षणको व्यवस्था गर्ने ।
- कर्जा प्रवाहपश्चात ग्राहकले कर्जाको साँवा, ब्याज लगायत नियमित रूपमा भुक्तान गरे/नगरेको साथै कर्जाको शर्तहरूको पालना गरे/नगरेको अनुगमन गर्ने ।

### विभागले चालु आर्थिक वर्षमा गरेको कार्य प्रगति

चालु आर्थिक वर्षको भदौ महिनाको अन्तिम हप्ता देखि विभागले मूर्तरूप लिएको हो । हाल विभागले ११ जना कर्मचारीबाट कार्य सञ्चालन गरिरहेको छ । तत्काल विभागले ५० लाखभन्दा माथिको स्वीकृत कर्जा एवं सुविधा

तथा नवीकरणको साथै प्रदेश कार्यालयबाट सोभन्दा न्यून रकम स्वीकृत गरिएको भए सो समेतको केन्द्रीकृत तबरबाट सीमा Core Banking System मा प्रविष्ट गर्ने कार्य गरिरहेको छ । यसै चालु आर्थिक वर्षभित्र नै सम्पूर्ण स्वीकृत कर्जा एवं सुविधा तथा नवीकरणको केन्द्रीकृत तबरबाट सीमा Core Banking System मा प्रविष्ट गर्ने गरी कार्यक्रम सञ्चालन गरिरहेको छ । विभागले पौष महिनाको तस्रो हप्तासम्म तल तालिकामा उल्लेख गरे अनुसारको स्वीकृत कर्जा एवं सुविधा तथा नवीकरणको सीमा प्रविष्ट गर्ने कार्य गरिसकेको छ ।

### पौष तेस्रो सातासम्मको स्वीकृत कर्जा/सुविधा तथा नवीकरणको संख्या र सीमा प्रविष्ट गरिएको रकम

*रकम रू. हजारमा*

| कार्यालय | संख्या | जम्मा स्वीकृत कर्जा तथा जमानत रकम | स्वीकृत कर्जा | स्वीकृत बैंक जमानत |
|---|---|---|---|---|
| **प्रदेश कार्यालय विराटनगर** | ६२८ | ५४२३६८६ | २२१५१०१ | ३२०८५८५ |
| संस्थागत कर्जा तथा सुविधा | ३९९ | ४९५८४२४ | १७४९८३९ | ३२०८५८५ |
| व्यक्तिगत कर्जा | २२९ | ४६५२६२ | ४६५२६२ | ० |
| **प्रदेश कार्यालय जनकपुर** | ४२३ | १२३७३९७ | ८९९६९७ | ३३७७०० |
| संस्थागत कर्जा तथा सुविधा | २५७ | १०५३१९७ | ७१५४९७ | ३३७७०० |
| व्यक्तिगत कर्जा | १६६ | १८४२०० | १८४२०० | ० |
| **प्रदेश कार्यालय विरगंज** | १३६ | १३९४४६० | ६३३७६० | ७६०७०० |
| संस्थागत कर्जा तथा सुविधा | ११४ | १३६७९८५ | ६०७२८५ | ७६०७०० |
| व्यक्तिगत कर्जा | २२ | २६४७५ | २६४७५ | ० |
| **प्रदेश कार्यालय विरेन्द्रनगर** | ५९३ | ६९१६४३२ | २४९०३६३ | ४४२६०६९ |
| संस्थागत कर्जा तथा सुविधा | ३६० | ६४०७६०९ | १९८१५४० | ४४२६०६९ |
| व्यक्तिगत कर्जा | २३३ | ५०८८२३ | ५०८८२३ | ० |
| **प्रदेश कार्यालय काठमाडौं** | २११७ | ३७९६८३८५ | ९२२८९९५ | २८७३९३९१ |
| संस्थागत कर्जा तथा सुविधा | ९६५ | ३३८८२५०७ | ५१४३११७ | २८७३९३९१ |
| व्यक्तिगत कर्जा | ११५२ | ४०८५८७८ | ४०८५८७८ | ० |
| **प्रदेश कार्यालय भैरहवा** | ४०९ | ८६९०४०१ | २७२६००१ | ५९६४४०१ |
| संस्थागत कर्जा तथा सुविधा | ३३२ | ८४२७०४६ | २४६२६४५ | ५९६४४०१ |
| व्यक्तिगत कर्जा | ७७ | २६३३५५ | २६३३५५ | ० |
| **प्रदेश कार्यालय पोखरा** | ४२१ | ३६८०७६० | १६७९३२० | २००१४४० |
| संस्थागत कर्जा तथा सुविधा | २७२ | ३२५३००४ | १२५१५६४ | २००१४४० |
| व्यक्तिगत कर्जा | १४९ | ४२७७५६ | ४२७७५६ | ० |
| **प्रदेश कार्यालय सुर्खेत** | १४१ | ९४८९९७ | ५३०४९७ | ४१८५०० |
| संस्थागत कर्जा तथा सुविधा | १०६ | ८६७६३८ | ४४९१३८ | ४१८५०० |
| व्यक्तिगत कर्जा | ३५ | ८१३५९ | ८१३५९ | ० |

| कार्यालय | संख्या | जम्मा स्वीकृत कर्जा तथा जमानत रकम | स्वीकृत कर्जा | स्वीकृत बैंक जमानत |
|---|---|---|---|---|
| **प्रदेश कार्यालय दाङ** | ४८५ | ३५३५५८९ | १५२९०८२ | २००६५०७ |
| संस्थागत कर्जा तथा सुविधा | ३०६ | ३१५३००९ | ११४६५०२ | २००६५०७ |
| व्यक्तिगत कर्जा | १७९ | ३८२५८० | ३८२५८० | ० |
| **प्रदेश कार्यालय धनगढी** | ४३८ | ४६६३९८३ | ११३७७७४ | ३५२६२०९ |
| संस्थागत कर्जा तथा सुविधा | ३१५ | ४५०६८६४ | ९८०६५५ | ३५२६२०९ |
| व्यक्तिगत कर्जा | १२३ | १५७११९ | १५७११९ | ० |
| **कर्पोरट कार्यालय** | २१ | ६१७१९२३ | १७०७५२३ | ४४६४४०० |
| संस्थागत कर्जा तथा सुविधा | १९ | ६१६५८२३ | १७०१४२३ | ४४६४४०० |
| व्यक्तिगत कर्जा | २ | ६१०० | ६१०० | ० |
| **कुल जम्मा** | ५८१२ | ८०६३२०१३ | २४७७८११२ | ५५८५३९०१ |
| संस्थागत कर्जा तथा सुविधा | ३४४५ | ७४०४३१०५ | १८१८९२०४ | ५५८५३९०१ |
| व्यक्तिगत कर्जा | २३६७ | ६५८८९०९ | ६५८८९०९ | ० |

## विभागले कार्य सम्पादन क्रममा देखिएका प्रमुख त्रुटिहरू

विभागले कार्यालयहरूको कार्य सम्पादन त्रुटिरहित होस् भन्नाका लागि यस विभागबाट भएका परिपत्रहरूको साथै कानुनी लिखितहरूको नमुना समेत बैंकको पोर्टलमा राखे तापनि ती नमुनाहरूलाई अनुशरण नगर्दा शाखा कार्यालयहरूबाट निम्नानुसारका प्रमुख त्रुटिहरू बारम्बार दोहोरिरहेको देखिन्छ ।

- कार्यालयहरूले कर्जा कार्यविधिले निर्दिष्ट गरेका अनुसूचीहरू पूर्ण रूपमा नभर्ने तथा भरे तापनि त्रुटिरहित नहुने ।
- व्यक्तिगत विवरण तथा आधारभुत जानकारीमा समेत फरक पर्ने गरेको ।
- बैंकले प्रचलनमा ल्याएको कानुनी लिखतहरू जस्तै, दृष्टिबन्धक, तमसुक, व्यक्तिगत जमानत, मन्जुरीनामा, जेथाजमानी लगायतका कागजातहरूबीच रितपूर्वक कागज गर्नु गराउनु पर्नेमा ती कागजातहरू तयार गर्दा ध्यान कम दिएकोले त्रुटिरहित हुन नसकेको ।
- Drawing Power Calculation मा समेत उचित ध्यान नपुऱ्याएको ।
- Stock बिमा लगायत अन्य बिमामा आवश्यक बिमांक रकम, जोखिम समूह, वहन रहने अवधि र coverage मा पनि उचित ध्यान नपुऱ्याएको ।
- कम्पनी/फर्म तथा अन्य आवश्यक कागजातको नवीकरण भए/नभएको समेत ख्याल नगरिएको ।
- कर्जा प्रवाह गर्न मिल्ने आम्दानीको स्रोत भए तापनि सो पुष्टि हुने कागजातहरू एवं कर्जा सदुपयोगिता निरीक्षणको कागजात समेत समावेश गर्न छुट्ने गरेको ।
- चार किल्ला नापी नक्सा आदि कागजातहरू पनि एक आपसमा भिड्ने नगरेको साथै जग्गा, बाटोको स्थिति पनि यकिन हुने कागजातहरू समावेश गर्न छुटेको ।
- कतिपय अवस्थामा मूल्यांकनकर्ताले गरेको धितो मूल्यांकन रिपोर्टमा क्षेत्रफल, गणना, बजार तथा सरकारी मूल्यको दरमा समेत फरक पर्ने गरेको ।

## त्रुटि सुधारका लागि गर्नुपर्ने प्रमुख कार्यहरू:

- पोर्टलमा राखिएका नमुनाहरूको अनुशरण गर्नुपर्ने ।
- कर्जा कार्यविधिमा उल्लेख गरिएका विषय तथा अनुसूचीहरूबारे स्पष्ट भई सो अनुसार कार्य गर्नुपर्ने ।

- नेपाल राष्ट्र बैंकबाट समय समयमा कर्जा तथा सुविधा सम्बन्धी जारी गरिएका मार्गदर्शन एवं निर्देशनहरूबारे जानकार रहनुपर्ने
- कर्जा मिसिल तयार गर्दा स-साना त्रुटि समेत हुन नदिन ध्यानपूर्वक तयार गर्नुपर्ने साथै कागजातहरू एक आपसमा भिडे/नभिडेको समेत यकिन गर्नुपर्ने ।
- यस सम्बन्धी कर्मचारीहरूलाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्नुपर्ने ।
- कर्जा तथा सुविधाको स्वीकृतिलाई समेत केन्द्रीकृत गर्ने वा शाखा कार्यालयहरूलाई कर्जा स्वीकृत गर्ने अख्तियारी सीमा घटाउनु पर्ने ।
- CPAS लाई Upgrade गरी कर्जा तथा सुविधाको स्वीकृतिपश्चात कर्जा प्रशासन विभागको desk मा आउने र विभागबाट नै कानुनी कागजातलगायत अन्य कागजातको Pre verification गर्ने व्यवस्था लागु गर्नुपर्ने ।
- बिमाको म्याद पुग्ने अवधि core banking system बाट नै आउने व्यवस्था गर्नुपर्ने ।
- नेपाल सरकार भूमि सुधार मन्त्रालयबाट एकीकृत भू-सूचना प्रणाली मार्फत दृष्टिबन्धक कारोवार केन्द्रीकृत रूपमा गर्न आवश्यक व्यवस्था गर्नुपर्ने ।

## निष्कर्ष

कर्जा प्रशासन विभाग (CAD) बैंकको केन्द्रीय एकाई हो जसमा सबै स्वीकृत कर्जा कर्जा/सुविधाको कानुनी अन्य आवश्यक कागजातको Pre and Post Verification, चालु पुँजी कर्जाको हकमा Drawing Power Calculation, नवीकरण, CBS मा सीमा Posting, RBP (Risk Based Pricing) को Entry, CIC साथै यससम्बन्धी अन्य कार्य, STR, धितो मूल्यांकनकर्ताको व्यवस्थापन, कर्जा, धितो तथा Stock को अनुगमन तथा निरीक्षण आदिलाई केन्द्रीकृत रूपमा गरिन्छ । यस विभाग पूर्ण केन्द्रीकृत रूपमा सञ्चालन भएपश्चात हरेका तहको कार्यालय एवं विभागले स्वीकृत गर्ने सम्पूर्ण कर्जा तथा सुविधाको सीमा प्रविष्ट गर्ने कार्य विभागबाटै हुनेछ । यसको फलस्वरूप शाखा कार्यालयहरू कर्जा मिसिलका लागि कानुनी लगायत अन्य आवश्यक पर्ने कागजातहरू तयार गर्न अभ्यस्त भई यससम्बन्धी कैफियतहरू धेरै हदसम्म न्यूनीकरण हुनेछन् । समग्रमा कर्जा एवं सुविधा प्रवाह सम्बन्धी सम्पूर्ण कागजातहरूको एकरूपता कायम गर्न, कर्जा जोखिम न्यूनीकरण गर्न, यससम्बन्धी कैफियतहरू न्यून गर्न, नेपाल राष्ट्र बैंकको नीति निर्देशनहरूको पूर्णरूपले अनुपालना गर्न साथै प्रभावकारी अनुगन तथा निरीक्षणमार्फत कर्जाको गुणस्तर कायम गर्न कर्जा प्रशासन विभागको महत्वपूर्ण भूमिका हुनेछ । यसको साथै यो विभागलाई पूर्णरूपमा केन्द्रीकृत तबरले सञ्चालन गराउन उच्च व्यवस्थापनको समेत अहम् भूमिका हुनेछ । ■■

*लेखक कृषि विकास बैंक लि. का विभागीय प्रमुख हुनुहुन्छ ।*

# बजेट तथा मौद्रिक नीतिमा कृषि वित्त



बिजयराज पोखरेल

कृषि विकासकै लागि भनेर स्थापना गरिएको कृषि विकास बैंकलाई २०६२ सालमा वाणिज्य बैंकमा रूपान्तरण गरिएपछि कृषि वित्त र कृषिमा वित्तीय पहुँचको सवाल बजेट र मौद्रिक नीतिका लागि सरोकारको विषय हुन छाड्यो । अझ त्यसअघि त कृषि विकासका बारेमा मौद्रिक नीतिले सम्बोधन गर्नुपर्छ भन्ने आवश्यकता नै ठानिदैन थियो । पछिल्ला केही वर्षयता आएर हरेक आर्थिक वर्षको बजेटमा कृषि विकासलगायत कृषि वित्तको विषयलाई पनि समेट्ने गरिएको देख्न पाइन्छ । यसैगरी मौद्रिक नीतिले पनि बजेटले निर्दिष्ट गरेका कृषिका कार्यक्रमलाई सघाउ पुऱ्याउन मौद्रिक उपकरण प्रयोग गरी कृषि क्षेत्रलाई अगाडि बढाउन यथोचित प्रयासको थालनी गरेको पाइन्छ ।

निश्चय पनि देशको अर्थतन्त्रलाई गति दिन पूर्वाधार विकासलगायत अर्थतन्त्रका विभिन्न क्षेत्रहरूको विकासका लागि लगानीको यथोचित वातावरण निर्माण गरिदिने जिम्मेवारी राज्यको हो । विगत दुई वर्षमा कोभिड-१९ का कारण पटकपटक गर्नु परेका बन्दाबन्दीबाट तंग्रिन नपाउँदै गत आर्थिक वर्षको सुरूदेखि नै देशको अर्थतन्त्रको स्वास्थ्य क्रमिक रूपले खस्कन थाल्यो । त्यसमाथि रूस-युक्रेन युद्धका कारण खाद्यान्न तथा पेट्रोलियम पदार्थको आपूर्ति खल्बलिन पुग्दा वैश्विक रूपमै महँगी वृद्धिका कारण देशको अर्थतन्त्रले थप दबाब खेप्नुपर्ने अवस्था सिर्जना भयो । विशेष गरी बढ्दो आयात र घट्दो विदेशी मुद्रा संचितिले अर्थतन्त्रले कतै श्रीलंकाकै नियति त भोग्नुपर्ने होइन भन्ने चिन्ता थप्यो । यसै असहजताका बीच आर्थिक वर्ष २०७९/८० को बजेट र मौद्रिक नीति कार्यान्वयनको प्रक्रियामा रहेको छ । कोभिड-१९ ले आत्मनिर्भर अर्थतन्त्रको विकल्प नभएको गतिलै पाठ सिकाएको थियो । तर हामी समयमै गम्भीर हुन सकेनौ । अर्थतन्त्रको पछिल्लो परिदृश्यले हामीलाई पुनः झस्काएको छ । अहिलेको बजेटले उत्पादनशील क्षेत्रको विकास गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिएको र मौद्रिक नीतिले यस अभियानलाई सफल बनाउन प्रथमिकता राखेको देखिन्छ ।

**विगत दुई वर्षमा कोभिड-१९ का कारण पटकपटक गर्नु परेका बन्दाबन्दीबाट तंग्रिन नपाउँदै गत आर्थिक वर्षको सुरूदेखि नै देशको अर्थतन्त्रको स्वास्थ्य क्रमिक रूपले खस्कन थाल्यो**

"स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धि : समावेशी विकास, आत्मनिर्भरता र आर्थि समृद्धि" भन्ने ध्येयका साथ प्रस्तुत बजेटको पहिलो उद्देश्य नै उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने रहेको छ । त्यसैगरी कृषि क्षेत्रको रूपान्तरण गरी उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्ने निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्ने, अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन र निरपेक्ष गरिबी निवारण गर्न मुख्य खाद्यान्न बालीलगायत फलफूल र तरकारीको आयातलाई यो आर्थिक वर्षमा ३० प्रतिशतले कम गर्ने नीतिगत सोच अगाडि सारिएको छ । यस अतिरिक्त यसै वर्ष निर्यात दोब्बर गर्ने, आयात न्यूनतम २० प्रतिशतले घटाउने र आगामी ५ वर्षभित्र व्यापार सन्तुलन कायम गर्ने बजेटको सोच रहेको छ । यस आर्थिक वर्षलाई बजेटले, "आत्मनिर्भरताका लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्ष" घोषणा गर्दै कृषि उत्पादन बढाउन आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्ने उद्घोष गरेको छ । स्वदेशमा उत्पादन, उपभोग र निर्यात समेतको प्रचुर सम्भावना भएको कृषि उद्योग र जलविद्युत तथा सेवा क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने अठोट बजेटले लिएको छ ।

हाम्रो अर्थतन्त्र सबल बनाउन सक्ने प्रतिस्पर्धी क्षमताको क्षेत्र नै कृषि, जलस्रोत र पर्यटन नै हो । कोरोनाको कारण पर्यटन व्यवसाय मारमा पर्न गयो । अब हामीले थप पर्यटनमैत्री वातावरण सिर्जना गर्न सक्यौं र अवस्था सामान्य रहिरहेमा हाम्रो देश विश्वकै प्रमुख पर्यटकीय गन्तव्य हुन सक्ने सम्भावना प्रचुर छ । जलस्रोतको उपयोग गरी विद्युत उत्पादन कार्यले पछिल्लो समयमा गति लिँदै छ । भन्सार विभागको पछिल्लो तथ्याङ्कले पेट्रोलियम पदार्थ र कृषिजन्य वस्तुको अयात जोड्दा सात खर्बभन्दा बढीको रहेको छ । यी दुई क्षेत्रमा मात्र आयात प्रतिस्थापन गर्न सक्यौ भने ठूलो उपलब्धि हुने छ ।

अन्य व्यवसाय जस्तै व्यावसायिक कृषि उत्पादनका लागि पनि पुँजी अपरिहार्य हुने भएकोले पछिल्ला केही वर्ष यता कृषिमा सहज वित्तीय पहुँचको सवाल प्रखर रूपमा उठ्न थालेको छ । विगतमा बैंक तथा वित्तीय संस्थाहरू सहरी क्षेत्रमा मात्र केन्द्रित हुँदा ग्रामीण भेगका कृषकहरूलाई बैंकिङ्ग सेवा लिन सजिलो थिएन । त्यसमाथि जोखिमका दृष्टिकोणबाट कृषि क्षेत्र बैंकहरूको रोजाइमा पर्दैन थियो । नेपाल सरकार एवम् नेपाल राष्ट्र बैंकले गरेका नीतिगत व्यवस्थाका कारण कृषि क्षेत्रमा लगानीको वातावरण क्रमिक रूपले सहज बन्दै गएको छ । कृषिमा बिमाको व्यवस्था र सबै स्थानीय निकायहरूमा कम्तीमा वाणिज्य बैंकको एक शाखा पुऱ्याउने नीतिले निश्चय पनि ग्रामीण भेगका कृषकहरूलाई पनि बैंकिङ्ग सुविधा प्राप्त गर्ने अवसर जुटेको छ ।

चालु आर्थिक वर्षको मौद्रिक नीतिले विगतमा कृषि कर्जालगायत सहुलियतपूर्ण कर्जा सम्बन्धी कार्यक्रमहरू नेपाल सरकारबाट स्वीकृत कार्यविधिबमोजिम कार्यान्वयन गरिने उल्लेख गर्दै थप नीतिगत व्यवस्थाहरू गरेको देखिन्छ । बजेटले निर्दिष्ट गरे अनुसारको आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि उत्पादनशील र व्यापारिक क्षेत्रमा जाने कर्जाको ब्याजदरमा भिन्नता ल्याउने घोषणा मौद्रिक नीतिले गरेको छ । हालका लागि बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपन्छी, मत्स्यपालन, निर्यातजन्य र शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योगका लागि रू २ कारोडसम्मको कर्जामा अधिकतम २ प्रतिशत बिन्दुसम्म मात्र प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्न पाउने व्यवस्था गरिने भएको छ । यसबाट निश्चयनै ब्याज अनुदानको दायरामा नपर्ने कृषि परियोजनाहरू सञ्चालन गर्ने कृषकहरू समेत लाभान्वित हुनेछन् ।

कोभिड-१९ को संक्रमणको समयमा लिइएका सहज नियामकीय व्यवस्थालाई कमशः कटौती गर्दै लगिने कार्यदिशा मौद्रिक नीतिले तय गरेको परिप्रेक्ष्यमा कृषिलगायत उत्पादनशील क्षेत्र र कोभिड महामारीबाट पुनरूत्थान हुन बाँकी अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई पुनर्कर्जा सुविधा उपलब्ध गराउने गरी निरन्तरता दिने विषय सकारात्मक रहेको छ । कोभिड-१९ का कारण चाँडै सडेगलेर जाने कृषि वस्तु जस्तै तरकारी, फलफूल, पुष्प, माछामासु, दुध तथा दुधजन्य, अण्डा आदि व्यवसायका उत्पादन तथा बिक्री वितरण अति प्रभावित सूचीमा रहेका थिए ।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम किसानलाई आवश्यक पर्ने कृषि कर्जा घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन रू. ५ खर्ब बराबरको कर्जा प्रवाह गर्न एक लघुवित्त कोष स्थापना गरिने कार्यलाई मौद्रिक नीतिमार्फत सहजीकरण गरिने भएको छ । स्मरण रहोस्, कृषि उत्पादनमा वित्तीय पहुँच अभिवृद्धिमा थप योगदान पुग्ने अपेक्षाका साथ उक्त कोषमा बैंक वित्तीय संस्थाहरूले विपन्न तथा कृषि उत्पादन क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जातर्फको रकमका साथै नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष र सामाजिक सुरक्षा कोषबाट समेत लगानी हुने व्यवस्था बजेटमा उल्लेख थियो । वाणिज्य बैंकहरूले सानो आकारका कृषि कर्जा लगानी गर्न हिच्किचाइरहेको अवस्थामा यो व्यवस्थाले साना किसानहरूमाझ सुलभ रूपले वित्तीय पहुँच पुऱ्याउन मद्दत पुग्नेछ । योसँगै वाणिज्य बैंकहरूलाई निश्चित आकारभन्दा ठूलो कृषि कर्जाको गुणस्तरीय लगानीमा केन्द्रित गराउन केन्द्रीय बैंकको पहल हुनसकेमा कृषि कर्जा कार्यक्रमलाई प्रभावकारी तबरले सञ्चालन गर्न सहयोग पुग्नेछ ।

त्यसैगरी किसान, युवा, दलित र महिलाहरूलाई घरदैलोमै कृषि तथा अन्य उद्यमका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने बजेटको अभिप्राय अनुरूप नेपाल सरकारको स्वामित्वमा रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पुनर्संरचना भएपश्चात पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धिमा सहजीकरण गरिने सम्बन्धमा मौद्रिक नीतिमा उल्लेख छ । यसै क्रममा कृषि विकास बैंक लि. को पहलमा विगतका साना किसान विकास आयोजनाहरूको संस्थागत विकास गरी साना किसानहरूलाई नै हस्तान्तरण गरिएका साना किसान सहकारी संस्थाहरूलाई सघाउ पुऱ्याउने क्रममा स्थापित साना किसान लघुवित्त वित्तीय संस्थाको संस्थागत क्षमता अभिवृद्धिमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकले थप गृहकार्य गर्न कुनै कसर बाँकी राख्न हुँदैन । ग्रमीण र साना किसान लघुवित्तमार्फत वित्तीय सहयोगका साथै

कृषि सम्बन्ध सबै सेवाटेवा एकद्वार प्रणालीको अवधारणा अनुरूप प्रदान गर्न सकिएमा आत्मनिर्भर कृषि कार्यक्रमका लागि ठूलो सहयोगी साबित हुनेछ । यो विगतको साना किसान विकास कार्यक्रमको सफलताको अनुभव हो । अन्य लघुवित्तहरूलाई समेत समेट्न सके झन् उत्तम ।

बजेटले तोकेअनुसार वाणिज्य बैंकको प्रत्येक शाखाले कम्तीमा ५ वटा कृषि उत्पादन र प्रशोधन उद्योगलाई कर्जा प्रवाह गर्नुपर्ने र वित्तीय साक्षरता अभिवृद्धि गर्न वित्तीय क्षेत्रका नियमनकारी निकायहरू, बैंक तथा वित्तीय संस्थाहरूमार्फत सचेतनामूलक कार्यक्रमहरू प्रभावकारी रूपले सञ्चालन गर्ने/गराउने मामलामा प्रमुख जिम्मेवारी नेपाल राष्ट्र बैंककै रहन्छ । कृषि विकासका लागि कृषिमा वित्तीय पहुँच पुऱ्याउन हरसम्भव प्रयास भए पनि टाठाबाठाहरूले मात्र कृषि कर्जामा उपलब्ध गराइने अनुदान सुविधा उपभोग गरिरहेको र साना एवम् वास्तविक किसान सरकारी सेवा सुविधाबाट बञ्चित हुन परेको गुनासो विभिन्न छापाहरूमा आइ नै रहेको छ ।

उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह बढाउने उद्देश्यले सहुलियतपूर्ण कर्जालगायत तेकिएको क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने कार्यक्रमहरूको सदुपयोगीता र प्रभावकारिता अध्ययन गरिने भनी मौद्रिक नीतिमा उल्लेख भएको व्यवस्थालाई गम्भीरताका साथ लिइनु जरूरी छ । कृषिका नाममा जाने कर्जाबाट कतै घरजग्गा व्यवसाय तथा अनुत्पादक क्षेत्र नै मौलाइरहेको त छैन ? यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल राष्ट्र बैंक दुवैले कृषि कर्जाको अनुगमन प्रक्रियामा थप कठोर नीति अवलम्बन गर्नुपर्ने हुन्छ ।

यस आर्थिक वर्षको बजेटको बुँदा नं २८ मा कृषकहरूलाई सहज रूपमा बिउ, मल, प्रविधि, सिंचाइ, कृषि कर्जा, बिमा, कृषि उत्पादनको र व्यवस्थालगायत कृषि तथा पशु उपजको न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने प्रत्यभूति गरिने व्यहोरा उल्लेख गरिएको छ । एउटा कृषकले राज्यबाट खोजेको पनि यही नै हो । नेपालको संविधानले नै प्रत्येक प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक प्रदान गरेकोले पनि खाद्यान्नको निरन्तर उत्पादन हुने र सहज आपूर्तिको व्यवस्था मिलाउने जिम्मेवारी सरकारको हुन्छ । कृषिलाई साँच्चिकै उँभो लाउने हो भने राज्यले गर्ने गरेका सबै प्रतिबद्धता पनि समयमा पूरा गर्न सक्नुपर्छ । मूलभूत कुरा त के भने उत्पादनमूलक व्यवसायलाई टेवा पुऱ्याउन कर्जा प्रवाह भइरहने तर परिणाम भने अपेक्षा गरेअनुरूप हासिल नहुने हो भने यो वा त्यो गर्ने भनी बजेट वा मौद्रिक नीतिमा उल्लेख गरिनुको कुनै अर्थ रहँदैन । ■■

*लेखक कृषि विकास बैंक लि.का पूर्वविभागीय प्रमुख एवम् कृषि वित्त विज्ञ, डेभलपमेन्ट एलायन्स नेपालमा सम्बद्ध हुनुहुन्छ ।*

### सन्दर्भ सामग्री :

१. आ.व. २०७९/८० को बजेट वक्तव्य, नेपाल सरकार, अर्थमन्त्रालय

२. आ.व. २०७९/८० को मौद्रिक नीति, नेपाल राष्ट्र बैंक

३. नेपाल राष्ट्र बैंकबाट जारी गएिका एकीकृत निर्देशन एवम् परिपत्रहरू

# अर्थतन्त्रमा नेपाल राष्ट्र बैंकको भूमिका

■ डा. गुणराज भट्ट

## १. पृष्ठभूमि

अर्थतन्त्र (Economy) भन्नाले कुनै भौगोलिक क्षेत्रमा सीमित वस्तु तथा सेवाको उत्पादन, वितरण र उपभोग गर्ने समग्र प्रणालीलाई जनाउँछ । त्यसकारण देशभित्र हुने गरेका आर्थिक, सामाजिक, राजनैतिक लगायतका सम्पूर्ण गतिविधिसँग अर्थतन्त्र सम्बन्धित छ । अर्थतन्त्रमा स्रोत र साधनको एकातिर अभाव हुने गर्दछ भने अभाव नै नभए पनि सकेसम्म कम साधन स्रोतको उपयोगबाट अधिकतम वस्तु तथा सेवाको उत्पादन गर्नुपर्ने सर्वमान्य सिद्धान्त रहन्छ । यसरी अर्थतन्त्रका कुन साधन स्रोत केमा र कसरी बाँडफाँड गर्ने भन्ने विषय नै अर्थशास्त्र (Economics) हो, जुन हाम्रो दैनिक जनजीविकादेखि समग्र समाज, देश र विश्वसँग सम्बन्धित छ ।

देशको अर्थतन्त्रको सञ्चालन गर्ने मुख्य पात्रहरू सरकार र केन्द्रीय बैंक हुन् भने सरकार तथा केन्द्रीय बैंकको नियमनमा सञ्चालन हुने अन्य संस्थाहरू, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, दातृ निकायलगायत वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याउने सबैको भूमिका हुने गर्दछ । यद्यपि, अर्थतन्त्रलाई चलायमान बनाउन सरकार र केन्द्रीय बैंकको सबैभन्दा अहम् भूमिका हुने हुनाले केन्द्रीय बैंकको चर्चा यस लेखमा गरिएको छ ।

समग्र अर्थतन्त्रलाई अर्थशास्त्रको भाषामा चार भागमा विभाजन गरिएको हुन्छ । यी चार क्षेत्रलाई १) वास्तविक क्षेत्र (Real Sector) २) सरकारी क्षेत्र (Government Sector) ३) मौद्रिक तथा वित्तीय क्षेत्र (Monetary and Financial Sector) र ४) बाह्य क्षेत्र (External Sector) भनिन्छ । नेपालको अर्थतन्त्र सञ्चालनमा यी चारवटा क्षेत्रको प्रगति जनाउने मुख्य परिसूचकहरू र यसको प्रवर्द्धन एवम् विकासका लागि केन्द्रीय बैंकको हिसाबले नेपाल राष्ट्र बैंकको भूमिका निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

## २. वास्तविक क्षेत्र (Real Sector)

कुनै पनि देशको वस्तु तथा सेवाको उत्पादन, वितरण र उपभोगसँग सम्बन्धित विषय वास्तविक क्षेत्र हो । वास्तविक क्षेत्रले कुनै एक अवधि (जस्तैः आर्थिक वर्ष) मा देशभित्रकै स्रोत साधन प्रयोग गरी उत्पादन हुने वस्तु तथा सेवाको अवस्थालाई समेट्छ । स्वदेशी साधन स्रोत प्रयोग गरी यसरी देशमा उत्पादन हुने वस्तु तथा सेवाको जोडलाई समग्रमा कुल गार्हस्थ उत्पादन (Gross Domestic Product, GDP) भनिन्छ र यसमा हुने वृद्धिदरलाई आर्थिक वृद्धि भनिन्छ । साथै, यसरी उत्पादित वस्तु तथा सेवाको बजार मूल्यसँग सम्बन्धित विषय मुद्रास्फीति दर, मूल्य स्थिरता जस्ता विषयसमेत वास्तविक क्षेत्रमा नै पर्दछ ।

कुनै पनि देशको अर्थतन्त्रको प्रगति मापन गर्ने पहिलो आधार आर्थिक वृद्धिदर (कुल गार्हस्थ उत्पादन (GDP) मा हुने वृद्धिदर) हो । यसमा कृषि (धान, मकै लगायतका अन्न बाली, बन जन्य उत्पादन, दुध, माछा मासु लगायत), उद्योग (कलकारखानाका उत्पादन, बिजुली, पानी, निर्माण आदि) र सेवा (यातायात, सञ्चार, होटल, पर्यटन, घरजग्गा, व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा आदि) गरी तीन क्षेत्रको एक आर्थिक वर्षमा भएको उत्पादनसँग अघिल्लो आर्थिक वर्षको उत्पादन तुलना गर्दा जति उच्चदरको वृद्धि हुन्छ, त्यति नै राम्रो मानिन्छ । जस्तैः धानको उत्पादन बढेमा, धेरै पर्यटकले भ्रमण गरेमा, थप सडक निर्माण भएमा देशको आर्थिक वृद्धिदर बढी हुने गर्दछ ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूमार्फत कर्जा लगानीको व्यवस्थापन गर्दछ । साथै, कर्जाको उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्न प्रोत्साहन एवम् निर्देशन दिने, निश्चित क्षेत्रहरू जस्तो कृषि उत्पादन बढाउन यस क्षेत्रमा सहुलियत कर्जा प्रदान गर्ने, उद्योगधन्दाका

लागि कर्जा सहुलियत, आयात निर्यातमा सहज बनाउन आवश्यक व्यवस्थापन गर्ने एवम् सरकारले ल्याएका नीतिलाई सहयोग पुग्ने गरी मौद्रिक तथा वित्तीय नीतिहरू जारी गर्ने गर्दछ ।

अर्कोतिर, देशमा उत्पादित वस्तु तथा सेवाको मूल्य अघिल्लो वर्षको तुलनामा कतिले बढ्यो, त्यसको समेत अर्थतन्त्रमा उत्तिकै महत्त्व हुने हुनाले मूल्य नियन्त्रण गर्ने जिम्मेवारी विश्वका धेरैजसो केन्द्रीय बैंकले पाएका हुन्छन् । हामीले प्रयोग गर्ने समग्र वस्तु तथा सेवाको डालो (Basket of Goods and Services) मा केहीको मूल्य बढ्ने र केहीको घट्ने क्रम भइरहन्छ । हामीले उपभोग गर्ने सम्पूर्ण वस्तु (मालसामान) तथा सेवा (शिक्षा, स्वास्थ्य, यातायात, टेलिफोन आदि) को वर्ष दिनअघिको मूल्यसँग तुलना गर्दा जति प्रतिशतले मूल्य बढ्छ, त्यस्तो मूल्य वृद्धिको प्रतिशतलाई मुद्रास्फीति (Inflation) भनिन्छ । यस्तो मुद्रास्फीति बढी भएमा हाम्रो आम्दानीले अघिल्लो समयको तुलनामा थोरै मात्र वस्तु तथा सेवा खरिद गर्न सक्ने हुनाले मुद्रा (पैसा) को मूल्य कम हुन्छ । त्यसकारण मुद्रास्फीति दरमा अस्थिरता नआओस् र आर्थिक वृद्धिको आधारमा मुद्रास्फीति दरको समेत वृद्धि होस् भन्नाका खातिर मागमा हुने वृद्धिले मूल्यमा असर पर्ने हुनाले मागजन्य मुद्रास्फीति नियन्त्रण गर्ने केन्द्रीय बैंकको भूमिका हुने गर्दछ । तर, केन्द्रीय बैंकले देशमा वस्तु तथा सेवाको कम उत्पादन भई हुने मूल्य वृद्धि, विदेशमै सामानको भाउ बढी त्यस्तो मालसामान आयात (जस्तैः ग्यास, पेट्रोल, मेसिन तथा उपकरण) गर्दा हुने मूल्य वृद्धि, व्यापारीहरूको मिलेमतोमा हुने मूल्य वृद्धि जस्ता आपूर्तिजन्य (Supply side) बाहेक जनतासँग धेरै पैसा भई हुने मूल्य वृद्धि (Demand Side) लाई मात्र प्रत्यक्ष नियन्त्रण गर्न सक्दछ ।

यसरी सरकारले देशको आर्थिक वृद्धि (GDP) उच्च बनाउन कृषि, उद्योग र सेवा क्षेत्रको विस्तारमा सरकारी एवम् निजी क्षेत्रको सहायताले विभिन्न कार्यक्रम, योजना, नीति आदि सञ्चालन गर्दछ भने राष्ट्र बैंकले समेत यी क्षेत्रमा हुने कर्जा प्रवाह, ब्याजदर तथा मूल्यवृद्धि व्यवस्थापनका माध्यमबाट आवश्यक सहयोग र हस्तक्षेप गर्ने गर्दछ । यसको अलावा मूल्य वृद्धिबाट हुन सक्ने असर कम गर्न राष्ट्र बैंकले मुद्रा विस्तार (सर्वसाधारणसँग अधिक मात्रामा खर्च गर्न सक्ने क्षमता हुनु) का कारण वस्तु तथा सेवामा हुन सक्ने मागलाई कम गरी मूल्य नियन्त्रण गर्ने गर्दछ । साथै, देशको समग्र आर्थिक विकासका लागि सरकारले लिएको नीतिलाई केन्द्रीय बैंकले प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याएको हुन्छ ।

### २. सरकारी क्षेत्र (Government Sector)

सरकारको आम्दानी र उसले गर्ने खर्च सरकारी क्षेत्रअन्तर्गत पर्ने विषयवस्तु हुन् । सरकारले हरेक आर्थिक वर्ष सुरू हुनुअगावै बजेटमार्फत आफ्ना नीति तथा कार्यक्रम सार्वजनिक गर्दछ भने त्यस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने साधन स्रोतको बाडफाँड एवम् परिचालन समेत गर्ने गर्दछ । यसरी सरकारले सङ्कलन गर्ने राजस्व, आन्तरिक एवम् बाह्य ऋण परिचालन र विकास एवम् साधारण खर्चसम्बन्धी कार्य सरकारी क्षेत्रअन्तर्गत पर्दछ । बजेटको आकार, विकास निर्माण एवम् कार्यसञ्चालनमा गरिने खर्च, सरकारी राजस्व सङ्कलन, सरकारी ऋण दायित्व (स्वदेशी एवम् विदेशी) आदि यस क्षेत्रका मुख्य मुख्य मापकहरू हुन् ।

नेपाल राष्ट्र बैंकले सरकारको बैंकको हिसाबले सरकारी आम्दानी र खर्चको सम्पूर्ण हिसाब राख्ने, सरकारी भुक्तानी गर्ने, आन्तरिक ऋण उठाइदिने जस्ता कार्य गर्ने गरेको छ । यसका अलावा बजेट निर्माणलगायत सरकारको नीति तथा कार्यक्रमहरूमा समेत बैंकले सरकारको सल्लाहकारका रूपमा सुझावहरू प्रस्तुत गर्ने, बजेट निर्माणका विभिन्न समितिहरूमा भाग लिने जस्ता महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ । साथै, सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया गरी कृषि, उद्योग र सेवा क्षेत्रको विस्तारमा आवश्यक नीति तथा कार्यक्रममा समेत क्षेत्रगत सुझाव तयार गरी पूर्व-बजेटकालीन प्रतिवेदन नेपाल सरकारमा प्रस्तुत गर्नुपर्ने कानुनी प्रवधान नै छ । सरकारको वित्त नीति (बजेट) सार्वजनिक भएपछि वित्त नीतिसँग तालमेल हुनेगरी नेपाल राष्ट्र बैंकले देशको मौद्रिक नीति जारी गर्ने परम्परा रहँदै आएको छ ।

### ३. मौद्रिक तथा वित्तीय क्षेत्र (Monetary and Financial Sector)

देशमा आवश्यक पर्ने नोट निष्कासन गर्ने, बैंक तथा वित्तीय संस्थाहरूको स्थापना, सञ्चालन व्यवस्था, नियमन, सुपरिवेक्षण आदि गर्ने गराउने कार्य नेपाल राष्ट्र बैंकले गर्दै आएको छ । केन्द्रीय बैंकको मुल क्षेत्र भनेकै मौद्रिक तथा वित्तीय क्षेत्र हो, जसका लागि नेपाल राष्ट्र बैंकले प्रत्येक आर्थिक वर्षको सुरुमा नै "मौद्रिक नीति" जारी गर्ने गर्दछ ।

देशको आर्थिक गतिविधि (सरकारी एवम् निजी) सञ्चालनका लागि आवश्यक पर्ने मुद्रा (Money) को यथोचित प्रबन्ध गर्ने कार्य नेपाल राष्ट्र बैंकले पाएको छ । यसका लागि आवश्यक नोट निष्कासन गर्ने, बजारमा

रहेको तरल सम्पत्ति (बैंकमा रहेका नगद, विदेशी मुद्रा, सरकारी ऋणपत्रहरू) को अध्ययन एवम् विश्लेषण गरी आवश्यकता अनुसार तरल सम्पत्ति बढी भएमा खिच्ने (Liquidity Mope-up) र त्यस्तो सम्पत्ति कम भएमा बजारमा प्रवाह गर्ने (Liquidity Inject) गर्ने गर्दछ । साथै, सरकारलाई आवश्यक पर्ने ऋण उठाइदिने, ऋणको साँवा ब्याज भुक्तानी गरिदने लगायतका कार्य नेपाल राष्ट्र बैंकले गर्दछ ।

आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाहरूको अत्यावश्यक भूमिका हुने हुनाले बैंकहरूको सञ्चालन अनुमति दिने, कामकारबाहीको निरीक्षण तथा सुपरिवेक्षण गर्ने, आवश्यक निर्देशन दिने, बैंकहरूलाई साह्रोगाह्रो पर्दा ऋण दिनेलगायत चुस्त वित्तीय मध्यस्थताका लागि आवश्यक काम कारबाही राष्ट्र बैंकले गर्दछ । यस अर्थमा नेपाल राष्ट्र बैंक सम्पूर्ण बैंकहरूको बैंक, बैंक तथा वित्तीय संस्थाहरूको अन्तिम ऋणदाता, आर्थिक गतिविधि सञ्चालनमा देशलाई आवश्यक पर्ने मुद्रा निष्कासन तथा व्यवस्थापन गर्ने मौद्रिक अधिकारी समेत हो । मौद्रिक बजारमा तरलता व्यवस्थापन गर्न खुला बजार कारोबार (सरकारी सुरक्षण पत्र खरिद तथा बिक्री गर्ने कार्य, जसबाट सुरक्षण राष्ट्र बैंकले खरिद गरेर नगद प्रवाह गर्दछ भने सुरक्षण बिक्री गरेर नगद राष्ट्र बैंकमा खिच्ने गर्दछ), ब्याजदर करिडोर (अल्पकालीन ब्याजदर जस्तो अन्तरबैंक दर, सरकारको अल्पकालीन ऋणपत्र ट्रेजरी बिल्स दर आदिको उतारचढाव र केन्द्रीय बैंकले चाहेको न्यूनतम दर (Floor) र अधिकतम दर (Ceiling) का आधारमा ब्याजदर तल झर्न लागेमा बैंक तथा वित्तीय संस्थाहरूबाट निक्षेप सङ्कलन गर्ने र ब्याजदर माथि जान लागेमा सुरक्षणपत्र पुनः खरिद (रिपो) गरी तरलता प्रवाह गर्ने कार्य गर्दछ । बैंक तथा वित्तीय संस्थाहरूलाई नगद अभाव हुँदा अन्य बैंक तथा वित्तीय संस्थाबाट अन्तरबैंक सापटी लिन सक्ने र उक्त सापटी उपलब्ध हुन नसकेमा वा ब्याजदर महँगो पर्न गएमा नेपाल राष्ट्र बैंकले तोकिदिएको दरमा स्थायी तरलता सुविधा (Standing Liquidity Facility, SLF) बैंक तथा वित्तीय संस्थाहरूले लिन सक्दछन् ।

कर्जा लगानी नभई देशमा पुँजी परिचालन नहुने र विभिन्न परियोजना एवम् घरायसी प्रयोजनका लागि समेत अवश्यक पुँजी जुटाउन आम्दानी बढी हुनेले बचत गरी खर्च गर्न चाहनेलाई ऋण प्रदान गर्ने कार्यका लागि वित्तीय मध्यस्थता (Financial Intermediation) को आवश्यकता पर्ने हुनाले नेपाल राष्ट्र बैंकले यस्तो मध्यस्थताका लागि वातावरण तयार गरिदिन्छ । साथै, ऋण लिन तथा बैंकमा निक्षेप जम्मा गर्न ब्याजदरको ठूलो महत्त्व हुने हुनाले नेपाल राष्ट्र बैंकले ब्याजदर उचित दरमा राखिराख्न अप्रत्यक्ष रूपमा खुला बजार कारोबार, ब्याजदर करिडोर लगायतका विभिन्न औजार प्रयोगमा ल्याएको छ । कर्जाको लगानी उचित तथा उत्पादनशील क्षेत्रमा भएन भने त्यसले एकातिर मूल्य वृद्धि गराउँछ भने बैंकिङ्ग प्रणालीमा नै नकारात्मक असर पर्न सक्दछ । यसका लागि राष्ट्र बैंकले देशका बैंक तथा वित्तीय संस्थाहरूलाई विभिन्न नीति नियममार्फत ऋण प्रदान गर्न आवश्यक पर्ने नियम, सर्त एवम् प्राथमिक क्षेत्रहरू समेत निर्धारण गरिदिने गरेको छ ।

### ४. बाह्य क्षेत्र (External sector)

बाह्य क्षेत्र भन्नाले नेपाल र अन्य देशसँगको आर्थिक अन्तरसम्बन्ध जनाउँदछ । यसअन्तर्गत आयात निर्यात व्यापार, विदेशी विनिमय कारोबार व्यवस्थापन, रेमिट्यान्स, वैदेशिक लगानी, विदेशी ऋण एवम् अनुदान आदि पर्दछन् ।

नेपाल राष्ट्र बैंकले सम्पूर्ण विदेशी मुद्राहरूको संचिति राख्ने गर्दछ, त्यसकारण राष्ट्र बैंकजस्ता केन्द्रीय बैंकलाई रिजर्भ बैंकसमेत भन्ने गरिन्छ । यदि कुनै पनि माध्यमबाट (निर्यात, विप्रेषण आय, पर्यटन आय, विदेशी अनुदान तथा ऋण, विदेशी लगानी आदि) नेपालमा विदेशी मुद्रा आर्जन भयो भने त्यस्तो विदेशी मुद्रा बराबरको नेपाली नोट बजारमा जान्छ भने सबै विदेशी मुद्रा नेपाल राष्ट्र बैंकसँग हुन्छ । त्यस्तो रकमको स्थिति हेरी राष्ट्र बैंकले देशमा वस्तु तथा सेवा आयात गर्न, विदेश भ्रमण गर्न, उपचार एवम् अध्ययन गर्न, विदेशी लगानीकर्ताको नाफा एवम् विदेशी कामदारको तलब भत्ता विदेश लैजान लगायतका प्रयोजनका लागि नेपालभित्रबाट माग हुने विदेशी मुद्रा सटही गरिदिने गर्दछ । यसरी सटही गर्दा भने बजारबाट नेपाली रूपैयाँ बैंकमा जम्मा भई विदेशी मुद्रा देशबाहिर जाने गर्दछ । तसर्थ, नेपालको अन्य सम्पूर्ण देशसँग विदेशी मुद्रामा हुने कारोबार (देशमा भित्रने र बाहिरिने रकम) को हिसाब किताब नेपाल राष्ट्र बैंकले राख्दछ, जसलाई शोधनान्तर स्थिति (Balance of Payments, BoP) भनिन्छ । देशभित्र भित्रनेभन्दा देशबाट बाहिरिने विदेशी मुद्रा बढी भएमा शोधनान्तर घाटा (BoP Deficit) हुन्छ भने भित्रने रकम बढी भएमा शोधनान्तर बचत (BoP Surplus) हुन्छ । शोधनान्तर बचत बराबरको रकमले विदेशी विनिमय संचिति वृद्धि हुँदै जान्छ । शोधनान्तर स्थितिको हिसाब चालु खाता, पुँजी खाता र वित्तीय खाता गरी अलग अलग राखिन्छ र समग्रमा शोधनान्तर स्थिति निकालिन्छ ।

राष्ट्र बैंकले बढी चलन चल्तीमा आउने विभिन्न देशका मुद्राहरूको सटहीदर निर्धारण गर्ने गर्दछ । यसका लागि विभिन्न पद्धति अपनाइएको छ । जस्तो, भारतीय मुद्राको खरिद बिक्रीदर (विनिमय दर) बैंकले निर्धारण गर्ने गर्दछ, यस्तो प्रणालीलाई स्थिर विनिमय दर प्रणाली (Fixed/Pegged Exchange Rate with Indian Rupees) भनिन्छ । अन्य मुद्राको सटही दर भने अमेरिकी डलरको माग र आपूर्तिका आधारमा अन्तर्राष्ट्रिय बजारमा निर्धारण हुने गर्दछ र सोको क्रस रेट नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने गर्दछ । भारतीय रूपैयाँबाहेक अमेरिकी डलरको विनिमय दरमा हुने उतारचढावका आधारमा वाणिज्य बैंकहरूले आफ्नो विनिमयदर आफैं निर्धारण गर्न सक्दछन् । हाल सटही दर नभएको कुनै विदशी मुद्राको माग तथा आपूर्ति बढ्न थालेमा यस्तो मुद्रालाई समेत सटही गरिदिने व्यवस्था नेपाल राष्ट्र बैंकले गर्न सक्दछ ।

नेपाल र विदेशका विभिन्न मुलुकसँग हुने सम्पूर्ण वित्तीय कारोबार भौतिक मुद्रामा ज्यादै कम मात्र हुने गर्दछ । जस्तो कुनै व्यक्तिले मलेसियन रिंगिट नेपाल पठायो भने रिंगिट नोट नै नेपाल आइपुगेको हुँदैन, हिसाब मात्र आइपुग्ने हुनाले विभिन्न अन्तर्राष्ट्रिय बैंहरूमार्फत हुने कारोबारको हिसाब मिलान गर्ने कार्य (Payments and Settlements) नेपाल राष्ट्र बैंकले गर्दछ । तसर्थ, आयात निर्यात, वैदेशिक रोजगारी लगायतका वैदेशिक कारोबारको अन्तिम हिसाब मिलानको जिम्मा केन्द्रीय बैंकको हुन्छ ।

विदेशी मुद्राको सटहीसम्बन्धी नीति नियम बनाउने, आयात लागि एल.सी. लगायत आवश्यक नीति तर्जुमा तथा अनुगमन गर्ने, विदेशी मुद्राको कारोबार गर्ने विभिन्न संघसंस्थाहरूलाई अनुमति दिने, कारोबार अनुगमन गर्ने तथा विभिन्न नीति निर्देशन जारी गर्ने, बैंक तथा वित्तीय संस्थाहरूलाई विदेशी मुद्राको कारोबारमा आवश्यक नियमन गर्ने कार्यसमेत नेपाल राष्ट्र बैंकले गर्दै आएको छ । यसबाट सर्वसाधारणमा विदेश जान चाहिने विदेशी मुद्रा साट्न, तथा विदेशबाट रकम प्राप्त गर्न, सामान आयात निर्यात गर्न लगायतका कामकारबाहीलाई सहज तुल्याउने कार्य नेपाल राष्ट्र बैंकले गर्दै आएको छ । उपलब्ध विदेशी मुद्रा संचिति, विदेशी मुद्राको स्रोत एवम् माग तथा आपूर्तिको अवस्था, देशको आर्थिक अवस्था आदिका आधारमा विदेशी विनिमय प्रणाली, विदशी लगानीसम्बन्धी नीति, नेपाली मुद्रालाई विदेशी मुद्रामा साट्न सकिने सीमा र क्षेत्र आदि निर्धारण नेपाल राष्ट्र बैंकले गर्दै आएको छ ।

## ५. निष्कर्ष

नेपाल राष्ट्र बैंकको गतिविधिले सर्वसाधारण, सरकार, निजी क्षेत्रको साथसाथै स्वदेश एवम् विदेशका नागरिक समेत प्रभावित हुने गर्दछन् । राष्ट्र बैंकले देशको आर्थिक वृद्धि एवम् विकास, सरकारी खर्च एवम् आम्दानी व्यवस्थापन, मुद्राको माग तथा आपूर्ति व्यवस्थापन, बैंक तथा वित्तीय संस्थाहरूको नियमन एवम् सुपरिवेक्षण तथा विदेशी विनिमय व्यवस्थापनको माध्यमबाट देशको समग्र अर्थतन्त्रलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको छ । तर केन्द्रीय बैंकको भूमिकालाई अझ प्रभावकारी बनाउन सरकार, राजनैतिक पार्टी, शासन व्यवस्था तथा आन्तरिक एवम् बाह्य आर्थिक/सामाजिक संरचनाहरूको समेत उत्तीकै भूमिका हुने कुरालाई भने नकार्न सकिंदैन । ■■

*लेखक नेपाल राष्ट्र बैंकका उपनिर्देशक हुनुहुन्छ ।*

# आजको जटिल आर्थिक अवस्थाको सुधारका लागि कृषि विकास बैंक लि. को अग्रणी भूमिका



शिव अधिकारी

## १. विषय प्रवेश

संसारमा परिवर्तन त भइरहेकै हुन्छ । यो स्वाभाविक प्रक्रिया हो । मानिस चुपचाप बसिरहे पनि आफूभित्र र बाहिरबाट भएको परिवर्तनले ऊ स्वयम्लाई प्रभावित गरिरहेकै हुन्छ । यद्यपि धर्तीमा मानव समाजको उपस्थितिले गर्दा यो परिवर्तनलाई छिचोलेर नयाँ नयाँ आयामको खोजी गर्ने बाटोको सिर्जना हुन पुगेको हो । आदिम युगको जगमा झाँगिदै गएको परिवर्तन वास्तवमा आज यो मानव समुदायको बेजोड प्रस्तुति बनेको छ । यो प्रस्तुति यहाँसम्म आइपुग्दा अकल्पनीय स्तरमा हरेक नागरिकसामु गाँजिन पुगेको छ । यसरी मानवीय स्तरमा हुने परिवर्तनको क्रममा समाजले एउटा नयाँ राजनीतिक स्वरूप ग्रहण गरिरहेको पाइन्छ । यो एक ऐतिहासिक विषय बनेर आकर्षक स्तरमा उभिएको छ । यही आकर्षणले समाजलाई डोऱ्याउन खोजे पनि राजनीतिक संरचनामा स्वतः सम्बन्धित सामाजिक घुलनले स्वाभाविक रूपमा परिस्कृत बन्नका लागि नयाँ व्यवस्थापन खोजिरहेको छ । यसरी उपस्थित हुन पुगेको व्यवस्थापनलाई राजनीतिक व्यवस्थापन भन्न सकिन्छ । यद्यपि राजनीतिक व्यवस्थापनको बारेमा आजसम्म हामीले बुझ्न सकिरहेका छैनौ । जनआकांक्षा अनुसारको सुविधा राजनीतिक शक्तिको ताकत परिचालनमा भर पर्दछ । तर राजनीतिक व्यवस्थापनको ख्याल गर्न राजनीतिक शीर्ष तहले समेत गर्न सकेको छैन । संविधानतः राजनीतिक व्यवस्थापन निर्धारित हुन्छ तापनि यसमा सर्वसाधारणमा सकारात्मक सुझबुझको कमीले देश र जनताको अवस्थामा उतारचढाव भइरहेको पाइन्छ । यद्यपि राज्यले स्थापित गरेका पूर्वाधारको रूपमा रहेका संस्थाहरूको चुस्त परिचालनले देशको आर्थिक विकाससमा टेवा दिइरहेको पाइन्छ । तथापि त्यो पनि पर्याप्त छैन । यसैअनुरूप कृषि विकास बैंक आजको आर्थिक परिवेशमा अनिवार्य विकास कार्यक्रमको केन्द्रको रूपमा रहन सक्नुले देशको आर्थिक विकास सुनिश्चित गर्न सक्ने कुरामा भरपर्दो विश्वास लिन सकिन्छ ।

**जनआकांक्षा अनुसारको सुविधा राजनीतिक शक्तिको ताकत परिचालनमा भर पर्दछ । तर राजनीतिक व्यवस्थापनको ख्याल गर्न राजनीतिक शीर्ष तहले समेत गर्न सकेको छैन ।**

## २. कृषि विकास बैंक

कृषि विकास बैंक समयानुकुल आर्थिक विकासमा मूर्धन्य स्थान लिइरहेको बैंक हो । देशको राजनीतिक उतारचढावसँगै यो बैंक आर्थिक क्षेत्रमा गुरूत्तर भूमिका निर्वाह गरिरहेको कृषि क्षेत्रको विकासको सान्दर्भिकतालाई दृष्टिगत गरी २०१९ सालमा नै सहकारी बैंकको रूपमा स्थापना भएको हो । त्यसपछिका वर्षहरूमा ग्रामीण आर्थिक अवस्थाको सुधारका निमित्त गम्भीरतापूर्वक सोच विचारका साथ २०२१ सालमा भूमिसुधार कार्यक्रम लागु गरिएको हो । यसै क्रममा सहकारीअन्तर्गत रहेर क्रियाशील कृषि सहकारी बैंकले आफ्ना सदस्यबीच सानो रकम मात्र कर्जा उपलब्ध गराउन सक्ने भएकोले यस बैंकलाई वृहत्तर दायरामा लैजानका लागि कृषि विकास बैंक ऐन २०२४ (विशेष ऐन) अन्तर्गत सञ्चालित हुने गरी २०२४ माघ ७ गते कृषि विकास बैंकको विधिवत स्थापना भएको हो ।

सरकारले तत्कालीन अवस्थामा विविध कार्यक्रमले कृषि क्षेत्रको सुधारमात्र नभएर यसको विविधीकरण गर्दै जनताको जीवनस्तर उकास्ने उद्देश्यसहितका विभिन्न कार्यक्रमहरू ल्याउने प्रयास भएकै हो । यसैअनुरूप ग्रामीण क्षेत्रमा बचत कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले

भूमिसुधार बचत कार्यक्रम समेत सुरु गरिएको थियो । पछि २०३० सालमा आएर यो बचत कार्यक्रम कृषि विकास बैंककै जिम्मामा आएको थियो । तर यो कार्यक्रमले दीर्घ रूप लिन सकेन ।

हाल सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्था ऐन अन्तर्गतका बैंकहरूमा 'क' वर्गका २६ बैंक रहेका छन् । जसमा कृषि विकास बैंक लि. को विशेष स्थान रहेको छ । सुरूको अवस्थामा रू. ५ करोड अधिकृत पुँजीबाट सञ्चालनमा ल्याइएको यो बैंक हाल आएर रू. १८ अर्ब ६२ करोडसम्मको अधिकृत पुँजीको हैसियतमा क्रियाशील छ । सुरूका वर्षहरूमा एशियाली विकास बैंकको कर्जा सहयोगमा सञ्चालित यो बैंक कृषिकर्जावालाको शेयर र सरकारी सहयोगबाट सञ्चालित थियो । यो अवस्थामा बैंक सञ्चालन हुन सम्भव नदेखेर तत्कालीन अध्यक्ष तथा महाप्रबन्धक श्रीकृष्ण उपाध्यायको नेतृत्वको व्यवस्थापनले २०४२ सालमा आएर सीमित बैंकिङ्ग सञ्चालनको अनुमति लिएर जनताको बचत समेत सङ्कलन गर्न सुरू गरेको हो । आज देशभर पूर्ण बैंकिङ्ग कार्यक्रम सञ्चालनमा छ । यो हुनुमा कृषि विकास ऐनको सट्टामा सबै वित्तीय संस्थाहरूलाई एकरूपताका साथ सञ्चालन गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३ अन्तर्गत सञ्चालन हुनुलाई विशेषतः ध्यान दिने गरिएको छ । यद्यपि सहकारीले समेत बचत तथा ऋण कार्यक्रम सञ्चालन गर्ने गरिरहको अवस्थामा यो बैंकले आफ्नै विशेष ऐन कृषि विकास बैंक ऐनअन्तर्गत पनि राष्ट्र बैंकबाट स्वीकृति लिएर पूर्ण बैंकको कार्यक्रम सञ्चालन गर्न सक्ने अवस्था थियो । तर त्यो हुन नसकेर विशेष ऐन नै खारेज भयो ।

## ३. ग्रामीण विकास तथा लघुवित्त कार्यक्रम

कृषि विकास बैंकको सर्वाधिक महत्त्व रहेको कार्यक्रम ग्रामीण विकास र गरिबी निवारण हो । साना किसान विकास आयोजनाको नाममा सञ्चालित यो कार्यक्रमको सुरूवात पहाडी जिल्लामा नुवाकोटको तुप्चे र तराईमा धनुषाको महेन्द्र नगरमा सञ्चालन गरिएको थियो । यसरी सञ्चालन भएको एकीकृत ग्रामीण विकास कार्यक्रमको प्रभावकारिता अधिक रहेको थियो । यसको प्रभावकारिताको व्यापकतालाई दृष्टिगत गरी बंगलादेशबाट प्रोफेसर युनोस आएर दुवै आयोजनाको अध्ययन गरेका थिए । यसरी जानकारी लिने क्रममा यो कार्यक्रमको सञ्चालन र गरिबी निवारणको आकर्षक ढाँचाको समेत अध्ययन गरेर उनले आफू बंगलादेश फर्केपछि ग्रामीण विकास बैंकको सुरूवात गरेका हुन् । उनले यो कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याएबापत नोवेल शान्ति पुरस्कार समेत पाइसकेका छन् । यहाँ प्रश्न उठ्छ कृषि विकास बैंक ग्रामीण लघुवित्त कार्यक्रमको अगुवाइ गर्ने अग्रणी संस्था भएर पनि खोइ त कुनै पुरस्कार पाएको ? यसतर्फ पनि आजको जनशक्तिको ध्यान जानुपर्छ कि ।

## ४. परिवर्तनपश्चातको अवस्था

ऐन नै विस्थापित भएपछि कृषि विकास बैंक सञ्चालनमा रहेका सञ्चालक एवम् कर्मचारी समेतमा द्विविधा उत्पन्न हुन पुगेको अवस्था हो । जनसाधारणमा त झनै यो परिवर्तनले अन्योल बनाएको छ भन्दा पनि फरक नपर्ला । किनभने अहिले पनि देशको अर्थतन्त्र धान्ने क्षेत्र भनेको कृषि नै हो । देशभरका ६५ प्रतिशतभन्दा बढी कृषि समुदायले बैंक भन्ने बित्तिकै कृषि विकास बैंक भनेर चिन्ने गर्दछन् । सुरूको अवस्थामा कृषि विकास गर्न पुँजी प्रविधि उपलब्ध गराएर ग्रामीण कृषक समुदायलाई प्रोत्साहित गर्ने र देशको अर्थतन्त्र दर्बिलो बनाउने उद्देश्यले खोलिएको यो बैंक आज पनि देशको आर्थिक अवस्थाले यो बैंकलाई कृषिसँग सम्बन्धित बैंक हो भनेर चिनिने गर्दछ । यसैले अहिले पनि बैंक भन्नेबित्तिकै ग्रामीण कृषकहरूले कृषि विकास बैंक भनेर चिन्ने गर्दछन् ।

बैंकको सुरूवातका वर्षहरू निकै उत्साहजनक रहे । तत्कालीन अवस्थामा सार्वजनिक संस्था स्थापनाको लहर नै चलेको थियो । विदेशी सहयोगी संस्था तथा दाता राष्ट्रहरूले पनि राम्रै सहयोग गरेका हुन । रसियन सरकारबाट पूर्वपश्चिम राजमार्गको पथलैयादेखि रौतहट खण्ड निर्माणलगायत बाँसबारी जुत्ता, जनकपुर चुरोट जस्ता राम्रा पूर्वाधार स्थापनाका लागि विशेष सहयोग भएको पनि हो । त्यस्तै चीन सरकारबाट वास्तवमै अति नै उपयोगी हुने ट्रली बस जस्तो संस्था पनि सहयोग गरेर आर्थिक विकासमा टेवा दिन खोजेकै हो । वास्तवमा यो सहयोग नेपालका लागि उदाहरणीय थियो । यस्तै धेरै संस्थाहरूको नाम लिन सकिन्छ । तर हामीले त्यस्ता संस्था कुनै बचाउन सकेनौं । यो नै हाम्रो अर्थतन्त्र ओरालो लाग्नुको मुख्य कारण हो भन्ने कुरा अझ पनि जिम्मेवार शक्तिहरूले बुझ्न सकेको छैन । यसैले कृषि विकास बैंकको सुरूका वर्ष निकै उत्साहजनक हुँदाहुँदै पनि अहिले त्यो अवस्थाबाट यो बैंक अलग्गिएको छ जस्तो देखिन्छ ।

बैंक स्थापनाको सातै वर्षमा भूमिसुधार बचत संस्था यो बैंकमा गाभिन पुगेको थियो । त्यस्तै २०३१/३२ मा आएर साना किसान विकास आयोजनाको सुरूवात भयो । यो कार्यक्रम लघुवित्त क्षेत्रमा मुर्धन्य स्थान लिएको

कार्यक्रम हो । यतिमात्र नभएर यसले अगाडि सारेका एकीकृत विकाससम्बन्धी कार्यक्रमले देशका ६०० भन्दा बढी संस्थाबाट अधिराज्यभर नै ग्रामीण गरिबी निवारण कार्यक्रममा प्रमुख भूमिका निर्वाह गरेको थियो । आज यो कार्यक्रम साना किसान लघुवित्त संस्थाको जिम्मामा पुगेको छ । यसै बैंकबाट सञ्चालन हुनुपर्ने कार्यक्रम अलग्गिनु राम्रो नलागे पनि यो संस्थाले गरेका कामहरू उत्साहजनक नै छन् । यसर्थ समग्र परिवेशलाई हेर्दा यो बैंक कुनै छाता ऐनअन्तर्गत नभएर कृषि विकास बैंक ऐन कै संशोधित आवरणमा सञ्चालन गर्नु उपयुक्त हुने थियो भन्दा धेर नहोला ।

## ५. परिवर्तित संदर्भमा बैंकको कार्यक्षेत्रहरूको पहिचान

अहिले विश्व आर्थिक अवस्था जटिल बन्दै गएको छ । त्यसको हावा वा असर नेपालमा पनि परिरहेकै हो । यतिखेर हामीले विचार पुऱ्याएर काम गर्न सकेको खण्डमा देशको आर्थिक विकासमा विश्व समुदायको अगुवाइ गर्ने नेपाल नै हुन सक्छ । यो सोच अनुसार कृषि विकास बैंक व्यवस्थापन समेतले सक्रियतापूर्वक आफ्नो व्यावसायिक क्षेत्र पहिचान गरेर क्रियाशील हुने हो भने आर्थिक विकासको अगुवाइ गर्ने वित्तीय संस्था यो बैंक नै हुने सम्भावना छ । यसका लागि बैंकले निम्न अनुसारको क्षेत्रलाई अगुवाइ गर्ने तत्परता देखाउन जरूरी देखिन्छ :

## ६. नमुना गाउँ विकास कार्यक्रम

देशको सामाजिक आर्थिक र सामुदायिक परिवेशमा विद्यमान समस्या सम्बन्धित क्षेत्रबाटै समाधान गर्ने प्रयासस्वरूप एक व्यावहारिक विकास अवधारणाको आवश्यकता देखिएको छ । यो विकास अवधारणामा कृषि विकास बैंककै अगुवाइ हुनु आवश्यक छ । यो बैंकले सरकारसँगको सहकार्यमा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउनसके समाजका जुनसुकै वर्ग, क्षेत्र र पेसाका व्यक्तिहरूको आर्थिक स्तर माथि उठ्नुका साथै प्रत्येक व्यक्ति सम्पन्न हुन सक्छ र यसैको आधारशीलामा हाम्रो समाजको सम्पन्नता द्रुतगतिमा अगाडि बढ्न सक्छ । यसो भएमा स्थानीय स्रोतको परिचालनका लागि आतुर युवा एवम् सक्रिय समुदायहरू नमुना गाउँ तयार गरी सबैका सामु त्यस्ता गाउँलाई सम्पन्नताको प्रस्तुति दिन सफल हुनेछन् । यसरी युवाहरू स्थानीयस्तरमा नै क्रियाशील हुने अवस्था सिर्जना भए त्यस्ता युवा तथा सक्रिय जनशक्तिले रोजगारीका लागि विदेश धाइरहनुपर्ने छैन । यसर्थ राष्ट्रको विकास कार्यक्रम सञ्चालन गर्ने क्रममा नमुना गाउँ कार्य योजनाको ठूलो महत्त्व रहन्छ । यसरी सञ्चालन हुने नमुना गाउँमात्र नभएर नमुना सहर बनाउन निम्न कुरामा ध्यान दिएर कृषि विकास बैंक नै अगुवाइ गर्ने वित्तीय संस्थाको रूपमा अगाडि आउनुपर्छ । यदि यो बैंक यसरी अगुवाइ गर्ने अवस्थामा सक्रिय भयो भने यो बैंकलाई उत्साहजनक रूपमा अगाडि बढाउन निम्न प्रक्रियागत परिवेशले साथ दिनेछन् :

क. स्थानीय जनताको जागरूकता

ख. स्थानीय सिपको विकास

ग. उत्पादन क्षेत्रको पहिचान

घ. स्थानीय स्रोत र साधनको प्रयोग

ङ उत्पादित सामग्रीको बजार एवम् विनिमयको व्यवस्था

यसरी माथि उल्लेख भएका पाँच कुराको एकसाथ प्रयोग गर्नसके कुनै पनि क्षेत्रको विकासको लगि कठिनाइ उत्पन्न हुने अवस्था रहँदैन । सुरू गरिएका विकास कार्यक्रमहरू स्वतः प्रणाली बनेर सञ्चालनमा आउन सक्दछन् । यो कार्यक्रमलाई व्यवस्थित गर्न कृषि विकास बैंकअन्तर्गत सहकारी कार्यक्रम हरेक गाउँमा सञ्चालनमा आउनुपर्छ । यसरी कार्यक्रम सञ्चालन गर्ने वातावरण सरकारले दिएपछि त्यहाँ जनता आफैं काम गरिरहेका हुने छन् । सरकारले त स्थानीय स्तरमा भइरहेको कामको अनुगमन र संरक्षण गर्ने कुरामा मात्र ध्यान दिँदा पुगिहाल्छ ।

## ७. नमुना गाउँ वा नमुना सहर विकास कार्यक्रम

नमुना गाउँ वा नमुना सहर विकास, कार्यक्रमः देशको समृद्धिका लागि चालिएको अभियानको सबैभन्दा तल्लो र आधारभूत एकाइ नमुना गाउँ विकास कार्यक्रम नै हो । आजसम्म यो सोचअनुसार कुनै पनि वित्तीय संस्था चाहे ती लघुवित्त नै किन नहुन्, त्यस्ता संस्थाले कार्यक्रम लिएर जनतासम्म पुगेको पाइएको छैन । बरू यस्ता कार्यक्रम कृषि विकास बैंकले नै साना किसान विकास आयोजनाअन्तर्गत व्यापक एवम् प्रभावकारी रूपमा सञ्चालन गरेको थियो । यसरी ग्रामीण गरिबीसम्म पुग्ने सोच आजसम्म कुनै पनि वित्तीय संस्थाको रहन सकेको पाइएको छैन । यस अवसरलाई कृषि विकास बैंकले मात्र लिन सक्छ र ग्रामीण उत्पादन क्षेत्रको अगुवाइ गर्ने यो बैंक नै प्रमुख हुन आउँछ । किनभने आजसम्म भएका कुनै पनि कार्यक्रमको प्रभावकारिता नदेखिएको कारण मुलुकको सामाजिक एवम् आर्थिक क्षेत्रमा जगको रूपमा काम गरिरहेको व्यक्ति, परिवार र समाजसँग सम्बन्धित

नहुनु नै । यो कुरा बुझेर विशेष कार्यक्रमसहित कृषि विकास बैंक क्रियाशील हुन सके देशको विकासका लागि कुनै अर्को संयन्त्र खोजिरहनु जरूरी देखिँदैन ।

सबै कार्यक्रम समाजको तल्लो वर्गलाई नै माथि उठाउने गरी अघि बढाउनु पर्छ । साथै यसरी सुरू गरिएको कार्यक्रम अभियानको रूपमा उत्पादन कार्यक्रमसँग सम्बद्ध भएकोले सबैलाई प्रतिस्पर्धात्मक आधारभूमिमा हुर्कन सक्ने बाटो बनाउन सकिने हुन्छ । यसर्थ यो नमुना गाउँ विकास कार्यक्रम क्रियाशील विकास अभियानको रूपमा आएकोले यसको आवश्यकतामा तीव्रता देखिएको पनि छ । जसका लागि नमुना गाउँ विकास वा जे भनेपनि यसले देशभरका गाउँ मात्र नभएर सहरहरूलाई समेत नमुनामा परिणत गर्न सामाजिक स्तरबाटै अग्रसरता राख्ने अभियानको रूपमा प्रस्तुत हुन सक्ने कुरामा कुनै विवाद छैन ।

देशका प्रत्येक गाउँ तथा सहरका स्रोत र साधन परिचालन गर्ने प्रतिस्पर्धात्मक आधार तयार गर्न हतार भइसकेको छ । किनभने युवा गाउँमा छैनन् र त विकास छैन । यसर्थ अब युवा पलायनको बाढी रोक्नुपर्छ । गाउँबाटै कार्यक्रम सुरू भइसकेपछि यहाँका युवाहरूले रोजगारीका लागि कुनै पनि देशको उद्योग व्यवसायको हतियार बनेर दुःख पाइरहनु पर्दैन । आफू विदेशिनको साटो आफ्नै गाउँ वा सहरमा उत्पादन भएका सामानहरू स्वदेश तथा विदेशका बजारमा बिक्री गरेर आयस्तर बढाउने र विदेशमा रोजगारीका अवसर खोज्ने मात्र होइन, विदेशी कामदार समेतलाई नेपालमा रोजगारी दिन सक्ने वातावरण बनाउन कृषि विकास बैंकको सक्रियता आवश्यक भइसकेको छ । यसर्थ कृषि विकास तथा सहकारी मन्त्रालय एवम् अर्थ मन्त्रालयको यस सन्दर्भमा ठूलो भूमिका रहन्छ । यसका लागि सरकारका विकास कार्यक्रमसँग सम्बद्ध सबै मन्त्रालयले पूर्वाधार विकासदेखि उत्पादन क्षेत्रलाई सबलीकरण गर्न दह्रो कार्यक्रम सञ्चालनमा ल्याउनु जरूरी भइसकेको छ । सबै सँगै जाऔँ भन्ने साझा अभियानअन्तर्गत नमुना गाउँ तथा नमुना सहर विकास कार्यक्रमलाई सरकारका सबै अङ्गहरूलाई परिचालन गर्नेबित्तिकै यो देशमा आर्थिक सामाजिक रूपान्तरण हुन्छ । यद्यपि यो कार्यक्रम प्रभावकारी बनाउन कृषि विकास बैंकलाई नै सक्रिय राख्नुपर्छ ।

### ८. नमुना गाउँ वा नमुना सहर कसरी ?

यहाँको स्रोत र साधनले हाम्रो लागि अथाह सम्भावना बोकेका छन् । त्यस्ता स्रोतहरू परिचालनका लागि सबैका हात अघि बढेको अवस्थाको पर्खाइमा यो देशका जनता आँखा टट्टाउने गरी टोलाइरहेका छन् । जताततै रोचक प्रस्तुति प्रकृतिको नै छ । प्राचीन मन्दिर र टुंडालले सजिएका जादुगरी निर्माणबाहेकको नयाँ प्रस्तुति आजको सरकार वा समाजले निर्माण गर्न सक्नु त के, त्यस्ता धरोहरको उचित सरक्षण गर्न सकिरहेको छैन । सुन्दर प्राकृतिक आवरणलाई कुरूप बनाउनुबाहेक केही नौलो कुरा दिन नसक्ने भएर थलिएको समाजले भविष्यलाई कुन स्वरूप प्रदान गर्ने हो ? भन्ने कुरा विचारणीय छ । यस अवस्थालाई केही समय अझै कायम राख्ने र सामाजिक आचरणमा सकारात्मक परिवर्तन गर्न सकिएन भने यो देशको दुर्दशा अझ झाँगिने गरी मौलाउँदै जाने छ । यसर्थ अब यो देशको निर्माणमा लाग्न कृषि विकास बैंक जस्ता साधनसम्पन्न वित्तीय संस्थाहरूको साथै सम्बन्धित निकायलाई सक्रिय राख्नु जरूरी भइसकेको छ । यसका लागि निम्न कुरामा ध्यान पुऱ्याउनु जरूरी देखिन्छ :

१. गाउँ-गाउँ तथा सहरी क्षेत्रमा समेत उपलब्ध जमीनको उपयोगिता स्पष्ट हुने गरी नक्सा तयार गर्ने ।

२. जमीनको वर्गीकरण गरी उपयोगिता निर्धारण गर्ने । यसका लागि खेती, बसोबास, मनोरञ्जन, पशुपालन, धार्मिक आदि क्षेत्रको यकिन गरी स्पष्ट उपयोगिता किटान हुनुपर्छ । यसरी जमीनको वर्गीकरण गरिसकेको क्षेत्रमा कुनै अर्को व्यवस्था गर्नुपरेमा ऐन तथा नियमावली तयार गरेर सोही प्रक्रिया अनुसार परिवर्तन गर्न सक्ने व्यवस्था मिलाउनुपर्छ । यसैअनुरूप जमीनको उपयोगिताको व्यवस्था मिलाउन सके विद्यमान साधन र स्रोतको परिचालन गर्न सजिलो हुन्छ र देशमा आर्थिक विकासको क्षेत्र दह्रो बनाउन सकिन्छ ।

३. गाउँमा भएका सम्पूर्ण साधन र स्रोतको पहिचानसहितको आर्थिक उपयोगिताको विवरण तयार गरी प्रयोगमा ल्याउने गरी कार्यक्रम तयार गर्नुपर्छ । यसरी ग्रामीण जनजीवनसँग घुलमिल भएर क्रियाशील रहने कृषि विकास बैंक नै प्रमुख माध्यम बन्ने भएकोले सरकारको सहकार्यमा यो बैंकलाई नै जिम्मेवार बनाउनु पर्छ । यसरी क्रियाशील रहँदा विभिन्न क्षेत्रमा स्रोतलाई प्रयोगमा ल्याउँदा त्यस्ता स्रोतको संरक्षणसमेत गर्ने व्यवस्था सहज हुन पुग्छ ।

४. कृषि उत्पादनलाई विशेष प्राथमिकताका साथ सञ्चालनमा ल्याउनका लागि कुन ठाउँमा के उत्पादन गर्ने भन्ने यकिन गर्न नमुना गाउँ कमिटीले विशेषज्ञको परामर्श लिने र सोहीअनुसार खेती गर्ने व्यवस्था मिलाउने ।

५. खेती गर्ने काममा युवालाई प्रोत्साहित गर्नका लागि स्थानीय विद्यालयस्तरको शिक्षामा समेत कृषि तथा व्यावसायिक विकाससम्बन्धी पठनपाठन गराउने व्यवस्था मिलाउने ।

६. प्रत्येक गाउँलाई रसायनमुक्त गरी अर्ग्यानिक खेतीको सुरुवात गर्ने । त्यस्ता क्षेत्रमा सम्भाव्यताको अध्ययन गरी साना तथा घरेलु व्यवसायको विकास गर्न ग्रामीण महिलाहरूलाई विशेष प्राथमिकताका साथ सिपमूलक तालिम प्रदान गर्ने । गाउँस्तरमा गुणस्तरयुक्त उत्पादित वस्तुलाई अन्तर्राष्ट्रिय बजारमा पठाउन सकिने गरी गाउँलाई नै विशेष उत्पादनको पहिचान अथवा ब्रान्डको आधिकारिकता प्रदान गर्ने ।

७. उत्पादित स्थानीय वस्तुको प्रशोधन तथा बजार व्यवस्थापन केन्द्र स्थापना गरी उत्पादन सामग्री स्वदेशी तथा विदेशी बजारमा बिक्री गर्ने व्यवस्था मिलाउने ।

८. ग्रामीण स्तरका ऐतिहासिक, साँस्कृतिक, धार्मिक एवम् आर्थिक क्रियाकलापहरूको आकर्षणसहित प्रत्येक गाउँमा पर्यटकीय स्थलको विकास र होमस्टे जस्ता कार्यक्रम सञ्चालन गरी कृषि पर्यटन विकास कार्यक्रमलाई विस्तार गर्ने ।

## ९. कृषि व्यावसायीकरणको विकास

सहज तरिकाले उत्पादन अभियानमा लाग्न सकिने क्षेत्र भनेको कृषि नै हो । यो क्षेत्रको सञ्चालनमा कृषि विकास बैंक नै आधिकारिक वित्तीय संस्था हो । यसले आफ्नो क्षेत्रलाई छोडेर अन्त बहकिन खोज्दाको अवस्था बैंकका लागि समेत फलिफापसिद्ध हुन सकेको छैन । फेरि कृषि नै जीवन निर्वाहको आधार बनिरहेको अवस्थामा यसको विकासबिना समाजले जीवित रहने बाटो पाउँदैन । यसलाई व्यवस्थित नगरेसम्म देशको विकासको कुरा कुरामा मात्र सीमित हुन पुग्छ । यसर्थ कृषि विकासका लागि सरकारले दर्बिलो एवम् व्यावहारिक नीति तय गरेर अन्तर्गतका मन्त्रालय, विभाग र एकाइ कार्यालयलाई उत्पादन क्षेत्रमा क्रियाशील राख्नु जरुरी भइसकेको छ । यसका लागि निम्न उपायहरूको अवलम्बन गर्न सकिन्छ :

क. देशका सबै गाउँहरूको कृषि व्यावसायीकरणको सम्भाव्यता अध्ययन गरी कुन ठाउँमा के उत्पादन राम्रो हुन्छ भन्ने कुराको निर्क्योल गरी त्यस्ता उत्पादन क्षेत्रमा हुने उत्पादनको नामअनुसारको परिचय दिने व्यवस्था मिलाउनु पर्छ । प्रत्येक ठाउँ वा गाउँमा उर्वर जमीन संरक्षण गर्न जमीनको उपयोगिता यकिन गर्नु जरुरी भइसकेको छ । यसका लागि आवास क्षेत्र, कृषि क्षेत्र, मनोरञ्जन क्षेत्र, विद्यालय क्षेत्र, स्वास्थ्य संरक्षण क्षेत्र, पर्यटन क्षेत्र, औद्योगिक क्षेत्र जस्ता अनेकौं जमीन उपयोगिताका क्षेत्र बन्न सक्दछन् । यसरी क्षेत्र किटान गरिसकेपछि अर्को ढंगले प्रयोग गर्नुपर्दा राज्यले नै सो फेरबदलको निर्णय लिने गरी जमीनको उपयोगिता नीति दर्बिलो बनाएर लागु गर्नुपर्छ ।

ख. कृषि व्यवसायमा संलग्न जनशक्तिलाई प्रोत्साहित गर्न सम्बन्धित गाउँका प्रत्येक घर परिवार तथा समुदायमा एक परिवार एक व्यक्ति कृषि प्राविधिक शिक्षा भन्ने अभियान सञ्चालन गर्नुका साथै कृषि व्यवसायमा संलग्न भई क्रियाशील हुने युवा तथा सक्रिय जनशक्तिलाई कम्तीमा मासिक रू. १००० प्रोत्साहन भत्ता प्रदान प्रदान गर्नुपर्छ ।

ग. कृषि व्यवसायमा लगानी गर्ने ठूला व्यापारी वा देशका पुँजीपतिहरूलाई उनीहरूले कृषिमा गरेको लगानीमा करछुटको सुविधा दिनुपर्छ ।

घ. बैंक तथा वित्तीय संस्थाहरूले आफूले गरेको लगानीको ५ प्रतिशत रकम सामूहिक खेतीका लागि लगानी गर्ने मुद्रानीति अनुरूप कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसरी आफूले कार्यक्रम सञ्चालन गर्न नसक्ने वित्तीय संस्थाको रकम स्वतः कृषि विकास बैंकमा जम्मा गर्ने व्यवस्था हुनुपर्छ । यसरी जम्मा भएको रकम लगानी गर्नका लागि कृषि विकासा बैंकलाई जिम्मा दिने व्यवस्था भएमा रकमको सदुपयोग हुनुको साथै उत्पादन क्षेत्रमा समेत भएको लगानी सही सदुपयोग हुन सक्छ । कृषि क्षेत्रमा लगानी गर्दा सामूहिक जमानी अथवा सामूहिक सुरक्षणमा कर्जा उपलब्ध गराउनुको साथै बिनाधितो कर्जा प्रवाह गर्न व्यवस्था मिलाउन सरकारले यस्तो कर्जाको जिम्मेवारी लिनुपर्छ ।

ङ. बैंकहरूबाट ६ प्रतिशत र सोभन्दा कम ब्याजदरमा कृषि व्यावसायीकरण कर्जा प्रदान गर्ने व्यवस्था हुनुपर्छ । यसको साथै युवाहरूले सामूहिक रूपमा सञ्चालन गरेको खेतीका लागि गरिएको लगानीमा ३ वर्षसम्म ब्याज अनुदानको व्यवस्था मिलाउन सके युवा पलायनको अवस्थामा नियन्त्रण गर्न सकिन्छ ।

च. प्रत्येक गाउँमा त्यहाँ उपलब्ध वातावरण अनुसार पशुपालन, चिया, अलैंची, फलफूल, तरकारी, खाद्यान्न,

दुध, मासु, माछा आदि अन्य उत्पादनको वैज्ञानिक एवम् व्यावहारिक विकास गर्नका लागि प्रांगारिक मल तथा जैविक किटनाशक औषधी प्रयोग गरी गाउँलाई नै रसायनमुक्त क्षेत्र घोषणा गर्नुपर्छ । यसका लागि ग्रामीण जैविक उर्जा कार्यक्रममा अग्रणी रहेको कृषि विकास बैंकअन्तर्गत सञ्चालित गोबर ग्याँस कम्पनीलाई सरकारले पुनः सञ्चालनको व्यवस्था मिलाउनु पर्छ । यसबाट ग्रामीण क्षेत्रको उर्जाको अभाव पनि नहुने र यसबाटै खाना पकाउनेदेखि बत्ती बाल्ने समेत व्यवस्था गर्न सकिने भएकोले वनजंगलको विनाश रोक्नुको साथै प्रांगारिक मल उत्पादन गरेर स्वास्थ्यकर कृषि उत्पादनहरू बजारमा ल्याउन सकिन्छ । यो कार्यक्रमबाट पर्यावरणको समेत संरक्षण हुन सक्ने भएकोले सामाजिक क्षेत्रमा वातावरण स्वच्छ राख्न समेत सहज हुन्छ । यसर्थ यो कार्यक्रम पुनः सञ्चालनमा ल्याउन कृषि विकास बैंकलाई सरकारले सक्रिय बनाउनु पर्छ ।

छ. कृषि उपज प्रशोधन तथा बजार व्यवस्थापन केन्द्र स्थापना गर्न कृषि विकास बैंकले नै अगुवाइ गर्न सक्छ । यसरी बजारको स्थापना प्रत्येक गाउँ केन्द्रमा भएमा गाउँको उत्पादन स्वदेशी तथा विदेशी बजारमा बिक्री गर्ने व्यवस्था मिलाउन सकिन्छ । साथै उत्पादित सामग्रीको संरक्षण गर्न शीत भण्डार तथा प्रशोधन उद्योग स्थापना गर्न लाग्ने पुँजीगत खर्चको ८० प्रतिशत अनुदान दिई यस क्षेत्रमा संलग्न उद्यमीलाई प्रोत्साहित गर्न सरकारको तत्परता रहुनपर्छ ।

ज. सबै गाउँमा कृषि सेवा केन्द्र स्थापना गरी घरघरमा प्राविधिक सेवा निरन्तर रूपमा उपलब्ध गराउनु पर्छ ।

झ. आधुनिक प्रविधि टनेल, ग्रिन हाउस, थोपा सिँचाइ, कोल्ड स्टोरेज, क्याबिन, गोठ निर्माण जस्ता प्रारम्भिक कार्यमा लाग्ने खर्चको ८० प्रतिशतसम्म अनुदान दिने गरी सरकारले कार्यक्रम सञ्चालन गर्ने व्यवस्थाबाट युवालाई यस प्रकारको व्यवसायप्रति आकर्षण गर्ने र व्यवसाय सञ्चालनमा सक्रिय राख्न सकिन्छ ।

ञ. कृषि व्यवसायलाई दिगो र भरपर्दो पेसा बनाउन सरकारीस्तरबाट त्यस्तो व्यवसायको सुरक्षण व्यवस्था मिलाउन कृषि फर्म, पशुपालन, फलफुल तथा जडिबुटी उत्पादन एवम् कृषि उपज प्रशोधन तथा बजार व्यवस्था आदिमा पुग्न गएको क्षतिको तत्काल शोधभर्ना दिने व्यवस्थाका लागि सरकारले कृषि व्यवसाय सुरक्षण कोषको स्थापना गर्ने । यसका लागि कृषि विकास बैंकले सञ्चालन गरेको बाली संरक्षण तथा पशु संरक्षण कार्यक्रम नमुना हुन सक्छ । यसरी कार्यक्रम सञ्चालन गर्दै आएको कृषि विकास बैंकलाई नै यो कार्यक्रममा सरकारले जिम्मेवार बनाएमा यसबाट प्रशस्त मात्रामा जनता लाभान्वित हुनेछन् । यसका साथै कृषि व्यवसाय बिमा गरी क्षतिपूर्ति दिने व्यवस्था मिलाउन पनि सरकारले नीति नियमहरू तयार गरी लागु गर्ने व्यवस्था मिलाउनुपर्छ । यद्यपि यसरी बिमाबापत तिरेको सरकारको अनुदान तथा कृषकले तिरेका प्रिमियम बिमा कम्पनीले लिने तर क्षतिपूर्ति नदिने गरेको गुनासोलाई समेत दृष्टिगत गरी पशु संरक्षण तथा बाली संरक्षण कार्यक्रम कृषि विकास बैंकअन्तर्गत नै सञ्चालन गर्ने व्यवस्था मिलाउँदा कृषकहरू लाभान्वित हुने गर्दछन् । यसका लागि कृषि विकास बैंकले यसै बैंक अन्तर्गतको कोष व्यवस्थापन कम्पनीलाई सक्रिय बनाएर कार्यक्रम सञ्चालन गर्न सक्छ । कृषकलाई उत्पादन कार्यमा निर्धक्कसँग क्रियाशील रहने वातावरण बनाउन सके पाँच वर्षभित्र देशभरका गाउँलाई नमुना गाउँको रूपमा चिनाउने प्रतिस्पर्धात्मक आधार तयार गर्न सकिन्छ ।

ट. प्रत्येक गाउँमा ग्रामीण उद्यमशीलता विकास आयोजना (Rural Entrepreneurship Development project-REDP) सञ्चालन गरी गाउँका युवालाई उद्यमी बनाउने कार्यक्रम ल्याउने । यसका लागि इजरायली संस्था मोशावसँग वा अन्य कुनै प्रभावकारी संस्थासँग सहकार्य गर्ने वातावरण कृषि विकास बैंकले नै बनाउन सक्ने भएकोले यसको सहकार्यका लागि कृषि विकास बैंकलाई नै जिम्मेवार बनाउने व्यवस्था सरकारले गर्दा कार्यक्रम प्रभावकारी हुन सक्छ । यसर्थ गाउँ-गाउँमा कृषि तथा व्यावसायिक तालिम केन्द्र स्थापना गरी प्रत्येक युवा तथा उद्यमीलाई सिपयुक्त बनाउने व्यवस्था मिलाउन सरकारले प्रभावकारी कार्यक्रम ल्याउन कृषि विकास बैंकलाई नै सक्रिय राख्नु पर्छ ।

विद्यालयदेखि नै उत्पादन क्षेत्रमा बालबालिका तथा युवालाई समेत आकर्षित गर्न उत्पादन प्रविधिको ज्ञान दिनुका साथै माध्यमिक विद्यालयदेखि नै उत्पादन विकास क्षेत्र सेवा कार्यक्रम अनिवार्य गर्ने व्यवस्था सरकारले मिलाउनुपर्छ ।

ग्रामीण विकासका लागि स्वदेशी तथा विदेशी संस्थाबाट प्राप्त भएको रकम र त्यस्ता संस्थाबाट हुने सहयोगलाई कृषि विकास बैंकबाट समाजको तल्लो स्तर अथवा दुर्गम र विपन्न वर्गसम्म पुऱ्याउने मात्र नभई त्यस्तो रकमको सदुपयोग गर्ने दर्बिलो आधार बनाउने । यस्तो आधार बनेन भने विकास वा गरिबी निवारण जे भने पनि त्यो सम्भव छैन । किनभने गरिबी निवारण र ग्रामीण विकासका लागि जे जति कामहरू भएका छन्, ती सबै कुनै न कुनै संस्थाबाट सञ्चालित छन् । ती संस्थाहरू आफ्नै किसिमले कार्यक्षेत्रको छनौट गर्छन् र कार्यक्रम सञ्चालन गर्ने मात्र होइन, खर्चको आफूखुसी व्यवस्था मिलाउने गर्दछन् । यसमा सरकार बेखबर छ भन्दा पनि हुन्छ । यस्ता संस्थाको नाम लिनुपर्दा सरकारकै तर्फबाट गठित गरिबी निवारण कोष, स्वरोजगार कोष, हिमाली कोष, कृषि व्यावसायीकरण तथा व्यापार योजना (PACT) लगायत वन, पर्यावरण, वातारण संरक्षण कार्यक्रम समेत सञ्चालन गर्न कृषि विकास बैंक नै उपयुक्त संस्था बन्नपुग्दछ । यद्यपि यसरी स्थापित संस्थाहरूले आ-आफ्नो किसिमले खर्च गरिरहेका छन् र त्यस्ता कार्यक्रमबाट के कति उपलब्धी भएको छ भन्ने कुराको यकिन गर्ने कुनै निकाय देखिएको छैन । यसर्थ यी सबै कृषि विकास बैंकमार्फत सञ्चालन गर्न सके सबै कार्यक्रममा एकरूपता आउन सक्छ भन्ने कुरा विचार गरी सबै कामको जिम्मेवार कृषि विकास बैंकलाई नै बनाउनतर्फ सरकारले नीति बनाउन जरूरी ।

१. केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले अनुगमन, नियन्त्रण र सुपरिवेक्षण जस्ता सम्पूर्ण मुद्रा व्यवस्थापन सम्बन्धी काम नेपाल राष्ट्र बैंक ऐनको प्रावधान अनुसार निरन्तर सक्रिय रहने गरी कार्यक्रम सञ्चालन गर्नुपर्छ । यद्यपि सहकारी र लघुवित्त सम्बन्धी अनुगमन गर्ने प्रभावकारी व्यवस्था नहुँदा जनताले दु:ख पाइरहेको कुरा सरकारले गम्भीरतापूर्वक लिनुपर्छ । यसर्थ यसलाई व्यवस्थित गर्न सहकारी तथा सम्पूर्ण विकास बैंकहरू व्यवस्थित गर्ने अनुगमन गर्ने सबै नियमन गर्ने सम्बन्धी काममा कृषि विकास बैंकलाई नै जिम्मेवार बनाउने व्यवस्था गर्न सके विकास बैंक तथा लघुवित्त संस्था र सहकारीहरूलाई समेत नियमित गरेर जनपक्षीय ढगले परिचालन गर्न प्रभावकारी काम हुन सक्छ ।

२. अन्य बैंकहरूलाई पनि सहज तरिकाले सञ्चालन गर्न सकिने व्यवस्था हुनु जरूरी छ । यसरी कार्यक्रममा वित्तीय संस्थालाई परिचालन गर्ने क्रममा वाणिज्य बैंक, कृषि विकास बैंक, विकास बैंक, लघुवित्त बैंक, सहकारी संस्थाको छुट्टाछुट्टै कानुनी आधार तयार गरी उत्पादन क्षेत्रमा क्रियाशील राख्ने व्यवस्था मिलाउने कुरामा सरकार गम्भीर हुनु जरूरी भइसकेको छ ।

३. कृषि विकास बैंकलाई विशेष ऐनअन्तर्गत नै राखेर सबै बैंकिङ्‌ कारोबार गर्न सक्ने गरी सञ्चालनमा ल्याउने व्यवस्था भएमा विकास कार्यक्रमका लागि लगानी भइरहेका विभिन्न स्वदेशी तथा विदेशी दातृ संस्थाको रकम त्यस्ता संस्थाहरूले पहिचान गरेको क्षेत्रमा लगानी गर्ने संस्थाको रूपमा यो बैंकलाई नै परिचालन गर्न सकिने थियो । यसरी बैंकमार्फत रकम प्रवाह भएपछि त्यस्तो लगानीलाई बैंकले सदुपयोगिता समेत हेर्ने भएकोले जुनसुकै क्षेत्रमा गएको रकमको पनि दुरूपयोग नहुने र जनताले प्रत्यक्ष त्यसको प्रतिफल प्राप्त गर्न सक्ने थिए । यद्यपि आज यो बैंक छाता ऐनमा राखेर पूर्ण वाणिज्य कारोबार गर्ने गरी सञ्चालनमा ल्याइएको छ । यति मात्र नभएर रणनीतिक साझेदार भित्र्याएर यसलाई उद्देश्यविपरित सञ्चालन गर्ने बाटो खोज्नु सरकारको र जनताको निमित्त समेत राम्रो कुरा होइन । यसर्थ कृषि विकास बैंक सरकारको गरिबी निवारण र विकास कार्यक्रम सञ्चालन गर्न ग्रामीण क्षेत्रसम्म पुँजी प्रवाह गर्ने वित्तीय संस्थाको रूपमा सरकारकै स्वामित्व रहने गरी विशेष ऐन कृषि विकास बैंक ऐनअन्तर्गत सञ्चालनमा ल्याउने व्यवस्था गर्नुपर्छ ।

## १०. प्रस्तावित विकास संरचना

अब विकास नयाँ ढाँचा र संरचनामा खोज्नु पर्छ । किनभने पुराना कुराहरूले मात्र नपुगेर वा त्यस्ता संरचना एवम् प्रविधि समयानुकुल बन्न नसकेपछि नयाँ कुराको खोजी भएको हो । जनताको आकांक्षा चुलिँदै जानु र पुरानो प्रविधिको उत्पादन प्रक्रियाको कमजोरीले यहाँको उत्पादनले बजार लिन नसक्नु मात्र नभएर उत्पादन समेत गुणस्तरीय नहुनु आजको समस्या हो । वास्तवमा यस्ता उत्पादन जति गरे पनि उत्पादकले उत्पादन भएका वस्तुहरूको बजार नपाउनु यहाँको बिडम्बना बनेको छ । यसको साथै उत्पादन कार्यका लागि पर्याप्त सामग्री उपलब्ध गराउन समेत सरकार समर्थ नहुनुको कारण अब स्थापित संरचनालाई नै स्तरयुक्त बनाउनुपर्ने अवस्था टड्कारो भएको छ । जसको कारण बनेर जनताले पाउनुपर्ने दैनिक सुविधाका कुराहरू बाह्य शक्ति अथवा सरकारको

प्रयासमा निर्भर रहेको आजको अवस्थाले सार्वजनिक सेवालाई गाउँस्तरका जनतासम्म पुऱ्याउने सामर्थ्य राख्न सकेन । यसर्थ स्थानीय जनताकै संलग्नतामा एक सार्वजनिक सेवा समन्वयको संरचनागत आधार बनाउन सके विकास कार्यक्रम सञ्चालनमा सार्थक आधार गाउँ गाउँबाटै तयार हुँदै जाने र जनताको समृद्धिसँगै देशका प्रत्येक गाउँ नमुना बन्न सक्छन् भन्नेमा विश्वास राख्न सकिन्छ । यस्तो अवस्था बनेमा यो देश संसारकै समृद्ध नमुना हुनसक्ने कुरामा कसैले शंका गरिरहनु पर्दैन ।

### क. समन्वयात्मक सञ्जाल

विकाससँगै जाऊँ अभियानमा निर्भर गर्दछ । अन्यथा विकास एउटा विचारकले बनाएको दस्तावेजमा मात्र सीमित हुनपुग्छ । यसर्थ नमुना गाउँ वा नमुना सहर कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि निम्न अनुसारको प्रस्तुतिमा आधारित हुँदै गाउँका सबै वर्ग पेसा राजनीतिक शैक्षिक संस्था एवम् सरकारी निकाय समेतको संलग्नतामा समन्वय समिति बनाउनुपर्छ । यसरी समिति निर्माण गर्दा कुनै पनि व्यक्ति सहभागिताको मौकाबाट अलग रहनु पर्दैन । किनभने विकास एक एकीकृत संरचना निर्माणका लागि सँगै जाऊँ अभियान हो । यसका लागि निम्न संरचना प्रभावकारी हुन सक्छ :

यो समितिको कार्यविधि संक्षिप्त रूपमा स्थानीय स्तरमा आवश्यक सेवा सुविधाहरूलाई व्यवस्थित गर्ने कुरासँग सम्बन्धित हुनुपर्छ । विस्तृत कार्यविधि समेत तयार गरेर माथिको संरचनालाई प्रत्येक गाउँमा सक्रिय बनाउनु पर्छ । यद्यपि संक्षिप्तमा यसको कार्यगत स्वरूप निम्न आधारमा तयार गर्न सकिन्छ :

क. परम्परागत रूपमा सञ्चालित पेसागत शीपको संरक्षण गर्नु

ख. उन्नत कृषि प्रविधिको विकास गर्नु

ग. कृषि व्यवसायमा आधारित पेसागत सिपको विकास गर्नु

घ. स्थानीय स्तरका उत्पादनको प्रचार प्रसार एवम् बिक्री व्यवस्थाका लागि प्रत्येक गाउँ केन्द्रमा बजार स्थापना गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने व्यवस्था मिलाउनु ।

यसरी विविध प्रक्रियाको एकीकृत स्वरूपमा संगठनात्मक ढाँचा तयार गर्ने र त्यस्तो संगठनको



उपलब्धिमूलक परिचालन गर्नेसम्मको व्यवस्था हुनु जरूरी भएकोले यो समिति गठनको प्रस्ताव गरिएको हो । वास्तवमा यो संरचनामा कृषि विकास बैंकले राम्ररी पहिचानसहितको संलग्नता राख्नुपर्छ र यसै क्षेत्रगत आधारमा आफ्नो व्यवसाय विस्तार गर्नुपर्छ ।

### ख. सहभागितात्मक प्रक्रिया

नमुना गाउँ अवधारणा अनुरूपको समन्वय समिति बनिसकेपछि त्यसैअन्तर्गत रहने गरी विभिन्न आधिकारिक समितिहरू बनाउनुपर्ने हुन्छ । यसरी बनिरहेको समितिमा संलग्न हुन स्रोतको व्यवस्थापन अति आवश्यक कुरा बन्न जान्छ । यसका लागि कार्यक्रमको संक्षिप्त प्रक्रियागत निम्नअनुसार हुन सक्छ :

समन्वय समितिपूर्वको अवस्था भनेको विशेष कार्यगत एवम् पेसागत कार्यसमिति हो । त्यहाँ विभिन्न पेसामा आबद्ध पेसागत समितिहरू हुन्छन् । यस्ता समितिको संलग्नता आफ्नो उत्पादन एवम् त्यसबाट हुने वचतलाई आधारित गरेर निर्धारण गरिने छ । जसमा कार्यसमितिमा आबद्ध हुनका लागि आफ्नो क्षमता र पेसा अनुसार न्यूनतम रू.१००/- र अधिकतम रू.१००००/- सम्मको शेयर हिस्सा लिन सकिने व्यवस्था गर्नु वेश हुन्छ । यसरी रू.१०० देखि अधिकतम रू.१००००/- लाई एक व्यक्तिको संलग्नता भएको मानी न्यूनतम २५ देखि अधिकतम १००० जनासम्मको एक समन्वय समितिअन्तर्गत नमुना गाउँ विकास कार्यक्रम सञ्चालित हुनेछन् । यसरी समन्वय समितिमा जम्मा भएको रकम बराबर रिभल्बिङ फन्डको रूपमा सरकारले अनुदान दिने र यो कोष विशेष नमुना उत्पादन कार्यक्रम सञ्चालन गरी आय आर्जन गरेर समितिका सदस्य स्वयम् लाभान्वित हुन सक्दछन् । यसरी सञ्चालित आयको आधारमा सरकारले लगानी गरेको रिभल्बिङ फन्ड फिर्ता गर्ने जिम्मेवारी संस्थाका सदस्यहरूको हुने व्यवस्था मिलाउनु पर्छ ।

यसरी सञ्चालित पेसागत व्यावसायिक समितिलाई आवश्यक पर्ने सम्पूर्ण कार्यलाई व्यवस्थित गर्नुका साथै त्यहाँ उत्पन्न आवश्यकता पूर्ति गर्ने काम समन्वय समितिले गर्ने र यस्ता समितिहरू ससक्त ढङ्गले परिचालन गर्ने व्यवस्था मिलाउन सरकारले सहयोगीको भूमिका निर्वाह गर्नुका साथै कृषि विकास बैंकलाई नै सक्रिय राख्नुपर्छ ।

यसरी सङ्कलन भएको रकमको सदुपयोगिताको व्यवस्थापन कृषि विकास बैंकले गर्ने गरी सरकारले नीतिगत व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्नु प्रभावकारी हुन्छ ।

### ११. कृषि विकास बैंकको संलग्नतामा सहकारी बैंक

गाउँको विकासका लागि प्रत्येक ग्रामीण क्षेत्रको पेसालाई समेट्ने गरी एक समन्वय समितिअन्तर्गत अथवा सो हुन नसके दुई वा तीन समन्वय समितिअन्तर्गत रहने गरी एउटा सहकारी बैंक स्थानीय स्तरमै स्थापना गर्नुपर्ने हुन्छ । यस प्रकारको बैंकलाई स्थानीय स्तरकै जनशक्तिबाट सञ्चालन गर्नुले यस संस्थाको स्थायित्व एवम् प्रभावकारिता सुनिश्चित हुनपुग्छ । स्थानीय युवाले रोजगारी पाउने हुँदा सहकारी बैंक नमुना गाउँ अन्तर्गतका कार्यक्रम सुदृढ र सबल बनाउन सहज हुन्छ । यस प्रकारको कार्यक्रमबाट युवाहरू विदेश पलायन हुने क्रम रोकिनाले उत्पादन क्षेत्र सबल भई समाज समृद्ध हुनुका साथै यो देशलाई संसारकै नमुनाको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

सहकारी बैंकले समन्वय समितिको निर्देशनमा आफ्नो कार्यक्षेत्र अन्तर्गतका पेसागत समितिलाई परिचालन गरेर त्यस्ता समितिअन्तर्गत संगठित सम्पूर्ण सदस्यहरूलाई नियमित बचत, सुरक्षण बचत र सञ्चालन बचत, शैक्षिक बचत सेवाहरू सुरु गर्नेछ । असक्त वृद्धहरूका लागि पेन्सन फन्ड निर्माण गरी पेन्सन उपलब्ध गराउने व्यवस्था समेत यसैप्रकारका सहकारीले मिलाउने छन् । प्रत्येक गाउँमा बिरामीहरूको उपचार खर्च व्यवस्थाका लागि सहकारीअन्तर्गत छुट्टै कोषको निर्माण गरिने छ । आवश्यक परेमा यस अन्तर्गतका सदस्यहरूलाई औषधी उपचारका लागि सहकारीकै सहयोग रहनेछ । यसरी क्रमिक रूपमा स्वास्थ्य र शैक्षिक क्षेत्र निःशुल्क गर्न प्रत्येक गाउँ स्वयम् क्रियाशील हुनेछन् । साथै व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गर्न आफ्ना सदस्य समूहभित्र सुलभ कर्जा प्रवाहको व्यवस्था मिलाउने र आफ्ना सदस्य समूहभन्दा बाहिर लगानी गर्नुपर्ने अवस्था आएमा समन्वय समितिको स्वीकृति अनुसार व्यावसायिक दरमा लगानी गरी प्राप्त हुने थप आम्दानीबाट संस्थालाई सबल बनाउने व्यवस्था समेत सहकारीको कार्यविधिमा स्पष्ट उल्लेख गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### १२. वैदेशिक रोजगारीमा कृषि मन्त्रालयको भूमिका

अविकसित देशको पौरख वा उद्योग भनेको बलिया हात पाखुरा भएका युवाको उत्पादन गर्नु हो वा यो युवा शक्ति उत्पादन गर्ने कारखानामा अविकसित देश नै बनेको छ । यो कुरा व्यावहारिकताको त परै छाडौं, सुन्नुपर्दा मात्र पनि मुटु चिरिन पुग्छ भने हामी दिनहुँ हजारौं युवालाई एकदमै तल्लो स्तरको मजदुरीका लागि विदेश

पठाइरहेका छौं । ती युवाहरू अक्सर खाडी मुलुक तथा अन्य देशको तातो घाममा कडा परिश्रम गरिरहेका छन् । यसरी परिश्रम गरिरहेका युवालाई त्यहाँका कारखाना मालिकको पीडाजनक व्यवहार समेत खप्नु परेको छ । यसरी विदेश गएका युवाहरूमा प्रत्येक दिनजसो ३ जनाको लाश नेपाल भित्रिरहेको छ भने त्यस्ता देशमा बेपत्ता हुनेको संख्या कति हो भन्ने कुरामा सरकार स्वयम् बेखबर छ ।

देश निर्माणको विभिन्न चरणमा खर्चिनुपर्ने युवा शक्तिलाई विदेश जानुपर्ने बाध्यता बेहोर्नुपर्ने अवस्था भनेको हाम्रो निमित्त पीडाको विषय हो । यो अवस्थाबाट यहाँको समाजलाई यस्तो जटिल अवस्थाबाट मुक्त गर्न सरकारको दर्बिलो एवम् व्यावहारिक नीति तय गर्नुपर्छ । यो खाँचो पूरा गर्न स्रोत परिचालनको केन्द्रीय भूमिका निर्वाह गरिरहेको कृषि तथा सहकारी मन्त्रालयले विभिन्न आयमूलक योजना देशभर सञ्चालनमा ल्याउनु पर्छ । यसको साथै वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई उनीहरू जाने देशको औद्योगिक एवम् आर्थिक क्रियाकलाप सुहाउँदो परिचयात्मक कार्यक्रम जानकारी गराउन कृषि विकास बैंकका तालिम केन्द्रमा नै तालिम दिने र विशेष पेसागत सिपयुक्त जनशक्ति मात्र विदेश पठाउने काममा यस मन्त्रालयको महत्त्वपूर्ण भूमिका रहनु पर्छ । यसर्थ यो कृषि एवम् श्रम रोजगार मन्त्रालयले वैदेशिक रोजगारीमा जाने युवा परिचालनमा निम्न अनुसारको भूमिका निर्वाह गर्नुपर्छ । यसरी युवा विदेश पठाउँदा विशेष समय किटान गरेर रोजगारी सुनिश्चित हुने अवस्था समेत पठाउनु पर्छ । यसका लागि श्रम तथा रोजगार मन्त्रालयले निम्न प्रक्रियाको व्यवस्था गर्नुपर्छ :

१. वैदेशिक रोजगारीका लागि त्यस्तो रोजगारीको व्यवस्था मिलाउने जिम्मेवारी लिएको श्रम मन्त्रालयले पर्याप्त जानकारी लिनुपर्ने हुन्छ । यसका लागि श्रम मन्त्रालयले रोजगारी प्रदान गर्ने संस्थाको बारेमा त्यस्ता संस्थाको माग अनुसारको श्रमशक्तिको यथार्थ विवरण लिने र त्यस्ता युवाहरूलाई विदेशमा प्राविधिक सिप तथा आयआर्जन गरेर सिप आर्जनसहित निश्चित अवधिमा फर्कने गरी पठाउने गरी व्यवस्था मिलाउनु पर्छ ।

२. विदेश गएका युवाले आर्जन गरेको सिप प्रयोग गर्नका लागि उनीहरूले निश्चित अवधिमा आर्जन गरेको आम्दानी समेत सरकारले व्यवस्थित गरेको आयमूलक क्षेत्रमा लगानी गर्ने व्यवस्था कृषि विकास बैंकलाई नै जिम्मेवार बनाउनु पर्छ । यसरी लगानी गर्ने युवालाई सरकारले उनीहरूले लगानी गरे बराबरको रकम आवश्यकता अनुसार पाँच वर्षसम्मका लागि निर्ब्याजी रूपमा कर्जा उपलब्ध गराउनु पर्छ । तत्पश्चात् त्यसरी विदेशमा सिप तथा आय आर्जन गर्ने युवा प्रोत्साहित गर्ने सरकारी व्यवस्थाबाट उनीहरू उत्पादन कार्यक्रममा संलग्न हुन प्रोत्साहित हुने भएकोले यस्तो कार्यक्रमबाट युवा विदेश पलायनको समस्याबाट देश मुक्त हुनसक्छ ।

३. विदेशबाट फर्केका युवाहरूले उत्पादन गरेको सामान बिक्रीका लागि बजार व्यवास्था गर्न आवश्यक पर्ने पुँजी तथा स्थानको व्यवस्था मिलाउने काम सरकारले गर्नुपर्छ ।

४. उत्पादित वस्तुलाई विदेशी बजारमा बिक्री गर्ने व्यवस्थाका लागि सरकारले विशेष रूपमा पहल गर्ने । वैदेशिक रोजगारीबाट फर्केका युवाले सुरू गरेको कुनै पनि नमुना फर्ममा आवश्यक पर्ने प्राविधिक सेवा निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था सरकारले मिलाउनु पर्छ ।

## १३. वर्तमान सरकारको दायित्व

लामो अन्तरालको उतार चढाव पछि देशमा अहिले ठूलो परिवर्तन आएको छ । यसबाट हामीलमाई बोल्न, लेख्न, संगठित हुन, आवतजावत गर्न र आफू पेसामा संलग्न हुने स्वतन्त्रता मिलेको छ । यो राजनीतिक स्वतन्त्रता मात्र प्राप्त गर्न पनि युगौंदेखि संघर्षरत हाम्रा पूर्वजहरू, यसैगरी निरंकुश शासन व्यवस्थाको विरूद्ध संघर्षमा पछिल्लो चरणमा जनयुद्धमा होमिएका र मधेस आन्दोलनमा बलिदान दिने सहिदहरूको सम्मान व्यक्त गर्नु हाम्रो कर्तव्य बनिरहेको छ । राजनीति र अर्थ संयुक्त रूपमा परिचालित नभएसम्म देशको विकास गर्न सकिँदैन । वैज्ञानिक समाजवादका प्रणेता कार्ल मार्क्सले तल्लो वर्गका जनतालाई उत्पादनमा सहभागी बनाउन वर्ग विश्लेषणका आधारहरू तयार गरेर विश्व समुदायकै लागि मार्ग दर्शन गरेका छन् । यसै पृष्ठभूमिमा हामीले फरक तर प्रगतिशील शोच र सिद्धान्तका अनुयायी भएको कारण विशिष्ट भूमिकामा रहेका छौं । यसर्थ अब व्यक्तिगत स्वार्थ र पार्टीगत सुविधालाई पन्छाएर देश र जनताका लागि रात दिन क्रियाशील हुनुपर्ने बेला यो हो भन्ने कुरामा गम्भीर हुन जरूरी भइसकेको छ ।

जनता तथा देशको हित र संरक्षणमा लड्दै गर्दा हामी अहिले हामी जनमुखी शक्ति सशक्तको सक्रियतामा सरकार सञ्चालनको अवस्थामा पुग्न खोजिरहेको छ ।

यतिखेर देशको समग्र अवस्थाको जिम्मेवारी वर्तमान परिवर्तित सन्दर्भमा स्थापित शक्तिमै आइरहेको पनि छ । यो जिम्मेवारी बहन गर्न सरकारको तर्फबाट विशेष कार्यक्रम सञ्चालन गरेर छिटोभन्दा छिटो यो देशको विकास गर्ने र जनताका समस्या समाधान गरेर सबैलाई देश निर्माणमा क्रियाशील राख्ने वातावरण तयार गर्नु र सबैलाई उत्साहित बनाएर उत्पादन कार्यमा सम्पूर्ण ताकतसहित समर्पित गराउनु बाहेकको अर्को उपाय देखिएको छैन । यसर्थ संक्षिप्तमा निम्न अनुसारको कार्यक्रम घोषणा गरेर देशलाई छोटै समयमा समृद्धिको बाटोमा अगाडि बढाउन सक्रिय रहनु जरूरी भइसकेको छ :

१. नमुना गाउँ विकास कार्यक्रम

२. ग्रामीण उद्यमशीलता विकास कार्यक्रम

३. तराई मधेस सामाजिक सुरक्षा तथा विकास कार्यक्रम

४. पुनर्निर्माण तथा पूर्वाधार विकास बैंक स्थापना तथा वित्तीय सुधार कार्यक्रम

विशेषतः यी माथिकै कार्यक्रमको सेरोफेरोमा अन्य कार्यक्रम तयार गर्न सकिन्छ । किनभने हामीलाई अब फुर्सदको समय कतिपनि बाँकी छैन । छोटो समयमा जनताका लागि समर्पित भएर क्रियाशील रहने क्रममा विस्तृत रूपमा निम्न अनुसारको आर्थिक तथा सामाजिक कार्यक्रम सञ्चालनमा सबै दल, वर्ग, पेसा, क्षेत्रका नेता तथा जनता समेतलको साथ रहने गरी कार्यक्रम लागु गर्नुपर्छ :

१. **नमुना गाउँ विकास कार्यक्रम** : यो कार्यक्रमको विस्तृत रूपरेखा माथि नै उल्लेख भएको छ ।

२. **उद्यमशीलता विकास कार्यक्रम** : यो कार्यक्रम सिप विकाससँग सम्बन्धित छ । प्रत्येक गाउँ अथवा सहरका सक्षम नागरिकलाई उद्यमशीलताको विकास गरी उत्पादन क्षेत्रमा लगाएर सधै सक्षम राख्नुपर्छ । यसका लागि शैक्षिक संस्थालाई संलग्न गराएर प्रत्येक गाउँ र सहरमा समेत उत्पादनशीलताका लागि सिप विकास केन्द्रको स्थापना गर्नुपर्ने हुन्छ । यस्ता संस्थाहरूलाई कृषि विकासका तालिम केन्द्रअन्तर्गत सञ्चालनमा ल्याउने व्यवस्था गर्नुपर्छ ।

३. **तराई मधेस सामाजिक सुरक्षा तथा विकास कार्यक्रम:** यो कार्यक्रम सञ्चालनका लागि स्थानीय विकास मन्त्रालयको संयोजकत्वमा विकास कार्यक्रमसँग सम्बद्ध मन्त्रालय समेतको संयोजन समिति बन्ने र तिनै मन्त्रालय अन्तर्गतका कार्यालयहरूलाई तराई मधेस क्षेत्रका स्थानीयस्तरमा कार्यक्रम संचलन एवम् कार्यान्वयन समिति बनाएर प्रत्येक बस्ती र घर घरमा उत्पादन क्षेत्र विकासको लागि तालिम, पुँजी, प्रविधि लगायतका आवश्यकता पूर्ति गरी सबै मधेसी महिला, पुरूष, जातजाति, वर्ग र पेसाका जनतालाई एकसाथ सक्रिय बनाई आय आर्जन तथा समाज विकास कार्यक्रममा संलग्न गराउन कृषि विकास बैंकको सक्रियता आवश्यक छ । यो बैंकलाई सक्रिय राखेर कार्यक्रम सञ्चालन गर्न सके तराई क्षेत्र एशियाकै अन्न भण्डारको रूपमा विकास गर्दै त्यस्तो कार्यक्रम प्रभावकारी बनाउन सकिन्छ ।

४. **पुनर्निर्माण तथा आवास व्यवस्थापन** : भूकम्प तथा बाढीपहिरोबाट पीडितको पुस्थापना अत्यन्त ढिलो गतिमा चलिरहेको थियो । यसका लागि प्रदान गरिएको रू.२ लाख अत्यन्त न्यून भएकोले यसमा रू.३ लाख गरी प्रत्येक पीडित परिवारलाई यथाशिघ्र उपलब्ध गराउने भन्ने व्यवस्था चर्चामा थियो । यसरी रकम उपलब्ध गराउनका लागि पुनर्निर्माण तथा पूर्वाधार विकास बैंक स्थापना नभएसम्मका लागि कृषि विकास बैंक तथा राष्ट्रिय वाणिज्य बैंकमार्फत पाउने गरी प्रक्रिया तयार गरी सो रकम पीडितलाई उपलब्ध गराउने व्यवस्था मिलाएको भए प्रभावकारी हुने थियो । यद्यपि तत्कालीन अवस्थामा यस्तो हुन सकेको पाइएन । यसर्थ अब यस प्रकारको समस्या समाधान गर्न निम्न व्यवस्था हुनु जरूरी देखिएको छ :

५. **नेपाल पुनर्निर्माण तथा पूर्वाधार विकास बैंक** : पुनर्निर्माणका लागि नेपाल पुनर्निर्माण तथा पूर्वाधार विकास बैंक स्थापना गरी सञ्चालनमा ल्याउने र सबै पुनर्निर्माण सम्बन्धी कार्यक्रमको सहयोग सम्बन्धी सबै सरकारी अनुदानहरू यसै बैंकमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्छ । यसरी कार्यक्रम सञ्चालन गर्दा रकमको सदुपयोगिता बैंकले हेर्ने र नीतिगत कर्यक्रम सम्बन्धित मन्त्रालयअन्तर्गत नै सञ्चालनमा ल्याउन सकिने हुँदा रकम दुरूपयोग हुनबाट बचावट गर्न सकिन्छ । यसरी सञ्चालन हुने बैंक भइसकेपछि अहिले बजेटमा स्थापना गर्न खोजिएको पूर्वाधार बैंकको आवश्यकता पर्दैन र पूर्वाधारको काम पनि यसैले गर्छ । पुनर्निर्माण प्राधिकरणको समेत यस अवस्थामा आवश्यकता रहँदैन । यसरी अनावश्यक संस्था स्थापना गरेर प्रसाशनिक बोझ लिनु राम्रो हुँदैन । फेरि यो पूर्ण सरकारीस्तरको बैंक भएकोले सरकारले कृषि, घरेलु उद्योग, जडिबुटीको विकास,

फलफूल, विद्युत, पर्यटन, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य, सुरक्षा लगायतमा गर्ने लगानी अनुदान तथा परिचालित रकम (Revolving Fund) कृषि विकास बैंकको समन्वयमा यसै बैंकमार्फत प्रदान गरेर वैदेशिक सहायता तथा ऋणको समेत सदुपयोग गर्न सकिने भएकोले यसै अनुरूपको व्यवस्था गर्दा दीर्घकालीन आपत्ती आइपर्दा समेत पुननिर्माणको कार्यक्रम तत्काल सञ्चालन गर्न सकिन्छ । यसको साथै पूर्वाधार विकासको कार्यसमेत यसै बैंकअन्तर्गत गर्दा दिगो विकासका लागि दर्बिलो आधार तयार हुन सक्छ ।

**६ अन्य महत्त्वपूर्ण कार्यक्रम**

क. छाडा गाई बहर एवम् पशु व्यवस्थापन : अहिले राजधानीका सडकमा गाईपालक किसानले गाईको बाच्छा बहर दुध छुटाएर त्यतिकै वेवारिस छाडिदिने चलन भइरहेको छ । यसैगरी दुध नदिने बुढागाईहरू पनि अलपत्र छोडिएको अवस्थामा पाइन्छन् । यसरी छोडिने गाई तथा बाच्छाहरूका लागि एउटा गौसाला सञ्चालन गरी त्यसमा राख्ने व्यवस्था गर्ने र गाईपालक जस्ले यस्ता वाच्छा र गाई छोडेको हो त्यस्ता व्यवसायीबाट मासिक शुल्क लिने र सरकारीस्तरबाट समेत खर्च व्यवस्था गरी त्यस्ता गाई तथा बाच्छाहरूलाई गौशालामा रहने व्यवस्था भएमा सडकमा जताततै छाडा वस्तुहरूवााट उत्पन्न समस्याको समाधान गर्न सहज हुने छ । यसको साथै गौशालामा रहेका वस्तुहरूावट गोवरग्यास तथा कम्पोष्टमल उत्पादन गरी बिक्री गर्ने गरिएमा व्यावसायिक कृषकले कम्पोष्ट मल प्राप्त गर्ने र नजिक क्षेत्रमा ग्यास उत्पादन गरी त्यस्तो ग्यााँस उपलब्ध गराउँदा त्यसबाट समेत आम्दानी गर्न सकिने गरी छाडा पशुशाला सञ्चालन व्यवस्था मिलाउने सकिने हुन्छ जस्का लागि विगतमा कृषि विकास बैंकले सञ्चालन गरेको गोबर ग्यााँस कम्पनीलाई सक्रिय बनाई सरकारी समन्वयमा व्यावसायिक रूपमा ग्यााँस उत्पादन गर्ने कार्यक्रम शुचारू गर्नुपर्छ ।

ख. सडक तथा मन्दिर परिसरका माग्ने व्यवस्थापनः सडक किनारमा सधैं जसो माग्नेको भीड लागिरहेको पाइन्छ । यो अवस्थाले हामीलाई विदेशी सामु लाजमर्दो बनाएको पनि छ । यसर्थ यो समस्याको रूपमा खडाग भइरहेको हुँदा यसको व्यवस्थापनका लागि ती माग्ने कहाबाट आएका हुन् पत्ता लगाई सोही ठाउमा पठाउने र नपठाउञ्जेल एउटा आश्रममा राखी पालन पोषणको व्यवस्था सरकारबाटै मिलाउने व्यवस्था जरूरी भएको छ । यसर्थ सरकारले सडकमा कुनै एक जना पनि माग्ने बस्न नदिने गरी यसलाई व्यवस्थित गर्न कार्यक्रम तयार गर्नुपर्छ । साथै हिजो आज अन्ध अपाङ्गको संगितमय कार्यक्रम सडक पेटीमा भएको पाइन्छ । यस्ता समूहलाई समेत उचित पारिश्रमिकको व्यवस्था गरी विशेष क्षेत्रमा मात्र सास्कृतिक प्रस्तुति दिने व्यवस्था मिलाउनु जरूरी देखिन्छ । यस्तो सहुलियत प्रदान गर्न समेत कृषि विकास बैंकलाई नै सरकारले माध्यम बनाउन सक्छ ।

ग. कृषि अनुसन्धान केन्द्र एवम् औद्योगिक क्षेत्र तथा निजीकरण भएका उद्योग र संस्थाको जमीन व्यवस्थापन गरेर रोजगारी मूलक क्षेत्रमा प्रयोगमा ल्याउने । किनभने सरकारी जमीन राम्रो यवस्थापनर सदुपयोग हुन सकेको छैन । औद्योगिक क्षेत्रमा छुट्ट्याइएको जमीन अलपत्र अवस्थामा छ । कृषि अनुन्धान केन्द्र तथा अन्य औद्योगिक संस्था लगायतको जमीन खोजी गरी युवा उद्यमीलाई उपलब्ध गराएर उत्पादन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन सके देशको आर्थिक अवस्थामा टेवा पुग्न सक्छ । यसर्थ कृषि विकास बैंक जस्तो कृषि क्षेत्रको जिम्मेवार वित्तीय संस्थालाई नै सक्रिय बनाइ यस्ता जमीनको उत्पादन क्षेत्रमा सदुपयोग गर्नका लागि सरकारले कार्यक्रम तयार गरी लागु गर्नुपर्छ ।

घ. निजीकरण गरिएका संस्थाको सम्पत्तिको खोजी गरी त्यस्तो सम्पत्तिलाई रोजगारीमुलक क्षेत्रमा लगाउनेः विगत २०४७ सालदेखि नै निजीकरण, खुला बजार अर्थ व्यवस्था, भौगर्भिकरणको नाममा ३० भन्दा बढी संस्थाहरू समाप्ति नै गरियो । बाँकी संस्थाहरू पनि निजी र सरकारी के हुन् भन्ने कुरा यकिन नभएर अन्योलको अवस्थामा परेका छन् । यसरी अधमरो तरिकाले संस्थानहरू सञ्चालन भैरहँदा राज्यले चाहे अनुसारको योगदान संस्थाबाट पाएको छैन । यसरी विगतमा कौडीको मोलमा वेचिएका संस्थाको सम्पत्ति जग्गा जमीन कस्तो अवस्थामा छ भन्ने कुरा पत्ता लगाउन एक छानबिन समिति नै गठन गर्नुपर्ने अवस्था छ । यसर्थ स्वच्छ तथा प्रभावकारी सुसाशनका लागि विगतमा भए गरेका काम र त्यसबाट राम्रो काम भएको भए सम्मान र आफ्नो पदको दुरूपयोग

गरी संस्थानको सम्पत्ति हिना मिना भएको रहेछ भने त्यस्तालाई कारबाही गर्ने गरी संस्थानको सम्पत्ति छानबिन गर्न उक्त समिति क्रियाशील रहने छ । यो समितिले छानबिन गरी उपलब्ध गराएको विवरणका आधारमा त्यसरी उपयोगमा आउन नसकेका सम्पत्ति रोजगारीमूलक क्षेत्रमा प्रयोगमा ल्याउन विशेष कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ । सम्पत्ति दुरूपयोग भएको अवस्थामा दुरूपयोग गर्नेलाई कडाइका साथ कारबाही गरी त्यसरी हिना मिना गरेको रकम असुलउपर गरी औद्योगिक क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाउने । यसको साथै निजीकरणको नाममा बेचिएका र बन्द भएका संस्थाहरू पुनर्स्थापना गर्नुपर्छ । यसरी पुनः स्थापना गर्दा भृकुटी कागज कारखाना, हेटौंडा कपडा उद्योग, कृषि औजार कारखाना, गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, चिनी कारखाना, जनकपुर चुरोट, बाँसबारी छाला जुत्ता, ट्रलीबस लगायतका उद्योगहरूको पुनस्थापना गरी रोजगारीको अवसर सिर्जना गर्नुपर्छ ।

### १४. कृषि विकास बैंकले सञ्चालन गरिरहेका र पूर्व संचालित आकर्षक कार्यक्रमहरूमा प्रभावकारिता ल्याउने

कृषि विकास बैंक जनताको घर आँगनको बैंक भनेर सर्वपरिचित नै छ । यसरी अकर्षणयुक्त यो बैंकले निम्न अनुसार विगतमा विविध कार्यक्रम सञ्चालन गरेर विशेष चर्चा पाउने गरेको थियो । जुन कुरा अरू बैंकहरूले सञ्चालन गर्न सकेको पाइएको छैन । यसरी चर्चित कार्यक्रममा निम्न अनुसार जानकारी लिन सकिन्छ :

क. गोबर ग्यास कम्पनी लिमिटेड : यस बैंकअन्तर्गत सरकारी अनुदानमा आवध्द गरी गोवर ग्यासमा लगानी गर्ने गरेको र यो कार्यक्रम प्रभावकारी पनि थियो । यद्यपि यो कार्यक्रम पछिल्लो व्यवस्थापनले सञ्चालन गर्नमात्र नभएर त्यस कम्पनीमा कार्यरत ३०० भन्दा बढी कर्मचारीको तलब दिन समेत बुटवलको अकर्षक स्थानमा रहेको जग्गा बिक्री गर्ने बाध्यता आई पऱ्यो । यसरी दुःखद अवशान भएको यो संस्था सायद रत्नपार्कको कृषि विकास बैंक कार्यलयको एक कोठामा सीमित हुन पुगेको हुनुपर्छ । ग्रामीण क्षेत्रको उर्जाको आपूर्तिमा योगदान गरिरहेको यो कम्पनीको आवश्यकता आजको पनि त्यतिकै महत्त्वपूर्ण रहेको छ । यसर्थ अहिलेको व्यवस्थापनले यो कार्यक्रमलाई निरन्तरता दिनसके यो बैंकको गरिमा अझ उँचो हुने र बैंकको योगदान ग्रामीण उर्जा एवम् पर्यावरण संरक्षणमा समेत भागिन सक्ने अवस्था छ ।

ख. उपयुक्त प्रविधि एकाइ सञ्चालन : यो कार्यक्रम श्री कृष्ण उपाध्याय अध्यक्ष तथा महप्रबन्धक रहँदासम्म सञ्चालनमा थियो । यसअन्तर्गत बैंकले परम्परागत घट्टका लागि लगानी गर्दा पेल्ट्रिक टर्बाइन जडान गरी यो कार्यक्रम सञ्चालन गर्दा ग्रामीण क्षेत्रको विद्युतीकरणमा समेत दर्बिलो सहयोग पुगेको थियो । यो कार्यक्रमका लागि विज्ञ र कृषि व्यवसायका लागि विशेषज्ञ इञ्जिनियर र कृषि व्यावसायीकरणका लागि कृषि विशेषज्ञ समेतलाई रोजगारीको व्यवस्था बैंकले नै गरिएको थियो । अहिले यो क्रम भंग भएको अवस्था छ । यसमा पनिकेही नयाँ सोच बनाउने हो की ? साथै अहिले जलविद्युतममा लगानी गर्नका लागि इञ्जिनियरको खाँचो महसुस भएको सम्बन्धमा पनि नयाँ व्यवस्थापनले त्यस्ता विशेषज्ञको चयन गर्ने व्यवस्था गर्ने हो कि ?

ग. कोष व्यवस्थापन कम्पनी : कार्यरत र अवकाश प्राप्त कर्मचारीको दीर्घकालीन आय आर्जनको आधार बनोस भनेर स्थापना भएको यो कम्पनीमा कर्मचारीहरूकै अधिकतम शेयरको साथै बैंकको सहयोग समेत रहेको छ । यसलाई प्रभावकारी बनाएर बैंकले कृषक विमा सम्बन्धी ल्याएको पशु संरक्षण तथा बाली संरक्षण कार्यक्रमको साथ बैंकले लगानी गर्ने कर्जा सुरक्षणलाई समेत यसै संस्थाअन्तर्गत सञ्चालन गर्ने गरी बिमासम्बन्धी कार्यक्रम समेत यसै संस्थाको जिम्मा दिंदा कार्यक्रम प्रभावकारी बन्न पुग्छ । यसरी कार्यक्रम सञ्चालन गर्न सके सरकारले बाली संरक्षणका लागि दिएको अनुदान एवम् कृषको प्रिमियम रकमले बिमा कम्पनी धनी हुने तर कृषले क्षतिपूर्ति नपाउने समस्याबाट मुक्त हुन सकिन्छ ।

घ. अवकाश कोष व्यवस्थापन कार्यक्रम : यो कार्यक्रम कर्मचारी वर्गको लागि अति प्रभावकारी कार्यक्रम साबित हुन पुगेको छ । यो कार्यक्रम प्रभावकारी बनाउने क्रममा यो लेखक स्वयम्ले ठूलो मेहनत श्रम र समय खर्च गर्नुपरेको थियो । राजस्व कार्यालयबाट कार्यविधि संशोधन गरी स्वीकृति लिन तत्कालीन अवस्थामा हम्मे हम्मे परेको थियो । यो कार्यक्रमको बारेमा नबुझेर बैंकका उच्चस्तरमा रहेका कर्मचारी समेत राजस्वमा गएर कार्यक्रममा अवरोध गरेको पीडा समेत बेहोर्नुपरेको थियो । यद्यपि यो

कार्यक्रम राजस्व कार्यालयका प्रमुख रहनुभएका स्व. शान्तबहादुर श्रेष्ठ तथा त्यहाँ कार्यरत कानुन अधिकृत कृष्णजीवि घिमिरेको सहयोगमा स्वीकृति प्राप्त गर्ने सफलता मिलेको हो । यसका लागि प्रयास गरेदेखि तीन महिनासम्म बेचैन क्रियाशील रहँदा कार्यक्रम सञ्चालन गर्ने सफलता मिलेकोमा म स्वयम् खुसी छु । कृषि विकास बैंकमा मात्र व्यवस्थित हुन सकेको यो कार्यक्रमलाई सरकारले समेत कृषि विमा तथा वृद्ध अशक्त सुरक्षणको कार्यक्रम बनाई देशभर लागू गर्न सके वास्तवमा सरकारले जनताको सुरक्षणका लागि सञ्चालन गर्न खोजेको कार्यक्रमले सार्थकता पाउने थियो । किनभने यस प्रकारको कार्यक्रम कुनै संस्थामा भएको पाइएको छैन ।

वास्तवमा यस कार्यक्रमबाट कर्मचारीले आवश्यक कर्जा पाउने यसबाट बालबच्चाको उच्च शिक्षा हासिल गर्न सघाउ पुगेको र कर्मचारी घरजग्गा जोड्ने र सवारी साधनको उपयोग गर्न समेत सहज भएको सुन्नु पर्दा आफूलाई सन्तुष्टीको प्रचुर अनुभूति हुन्छ । यद्यपि अवकाश प्राप्त कर्मचारीका लागि कुनै लाभ दिन सकिएन । यसका लागि पनि केही मुनाफा कोषबाट छुट्याउने र बैंकको नाफाको समेत केही योगदानबाट सबैंको खाता खोली दिने र खातामा रहेको बराबरको दोब्बर रकम अवकाश प्राप्त कर्मचारी समेतबाट जम्मा भएमा बैंकमा पनि पुँजीको समस्याबाट केही हदमा राहत मिल्नुका साथै यसरी जम्मा भएको रकम परिचालनबाट आयको आर्जन अवकाश प्राप्त कर्मचारीलाई उपलब्ध गराउने कार्यक्र तयार गर्दा गर्दै मैले काम गर्ने समय नै नपाएकोले यो कार्यक्र सञ्चालन गर्न सकिएन । जस्को कारण अवकाश प्राप्त कर्मचारीको मप्रतिको गुनासो रही नै रहेको छ । यद्यपि यो कार्यक्रम किसान पेन्सन कार्यक्रम र सर्वसाधारणको अवकाश सुविधा समेत जोड्न सके देशभर यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ । तर यसका लागि सरकारले नयाँ सोच अनुसार कार्यक्रम बनाएर लागु गर्नु जरूरी भइसकेको छ । यसका लागि समन्वय गर्ने काम कृषि विकास बैंकले नै गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

१५. Agriculture Credit Journal को पुनः प्रकाशन कृषि विकास बैंकले गर्नुपर्छ । किनभने यो जर्नल प्रकाशनबाट कृषि विकास बैंकले राम्रो ख्याती आर्जन गरेको थियो । यसलाई समेत मध्यनजरमा लिएर यो प्रकाशनलाई ब्युँताउन कृषि विकास बैंक लि. को सक्रियता रहनु जरूरी भएको छ ।

१६. केन्द्रीय तालिम प्रतिष्ठान र देशका सातै क्षेत्रमा स्थापित बैंकका तालिम केन्द्रमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने । कृषि विकास बैंक लि. पूर्वाधार सम्पन्न बैंक हो । यसका सबै क्षेत्रमा आफ्नै भवनहंरू छन् । तालिम केन्द्रबाहेकका भवनहरू कार्यालय सञ्चालनका लागि प्रयोगमा छन् भने तालिम केन्द्र पूर्ण रूपमा प्रयोगमा आएको छैन । यसर्थ केन्द्रीय तालिम प्रतिष्ठानलाई कुनै विश्वविद्यायलसँग सम्बन्धन लिएर बैंकिङ्ग व्यवस्थापन तथा सूचना प्रविधि सम्बन्धी विषयको कक्षा सञ्चालन गर्न सके नेपालमा संचालित सबै बैंकका कर्मचारी आफ्नो शैक्षिक स्तर वृद्धि गरी वृत्ति विकास गर्ने मौका पाउने थिए । यसैगरी क्षेत्रीयस्तरका तालिम केन्द्रमा समेत व्यावसायिक तालिमको साथै शैक्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएमा बैंक सञ्चालनका लागि र कृषि व्यवसायमा सक्रिय राख्न दक्ष प्राविधिक तयार गर्न सकिन्छ । यो कार्यक्रमका लागि इजरायली राजदूत महामहिम हनान गोडर सहयोग गर्न तयार पनि हुनुहुन्छ । यसर्थ इजरायलको MoShav सँगको समन्वयमा कार्यक्रम सञ्चालन गरेर सातै क्षेत्रमा विशेष केन्द्र स्थापना गरेर कृषि प्राविधिकको उत्पादन गर्ने इजरायली प्रविधिको सहयोग प्राप्त गर्न सकिने भएकोले यस प्रकारको कार्यक्रम सञ्चालनमा बैंक व्यवस्थापनमा सक्रियताको खाँचो देखिन्छ ।

## १७. अन्त्यमा

राष्ट्रलाई नमुनाको रूपमा प्रस्तुत गर्न प्रत्येक गाउँलाई सम्पन्न बनाउनु पर्छ । यो कार्यक्रममा बैंकको उत्सवको रूपमा मनाइएको ५६ औ वार्षिक दिवसले पक्कै पनि नेपालको आर्थिक विकास प्रक्रियामा अग्रणी भूमिका रहने आशा एवम् बैंकको कार्यक्रमको सफलताको शुभकामना छ । प्रत्येक गाउँलाई सम्पन्न बनाउन प्रत्येक घर परिवार सम्पन्न हुनैपर्छ । प्रत्येक घर परिवार सम्पन्न हुन व्यक्ति व्यक्तिको व्यक्तित्व विकासले जग हाल्नै पर्छ । यसर्थ यहाँको शैक्षिक जगत दर्बिलो र व्यावहारिक हुनुपर्छ । यसका लागि सबै विद्यालय वा विश्वविद्यालयले विद्यार्थीलाई व्यावहारिक ज्ञान दिनका लागि प्रत्येक हप्ता अविभावकको सहयोगमा कम्तीमा पनि कोठेबारी उत्पादन एवम् व्यवस्थापनको व्यावहारिक ज्ञान दिन जरूरी छ । यति मात्र नभएर बालबालिकालाई समेत कृषि विकास बैंकास बैंकको सहयोगमा बैंकिङ्ग एवम् साधारण व्यवसायको व्यावहारिक ज्ञान दिनु पर्छ । यसको साथै विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थीलाई १८

वर्ष पुगेपछि सैनिक तालिम दिने र शारीरिक तन्दुरूस्ती अनुशासनको अभ्यास गराएर चरित्रवान नागरिक तयार गर्ने प्रयत्न सरकारबाट हुनु जरूरी छ ।

यसै सन्दर्भमा इजरायली राजदूत महामहिम हनान गोडरले यो देशका ३५०० युवालाई ११ महिनाको सिक्ने र कमाउने मौका लिन इजरायल पठाएर ठूलो योगदान गरेका छन् । हालै मात्र रामपुर कृषि तथा वन अध्ययन विश्वविद्यालयबाट १०० जना विद्यार्थीले समेत यो अवसर पाएका छन् । यस्तै राजदूतको प्रयास प्रत्येक क्षेत्रमा विशेष तालिम कार्यक्रम सञ्चालन गरेर युवालाई सक्षम बनाउने रहेको छ । अब ती युवा फर्केपछि आफ्नो गाउँलाई नमुना बनाउन प्रोत्साहनसहित उनीहरूलाई पठाएमा केही हदसम्म यो मुलुकमा रोजगारीको समस्यामा कमी आउन सक्छ । जनशक्ति विकास कार्यक्रममा राजदूत हनान गोडरले गर्नुभएको प्रयास हाम्रा लागि वरदान सिद्ध भएको छ । यस कार्यक्रममा जाने युवाले झण्डै रू. १५०००० को वार्षिक आम्दानीसहित सिप समेत आर्जन गरेर फर्कने गर्दछन् । यसरी उनीहरूले आर्जन गरेको ज्ञान र सिपलगायत उनीहरूको आर्जनलाई सामूहिक लगानीमा लगाउने वातावरण सरकारले बनाउनु पर्छ । यस्तै राजदूत महामहिम हनान सुदूरपश्चिमको विश्वविद्यालय टिकापुरमा समेत यो कार्यक्रम सञ्चालनमा आतुर देखिनुभएको छ । उहाँकै सक्रियताबाट हामीले वि.सं. २०११ देखि नै मह एग्रिकल्चर, सलाम एग्रिकल्चरलगायत काठमाडौं उपत्यकाको परिधिमा भण्डै ३००० भन्दा बढी टनेल फार्मको सुरूवात गरेका थियौं । जस्को कारण वि.सं. २०१५ को नाकाबन्दीमा काठमाडौंमा तरकारीको अभाव भएन । यस अर्थमा पनि राजदूत हनानलाई हामीले धन्यवादसहितको सम्मान गर्नुपर्छ । यसैले अबको बैंक व्यवस्थापनले इजरायली राजदूत हनान गोडरसँग सहकार्यसहित कार्यक्रम सञ्चालन गर्नु लाभप्रद हुने गर्छ । यसबाट देश सम्वृद्ध हुने बाटो फराकिलो हुने छ । यसर्थ कृषि मन्त्रालयले यस सन्दर्भमा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउने आशा गरिएको छ । नमुना गाउँ साँच्चै नमुना क्षेत्रको एक विशिष्ट अनुभूति प्रदान गर्ने र चमत्कारिक प्रस्तुति दिने कार्यक्रम हो । यसर्थ अब सबैसँगै एकै साथ नमुना गाउँ तथा नमुना सहरको प्रस्तुतिमा आ-आफ्नो ठाउँ र गाउँ-गाउँमा क्रियाशील बनौ । यस कार्यक्रममा कृषि विकास बैंकको मूर्धन्य भूमिका रहन सकोस् ।

माथि उल्लेख भएका सबै कार्यक्रमहरूका लागि विस्तृत कार्ययोजना तयार गर्ने र केन्द्र, प्रदेश र गाउँ गाउँसम्म उद्यमशीलताको विकास गरी सबै क्षेत्रमा आय आर्जन तथा विकासका कामको थालनी गर्नुपर्छ । त्यस्तै वैदेशिक सम्बन्धका लागि गठित विज्ञ समूहलाई सक्रिय राखी नेपाल भारत सम्बन्ध सुदृढ गर्ने, चीनसँग सुमधुर सम्बन्ध राख्दै नेपाल-चीन-भारतको त्रिदेशीय सहकार्यबाट विश्वमा नमुना कार्यक्रम प्रस्तुत गरी विश्व शान्ति र समृद्धिका लागि विशेष क्रियाशील रहँदै वातावरणीय सन्तुलन र भविष्यको खाद्य समस्याको समाधानको निमित्त नेपाललाई त्रिदेशीय तथा एशियाको खाद्य भण्डार केन्द्र बनाउनेतर्फ क्रियाशील रहन सक्नुपर्छ भने अन्य देशहरूसँग सधैं निकट रहेर साझा अवधारणा अनुसार सहकार्य गर्ने आधार तयार गरी सबैसँग सम्बन्ध सुदृढ गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रकारको कार्यक्रम सञ्चालनका निमित्त लघुवित्त क्षेत्रमा अगुवाइ गर्दै कृषि विकास कार्यक्रममा प्रभावकारी भूमिका निर्वाह गरेको कृषि विकास बैंक नै सरकारको दर्बिलो सहयोगी हुन सक्छ भन्ने कुरामा सरकारले गम्भीर रूपमा लिनु आवश्यक छ । ■■

*लेखक कृषि विकास बैंक लि. का*
*पूर्व विभागीय प्रमुख हुनुहुन्छ ।*

### सन्दर्भ सामग्री

१. राष्ट्र बैंक वेबसाइड
२. कृषि विकास बैंक लि. का वेब प्रतिवेदनहरू
३. अवकाश कोष कार्यविधि
४. विभिन्न कृषि विकास तथा कार्यक्रम सम्बन्धी पत्रपत्रिका

# नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको महत्त्व र आवश्यकता–समस्या तथा सुझाव



गम्भीरबहादुर हाडा

## परिचय

पर्यटन शब्दको कुरा गर्दा फ्रेन्च शब्द Tourismeबाट उत्पत्ति भएको हो । यसको शाब्दिक अर्थ भने- 'The practice of touring or travelling for pleasure or recreation and the guidance or management of tourists as a business" भनी गरिएको छ । सामान्य अर्थमा भन्ने हो भने पर्यटन पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय हो । यो व्यावसायिक रूपमा सञ्चालन हुन्छ । पर्यटकहरूले आफ्नो आनन्द र मनोरन्जनका लागि पैसा खर्च गर्न तयार हुन्छन् । पर्यटन मुख्य रूपमा तीन आधारबाट तयार हुन्छ । (१) यातायात (२) स्थान विशेष (३) सर्व सुविधा । पर्यटन त्यस्तो विषयमा मात्र सम्बन्धित गरिएको छ जो घरबाट बाहिर स्वदेश वा विदेशमा छोटो अवधिका लागि यात्रा गर्दछ र उसले कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा अन्य भिन्न परिवेशको अनुभव बटुल्दछ ।

पर्यटन के हो भन्ने सम्बन्धमा सर्वप्रथम परिभाषा दिने काम सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री हरम्यानन वन स्कूलाडु (Hermann Von Schullard) ले गरे । उनले दिएको परिभाषा यस्तो छ- "The sum total of operations, mainly of economic nature, which directly related to the entry, stay and movement of foriegners inside and outside a certain country, city or region") पर्यटन भन्नाले "कुनै पनि निश्चित राष्ट्र, सहर वा क्षेत्रभित्र र बाहिर विदेशीहरूको बसोबास, आवात-जावत र प्रवेश आर्थिक प्रकृतिसँग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कार्यक्रम हो ।

पर्यटन प्राचीनकालदेखि नै मानवको लोकप्रिय विषयको रूपमा रहेको छ । मानिस सभ्यताको सुरूवातदेखि नै टाढाटाढासम्म यात्रा गर्दै आइरहेको छ । प्राचीन कालमा सबैभन्दा पहिले भ्रमणका लागि निक्लने यात्रीहरूमा फोनेसियनहरूको नाम लिन सकिन्छ । आधुनिक युगमा यिनीहरू नै प्रथम पर्यटकहरूको रूपमा थिए । कुकलगायत कयौ यात्रीहरूको प्रयासलाई मध्यनजर राख्दै अठारौं शताब्दीलाई यात्राको सुनौलो युग मानिएको छ । खासगरी सन् १९६३ देखि सन् १९९३ सम्मको ३० वर्षको अवधिमा यात्राको क्षेत्रमा भएको प्रगति उल्लेखनीय मानिन्छ । उन्नाइसौं शताब्दीको पहिलो ५० वर्षमा विश्वमा ठूलो वैज्ञानिक र प्राविधिक उन्नति भयो । बीसौं शताब्दीको प्रारम्भसँगै पर्यटनका सम्पूर्ण अबयवहरूमा आमूल परिवर्तनको स्थिति सृजना हुन्छ ।

पर्यटन भन्नाले घरभन्दा बाहिरी वातावरणमा गरिएका निर्धारित विशेष गतिविधिहरूलाई जनाउँदछ । त्यो घरभन्दा बाहिर गएर रात बिताएर वा नविताई पनि हुन सक्तछ । पर्यटन शब्दको कुरा गर्दा फ्रेन्च शब्द Tourismeबाट उत्पत्ति भएको हो । यसको शाब्दिक अर्थ भने-"The practice of touring or travelling for pleasure or recreation and the guidance or management of tourists as a business" भनी गरिएको छ । सामान्य अर्थमा भन्ने हो भने पर्यटन पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय हो । यो व्यावसायिक रूपमा सञ्चालन हुन्छ । पर्यटकहरूले आफ्नो आनन्द र मनोरन्जनका लागि पैसा खर्च गर्न तयार हुन्छन् । पर्यटन मुख्य रूपमा तीन आधारबाट तयार हुन्छ । (१) यातायात (२) स्थान विशेष (३) सर्व सुविधा । पर्यटन त्यस्तो विषयमा मात्र सम्बन्धित गरिएको छ जो घरबाट बाहिर स्वदेश वा विदेशमा छोटो अवधिका लागि यात्रा गर्दछ र उसले कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा अन्य भिन्न परिवेशको अनुभव बटुल्दछ ।

Brussels विश्वविद्यालयका प्राध्यापक एडमण्ड पिकार्ड (Edmond Picard) को परिभाषा यस्तो छः ("The function of tourism is to import currency from foreign resources into the country. Its impact is what tourist expenditures can do to the different sectors of the economy and is particular the hotel keepers.") "पर्यटनको मुख्य काम नै राष्ट्रका लागि विदेशी मुद्रा आर्जन गर्नु हो । यसको प्रभाव विदेशी पर्यटकको खर्च जुन विभिन्न आर्थिक क्षेत्रलगायत होटल-व्यवसायीहरू माथि रहन्छ ।" पर्यटनलाई घरेलु वातावरण बाहिर हुने छनौट गरिएका विशेष क्रियाकलापहरूद्वारा परिभाषित गरिन्छ । कुनै स्थानमा रात व्यतित गर्ने वा नगर्ने पर्यटकलाई पनि पर्यटनभित्र समेटिन्छ ।

कुनै पनि विदेशमा अथवा अर्को देशमा २४ घन्टा वा २४ घन्टाभन्दा बढी समय र सय दिनभन्दा कम अर्थात ९९ दिनसम्म भ्रमण गर्दछ भने त्यसलाई पर्यटकको रूपमा लिइन्छ र कुनै व्यक्तिले ९९ दिनभन्दा बढी समयसम्म अर्को

देशमा अटुट भ्रमण गर्दछ भने त्यस्तो व्यक्तिलाई पर्यटकको रूपमा गणना नगरी घुमक्कड (Excurtionists) मा गणना गरिन्छ । (स्रोतः दिनकाजी शाक्य, नेपालमा पर्यटन उद्योग, दोस्रो संस्करण २०५१ साल, पेज नं. ६) । यस्तो व्यक्तिहरू

Excurtionists जस्तै लामो समयसम्म अध्ययनका लागि आउने, नाता कुटुम्ब कहाँ आई बस्ने, विभिन्न प्रशिक्षण तथा अनुसन्धानको रूपमा आउने र स्थायी बसोवास गर्नका लागि आउने आदिलाई जनाउँदछ । यसरी नै धेरै अवधिसम्मका लागि आउने विदेशीहरूमा विदेशी राजदूतावास, कन्सुलेट आदि कर्मचारीहरू, अन्तर्राष्ट्रिय संघ संस्थानको लागि आउने विशेषज्ञहरू तथा कर्मचारीहरू, सामाजिक सुधार संघ संस्थानमा आई काम गर्ने कर्मचारीहरू आदि हुन्छन् । तर पर्यटक जसले ९९ दिनभन्दा कम समयसम्म एकै देशमा भ्रमण गर्दछ । ९९ दिन पुग्नु अवधिभित्र अर्को देशमा केही दिन भ्रमण गरी फेरि त्यही देशमा फर्केर भ्रमण गर्दछ भने त्यस्ता विदेशीलाई पर्यटकको रूपमा लिइन्छ । पर्यटन त्यस्तो विषयमा मात्र सम्बन्धित गरिएको छ जो घरबाट बाहिर स्वदेश वा विदेशमा छोटो अवधिका लागि यात्रा गर्दछ र उसले कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा अन्य भिन्न परिवेशको अनुभव बटुल्दछ ।

### समग्रमा पर्यटकलाई दुई भागमा विभाजन गर्न सकिन्छः

(क) देशीय पर्यटक (domestic tourist) जसले आफ्नै देशको सीमाभित्र भ्रमण गर्दछ । जसका लागि आफ्नै देशको पैसा प्रयोग गर्दछ र यसले धर्म, भाषा, संस्कृति एवम् अन्य विषयमा प्रायः फरक पनको महसुस गर्दैन ।

(ख) अन्तर्राष्ट्रिय पर्यटक (international tourist) भन्नाले कुनै विदेशी २४ घन्टाभन्दा बढी विदेशमा बस्ने गर्दछ तर जसले स्थायी बसोवास वा कमाउने उद्देश्य राख्दैन र उसले भ्रमण अघि भ्रमण स्थल, प्रज्ञापन पत्र (visa) विदेशी मुद्रा (foreign currency), भाषा (language), संस्कृति (culture) आदिका बारेमा चासो एवम् तयारी गर्नुपर्ने हुन्छ । (स्रोतः उद्धव पुरी, पर्यटन र यात्रा, तलेजु प्रकाशन, प्रथम संस्करण २०५७, पेज नं. २२) ।

### पर्यटन उद्योगको विकास

ऐतिहासिक प्रमाणहरूको अभावमा प्राचीन यात्राको वास्तवविकतालाई प्रमाणित रूपमा सविस्तार गर्न सकिदैन । तर पनि यात्राको सम्बन्धमा ४ हजार बी.सी (४००० B.C.) तिर वा मुद्राको आविष्कार भएपछि यात्रा विकासका अध्यायहरू उल्लेखनीय रूपमा अगाडि बढेको पाउन सकिन्छ । विशेष गरी प्राचीन बेबीलोनिया (Ancient Babylonia) वा इजिष्ट (Egypt) को चार हजार वर्ष पहिलेको शासक राजा शुल्गी (King Shulgi) ले यस क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । त्यस समयमा यात्रुहरूका लागि इजिप्टमा चौडा बाटो, बगैचा र आरामगृहहरू बनेको कुरा बाइबलमा समेत व्याख्या भएको पाइन्छ । प्राचीन ग्रीस यस विषयमा अग्रणी स्थान राख्दछ । विशेष गरी ग्रीकहरूले व्यापारिक उद्देश्यले स-साना डुङ्गाका सहायताले नजिक दूरीसम्मको यात्रा थाले । हमरस् ओड्से (Homer's odyssey) को संग्रह अनुसार पाँचौ शताब्दीतिर ठूला पानीजहाज बने । फोनिसियनहरू (Phoenicians) नै पहिलो यात्रु कहलिए, जसले व्यापारका लागि एक ठाउँबाट अर्को ठाउँको खोजी गरे । उनीहरूको उद्देश्य व्यापार बढाउनु थियो । फोनिसिया, इजिप्ट, ग्रीस लगायतका केही देशहरू बाहिरी संसारसँग परिचित भए । थेल्स, पेथाग्रोस र प्लेटो (Thales, Pythagoras, Plato) जस्ता केही दार्शनिकहरूले इजिप्टको भ्रमण गरे । भारत र चीनमा पनि मानिसहरू आइपुगे । (स्रोतः उद्धव पुरी, पर्यटन र विकास (Tourism and Development), तलेजु प्रकाशन, काठमाडौं, प्रथम संस्करण २०५६, पेज नं. २) ।

विश्वमा रोमवासीहरूले यात्रालाई अझ फराकिलो पारे । पाँचौ शताब्दीका रोम सम्राटको पतन क्रमसँगै यात्रामा कमी आएको भेटिन्छ । मध्यकालका चर्चित यात्रुहरूमा बेन्जामिन अफ ट्युडेला, मार्कोपोलो र इवन बाटूटा आदिको नाम उल्लेखनीय रहेको पाइन्छ । चौधौ शताब्दीपछि पुनर्जागरण कालमा यूरोपमा नितान्त नौलो वातावरण सुरू भयो । मानिसहरूको सोचाईमा व्यापक परिवर्तन आयो । यात्रामा क्रान्तिकारण परिवर्तन उन्नाइसौं शताब्दीको सुरूतिरबाट भयो । उन्नाइसौ शताब्दीका लागि रेल र पानीजहाज त्यसपछि हवाईजहाज प्रमुख यात्रुबाहक साधनको रूपमा रहे पनि २० औं शताब्दीमा आइपुग्दा मोटरकार यात्राटनका लागि अत्यावश्यक साधनको रूपमा अगाडि आएको देखिन्छ ।

यात्रालाई सुगम बनाउने काम आफैं चल्ने मोटरगाडीहरूले गरे । १९ औं शताब्दीमा रेल र पानीजहाजले प्रमुख स्थान लिए पनि त्यसपछि वा २० औं शताब्दीको सुरूदेखि नै मानिसहरूको यात्राको प्रमुख साधन मोटरगाडीहरू बन्न पुगे । पर्यटनको क्षेत्रलाई यसरी विभाजन गर्न सकिन्छ- १) भौगोलिक क्षेत्र २) प्राकृतिक क्षेत्र ३) आर्थिक क्षेत्र ४) सामाजिक क्षेत्र ५) साँस्कृतिक क्षेत्र ६) औद्योगिक क्षेत्र ७) अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्र ८) विषयगत क्षेत्र

विश्वमा दिन पर दिन पर्यटन उद्योगको वृद्धि हुनु तथा विश्वमा कुन किसिमबाट पर्यटकहरू एक देशबाट अर्को देशमा वा आन्तरिक आवत जावतमा जुन लहर होड आयो यसले गर्दा विश्वमा पर्यटन संगठनको स्थापना गर्न जरूरी भएको महसुस गरेर अन्तर्राष्ट्रिय जगतमा सन् १९२५ मा I.U.O.T.O. (International Union of Official Organisation) को स्थापना भयो । संयुक्त राष्ट्र संघको स्थापना भएपछि सन् १९६३ मा यस संघ आई.यु.ओ.टि.ओ. लाई विश्वमा पर्यटन विकासका लागि महत्त्वपूर्ण संस्थाको रूपमा मान्यता प्रदान गऱ्यो । आई.यु.ओ.टि.ओ. लाई अप ग्रेड गरी विश्व पर्यटन संगठन (World Tourism Organisation) नामाकरण गरियो ।

### नेपालमा पर्यटन उद्योगको सम्भाव्यता

नेपालमा गगनचुम्बी चुचुराहरू, साँस्कृतिक र धार्मिक संयोजनको कारण विश्वका विभिन्न मुलुकहरूबाट बढ्दो मात्रामा पर्यटकहरू आकर्षित भइरहेका छन् । विश्वका उच्च हिमशिखरहरूको आरोहण गर्नेदेखि लिएर मानसिक शान्ति प्राप्त गर्न, विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल हेर्न तथा अन्य विभिन्न उद्देश्यले यहाँ आउने पर्यटकहरूको संख्यामा प्रतिवर्ष वृद्धि भएबाट आर्जित विदेशी मुद्राको परिमाणमा पनि वृद्धि भइरहेको पाइन्छ ।

नेपालमा पर्यटन उद्योगको विकासका लागि ठूलो सम्भावना छ । नेपालमा आफ्नै किसिमको एक अनौठो र विलक्षण भौगोलिक विशेषता पाइन्छ । यस देशमा प्राचीन संस्कृति, कला र कौशलका अनुपम नमुनाहरू यत्रतत्र देख्न पाइन्छन् । नेपाल प्राकृतिक दृश्यले सुशोभित र मनोहर छ । तुलनात्मक दृष्टिले हेरेको खण्डमा नेपाल स्वीटजरलैण्ड र काश्मीर जस्तै सुन्दरतम देशको दाँजोमा आउँछ । नेपाल एउटा पहाडी मुलुक भएकोले यहाँ अनेकौं प्राकृतिक दृश्यहरू पाइन्छन् । नेपालको सुन्दर पहाडी दृश्यले पर्यटकहरूलाई निकै मन्त्रमुग्ध पार्दछ । विश्वको शिखर सगरमाथा पनि यही छन् र साथै कञ्चनजंघा, माछापुच्छ्रे, अन्नपूर्ण आदि उच्च हिम-टाकुराहरू पनि यही छन् । यसका साथै नेपालको पूर्वदेखि पश्चिमसम्म ५०० मीलसम्म फैलिएको हिमालय श्रृङ्खलताको साथै आफ्नो किसिमको अनुपता देखिन्छ । अर्को महत्त्वपूर्ण तत्व देशको शीतल जलवायुले गर्दा नेपालमा पर्यटकहरूलाई आकर्षित गर्न सकेको हो । कहिं जाडो, कहीं अलि गर्मी इत्यादि विभिन्न मानिसलाई विभिन्न किसिमको हावापानीले प्रभाव पारेको छ । देशको भव्य र प्राचीन संस्कृति पनि अर्को महत्त्वपूर्ण तत्व हो । जसले गर्दा पर्यटन उद्योगको सम्भावनालाई बढाउन सकेको छ । यहाँका प्रत्येक मठ, मन्दिर, देवल र वहालहरूमा हिन्दू र बौद्ध धर्मको सुन्दरतम समन्वय देख्न पाइन्छ । नेपालमा अनगिन्ती तीर्थस्थलहरू, मन्दिरहरू प्राचीन महलहरू, शिलालेख, अभिलेख र धार्मिक कुण्डहरू छन् । फेरि नेपालमा विभिन्न किसिमका चाडपर्वहरू छन्, जसले गर्दा पनि पर्यटकहरू आकर्षित हुन्छन् । नेपालमा पर्यटन विकासको थालनी प्रथम पञ्चवर्षीय योजनाको सुरूवात (वि.सं. २०१३) देखि नै भएको देखिन्छ । त्यसपछि दोस्रो त्रि-वर्षीय योजना, तेस्रो पञ्चवर्षीय योजना, चौथो, पाँचौं, छैठौं सातौं, आठौं र नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९) दशौं योजना, तीन वर्षे अन्तरिम योजना, त्रिबर्षीय योजना, चौधौं योजना (२०७३–२०७६) सालमा समेत पर्यटन उद्योगको विकासका लागि विभिन्न उद्देश्य, नीति र कार्यक्रमहरूको समावेश गरियो ।

भौगोलिक विकटता, मानिसहरूको रहन सहन र बसोवास तथा आर्थिक विपन्नता आदि भएको क्षेत्रलाई गाउँ अर्थात् ग्रामीण क्षेत्रको रूपमा परिभाषित गरेको पाइन्छ । नेपाली बृहत शब्दकोषले गाउँलाई 'नगर बाहिर रहेको सानो सानो बस्ती प्रायः कृषकहरूको बसोवास भएको थलो (नेपाली बृहत शब्दोष २०५५-३३४) को रूपमा अर्थ्याएको पाइन्छ । त्यस्तै Vincent Austin ले पनि ग्रामीण क्षेत्रलाई जनसंख्या र क्षेत्रफलको आयाटमा छुट्याएको पाइन्छ । कुनै पनि देशले सहरी क्षेत्रको तुलनामा प्रति एकाइ क्षेत्रफलभन्दा कम जनघनत्व भएको क्षेत्रलाई ग्रामीण क्षेत्रको रूपमा परिभाषित गरेको हुन्छ । पहाड र हिमाली क्षेत्रमादश हजार र अन्य क्षेत्रमा बीस हजारभन्दा कम जनसंख्या भएको र विद्युत, सडक, खानेपानी, सञ्चार आदि पूर्वाधार नभएका सबै क्षेत्रलाई ग्रामीण क्षेत्रको रूपमा लिन सकिन्छ । ग्रामीण विकासको अर्थ कुनै पनि ग्रामीण क्षेत्रमा आर्थिक, सामाजिक बनावट मान्यताहरू अन्तर सम्बन्ध र प्रक्रियाहरूको दुरगामी परिवर्तन हो । ग्रामीण क्षेत्रमा आर्थिक, सामाजिक बनावट मान्यताहरू अन्तर सम्बन्ध र प्रक्रियाहरूको दुरगामी परिवर्तन हो । ग्रामीण क्षेत्रमा रहेका जनताको आर्थिक र सामाजिक सुधारका लागि आवश्यक पर्ने जे जस्ता कुराहरू सम्बन्धित हुन्छन् ती सबै कुराहरू पर्न आउँछ । नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हो । कूल जनसंख्याको अधिकांश जनता ग्रामीण क्षेत्रमा बसोवास गर्दछन् । यहाँ करिब ४० प्रतिशत मानिसहरू बसोवास गर्दछन् र नेपालो ामीण क्षेत्रका ४४ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् ।

प्राकृतिक सौन्दर्य, अनुपम संस्कृति, अतुलनीय साँस्कृतिक सम्पदा र अनगिन्ती विशिष्टता पर्यटकीय स्थलहरूका कारणले नेपाल पर्यटकका लागि प्रमुख गन्तव्य स्थलको रूपमा अन्तर्राष्ट्रिय जगतमा प्रचलित छ । ग्रामीणमुखी पर्यटन क्षेत्र विस्तार भएमा ती क्षेत्रमा रोजगारीका नयाँ अवसरहरू सिर्जना हुने र यसबाट ग्रामीण जीवन स्तरमा वृद्धि हुन गई क्षेत्रीयसन्तुलन कायम राख्न तथा गरिबी निवारण गर्न पनि मद्दत पुग्न जान्छ । विकासको सम्भावनाहरू असहज र खर्चिलो भई दुष्टि पुग्न नसक्ने पर्वतीय तथा दुर्गम क्षेत्रका लागि पर्यटन एउटा सशक्त लाभदायी आर्थिक क्रियाकलाप सिद्ध भई सकेको छ । जति त्यस्ता नयाँ ठाउँको प्रयोग गर्न सकियो त्यति नै त्यस क्षेत्रका बासिन्दाले पर्यटनबाट लाभ प्राप्त हासिल गर्ने छन् । पर्यटकले ग्रामीण क्षेत्रका स्थानीय तहमा उपलब्ध सेवा र सुविधाको उपभोग गर्ने हुँदा अर्ध दक्ष तथा अदक्ष कामदारहरूले समेत काम पाउन लायक हुन लागेका स्थानीय कला, सीप तथा संस्कृति जगेर्ना हुने र समाजका तल्लोस्तरका समुदाय समेत, लाभका हिस्सेदार हुने छन् । यसबाट महिला तथा पिछडिएका वर्गले समेत प्रत्यक्ष लाभ लिन सक्ने छन् ।

नेपालमा पर्यटन उद्योगको विकासका लागि ठूलो सम्भावना छ । नेपालमा आफ्नै किसिमको एक अनौठो र विलक्षण भौगोलिक विशेषता पाइन्छ । यस देशमा प्राचीन संस्कृति, कला र कौशलका अनुपम नमुनाहरू यत्रतत्र देख्न पाइन्छन् । नेपाल प्राकृतिक दृश्यले सुशोभित र मनोहर छ । तुलनात्मक दृष्टिले हेरेको खण्डमा नेपाल स्वीट्जरलैण्ड र काश्मीर जस्तै

सुन्दरतम देशको दाँजोमा आउँछ । नेपालमा पर्यटन उद्योगको उज्वल सम्भावना रहने निम्न आधारहरू छन्:-

१. प्राकृतिक साधनहरू:- नेपाल एउटा पहाडी मुलुक भएकोले यहाँ अनेकौं प्राकृतिक दृश्यहरू पाइन्छन् । नेपालको सुन्दर पहाडी दृश्यले पर्यटकहरूलाई निकै मन्त्रमुग्ध पार्दछ । विश्वको शिखर सगरमाथा पनि यही छन् र साथै कञ्चनजंघा, माछापुच्छ्रे, अन्नपूर्ण आदि उच्च हिम-टाकुराहरू पनि यही छन् । यसका साथै नेपालको पूर्वदेखि पश्चिमसम्म ५०० मीलसम्म फैलिएको हिमालय श्रृङ्खलताको साथै आफ्नो किसिमको अनुपता देखिन्छ ।

२. जलवायु:- अर्को महत्त्वपूर्ण तत्व देशको शीतल जलवायुले गर्दा नेपालमा पर्यटकहरूलाई आकर्षित गर्न सकेको हो । कहिं जाडो, कहीं अलि गर्मी इत्यादि विभिन्न मानिसलाई विभिन्न किसिमको हावापानीले प्रभाव पारेको छ ।

३. प्राचीन संस्कृति:- देशको भव्य र प्राचीन संस्कृति पनि अर्को महत्त्वपूर्ण तत्व हो । जसले गर्दा पर्यटन उद्योगको सम्भावनालाई बढाउन सकेको छ । यहाँका प्रत्येक मठ, मन्दिर, देवल र वहालहरूमा हिन्दू र बौद्ध धर्मको सुन्दरतम समन्वय देख्न पाइन्छ । नेपालमा अनगिन्ती तीर्थस्थलहरू, मन्दिरहरू प्राचीन महलहरू, शिलालेख, अभिलेख र धार्मिक कुण्डहरू छन् । फेरि नेपालमा विभिन्न किसिमका चाडपर्वहरू छन्, जसले गर्दा पनि पर्यटकहरू आकर्षित हुन्छन् ।

४. तुलनात्मक दृष्टिकोण:- अरू देशहरूको दाँजोमा पनि यहाँ पर्यटन उद्योगको विकास गर्ने सम्भावना छ । किनभने काश्मिर, एसिया, स्वीट्जरलैण्ड आदि देश पनि नेपालजस्तै भौगोलिक क्षेत्रसँग मिल्दोजुल्दो छ । ती देशहरूमा पनि पर्यटन उद्योग राम्ररी विकास भएको हामी पाउँछौं । पर्यटन प्रवर्द्धनका दृष्टिले पर्यटकहरूलाई हाम्रा साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरूले ठूलो सघाउ पुऱ्याइरहेका छन् ।

सन् १७३७ को वर्ष नेपालमा युरोपीयनहरूको प्रवेशको इतिहासमा नयाँ आयाम थपिन्छ । नेपालको एकीकरणभन्दा अगाडि नेपाल आउने विदेशीहरूको उद्देश्य मुल रूपले धार्मिक देखिएतापनि पृथ्वीनारायण शाहको एकीकरण पछाडि यो प्रक्रिया अवरूद्ध भयो । जंगबहादुरको उदय भएपछि नेपालको पर्यटन भ्रमणको इतिहासमा नयाँ आयाम थपिन्छ । १०४ वर्ष लामो राणा शासनकालमा नेपाल एक किसिमले प्रवेश निषेध देशको रूपमा रहन बाध्य भएको थियो । तर २००७ सालको क्रान्ति सफलतापूर्वक सम्पन्न भएपछि नेपालको बाह्य सम्पर्क बढ्दै गयो ।

## पर्यटनको आवश्यकता तथा महत्व

पर्यटन ऐन, २०३५ मा उल्लेख गरिएअनुसार पर्यटक भन्नाले विदेशी मुलुकबाट भ्रमणका लागि नेपालमा आउने गैरनेपाली नागरिक सम्झनुपर्दछ रनेपाली पर्यटक भन्नालेनेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने पर्यटक सम्झनुपर्दछ ।

Hermann Von Schullard का अनुसार कुनै पनि निश्चित राष्ट्र, सहर वा क्षेत्रभित्र र बाहिर विदेशीहरूको बसोबास, आवत-जावत र प्रदेश आर्थिक प्रकृतिसँग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कार्यक्रम पर्यटन हो । (The sum total of operations, mainly of economic nature, which directly related to the entry, stay and movement of foreigners inside and outside a certain country, city or region.)

Walter Hunziker and Kurt Kraphf को भनाई अनुसार पर्यटकहरूको यात्रा र उनीहरूको बसाईबाट उत्पन्न हुने सम्पूर्ण सम्बन्ध र घटनाहरूको रूप नै पर्यटन हो । यद्यपि स्थायी बसोबासका लागि भवन निर्माण र कुनै तलबी कार्यसँग सम्बन्धित व्यक्तिका क्रियाकलाप भने पर्यटनको सीमाभित्र आउँदैन ।

बेलायत पर्यटन समाजले यसरी व्याख्या गरेको छ कि मानिसहरूको गन्तव्य स्थानमा हुने अस्थायी तथा छोटो क्रियाकलाप जहाँ तिनीहरू रहन्छन् र विभिन्न कार्य र गतिविधिहरू सम्पन्न गर्छन् त्यसलाई पर्यटन भनिन्छ । दैनिक भ्रमण वा एक्सकर्सन आदि पनि पर्यटनकै हिस्सा मानिन्छन् ।

संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय पर्यटन संघ संगठन र विश्व पर्यटन संघले पनि लिजररिकेसन, होलीडे, स्टडी एण्ड विनिजेस र फेमीली एण्ड मिसन शीर्षकअन्तर्गत विभिन्न उद्देशय लिएर भ्रमण गर्नेलाई पर्यटन भनेर परिभाषित गरेको छ । पर्यटक जसले ९९ दिनभन्दा कम समयसम्म एकै देशमा भ्रमण गर्दछ। ९९ दिन पुग्नु अवधिभित्र अर्को देशमा केही दिन भ्रमण गरी फेरि त्यही द`शमा फर्केर भ्रण्मा गद ´छ भनेतयस्ता विदेशीलाई पर्यटकको रूपमा लिइन्छ ।

पर्यटन उद्योगको विकासबाट देशमा नयाँ-नयाँ प्रविधि र सीपको विकास हुन जान्छ । विदेशी प्रविधि, सीप र पुँजीको आयात विदेशी उद्योगपतिहरूको आगमनबाट हुन्छ भने यात्रुहरू प्रशस्त मात्रामा आवत-जावत गर्ने भएमा देशको तीर्थस्थल, साँस्कृतिक र ऐतिहासिक स्थल र प्राकृतिक दर्शनीय स्थलहरू र आन्तरिक बजारको विकास हुन्छ । पर्यटकहरूले स्वदेशी वस्तुहरू खपत गर्नुले वाणिज्य र व्यापारको विकासमा धेरै योगदान पुऱ्याउने गर्दछ । नेपालमा पर्यटन उद्योगको विकास भएमा दुर्गम क्षेत्रको विकास हुन्छ । दुर्गम क्षेत्रमा भएको पर्यटकीय स्थलहरूको विकास हुन्छ । दुर्गम क्षेत्रमा पनि विभिन्न पर्यटकहरूको भ्रमण भएपछि स्थानीय बजारको विकास हुन्छ, स्थानीय व्यक्तिहरूले रोजगारी पाउँछन् र स्थानीय साधनहरूको विकास हुन जान्छ ।

नेपाल अधिराज्यमा पर्यटन उद्योगको विकास योजनाबद्ध तरिकाबाट गर्नुपर्ने आवश्यकतामा निकै जोड दिइएको छ ।

नेपालमा चालु व्यवस्थित उद्योगहरूमध्ये यो पर्यटन उद्योग पनि धेरै महत्त्वपूर्ण सिद्ध भएको छ । नेपालमा पर्यटन उद्योगले खेल्ने भूमिका निम्न प्रकारका छन् :

### १. देशको ख्याती

पर्यटन उद्योग सञ्चालन भएबाट विभिन्न देशका पर्यटकहरू नेपाल आउँछन् र नेपाललाई चिन्ने मौका पाउँछन् । जसको फलस्वरूप नेपालको नाउँ विश्वको हरेक कुनाकुनामा फैलिने हुन्छ । हरेक देशहरूमा नेपाल पर्यटकीय स्थलहरूको प्रचार प्रसार हुन्छ । यसले गर्दा विदेशी पर्यटकहरू नेपाल भ्रमण गर्न रूचाउँछन् । जति विदेशी पर्यटकहरू नेपाल आउँछन् त्यति नै बढी मात्रामा पर्यटन उद्योग फस्टाउने गर्दछ ।

### २. यातायातको विकास

दुर्गम स्थानमा रहेका मनोरम दृश्यहरूको अवलोकन गर्नको निमित्त पर्यटन व्यवसायको माध्यमबाट यातायातको विकास भएको हुन्छ । पर्यटन उद्योगको विकासबाट यातायात र सञ्चारको विकास गराउनमा मद्दत पुऱ्याउँछ । पर्यटकीय स्थलहरूको विकास गर्नका लागि पनि यातायात र सञ्चारको विकास गरिनुपर्ने हुन्छ । त्यसले गर्दा धेरै मानिसहरूमा विचारहरूको आदान प्रदान हुन सजिलो हुन्छ । मानिसहरूको चेतनामा समेत वृद्धि हुन जान्छ ।

### ३. साँस्कृतिक आदान प्रदान

विभिन्न देशका पर्यटकहरूले नेपालमा आई यहाँको संस्कृति बुझ्ने मौका पाउने तथा नेपालीले समेत उनीहरूको संस्कृति बुझ्ने हुँदा एक अर्काबीच साँस्कृतिक आदान-प्रदानबाट साँस्कृतिक सम्बन्ध सुमधुर हुन पुग्छ । पर्यटकहरू विभिन्न रहनसहन संस्कृति तथा परम्परामा हुर्केका हुन्छन् । उनीहरू नेपाल आउँदा नेपाली जनताले उनीहरूको लवाई खवाई, रहनसहन, परम्परा आदिको बारेमा जानकारी पाउँदछन् । त्यस्तै उनीहरू यहाँ बस्दायताको वेषभुषा, परम्परा, कला संस्कृति आदिसँग परिचित हुने मौका पाउँदछन् ।

### ४. तालिम प्राप्त जनशक्ति

पर्यटकहरूलाई सेवा पुऱ्याउनका लागि विभिन्न क्षेत्रमा दक्ष तथा तालिम प्राप्त जनशक्ति आवश्यक पर्दछ, त्यसकारण होटल व्यवस्थापन तथा पर्यटन केन्द्र आदिबाट विभिन्न किसिमका तालिमहरू प्रदान गरी विभिन्न क्षेत्रमा व्यक्तिहरूलाई दक्ष बनाइन्छ । पर्यटन उद्योगको विकासबाट देशमा मानव संसाधन विकासमा मद्दत पुगेको छ ।

### ५. विदेशी मुद्रा आर्जनको स्रोत

नेपालमा कार्यान्वयन भइरहेका विभिन्न आयोजनाहरूको सफल कार्यान्वयनका लागि विदेशी मुद्रा (Foreign Exchange) को ठूलो आवश्यकता पर्छ । पर्यटन उद्योग राष्ट्रिय आम्दानी र विदेशी मुद्रा आर्जन गर्ने एक महत्त्वपूर्ण स्रोतको रूपमा रहेको छ । यसको विकासबाट विदेशी मुद्राको आम्दानी निकै बढ्ने छ ।

### ६. कला र संस्कृतिको आदान–प्रदान

देशमा पर्यटन उद्योगको विकासले विभिन्न देशका मानिसहरू बीच विचारहरूको आदान-प्रदान गर्ने मौका प्राप्त हुन्छ । देशवासीहरूको बाहिरी संसारसँग सम्बन्ध बढ्छ र उनीहरू पनि अरू देशको शिक्षा, संस्कृति, सभ्यता आदिसँग परिचित हुन पाउँछन् । पर्यटनको विकासबाट नेपालको कलाकौशलमा प्रगति हुन्छ । पर्यटकहरूले कलाका चीजहरू खरिद गर्नाले यी चिजहरू तयार गर्ने उद्योगहरूको विकासमा ठूलो सहायता हुनेछ । कलाका क्षेत्रमा नेपाली कलाकारहरू प्राचीनकालदेखि नै विश्वभर प्रख्यात छन् ।

### ७. रोजगारीमा वृद्धि

पर्यटन उद्योगको विकास भएमा केही मात्रामा भए पनि रोजगारी दिलाउने कार्य गर्दछ । शिक्षित बेरोजगारहरू पर्यटकहरूलाई बाटो देखाउने काम गर्न पाउँछन् जसले गर्दा रोजगारीको मात्रामा वृद्धि हुन्छ । नेपालमा पर्यटन क्षेत्रबाट आज करिब प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गरी करिब ८० हजारभन्दा बढी व्यक्तिले रोजगारी पाएका छन् । यस क्षेत्रमा नेपालको अर्थव्यवस्थामा ठूलो भूमिका रहन गएको छ ।

### ८. घरेलु तथा साना उद्योगको विकास

पर्यटन उद्योगको विकासबाट देशमा विभिन्न प्रकारका घरेलु तथा साना उद्योगहरूको विकासमा योगदान पुगेको छ । पर्यटकहरूले खरिद गर्ने खालका वस्तुहरू उत्पादन गर्ने उद्योगहरू धातुका सामान बनाउने, काठका सामान बनाउने, कागजका घरेलु उद्योगहरूको विकासमा पर्यटन व्यवसायले ठूलो योगदान पुऱ्याउँछ । विदेशी पर्यटकहरूले हस्तकलाका वस्तुहरूको चाहना राख्ने हुँदा पर्यटन उद्योगको माध्यमबाट देशका विभिन्न भागमा घरेलु उद्योगको प्रवर्द्धन हुन्छ ।

### ९. आर्थिक प्रवाह

ग्रामीण पर्यटनको विकासमार्फत औषत गरिबीको रेखामुनि बाँचिरहेको नेपाली जनताले आर्थिक फड्को मार्ने थियो । पसल खोलेर, रिसोर्ट र रेस्टुरेन्टको स्थापना गरेर, गाइडिङ गरेर लगायत अनेकौं आय आर्जनका कार्यहरूमार्फत गाउँको मान्छेले आय आर्जनका कार्यहरूमार्फत गाउँका मान्छेले आय गर्न सक्छन् । यसरी गाउँको आयस्तर मात्र वृद्धि हुँदैन, पुँजीनिर्माण पनि हुन्छ ।

### १०. सामाजिक परिवर्तन

पर्यटकहरूको नियमित भ्रमणले गाउँका जनतामा चेतनाको विकास हुन्छ । एवम् उनीहरू पर्यटकले बोल्ने भाषा, उनीहरूले गर्ने व्यवहार, उनीहरूको खाना आदिको बारेमा जानकार हुन्छन् । ग्रामीण जनताको यथास्थितिवादमा परिवर्तन हुन्छ र उनीहरू गेयात्मक हुन्छन् । विस्तारै जाति विभेद, छुवाछुत, छाउपडी आदिजस्ता सामाजिक कुरीतिहरू समाप्त हुन्छ र समाजले काँचुली फेर्छ ।

### ११. साँस्कृतिक आदानप्रदान

साँस्कृतिक आदानप्रदान विभिन्न संस्कृति र सम्प्रदायका व्यक्तिहरू पर्यटकको रूपमा गाउँमा आउँदा गाउँका जनताले नयाँ व्यक्तिहरूको रहनसहन र नयाँ व्यक्तिहरूले गाउँको रहनसहनको आदानप्रदान गर्दछन् जसबाट विश्व नै एउटा गाउँ बन्न जान्छ । यसरी आफ्नो र अर्कोको संस्कृतिका सबल र दुर्बल पक्षहरू केलाउन समेत मद्दत पुग्छ ।

### १२. आर्थिक सहयोग

ग्रामीण विपन्नता देखेर आन्तरिक र बाह्य पर्यटकहरूले विभिन्न संघसंस्थामार्फत आर्थिक विकासका योजनाहरूमा लगानी प्रवर्द्धन गर्दछन् । यस्ता उदाहरणहरू पहिले पनि प्रशस्त देखिएका छन् । यसरी विकासको नयाँ ढोका खोल्न र आर्थिक उन्नति गर्न ग्रामीण पर्यटनले सहयोग गर्दछ ।

### १३. व्यापार र वाणिज्यमा वृद्धि

पर्यटनको विकासबाट देशमा नयाँ प्रविधि र सीपको विकास हुन्छ । विदेशी प्रविधि, सीप र पुँजीको आयात विदेशी उद्योगपतिको आगमनबाट हुन्छ । यात्रुहरू प्रशस्त मात्रामा आवत-जावत गर्ने भएमा देशको तीर्थस्थल, साँस्कृतिक, ऐतिहासिक स्थल, प्राकृतिक, दर्शनीय स्थल र आन्तरिक बजारको विकास हुन्छ । पर्यटकले स्वदेशी वस्तुहरू खपत गर्नाले वाणिज्य र व्यापारको विकासमा धेरै योगदान पुऱ्याउने गर्दछ ।

### १४. दुर्गम क्षेत्रको विकास

नेपालमा पर्यटन उद्योगको विकास भएमा दुर्गम क्षेत्रको विकास हुन्छ । दुर्गम क्षेत्रमा भएको पर्यटकीय स्थलहरूको विकास हुन्छ । दुर्गम क्षेत्रमा पनि विभिन्न पर्यटकीय स्थलहरूको विकास हुन्छ । दुर्गम क्षेत्रमा पनि विभिन्न पर्यटकहरूको भ्रमण भएपछि स्थानीय बजारको विकास हुन्छ । स्थानीय व्यक्तिहरूले रोजगारी पाउँछन् र स्थानीय साधनहरूको विकास हुन जान्छ ।

### १५. राष्ट्रिय आयमा वृद्धि

नेपालमा पर्यटन उद्योगको विकासले गर्दा पर्वतारोहीको आगमनमा पनि वृद्धि भएको छ । कूल ग्राईस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको ३.० प्रतिशतले योगदान पुऱ्याएको छ ।

### नेपालका प्रमुख पर्यटक गन्तव्य स्थलहरू

वर्तमान समयमा नेपालमा जुन जुन स्थानहरूमा बढी पर्यटकहरूको आवत-जावत हुने गर्दछ ती स्थानहरूलाई नै प्रमुख पर्यटक गन्तव्य स्थानका रूपमा लिन सकिन्छ । नेपालका प्रमुख पर्यटक गन्तव्य स्थलहरू यसप्रकार रहेका छन् :

१. मनोरञ्जनका लागि गन्तव्य स्थानहरू : नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण देश हो । नेपालमा पर्यटकीय दृष्टिकोणले मनोरञ्जन स्थलहरू प्रशस्त सङ्ख्यामा रहेका छन् । त्यस मध्येको सबैभन्दा महत्त्वपूर्ण स्थान पोखरा हो । पोखरामा रहेको रमणीय वातावरण, तालहरू प्याराग्लाइडिङ्ग, गुफाहरू आदिका कारण पर्यटकहरू त्यहाँ जाने गर्दछन् । पर्यटकका लागि नेपालका प्रमुख स्थलहरूमा पोखरा, काठमाडौं, भक्तपुर, ललितपुर, चितवनको सौराहा, बन्जि जम्पिङ्गका लागि भोटेकोशीको उत्तरी भाग,ऱ्याफ्टिङ्का लागि त्रिशुली तथा कोशी नदी आदि रहेका छन् । नेपालमा १० वटा राष्ट्रिय निकुञ्जहरू रहेका छन् । जसमा खप्तड राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, से फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, लाङ्टाङ् राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरूण राष्ट्रिय निकुञ्ज र शिवपुरी राष्ट्रिय निकुञ्ज हुन् । नेपालमा ३ वटा वन्यजन्तु आरक्षणहरू रहेका छन् । जसअन्तर्गत शुक्लाफाँट वन्यजन्तु आरक्षण क्षेत्र, कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्र र पर्सा वन्यजन्तु आरक्षण क्षेत्र पर्दछन् ।

२. धार्मिक कार्यका लागि गन्तव्य स्थानहरू : नेपालका प्रमुख धार्मिक स्थलहरूमा लुम्बिनी, जनकपुर, पशुपतिनाथ, मुक्तिनाथ, स्वर्गद्वारी, गोसाइँकुण्ड, मनकामना आदि रहेका छन् । गौतम बुद्धको जन्मस्थल भएकाले धार्मिक पर्यटकहरू लुम्बिनी जाने गर्दछन् । देवी जानकीको शिवको दर्शनका लागि धार्मिक पर्यटकहरू काठमाडौंको पशुपतिनाथ क्षेत्रमा जाने गर्दछन् ।

३. पदयात्रा तथा पर्वतारोहणका लागि गन्तव्य स्थानहरू : नेपालको भौगोलिक बनावट हिमाल, पहाड तथा तराईमा विभाजित छ । पदयात्राका लागि पहाडी जिल्लाहरू उपयुक्त मानिन्छन् । पोखरादेखि जोमसोम सम्मको पदयात्रा पर्यटकहरूका लागि रमणीय मानिन्छ । नेपालमा पदयात्राका प्रमुख गन्तव्य स्थानका रूपमा सगरमाथा क्षेत्र, लाङ्टाङ् क्षेत्र, मकालु क्षेत्र, नर्फु उपत्यका, सैलुङ्ग, कालिञ्चोक, घलेगाउँ, घान्द्रुक आदि स्थानहरू रहेका छन् । अर्कोतिर संसारमा नेपाललाई चिनाउने प्रमुख पक्ष भनेको नेपालको उत्तरी भागमा अवस्थित हिमालहरू हुन् ।

४. औपचारिक भ्रमणका लागि गन्तव्य स्थानहरू : नेपालमा औपचारिक भ्रमणका लागि आउने पर्यटक भनेको राजनैतिकव्यक्तिहरू हुन् । नेपाल सरकारको निमन्त्रणाामा आउने, नेपालका राजनैीतक दलहअरूको मिन्त्रणामा आउने रनेपालका अनय सरकारी, निजी तथा गैरसरकारी संघ संस्थाको निमन्त्रणामा आउने व्यक्तिहरूमा सबैभन्दा बढी राजनैतिक व्यक्ति हुन् ।

५. व्यापारिक भ्रमणका लागि गन्तव्य स्थानहरू : नेपालमा व्यापारिक दृष्टिकोणले आउने पर्यटकहरूको प्रमुख गन्तव्ड स्थान भनेको काठमाडौं हो । त्यसपछिका स्थानहरूलाई हेर्ने हो भने पोखरा बिराटनगर, बिरगञ्ज, भैरहवा, नेपालगन्ज, धनगढी, महेन्द्रनगर, बुटवल आदि हुन् ।

## पर्यटन उद्योगको वर्तमान स्थिति

अद्बितीय प्राकृतिक एवम् समृद्ध साँस्कृतिक सम्पदाको कारण नेपालको तुलनात्मक लाभको क्षेत्रको रूपमा पर्यटन रहेको छ । नेपालको प्राकृतिक, साँस्कृतिक, जैविक एव मानव निर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षण रमणीय र सुरक्षित गन्तव्य स्थलकोरूपमा विकास गर्ने दीर्घकालीन दृष्टिकोण लिई सन् २०२५ सम्ममा २५ लाखभन्दा बढी पर्यटक भ्रमण गराउने र ८ लाख ९८ हजार रोजगारीको सिर्जन ागर्ने लक्ष्य लिएको छ । यस उद्देश्य प्राप्तिका लागि सन् २०२० लाई नेपाल भम्रण वर्षको घोषणा गरी २० लाख पर्यटक भित्राउने लक्ष्य रहेकोमा कोरोना महामारीको कारण भम्रण वर्ष स्थगन भएको छ । विगत १० वर्षको अवधिमा आर्थिक वर्ष २०७२ /२०७३ मा नेपालमा पर्यटन आगमनमा केही कमी आएको थियो । तर पर्यटन आगमनको सङ्ख्या बढ्दो दरमा रहेको छ । आर्थिक वर्ष २०७५ पुसदेखि आर्थिक वर्ष २०७६ पुससम्मको अवधिमा प्रति पर्यटकको सरदर बसाई अवधि १३ दिन रहेको छ ।

सन् २०१९ मा कुल पर्यटक आगमनको सङ्ख्या देशगत रूपमा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुकहरूमा क्रमश : भारत २१.२ प्रतिशत, चीन १४.२ प्रतिशत, अमेरिका ७.८ प्रतिशत, बेलायत ५.१ प्रतिशत र श्रीलंङका ४.७ प्रतिशत रहेका छन् । यी देशहरूबाट आएका पर्यटकको कुलसङ्ख्याको करिब ५३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सोही अवधिको तुलनामा नेपाल आउने पर्यटक ६.५ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट आउने पर्यटकको सङ्ख्या १.१ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अमेरिका र बेलायतबाट आउने पर्यटकको सङ्ख्यामा कुनै परिवर्तन भएको छैन् भने श्रृलंङकाबाट आउने पर्यटकको सङ्ख्यामा भने १.२ प्रतिशतले कमी आएको छ । नेपालको बढी भ्रमण गरिने गन्तव्यको रूपमा लुम्बिनी रहेको छ । सन् २०१९ मा १७ लाख ७९ हजार ८६ जनाले भ्रमण गरेका छन् । सन् २०१८ मा १५ लाख १७ हजार १ सय ४५ जनाले लुम्बिनी भ्रमण गरेका थिए । सन् २०१९ मा लुम्बिनी भ्रमण गर्नेमा नेपाली ७९ प्रतिशत, भारतीय ११ प्रतिशत र अन्य मूलूकका नागरिक १० प्रतिशत रहेका छन् । गत वर्षको तुलनामा यस वर्ष लुम्बिनी भम्रण गर्ने पर्यटकको कुल सङ्ख्या २.३ प्रतिशतले बढेको छ । सन् २०१९ मा लुम्बिनी भम्रण गर्ने भारतीय पर्यटकको आगमनमा ५.८ प्रतिशतले र तेस्रो मुलुकबाट आउने पर्यटकको सङ्ख्या १.९ प्रतिशतले वृद्धि भएको छ ।

सन् २०१९ मा नेपाल भ्रमणमा आएका पर्यटकमध्ये मनोरञ्जनको उद्देश्यका आधारमा आउने पर्यटकको सङ्ख्या ६५.० प्रतिशत छ । त्यसैगरी पदयात्रा/ पर्वतारोहण, तीर्थयात्रा र अन्य उद्देश्यले नेपाल भम्रणमा आउने पर्यटकको सङ्ख्या क्रमश : १७.० प्रतिशत, १४.० प्रतिशत र ४.० प्रतिशत रहेको छ । नेपाल सरकारले ६५०० मिटरभन्दा माथिका हिमालबाट सोभन्दा मुनिका केही हिमालबाट नेपाल पवर्तारोहण संघले रोयल्टी उठाउँदै आएको छ । सन् २०१९ मा कुल ६८ करोड ६० लाख रोयल्टी सङ्कलन भएको छ । अघिल्लो वर्ष यस्तो रोयल्टी रकम रु ५८ करोड १५ लाख रहेको थियो । सन् २०१९ मा प्रदेश नं १ अन्र्तगतका हिमालबाट कुल रोयल्टीको ९०.४ प्रतिशत र गण्डकी प्रदेशका हिमालबाट ८.५ प्रतिशत रोययल्टी सङ्कलन भएको छ । यस्तो रोयल्टीको करिब १८.० प्रतिशत रकम नेपाल पर्वतारोहण संघले उपभोग गर्दै आएको छ । सन् २०१८ मा पर्वतारोहण दलको सङ्ख्या १९१० रहेकोमा १९२१ पुगेको छ सन् २०१९ मा सन् २०१८ मा पर्वतारोहीको सङ्ख्या ८६४१ रहेकोमा सन् २०१९ मा केही कमी भई ८२५४ रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ मा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट शैक्षिक कोषतर्फ ४२० जना र अन्य तालिमतफ २५३९ जनशक्ति थप भएको छ । यसैगरी, नेपाल पर्वतीय शैक्षिक कोर्ष अध्ययनरत छन् भने ८५७ व्यक्तिलाई पर्यटनसँग सम्बन्धित विभिन्न विधामा तालिम दिएको छ । आर्थिक वर्ष २०७५/२०७६ मा तारास्तरको होटल सङ्ख्या १२९ रहेकोमा आर्थिक वर्ष २०७६ २०७७ को फागुन सम्मको अवधिमा ९ थप भई हालसम्म सो सङ्ख्या १३८ पुगेको छ । त्यसैगरी तारास्तरको बाहेकको पर्यटकस्तरीय होटल ,लज तथा रिसोर्टको सङ्ख्या आर्थिक वर्ष २०७५ २०७६ मा २ ९ हजार ७ सय १० रहेकोमा आर्थिक वर्ष २०७६ ७७ को फागुनसम्ममा १०८९ थप भई ३० हजार ७ सय ९९ पुगेको छ । आर्थिक वर्ष २०७५/२०७६ सम्ममा पर्यटन विभागमा दर्ता भएका ३२४ सामुदायिक होमस्टेमा १००० वेड सञ्चालनमा रहेकोमा आर्थिक वर्ष २०७६ २०७७ को फागुनसँम्म ३ सय ८९ सामुदायिक होमस्टेमा १०८८ बेड सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष २०७५ ७६ मा ३५०८ टाभल एजेन्सी दर्ता भएकोमा आर्थिक वर्ष २०७६ २०७७ फागुनसम्ममा दर्ता भएकोमा आर्थिक वर्ष २०७६ ७७ फागुनसम्ममा १७२ थप भई

३६८० पुगेको छ । आर्थिक वर्ष २०७५ २०७६ मा २६४९ टेकिङ एजेन्सी दर्ता भएकोमा आर्थिक वर्ष २०७६ ७७ फागुनसम्म ११५ थप भई २७६४ पुगेको छ । आर्थिक वर्ष २०७५ २०७६ मा ७३ रयापिटङ एजेन्सी दर्ता भएकोमा २०७६ ७७ फागुनसम्ममा ८ सय थप भई ८१ पुगेको छ । आर्थिक वर्ष २०७५ २०७६ मा ७७ पर्यटक यातायात सेवा व्यवसाय दर्ता भएकोमा आर्थिक वर्ष २०७६ ७७ मा ५ थप भई ८२ पुगेको छ । आर्थिक वर्ष २०७५ ७६ सम्ममा ४१२६ टुर गाइड अनुमति पत्र जारी गरेकोमा आर्थिक वर्ष २०७६ ७७ को फागुनसम्ममा ७४ थप भई ४२०० पुगेको छ । आर्थिक वर्ष २०७५ २०७६ मा १६ हजार २ सय ४८ ट्रेकिङ गाइड अनुमतिपत्र जारी गरेकोमा आर्थिक वर्ष २०७६ ७७ फागुनसम्ममा १३७७ थप भई १७ हजार ६ सय २५ पुगेको छ ।

तालिका नं १ : नेपालमा पर्यटकको देशगत अवागमन २०७० पौषदेखि २०७६ पौष सम्म

| देश | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|---|---|---|
| अस्ट्रेलिया | २०२४६९ | २४५१६ | १८६१९ | २५५०७ | ३३३७१ | ३८४२९ | ३८९७२ |
| बंगलादेश | २२४१० | २१८५१ | १४८३१ | २३४४० | २९०६० | २६३५५ | २५८४९ |
| क्यानडा | १२१३२ | ११६१० | ८३९८ | १२४९१ | १५१०५ | १७३१७ | १७१०२ |
| चीन | ११३१७३ | १२३८०५ | ६६९४८ | १०४००५ | १०४६६४ | १५३६३३ | १६९५४३ |
| फ्रान्स | २१८४२ | २४०९७ | १६४०५ | २०८६३ | २६१४० | ३१८१० | ३०६४६ |
| जर्मन | २२२६३ | १८०२८ | १२७२८ | २३८१२ | २९९१८ | ३६८७९ | ३६६४१ |
| भारत | १८०९७४ | १३५३४३ | ७५१२४ | ११८२४९ | १६०८३२ | १९४३२३ | २५४१५० |
| इटाली | ९९७४ | १०३४७ | ५६०९ | ९९११ | ११८४० | १५३४२ | १५६७६ |
| जपान | २६६९४ | २५८२९ | १७६१६ | २२९७९ | २७३२६ | २९८१७ | ३०५३४ |
| द कोरिया | १९७१४ | २३२०५ | ११११२ | २५१७१ | ३४३०१ | ३७२१८ | २९६८० |
| म्यानमार | - | - | - | २५७६९ | ३०८५२ | ४१४०२ | ३६२७४ |
| मलेसिया | - | - | - | - | १८२८४ | २२८३३ | २१३२९ |
| नेदरल्याण्ड | १०५१६ | १२३२० | ७५१५ | ११४५३ | १३३९३ | १५३५३ | १५०३२ |
| स्पेन | १०४१२ | १३११० | ६७१४ | १२२५५ | १५९५३ | २०२१४ | १९०५७ |
| थाइल्याण्ड | - | - | - | २६७२२ | ३९१५४ | ५२४२९ | ४१६५३ |
| श्रीलङ्का | ३२७३६ | ३७५४६ | ४४३६७ | ५७५२१ | ४५३६१ | ६९६४० | ५५८६९ |
| अमेरिका | ४७३५५ | ४९८३० | ४२६८७ | ५३६४५ | ७९१४६ | ९१८९५ | ९३२१८ |
| बेलायत | ३५६६८ | ३६७५९ | २९७३० | ४६२९५ | ५१०५८ | ६३४६६ | ६११४४ |
| अन्य | १२५२०३ | २१७२९६ | १९०११३ | ११९२४५ | १९२७७४ | १२१६२० | २०४८२२ |
| नखुलेको | ६४२१८ | ३४७६५ | - | - | - | - | - |
| जम्मा | ७९७६१६ | ७९०११८ | ५३८९७० | ७५३००२ | ९५८५३२ | ११७३०७२ | ११९७१९१ |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालय, २०७६ ।*

तालिका नं. २ : पर्यटक आगमन र बसाइ अवधि

| वर्ष | | पर्यटक संख्या | हवाईमार्गबाट पर्यटकको आगमन | स्थलमार्गबाट पर्यटकको आगमन (संख्यामा) | प्रति पर्यटकको सरदर बसाई अवधि (दिनमा) | पर्यटक संख्याको वार्षिक वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|
| २०७० | पुस | ७९७६१६ | ५९४८४८ | २०२७६८ | १२.५ | -०.७ |
| २०७१ | पुस | ७९०११८ | ५८५९८१ | २०४१३७ | १२.४ | -०.९ |
| २०७२ | पुस | ५३८९७० | ४०७४१२ | १३१५५८ | १२.८ | -३१.८ |
| २०७३ | पुस | ७५३००२ | ५७२५६३ | १८०४३९ | १३.४ | ३९.७ |
| २०७४ | पुस | ९४०२१८ | ७६०५७७ | १७९६४१ | १२.६ | २४.९ |
| २०७५ | पुस | ११७३०७२ | ९६९२८७ | २०३७८५ | १२.४ | २४.८ |
| २०७६ | पुस | ११९७१९१ | ९९५८८४ | २०१३०७ | १२.७ | २.१ |
| २०७७ | पुस | २३००८५ | १८३१३० | ४६९५५ | १५.१ | -८०.७ |
| २०७८ | पुस | १५०९६२ | १५०६२५ | ३३७ | १५.५ | -३४.३ |

*(स्रोतः अध्यागमन विभाग,२०७८, आर्थिक सर्वेक्षण, २०७८/०७९, अर्थ मन्त्रालय, पेज नं. १०५)*

नयाँ पर्यटन गुरूयोजनाः पर्यटन सम्बन्धी कार्यक्रमहरू व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न पर्यटन गुरूयोजना तर्जुमाका लागि पर्यटनविद, INGO तथा निजी क्षेत्रको समेत प्रतिनिधित्व रहने गरी Core Group र आवश्यक सल्लाह र सुझाव दिन सल्लाहकार समितिको गठन गरी कार्य अघि बढाइएको छ । Leave Tourism कार्यक्रम : आन्तरिक पर्यटन प्रवर्द्धनका लागि नमुनाको रूपमा पर्यटन तथा नागरिक उड्डयन् मन्त्रालयको संयोजनमा प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, अर्थ, गृह, सामान्य प्रशासन, स्थानीय विकास र कर्मचारी प्रतिनिधि सहभागी रहेको दुई वटा समूह टोलीले पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चलका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्त्वका स्थलहरूको अवलोकन भ्रमण सम्पन्न गरी Leave Tourism कार्यक्रमको थालनी भएको छ । उक्त समूहमा सम्मिलित सहभागीहरूको धारणासहित अवलोकन भएका स्थानहरूको बृत्तचित्र तयार गरी नेपाल टेलिभिजन (NTV)बाट समय समयमा प्रशारण गर्न NTV को तीन सदस्यीय टोली पनि सहभागी भई ती स्थानहरूको छायाँङ्कन गर्ने कार्य सम्पन्न भएको छ । Home Stay र कला गाउँ कार्यक्रम : Home Stay को सम्भाव्यता अध्ययन भएको क्षेत्रमा Home Stay सञ्चालन गर्न आयोजना स्थलको पूर्व अध्ययन/तथ्याङ्क सङ्कलन, नापनक्शा भई परामर्श सेवा लिन सूचना प्रकाशित भएको तथा जातिगतरूपमा कला गाउँको अध्ययन गरिने जिल्लाको छनौट कार्य पूरा भएको छ ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७८/७९ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा कोभिड १९ महामारीको कारण अघिल्लो वर्षको तुलनामा सन् २०२० मा पर्यटक आगामन करिब ८१.० प्रतिशतले घटेर २ लाख ३० हजार ८५ मात्र रहयो । साथै सन् २०२१ म यस्तो सङ्ख्या ३४.३ प्रतिशतले घटेर १ लाख ५० हजार ९ सय ६२ रहेको छ । यो सङ्ख्या सन् १९७७ पछिकै सबैभन्दा न्यून हो । सन् २०२१ म विदेशी पर्यटकबाट प्राप्त भएको विदेशी मुद्रा आर्जन ४६.० प्रतिशतले घटेर रु १३ अर्ब ५० करोड ११ लाख रहेको छ । सन् २०२१ म प्रति पर्यटकको औसत बसाई १५.५ दिन र प्रतिदिन प्रति पर्यटक खर्च ४८ डलर छ । यस्तो खर्च सन् २०२० को तुलनामा २६.१ प्रतिशतले न्यून हो ।

सन् २०२१ म नेपाल भित्रिएका पर्यटकमध्ये ६६.८ प्रतिशत बिदा, मनोरञ्जन, यात्रा, १०.३ प्रतिशत पर्वतारोहण, साहसिक यात्रार पदयात्रा, ७४ प्रतिशत तीर्थयात्रा र १५.५ प्रतिशत अन्य विभिन्न उद्देश्यले नेपाल भ्रमण गरेका छन् । यात्रा उद्देश्यको आधारमा विगत १० वर्षमा बिदा, मनोरञ्जन, यात्रा, पदयात्रा, पर्वतारोहण तथा तीर्थयात्रासम्बन्धी उद्देश्यले आउने पर्यटकको अनुपात उच्च रहेको छ ।कुल पर्यटक आगमनको सङ्ख्याको सन् २०२१ म सबैभन्दा बढी पर्यटक आउने ५ मुलुकमा क्रमश : भारत ४२.८३ प्रतिशत, संयुक्त राज्य अमेरिका १५.१३ प्रतिशत, बेलायत ५.७४ प्रतिशत, चीन ४.१० प्रतिशत र बंगालादेश ३.३४ प्रतिशत रहेका छन् । यी पाँच मुलुकबाट आएका पर्यटकको सङ्ख्या कुल पर्यटकको ७१ प्रतिशत रहेको छ । नेपाल भम्रण गर्ने पर्यटकहरूमा भारतीय पर्यटकको सङ्ख्या सबैभन्दा बढी रहेको छ ।

बाह्य तथा आन्तरिक पर्यटकमध्ये अधिकाश पर्यटकको भ्रमण गन्तव्य गौतमबुद्धको जन्मस्थान लुम्बिनी हुने गरेकामे छ । सन् २०२१ म लुम्बिनी भ्रमण गर्नेमा नेपाली ४ लाख ६३ हजार ९ सय ६३, भारतीय ४३ हजार ७ सय ३२ (स्थल मार्ग र हवाईमार्ग समेत गरी) र अन्य मुलुकका १ हजार १ सय ९७ जना रहेका छन् । सन् २०२० मा लुम्बिनी भम्रण गर्नेमा नेपाली १ लाख ९७ हजार २ सय ५२, भारतीय ३७ हजार दुई सय छ र अन्य मुलुकका ४५ हजार ४ सय ६९ जना रहेका थिए । सन् २०२१ म आन्तरिक पर्यटकहरूको लुम्बिनी भ्रमण उत्साहजनक रहेको र भारतीय पर्यटकको संङ्ख्या १७.५ प्रतिशतले वृद्धि भएको छ । तथापि, सन् २०२१ मा तेस्रो मुलुकबाट लुम्बिनी आउने पर्यटकको सङ्ख्या न्यून रहेको छ । चालु आर्थिक वर्ष २०७८ ७९ को फागुनसम्म होटेल व्यवस्थापनतर्फ नेपाल पर्यटन तथा होटर व्यवस्थापन प्रतिष्ठानबाट २२१ जनशक्ति उत्पादन भएका छन् । २०७८ फागुनसम्म यस संस्थाबाट पर्यटन क्षेत्रसम्बन्धी तालिम प्राप्त गर्ने जनशक्ति ५७ हजार ७ सय ३९ पुगेको छ । नेपाल पर्वतीय प्रशिक्षण प्रतिस्ठानले २०७८ फागुनसम्ममा ३ हजार ३४ जनालाई विभिन्न विधामा पर्वतीय पर्यटनसम्बन्धी तालिम दिइएको छ । वि.सं. २०७४बाट सुरू भएको शैक्षिक कोषतर्फ १९२ जना अध्ययनरत रहेका छन् । हिमाल आरोहण गर्ने पर्वतारोहण दलको सङ्ख्या सन् २०२१ म ७६२ रहेको छ । सन् २०२० मा यस्तो सङ्ख्या १५३ रहेको थियो । त्यसैगरी पर्वतारोहीको सङ्ख्या सन् २०२० को ४४७बाट बढेर सन् २०२१ म ३४४६ पुगेको छ । कोभिड-१९ को कारण पर्वतारोहीको सङ्ख्यामा भएको कमीसँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी सन् २०२० मा रु १ करोड ४९ लाख ७९ हजार मात्र सङ्कलन भएकोमा सन् २०२१ पर्वतारोहीको उत्साहजनक आगमनसँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टीमा वृद्धिसँगै रू ६३ करोड ५२ लाख ४९ हजार सङ्कलन भएको छ ।

२०७७ फागुनसम्म तारेस्तरका होटल १४२ रहेकोमा २०७८ फागुनसम्म १६२ पुगेको छ । तारेस्तरमा बाहेकको पर्यटकस्तरीय होटल, जल तथा रिसोर्टको सङ्ख्या २०७७ फागुनसम्म ११७१ रहेकोमा २०७८ फागुनसम्म ११८३ पुगेको छ । यस अवधिमा तारेस्तरका होटलको शैया सङ्ख्या १८७५ थप भई १५ हजार ७ सय ७५ पुगेको छ । त्यसैगरी तारेहोटल बाहेकका पर्यटनस्तरीय होटल, लज, तथा रिसोर्टको शैया सङ्ख्या ६८७ थप भई ३२ हजार ६ सय ३७ पुगेको छ । कुल शैया सङ्ख्या २०७७ फागुनको तुलनामा ५.८ प्रतिशतले वृद्धि भई २०७८ फागुनसम्म ४८ हजार ४

सय १२ पुगेको छ । २०७८ फागुनसम्म देशभरका २४ वटा क्यासिनो दर्ता भई सञ्चालनमा रहेका छन् आर्थिक वर्ष २०७८ ७९ को फागुनसम्म क्यासिनोबाट रु ९१ करोड ६० लाख रोयल्टी प्राप्त भएको छ ।

२०७८ फागुनसम्म ५८ ट्राभल एजेन्सीहरू थप भई ३८०१ पुगेको छ । २०७७ फागुनसम्म यस्तो सङ्ख्या २७४३ रहेको थियो । २०७७ फागुनसम्म २७९७ टेकिङ एजेन्सी दर्ता भएकोमा २०७८ फागुनसम्म २४ थप भई २८२१ पुगेको छ । चालु आर्थिक वर्षको फागुनसम्म पर्यटक यातायात सेवा व्यावसायिको पाँच रयाप्टिङ एजेन्सी थप भई २०७८ फागुनसम्म ८७ पुगेको छ । २०७८ फागुनसम्म पर्यटक यातायात सेवा व्यावसायिको सङ्ख्या ८५ पुगेको छ । २०७७ असारसम्म पर्यटन विभाग र प्रदेश पर्यटन कार्यालयबाट समेत गरी ४२४१ लाई टुरगाइड अनुमतिपत्र जारी भएकोमा २०७८ फागुनसम्म यस्तो सङ्ख्या ४५५७ पुगेको छ । २०७८ फागुनसम्म १७ हजार ६ सय ६६ ट्रेकिङ गाइड अनुमतिपत्र जारी भएकोमा यस्तो सङ्ख्या बढेर २०७८ फागुनसम्म १९ हजार १ सय ६६ पुगेको छ । आर्थिक वर्ष २०७८ ७९ को फागुनसम्म थप ४४ रिभर गाइडको अनुमतिपत्र जारी भई २०७८ फागुनसम्म ३२४ अनुमतिपत्र जारी भएको छ । २०७८ फागुनसम्म नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाको सङ्ख्या २२ रहेको छ । त्यसैगरी, दिपक्षीय हवाई सेवा सम्झौता भएका देशहरूको सङ्ख्या ४१ पुगेको छ भने दुईतर्फ हवाई सिट सङ्ख्या करिब वार्षिक ८० लाख सिट रहेको छ । आन्तरिकतर्फ उडान भर्ने वायुसेवाको सङ्ख्या २० रहेको छ । निर्माण सम्पन्न भएका विमानस्थलको सङ्ख्या ५३ रहेको छ । सबै मौसममा सञ्चालन हुनसक्ने कालोपत्र भएका विमानस्थलको सङ्ख्या ३७ पुगेको छ । यीमध्ये ३२ विमानस्थल नियमित सञ्चालनमा रहेका थिए ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य र अन्तर्राष्ट्रिय सेवा सञ्चालन गर्न क्यालिवेसश लगायतका सम्पन्न भएको छ । पोखरा अन्तर्राष्टिय विमानस्थलको अधिकांश कार्य सम्पन्न भई नेपाल सरकारलाई पोखरा अन्तरिष्टय विमानस्थल हस्तान्तरण भएको छ । अन्तर प्रदेश उडानअन्तर्गत पोखरा भरतपुर, पोखरा धनगढी, पोखरा नेपालगञ्ज, पोखरा भैरहवा, सिमरा, हवाई उडान सञ्चालन भई ५ प्रदेशसँग हवाई उडान सम्पर्क विस्तार भएको छ । सन् २०२० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानतर्फ यात्रु आवागमनको सङ्ख्या ११ लाख ५ हजार ८ सय ५८ रहेकोमा सन् २०२१ मा यस्तो सङ्ख्या ६१ प्रतिशतले बढेर १७ लाख ७९ हजार ५ सय ३९ पुगेको छ । विक्रम सम्बत् २०७२ को विनाशकारी भूकम्पबाट उपत्यकाबाट ३ जिल्लालगायत २५ जिल्लामा क्षतिग्रस्त भएका ९२० पुरातात्विक तथा संस्कृतिक सम्पदाहरूका पुननिर्माण भइरहेका छ । आर्थिक वर्ष २०७७/७८ मा १३८ सम्पदाको पुनःनिर्माण सम्पन्न भएको छ भने आर्थिक वर्ष २०७८ ७९ को फागुनसम्म थप ५१ को पुननिर्माण भई हालसम्म ६४० पुरातात्विक सम्पदा पुनःनिर्माण भएको छ । हालसम्म उत्खनन तथा अध्ययन कार्यतर्फ ६ उत्खनन तथा संरक्षण कार्यमध्ये मोरङको भेडियारी र रौतहटको पतौतरा गरी २ वटाको उत्खनन कार्य सम्पन्न भएको छ ।

विश्व पर्यटन क्षेत्रको विस्तार र मुलुकभित्रैको बढ्दो पर्यटन मैत्री वातावरणले विगतमा पर्यटक आगमनमा वृद्धि भई कूल वार्षिक पर्यटक आगमन संख्या तथा त्यसबाट प्राप्त आम्दानी बढ्दै गइरहेको र कुल गार्हस्थ उत्पादनमा ४ प्रतिशत हिस्सा समेत ओगटेको थियो भने विगत २०७५ सालदेखि कोभिड महामारीका कारण पर्यटक आगमन तथा आम्दानी दुवै घट्दै गइरहेको छ । असंख्य उद्देश्य पूरा गर्न सक्ने सम्भावनाका कारण आ.व. २०२० मा नेपालमा विभिन्न उद्देश्य पूरा गर्न आउने पर्यटकहरूलाई देहाय बमोजिम रहेका छन् । पर्यटकहरूको भ्रमणको उद्देश्य बमोजिम आ.व. २०७६/७७ मा मनोरन्जनका लागि ६०.५ प्रतिनशत, पदयात्रा र पर्वतारोहणका लागि १२.४ प्रशित, तीर्थयात्राका लागि १५.६ प्रतिशत र अन्य प्रयोजनका लागि ११.५ प्रतिशत पर्यटक नेपाल आएका थिए । यसरी वर्षको पर्यटक आगमनको तथ्याङ्क केलाउँदा मुख्य रूपमा बिदा, मनोरञ्जन, यात्रा, पदयात्रा, पर्वतारोहण र तीर्थयात्राका शिलसिलामा आउने पर्यटकहरूको रहेको पाइन्छ ।

माथि उल्लेखित जस्ता उद्देश्य बोकी आउने पर्यटकको संख्या आ.ब. २०१९ मा ११ लाख ९७ हजार रहेको पाइन्छ जुन अघिल्लो वर्षको तुलनामा २.१ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ भने २०२० मा कोभिडका कारण ८१ प्रतिशतले ह्रास हुन गएको देखिन्छ । देशगत रूपले आगमनलाई अध्ययन गर्दा भारतबाट १५.५ प्रतिशत, म्यानमारबाट ९.१ प्रतिशत, थाइल्याण्डबाट ९ प्रतिशत, चीनबाट ८.४ प्रतिशत, अमेरिकाबाट ७.७ प्रतिशत र बाँकी अन्य मुलुकबाट नेपालको भ्रमण गरेको देखिन्छ ।

आ.ब.२०७४/७५ मा प्रति पर्यटकको औषत दैनिक बसाई १२.४ दिन रहेको थियो भने यिनीहरूले सरदर दैनिक ४४ डलर खर्च गर्ने गर्दथे । यस आ.व.मा पर्यटन क्षेत्रबाट ६७ अर्ब ९ करोड बराबरको विदेशी मुद्रा आर्जन गरेको थियो । जुन आम्दानी नेपालको उक्त आ.ब.को कूल वस्तु निर्यातबाट प्राप्त भएको विदेशी मुद्राको ७१.९ प्रतिशत रहेको छ भने कुल वस्तु निर्यात तथा सेवा बिक्रीबाट प्राप्त विदेशी मुद्राको २४.८ प्रतिशत रहेको पाइन्छ । त्यस्तै कूल आर्जित विदेशी मुद्राको ५ प्रतिशत र कुल गार्हस्थ उत्पादनको अनुपातमा २.२ प्रतिशत रहेको थियो । तर आ.व. २०७६/७७ मा यसरी आउने पर्यटकहरूको औषत दैनिक बसाई १५ दिन रहेको पाइन्छ भने यी पर्यटकहरूले सरदर दैनिक ६५ डलर खर्च गर्ने गर्दछन् । यस आ.ब.मा पर्यटन क्षेत्रबाट २४ अर्ब ९५ करोड ५९ लाख रूपैयाँ बराबरको विदेशी मुद्रा आर्जन गरेको छ । यसरी कोभिड महामारीका कारण पर्यटन क्षेत्रको

आम्दानी एक तिहाइमा सीमित भएको छ भने बसाइ अवधि र दैनिक गर्ने खर्च बढेको देखिन्छ । तसर्थ विगत तीन वर्षदेखि कोभिडका कारण पर्यटन क्षेत्रको अवस्था झनै दयनीय हुँदै गइरहेको छ । (स्रोतः मुक्ति बहादुर खत्री, नेपालमा पर्यटन उद्योगको योगदान र सम्भाव्यता तथा समस्याहरू, आर्थिक मीमांसा, २०७८, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, केन्द्रीय समिति, काठमाडौं, नेपाल, २०७८ चैत्र, वर्ष १६, पेज नं. ८०–८१) ।

हुन त हामीसँग पर्यटन क्षेत्र विकासका लागि धेरै सम्भावनाहरू छन् । यस क्षेत्रका विकासका लागि प्रयास जारी हुँदैछ । यति हुँदाहुँदै पनि यस क्षेत्रमा बढ्दो सहरीकरण र भूमिको उच्च मूल्य वृद्धिका कारण प्राचीन सम्पदाहरूको अतिक्रमण तथा निजी स्वामित्व र निजी प्रयोगमा ल्याउने क्रियाकलाप वृद्धि हुनु, पर्याप्त पर्यटक सूचनाको अभाव, भरपर्दो हवाई सेवाको कमी पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु, नयाँ पर्यटकीय गन्तव्यस्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास र प्रवर्द्धन गर्न नसकिनु प्रमुख समस्याहरू रहेका छन् । यसरी मुख्य समस्याहरू जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

(१) सीमित भौगोलिक क्षेत्रलाई मात्र विकास केन्द्रका रूपमा विकास गराउन र खासगरी पर्यटकहरूका लागि आवश्यक सुरक्षाको प्रत्याभूति दिन नसक्नु ।
(२) अन्य सम्भाव्य क्षेत्रहरूको विकास र विस्तार गर्न, गराउन नसक्नु ।
(३) बढ्दो प्रतिस्पर्धाका लागि आवश्यक प्रचार प्रसार हुन नसक्नु ।
(४) अनुकूल वातावरण र भारतीय तथा चिनिया पर्यटकहरूका लागि आकर्षित गर्न थप रूपको प्रयास हुन नसक्नु ।
(५) पर्याप्त पूर्वाधारको विकास र विस्तार गर्न नसक्नु ।

माथि उल्लेखित समस्याहरूलाई आत्मसात गर्दै बाह्य पर्यटकका लागि अनुकूल केन्द्रका रूपमा एकातर्फ विकास गर्नुपर्ने अवस्था देखिन्छ भने अर्कोतर्फ स्वदेशी पर्यटकका लागि पनि उत्तिकै सम्मान र वातावरण प्रदान गर्नुपर्ने आवश्यकता देखिन्छ । अन्यथा हालको अवस्थामा देखिएको यस क्षेत्रको निराशाजनक स्थिति कायमै रहने हो भने यस क्षेत्रमा भएको अर्बौंको लगानी निरर्थक हुने मात्र नभई लगानी गर्ने वित्तीय संस्थासमेत प्रभावित हुन गई अर्थतन्त्रलाई चुनौतीपूर्ण हुने देखिन्छ ।

कोभिड महामारीले विश्वभरि नै सबैभन्दा मारमा परेको भनेको पर्यटन तथा यातायातको क्षेत्र नै हो । जो पर्यटन भएर यहाँ आउँथे ती मानिस नै बेरोजगार हुने अवस्था छ । यो क्षेत्रमा ठूलै क्षति भएको देखिन्छ । पर्यटनमा परेको असरबाट तग्रिन पनि लामै समय लाग्न सक्ने देखिन्छ । यसले हवाई उड्डयन, होटल तथा रेस्टुराँ, यातायात, कृषि तथा अन्य व्यवसायी, बैंक तथा वित्तीय संस्था सबैंको आयमा असर पर्ने हुनाले पर्यटन प्रभावित ाद्या कृषि क्षेत्र र रोजगारी समेत सकट परेको देखिन्छ । पर्यटनमा लगानी भएको बैंकिङ्ग कर्जा समेत जोखिममा पर्ने र दीर्घकालीन रूपमा बैंकहरू समेत जोखिममा पर्ने अनुमान गर्न सकिन्छ । पर्यटन खुला हुन सुरू भएको भएतापनि पूर्णरूपमा खर्च गर्ने गरी पर्यटकको आवागमन व्यवस्थित हुन लामै समय पर्खिनुपर्ने हुनाले यस क्षेत्रमा जोखिम बढी नै देखिन्छ ।

विश्व पर्यटन संगठनका अनुसार सन् २०२० मा विश्वभरि पर्यटन ७५ प्रतिशतले घटेको छ । विश्वभर करिब ९ देखि १२ खर्ब अमेरिकी डलरको नोक्सानी हुने र पर्यटनसँग प्रत्यक्ष जोडिएका १० देखि १२ करोड रोजगारीका अवसर जोखिममा पर्ने विभिन्न अध्ययनले देखाएको छ । यता, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन (आएटा) ले पनि विश्वभरका एयरलाइन्स कम्पनीमा पर्ने असरका प्रक्षेपणहरू गरिरहेको छ । दुवै क्षेत्रले गरेर सन् २०२० मा ९ देखि १२ खर्ब डलर गुमाएको अनुमान गरिएको छ । युएनडब्लुटिओले सन् २०२० पर्यटक आगमन र पर्यटन क्षेत्रमा पर्ने असरलाई शताब्दिकै खराब वर्ष भनेको छ । सन् २००९ मा विश्वभर आर्थिक मन्दी आउँदा पर्यटन आगमनदर ४ प्रतिशत मात्रै घटेको थियो । सन् २०२० मा समग्रमा ७० देखि ७५ प्रतिशतले गिरावट आएको छ ।

नेपालको पर्यटन क्षेत्रमा मात्रै १५ खर्ब रूपैयाँ लगानी भएको अनुमान गरिएको छ । विभिन्न समयमा भएका अध्ययन र अनुसन्धानले पर्यनबाट १० लाखभन्दा बढी मानिसहरूले प्रत्यक्ष रोजगारी पाएको देखाएको छ । अप्रत्यक्ष रूपमा १० लाखभन्दा बढी मानिसहरूले प्रत्यक्ष रोजगारी पाएको देखाएको छ । अप्रत्यक्ष रूपमा २० लाखभन्दा बढीले पर्यटनबाटै जीवन निर्वाह गरेका छन्, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत घनञ्जय रेग्मीले भने । वार्षिक रूपमा ९० अर्ब रूपैयाँ हाराहारी आम्दानी गर्दै आएको छ । अहिले पर्यटन क्षेत्रबाट १० अर्ब रूपैयाँ मासिक गुमेको छ । हालम्म पर्यटन क्षेत्रले ९० अर्ब रूपैयाँभन्दा बढी गुमाइसकेको छ । पर्यटन क्षेत्र उकास्त राष्ट्र बैंकले आफ्नो वित्तीय नीतिमार्फत पनि विभिन्न कार्यक्रमहरू ल्याएको छ । कोभिड-१९ को सबैभन्दा ठूलो असर पर्यटन र वायुसेवा कम्पनीमा परेको छ । जसले गर्दा विश्वभर आन्तरिक र बाह्य पर्यटन नै ठप्प भयो । विश्व पर्यटन संगडठनका अनुसार सन् २०२० मा विश्वभरि पर्यटन ७५ प्रतिशतले घटेको छ । यसले विश्वभर करिब ९ देखि १२ खर्ब अमेरिकी डलरको नोक्सानी हुने र पर्यटनसँग प्रत्यक्ष जोडिएका १० देखि १२ करोड रोजगारीका अवसर जोखिममा पर्ने विभिन्न अध्ययनले देखाएको छ । यता, अन्तर्राष्टिय हवाई उड्डयन संगठन (आएटा) ले पनि विश्वभरका एयरलाइन्स कम्पनीमा पर्ने असरका प्रक्षेपणहरू गरिरहेको छ । दुवै क्षेत्रले गरेर सन् २०२० मा ९ देखि १२ खर्ब डलर गुमाएको अनुमान छ । युएनडब्लुटिओले पनि सन् २०२० पर्यटक आगमन र

पर्यटन क्षेत्रमा पर्ने असरलाई शताब्दीकै खराब वर्ष भनेको छ । सन् २००९ मा विश्वभर आर्थिक मन्दी आउँदा पर्यटक आगमनदर ४ प्रतिशत मात्रै घटेको थियो । सन् २०२० मा समग्रमा ७० देखि ७५ प्रतिशतले गिरावट आएको छ । सबैभन्दा धेरै एसिया प्रशन्त क्षेत्रमा ८२ प्रतिशतले गिरावट आएको छ । सन् २०२० पर्यटन क्षेत्रका लागि शताब्दीकै खराब वर्षको परिपूर्ति हुन ५ देखि ७ वर्ष लाग्ने अनुमान गरेको छ । सन् २०१९ मा १ अर्ब ४६ करोड पर्यटक विश्व भ्रमणमा निस्केका थिए ।

देशको कुल गार्हस्थ उत्पादनमा पर्यटन उद्योगको योगदान लगभग ५० देखि ५३, १९ देखि २१ प्रतिशतसम्म रहेका देशहरूजस्तै माल्दिभ्स ५९.७, पालाउ ४८.४, ग्रेनाडा ४०.१, सेसेल्स ३२.५, भानुआटु २५.१, केपभर्डे २४.९, सेन्ट लुसिया २३.६, डोमिनिकन गणतन्त्र २३.५, बेलिज २३.२, मोन्टेनेग्रो २१.८ प्रतिशतसम्मदेखि लिएर मकाउ, अजुबा, अजरबैजान, आर्मेनिया, अल्बानिया, इस्टोनिया, नाम्बिया, ब्रिटिस भर्जिन, आइल्याण्ड, अमेरिकन भर्जिन आइल्याण्ड, बहमास, बार्बाडोस, बर्मुडा, जर्जिया, क्रोसिया, डोमिनिका, थाइल्याण्ड, सिंगापुर, मोनाको, ग्रीस, जोर्डन, जमैका, जर्जिया, फिजी, कम्बोडिया, क्यामेन आइल्याण्ड, साइप्रस, माडागस्कर, माल्टा, माइसल्याण्ड, पोर्चुगल, सामोआ, साओटोम्स एण्ड प्रिन्स, सिरिया, लेबनान, बहराइन, स्पेनलगायत ६.१ प्रतिशतसम्म जिडिपी रहेका कैयौं देशहरूको हालत के भयो होला ? ती देशको समग्र अर्थतन्त्र कसरी धानिएको होला? हामीले अनुमान मात्रै गर्न सकिन्छ ।

कोरोना कारण नेपाालको उड्डयन क्षेत्रमा अर्बौंको नोक्सानी भएको छ । नेपाल वायुसेवा निगमले झण्डै ५ अर्ब, हिमालयन एयरलाइन्सले झण्डैं २ अर्ब र आन्तरिकतर्फका हवाईजहाज र हेलिकप्टर अपरेटरले करिब १० अर्ब ६२ करोड रूपैयाँ नोक्सानी ब्यहोर्नुपरेको प्राधिकरणले जनाएको छ । प्राधिकरणको आम्दानीमा पनि ८० प्रतिशत अर्थात् ५ अर्ब ६९ करोड रूपैयाँ घटेको छ । प्राधिकरणका अनुसार नेपालको हवाई क्षेत्रले कोरोनाका कारण कुल १७ अर्बभन्दा बढी आम्दानी गुमाएको छ । नेपाल एयरलाइन्स र हिमालयले चार्टर्ड उडानमार्फत केही आम्दानी गरे पनि नियमित उडान गर्न नपाउँदा ठूलो आम्दानी गुमाएका छन् । प्राधिकरणका अनुसार कोरोना रोकथामका लागि लकडाउनपछि हलसम्म अन्तर्राष्ट्यि उडानमा ८६ प्रतिशत र आन्तरिक उडानमा ८३ प्रतिशत हवाई यात्रु घटेको छ । सो अवधिमा प्राधिकरणको आम्दानीमा समेत उच्च गिरावट आएको छ । प्राधिकरणले आर्थिक वर्ष ०७६।७७ मा कुल आय विमानस्थल शुल्कसहित ८ अर्ब ३३ करोड रूपैयाँ प्रक्षेपण गरेकोमा २ अर्ब ६३ करोड ८२ लाख मात्रै भएको छ ।

सरकारले कोभिड-१९ पछिको पर्यटन लयमा फर्काउन तीनवटा चरणमा काम सुरू गरेको छ । पहिलो चरणअन्तर्गत पर्यटन क्षेत्रलाई सुचारू गराउन १ पुसदेखि सबै क्षेत्र खुला गरिएको छ । खुला गरेसँगै आन्तरिक पर्यटकहरू खासगरी पोखरा, सौराहा र लुम्बिनीमा घुम्न निस्किएका छन् । सोही कारण काठमाडौं बाहिर पर्यटन क्षेत्रमा आन्तरिक पर्यटकले नै भरिभराउ भइरहेका छन् । पहिलो चरणअन्तर्गत सबै क्षेत्र खुलाएर काम गरिरहेका देखिन्छ । दोस्रो चरण भनेको आन्तरिक पर्यटक प्रवर्द्धन गर्ने र सकेसम्म धेरै नेपालीलाई एक ठाउँबाट अर्को ठाउँमा घुम्न पठाउने वातावरण बनाउने रहेको । त्यसैका लागि सरकारले देश दर्शन कार्यक्रम ल्याउन लागेको बोर्डका सिइओ रेग्मीले जानकारी दिए । सरकारी निकायदेखि कर्मारेट हाउस, वित्तीय क्षेत्रका कर्मचारीलाई विशेष प्याकेज दिएर एकैपटक देशका सबै गन्तव्यमा समानुपातिक रूपमा घुम्न पठाउने योजना सरकारको छ । यसरी ३० लाख मानिसलाई योजनाबद्ध रूपमा आफ्नै देशका गन्तव्य घुम्न पठाउने योजना सरकारी निकायको छ ।

विदेशी पर्यटकबाट प्राप्त हुने आयमा ठूलो ह्रास आएको छ । कोभिड-१९ संक्रमणका कारण विदेशी पर्यटक आगमन घटेपछि त्यसको प्रत्यक्ष प्रभाव नेपालले प्राप्त गर्ने आयमा देखिएको हो । नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७७।७८ को आठ महिना अर्थात् फागुनसम्म पर्यटनवापतको नेपालको आय जम्मा चार अर्ब ४५ करोड रूपियाँ मात्र छ । गत आवको सोही अवधिको तुलनामा यो ९१.७ प्रतिशतले कम हो । गत फागुनमा नेपालले यस्तो शीर्षकमा ६० अर्ब ८८ करोड रूपियाँ विदेशी मुद्रा आर्जन गरेको थियो । कोरोना नियन्त्रणका लागि विश्वका विभिन्न देशले जारी गरेका मापदण्डका कारण विश्वभर नै पर्यटक आवागमन ठप्पजस्तै भएको थियो । नेपालले पनि विदेशी पर्यटकका लागि अनिवार्य सात दिनको क्वारेन्टाइनसहितको मापदण्ड लागु गरेको थियो । क्वारेन्टाइनको व्यवस्था केही खुकुलो भए पनि विदेशी पर्यटक नेपाल आउने अझै पनि सहज वातावरण भने तयार भइसकेको छैन । त्यस्तै नियमित किसिमका अन्तर्राष्टिय उडान हुन नसक्दा पनि विदेशी पर्यटक नेपाल आउन सकेका छैनन् । जसको प्रत्यक्ष असर पर्यटकबाट प्राप्त हुने आयमा देखिएको छ । राष्ट बैंककै तथ्याङ्कअनुसार साउनयता ४२ हजार विदेशी पर्यटक नेपाल आएका छन् । विदेशी कुटनीतिक नियोगका कर्मचारी, विभिन्न आयोजनामा कार्यरत कर्मचारी पनि पर्यटककै रूपमा गणना हुने व्यवस्था रहेकाले नेपाल भित्रिएका सबै आफैंमा पर्यटक भने होइनन् । गत आवको तथ्याङ्कअनुसार साउनदेखि फागुनसम्म सात लाख ७३ हजार विदेशी नेपाल भित्रिएका थिए । कोरोना संक्रमण नियन्त्रणका लागि जारी बन्दाबन्दीपछिको अहिलेको अवस्थामा भने पर्यटक भित्रिने क्रममा केही सुधार आएको छ । विगत तीन महिनायता पर्यटक भित्रिने क्रम निरन्तर बढिरहेको तथ्याङ्कले देखाउँछ । मार्चमा मात्रै १५ हजार पर्यटक नेपाल भित्रिएको तथ्याङ्क छ ।

यसरी सन् २०२० मा सरकारले २० लाख पर्यटक

ल्याउन महत्त्वाकांक्षी लक्ष्यसहित नेपाल भ्रमण वर्ष घोषणा गरेको भए तापनि सन् २०१९ को अन्त्यबाट फैलिँदै गएको कोरोना कहरका कारण पर्यटक आगमनमात्र बन्द भएन, विश्वका धेरै देशमा यस महामारीका कारण मृत्यसको संख्या बढ्दै गयो । छिमेकी भारतले मार्चदेखि बन्दाबन्दी गरेपछि नेपाल सरकारले पनि चैत ११ (मार्च २४) देखि पटक पटक थप्दै गएर १ सय २० दिन बन्दाबन्दीको घोषणा गर्‍यो । सीमा तथा हवार्य सेवा बनद भए । बन्दाबन्दी खुलेपछि पनि स्वास्थ्य सतर्कताका लागि निषेधाज्ञा जारी भयो । मानव आवागमन पूर्ण रूपमा सहज रहेन, अझै सहज भइसकेको छैन । पर्यटन त्यतिखेर मात्र फस्टाउन सक्छ जब मानव आवागमन स्वतन्त्र र सहज हुन्छ । त्यसैले नेपाल योजनाअनुरूप २०२० मा पर्यटनक्षेत्र विस्तार हुनुको सातो खुम्चियो पर्यटनसँग सम्बन्धित होटल व्यवसायजस्ता अनय सेवाप्रदायकमा पनि यसले गम्भीर नकारात्मक असर पार्‍यो । तर नेपालमा थोरै थोरै पर्यटक आउने क्रम भने जारी रहेको देखिएको छ । बन्दाबन्दीका बाबजुद सन् २०२० मा २ लाख ३० हजार ८५ पर्यटकले नेपाल भ्रमण गरेका छन् । यसरी कोभिड–१९ को बीचमा नेपाल प्रवेश गर्ने विदेशीहरू कुटनीतिक नियोगका कर्मचारी, विदेशी नागरिकता लिएका नेपाली मूलका नागरिकको संख्या बढिहरेको भए तापनि हवाई मार्ग हुँदै ..लाख ८३ हजार १ सय ३० र सडकमार्गबाट ४६ हजार ९ सय ..पर्यटकले सन् २०२० मा नेपाल भ्रमण गरे । सन् २०१९ मा ११ लाख ५२ हजार ५ सय १ पर्यटकले नेपाल भ्रमण गरेका थिए भने सन् २०१८ मा ११ लाख ७३ हजार ७२ पर्यटकले नेपाल भ्रमण गरेका थिए । नेपाल भ्रमण गर्ने विदेशीमा सबैभन्दा धेरै भारतबाट ४० हजार ३ सय २१, दोस्रोमा म्यानमारबाट २० हजार ९ सय ११, तेस्रोमा उत्तरी छिमेकी चीनबाट १९ हजार २ सय ५७ रहेका छन् । यसबीच विश्वभरि कोरोनाको भ्याक्सिन आइसकेको छ । स्थिति सामान्य हुँदै गएको छ । नेपालमा फेरि पर्यटक आउने वातावरण बन्दै छ ।

कोभिड–१९बाट पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । सन् २०१९ मा विदेशी पर्यटन आगामन २.१ प्रतिशतले बढेकोमा सन् २०२० मा यस्तो आगामन ८०.८ प्रतिशतले घटेको छ । सोही अवधिमा पर्यटन क्षेत्रबाट आर्जित हुने विदेशी मुद्रामा करिब ७० प्रतिशतले कमी आएको छ । सन् २०२० मा कुल पर्यटन आगमन संख्या २ लाख ३० हजारमा सीमित हुन पुग्यो । सन् २०२१ म पनि पर्यटक आगामनमा उच्च संकुचन देखिएको छ । पर्यटक आगामनमा आएको संकुचनको कारण भ्रमण आय पनि घट्न गएको छ । कोभिड–१९ रोकथामका लागि अवलम्बन गरिएका रोकथाम एवम् नियन्त्रणका उपायको कारण हालसम्म पनि अन्तर्राष्ट्रिय उडान पूर्णरूपमा सुचारु हुन सकेको छैन् चालु आर्थिक वर्षको पहिलो चौमासिकदेखि आन्तरिक हवाई उढानलाई खुकुलो बनाउँदै लगिएको छ । २०७७ चेतसम्म आन्तरिक उडान पूर्ण क्षमतामा सञ्चालन भएका थिए । कोभिड महामारीका दोस्रो लहरसँगै हाललाई आन्तरिक उडान स्थगित गरिएको छ । भने भारतसँग हप्तामा दुई यअरववल उडान बाहेक बाँकी सबै नियमित अन्तर्राष्ट्रिय उडान पुन : स्थगित भएका छन् । सन् २०१९ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडानतर्फ यात्रु आवागमनको संख्या ४१ लख ३८ हजार ७ सय ६४ रहेकोमा सन् २०२० मा करिब ७३ प्रतिशतले घटेर ११ लाख ५ हजार ५८ रहेको छ ।

ऐतिहासिक, धार्मीक र साँस्कृतिक सम्पदाको अत्तिरिक्त मनोरम प्रकृतिको कारण नेपालको विश्वको एक प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने प्रबल सम्भावना रहेको छ । मुलुकमा पर्यटन विकासको अभियान स्वरूप नेपाल भ्रमण वर्ष २०२० को कार्यक्रम घोषणा भई पर्यटन क्षेत्रका लागि उत्साहजनक वातावरणमा तयार पारिएको थियो । ठिकै त्यही बखत कोभिड–१९ को महामारीको संक्रमणबाट नेपालमा पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित हुन पुग्यो । विगत १० वर्षको कुल पर्यटनको आगामनको प्रवृति विश्लेषण गर्दा पर्यटक आवागमनमा क्रमश वृद्धि भई रहेकोमा आर्थिक वर्ष २०७७ २०७८ को फागुनसम्ममा कोभिड–१९ महामारीका कारण पर्यट आवागमनमा व्यापक कमी आएको छ । कोभिड–१९ संक्रमणको जोखिमको कारण नेपाल भम्रण वर्षको कार्यक्रम समेत रद्द गरिएको छ ।

सन् २०१९ मा कुल पर्यटक आवागमनमा २.१ प्रतिशतले वृद्धि भई पर्यटक संख्या ११ लाख ९७ हजार १ सय ९१ पुगेको थियो । सन् २०२० मा कोभिड–१९ को महामारीका कारण कुल पर्यटक आगामन संख्या २ लाख ३० हजार ८५ मा सीमित रही अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब ८१ प्रतिशतले घटन गएको छ । २०७६ पौषदेखि २०७७ पौषसम्म ( सन् २०२०) को अवधिमा विभिन्न उद्देश्यले नेपाल भम्रणमा आएका विदेशी पर्यटकबाट कुल रु २४ अर्ब ९५ करोड ५९ लाख बराबरको विदेशी मुद्रा आर्जन भएको छ । जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ७० प्रतिशत कम हो । सन् २०२० मा प्रति पर्यटकको औषत बसाई १५.१ दिन रहेको र प्रतिदिन प्रतिपर्यटक खर्च ६५ डलर रहेको देखिन्छ, जुल अघिल्लो आर्थिक वर्षको तुलनामा करिब ३५.४ प्रतिशतले बढी हो । २०७६ पौषदेखि २०७७ पौषसम्म (सन् २०२०) नेपाल आएका पर्यटकमध्ये ६०.५ प्रतिशत बिदा, मनोरञ्जन र यात्रा जस्ता पर्यटकीय उद्देश्यले भम्रण गरेका थिए । त्यसैगरी १५.६ प्रतिशतले तीर्थयात्रा, १२.४ प्रतिशतले पर्वतारोहण, साहसिक यात्रा र पदयात्रा र ११.५ प्रतिशतले अन्य उद्देश्यले नेपाल भम्रण गरेका छन् । याात्रा उद्देश्यको आधारमा विगत १० वर्षको पर्यटक आगामनको थ्यांङ्क विश्लेषण गर्दा बिदा, मनोरञ्जन, यात्रा, पदयाात्रा, पर्वतारोहण तथा तीर्थ यात्रासम्बन्धी उद्देश्यले आउने पर्यटकको अनुपात दुई तिहाइभन्दा बढिरहेको छ ।

कुल पर्यटक आगमनको संख्यालाई देशगत रूपमा विश्लेषण गर्दा सन् २०२० मा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुकमा क्रमश : भारत १७.५ प्रतिशत, म्यानमार ९.१ प्रतिशत, थाइल्याण्ड ९.० प्रतिशत, चीन ८.४ प्रतिशत र अमेरिका ७.७ प्रतिशत रहेका छन् । यी पाँच मुलुकबाट आएका पर्यटकको संख्याले कुल पर्यटक आगमनको करिब ५२ प्रतिशत अंश ओगटेको छ । स्थल मार्गबाट२०.४ प्रतिशत - भारतीय बाहेकका) पर्यटकले नेपाल भमण गरेका छन् । स्थालमार्गबाट नेपाल भम्रण गर्ने पर्यटक मध्य भैरहवा (बेलौहिया) नाकाबाट मात्र ९२ प्रतिशतभन्दा बढी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल भ्रमणमा आउने पर्यटकमध्ये अधिकांश पर्यटकल गौतमबुद्धको जन्मस्थल लुम्बिनी भम्रण गर्ने गरेका छन् । सन् २०२० मा २ लाख ७९ हजार ९ सय २७ पर्यटकले लुम्बिनी भम्रण गरेका छन् । सन् २०१९ मा १५ लाख ५८ हजार ३ सय २६ ले लुम्बीनी भ्रमण गरेका थिए । सन् २०२० मा लुम्बिनी भ्रमण गर्नेमा नेपाली १ लाख ९७ हजार २ सय ५२, भारतीय ३७ हजार २ सय ६ र अन्य मुलुकका ४५ हजार ४ सय ६९ जना रहेका छन् । कोभिड-१९ का कारण गत वर्षको तुलनामा तेस्रो मुलुकबाट लुम्बिनी आउने पर्यटकको संख्यामा करिब ७४ प्रतिशतले कमी आएको छ । चालु आर्थिक वर्षमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले होटेल व्यवस्थापनतर्फ ५ सय ४७ थप जनशक्ति तयार गरेको छ । आर्थिक वर्ष २०७७ २०७८ को फागुनसम्ममा उक्त संस्थाबाट पर्यटन क्षेत्रको तालिम प्राप्त गर्ने कुल जनशक्ति ५६ हजार ९ सय ४४ पुगेको छ । नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले २०७७ फागुनसम्ममा २ हजार ६ सय ५९ जनालाई विभिन्न विधामा पर्वतीय पर्यटनसम्बन्धी तालिम प्रदान गरेको छ ।

हिमाल आरोहण गर्ने पर्वतारोहण दलको संख्या अघिल्लो वर्षको तुलनामा सन् २०२० मा करिब ९२ प्रतिशतले कमी आई १५३ जना मात्र रहेको छ । त्यसैगरी पर्वतारोहीको संख्या सन् २०१९ मा ८ हजार २ सय ५४बाट करिब ९५ प्रतिशतले घटेर सन् २०२० मा ४ सय ४७ मा सीमित भएको छ ।पर्वतारोहीको संख्यामा आएको कमीसँगै प्राप्त हुने रोयल्टी अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब ९८ प्रतिशतले कमी आई सन् २०२० मा रु १ करोड ४९ लाख ७९ हजार मात्र प्राप्त भएको छ । पर्यटन विभागमा दर्ता भई वर्गीकृत भएका होटेलमध्ये आर्थिक वर्ष २०७६ २०७७ मा तारे स्तरको होटेल संख्या १३७ रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्मको संख्या जम्मा १४२ पुगेको छ । तारे स्तर बाहेकको पर्यटकस्तरीय होटेल, जल तथा रिसोर्टको संख्या अघिल्लो आर्थिक वर्षमा १ हजार १ सय ५५ रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म १ हजार १ सय ७१ पुगेको छ । तारे स्तरका होटेलको सैया संख्या अघिल्लो वर्षभन्दा ६ सय २७ थप भई १३ हजार ९ सय शैया पुगेको छ । तार होटेल बाहेकका पर्यटकीयस्तरीय होटेल, लज तथा रिसोटको शैया संख्या १ हजार १ सय ५१ थप भई ३१ हजार ९ सय ५० पुगेको छ । कुल शैया संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा ४ प्रतिशतले वृद्धि भई ४५ हजार ८ सय ५० पुगेको छ । आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म देशभरका १० क्यासिनो दर्ता भई सञ्चालनमा रहेका छन् आधुनिक मेसिन तथा उपकरणको माध्यमबाट मात्र खेलाइने खेल (मिनि क्यासिनो) तर्फ ५ क्यासिनो दर्ता भई सञ्चालनमा रहेका छन् । जसबाट आर्थिक वर्ष २०७६ ७७ मा क्यासिनोबाट रु ५८ करोड ७६ लाख ६८ हजार ४ सय राजस्व प्राप्त भएको थियो भने चालु आर्थिक वर्षमा १ करोड १ लाख राजस्व प्राप्त भएको थियो भने चालु आर्थिक वर्षमा १ करोड १ लाख राजस्व प्राप्त भएको छ ।

विसं २०७२ को विनाशकारी भुकम्पबाट उपत्यकाका ३ जिल्लालगायत २५ जिल्लामा क्षतिग्रस्त ७ सय ३७ साँस्कृतिक सम्पदाको पुननिर्माण भइरहेको छ । आर्थिक वर्ष २०७६ ७७ मा ९४ सम्पदाको पुननिर्माण सम्पन्न भएको थियो । भने आर्थिक वर्ष २०७७/२०७८ को फागुनसम्ममा थप ३७ को पुननिर्माण भई हालसम्ममा थप ३७ को पुननिर्माण भई हालसम्म कुल ४९० सम्पदाको पुननिर्माण सम्पन्न गरिएको छ । साँस्कृतिक तथा पुरातात्विक महत्त्वका राष्टिय सम्पदाको संरक्षण एव ं प्रवदन गर्ने क्रममा पशुपतिनाथको मन्दिरमा सुनको जलहरी लगाउने कार्य सम्पन्न भएको छ । जनकपुरमा पञ्चकोषी परिक्रमा पथमा पर्यटकीय पूर्वाधार निर्माणको कार्य सम्पन्न भएको छ । लुम्बीनीमा निर्माणधिन ५ हजार व्यक्ति क्षमतायुक्त ध्यान केन्द्रो पहिलो चरणको कार्य सम्पन्न भएको छ । कन्ट्रोल रुमसहितको सभाहलको निर्माण कार्य सम्पन्न भएको छ । ध्यान केन्द्रको सौन्दर्यीकरण, प्रतीक्षालय निर्माण र पार्किङ तथा बाहिरी पर्खाल निर्माणको कार्य भइरहेको छ । लुम्बनीसँग प्रत्यक्ष त : सम्बन्धित पुरातात्विक एवम् ऐतिहासिक महत्त्वका सम्पदला समेटी बृहत्तर लुम्बिनी क्षेत्र विकास गुरुयोजना निर्माणको कार्य सम्पन्न हुने अवस्थामा छ । ऐतिहासिक किल्ला र गढीको पुनर्निर्माण अन्तर्गत मकवानपुरगढीको संरचनाको गोरेटो निर्माणकार्य भइरहेको छ । दुगुनागढीको भूकम्पबाट धसिएको ढुंगा निकाल्ने कार्य प्रारम्भ भएको छ ।

कीर्तिपुरमा राष्ट्रिय साँस्कृतिक संग्राहलयको स्थापनाका लागि जग्गाको भोगाधिकार प्राप्त भइसकेको छ । संग्रहालय स्थापनाका लागि विस्तृत अध्ययन भइरहेको छ । प्रत्येक प्रदेशमा पर्यटकीय तथा साँस्कृतिक ग्राम स्थापनाको प्रक्रिया अघि बढाइएको छ । यसका लागि आवश्यक कार्यविधि स्वीकृत गरिएको छ । साँस्कृतिक ग्राम स्थापनाका लागि स्थमान छनौट गरिएको छ । प्रदेश नं १, २ र लुम्बनी प्रदेशमा सांस्कृतिक ग्राम स्थापनाका लागि पूर्व तयारीको कार्य गरिएको छ । नेपालमा वसोवास गर्ने विभिन्न जातजाति एवम् समुदायका अमूर्त साँस्कृतिक सम्पदा र कला संरक्षण एव पबर्द्धन गर्न सम्पदाको राष्टिय सूची तयार भई सकेको छ ।

विनाशकारी भूकम्पबाट क्षति पुगेका काठमाडौं उपत्यकाका ऐतिहासिक तथा पुरातात्विक महत्त्वका साँस्कृतिक सम्पदा पुननिर्माण कार्यलाई तीव्रता दिइएको छ । धरहरा निर्माण सम्पन्न भई सोसँग जोडिएका अन्य पूर्वाधारको निर्माण कार्य भइरहेको छ । रानीपोखरी र दरवार हाइस्कूल पुननिर्माण कार्य सम्पन्न भइसकेको छ । रात्रीकालीन काठमाडौ उपत्यका सम्पदा यात्रा सञ्चालनसम्बन्धी अवधारणापत्र तयार भइसेको छ । यसका लागि कृर्तिपुर, भक्तपुर, ललितपुर र काठमाडौंमा सम्पदा यात्राको रूट पहिचान भइसकेको छ । ललितपुर तथा काठमाडौंमा सम्पदा यात्रा सुरू गरिसकिएको छ ।

सोलुखुम्बुको सगरमाथा राष्ट्रिय निकुञ्जको अफ सिजनमा पनि पर्यटक प्रवेश शुल्कबाट ३२ लाख रूपियाँभन्दा बढी राजस्व सङ्कलन गरेको छ । अफ सिजनमा सगरमाथा क्षेत्र भ्रमण गर्ने पर्यटकबाट निकुञ्जले ३२ लाख ७० हजार एक सय रूपियाँ राजस्व सङ्कलन गरेको हो । निकुञ्जका सूचना अधिकारीका अनुसार गत असारदेखि हालसम्म एक हजार २९९ विदेशी र १७६ जना नेपाली पर्यटकबाट सो राजस्व सङ्कलन भएको हो । असारमा ८५७ विदेशी १८ नेपाली, साउनमा ३२३ विदेशी र ६२ नेपाली र भदौ १५ सम्म ५७ विदेशी र १८ जना नेपालीले सगरमाथा क्षेत्रको भ्रमण गरेको निकुञ्जको तथ्याङ्क छ । सगरमाथा क्षेत्रमा वर्षको दुई सिजन चैत अन्तिमदेखि जेठसम्म र असोजदेखि मंसिरसम्मलाई मुख्य पर्यटकीय सिजन मानिन्छ । यी दुई सिजनमा पर्यटक आगमन निकै बढी हुने गर्छ । बाँकी समय अफ सिजन हो ।

यस वर्षको अफ सिजनमा भ्रमण गर्न आउने विदेशी पर्यटकमा भारत, बेलायत, स्पेन, चीनलगायतका छन् । निकुञ्जले सार्क मुलुकका पर्यटकलाई प्रतिव्यक्ति एक हजार पाँच सय रूपियाँ, अन्य मुलुकका पर्यटकलाई तीन हजार रूपियाँ र नेपालीलाई एक सय रूपियाँ शुल्क लिने गरेको छ । यसअघि वर्षायाममा पर्यटक आवागमन ठप्प नै हुने गरेको थियो । यस क्षेत्रमा यस वर्ष भने दैनिक १५ देखि २० जनासम्म पर्यटक प्रवेश गर्ने गरेको सूचना अधिकारी रोकायले बताउनुभयो । पर्यटक आगमन बढेकाले खुम्बुका होटल, पसल र पर्यटन व्यवसाय चलायमान बन्दै गएको नाम्चेका पर्यटन व्यवसायी लामाकाजी शेर्पाले बताउनुभयो । लामो समय कोरोनाका कारण घर र कोठाभित्रै सीमित बन्नु परेकाले पछिल्लो समय भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको संख्या बढ्न थालेको अनुमान गरिएको छ ।

सन् २०२२ को पछिल्लो ८ महिना (जनवरीदेखि अगस्टसम्म) ३ लाख २३ हजार ५ सय ७९ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । गत महिना अगस्टमा भने ४१ हजार ३ सय ४ पर्यटक नेपाल आएका छन् । त्यसैगरी जुलाईमा ४४ हजार ४ सय ६२ पर्यटक आएका थिए । जुनमा ४६ हजार ९ सय ५७, मेमा ५३ हजार ६ सय ८ र अप्रिलमा ५८ हजार २ सय ४८ पर्यटक नेपाल आएका थिए । अफसिजनमा पनि पर्यटक आगमनदरमा क्रमशः वृद्धि हुँदै जानु सकारात्मक भएको होटल संघ नेपालका वरिष्ठ उपाध्यक्ष विनायक शाहले बताए । उनले भने, कोभिड-१९ पछिको पर्यटक आगमन दरमा क्रमशः सुधार हुँदै लयमा फिर्ता हुने क्रममा रहेको छ । सेप्टेम्बर, अक्टोबर, नोभेम्बर र डिसेम्बरका लागि प्रिबुकिङ पनि राम्रो नै रहेको छ । नेपाल भ्रमणका लागि खुला छ भन्ने सन्देश प्रवाह हुन नसकेकोले गर्दा आगमन दरमा जति सुधार हुनुपर्ने हो त्यति भने नरहेको वरिष्ठ उपाध्यक्ष शाहको भनाइ छ ।

अफ सिजनमा पनि मासिक ४० हजारभन्दा बढी आगमन हुनु भनेको अबको सिजनमा सन् २०१९ कै लयमा फिर्ता हुने क्रममा रहेको संकेत भएको नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा.धनञ्जय रेग्मीले बताए । उनले भने, पछिल्लो समय बंगलादेश र अमेरिका तथा युरोपियन पर्यटकहरूमा पनि क्रमशः वृद्धि हुँदै गएको छ । यसले गर्दा विश्वमा पर्यटन पुनरूत्थान गर्ने मुलुकको सूचीमा नेपाल परेको छ । बोर्डले पर्यटक आगमनदरमा वृद्धि गर्नका लागि स्रोत बजारमा नियमित प्रचारप्रसार गरिरहेको र चालू आर्थिक वर्षमा पनि मूलतः भारतका प्रमुख सहरमा प्रचारप्रसार गर्नेगरी कार्यतालिका बनाएर जोड दिने प्रमुख रेग्मीको भनाइ छ । सन् २०२२ को पहिलो महिनाबाट नै पर्यटक आगमनदरमा सुधार हुँदै गएको थियो । सन् २०२२ को पहिलो महिना जनवरीमा करिब १७ हजार पर्यटक घुम्नका लागि नेपाल आएका थिए । दोस्रो महिना फेब्रुअरीमा २० हजार, तेस्रो मार्चमा ४२ हजारले नेपाल भ्रमण गरेका थिए । सन् २०२० को अन्त्यमा फैलिएको कोभिड-१९ कारण पछिल्लो समय पर्यटक आगमनमा गिरावट आएको थियो । गत अगस्टमा भारतबाट १६ हजार, अमेरिकाबाट ४ हजार, बेलायतबाट २ हजार ८ सय, बंगलादेशबाट १ हजार ७ सय, चीन र अष्ट्रेलियाबाट २२ हजारको हाराहारीमा पर्यटक आएका छन् । नेपाल भ्रमणका लागि आउने पर्यटकमा भारतीय हिस्सा सबैभन्दा बढी छ । हवाई मार्गबाट मात्र आएको पर्यटकको संख्या भएकाले गर्दा भारतीय पर्यटकको आगमनदर संख्यामा भने कम देखिएको बोर्डले जनाएको छ ।

### नेपालको पर्यटन क्षेत्रको अवस्थाबारे अन्तर्राष्ट्रिय प्रतिवेदन

World Economic Forum ले व्यावसायिक वातावरण, पर्यटनसम्बन्धी नीति, पूर्वाधार तथा प्राकृतिक र साँस्कृतिक स्रोतहरूको प्रचुरता जस्ता मुख्या ४ वटा आयाम भित्रका विभिन्न १४ सूचकहरूको आधारमा तयार पारेको The Travel & Tourism Competitiveness Report 2017 नामक प्रतिवेदन अनुसार विश्वका १३६ देशमध्ये कूल ७ पूर्णांकमा ३.३ अंकसहित नेपाल १०३ स्थानमा देखिएको

छ । प्रतिवेदन अनुसार नेपालले एक वर्षमा जम्मा ५ लाख ३८ हजारको संख्यामा मात्र विदेशी पर्यटक भित्र्याउन सकेको देखिन्छ । जुन नेपालले लिएको वार्षिक लक्ष्यभन्दा कम रहेको छ । प्रतिवेदनले प्राकृतिक स्रोत साधनको उपलब्धता तथा पर्यटकले सेवा प्राप्त गर्दा भुक्तानी गर्नुपर्ने मूल्यको हिसाबले नेपालको अवस्था राम्रो देखिएको छ । यी सूचकमा नेपाल क्रमशः २७ र १९ औं स्थानमा रहेको छ भने वातावरणीय दिगोपना, भौतिक पूर्वाधारहरू, पर्यटक सेवासम्बन्धी पूर्वाधार, व्यावसायिक वातावरण, सूचना तथा प्रविधिको प्रयोगको अवस्था जस्ता सूचकहरूमा कमजोर अवस्थाको उजागर गरिदिएको छ ।

पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटन रणनीति योजना २०१६–२०२५ ले ११ वटा विशेष रणनीतिक लक्ष्यहरू निर्धारण गरेको छ ।

१. योजना तर्जुमा तथा विकासको लक्ष्य : पयर्टनलाई योजनाबद्ध र दिगो विकास गर्ने ।
२. ब्राण्डिङका लक्ष्यहरू : विश्वव्यापी रूपमा परिचित नेपालको पर्यटन ब्राण्ड स्थापना गर्ने र स्वदेश तथा विदेशमा नेपालको पयर्टनको छविलाई स्थापित तथा विस्तार गर्ने ।
३. बजारीकरण लक्ष्यहरू : वर्षभरि पयर्टक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्ने र आगन्तुकहरूबाट प्रतिपालित मूल्य, राजस्व, ऋतु र भौगोलिक वितरणमा उल्लेखनीय रूपले सुधार गर्ने ।
४. पयर्टन अर्थतन्त्रसम्बन्धी लक्ष्यहरू : राष्ट्रिय विकासका लागि गार्हस्थ उत्पादन र रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण र दिगोरूपमा वैदेशिक विनिमय आर्जन वृद्धि गर्नमा योगदान गर्ने ।
५. लगानी र व्यावसायिक वातावरण सुधारका लक्ष्यहरू : पर्यटन व्यवसायमा सुविधा तथा सेवाहरू विस्तार गर्नका लागि लगानी आकर्षित गरी व्यावसायिक विकासको वातावरण सुधार गर्ने ।
६. मानव संसाधन विकाससम्बन्धी लक्ष्यहरू : पयर्टन मानव संसाधनको क्षमता, गुणस्तर, सङ्ख्या र कार्यसम्पादनको सुधार गर्ने ।
७. पयर्टन गुणस्तर सुधारका लक्ष्यहरू : गुणस्तर, आवास, बसाइ, खाना, सुरक्षा र सार्वजनिक क्षेत्रको सेवाहरूमा सुधार ल्याई नेपालको पर्यटन अनुभवलाई फराकिलो पार्ने ।
८. पयर्टन पूर्वाधार विकासका लक्ष्यहरू : आवश्यक पयर्टन पूर्वाधार विकासका लागि स्पष्ट नीति तथा कार्य–योजना तयार पारी केन्द्र तथा प्रदेशहरूको समन्वयमार्फत कार्यान्वयनको वातावरण मिलाउने । यस कार्यमा संस्कृति, पयर्टन तथा नागरिक उड्डयन मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
९. संस्थागत संरचना, व्यवस्थापन तथा नीतिगत लक्ष्यहरू : पयर्टन क्षेत्रको विकास र दिगो वृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा प्रभावकारी संस्थागत र नियमनकारी ढाँचा विकास गर्ने ।
१०. साँस्कृतिक सम्पदाहरूको संरक्षणसम्बन्धी लक्ष्यहरू : नेपालको विविध मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गरी दिगो पर्यटन विकासमार्फत आय र रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग गर्ने ।

(११) प्राकृतिक वातावरण संरक्षणसम्बन्धी लक्ष्यहरू : प्रदुषण रहित (Zero Carbon) पयर्टनको विकास गरी पयर्टनको वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयुक्त रणनीति तय, योजना तर्जुमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकूल पयर्टन र यससम्बन्धी असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने ।

- पर्यटन नीति, २०६५
- (क) दीर्घकालीन दृष्टिकोण : नेपालका प्राकृतिक, साँस्कृतिक, जैविक एवम् मानवनिर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रूपमा विकास गर्नु पर्यटन क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहेको छ ।
- (ख) लक्ष्य : राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रमा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउनु पर्यटन क्षेत्रको लक्ष्य रहेको छ ।
- पर्यटन नीतिका उद्देश्यहरू देहाय बमोजिम छन् :-

(क) पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या– पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आबद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने,

(ख) देशका मूर्त-अमूर्त प्राकृतिक, साँस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरूको खोज, संरक्षण, सम्बर्द्धन एवम् विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रूपमा विकास गर्ने,

(ग) सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने,

(घ) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता स्रोत र साधनको दिगो रूपमा उपयोग गर्ने ।

पर्यटन नीति २०६५ मा उल्लेख गरिएअनुसार ग्रामीण पर्यटन उद्योग प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

(१) ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आबद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
(२) उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटनतर्फ आकर्षित गराउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ ।
(३) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तुतर्फ आकर्षित पर्यटकलाई पर्या-पर्यटन, ग्रामीण पर्यटनसँग आबद्ध गराउनका लागि आवश्यक प्याकेज बनाउन पर्यटन व्यवसायलाई प्रोत्साहन दिइनेछ ।
(४) ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गरिनेछ ।
(५) स्थानीय उत्पादनलाई पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी पर्यटनबाट प्राप्त लाभ स्थानीय समुदायसम्म पुऱ्याउने नीति लिइनेछ ।
(६) ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेसी, आदिवासी जनजाति र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गरिनेछ ।
(७) महिलाको नेतृत्वमा वा महिला समूहद्वारा सञ्चालन गरिने पर्यटकीय क्रियाकलापहरूमा विशेष प्रोत्साहनसहित प्रवर्द्धन गरिनेछ ।
(८) स्थापित पर्यटकीय सम्पदाका साथै ग्रामीण क्षेत्रमा विकास गरिएका नयाँ पर्यटकीय सम्पदालाई समेत उच्च प्राथमिकता दिई प्रचार प्रसार गरिनेछ ।
(९) ग्रामीण क्षेत्रका पर्यटक स्थलबाट भएको आम्दानीको निश्चित हिस्सा स्थानीयस्तरमा पर्यटन पूर्वाधार, वातावरण संरक्षणलगायत सामाजिक क्षेत्रमा खर्च गरिनेछ ।
(१०) स्थानीय समुदायहरूद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्रीको बिक्री वितरणका लागि बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।
(११) विभिन्न क्षेत्रमा भएका पर्यटकीय सम्पदाहरूको छुट्टाछुट्टै विशिष्ट पहिचान बनाई "एक स्थान एक पहिचानको" नीति अवलम्बन गरिनेछ ।
(१२) नेपालका पर्यटकीय सम्भाव्य गाउँहरूलाई स्थानीय जनसहभागिता समेतका आधारमा ग्रामीण पर्यटनस्थलका रूपमा विकास गरिनेछ ।
(१३) नेपालका पर्यटकीय गाउँको छनौट तथा विकास गरी पर्यटकहरूका लागि खास अवधिको Home Stay Village Tourism कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
(१४) पर्यटकीय दृष्टिले महत्त्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध क्रियाकलाप र गतिविधि अपनाइनेछ ।
(१५) स्थानीयस्तरमा मौलिक आकर्षण भएका सम्भाव्य गाउँहरूमध्ये प्रत्येक वर्ष कम्तीमा एक गाउँलाई पर्यटन गाउँका रूपमा विकास र प्रवर्द्धन गरिनेछ ।

नेपालमा आउने पर्यटक विभिन्न उद्देश्य लिएर आएका हुन्छन् । सो उद्देश्य पूरा गर्नका लागि उनीहरू नेपालका विभिन्न स्थानहरूमा भ्रमणका लागि जाने गर्दछन् । पर्यटकका दृष्टिले नेपालका धेरैजसो ठाउँह सम्भावित गन्तव्य स्थानहरू भन्न सकिन्छ । हिमाली भागमा हिमालहरू रहेका छन् । पहाडी भागमा नदी, ताल, झरना, धार्मिक स्थलहरू आदि रहेका छन् भने तराई क्षेत्रमा धार्मिक स्थलहरू तथा वन रहेका छन् । त्यसैले, एउटा पूर्ण नेपाल नै पर्यटकका लागि सम्पूर्ण हिसाबले गन्तव्य स्थान हो । तर पनि वर्तमान समयमा नेपालका जुन जुन स्थानहरूमा बढी पर्यटकहरूको आवत-जावत हुने गर्दछ ती स्थानहरू नै प्रमुख पर्यटक गन्तव्य स्थानहरू मानिन्छन् । नेपालका प्रमुख पर्यटक गन्तव्य स्थलहरू यसप्रकार रहेका छन् । १. मनोरञ्जनका लागि गन्तव्य स्थानहरू (Destination Zone for Entertainment): नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण देश हो । नेपालमा पर्यटकीय दृष्टिकोणले मनोरञ्जन स्थलहरू प्रशस्त संख्यामा रहेका छन् । त्यसमध्येको सबैभन्दा महत्त्वपूर्ण स्थान पोखरा हो । पोखरामा रहेको रमणीय वातावरण, तालहरू, प्याराग्लाइडिङ, गुफाहरू आदिका कारण पर्यटकहरू त्यहाँ जाने गर्दछन् । पर्यटकका लागि नेपालका प्रमुख स्थलहरूमा पोखरा, काठमाडौं, भक्तपुर, ललितपुर, चितवनको सौराह, बन्जिजम्पिङका लागि भोटेकोशीको उत्तरी भाग, न्याफिटङका लागि त्रिशुली तथा कोशी नदी आदि रहेका छन् । नेपालमा १० वटा राष्ट्रिय निकुञ्जहरू रहेका छन् । जसमा खप्तड राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, से फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरूण राष्ट्रिय निकुञ्ज र शिवपुरी राष्ट्रिय निकुञ्ज हुन् । नेपालमा ३ वटा वन्यजन्तु आरक्षण क्षेत्रहरू रहेका छन् । जुन शुक्लाफाँट वन्यजन्तु आरक्षण क्षेत्र कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्र र पर्सा वन्यजन्तु आरक्षण क्षेत्र हुने । नेपालमा शिकार आरक्ष क्षेत्र १ मात्र रहेको छ । जुन ढोरपाटन शिकार आरक्षण क्षेत्र हो । यस क्षेत्रमा पर्यटकहरू शिकारका लागि जाने गर्दछन् । नेपालमा संरक्षण क्षेत्रहरू ६ वटा रहेका छन् । संरक्षण क्षेत्रप्रति आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण बढ्दै गएको छ ।

नेपालका प्रमुख धार्मिक स्थलहरूमा लुम्बिनी, जनकपुर, पशुपतिनाथ, मुक्तिनाथ स्वर्गद्वारी, गोसाइँकुण्ड, मनकामना आदि छन् । गौतम बुद्धको जन्मस्थल भएकाले धार्मिक

पर्यटकहरू जनकहरू जाने गर्दछन् । भगवान शिवको दर्शनका लागि धार्मिक पर्यटकहरू काठमाडौंको पशुपतिनाथ क्षेत्रमा जाने गर्दछन् । मृत्युपश्चात मुक्ति पाइन्छ भन्ने धार्मिक मान्यताका आधारमा भगवान शिवको दर्शनका लागि धार्मिक पर्यटक मुक्तिनाथ जाने गर्दछन् । मृत्युपश्चात स्वर्गमा बास हुन्छ भन्ने मान्यताका आधारमा भगवान शिवको दर्शनका लागि धार्मिक पर्यटकहरू प्युठान जिल्लाको स्वर्गद्वारी जाने गर्दछन् । नेपालमा वि.सं. २०७१ मा धार्मिक पर्यटकको संख्या १२.५ प्रतिशत रहेको थियो । व्यापारिक भ्रमणका लागि गन्तव्य स्थानहरू (Destination Zone for Business Visit): नेपालमा व्यापारिक दृष्टिकोणले आउने पर्यटकहरूको प्रमुख गन्तव्य स्थान भनेको काठमाडौं हो । त्यसपछिका स्थानहरूलाई हेर्ने हो भने पोखरा, विराटनगर, विरगञ्ज, भैरहवा, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, बुटवल आदि हुन् ।

## पर्यटन ऐन, २०३५

पर्यटनको विकास गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न र नेपाल राज्यमा आउने पर्यटकहरू तथा नेपाल राज्यको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली पर्यटकहरूको स्वास्थ्य, सुविधा र हितको निमित्त आवश्यक व्यवस्थाहरू पर्यटन ऐनले गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा पर्यटनको विकास कार्यक्रमअन्तर्गत नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रूपमा स्थापित गरिने नीति लिइएको छ । आगामी वर्ष थप १० लाख पर्यटक भित्र्याउने गरी कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको छ । नेपालको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोको रूपमा विकास गरी नयाँ पुस्तालाई नेपाल भ्रमणका लागि आकर्षित गरिनेछ । दिगो विकास तथा वातावरण संरक्षणतर्फ संवेदनशील हुँदै उच्च मूल्यका हरित पर्यटन तथा पर्या पर्यटन प्रवर्द्धन गरिने कार्यक्रम राखिएको छ । लिम्बु, राई, थारू, गुरूङ, कुमाल, मगर, हायु, राजवंशी लगायतका जनजातिका मुख्य थलो, साँस्कृतिक रूपमा मिथिला क्षेत्र, आधुनिकताले नछोएका गाउँहरू र ग्रामीण जीवन, विशेष प्राकृतिक स्थल तथा भिन्न प्रकारको संस्कृति एवम् रहनसहन भएका क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने नीति लिइएको छ ।

कोभिड-१९ महामारीबाट प्रभावित होटललगायत पर्यटन क्षेत्र सम्बद्ध व्यवसायकोआर्थिक वर्ष २०७९/८० को वार्षिक ईजाजत र नवीकरण दस्तुर छुट दिने व्यवस्था मिलाइने नीति राखिएको छ । पर्यटन क्षेत्रको पुनरूत्थानका लागि प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिइने कार्यक्रम राखिएको छ । होटेल व्यवसायलाई नेपालमा उत्पादित खाद्यान्न, माछामासु, तरकारी लगायतका वस्तुहरू प्रयोग गर्न उत्प्रेरित गरिने कार्यक्रम राखिएको छ । ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको उत्खनन् कार्यलाई निरन्तरता दिइने कार्यक्रम राखिएको छ । भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदाहरूको पुन: निर्माणको कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्न रू. २ अर्ब विनियोजन गरिएको छ । पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिने लक्ष्य राखिएको छ । प्रदेश सरकार र निजी क्षेत्रको सहकार्यमा पहाडी तथा हिमाली क्षेत्रमा मनोरञ्जनात्मक तथा साहसिक पर्यटनका लागि हिल स्टेशनहरू विकास गर्न प्रोत्साहन गरिने नीति लिइएको छ । स्थानीय तहको लागत साझेदारीमा २१६ स्थानमा सञ्चालित पर्यटन पूर्वाधार विकास कार्यक्रमका लागि रू. ९० करोड विनियोजन गरिने कार्यक्रम राखिएको छ ।

आरोहणका लागि खुल्ला गरिएका हिमालहरूको आधार शिविरसम्म जाने पदमार्गको स्तरोन्नति गरिने कार्यक्रम राखिएको छ । पदमार्गमा सञ्चार सुविधाको पहुँच विस्तार गर्न बजेट व्यवस्था गरिने कार्यक्रम राखिएको छ । उच्च हिमाली क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म फैलिएको ग्रेट हिमालयन ट्रेलको निर्माणका लागि ३३ करोड विनियोजन गरिने नीति लिइएको छ । छिमेकी मुलुक भारत र चीनबाट पर्यटक आगमन वृद्धि गर्न सीमावर्ती सहर, ठूला सहर र शैक्षिक संस्थामा पर्यटन मेला तथा रोड शोजस्ता विशेष कार्यक्रमहरू नेपाल पर्यटन बोर्डमार्फत सञ्चालन गरिने नीति लिइएको छ ।

सगरमाथा क्षेत्रमा पर्वतारोहण अनुसन्धान केन्द्र र शेर्पाहरूको साहसिक पहिचान झल्किने संग्रहालय स्थापना गरिने नीति लिइएको छ । पाँचसय वर्षभन्दा पुराना हिमाली गुम्बाहरूको संरक्षणका लागि हिमाली गुम्बा संरक्षण कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ । काठमाडौं महानगरपालिकासँगको सहकार्यमा एक नेवाः सङ्ग्रहालय स्थापना गरिनुका साथै पोखरामा गुरूङ मौलिक संस्कृति संरक्षण गुरूयोजना कार्यान्वयन गर्न सहयोग गरिने नीति लिइएको छ । प्रमुख पर्यटकीय गन्तव्यसम्मको यात्रा सहज बनाउन मुगु, मनाङ, मुस्ताङ र सोलुखुम्बु जस्ता पर्यटकीय क्षेत्रको सडक स्तरोन्नतिका लागि आवश्यक बजेट व्यवस्था गरेको छ । पर्यटकीय गन्तव्यहरूमा खानेपानी, शौचालय, सरसफाइ, ढल व्यवस्थापन, साइकल लेन, नि:शुल्क इन्टरनेट लगायतको सुविधा उपलब्ध गराउने प्रबन्ध गरिने कार्यक्रम राखिएको छ ।

## बाधा तथा समस्याहरू

नेपाल पर्यटकहरूका लागि प्रमुख आकर्षणको क्षेत्र हो । यहाँका हिमालहरू, प्राकृतिक सौन्दर्य र मैत्रीपूर्ण संस्कृति एवम् समृद्ध कलाहरू नै पर्यटकहरू आकर्षित गर्ने मुख्य

साँचोहरू हुन् । तर पनि यो क्षेत्र निकै समस्याग्रस्त रहेको कारणले गर्दा बढी पर्यटकहरूलाई आकर्षित गर्न र आएका पर्यटकहरूको बसाई अवधि लम्ब्याउन सकिएको छैन । केही प्रमुख समस्याहरू निम्नानुसार छन् :–

(१) यातायातको अभाव :– नेपालमा यातायात साधन र सडकहरूको निकै कमी छ । यसले गर्दा पर्यटकहरूलाई कतिपय मनोरम क्षेत्रमा पुऱ्याउन कठिनाइ परेको छ । पैदल यात्रा गर्ने बाटोहरू पनि बढी जोखिमपूर्ण छन् । विमान व्यवस्थाको कमीले गर्दा पनि पर्यटकहरूलाई बढी संख्यामा भित्र्याउन सकिएको छैन ।

(२) मनोरञ्जनका साधनहरूको कमी – पर्यटकहरूको बसाईलाई लामो र आकर्षक बनाउन विभिन्न प्रकारका मनोरञ्जनका साधनको व्यवस्था मिलाइनु पर्दछ । नेपालमा यस्ता मनोरञ्जनका लागि आवश्यक क्लब, नाचघर, सिनेमा, पसल, पार्क आदिको अभाव छ । केबुलकार स्किइङ जस्ता साधनहरू त छँदै छैनन् । साँस्कृतिक कार्यक्रमहरूका साथै मनोरञ्जन कार्यक्रमको व्यवस्था गर्न सके मात्र हालको औसत पर्यटक बसाई दिनलाई १३ दिनबाट बढाउन सकिन्छ ।

(३) पर्यटक योग्य वस्तुहरूको अभाव :– पर्यटकहरूको रहन सहनसँग मिल्ने तिनलाई आवश्यक पर्ने वा तिनका लागि नभई नहुने वस्तुहरू हामीले पर्याप्त व्यवस्था गर्न सकेका छैनौं । यसले गर्दा पर्यटकहरूबाट प्राप्त हुने विदेशी मुद्राको ठूलो अंश पुनः आयातमा खर्च गर्नुपरेको छ ।

(४) पर्यटन स्थलहरूको अव्यवस्था : हाम्रा पर्यटन स्थलहरू अधिकांश जीर्ण भएका र संरक्षणको अभावमा अस्तव्यस्त भएका छन् । यस्ता स्थलहरूको उचित स्याहार सम्भार र मर्मत कार्य नहुनाले फोहोर र अनाकर्षक हुन पुगेका छन् । यसले गर्दा पर्यटकहरू त्यस्ता स्थानमा जान कम मात्र रूचि लिने गर्दछन् ।

(५) अविकसित पर्यटन स्थलहरू : नेपालमा आउने अधिकांश पर्यटकहरू काठमाडौं र पोखरा घुमेर फर्कन्छन् । देशमा भएका लुम्बिनी, जनकपुर जस्ता स्थलहरू एवम् अन्य सहरहरूको आवश्यक विकास भएको छैन । जसले गर्दा पर्यटकहरूलाई त्यहाँसम्म पुऱ्याउन सकिएको छैन ।

(६) पर्यटन सूचना केन्द्रको अभाव : नेपालमा आउने पर्यटकलाई नेपालबारे विभिन्न प्रकारका सूचनाहरू प्रवेशस्थलमै उपलब्ध गराइनु पर्दछ । तर हामीकहाँ यस्ता सूचना केन्द्रहरूको अभाव छ । भएका सूचना केन्द्रसमेत अव्यवस्थित र गतिहीन छन् । लुम्बिनी जस्तो महत्त्वपूर्ण क्षेत्रको सम्बन्धमा समेत नेपाल घुम्ने पर्यटकले थाहासम्म नपाएको पनि भेटिन्छ । फेरि कुन स्थानको यात्रामा जाँदा के कस्तो व्यवस्थासहित जानुपर्छ र कहिले के कस्तो प्रक्रिया वा उपायहरू प्रयोग गर्नुपर्छ भन्ने कुराको जानकारी दिने केन्द्रहरू समेत नभएकोले गर्दा पर्यटन जोखिमपूर्ण र कुहिरोको काग झैं भएको छ ।

(७) मनोरञ्जनका साधनहरूको विकास हुन नसक्नुः

विदेशी पर्यटनहरू खास गरी नेपालको प्राकृतिक सम्पदाहरूबाट मनोरञ्जन लिने उद्देश्यले नेपाल आउने गर्दछन् । तर यहाँ प्रशस्त मात्रामा मनोरञ्जनका साधनहरू जस्तैः ऱ्याफ्टिङ्ग, बोटिङ्ग, रोपवे आदिको विकास गर्न सकिएको छैन ।

(८) ठूला तथा सुविधायुक्त होटलको अभाव :

काठमाडौं जस्ता ठूला सहरहरूमा केही सीमित होटलहरूमा भए पनि नेपालका सबै पर्यटकीय स्थलहरूमा यस्ता सुविधायुक्त होटलको विकास हुन सकेको छैन । यसले गर्दा पर्यटन व्यवसाय फस्टाउन सकेको छैन ।

(९) प्रचारप्रसारको अभावः

पर्यटन उद्योगको प्रवर्द्धनका लागि विकसित देशहरूमा नेपालको पर्यटकीय स्थलहरूको बारेमा व्यापक प्रचारप्रसार हुनु जरूरी छ । तर यस्तो हुन सकिरहेको छैन । जसले गर्दा पर्यटकहरू नेपाल आउन चाहेर पनि आउन सकिरहेका छैनन् ।

(१०) सुरक्षाको अभाव

नेपालमा पर्यटकहरूलाई सुरक्षाको सुविधा छैन । ठगी गर्नेहरूले पर्यटकहरूबाट अनावश्यक ठगी गर्ने गर्दछन् भने लुट्ने पिट्ने समेत गरेका उदाहरणहरू छन् । यसले गर्दा विदेशी पर्यटकहरू नेपाल आउन चाहँदैनन् ।

(११) पर्यटकीय क्षेत्रहरूको पहिचानको अभाव : पर्यटकीय दृष्टिकोणले उपयुक्त दशका विभिन्न भागमा पर्यटन उद्योग फैलिन नसकी केही क्षेत्रमा मात्र सीमित रहनु, दुर्गम हिमाली र पर्यटनका दृष्टिले महत्त्वपूर्ण अन्य स्थानहरूमा पर्यटन पूर्वाधारको आवश्यक विकास हुन नसक्नु आदि समस्याका रूपमा रहेका छन् ।

(१२) वातावरणीय प्रदुषण : पर्यटनको प्रमुख केन्द्रको रूपमा रहेको काठमाडौं उपत्यकाको बढ्दो प्रदूषण र फोहोर तथा पर्यटन स्थलहरूको समेत उचित संरक्षण नगरिनु जस्ता समस्याहरू यस क्षेत्रको विकासका प्रमुख चुनौतीहरूको रूपमा रहेका छन् ।

### (१३) विविध :

(क) सरकारी तथा निजी क्षेत्रको सहकार्यमा दुवै वित्तीय, जोखिम, प्रतिफल वितरणलगायत विविध पक्षमा आपसी समझदारी कायम गरेका हुन्छन् । तर पनि निजी क्षेत्रले विभिन्न प्रयास गरी सरकारी नियन्त्रण आफ्नो अनुकुल बनाउन सक्ने सम्भावना रहन्छ । सरकारी तथा निजी क्षेत्रको सहकार्यको व्यवस्थापनमा लागि प्रशासनिकलगायत अन्य विविध व्यवस्था मिलाउनुपर्दछ । पारदर्शिता, प्रभावकारिता लगायतको वातावरण तयार गर्न अन्तर्क्रिया, आवश्यकता अनुसार तालिम तथा अन्य कुराको व्यवस्था मिलाउनुपर्दछ । यी सबै कार्यका लागि खर्चको आवश्यकता पर्दछ । यसले गर्दा लागत घटाउने प्रयास निरर्थक बन्न सक्दछ ।

(ख) पूर्वाधारको विकास, सामाजिक सेवाको वितरणका कार्यमा हुने लगानी, जोखिम, जिम्मेवारी तथा प्रतिफल विवरणको सवाल जटिल हन्छ । तर नेपाल जस्तो कम विकसित देशमा यस्तो व्यवस्थामा गर्ने जनशक्ति, प्रविधिलगायत विविध कुराको अभाव हुने हुँदा उद्देश्यअनुरूप कम हुन सक्दैन । गुणस्तरीय तथा भरपर्दो सेवा विस्तारका लागि सेवाप्रदायकबीच प्रतिस्पर्धा हुनु आवश्यक छ । तर यस्तो सहकार्यले निजी क्षेत्रको प्रतिस्पर्धा गर्ने क्षमता तथा वातावरणमा नकारात्मक प्रभाव पार्दछ । यसले गर्दा प्रतिस्पर्धामा कमी आई कतिपय अवस्थामा सेवाको गुणस्तरमा पनि कमि आउँदछ ।

ग) सरकारले निजी क्षेत्रका सबै व्यक्ति, संस्था आदिसँग सबै अवस्थामा सहकार्य गर्न सक्दैन । कतिपय व्यक्ति, संस्था र सरकारको कार्यमा सहभागी बन्न सक्ने र केही नसक्ने अवस्थाले गर्दा पक्षपात हुन सक्ने अवस्थाको सिर्जना हुन्छ । फलस्वरूप सहकार्यको प्रयासलाई सबैतर्फबाट सहयोग हुन नसकी असफलताको अवस्था सिर्जना हुन्छ । नेपालको आर्थिक तथा सामाजिक विकास सन्दर्भमा सरकारी तथा निजी क्षेत्रको सहकार्य आवश्यक छ । तर पनि यसको सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा अनेकौं कठिनाइहरू रहेका छन् । यी कठिनाइहरू घटाउन सकेको खण्डमा नेपालजस्तो कम विकसित देशको सन्दर्भमा आर्थिक तथा सामाजिक विकासका लागि महत्त्वपूर्ण मोडेल बन्न सक्दछ ।

### नेपालमा पर्यटन उद्योगको समस्या समाधानका उपायहरू

नेपालमा पर्यटन उद्योगको विकास र विस्तारमा विभिन्न किसिमका समस्याहरू विद्यमान रहेको पाइन्छ । जसलाई समाधान गर्नुपर्दछ । अतः पर्यटन उद्योगमा देखिएका समस्याहरूलाई समाधान गर्नका लागि केही सुझावहरू प्रस्तुत गरिएको छ :

१. ऐतिहासिक, साँस्कृतिक एवम् धार्मिक स्थल तथा स्मारक र जीवन्त साँस्कृतिक सम्पदाहरूको संरक्षण एवम् प्रवर्द्धनका माध्यमबाट नेपाललाई साँस्कृतिक पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्नुपर्दछ ।
२. प्राकृतिक सौन्दर्य र जैविक विविधता आदिकोसंरक्षण रप्रवर्द्धनबाट पर्यावरणीय पर्यटनको प्रवर्द्धनमार्फतबढीभन्दा बढी पर्यटकहरूलाई आकर्षण गर्नु अपरिहार्य भएको छ ।
३. पर्यटकीय पूर्वाधारहरूकोविकास र साँस्कृतिक सम्पदा स्थलहरूको पहिचान गरी एकीकृत तथ्याङ्कीय आधार निर्माण गर्नुपर्दछ ।
४. साँस्कृतिक समपदा स्थलहरूको संरक्षणमा स्थानीय निकाय एवम् सर्वसाधारणहरूको सहभागिता अभिवृद्धि गर्नुपर्दछ।
५. साँस्कृतिक र जैविक पर्यटन तथा रचनात्मक एवम् नवीनतम पर्यटनको विकास एवम् विस्तार गर्ने कार्य गर्नुपर्दछ ।
६. विभिन्न भौगोलिक क्षेत्रहरूमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।
७. पर्यटकीय पूर्वाधारहरूकोविस्तार तथा पर्यटकलाई आकर्षण गर्न व्यापकप्रचार प्रसार गर्नुपर्दछ ।
८. शान्ति सुरक्षाकोसहज स्थितिको सिर्जना गर्नुपर्दछ।
९. अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट बेलाबेलामा नेपालका बारेको सकारात्मक प्रचार प्रसार गर्नुपर्दछ।
१०. ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्त्वका मठ, मन्दिर,कला संस्कृति तथा परम्पराको संरक्षण र सम्बर्द्धनका माधयमबाट नेपाललाई साँस्कृतिक,गन्तव्य स्थलका रूपमा विकसित गरी अधिकाधिक मात्रामा पर्यटकहरूलाई आकर्षित गर्दै लैजानु पर्दछ ।
११. पुरानाका साथसाथै नयाँ खोलिएका पर्यटकीय स्थलहरूमा पर्यटकलाई उपलब्ध गराउने सेवा सुविधाहरू ग्रामीण क्षेत्रतर्फ अभिमुख गराउन सक्नुपर्दछ ।
१२. ग्रामीण पर्यटनको विकासका लागि अपार सम्भावनाहरू बोकेको नेपालमा नयाँ नयाँ पर्यटकीय गन्तव्यको खोजी र त्यस क्षेत्रमा पर्यटकहरूलाई आकर्षित गराउन सक्नुपर्दछ ।

सन्तुलित प्रकृतिको सहकार्य व्यवस्थापन गर्न सकेमा यसका समस्यालाई केही मात्रामा भए पनि न्यून गर्न सकिन्छ । यसका लागि कामको प्रकृतिअनुसार जोखिम, लगानी, प्रतिफलको वितरण आदिमा सन्तुलन कायम गर्ने पारदर्शी मापदण्डहरू बनाउनु आवश्यक छ । सहकार्यमा जिम्मेवारी महत्त्वपूर्ण कुरा हो । जिम्मेवारीको विभाजनलाई पारदर्शी तथा उपयुक्त बनाउनु आवश्यक छ । कुन कुरामा सरकारी पक्षले ध्यान दिने र कुनमा निजी क्षेत्र क्रियाशील रहने भन्ने कुरा व्यवस्थित बनाउन सकेमा सहभागिताका

बीचमा समस्या आउँदैन । सरकार तथा निजी क्षेत्रका उद्देश्य तथा चाहनामा विविधता, अनेकता रहनु स्वाभाविक हुँदा कतिपय उद्देश्यहरू एक–अर्काका सन्दर्भमा विरोधाभास पनि रहन सक्दछन् । यस्तो अवस्थामा समन्वयात्मक प्रयास गर्नुपर्दछ । दुवै पक्षका उद्देश्य पूरा गर्न सकिने मापदण्डहरू आपसी छलफलद्वारा तय गरी समन्वयात्मक प्रयासमा लाग्नु आवश्यक छ । सरकारी तथा निजी सहकार्यका सन्दर्भमा व्यापक अन्तर्क्रिया हुनु आवश्यक छ । त्यसमा हुने लगानी, जोखिम, प्रतिफल आदिका सन्दर्भमा यथेष्ट छलफल गरी कार्यान्वयन गर्न सकेका खण्डमा दुवै पक्षमा समझदारी रहन्छ । सहकार्यको सन्दर्भमा पादर्शिताका विभिन्न उपायहरू अवलम्बन गर्नु आवश्यक गरी छलफल तथा विचार विमर्श गर्ने परिपाटी अपनाउनु आवश्यक छ । यसो गर्न सकेमा सबैमा अपनत्वको भावना सिर्जित हुन्छ ।

पर्यटकीय दृष्टिकोणले उपयुक्त देशका विभिन्न भागमा पर्यटन उद्योग फैलिन नसकी केही क्षेत्रमा मात्र सीमित रहनु, दुर्गम हिमाली र पर्यटनका दृष्टिले महत्त्वपूर्ण अन्य स्थानमा पर्यटन पूर्वाधारको आवश्यक विकास हुननसकेको देखिन आउँछ । पर्यटनको प्रमुख केन्द्रको रूपमा रहेको काठमाडौंको बढ्दो प्रदुषण र फोहोर तथा पर्यटन स्थलहरूको समेत उचित संरक्षण नगरिनु जस्ता समस्याहरू यस क्षेत्रको विकासका प्रमुख चुनौतीका रूपमा रहेका छन् । देशका विकट क्षेत्रहरूमा रहेका पर्यटकीय स्थलहरूको पहिचान र विकास गर्न नसक्नु, पर्यटनकीय क्षेत्रमा यातायात र सञ्चारको समुचित व्यवस्था मिलाउन नसक्नु, पर्यटकहरूको बसाई लम्ब्याउने खालका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, प्राकृतिक, साँस्कृतिक र ऐतिहासिक महत्त्वका स्थलहरूको संरक्षण गर्न नसक्नु, राजधानी लगायतका विभिन्न ठाउँमा वातावरण प्रदुषण बढ्दै जानु आदि जस्ता कयौं समस्याहरू आज पनि नेपालमा पर्यटन विकासका लागि अवरोधको रूपमा रहेका छन् ।ऐतिहासिक, साँस्कृतिक एवम् धार्मिकस्थल तथा स्मारक र जीवन्त साँस्कृतिक सम्पदाहरूको संरक्षण एवम् प्रवर्द्धनका माध्यमबाट नेपाललाई साँस्कृतिक पर्यटकीय गन्तव्य स्थलकारूपमा तथा प्राकृतिक सौन्दर्य र जैविक विविधता आदिको संरक्षण र प्रवर्द्धनबाट पर्यावरणीय पर्यटनको प्रवर्द्धनमार्फत बढीभन्दा बढी पर्यटकहरूलाई आकर्षण गर्नु अपरिहार्य भएको छ । पर्यटकीय पूर्वाधारहरूको विकास र साँस्कृतिक सम्पदास्थलको पहिचान गरी एकीकृत तथ्याङ्कीय आधार निर्माण गर्ने, साँस्कृतिक सम्पदा स्थलहरूको संरक्षणमा स्थानीय निकाय एवम् सर्वसाधारणहरूको सहभागिता अभिवृद्धि गर्ने तथा साहसिक र जैविक पर्यटन तथा रचनात्मक एवम् नवीनतम पर्यटनको विकास एवम् विस्तार गर्ने कार्य आजको आवश्यकता बनेको छ ।

ग्रामीण एवम् विपन्न वर्ग र क्षेत्रसम्म पुग्ने गरी सीप विकास तथा तालिमको व्यवस्था गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि उपयुक्त तालिमको व्यवस्थाका साथै अदक्ष श्रमिकलाई सीपयुक्त र दक्ष बनाउनु आवश्यक छ । सीमित भौगोलिक क्षेत्रहरूमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू केन्द्रित रहनु, पर्यटकीय पूर्वाधारहरूको विस्तार हुन नसक्नु, पर्यटकलाई आकर्षण गर्न व्यापक प्रचार प्रसार हुन नसक्नु, शान्ति सुरक्षाको असहज स्थितिको सिर्जना हुनाले ग्रामीण पर्यटनको राम्रोसँग विकास हुन सकेको छैन । अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट बेलाबेलामा नेपाल बारेको नकारात्मक प्रचार प्रसार आदि कारणले पर्यटकहरूको आगमन संख्या र बसाई अवधिलाई लम्ब्याउन सकिएको छैन । उपयुक्त कठिनाइको सामना गरी पर्यटक संख्या र पर्यटक बसाई अवधि बढाई पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने कार्य अर्को ठूलो चुनौतीको रूपमा रहेको छ । सशस्त्र द्वन्द्व, बन्द, हडताल अनेकन बाहानामा सिर्जित राजनीतिक अस्थिरताले विगतमा पर्यटन व्यवसाय ओरालो लागेको हरिण जस्तै भएको छ । नेपालको अन्तर्राष्ट्रिय जगत्मै द्वन्द्वग्रस्त देशका रूपमा धमिलो छाप परेको थियो । तर शान्ति स्थापनासँगै नेपाली पर्यटन उकालो लाग्दैछ । जसका कारण दिगो पर्यटन विकासमा आशाका किरणहरू देखा परेका छन् ।

ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्त्वका मठ, मन्दिर संस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धनका माध्यमबाट नेपाललाई साँस्कृतिक, गन्तव्य स्थलका रूपमा विकसित गरी अधिकाधिक मात्रामा पर्यटकहरूलाई आकर्षित गर्दै लैजान अहिलेको महत्त्वपूर्ण आवश्यकता हो । यसको साथसाथै नयाँ खोलिएका पर्यटकीय स्थलहरूको पर्याप्त विकास नहुनु र पर्यटकलाई उपलब्ध गराउने सेवा सुविधाहरू ग्रामीण क्षेत्रतर्फ अभिमुख हुन सकेको छैन । पर्यटन क्षेत्रबाट आर्जितमध्ये मुलुकभित्रै रहने रकम लाभ तथा लागत, मूल्यमा आधारित गुणस्तरीय पर्यटनको विकासको निम्ति प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी र जनशक्तिको व्यवस्था, पर्यटनको गुणात्मक लाभको स्थिति, निर्मित पूर्वाधारहरूको उपयोगको स्तर र लगानीको आवश्यकता आदि जस्ता विषयहरूको लेखाजोखा हुन सकेको छैन । कलाकौशललाई व्यावसायिक प्रयोग गर्ने र सम्पदा स्थलको व्यवस्थापन आत्मनिर्भर बनाउने गरी स्थानीय समुदायलाई संलग्न गराउने कार्यहरू सुस्त गतिमा रहेका छन् ।

विकेन्द्रीकरणको सिद्धान्तलाई अंगीकार गर्दै नेपाल सरकार तथा विभिन्न दातृ निकायहरूको सहयोगमा सन् २००१ देखि ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रम (TRPAP) जस्तो कार्यक्रम नुमनाको रूपमा प्रयोग गर्न अभ्यास सुरू भएको छ । यो प्रयासअन्तर्गत लाभान्वित हुने समूह तथा क्षेत्रमा गरिब र महिलाहरूलाई बढी प्राथमिकता दिएर सञ्चालन गरिएको यस किसिमको प्रयास सम्भव त दक्षिण एशियामै पहिलो हो । यस कार्यक्रमको कार्यान्वयनले हिजोसम्म कुनै सरोकार नै नभएकाहरूले पर्यटनबाट फाइदा पाउन सक्ने अवस्था सिर्जना भएको छ भने कुनै सीप नै

नभएकाहरूले पनि पर्यटनको केही न केही लाभ पाउन थालेका छन् । अधिराज्यका ६ जिल्लाका ४८ गाउँ विकास समितिमा सञ्चालन भएको यस कार्यक्रमले गर्ने उपलब्धि राष्ट्रिय दृष्टिले निकै सानो हुन सक्दछ । तर यसलाई अन्य जिल्लाहरूमा पनि प्रतिविम्बित गर्न सक्यो भने यस कार्यक्रमको सार्थकता र उपलब्धि स्थापित हुन सक्नेछ । TRPAP ले सञ्चालन गरेको कार्यक्रमको ढाँचा धेरै खर्चिलो प्रकारको छैन । यसले सम्बन्धित जिल्ला विकास समितिहरूलाई उत्तरदायी बनाई भइरहेका सम्पदाहरूको पर्यटकीय उपयोग गर्ने र यसका लागि उचित बाटो पहिल्याईदिने कार्य गरेको छ र नेपाल पर्यटन बोर्डले अधिराज्यका त्यस्ता सम्भाव्य पर्यटकीय गाउँ तथा जिल्लाहरूलाई देशभित्र र बाहिर परिचित गराईदिने, बजार खोजीदिने र प्रवर्द्धन गर्ने कुरामा जोड दिइनु अति आवश्यक रहन आएको छ ।

## वर्तमान पन्ध्रौं योजना २०७६–२०८१ मा पर्यटन विकास कार्यक्रम

सोच : नेपाल एक आर्कषक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य

लक्ष्य : विश्वपर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापितगर्ने,

### उद्देश्य

१. नेपाललाई सुरक्षित, गुणस्तरीय रपर्यटनमैत्रीबनाई आर्कषक पर्यटक केन्द्रको रूपमाविकास गर्नु

२. पर्यटकीय गन्तव्य स्थलतथाउपजमाविविधीकरण गरी पर्यटन क्षेत्रको अर्थतन्त्रको योगदान वृद्धि गर्नु

३. पर्यटकीय क्षेत्रबाट प्राप्तलाभलाई समन्वयायिक रूपले जनस्तरसम पुरयाउनु

### रणनीति

१. छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा नेपाली पर्यटनको व्यापक प्रचार प्रसार गर्ने र प्रवर्द्धन गर्ने,

२. पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गर्ने

३. स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै, सार्वजनिक नीति साझेदारीको अवधारणा अनुरूप आधुनिक पर्यटन पूर्वाधारको बजारीकरण र प्रवर्द्धन गर्ने

४. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको संवाहकको रूपमा विकास गरिनेछ । पर्यटकीय गन्तव्य स्थलको पहिचान, विकास तथा विविधीकरण गर्न प्रदेश र स्थानीय तहले अग्रणी रूपमा निजी क्षेत्रसँग सहकार्य गर्ने,

५. पर्यटकीय उपजलाई मूल्य शृङ्खलामा आबद्ध गरी स्थानीय स्तरसम्म यस क्षेत्रको वितरण गर्ने

### कार्यनीति

१. नेपालप्रतिको अन्तर्राष्ट्रिय पर्यटकको धारणा र छवि निर्माण गर्न अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाल चिनाउने सामग्रीको विकास, उत्पादन र प्रचारप्रसार गरिनेछ । दोहोऱ्याएर नेपाल प्रवेश गर्ने पर्यटकलाई नेपाल चिनाउने दुत बनाई सम्मान गरिनेछ ।

२. सूचना तथा सञ्चार र अन्य प्रविधिको उपयोग गरी स्वदेश तथा विदेशमा पर्यटन प्रचार प्रसार गर्नुको साथै नेपाल भ्रमण वर्ष २०२० लगायतका प्रवर्द्धनात्मक कार्यक्रम गरिनेछ । तीन तहका सरकार, निजी क्षेत्र र समुदाय समेतको सहकार्यमा पर्यटन क्षेत्रको समग्र विकासका लागि गुरूयोजना तयार गरी लागु गरिनेछ ।

३. मनोरन्जनात्मक तथा अन्य क्रियाकलापका लागि उपयुक्त क्रियाकलापको विकास गरी यस क्षेत्रको विकास गरिनेछ । संवेदनशील एवम् जलवायु सङ्कटापन्न र जोखिममा रहेका पर्यटनस्थल एवम् साँस्कृतिक सम्पदाको संरक्षण गरिनेछ ।

४. पर्यटकीय क्रियाकलापबाट सिर्जीत फोहोरमैला एवम् प्रदुषण नियन्त्रण गर्न मापदण्ड बनाई नियमन र नियन्त्रण गरिनेछ । पर्यटन सेवा सुविधालाई विविधीकरण, वर्गीकरण तथा प्रभावकारी नियमन गरी गुणस्तरीय अभिवृद्धि गरिनेछ ।

५. साहसिक पर्यटन पदमार्गको पहिचान र विकास गरिनेछ । पर्यटन क्षेत्रलाई वातावरणमैत्री, उर्जा किफायति एवम् जलवायु उत्थानशील बनाउन नीतिगत व्यवस्था गरिनेछ । पर्यटन सम्बद्ध नीति तथा कानुनको समसामयिक सुधार गरिनेछ ।

६. शिक्षा, स्वास्थ्य, खेलकुदका क्षेत्रहरू समेटेर एकीकृत पर्यटन विकास मोडेल विकास गरिनेछ । राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदानको सही लेखाङ्कन गर्न विस्तारित लेखा तयार गरिनेछ । पर्यटन विकासमा तहगत सरकार र अन्तर मन्त्रालय तथा निकायगत समन्वय र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

७. पर्यटन पूर्वाधार विकासमा प्रदेश, स्थानीय तह, निजी क्षेत्र र समुदायको लगानीका लागि मोडेल विकास गरिनेछ । पर्यटकीय सम्पदा र पर्यटन स्थललाई पहुँचयोग्य र पर्यटकमैत्री बनाइनेछ । पर्यटन विकासका लागि आधुनिक मनोरञ्जनात्मक यातायात पूर्वाधार विकास गरिनेछ ।

८. पर्यटन क्षेत्रमा रणनीतिक हिसाबले लाभ अभिवृद्धि गर्न अध्ययन, अनुसन्धान, अन्वेषण तथा तथ्याङ्क व्यवस्थापन गरिनेछ । समुदायमा आधारित ग्रामीण एवम् होमस्टे पर्यटनको विस्तार गरी यस क्षेत्रबाट प्राप्त लाभलाई जनस्तरसम्म पुऱ्याइनेछ । ताप्लेजूङदेखि दार्चुलासम्मको हिमालयन पदमार्ग र हिमाली क्षेत्रमा केवलकार लगायतका पूर्वाधार विकास गरिनेछ ।

### निष्कर्ष

पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । अद्वितीय, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ परेको अवस्था छ । खासगरी हिमाली प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदा नेपालको पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका निधि हुन् । यी स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै, पर्यटकीय स्थलको रूपमा विकास गरी राष्टिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा यस क्षेत्रलाई विकसित गर्ने नीति नेपालको संविधानले अङ्गीकार गरेको छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहने भएकोले पर्यटन अर्थतन्त्रको प्रमुख सम्वाहक पनि हो ।

विश्वब जार खासगरी छिमेकी मुलुकको ठूलो जनसङ्ख्या एवम् पर्यटन बजार समेतबाट लाभप्राप्त गरी नेपालमा पर्यटक आगमन र बसाइ अवधिमा समेत वृद्धि हुने सम्भावना छ । आ. व. २०७५ २०७६ मा पर्यटक आगमन ११ लाख ९७ हजार रहेको, पर्यटन क्षेत्रबाट कुल गार्हस्थ्य उत्पादनमा २.७ प्रतिशत योगदान पुगेको, २ लाख व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेको तथा प्रतिपर्यटक खर्च प्रतिदिन ४८ अमेरिकी डलर र औसत बसाई १२.७ दिन रहेको छ । नेपालको पर्यटन विकासमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुननसक्नु, अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन अपेक्षित रूपमा गर्न नसकिनु, पर्यटन पूर्वाधारको कमीहुनु, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासमा निजी क्षेत्रलाई प्रर्याप्त सहभागी गराउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकास जोडिन नसकिनु, पर्यटकीय क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पयर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु जस्ता प्रमुख समस्या रहेका छन् ।

विश्वपर्यटन बजारमा नेपाललाई प्रमुखआर्कषक पर्यटकीय गन्तव्यको रूपमा स्थापितगर्नु, हवाई सेवाको सुरक्षा, विशवसनीयता र विस्तार गर्नु, पर्यटकीय सेवा सुबिदाको गुणस्तर वृद्धि गर्नु, नयाँगन्तव्य स्थलहरूको पहिचान र विविधकरण गर्नु, पर्यटकीय पूर्वाधार विकासमानिजी क्षेत्रको लगानीआर्कषित गर्नु, पर्यटन उद्योग र पर्यटन अर्थतन्त्रको रूपमा नेपाललाई विकास गर्ने सोच तयार गर्नु र यस क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको पर्याप्तता कायम राख्नु, यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिमबाट आउने असर कम गर्नु चुनौतीको रूपमा रहेका छन् । यसैगरी पर्यटनको खर्च र बसाइ अवधि वृद्धि गर्ने गरी पर्यटन उपजको विविधीकरण र प्याकेजिङ गर्नु, गुणस्तरीय पर्यटक आगमन वृद्धि गर्नु पर्यटन सेवालाई छरितो, पर्यटकमैत्री, सुरक्षित र विश्वासिलो बनाउनु, आधुनिक उपकरण र प्रविधिको प्रयोग गरी पर्यटन, उपजहरू, चित्ताकर्षक र मनोरञ्जनात्मक बनाई पर्यटकलाई चुस्त बनाउनु पनि यस क्षेत्रका चुनौती हुन् ।

संघीय संरचना अनुरूपमा ३ तहका सरकारबाट पर्यटन क्षेत्रको उत्साहजनक काम गर्ने, वातावरण तयार हुनु, भूकम्पबाट क्षतिग्रस्त साँस्कृतिक सम्पदाहरूको पुनर्निर्माणले गति दिनु नयाँ पर्यटकीय गन्तव्यको विकास हुँदै जानु, अन्तर्राष्ट्रिय विमानस्थलहरू लगायत पर्यटन पूर्वाधारहरूको निर्माणले तीब्र गति लिनु, द्रुत विकास भइसकेका छिमेकी राष्ट्रहरूको नेपालसँगको सन्निकटता हुनु, प्राकृतिक सुन्दरता, अनन्त शान्ति आवास, सौम्यता, अध्यात्मिकता, प्राचीन ज्ञान र दर्शनको उद्गमस्थल, जैविक विविधता, विशिष्ट, प्रकृतिका पर्यटकीय गन्तव्य र उपजहरूका कारण पर्यटन केन्द्र बन्न सक्ने सम्भावनाले समृद्धिको एउटा संवाहक रूपमा पर्यटन क्षेत्र स्थापित हुन सक्ने अवसर रहेको छ ।

प्राकृतिक, साँस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य देश हो । पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । छिमेकी मुलुकहरूको मध्यम आय भएको ठूलो जनसङ्ख्या र उच्च आर्थिक वृद्धिबाट सिर्जित अवसरबाट लाभ प्राप्त गरी नेपालमा पर्यटन आगमन द्रूततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रको अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन । खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, राजनैतिक सङ्क्रमण लम्बिनु, गतसाल गएको भूकम्पका कारण साँस्कृतिक र पर्यटकीय पूर्वाधारमा क्षति पुग्न जानुजस्ता कारणले पर्यटन आगमन, बसाइ र उनीहरूले गर्ने खर्चमा उल्लेखनीय वृद्धि हुन सकेको छैन । विगतमा सरकारले पर्यटन क्षेत्रको विकासका लागि गरेको प्रयास स्वरूप पर्यटक आगमन सङ्ख्या, पर्यटकको बसाइ अवधि, पर्यटन क्षेत्रमा प्रत्यक्ष रोजगारी वृद्धि हुनुका साथै पर्यटन क्षेत्रबाट हुने विदेशी मुद्रा आर्जन क्रमशः बढ्दै गएको अवस्था छ ।

पर्यटन क्षेत्रको राम्रो सम्भावना बोकेको मुलुक नेपालमा आर्थिक र सामाजिक विकासका लागि ग्रामीण पर्यटन (Rural Tourism) निकै महत्त्व रहेको छ भन्ने कुरालाई नकार्न मिल्दैन । नेपाल आउने पर्यटकहरूमध्ये अधिकतर पदयात्राका जाने गरेका छन् । यस्ता क्षेत्रमा अन्नपूर्ण, सगरमाथा र लाम्टाङ नै प्रमुख रूपमा रहँदै आएका छन् ।

त्यसैगरी पर्यटकीय स्थलको रूपमा राजधानीबाहेक नगरकोट, धुलिखेल, पोखरा र चितवन नै विकसित भएको देखिन्छ । मुलुकका यस्ता प्रमुख पर्यटकीय स्थल र सो वरपरका ग्रामीण क्षेत्रको आर्थिक र सामाजिक विकासलाई नियाल्ने हो भने निकै राम्रो पाइएका छन् । त्यस्ता ग्रामीण भेगहरूमा शिक्षाको स्तर मुलुकको अन्य क्षेत्रको तुलनामा निकै राम्रो पाइएको छ । यसको साथसाथै वैकल्पिक उर्जाको प्रयोग, स्वास्थ्यसम्बन्धी चेतना र सुविधा, वातावरण संरक्षण प्रतिको सचेतता र भौतिक निर्माण जस्ता आधारभूत कुराहरूमा पनि पर्यटकीय दृष्टिकोणले पनि महत्त्व पाएका त्यस्ता भेगमा अन्य क्षेत्रको तुलनामा निकै उन्नति भएको देखिन्छ । यस्तो हुनुमा पर्यटकहरूको आगमनबाट होटेल, लज, रेष्टुँरा तथा स्थानीय उत्पादनहरूको बिक्री र स्थानीय स्तरमा रोजगारीको अवसरहरू प्राप्त हुनुलाई नै प्रमुख कारक तत्वको रूपमा हेर्नुपर्ने अति आवश्यक रहन आएको छ । नेपालमा ग्रामीण पर्यटकीय क्षेत्रको विकास र विस्तारको निकै सम्भावना हुँदाहुँदै पनि अपेक्षाकृत रूपमा यस क्षेत्रको विकास भने हुन सकेको छैन । यस्तो हुनुका खास कारणहरूमा प्रचार प्रसारको कमी, राजनीतिक अस्थिरता, अशान्ति हुनु, विदेशी सञ्चार माध्यमहरूको स्वार्थपूर्ण दुष्प्रचारका कारणले गर्दा नेपाली ग्रामीण पर्यटन क्षेत्रले निकै अप्ठेराहरूको सामना गर्नुपरिरहेको देखिन आउँछ । पर्यटनको माध्यमबाट गाउँको आर्थिक र सामाजिक स्तर सुधार्दै जाने क्रममा सरसकार र पर्यटनसँग आबद्ध संघसंस्था तथा निजी क्षेत्रका सामु एकातिर मुलुकमा भएको नयाँ पर्यटकीय गन्तव्य स्थल खोज्ने र त्यस क्षेत्रमा पर्यटकहरूको आगमन वातावरणीय सन्तुलन कायम राख्दै कसरी बढाउने भन्ने रहेको छ भने अर्कोतिर भएका आकर्षक पर्यटकीय क्षेत्रहरूको समेत उचित संरक्षण र प्रचारप्रसारको आवश्यकता वर्तमान अवस्थामा देखिएको छ । उदाहरणका रूपमा सुदूरपश्चिमाञ्चलको गहनाको रूपमा परिचित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल खप्तड क्षेत्रमा समेत पर्यटकहरूको आगमन बढाउन नसक्नुले त्यस क्षेत्रको मात्र नभएर सम्पूर्ण मुलुककै आर्थिक र सामाजिक विकासमा बाधा पुगेको अवस्थालाई नै लिन सकिन्छ । ग्रामीण पर्यटनको विकासका लागि अपार सम्भावनाहरू बोकेको नेपालमा नयाँ नयाँ पर्यटकीय गन्तव्यको खोजी र त्यस क्षेत्रमा पर्यटकहरूलाई आकर्षित गराउन सक्नुपर्ने चुनौती अहिले नेपाली पर्यटनको क्षेत्रमा टड्कारो रूपमा देखिएको छ ।

### सहायक ग्रन्थहरू


- गम्भीर बहादुर हाडा, विश्व सम्पदा सूचीमा परेका पर्यटकीय स्थलहरूको चिनारी, पर्यटन वातावरण -सनराईज नेपाल, (जेठ १-१५, २०६०, May 15th 29th 2003).
- दशौं योजना (२०५९-२०६४) मा पर्यटन उद्योगको उद्देश्य, नीति र कार्यक्रम –एक चर्चा, वर्ष ९, अंक ७ (July 17th -31st Shrawan), श्रावण-९-१५, २०६०).
- विश्व सम्पदा सूचीमा परेका पर्यटकीय स्थलहरूको चिनारी', हाम्रो सम्पदा (राष्ट्रिय मासिक), वर्ष २, अंक ९, आषाढ महिना, २०६० साल).
- नेपालमा जलयात्राको महत्त्व –एक चर्चा, 'पर्यटन वातावरण, सनराइज नेपाल', २०६१ वैशाख १७, (29th April, 2004), वर्ष १०, अंक २, काठमाडौं.
- गम्भीर बहादुर हाडा, नेपालमा पर्यटन उद्योगको महत्त्व तथा वर्तमान अवस्था र स्थिति –एक चर्चा न्यातापोल अफीसर्स क्लब भक्तपुरको प्रकाशन, वर्ष २, अंक २, २०६५ भक्तपुर.
- Pran Nath Seth', Successful Tourism Management, Tourism Practices Sterling Publishers Private Ltd., New Delhi, India, Reprint 1999.
- Ananda Ghimire, Travel and Tourism –A practical Approach Ekta Books, Kath, Nepal. (For Class XII), 2nd Edition 2004.
- Dr. Ghana Shyam Bhattarai, A Text Book on Travel and Tourism, Class XI, Pradhan Book House, Exhibition Road, Kath, Nepal, First Edition 2062 (2005).
- ग्रामीण पर्यटन -शर्मा एण्ड शर्मा, सुजाता प्रकाशन, काठमाडौं, संस्करण २०६६ ।
- गम्भीर बहादुर हाडा, पूर्वाधार बिनाको पर्यटन विकास 'कारोबार', राष्ट्रिय आर्थिक दैनिक, Karobar National Economic Daily, वर्ष १, अंक ४९, २६ माघ २०६६ (Tuesday, February 2010), नेपाल सम्वत् ११३० ।
- गम्भीर बहादुर हाडा, पूर्वाधार बिनाको पर्यटन विकास', वर्ष १, अंक ४९ माघ २६, २०६६ ।
- गोपाल मरासिनी, समस्याका बीच पर्यटन वर्ष, राष्ट्रिय आर्थिक दैनिक कारोबार, वर्ष १, अंक १३०, वैशाख ३१, २०६७ ।
- Bhumiswor Sharma, 'Suman Kharel, 'ग्रामीण पर्यटन', (Rural Tourism) न्यून हिरा वुक्स सेन्टर प्राइजेज, कीर्तिपुर, काठमाडौ, दोस्रो परिमार्जित-२०६८ मंसिर
  - गम्भीर बहादुर हाडा, नेपालमा पर्यटन उद्योगको महत्त्व तथा वर्तमान अवस्था र स्थिति', –एक चर्चा', न्यातापोल अफिसर्स क्लव, भक्तपुरको प्रकाशन, वर्ष २, अंक २, २०६५ भक्तपुर ।
  - गम्भीर बहादुर हाडा, दिगो विकासका लागि ग्रामीण पर्यटन, सनराइज नेपाल, पर्यटन वातावरणीय पाक्षिक, चैत्र ११५, २०६७, वर्ष १७, अंक २१ (March 2011).
  - गम्भीर बहादुर हाडा, नेपालमा ग्रामीण पर्यटनको आवश्यकता तथा महत्त्व'–समस्या र सुझाव, 'नेपाल सम्पदा संघ, Nepal Heritage

Society, 'नेपाल सम्पदा संघको ३० औ वार्षिक साधारणसभाको उपलल्यमा प्रकाशित २०७३, भद्रकाली, काठमाडौ ।

- गम्भीर बहादुर हाडा, नेपालमा ग्रामीण पर्यटनको आवश्यकता तथा महत्त्व', –समस्या र सुझाव', नेपाल सम्पदा संघ', नेपाल सम्पदा संघको ३० औ वार्षिक साधारणसभाको उपलक्ष्यमा प्रकाशित २०७३, भद्रकाली, काठमाडौ वि.सं. २०७३
- गम्भीर बहादुर हाडा, ग्रामीण पर्यटनको आवश्यकता', 'आर्थिक राष्ट्रिय दैनिक', २०७३ भदौ १३, वर्ष ७, अंक १९५७, ने.सं. ११३६
- गम्भीर बहादुर हाडा, नेपालमा पर्यटन विकासको आवश्यकता तथा सम्पदा संरक्षण', नेपाल सम्पदा संघ, Nepal Heritage Society, World Tourism Day, 27th September 2018, स्मारिका विश्व पर्यटन दिवस सन् २०१८ को उपलक्ष्यमा प्रकाशित २०७५, सुनधारा, काठमाडौ, नेपाल ।

- उदव पुरी, 'नेपालमा पर्यटन' Tourism in Nepal) तलेजु प्रकाशन, वर्तमान संस्करण २०६३
- Edited by Rudra prasad Updhya 'Reading on Rural Tourism' Sunlight Publication, (Students Books) Kritipur, Kathmandu, First Edition, 2008.
- Dr. Ghonashyam Bhattarai, A Text Book on Travel and Tourism', (For class XI), Pradhan Book House, Exhibition Road, Kathmandu, Nepal.
- ग्रामीण पर्यटन', -विकास प्रक्रिया र नयाँ सम्पदाहरू (अभिलेख-सँगालो) २००५, नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रम (टी आर पी एपी) नेपाल (नेप-९९-०१३) पर्यटक सेवा केन्द्र भृकुटी मण्डप, काठमाडौ/संगालो प्रकाशित मिति २०६३ असार (जुन २००६)
- प्रा.डा. गणेश गिरी उप प्रा. रामचन्द्र रायमाझी' पर्यटन विकास र व्यवस्थापन' एसिया पब्लिकेसन्स, वागबजार, काठमाडौ, दोस्रो संस्करण २०६१
- उदव पुरी, 'पर्यटन र विकास', तलेजू प्रकाशन, (Tourism and Development) प्रथम संस्करण २०५६
- वसन्त घिमिरे, 'नेपालमा पर्यटनको विकास' (Tourism Development in Nepal प्रथम संस्करण २०६७ फागुन
- तोयानाथ भट्टराई, 'पर्यटन व्यवस्थापन (वि.वि.एस तेस्रो वर्ष), जानुका प्रकाशन, मीन भवन, काठमाडौ प्रथम संस्करण २००८
- ओम प्रकाश दाहाल, 'ग्रामीण पर्यटन', (Rural Tourism)–MA Second Year Rural Development, निमा पुस्तक प्रकाशन प्रदर्शनी मार्ग, काठमाडौ, प्रथम संस्करण २०६०
- खेमराज पोखरेल, गोविन्द मान सिंह कार्की, पर्यटन र विकास' (Tourism and Development) अनुराग प्रकाशन, वाराणसी (यु.पी) प्रथम संस्करण २०५५
- दिनकाजी शाक्य, 'नेपालमा पर्यटन उद्योग' दोस्रो संस्करण २०५१ प्रकाशक-भुवनेश्वरी शाक्य, मैती देवी, धोविखोला, काठमाडौ ।
- Chet Nath Kanel', Cultural Heritage and Tourism Management, Balancing conservation and Development', नेपाल सम्पदा संघ, नेपाल सम्पदा संघ, सुनधारा, काठमाडौ, नेपाल
- शिवहरी अर्याल, 'लैङ्गिक र महिलावादी अध्ययन (General and Feminist Study) लुम्बिनी प्रकाशन, प्रदर्शनी मार्ग, काठमाडौ, (प्रश्नोत्तर), संस्करण २०६८
- Tulsi Ram Paudel, 'लैङ्गिक अध्ययनको रूपरेखा', (An outline of Gender Studies), MA sociology SecondYear निमा पुस्तक प्रकाशन, प्रदर्शनी मार्ग, काठमाडौ, प्रथम संस्करण २०५८
- Women's Participation and presentation in Multilevel Governance voice of cities special edition, Vol-12 issue-4,2017 Municipal Association of Nepal, Kathmandu, MOAN, 18th December 2013 (3 poush 2070)
- स्वास्थ्य क्षेत्रको योजना तथा बजेट तर्जुमा मार्गनिर्देशन, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं, २०७६ ।
- प्रमुख उपलब्धिहरू (मङ्सिर २०७६ देखि असोज २०७७), नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
- अच्युत प्रसाद पौडेल, महामारी र बेरोजगारी, आर्थिक राष्ट्रिय दैनिक, माघ ९, २०७७ ।
- रमेशप्रसाद पराजुली, नेपालमा कोरोनाले सिर्जना गरेको आर्थिक अवसर, नेपाल राष्ट्र बैंक समाचार, ६६ औं वार्षिकोत्सव विशेषांक, वैशाख १४, २०७८ ।
- पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।
- आर्थिक वर्ष २०७९/८० को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, २०७९ ।
- आर्थिक सर्वेक्षण २०७८/७९, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

*लेखक भक्तपुर बहुमुखी क्याम्पसमा अर्थशास्त्रका सह-प्राध्यापक हुनुहुन्छ ।*

# मुद्रा तथा पुँजीबजार: विकास, वर्तमान अवस्था एवम् चुनौतीहरू



ईश्वर उप्रेती

**सारांश**

मुद्रा बजारमा मुद्राको खरिद, बिक्री, बचत, लगानी, सापटी र कर्जाको अल्पकालीन कारोबार हुने गर्दछ । बजारमा अल्पकालीन पुँजीको माग तथा आपूर्ति मुद्रा बजारबाट हुने गर्दछ । मुद्रा बजारमा विभिन्न सूचाङ्कहरूले यसको माग तथा आपूर्तिलाई प्रभाव पारिरहेको हुन्छ । देशको ७५३ स्थानीय तहमध्ये ७५२ तहमा 'क' वर्गको वाणिज्य बैंकको शाखा पुगिसकेको छ भने एउटा बझाङको सैपाल गाउँपालिकामा शाखा पुगेको छैन । एक वर्षभन्दा बढी समयमा परिपक्व हुने वित्तीय सम्पत्ति वा साधनहरूको कारोबार हुने बजारलाई पुँजीबजार भनिन्छ । पुँजी बजारबाट अर्थव्यवस्थामा दीर्घकालीन वित्तीय प्रत्याभूतिहरूको कारोबार भई पुँजीको माग पूरा गरिन्छ । २०७९ कात्तिक मसान्तसम्मा एउटा स्टक एक्सचेन्ज, सूचीकृत कम्पनी २०९, मर्चेन्ट बैंकिङ्ग ३०, धितोपत्र दलाल ५०, सीडीएस १, निक्षेप सदस्य ८३, क्रेडिट रेटिङ्ग एजेन्सी २, आस्वा प्रणालीमा आबद्ध संस्था ४९ रहेका छन् । २०७९ मंसिर २५ गतेका दिन नेप्से १८८५।३१ बिन्दुमा पुगेको छ । यी दुई बजारमा सन्तुलन कायम नहुँदा मुद्रा तथा बजारको थयोचित विकास र स्थायित्वलाई मात्र खलल पुर्‍याउने नभई समग्र आर्थिक विकासलाई प्रभावित गर्दछ । अतः मुद्रा तथा पुँजी बजारको विकासलाई आर्थिक विकाससँग आबद्ध गर्न सकेमात्र समृद्धिको दिगो मार्ग पहिल्याई आर्थिक स्थायित्व कायम गर्न सकिन्छ ।

**मुख्य शब्दावली**

मुद्रा बजार, पुँजी बजार, वित्तीय प्रणाली, स्थायित्व

## विषय प्रवेश

अर्थव्यवस्थाको महत्त्वपूर्ण प्रणाली वित्तीय प्रणाली हो । वित्तीय प्रणालीको मुटुको रूपमा वित्तीय बजारलाई लिइन्छ । अल्पकालीन तथा दीर्घकालीन रूपमा वित्तीय उपकरणहरूको कारोबार हुने बजारलाई वित्तीय बजार भनिन्छ । वित्तीय बजार मुद्रा बजार र पुँजीबजार गरी दुई प्रकारको हुन्छ । जसलाई यहाँ चर्चा गरिने प्रयास गरिएको छ ।

## मुद्रा बजार

मानव सभ्यताको विकाससँगसँगै मुद्राको पनि क्रमिक रूपमा विकास भएको पाइन्छ । विनिमयको माध्यमको रूपमा सम्पत्ति तथा मूल्य सञ्चयका रूपमा र वस्तुको मूल्य मापन गर्ने माध्यमको रूपमा सर्वस्वीकार्य वस्तु नै मुद्रा हो जुन कानुनी वैधानिक प्राप्त भएको हुन्छ । प्रारम्भिक रूपमा मुद्राको स्वरूप वस्तुको रूपमा रहेको थियो भने आधुनिक समयमा यो सिक्का तथा कागजको रूपमा रहेको छ । समयकालसँगै मुद्राको स्वरूपमा पनि परिवर्तन हुँदै आइरहेकाले भविष्यमा मुद्राको स्वरूपमा पुनः परिवर्तन नहोला भन्न सकिन्न । सामान्यतया एक वर्ष वा सोभन्दा कम अवधिभित्र हिसाब मिलान हुने गरी मुद्रा एवम् मुद्राजन्य तरल सम्पत्तिहरूको कारोबार हुने बजारलाई मुद्रा बजार भनिन्छ । मुद्रा बजारमा मुद्राको खरिद, बिक्री, बचत, लगानी, सापटी र कर्जाको अल्पकालीन कारोबार हुने गर्दछ । अर्थतन्त्रका विभिन्न एकाइहरूमा छरिएर रहेका बचत सङ्कलन गरी खाँचो

परेको क्षेत्रमा लगानीकर्तालाई स्रोत उपलब्ध गराउँदै बचतकर्ता र लगानीकर्ताको बीचमा मध्यस्थताको कार्य गर्ने बैंक तथा वित्तीय संस्थाहरू नै मुद्रा बजारका अभिन्न अङ्गका रूपमा रहेका हुन्छन् । मुद्रा बजारमा कारोबार गरिने मुद्राको खरिद बिक्री अर्थात माग र आपूर्ति उक्त मुद्राको मूल्यले प्रभाव पार्दछ । मुद्रा बजारको मूल्य भनेको ब्याजदर हो । बजारमा अल्पकालीन पुँजीको माग तथा आपूर्ति मुद्रा बजारबाट हुने गर्दछ । मुद्रा बजारमा विभिन्न सूचाङ्कहरूले यसको माग तथा आपूर्तिलाई प्रभाव पारिरहेको हुन्छ ।

विश्व बैंकका अनुसार "Money market in which short term securities such as treasury bills, certificates of deposits and commercial bills are traded."

### मुद्राको चरहरू

मुद्रा बजारका चरहरू मुद्रा बजारमा हुने कारोबार एवम् कारोबार स्थललाई प्रभावित गर्ने गर्दछन् । मुद्रा बजारमा कारोबार गरिने सम्पत्तिहरूको मूल्यमा प्रभाव पार्ने तत्वहरू नै मुद्रा बजारका चरहरू हुन् । मुद्रा बजारका चरहरू मुद्राको माग तथा आपूर्ति, निक्षेपमा दिइने ब्याजदर, बैंक कर्जा वा लगानी दर, अन्तर बैंक लगानी दर, अल्पकालीन ब्याजदर, बैंकदर, रिपोदर, ट्रेजरी बिल्सको दर, बन्डदर, विदेशी विनिमय सटहीमा लिने कमिसन, अल्पकालीन कारोबार दर, ट्राभलर चेकमा लिइने कमिसन दर आदि हुन् ।

### मुद्रा बजारका उपकरणहरू

मुद्रा बजारका उपकरणहरूको रूपमा नोट, ट्रेजरी बिल्स, सर्टिफिकेट अफ डिपोजिट, कमर्सियल पेपर, बैंकर्स एसेप्टेन्सलाई, प्रोमिजरी नोट्स, रिपर्चेज एग्रिमेण्ट्स आदिलाई मुख्य रूपमा दिने गरिन्छ । यस्ता उपकरणहरूको मुद्रा बजारमा ठूलो भोल्युममा मुद्राको मूल्य तय गरेर डिल हुने गर्दछ ।

### मुद्रा बजारमा संलग्न हुने वित्तीय संस्थाहरू

मुद्रा बजारमा मुख्य रूपमा केन्द्रीय बैंक, बैंक तथा वित्तीय संस्थाहरू, वित्तीय कारोबार गर्ने गैरबैंकिङ्ग संस्थाहरू, नगद व्यवस्थाको कार्य गर्ने संस्थाहरू आदि संलग्न हुन्छन् ।

### मुद्रा बजारको विकासक्रम तथा अवस्था

धर्मग्रन्थ, शिलालेख तथा सामाजिक चाल चलनबाट के थाहा पाउन सकिन्छ भने नेपालमा प्राचीनकालबाटै मुद्राको कारोबार हुने गर्दथ्यो । नेपालमा आधुनिक बैंकिङ्ग सुरू हुनुपूर्व गहना, सुन तथा अन्य सम्पत्तिहरू धितो राखेर कर्जा दिने, बचत सङ्कलन गर्ने कार्यहरू व्यापारी साहुमहाजन तथा सर्राफहरूले गर्दै आइरहेका थिए भन्ने तथ्य इतिहासबाट थाहा हुन्छ । मुद्रा विनिमयको प्रचलन प्राचीनकालदेखि रहेको पाइए तापनि संगठित रूपमा राणाकालमा तेजारथ अड्डाको स्थपनासँगै बैंकिङ्ग प्रणालीको विकास भएको पाइन्छ । विश्वमा धेरै अगाडिदेखि बैंकिङ्ग प्रणालीको सुरूवात भएको भए तापनि नेपालमा आधुनिक बैंकिङ्ग प्रणालीको प्रारम्भ वि.स. १९९४ बाट भएको मानिन्छ । नेपाल बैंक लि.ऐन, १९९३ बमोजिम वि.स. १९९४ कात्तिक ३० गते नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडको स्थापनासँगै आधुनिक बैंकिङ्ग प्रणालीको विकास हुन थाल्यो । सुरूको केही समय देशको केन्द्रीय बैंकको रूपमा समेत नेपाल बैंक लि.ले कार्य गर्दै आइरहेको थियो । नेपाल राष्ट्र बैंक ऐन, २०१२ बमोजिम वि.स. २०१३ साल वैशाख १४ गते नेपाल राष्ट्र बैंकको स्थापना भएसँगै केन्द्रीय बैंकको कार्य नेपल राष्ट्र बैंकले गर्दै आइरहेको छ । तत्पश्चात देशमा औद्योगिक क्षेत्रको विकासका लागि वि.स. २०१६ सालमा नेपाल औद्योगिक विकास निगम (वि.स. २०७५ सालमा राष्ट्रिय वाणिज्य बैंकमा मर्ज भइसकेको), वाणिज्य क्षेत्रको विकासका लागि वि.स. २०२२ साल माघ १० गते राष्ट्रिय वाणिज्य बैंक र कृषि क्षेत्रको विकासका लागि वि.स. २०२४ सालमा कृषि विकास बैंक लि. को सरकारी क्षेत्रबाट स्थापना गरियो ।

वि.स. २०३६ सालपछि विश्वव्यापी रूपमा देखिएको आर्थिक उदारीकरणको लहरले नेपालमा समेत प्रभाव पारी देशमा पनि सरकारी बैंकहरूको एकाधिकार समाप्त भई निजी क्षेत्रबाट बैंकहरूको स्थापना गर्ने जमर्को भयो । यसबीच, बैंकिङ्ग व्यवसायमा उदारीकरणको क्रममा नेपालमा निजी क्षेत्रको पहिलो बैंकको रूपमा वि.स. २०४१ सालमा नेपाल अरब बैंक लि. (हाल नबिल बैंक) को स्थापना भयो । तत्पश्चात निजी क्षेत्रबाट संयुक्त पुँजी लगानीमा बैंकहरू खुल्ने क्रम रह्यो । वि.स. २०४२ सालमा इण्डोस्वेज बैंक, कि.स. २०४३ मा ग्रिण्डलेज बैंक, वि.स. २०४९ सालमा नेपाल आवास फाइनान्स, नेपाल फाइनान्स, वि.स. २०४९ सालमा हिमालयन बैंक, वि.स. २०५० सालमा नेपाल एस.वि.आई. बैंक, वि.स. २०५१ सालमा एभरेष्ट बैंक, पूर्वाञ्चल ग्रामीण विकास बैंक, निर्धन उत्थान बैंक, वि.स. २०५० मा नवजीवन कोअपरेटिभ लि., राष्ट्रिय सहकारी बैंक लि. को स्थापना हुँदै गयो ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६०

स्वीकृत भई लागु गरिएपछि नेपालमा खुला बैंकिङ्ग व्यवसायको विकास प्रारम्भ भयो । यो अध्यादेश लागु भएपछि विगतमा लागु भइरहेका विभिन्न अलग अलग ऐनहरू जस्तै विकास बैंक ऐन, २०२४, वाणिज्य बैंक ऐन, २०३१, वित्त कम्पनी ऐन, २०४२, नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ र विकास बैंक ऐन, २०५२ खारेज गरी यी ऐनअन्तर्गत स्थापना र सञ्चालन भइरहेका बैंक तथा वित्तीय संस्थाहरू पूर्णरूपमा यस छाता अध्यादेश (पछि ऐन भएको) अन्तर्गत सञ्चालन गर्ने व्यवस्था गरियो । वि.स. २०५९ सालमा लागु भएको वित्तीय क्षेत्र सुधार कार्यक्रमले सरकारी बैंकको अवस्था सुदृढीकरण भई वित्तीय स्वस्थता कायम हुन पुग्यो । नेपालका बैंक तथा वित्तीय संस्थाहरूलाई सुदृढ बनाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकुलको बनाई एउटै छाता ऐनअन्तर्गत स्थापना, सञ्चालन तथा नियन्त्रण हुने गरी हाल बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ कार्यान्वयनमा आएको छ । ऐन लागु भएपछि ऐनले तोकेको पुँजी कोष कायम गर्नुपर्ने, बैंक तथा वित्तीय संस्थाहरू कम्पनीमा पब्लिक कम्पनीमा दर्ता हुनुपर्ने, वित्तीय सुशासन कायम गर्नुपर्ने, कर्जा लगानी गर्दा विभिन्न विधिहरू पालना गर्नुपर्ने, सञ्चालक समितिको काम कर्तब्य अधिकार जस्ता अन्तर्राष्ट्रिय प्रमाणित नियमहरू अङ्गीकार गर्नुपर्ने व्यवस्थाहरू लागु भयो ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले संस्थाको पुँजीगत आधार सँगसँगै बैंक तथा वित्तीय संस्थालाई क, ख, ग र घ वर्गमा वर्गीकरण गरेको र यसैको आधारमा गर्ने कार्य एवम् अधिकार क्षेत्रको बारेमा स्पष्ट व्यवस्था गरेको छ ।

जनताको निक्षेप तथा पुँजी लगानीको सुरक्षा महत्त्वपूर्ण विषय भएकाले तोकिएको नियम अनुसार सञ्चालन भए नभएको अनुगमन, सुपरिवेक्षण, नियन्त्रण गर्नका लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा समसामयिक संशोधन हुँदै आई नेपालमा नयाँ नयाँ व्यवस्थाहरू लागु हुँदै खुला बैंकिङ्ग व्यवसायको विकास हुँदै आएको पाइन्छ ।

नेपाल राष्ट्र बैंकको २०७९ असोज महिनाको मासिक तथ्याङ्क अनुसार क, ख ग र घ वर्गका जम्मा १२४ वटा र पूर्वाधार विकार बैंक एक गरी कुल १२५ वटा बैंक तथा वित्तीय संस्थाहरू रहेको छ भने यिनीहरूको कुल शाखा संख्या ११६०९ रहेको छ । यस हिसाबले एउटा शाखाले औसतमा २५१५ जना नागरिकमा बैंकिङ्ग सेवा पुगेको देखिन्छ । देशको ७५३ स्थानीय तहमध्ये ७५२ तहमा 'क' वर्गको वाणिज्य बैंकको शाखा पुगिसकेको छ भने एउटा बझाङको सैपाल गाउँपालिकामा शाखा पुगेको छैन ।

## पुँजीबजार

सामान्यतया एक वर्षभन्दा बढी समयमा परिपक्व हुने वित्तीय सम्पत्ति वा साधनहरूको कारोबार हुने बजारलाई पुँजीबजार भनिन्छ । पूजी बजारबाट अर्थव्यवस्थामा दीर्घकालीन वित्तीय प्रत्याभूतिहरूको कारोबार भई पुँजीको माग पूरा गरिन्छ । पुँजीबजारमा Non Securities Market को रूपमा बैंक तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउने दीर्घकालीन कर्जा, लगानी आदि रहेका हुन्छन् भने Securities Market को रूपमा शेयर, डिबेन्चर, बन्ड, सरकारी प्रत्याभूतिहरू आदि पर्दछन् । दीर्घकालीन वित्तीय उपकरणहरू जस्तै शेयर, डिबेन्चर, बन्ड, सरकारी प्रत्याभूतिहरूको कारोबार नै पुँजीबजार हो । पुँजीबजारले अर्थतन्त्रमा निष्क्रिय रहेको पुँजीलाई उत्पादनमूलक कार्यमा क्रियाशील गराई उत्पादकत्वमा वृद्धि गरी आर्थिक विकासमा थप टेवा पुऱ्याइरहेको हुन्छ ।

विश्व बैंकका अनुसार " The Caital Market is that in which the long term financial instruments such as equities and bond are raised and trade."

पुँजीबजारले पुँजी माग गर्ने व्यक्ति, संस्थाहरू तथा सरकार र पुँजी पूर्ति गर्ने व्यक्ति, संस्थाहरू तथा सरकाबीच पुलको कार्य गर्दछ । पुँजीबजार पुँजीको दीर्घकालीन आवश्यकता पूरा गर्न चाहने व्यक्ति तथा संस्थागत लगानीकर्ताका लागि अवसर प्रदान गर्ने बजार हो । पुँजी बजारलाई मुख्यतया प्राथमिक बजार र दोस्रो बजार गरी दुई भागमा वर्गीकरण गरिन्छ । पुँजीबजारमा सुरक्षणहरूको मूल्य खरिदकर्ता र बिक्रीकर्ताको खुला बोलकबोलबाट हुने गर्दछ । यस्ता बजारको कारोबारले शेयर तथा सुरक्षणहरू लिएर बस्ने व्यक्ति तथा संगठित संस्थाहरूलाई पुँजीगत लाभ वा हानी हुने गर्दछ । यसबाहेक लाभांश दर, मुनाफा, प्रतिफलले पनि पुँजीबजारप्रति लगानीकर्ता आकर्षित हुन्छन् ।

## पुँजीबजारका चरहरू

पुँजीबजारका चरहरू पुँजीबजारमा हुने कारोबार एवम्म कारोबार स्थललाई प्रभावित गर्ने गर्दछन् । लामो समय अवधि भएका निक्षेप र कर्जा, तिनको ब्याजदर, लगानी, प्रतिफलदर, लाभांश, शेयर सुचांक, शेयरको माग र आपूर्ति, कम्पनीको परिणाम, पुँजीगत लाभ हानीआदि हुन् ।

## पुँजीबजारका उपकरणहरू

पुँजीबजारका उपकरणहरूको रूपमा शेयर, डिबेन्चर, बन्ड, सरकारी सुरक्षणहरू, म्यूचल फन्ड आदिलाई मुख्य

रूपमा दिने गरिन्छ । यस्ता उपकरणहरूको पुँजीबजारमा सानोदेखि ठूलो एकाइसम्म सामान्यतया बोलकबोल गरेर कारोबार हुने गर्दछ ।

### पुँजीबजारमा संलग्न हुने संस्थाहरू

पुँजीबजारमा मुख्य रूपमा स्टक एक्चेन्ज, बैंक तथा वित्तीय संस्थाहरू, बिमा कम्पनीहरू, वित्तीय कारोबार गर्ने गैरबैंकिन संस्थाहरू, म्यूचल फन्डको कार्य गर्ने संस्थाहरू आदि संलग्न हुन्छन् ।

### पुँजीबजारको विकासक्रम तथा अवस्था

नेपालमा पुँजीबजारको विकासक्रम त्यति लामो छैन । वि.स. १९३३ मा विराटनगर जुट मिल्सको स्थापना र वि.स. १९९४ मा नेपाल बैंकको स्थापनासँगै शेयर निष्कासन गरी पुँजी संकलन गर्ने कार्यबाट पुँजीबजारको सुरूवात भएको बुझ्न सकिन्छ । त्यससँगै वि.स. २०२१ मा कम्पनी ऐन जारी, वि.स. २०२१ मा सरकारी ऋणपत्र जारी, वि.स. २०३३ असार २२ गते धितोपत्र खरिद बिक्री केन्द्रको स्थापना भएसँगै पुँजीबजारको विकासक्रम अगाडि बढेको देख्न सकिन्छ । वि.स. २०५० मा धितोपत्र खरिद बिक्री केन्द्र नेपाल स्टक एक्सचेन्जमा परिणत भई नेप्सेको रूपमा रहेको थियो । वि.स. २०५० असार २९ गतेबाट माध्यमबाट ब्रोकरको माध्यमबाट औपचारिक रूपमा नेप्सेबाट शेयर कारोबारको सुरू भएको थियो । वि.स. २०५० माघ ३० बाट नेप्से परिसूचक गणना सुरू भयो । वि.स. २०६४बाट भदौबाट कम्प्युटरकृत कारोबार सुरू भयो भने वि.स. २०६७ फागुन १२ गतेबाट उपत्यका बाहिरबाट शेयर खरिद बिक्री कारोबार सुरू भयो । २०७९ कात्तिक मसान्तसम्मा एउटा स्टक एक्सचेन्ज, सूचीकृत कम्पनी २०९, मर्चेण्ट बैंकिङ्ग ३०, धितोपत्र दलाल ५०, सिडिएस १, निक्षेप सदस्य ८३, क्रेडिट रेटिङ्ग एजेन्सी २, आस्वा प्रणालीमा आबद्ध संस्था ४९ रहेका छन् । २०७९ मंसिर २५ गतेका दिन नेप्से १८८५।३१ बिन्दुमा पुगेको छ ।

पुँजीबजारको नियामक निकायको रूपमा नेपाल धितोपत्र बोर्ड रहेको छ ।

### मुद्रा बजार तथा पुँजीबजार बीचको फरक

मुद्रा तथा पुँजीबजार उस्तै उस्तै लागेता पनि यसमा फरक रहेको छ । केही मूलभूत फरकहरूलाई यस प्रकार अभिव्यक्त गर्न सकिन्छ ।

### मुद्रा बजार र पुँजीबजार बीचको फरक :

| आधार | मुद्रा बजार | पुँजीबजार |
|---|---|---|
| अर्थ | अल्पकालीन रूपमा जहाँ वित्तीय उपकरणको कारोबार हुन्छ | दीर्घकालीन रूपमा जहाँ वित्तीय उपकरणहरूको कारोबार हुन्छ |
| उद्देश्य | व्यवसायमा पुँजीको अल्पकालीन आवश्यकता पूरा गर्नु | व्यवसायमा पुँजीको दीर्घकालीन आवश्यकता पूरा गर्नु |
| बजारको प्रकृति | अनौपचारिक, औपचारिक | औपचारिक |
| संलग्न वित्तीय संस्थाहरू | केन्द्रीय बैंक, बैंक तथा वित्तीय संस्थाहरू, वित्तीय कारोबार गर्ने गैरबैंकिङ्ग संस्थाहरू, नगद व्यवस्थाको कार्य गर्ने संस्थाहरू आदि | स्टक एक्सचेन्ज, बैंक तथा वित्तीय संस्थाहरू, बिमा कम्पनीहरू, मर्चेन्ट बैंकिङ्गहरू, गैरबैंकिङ्ग संस्थाहरू आदि |
| वित्तीय उपकरणहरू | ट्रेजरी बिल्स, सर्टिफिकेट अफ डिपोजिट, कमर्सियल पेपर, बैंकर्स एसेप्टेन्सलाई आदि | शेयर, डिबेन्चर, सरकारी सुरक्षणहरू, राष्ट्रिय बचतपत्रहरू, बन्ड, म्युचुअल फन्ड आदि |
| जोखिम | कम | बढी |
| तरलता | बढी | कम |
| समय अवधि | बढीमा एक वर्ष | एक वर्षभन्दा बढी |
| प्रतिफल | कम | बढी |

## मुद्रा बजार तथा पुँजीबजारका चुनौतीहरू

समय-समयमा देखापर्ने तरलता अभावको कारण निक्षेप र कर्जामा हुने वृद्धिको असन्तुलन रहेको छ । २०७९ असारदेखि साउन महिनामा निक्षेप १२३ अर्ब रूपैयाँले घटेको छ भने कर्जा १० अर्ब रूपैयाँले वृद्धि भएको छ । यसरी कर्जाबाट प्राप्त रकमको ठूलो हिस्सा वस्तु तथा सेवा आयातमा प्रयोग हुने देखिएको छ । बैंक तथा वित्तीय संस्थाको संख्या र कारोबारमा वृद्धि देखिए तापनि गुणात्मक पक्षमा भने धेरै सुधारको खाँचो छ । निक्षेपमा दिने र कर्जामा लिने ब्याजदर बीचको फरक उच्च रहनुलाई ब्याजदरमा स्थिरता कायम हुन नसक्नु हो ।

मुद्रा बजार तथा पुँजीबजारका मुलभूत चुनौतीहरू देहाय बमोजिम रहका छन् :

१. नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको कारोबार अझै परम्परागत ढाँचाको रहेकोले नगदको कारोबारले प्राथमिकता पाइरहेको छ ।

२. स्प्रेड बढी छ । निक्षेप र कर्जाको ब्याजदरको अन्तर फराकिलो रहेको छ ।

३. बैंक तथा वित्तीय संस्थाहरूले कृषि, उत्पादनशील तथा परियोजना क्षेत्रमा भन्दा पनि उपभोक्ता कर्जामा लगानी गर्न जोड दिने गर्नु ।

४. मुद्रा तथा पुँजीबजारको विकास भइरहेको भए तापनि बजारको प्रभावकारी सुपरिवेक्षण, नियमनका लागि नियामक निकायहरू साधन स्रोत, समन्वय र दक्ष जनशक्तिको अभाव रहनु ।

५. ठूला कोष व्यवस्थापकहरू कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष तथा बिमा संस्थान आदि पुँजी बजारमा निर्णायक संस्थाहरू बैंकहरूको मुद्दती निक्षेप र राष्ट्रिय बचतपत्र खरिदमै केन्द्रित रहने प्रवृत्ति रहनु ।

६. न्यून वित्तीय पंहुचले गर्दा सहर केन्द्रित व्यक्ति तथा संस्थाले मात्र मुद्रा तथा पुँजीबजारबाट लाभ लिन सकिरहेको ।

७. पुँजीबजारमा वास्तविक क्षेत्रको प्रवेश एकदमै न्यून रहेको ।

८. गैरआवासीय नेपाली तथा विदेशी लगानी तथा प्रविधिलाई पुँजीबजारमा प्रवेश गराउन नसक्नु ।

९. पुँजीबजार पूर्ण स्वचालित हुने गरी अनलाइन कारोबारको सुरूवात भएको भए तापनि भरपर्दो रूपमा सञ्चालन हुन नसक्नु ।

१०. बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो नाफा सुरक्षित गर्नका लागि कर्जाको ब्याजदर बढाइरहनु ।

११. नेपाली पुँजीबजारमा सीमित प्रकारका ऋणपत्रहरूको मात्र कारोबार हुनु । निजी क्षेत्र ऋणपत्र जारी गरेर वित्तीय साधन जुटाउन अभ्यस्त नहुन, ऋणपत्र बिक्री प्रबन्ध देशव्यापी रूपमा हुन नसक्नु ।

१२. स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीहरूको पनि वित्तीय विवरण समयमै प्रकाशित नहुनु र लगानीकर्ता सुसूचित नहुनु ।

१३. अहिले पनि सीमित व्यक्तिले धितोपत्र बजारमा उथलपुथल पार्न खोज्नु, Insider Trading को नियन्त्रण नहुनु ।

१४. पोर्टफोलियो लगानी, भेन्चर क्यापिटल सुरू नहुनु ।

१५. कारोबार गर्दा दलाल दस्तुर तथा पुँजीगत लाभकारको दरलाई कम गर्न नसक्नु ।

१६. पुँजीबजारमा वित्तीय उपकरणहरूको आपूर्ति धेरै भइरहेको समयमा सोलाई धान्न सक्ने माग सिर्जना गर्नको विभिन्न रणनीतिहरू अवलम्बन गर्न नसक्नु आदि ।

१७. भित्री कारोबार नियमावली कार्यान्वयनमा ल्याउन नसक्नु ।

१८. नेपालको पुँजीबजार बाह्य बजारसँग आबद्ध हुन सकेको छैन ।

## चुनौती समाधान

आधुनिक अर्थतन्त्रमा वित्तीय क्षेत्रका मौद्रिक तथा पुँजी बजारको भूमिका महत्त्वपूर्ण हुन्छ । उत्पादनका साधनहरूमध्ये पुँजी उच्च प्रतिफल र न्यून जोखिम हुने क्षेत्रमा प्रवाह हुने भएका कारण साधनको उत्पादनशील प्रयोग र जोखिम विविधीकरणका लागि वित्तीय क्षेत्रको भर पर्नु पर्दछ । मौद्रिक क्षेत्रले आर्थिक विकासलाई केन्द्रमा राख्न सकेन भने समाजको पुँजी रियल स्टेट तथा गैरकानुनी कारेबारमार्फत् बिना मेहनत र पुँजी निहीत स्वार्थ भएका सीमित व्यक्तिहरूको हातमा पुग्दछ । त्यसैगरी पुँजी बजारले लगानीको रूपमा रहेको पुँजीलाई तरलता प्रदान गर्न सकेन भने मुद्रा बजार निष्क्रिय हुन्छ । फलस्वरूप यी दुई बजारमा सन्तुलन कायम नहुँदा मुद्रा तथा बजारको यथोचित विकास र स्थायित्वलाई मात्र

खलल पुऱ्याउने नभई समग्र आर्थिक विकासलाई प्रभावित गर्दछ । अतः मुद्रा तथा पुँजी बजारको विकासलाई आर्थिक विकासँग आबद्ध गर्न सकेमात्र समृद्धिको दिगो मार्ग पहिल्याई आर्थिक स्थायित्व कायम गर्न सकिन्छ । तसर्थ, माथि उल्लिखित चुनौतीहरूलाई सम्बोधन गर्न नियामकीय निकायको निर्देशन एवम् कानुनको अनुपालना गरी प्रभावकारी, समावेशी र स्थायित्वसहितको वित्तीय प्रणालीको विकास गर्नुपर्ने हुन्छ । त्यसका लागि नीतिगत सुधार, संस्थागत सुधार, व्यवस्थापकीय सुधार, नियमन तथा सुपरीवेक्षकीय सुधारबाट मात्र त्यसको सुनिश्चितता रहन्छ ।

## अन्त्यमा

आर्थिक गतिविधिलाई स्रोत उपलब्ध गराएर चलायमान बनाउने बैंकिङ्ग क्षेत्र रक्तसञ्चार हो भने पुँजी बजार ऐना हो । वित्तीय प्रणालीभित्रका यी महत्त्वपूर्ण दुई क्षेत्रको देशको आर्थिक स्थायित्व कायम गर्न महत्त्वपूर्ण भूमिका रहने गर्दछ । नेपाललाई मध्यम आय भएको अर्थतन्त्रमा स्तरोन्नति गर्न यी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा बैंकिङ्ग तथा पुँजी बजार क्षेत्रमा देखिएका चुनौतीहरूको बेलैमा सामना गर्दै सम्भावनाहरूलाई अङ्गीकार गर्नुपर्ने छ । पुँजी बजारको तुलनामा नेपालको मौद्रिक बजारमा प्रतिस्पर्धी आधुनिकीकरण भएको देखिन्छ । पुँजी बजार अझै प्रतिस्पर्धी र प्रभावकारी बनाउन वास्तविक क्षेत्रलाई पुँजी बजारमा आबद्ध गर्नुपर्ने, अन्तर्राष्ट्रियकरण गर्नुपर्ने साथै कानुनीसहित संरचनात्मक सुधारको बाटो पहिल्याउनुपर्ने देखिन्छ । अबको मौद्रिक तथा पुँजी बजार अन्य मुलुकको वित्तीय प्रणालीजस्तो नीति, नियम, निर्देशनको पूर्ण परिपालना गर्दै प्रविधियुक्त, सबल, सक्षम र पूर्ण सेवासहित नेपालको सम्पूर्ण क्षेत्रमा वित्तीय सेवा पुऱ्याई अन्य क्षेत्रका लागि अनुकरणीय क्षेत्र बन्न सक्नु पर्दछ । ■■

*लेखक राष्ट्रिय वाणिज्य बैंक लि. का सहायक प्रबन्धक हुनुहुन्छ ।*

## सन्दर्भ सामग्रीहरू

१. नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०७९

२. नेपाल सरकार अर्थ मन्त्रालयले प्रकाशन गरेको आर्थिक सर्वेक्षण

३. नेपाल सरकार राष्ट्रिय योजना आयोगको पन्धौ आवधिक योजना

४. नेपाल राष्ट्र बैंकको आ.व. २०७९।०८० को पहिलो त्रयमासको मौद्रक नीति समीक्षा

५. नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०७८।०७९ को राष्ट्रिय तथ्याङ्क विवरण ।

६. शंकरकुमार रायमाझी, बैंकिङ्ग दिग्दर्शन, २०७८, मकालु प्रकाशन, काठमाडौं ।

# नेपालको धितोपत्र बजारको पछिल्लो अवस्थाः प्रमुख सूचकांकको विश्लेषण

■ रुपेश के.सी.

## पृष्ठभूमि

देशभर छरिएर रहेको बचतलाई उत्पादनशील तथा अन्य आवश्यक क्षेत्रतर्फ प्रवाहित गर्दै देशको आर्थिक वृद्धि तथा विकासका लागि महत्त्वपूर्ण संयन्त्रको रूपमा रहेको धितोपत्र बजारमार्फत संगठित संस्थाहरूले आफ्नो व्यवसाय विस्तार गर्न आवश्यक पुँजी तथा सरकार वा सरकारी संस्थालाई देश विकासका लागि आर्थिक क्रियाकलाप गर्न आवश्यक पुँजी धितोपत्र निष्कासन गरी पूर्ति गर्न सकिने भएकोले आर्थिक विकास हासिल गर्न स्वच्छ, पारदर्शी तथा प्रभावकारी धितोपत्र बजारको विकास हुनुपर्ने देखिन्छ । धितोपत्र बजारमार्फत एकातिर सर्वसाधारण लगानीकर्ताहरूलाई लगानीको अवसर प्राप्त भई त्यसबाट प्राप्त प्रतिफलमा सहभागी हुने अवसर प्रदान गरी पुँजी निर्माणको वातावरण तयार हुन्छ भने अर्कोतिर देशमा औद्योगिकीकरण तथा व्यापारिकरणलगायत देशको आर्थिक विकासका लागि आवश्यक पुँजीको पूर्ति भई समग्र देशको आर्थिक विकासमा टेवा पुऱ्याउँछ ।

धितोपत्र बजारले यस्ता धितोपत्र जारी गर्ने संगठित संस्था र खरिद गर्न चाहाने सर्वसाधारण तथा अन्य संस्थागत लगानीकर्ताबीच माध्यमको रूपमा रही पुँजी सङ्कलनको वातावरण तयार पार्ने संरचनाको रूपमा कार्य गर्नुका साथै धितोपत्र जारी भइसकेपश्चात् उक्त धितोपत्रलाई तरलता प्रदान गरी पुँजी सङ्कलन तथा लगानीको वातावरणलाई गतिशिलता प्रदान गर्दछ । नेपालमा धितोपत्र निष्कासनको इतिहार केही लामो भएपनि धितोपत्र बजारको संस्थागत विकासको इतिहास त्यति पुरानो छैन । वि.सं. १९९४ मा विराटनगर जुट मिल्स् तथा नेपाल बैंक लि.को शेयर सार्वजनिक निष्कासन भएसँगै नेपालमा धितोपत्र बजारसम्बन्धी गतिविधिको सुरूवात भएपनि धितोपत्र बजारको संस्थागत विकास भने वि.सं. २०३३ मा सेक्युरिटी खरिदबिक्री केन्द्रको स्थापना भएपश्चात् मात्र भएको देखिन्छ । धितोपत्र बजारलाई कानुनी दायरामा ल्याउन वि.सं. २०४० सालमा धितोपत्र कारोबार ऐन, २०४० जारी गरिएको थियो जसमा वि.सं. २०४९ मा भएको पहिलो संशोधनको व्यवस्था अनुसार वि.सं. २०५० जेठ २५ मा धितोपत्र बजारको नियमन निकाय नेपाल धितोपत्र बोर्डको स्थापना भयो र सोही वर्ष सेक्युरिटी खरिद बिक्री केन्द्र नेपाल स्टक एक्सचेन्ज लि.मा परिणत भई छुट्टै बजार सञ्चालक (स्टक एक्सचेन्ज) को व्यवस्था भई सो एक्सचेन्जमार्फत नियमित रूपमा धितोपत्रको कारोबार भइरहेको छ । वि.सं. २०६२ सालमा धितोपत्रसम्बन्धी अध्यादेश, २०६२ जारी भई धितोपत्र कारोबार ऐन, २०४० प्रतिस्थापन गरिएकोमा वि.सं. २०६३ सालमा धितोपत्रसम्बन्धी ऐन, २०६३ जारी भएपछि नेपालको धितोपत्र बजार हाल यही ऐनअन्तर्गत नियमन तथा सञ्चालन भइरहेको छ ।

## प्राथमिक बजारको अवस्था

विगत २९ वर्षको पुँजी परिचालनको अवस्थालाई विश्लेषण गर्दा सबैभन्दा कम पुँजी परिचालन आर्थिक वर्ष २०५१।५२ मा रू.२५ करोड ४२ लाख भएको थियो भने सबैभन्दा बढी पुँजी परिचालन आ.व. २०७७।७८ मा रू.१ खर्ब ८ अर्ब ७४ करोड भएको थियो । विगत २९ वर्षमा संगठित संस्थाहरूबाट भएको कुल सार्वजनिक निष्कासन रकमको प्रवृतिलाई चार्ट-१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट १ः सार्वजनिक निष्काशन अनुमति रकम**
*(आ.व. २०५०।५१ देखि आ.व. २०७८।७९ सम्म )*




श्रोतः नेपाल धितोपत्र बोर्ड

नेपालको पुँजी बजारमा निष्कासन हुने उपकरणमा साधारण शेयरको बाहुल्यता रहेको छ । आ.व. २०५०।५१ देखि आ.व. २०७८।७९ को अवधिमा बोर्डले रू.४ खर्ब ७३ अर्ब बराबरको पुँजी परिचालन गर्न स्वीकृति प्रदान गरेकोमा ५४.८४ प्रतिशत साधारण शेयर, ३६.४६ प्रतिशत संस्थागत ऋणपत्र, ८.५६ सामूहिक लगानी कोष र ०.१४ प्रतिशत अग्राधिकार शेयर रहेको छ जसलाई चार्ट २ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २ः नेपाल धितोपत्र बोर्डबाट सार्वजनिक निष्काशन गर्न स्वीकृत पूँजी बजार उपकरण**
**आ.व. २०५०।५१ देखि आ.व. २०७८।७९ सम्म**




## धितोपत्र दोस्रो बजार परिसूचकको अवस्था

प्राथमिक बजारमा धितोपत्रको सार्वजनिक निष्कासन गरेको कम्पनीहरूले नियमित खरिद बिक्रीमार्फत धितोपत्रलाई तरलता प्रदान गर्नका लागि नेप्सेमा सूचीकृत हुनुपर्ने प्रावधान बमोजिम आर्थिक वर्ष २०५०।५१ मा ६६ कम्पनीहरू नेप्सेमा सूचीकृत भई कारोबार सुरूवात भएको साथै धितोपत्रको दोस्रो बजारको सूचकांकको रूपमा नेप्से सूचकांक (NEPSE Index) वि.सं. २०५० माघ ३० का दिनदेखि गणना सुरूवात गरिएको थियो । उक्त सूचकांकको आधार बिन्दु १०० कायम गरिएको थियो । नेप्से सूचकांक २०६५ भाद्रमा ११७५.३८ बिन्दुमा पुगी नयाँ उचाई कायम गरेकोमा पूनः २०७३ श्रावण

१८८१.४५ बिन्दु तथा २०७८ भाद्रमा ३१९९.०३ बिन्दुमा पुगी हालसम्मकै उच्च बिन्दुमा पुगेको थियो । तत्पश्चात् नेप्से सूचकांकमा गिरावट आई २०७९ असार मसान्तमा २००९.४६ बिन्दु कायम भएको थियो । साथै धितोपत्र दोस्रो बजारका अन्य परिसूचकहरूमा समेत २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा घटेको देखिन्छ । धितोपत्र दोस्रो बजारका मुख्य परिसूचकहरूको प्रवृत्ति निम्नानुसार रहेको छ ।

### नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांक

नेप्से सूचकांक सुरूवाती वर्ष अर्थात आर्थिक वर्ष २०५०।५१ मा २२६.०३ रहेकोमा आ.व. २०५६।५७ मा ३६०.७० बिन्दु पुगेको देखिन्छ । सोपश्चात नेप्से सूचकांक आ.व. २०५९।६० मा २०४.८६ बिन्दुमा पुगेको थियो । नेप्से सूचकांक आ.व. २०६५ को भाद्रमा ११७५.३८ बिन्दुमा पुगी त्यस बेलासम्मको उच्च बिन्दु कायम भएको थियो । सो पश्चात भने सूचकांक आ.व. २०६८।६९ मा २९२ बिन्दुसम्म पुगेको थियो । वि.स. २०७३ श्रावण १२ मा नेप्से सूचकांक १८८१.४५ बिन्दुमा पुगी नयाँ रेकर्ड कायम भएकोमा त्यसपश्चात् २०७५ फागुन १९ मा १,१००.५८ बिन्दुसम्म झरेको थियो । २०७८ भाद्रमा नेप्से सूचकांक ३,१९९.०३ बिन्दुमा पुगी हालसम्मकै उच्च बिन्दु कायम भएकोमा तत्पश्चात् नेप्से सूचकांकमा गिरावट आई २०७९ असार मसान्तमा २००९.४६ बिन्दु कायम भएको छ । विगत २९ वर्षको नेप्से सूचकांकको प्रवृतिलाई चार्ट ३ मा प्रस्तुत गरिएको छ ।

त्यस्तै २०६६ भाद्र ३० देखि गणना सुरू गरिएको नेप्से फ्लोट सूचकांक (NEPSE Float Index) आ.व. २०६५।६६ को अन्त्यमा ७१.२२ बिन्दुमा रहेको थियो । सो पश्चात उक्त सूचकांक निरन्तर घटेकोमा आ.व. २०७२।७३ मा बढेर ९९.९५ बिन्दुमा कायम भएको थियो । आर्थिक वर्ष २०७७।७८ को अन्त्यमा नेप्से फ्लोट सूचकांक १७८.८१ बिन्दुमा रहेकोमा २०७८ भाद्र २ मा २२३.९६ बिन्दुमा पुगेको थियो । नेप्से फ्लोट सूचकांक २०७८ आषाढ मसान्तको तुलनामा २२.०६ प्रतिशतले घटेर २०७९ आषाढ मसान्तमा १३९.३७ बिन्दु कायम भएको छ ।




*स्रोत : नेपाल स्टक एक्सचेञ्ज लि.*

विगत २९ वर्षको नेप्से सूचकांकको प्रवृत्ति विश्लेषण गर्दा यस अवधिमा नेप्से सूचकांकमा उतारचढाव आइरहको देखिन्छ । २०५० माघमा आधार बिन्दु १०० कायम भई नेप्से सूचकांकको गणना सुरू भएकोमा त्यसपछिको छ महिनामा नै (२०५१ आषाढ मसान्तमा) नेप्से परिसूचक २२६.०३ बिन्दु पुगेको थियो । त्यसपश्चात् नेप्से सूचकांक क्रमशः घट्दै गई आ.व. २०५४।५५ को अन्त्यमा १६३.३५ बिन्दु कायम भएको थियो । त्यसको दुई वर्षमा नेप्से सूचकांकमा १२०.८१ प्रतिशतको

बढोत्तरी भई आ.व. २०५६।५७ मा ३६०.७० बिन्दु कायम भएको थियो । २०५०।५१ मा उच्च बिन्दुमा पुगेको नेप्से सूचकांक करिब ६ वर्षको अवधिपश्चात् पुनः उच्च बिन्दुमा पुगेकोमा त्यसको एक वर्षपश्चात् नेप्से सूचकांक घट्दै गई आर्थिक वर्ष २०५९।६० को अन्त्यमा २०४.८६ बिन्दुमा झरेको, त्यसपछिको दुई वर्षमा करिब स्थिर रही आ.व. २०६१।६२ पश्चात् क्रमशः सुधार भई २०७५ भाद्रमा १,१७५.३८ बिन्दु पुगेको थियो । यसरी करिब ५ वर्षमा नेप्से सूचकांकले पुनः अर्को उचाई कायम गरेको देखिन्छ । २०६५ भाद्रपश्चात् नेप्से सूचकांक क्रमशः घट्दै गई २०६९ आषाढमा २९२ बिन्दु पुगेको थियो । तत्पश्चात् नेप्से सूचकांकमा वृद्धि भई २०७३ श्रावणमा १,८८१.४५ को उच्चतम बिन्दु कायम भएको थियो । २०६५ भाद्रमा अघिल्लो उच्चतम बिन्दु छोएको नेप्से सूचकांकले करिब आठ वर्ष (२०७३ श्रावण) पछि अर्को उच्च बिन्दुमा पुगी २०७५ फागुन महिनामा ११०० को बिन्दुमा झरेको थियो । २०७८ भाद्र २ मा हालसम्म कै उच्च बिन्दु ३,१९९.०३ पुगेको नेप्से सूचकांक यसपटक अघिल्लो उच्च बिन्दु कायम भएको करिब पाँच वर्षमा अर्को उच्च बिन्दुमा पुगेको देखिन्छ । यसरी नेप्से सूचकांकको दुई उच्च बिन्दु बिचको समायवधि औषतमा छ वर्ष रहेको पाइन्छ ।

बजार पुँजीकरणका आधारमा बैंक समूहको बजार पुँजीकरण धेरै रहेको छ । आ.व. २०७८।७९ को अन्त्यमा बैंक समूहको बजार पुँजीकरण कुल बजार पुँजीकरणको ३६.७३ प्रतिशत रहेको छ । त्यसपश्चात् दोस्रोमा लघुवित्त समूहको ११.५९ प्रतिशत र तश्रोमा जलविद्युत समूहको १०.९५ प्रतिशत रहेको छ । समूहगत रूपमा सबैभन्दा न्यून बजार पुँजीकरण अन्य समूहको (०.४१ प्रतिशत) रहेको छ । बजार पुँजीकरणको आधारमा वाणिज्य बैंक, विकास बैंक, वित्त र लघुवित्त समूहले कुल बजार पुँजीकरणको ५४.५७ प्रतिशत हिस्सा ओगटेको देखिन्छ भने जीवन बिमा र गैरजीवन बिमा समूहले १२.७४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीहरूले कुल बजार पुँजीकरणमा ६७.३१ प्रतिशत र अन्य समूहमा रहेको एउटा पुनर्बीमा कम्पनीको हिस्सा (२.९८ प्रतिशत) समेत जोड्दा ७०.२९ प्रतिशत हिस्सा ओटेको देखिन्छ । आ.व. २०७८/७९ को अन्त्यको समूहगत बजार पुँजीकरणको अवस्था तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ः सूचीकृत संगठित संस्थाको समूहगत बजार पुँजीकरणको अवस्था**

| क्र. सं. | समूह | बजार पुँजीकरण (रु. अर्बमा) | प्रतिशत |
|---|---|---|---|
| १ | वाणिज्य बैंक | १,०५३.९६ | ३६.७३ |
| २ | विकास बैंक | १२८.४२ | ४.४८ |
| ३ | वित्त | ५०.८२ | १.७७ |
| ४ | लघुवित्त | ३३२.४७ | ११.५९ |
| ५ | जीवन बिमा | २१३.६१ | ७.४४ |
| ६ | गैर जीवन बिमा | १५२.९५ | ५.३३ |
| ७ | उत्पादन तथा प्रशोधन | १२३.५० | ४.३० |
| ८ | होटल तथा पर्यटन | ४५.८९ | १.६० |
| ९ | व्यापार समूह | ११.७९ | ०.४१ |
| १० | जलविद्युत | ३१४.२३ | १०.९५ |
| ११ | लगानी | १९७.८५ | ६.९० |
| १२ | अन्य | २४३.८५ | ८.५० |
| जम्मा | | २,८६९.३४ | |

*स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.*

### धितोपत्र आपूर्ति र बजार सूचकांकको प्रवृत्ति बीचको सम्बन्ध

आ.व. २०६४।६५ देखि आ.व. २०७८।७९ सम्मको अवधिमा धितोपत्रको दोस्रो बजारमा सूचीकृत धितोपत्रको संख्या र नेप्से सूचकांक हेर्दा यी दुई बीचको सह-सम्बन्ध ०.७८ ले सकारात्मक रहेको देखिन्छ । नेप्से सूचकांकको उत्तार चढावमा धितोपत्र आपूर्तिको प्रभाव २२ प्रतिशत रहेको देखिन्छ । आ.व. २०६७।६८ देखि आ.व. २०६९।७० मा सूचीकृत धितोपत्रको संख्यामा १० प्रतिशतको वृद्धि आउँदा नेप्से सूचकांकमा २५ प्रतिशतको गिरावट आई २९२ बिन्दु कायम भएको देखिन्छ । त्यसैगरी आ.व. २०७१।७२ देखि आ.व. २०७२।७३ सम्ममाको अवस्थाालाई हेर्दा सोको विपरीत सूचीकृत धितोपत्रको संख्यामा २९.०५ प्रतिशतले वृद्धि हुँदा सोही समयावधिमा नेप्से सूचकांकमा ७८.७४ प्रतिशतले वृद्धि आएको देखिन्छ । आ.व.२०७२।७३ देखि २०७३।७४ को अवधिमा सूचीकृत धितोपत्रको संख्यामा ४०.८७ प्रतिशतले वृद्धि हुँदा नेप्से सूचकांकमा ७.८९ प्रतिशतको गिरावट आएको देखिन्छ ।

आ.व. २०७७।७८ र आ.व. २०७८।७९ को अन्त्य (एक वर्षको अवधि) को सूचीकृत धितोपत्रको संख्या र नेप्से सूचकांक हेर्दा धितोपत्रको आपूर्तिमा १६.२२ प्रतिशतको वृद्धि हुँदा नेप्से सूचकांक भने करिब ३०.३१ प्रतिशतले घटेको देखिन्छ । आ.व. २०६४।६५ देखि हालसम्मको नेप्से सूचकांक र धितोपत्रको आपूर्ति बीचको सह-सम्बन्ध (Correlation) सकारात्मक देखिएता पनि पछिल्लो समय आ.व. २०७३।७४ देखि आ.व. २०७५।७६ सम्म तथा आ.व. २०७७।७८ र आ.व. २०७८।७९ सम्म यी दुई बीचको सम्बन्ध नकारात्मक रहेको देखिन्छ । नेप्से सूचकांक र धितोपत्र आपूर्ति बीचको सम्बन्ध चार्ट ४ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४: नेप्से सूचकांक र धितोपत्र आपूर्तिको प्रवृति**

*(आ.व. २०६४।६५ देखि आ.व. २०७८।७९ सम्मको तथ्यांकमा आधारित)*




*स्रोत: नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि.*

### भारित अन्तर बैंक ब्याजदर तथा नेप्से सूचकांकको अवस्था

आ.व. २०६४।६५ देखि आ.व. २०७८।७९ सम्मको नेप्से सूचकांक र भारित अन्तर बैंक ब्याजदरको प्रवृत्ति हेर्दा यी दुई बीचको सम्बन्ध नकारात्मक रहेको देखिन्छ । सो अवधिमा भारित अन्तर बैंक ब्याजदर र नेप्से सूचकांक बीचको सह-सम्बन्ध (Correlation) गणना गर्दा यी दुई बीचको सम्बन्ध ०.१५ ले ऋणात्मक रहेको देखिन्छ । उक्त अवधिको नेप्से सूचकांक र भारित अन्तर बैंक ब्याजदर बीचको सम्बन्ध तथा चार्ट ५ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ५: नेप्से सूचकांक र भारित अन्तर बैंक ब्याजदरको प्रवृति**

*(आ.व. २०६४/६५ देखि आ.व. २०७८/७९ सम्मको तथ्यांकमा आधारित)*




*स्रोत: नेपाल स्टक एक्सचेन्ज लि., नेपाल राष्ट्र बैंक।*

## मार्जिन प्रकृतिको ऋण प्रवाह र नेप्से सूचकांकको अवस्था

नेप्से सूचकांकको प्रवृत्ति र मार्जिन प्रकृति ऋणको प्रवाह बीचको सम्बन्धलाई नियाल्दा यी दुई बीचको सम्बन्ध सकारात्मक रहेको देखिन्छ । आ.व. २०६७/६८ देखि २०७८/७९ को अवधिमा मार्जिन प्रकृति ऋण र नेप्से सूचकांक बीचको सह-सम्बन्ध (Correlation) गणना गर्दा यी दुई बीचको सम्बन्ध ०.९४ ले सकारात्मक रहेको देखिन्छ । उक्त अवधिको नेप्से सूचकांक र मार्जिन प्रकृति ऋणको प्रवाह बीचको अवस्थालाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

पछिल्लो तीन वर्षको तथ्याङ्क अधययन गर्दा २०७७ आषाढ मसान्तको तुलनामा २०७८ आषाढ मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको मार्जिन प्रकृतिको कर्जा ११७.५३% ले वृद्धि हुँदा उक्त अवधिमा नेप्से सूचकांक ११.६०% ले वृद्धि भएको थियो । त्यस्तै २०७७ आषाढ मसान्तको तुलनामा २०७८ आषाढ मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको मार्जिन प्रकृतिको कर्जा १७.५९ प्रतिशतले घटेकोमा उक्त अवधिमा नेप्से सूचकांक ३०.३१ प्रतिशतले घटेको थियो ।

## तालिका २ : मार्जिन प्रकृतिको ऋणको प्रवाह तथा नेप्से सूचकांक

| आर्थिक वर्ष | नेप्से सूचकांक (बिन्दुमा) | मार्जिन प्रकृतिको ऋणको प्रवाह (रु. करोडमा) |
|---|---|---|
| २०६७/६८ | ३६२.८५ | १२१३.१९१ |
| २०६८/६९ | ३८९.७४ | १०३३.३७ |
| २०६९* | २९२ | १०१९.३३ |
| २०६९/७० | ५१८.३ | १२९३.५४ |
| २०७०/७१ | १०३६.१ | २००३.१६३ |
| २०७१/७२ | ९६१.२३ | १६३६.०२९ |
| २०७२/७३ | १७१८.१५ | ३७६८.१०४ |
| २०७३** | १८८१.४५ | ३७२२.७४२ |
| २०७३/७४ | १५८२.६७ | ४११७.००६ |
| २०७४/७५ | १२१२.३६ | ४११२.८८६ |
| २०७५/७६ | १२५९.०२ | ३५५७.१ |
| २०७६/७७ | १३६२.६५ | ४८८५.९६ |
| २०७७/७८ | २८८३.४१ | १०६२८.३९ |
| २०७८+ | ३१९९.०३ | १०६२८.३९ |
| २०७८/७९++ | २००९.४७ | ८७५८.८६ |

*आषाढ, **श्रावण १२, +भाद्र २, ++आषाढ १५ — *स्रोत: नेप्से, नेपाल राष्ट्र बैंक*

**चार्ट ६: नेप्से सूचकांक र मार्जिन प्रकृतिको कर्जाको प्रवृति**

*(आ.व. २०६७।६८ देखि आ.व. २०७८।७९ सम्मको तथ्यांकमा आधारित)*




## निष्कर्ष

- नेपालको धितोपत्र बजारको अवस्थालाई हेर्दा पछिल्लो वर्ष (आ.व. २०७८।७९) मा प्राथमिक बजारमार्फत हुने निष्कासन समग्रमा औषत र अघिल्लो आ.व.को तुलनामा करिब ५० प्रतिशतको कमी आएको देखिन्छ । त्यस्तै धितोपत्रको दोसो बजारतर्फ अधिकांश सूचकांकमा अघिल्लो वर्षको तुलनामा गिरावट आएको देखिन्छ ।

- बोर्डको स्थापनादेखि २०७८ आषाढ मसान्तसम्ममा धितोपत्रको प्राथमिक बजारमार्फत बोर्डले ४ खर्ब ७३ अर्ब रूपैयाँ बराबरको पुँजी परिचालन गर्न स्वीकृति प्रदान गरेको छ । विगत २९ वर्षको धितोपत्रको प्राथमिक बजारमार्फतको पुँजी परिचालनको अवस्थालाई विश्लेषण गर्दा आ.व. २०७२।७३ सम्म हरेक आ.व.मा २० अर्ब रूपैयाँभन्दा कमको पुँजी परिचालन भएकोमा त्यसपछिका वर्षमा धितोपत्र बजारमार्फत पुँजी परिचालनमा वृद्धि आइरहेको देखिन्छ र आ.व. २०७७।७८ मा उक्त रकम एक खर्बभन्दा माथि रहेको देखिन्छ ।

- पुँजी बजारमा लगानीका लागि उपलब्ध उपकरणहरूमा साधारण शेयर, बन्ड तथा ऋणपत्र, सामूहिक लगानी कोष र अग्राधिकार शेयर रहेका छन् जसमा साधारण शेयरको बाहुल्यता रहेको, ऋणपत्रको दोस्रो बजार कारोबार र अग्राधिकार शेयरको संख्या तथा कारोबार नगन्य रहेको देखिन्छ ।

- प्राथमिक बजारमार्फत निष्काशित तथा दोस्रो बजारमा सूचीकृत सरकारी तथा संस्थागत ऋणपत्रको संख्या उल्लेख्य भएतापनि यसको कारोबार नगन्य रहेको र सरकारी ऋणपत्रको दोस्रो बजार सञ्चालनमा नरहेको सन्दर्भमा Yield Curve को विकास गर्न नसकिएको देखिन्छ ।

- विगत २९ वर्षको धितोपत्रको दोस्रो बजारको प्रमुख परिसूचक नेप्से सूचकांकलाई विश्लेषण गर्दा यस सूचकांकमा उतारचढाव आइरहेको देखिन्छ । पछिल्लो पाँच वर्षको नेप्से सूचकांकको प्रवृत्ति हेर्ने हो भने २०७३ भाद्रमा १,८८१.४५ को उच्चतम बिन्दुमा पुगेको सूचकांक २०७५ फागुन महिनामा १,१०० बिन्दुमा पुगी २०७८ भाद्रमा हालसम्म कै उच्च ३,१९९.०३ बिन्दुमा पुगेको थियो र उक्त सूचकांक २०७९ असार मसान्तमा २,००९.४६ बिन्दु कायम भएको छ । नेप्से सूचकांकमा आउने उतारचढावसँग सँगै बजार पुँजीकरण पनि विगत २९ वर्षमा घटबढ भइरहेको देखिन्छ । त्यस्तै

विगत २९ वर्षको धितोपत्रको कारोबार रकमको विश्लेषण गर्दा आ.व. २०६९।७० सम्म औषत दैनिक कारोबार रकम १० करोड रूपैयाँभन्दा कम नै रहेकोमा त्यसपछिका वर्षमा यसमा धेरैजसो आर्थिक वर्षहरूमा वृद्धि भई आ.व. २०७७।७८ मा करिब रू. ६ अर्ब पुगेको, एकै दिन रू. २१ अर्बसम्मको कारोबार भएको देखिन्छ ।

- २०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्था र बिमा कम्पनी (अन्य समूहमा रहेको एक पुनर्बीमा कम्पनी सहित) को कुल बजार पुँजीकरणमा ८१.०३ प्रतिशत हिस्सा रहेकोमा उक्त हिस्सा २०७८ असार मसान्तमा घटेर ७२.८६ प्रतिशत र २०७९ असार मसान्तमा ७०.२९ प्रतिशत रहेको छ । यसबाट बैंकिङ्ग तथा बिमा क्षेत्रको हिस्सा घट्दै गएको देखिएतापनि जलविद्युत बाहेक अरू समूहको हिस्सा बढ्न नसक्नुले वास्तविक क्षेत्रका कम्पनीको प्रवेश आवश्यक रहेको देखिन्छ ।

- दोस्रो बजार सूचकांकलाई धितोपत्रको आपूर्ति, भारित अन्तर बैंक ब्याजदर तथा मार्जिन प्रकृतिको ऋण प्रवाहसँग तुलना गर्दा धितोपत्रको आपूर्ति र नेप्से सूचकांकको सहसम्बन्ध कुनै आर्थिक वर्षहरूमा सकारात्मक तथा कुनै आर्थिक वर्षहरूमा नकारात्मक देखिएको छ । त्यस्तै अन्तर बैंक ब्याजदर र नेप्से सूचकांकको सम्बन्ध नकारात्मक रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने मार्जिन प्रकृतिको कर्जा र नेप्से सूचकांकको सह सम्बन्ध भने सकारात्मक रहेको देखिन्छ । यसबाट नेप्से सूचकांकको उतारचढावमा भारित अन्तर बैंक ब्याजदर र मार्जिन प्रकृतिको कर्जाको प्रभाव रहको देखिन्छ । ■■

*लेखक नेपाल धितोपत्र बोर्डका*
*उपकार्यकारी निर्देशक हुनुहुन्छ ।*

# धितोपत्र बजारमा लगानीकर्ताको हक हित संरक्षण



नारायणप्रसाद शर्मा

### १. विषय प्रवेश

विकसित तथा विकासशील दुवै देशहरूमा देशको आर्थिक विकासको अवस्थालाई हेर्ने क्रममा धितोपत्र बजार अर्थात शेयर बजारको विकासको अवस्थालाई समेत हेर्ने गरेको पाइन्छ । यस बजारको सुरूवाती इतिहास हेर्दा सन् १६०२ मा नेदरल्याण्डको राजधानी आम्सर्टरडममा स्टक एक्सचेन्जमा सर्वप्रथम डच इष्ट इण्डिया कम्पनीको शेयर कारोबार भएदेखि यस बजारको विकासक्रम अगाडि बढेको देखिन्छ । उक्त बजारको नेपालको विकासक्रम हेर्दा वि.स. १९९३ सालमा कम्पनी ऐन लागु भएपछि वि.सं. १९९४ मा विराटनगर जुट मिल्स र नेपाल बैंक लि. ले सर्वसाधारणलाई शेयर बिक्री गरेपश्चात सुरूवा भएको देखिन्छ । सोको विकास क्रममा वि.स. २०१८ मा सरकारी ऋणपत्रको कारोबार सुरूवात भएको पाइन्छ सोपश्चात वि.सं. २०३३ मा सेक्युरिटी खरिद बिक्री केन्द्रको स्थापनापश्चात शेयर कारोबारको संस्थागत सुरूवात भएको देखिन्छ । धितोपत्र कारोबार ऐन, २०४० लाई वि.स. २०४९ मा प्रथम पटक संशोधन गरी धितोपत्र बजारको नियमन निकायको रूपमा नेपाल धितोपत्र बोर्ड (बोर्ड) को स्थापना गरिएको थियो भने, सेक्युरिटी खरिद बिक्री केन्द्रलाई पनि वि.स. २०५० मा नै धितोपत्र बजार सञ्चालकको रूपमा नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) मा परिवर्तन गरिएको थियो । त्यसपश्चात् उक्त कारोबार ऐनलाई धितोपत्र अध्यादेश, २०६२ ले प्रतिस्थापन गरेकोमा पछि धितोपत्रसम्बन्धी ऐन, २०६३ जारी भएपश्चात् हाल नेपालको धितोपत्र बजार सोही ऐनअन्तर्गत नियमन तथा सञ्चालन भइरहेको छ । धितोपत्रसम्बन्धी कामकारबाहीलाई देशको आर्थिक विकासका लागि आवश्यक पुँजी परिचालन गर्न पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नका निम्ति धितोपत्रको निष्कासन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्न तत्सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन धितोपत्र सम्बन्धी ऐन, २०६३ जारी गर्नुको उद्देश्य रहेको स्पष्ट हुन्छ । ऐनको प्रस्तावनामा उल्लेख भए अनुरूप लगानीकर्ताको हित संरक्षण तथा बजार विकास तथा सुधार र नियमन एवम् सुपरिवेक्षण गर्ने बोर्डको मुख्य उद्देश्य रहेको छ ।

उक्त ऐनले निर्दिष्ट गरेको उद्देश्य अनुरूप कार्यसम्पादन गर्ने क्रममा गरिएका नीतिगत तथा कानुनी व्यवस्था, संरचनात्मक सुधार एवम् विकासका कारण यस बजारमा आमजनमानसको उपस्थिति तथा सहभागिता निरन्तर रूपमा बढिरहेको अवस्था छ । धितोपत्र बजारको महत्त्वपूर्ण बजार प्राथमिक बजारको सार्वजनिक निष्कासनमा आस्वा तथा सि-आस्वा प्रणाली लागु, डिम्याट खाता तथा मेरो शेयरमार्फत सरल, सहज र छिटो शेयर आवेदन गर्न सक्ने अवस्था हुँदा एकै सावर्जनिक निष्कासनमा २७ लाखभन्दा बढी व्यक्तिले आवेदन गरेको अवस्था छ । धितोपत्रको दोस्रो बजारमा समेत नेपाल स्टक एक्सचेञ्ज लि. ले २०७५ कात्तिकदेखि नट्स प्रणाली सञ्चालनमा ल्याए पश्चात अनलाइन युजरनेम तथा पासवर्ड लिइ घरमै बसी बसी सहज रूपमा कारोबार गर्न सक्ने वातावरण बन्दा हाल १५ लाखभन्दा बढी जनमानस प्रत्यक्ष रूपमा यस बजारमा जोडिएको अवस्था रहेको छ । कोभिड-१९ का कारण नेपाल सरकारबाट गरिएको बन्दाबन्दीपश्चात अर्थतन्त्रका अन्य क्षेत्रहरूमा लगानीको वातावरण खुम्चिँदा समेत शेयर बजारका अधिकांश सूचकांकहरूमा उच्च वृद्धि हुनुले समेत सर्वसाधारणको सहभागिता बढेको देखिन्छ ।

धितोपत्र बजारमा वि.स. २०७२ माघबाट दोस्रो बजारको कारोबारलाई पूर्णरूपमा अभौतिकृत गर्ने, लगानीकर्ताहरूले बजारको गहिराइ हेर्न पाउने, सूचीकृत कम्पनीहरूले प्रदान गर्ने नगद लाभांश शेयरधनीको आफ्नै बैंक खातामा र बोनस तथा हकप्रद शेयर आफ्नै डिम्याट खातामा

जम्मा हुने व्यवस्था, राफसाफ तथा फछ्र्यौट व्यवस्थामा सुधार, बुक बिल्डिङ प्रणालीका लागि व्यवस्था, धितोपत्र व्यापारी (स्टक डिलर) को बजार प्रवेश, योग्य संस्थागत लगानीकर्ताको प्रवेश, आस्वा शुल्कमा पुनरावलोकन, विशिष्टीकृट लगानी कोष व्यवस्थापकको प्रवेश, धितोपत्र कारोबार लागतमा पुनरावलेकन, शेयर धारण गरेको आधारमा पुँजीगत लाभकरको व्यवस्था र वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई सार्वजनिक निष्कासनमा १० प्रतिशत शेयर आरक्षण व्यवस्था जस्ता मुख्य कार्यहरूले समेत बजारमा लगानीकर्ताहरूको आकर्षण बढ्दो छ । धितोपत्र बजारमा लगानीकर्ताहरूको व्यापक सहभागिता भएसँगै लगानीकर्ताहरूको हकहित संरक्षणको सवाल महत्त्वको साथमा उठिरहेको सन्दर्भमा यस लेखबाट थप प्रष्टता ल्याउने प्रयास गरिएको छ ।

## २. धितोपत्र बजार तथा यसको अवस्था

विशेषतः एक वर्षभन्दा बढी परिपक्व अवधि भएका वित्तीय औजारहरूको कारोबार हुने बजारलाई पुँजी बजारको रूपमा बुझ्न सकिन्छ । कृषि, उद्योग, व्यापार तथा सरकारका लागि आवश्यक हुने दीर्घकालीन तथा मध्यकालीन पुँजी सहज तथा कम लागतमा यस बजारमार्फत प्राप्त गर्न सकिन्छ । पुँजी बजारअन्तर्गत धितोपत्र बजार तथा गैर-धितोपत्र बजार गरी दुई किसिमको बजार रहेका हुन्छन् । सामान्यरूपमा धितोपत्र बजारलाई पुँजी बजार पनि भन्ने गरिन्छ । तर पुँजी बजारको दायरा धितोपत्र बजारको दायराभन्दा फराकिलो हुन्छ जसभित्र धितोपत्र बजारको अतिरिक्त मध्यम तथा दीर्घकालीन निक्षेप तथा ऋण प्रवाह पनि पर्दछन् । धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रूपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा समेतलाई समग्रमा धितोपत्र बजार अर्थात शेयर बजारको रूपमा बुझिन्छ । धितोपत्र बजार पुँजी आवश्यकता पूर्ति गर्न चाहने संगठित संस्था र व्यक्तिगत तथा संस्थागत लगानीकर्ता तथा सरकारलाई लगानीको अवसर प्रदान गर्ने एक महत्त्वपूर्ण संयन्त्र हो । धितोपत्र बजारअन्तर्गत प्राथमिक बजार र धितोपत्रको दोस्रो बजार दुई प्रकारको बजार रहेको हुन्छ ।

क) प्राथमिक बजारः संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक रूपमा धितोपत्र निष्कासन गरी आफूलाई आवश्यक परेको दीर्घकालीन पुँजी प्राप्त गर्ने बजारलाई प्राथमिक बजार भनिन्छ । संगठित संस्थाहरूलाई आफ्नो व्यवसाय विस्तार गर्न आवश्यक रहने पुँजी प्राप्त गर्न विविध किसिमका धितोपत्र उपकरणहरूमार्फत सर्वसाधारणमा छरिएर रहेको रकम सङ्कलन गरिन्छ । प्राथमिक बजारको माध्यमबाट सर्वसाधारण लगानीकर्ताहरूलाई लगानीको अवसर प्राप्त हुनुका साथै संगठित संस्थाको नाफामा सहभागी हुने अवसर समेत प्राप्त हुन्छ । साथै देशमा औधोगिकीकरण तथा पूर्वाधार विकासका लागि आवश्यक पुँजीको आपूर्ति भई समग्र देशको आर्थिक विकासमा टेवा पुऱ्याउँछ । धितोपत्रको प्राथमिक निष्कासन क्रमशः सार्वजनिक निष्कासन, धितोपत्रको थप सार्वजनिक निष्कासन, हकप्रद शेयर निष्कासन, परिपत्रविधिद्वारा निष्कासन, बोनस शेयर निष्कासन र संस्थापक र अन्य समूहको शेयर सर्वसाधारणमा गरिने निष्कासन गर्न सकिन्छ । आ.व. २०७९।८० को पुस ११ गतेसम्मको प्राथमिक बजारको अवस्थालाई हेर्दा बोर्डले उक्त अवधिमा २७ कम्पनीलाई रू. २८ अर्ब ४२ करोड रकम बराबरको सार्वजनिक निष्कासन अनुमति प्रदान गरेको देखिन्छ । जसमा साधारण शेयर निष्कासनतर्फ १४ संस्थालाई रु ३ अर्ब ५१ करोड रकम बराबरको तथा हकप्रदतर्फ एक संस्थालाई रू. ९५ करोड ३५ लाख रकम बराबरको निष्कासन अनुमति प्रदान गरको पाइन्छ । त्यसैगरी सात कम्पनी लाई रु१८ अर्ब रकम बराबरको ऋणपत्र निष्कासन तथा पाँच संस्थालाई रू. ५ अर्ब ९५ करोड रकम बराबरको सामूहिक लगानी योजना निष्कासन अनुमति प्रदान गरेको देखिन्छ । साथै सोही अवधिमा बोर्डमा बोनस सेयर दर्तातर्फ सात वटा संस्थाहरूको रू. ६ अर्ब ४८ करोड २२ लाख रकम बराबरको शेयर दर्ता गरिएको छ । समग्रमा प्राथमिक बजारमार्फत रू. ४ खर्ब ६८ अर्ब रकम रकम बराबरको पुँजी परिचालन अनुमति प्रदान गरेको देखिन्छ ।

ख) धितोपत्रको दोस्रो बजारः प्राथमिक बजारमा खरिद गरिएका धितोपत्रहरूलाई पुनः खरिद बिक्री गर्न सकिने, संगठित संस्था तथा सरकारद्वारा जारी गरी सूचीकृत भइसकेको धितोपत्रको कारोबार गर्न सकिने गरी स्थापित बजारलाई धितोपत्रको दोस्रो बजार भनिन्छ । अर्को अर्थमा धितोपत्र बजार भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रूपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजारलाई जनाउँछ । यस बजारमा संगठित संस्थाले जारी गरेका विविध धितोपत्र खरिद वा बिक्री गरिन्छ । उक्त बजारमा धितोपत्र खरिद बिक्री गर्न लगानीकर्ताहरूले बोर्डबाट

अनुमतिपत्र प्राप्त धितोपत्र दलाल व्यवसायीमार्फत कारोबार गर्नुपर्छ । नेपालमा हालसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) एक मात्र दोस्रो बजार सञ्चालकको रूपमा रहेको छ । उक्त लि. ले नेप्से सूचकांक, फ्लोट सूचकांक तथा विभिन्न १२ क्षेत्रका सूचकांकहरू गणना गर्ने गर्दछ । धितोपत्रको दोस्रो बजारको अवस्थालाई हेर्दा आ.व. २०७९/८० को कात्तिक मसान्तसम्मको धितोपत्र कारोबार रकममा गत आ.व. को सोही अवधिको तुलनामा ८०.७५ प्रतिशतले कमी आई रू. १ खर्ब ३४ अर्ब ४४ करोड रकम बराबरको कारोबार भएको छ भने दैनिक औसत कारोबार रकममा सोही अवधिमा करिब ८२ प्रतिशतको गिरावट आई रू. १ अर्ब ६३ करोड ९५ लाख रकम बराबरको दैनिक कारोबार भएको देखिन्छ । सोही अवधिमा बजार पुँजीकरणतर्फ रू. २७ खर्ब ४९ अर्ब २३ करोड पुगेको छ भने फ्लोट बजार पुँजीकरण रू. ११ खर्ब ३९ अर्ब ८२ करोड पुगेको अवस्था छ । कारोबार संख्यामा गत आ.व. को तुलनामा ६६ प्रतिशतले कमी आई जम्मा २४ लाख ६८ हजार ५ सय ३७ पुगेको छ जुन गत आ.व. मा ७२ लाख ८० हजार ६ सय १९ वटा मात्र कारोबार भएको थियो । आ.व. २०७९।८० को प्रथम चौमाससम्म नेप्से सूचकांकमा गत आ.व. को सोही अवधिमा तुलनामा करिब ३१ प्रतिशतले घटी १९११.२६ बिन्दु पुगेको छ । त्यस्तै फ्लोट सूचकांक १३३.६६ बिन्दु पुगेको छ गत वर्ष सोही अवधिमा उक्त सूचकांक १९३.२९ बिन्दुमा रहेको थियो । धितोपत्र बजारमा सूचीकृत कम्पनीहरूको संख्या यस अवधिमा २४५ पुगेको छ ।

ग) धितोपत्र बजारमा सहभागिता जनाउने लगानीकर्ताहरूको संख्या उल्लेख्य हुन थालेको छ । धितोपत्रको प्राथमिक बजारमा आस्वा प्रणाली र धितोपत्रको दोस्रो बजारमा स्वचालित कारोबार प्रणाली सञ्चालनमा ल्याएपश्चात यसमा लगानीकर्ताहरूको उपस्थिति ठूलो मात्रामा हुन पुगेको छ । धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्थालाई नियाल्दा आ.व. २०७९।८० को पुस ११ सम्म संख्या ५४ लाख ८४ हजार २ सय ७३ पुगेको छ । त्यसैगरी मेरो शेयर खाताको संख्या सोही अवधिसम्म संख्या ४५ लाख ७२ हजारभन्दा बढी पुगेको छ । सार्वजनिक निष्कासनतर्फ कुनै एक निष्कासनमा २७ लाख ३० हजारभन्दा बढी लगानीकर्ताहरूले आवेदन दिएका थिए । साथै धितोपत्रको दोस्रो बजारमा अनलाइन लगइन लिने लगानीकर्ताको संख्यामा समेत उल्लेख्य वृद्धि आएको छ, जुन आ.व. २०७९।८० को कात्तिक मसान्तसम्म उक्त संख्या १५ लाख ७३ हजार ९ सय ७ पुगेको छ ।

## ३. धितोपत्र बजार नियमन तथा कानुनको उद्देश्य

धितोपत्र बजारको अन्तर्राष्ट्रिय नियमन निकायहरूको संगठन आइस्कोले लगानीकर्ताको हक हितको सुरक्षा, स्वच्छ, प्रभावकारी र पारदर्शी बजारको विकास गर्ने र प्रणाली जोखिमको न्यूनीकरण गर्नुपर्ने मुख्य उद्देश्यहरू धितोपत्र बजार नियमन निकायको मुख्य उद्देश्यहरू निर्धारित गरेको छ । उक्त उद्देश्यहरू एक अर्कासँग परस्परमा सम्बन्धित रहेका छन् ।




नेपालमा धितोपत्रसम्बन्धी कानुनमा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने र धितोपत्रको निष्कासन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने जिम्मेवारी रहेको छ । साथै धितोपत्र बजार, केन्द्रीय निक्षेप सेवा, सामूहिक लगानी कोष र धितोपत्र व्यवसाय सञ्चालन तथा व्यवस्थित गर्ने, पुँजी बजारलाई स्वच्छ, स्वस्थ्य, पारदर्शी, प्रभावकारी एवम् प्रतिस्पर्धी बनाई पुँजी परिचालनकर्ता तथा लगानीकर्ताहरूका लागि पहुँचयोग्य र विश्वसनीय बनाउन, बजार नियमन तथा सुपरिवेक्षण गर्ने, पुँजी बजारमा संलग्न संस्था तथा निकायहरूको

व्यावसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने र पुँजी बजारको प्रणालीगत जोखिमलाई न्यूनीकरण गर्ने कानुनको उद्देश्य तय गरिएको छ ।

### ४. लगानीकर्ताको हक हित संरक्षण

बोर्ड धितोपत्र बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय संगठन (आइस्को) को एशोसियट सदस्य भइसकेको सन्दर्भमा उक्त निकायबाट प्रतिपादित सिद्धान्तको परिपालाना गर्नुपर्ने अवस्था रहेको छ । विकसित बजारदेखि विकासशील बजारहरूमा धितोपत्रसम्बन्धी कानुनको मूल मर्म हेर्दा लगानीकर्ताको हित संरक्षणलाई लगानीकर्ताहरूले प्राप्त गर्ने सूचना तथा बजारमा हुन सक्ने अस्वाभाविक गतिविधि रोकथामका लागि नियामक निकायहरूले उपयुक्त संयन्त्र विकास तथा त्यस्ता गतिविधि भएका कानुनी दायरा ल्याउनुपर्ने विषयमा केन्द्रित गरेको देखिन्छ । साथै लगानीकर्तालाई लगानीसम्बन्धी निर्णय गर्न आवश्यक हुने सूचना तथा विवरण प्राप्त गर्न आवश्यक संयन्त्रको विकास गर्नु भन्ने देखिन्छ । लगानीकर्ता हक हित संरक्षणलाई लगानीकर्तालाई लगानीसम्बन्धी निर्णयमा सघाँउ पुग्ने सूचनामा पहुँच प्राप्त हुने व्यवस्था हुनु, सूचनाको दुरूपयोग रोक्ने, बजारमा हुने छलकपट, झुठो कारोबार, जालसाँजीयुक्त कारोबार, मूल्यमा उतारचढाव लगायतका बजारलाई प्रभावित पार्ने गतिविधिलाई नियन्त्रण गर्नु एवम् प्रणालीगत जोखिमलाई न्यूनीकरणका लागि आवश्यक व्यवस्था मिलाउने कार्यको रूपमा बुझ्नुपर्दछ ।

धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ताले लगानीसम्बन्धी निर्णय गर्नुअघि पर्याप्त सूचना तथा जानकारी लिई अध्ययन तथा विश्लेषण गरी लगानी निर्णय गर्नु उपयुक्त हुन्छ । लगानीकर्ताले लगानी गर्ने संस्था तथा उक्त संस्था/कम्पनीका संस्थागत गतिविधिका बारेमा पर्याप्त जानकार लिई लगानी गर्दा मात्र सुरक्षित हुन सक्दछ । संगठित संस्थाका हरेक गतिविधि लगानीकर्ताका लागि महत्त्वपूर्ण हुन्छन् तर विविध कारणले सबै संस्थागत गतिविधि तथा विवरणमा ध्यान नपुगेता पनि कम्तीमा मूल्य संवेदनशील सूचना तथा तात्विक असर पर्ने विवरणहरूको जानकारी लगानीकर्ताका लागि अत्यावश्यक रहन्छ ।

प्राथमिक बजारमा लगानी पूर्व लगानीकर्तालाई संस्थागत विवरणहरूमा पहुँच पुऱ्याउन बोर्डबाट लागु भएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ ले धितोपत्रको सार्वजनिक निष्कासन पूर्वबोर्डबाट विवरणपत्रको जाँचबुझ गरी विवरणपत्रमा समावेश गर्नुपर्ने कुनै कुरा छुट भएको वा संशोधन गर्नुपर्ने देखिएमा संगठित संस्थालाई सो संशोधन गर्न निर्देशन दिने, सार्वजनिक जानकारीका लागि आह्वानपत्र प्रकाशन गर्ने, विवरणपत्रको प्रकाशन गर्ने, सार्वजनिक निष्कासन पूर्वसंगठित संस्थाले आफ्ना संस्थागत प्रकाशन, वेबसाइट, वार्षिक तथा अद्यावधिक प्रतिवेदन, विवरणपत्र, सार्वजनिक सूचना आदिबाट लगानीकर्तालाई जानकारी गराउनुपर्ने व्यवस्था गरेको देखिन्छ ।

त्यस्तै धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सो ऐन अन्तर्गतका नियमावलीहरूमा संगठित संस्थाबाट प्रवाहित हुने विवरणहरूलाई लगानीकर्ताको पहुँचसम्म पुऱ्याउन उच्च प्राथमिकता दिएको देखिन्छ । सामूहिक लगानी कोष नियमावली, २०६७ ले योजना व्यवस्थापकले योजनाका एकाइहरूको सार्वजनिक निष्कासनको आह्वान गर्नु अगाडि योजनाका सम्बन्धमा जानकारी प्रदान गर्न विवरण पुस्तिकाको प्रकाशन, एकाइधनीका जानकारीका लागि योजना व्यवस्थापकले सञ्चालन गरेको प्रत्येक योजनाको खुद सम्पत्तिको मूल्य, एकाइ बिक्री तथा पुनः खरिद मूल्य प्रत्येक हप्ता कम्तीमा एक पटक सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै योजना व्यवस्थापकले प्रत्येक महिना योजना सम्बन्धी कामको विवरण, त्रैमासिक रूपमा योजनाको त्रैमासिक प्रतिवेदन, अर्धवार्षिक प्रतिवेदन र प्रत्येक आर्थिक वर्षमा योजनाको लेखापरीक्षण भएको वित्तीय विवरण र सो आर्थिक वर्षमा भए गरेका कामकारबाही सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ ।

त्यस्तै धितोपत्रको दोस्रो बजारमा लगानी गर्ने लगानीकर्तालाई सूचनामा पहुँच पुऱ्याउन धितोपत्र दर्ता गरेका संगठित संस्थाले धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने कुनै घटना वा परिस्थितिको सिर्जना भएमा यथासक्य चाडो धितोपत्र बजार तथा बोर्डलाई उपलब्ध गराउनुपर्ने, प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र त्रैमासिक प्रतिवेदन राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेस गर्नुपर्ने व्यवस्था गरेको छ । संगठित संस्थाले सार्वजनिक निष्कासनपछिका सूचीकरण र कारोबार प्रक्रियामा समेत अद्यावधिक रूपमा लगानीकर्ता तथा सरोकारवालाहरूलाई संगठित संस्थाका आर्थिक स्थितिको मूल्याङ्कन गर्न आवश्यक र सहायक हुने कुरा, धितोपत्र बजारको कारोबार वा धितोपत्रको मूल्यलाई असर पर्ने जानकारीका अतिरिक्त अन्य सूचना समेत यथासम्भव छिटो लगानीकर्तासमक्ष पुऱ्याउनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

सूचीकृत संगठित संस्थाहरूको कामकारबाहीलाई

नियमित तथा व्यवस्थित गरी शेयरधनीलगायत सम्पूर्ण सरोकारवालाहरू प्रति सम्बन्धित संस्थालाई उत्तरदायी बनाई धितोपत्र बजारलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासनसम्बन्धी निर्देशिका, २०७४ जारी गरेको देखिन्छ । उक्त निर्देशिकामार्फत संस्थागत सुशासनको सिद्धान्तहरू, संस्थाको पुँजी तथा शेयरको संरचना, वित्तीय अवस्था तथा प्रचलित कानुनबमोजिम सार्वजनिक गर्नुपर्ने सूचना, कागजात, तथ्याङ्क, विवरण, संस्थाको धितोपत्रको मूल्यमा असर पर्न सक्ने संवेदनशील निर्णय र अन्य कागजात तथा जानकारी नियमित रूपमा सार्वजनिक गर्नु पर्ने, सञ्चालकको आचरणसम्बन्धी व्यवस्था, जोखिम व्यवस्थापन, सम्पत्ति तथा दायित्व लगायतका विषयमा अध्ययन तथा पुनरावलोकन गर्न छुट्टा छुट्टै सञ्चालकको संयोजकत्वमा छुट्टा छुट्टै समिति गठन गर्नुपर्ने, परिपालन (कम्प्लाइन्स) अधिकृत नियुक्त गर्नुपर्ने जस्ता मुख्य व्यवस्थाहरू गरिएको छ ।

बोर्डबाट लगानीकर्ताको हित संरक्षणार्थ धितोपत्रको बजार मूल्यमा असर पर्न सक्ने विभिन्न जानकारी तथा सूचनाहरू सञ्चालक बोर्ड तथा साधारणसभाको औपचारिक निर्णय अगावै प्रकाशन हुँदा धितोपत्रको भित्री कारोबार हुन सक्नेतर्फ सर्तक रहँदै त्यस्ता निर्णयहरू आधिकारिक रूपमा बोर्डमा जानकारी गराई सम्प्रेषण गराउन निर्देशन भएको देखिन्छ । संगठित संस्थाले वार्षिक तथा विशेष साधारणसभा गर्नुपूर्व सभा हुने स्थान, मिति र छलफल गर्ने विषय सार्वजनिक गर्नुपर्ने व्यवस्था र साधारणसभामा भए गरेका निर्णय पारदर्शी हुनुपर्नेमा जोड दिँदै आएको छ ।

## ५. लगानीकर्ता हकहित संरक्षणका लागि गरिएका कानुनी प्रावधान

लगानीकर्ताको हकहित रक्षा तथा प्रवर्द्धनका लागि धितोपत्रसम्बन्धी ऐन, २०६३ मा निम्नानुसार व्यवस्थाहरू गरिएका छः

- धितोपत्र निष्कासनका लागि तयार गरी प्रकाशित विवरणपत्रमा उल्लेखित विवरणहरूको सत्यताका लागि विवरणपत्रमा हस्ताक्षर गर्ने सञ्चालकहरू व्यक्तिगत रूपमा वा सामूहिक रूपमा जिम्मेवार हुनुपर्ने व्यवस्था साथै विवरणपत्रमा प्रस्तुत गलत विवरणबाट हुन गएको हानी नोक्सानिको विवरणपत्र तयार गर्ने सञ्चालक वा विज्ञले क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था,
- कम्पनीका गल्तीका कारण सूचीकृत धितोपत्रको सूचीकरण खारेज भई लगानीकर्ताहरूलाई हानी नोक्सानी पुगेमा सो को क्षतिपूर्ति सञ्चालकहरूले तिर्नुपर्ने व्यवस्था,
- धितोपत्र कारोबार प्रक्रियामा भएको कमी कमजोरी वा सम्बन्धित धितोपत्र व्यावसायिका कमी कमजोरीका कारण हुने नोक्सानीको लगानीकर्ताहरूलाई क्षतिपूर्ति दिन धितोपत्र विनिमय बजारले क्षतिपूर्ति कोषको व्यवस्था गर्नुपर्ने,
- बोर्डले लगानीकर्ताको हकहितको रक्षाका लागि बजार सहभागी कुनै पनि पक्षलाई उनीहरूको लगानीकर्ता हकहित विपरीत प्रत्येक क्रियाकलापमा सुधार ल्याउन वा रोक्न आदेश वा निर्देशन दिन सक्ने व्यवस्था,
- बोर्डले लगानीकर्ताको हक हित विपरीत क्रियाकलाप गर्ने वा यस्ता क्रियाकलापमा संलग्न हुने धितोपत्र दर्ता गराउने कम्पनीको धितोपत्रको दर्ता खारेजी गर्ने तथा धितोपत्र बजार तथा धितापत्र व्यवायीको अनुमतिपत्र खारेज गर्न सक्ने व्यवस्था रहेको छ ।

वस्तु विनिमयसम्बन्धी कानुनमा लगानीकर्ताको हक हितसम्बन्धी देहाय बमोजिमको व्यवस्था गरिएको छः

- वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ को दफा ३७ को उप दफा (७) मा कसैले ऐन, नियम वा विनियम वा बोर्डले दिएको आदेश वा निर्देशन विपरीत कार्य गरी लगानीकर्तालाई हानी नोक्सानी गरे वा गराएमा बोर्डले त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई दश लाख रूपैयाँदेखि पचास लाख रूपैयाँसम्म जरिबाना गरी त्यस्तो हानी नोक्सानी भएको रकम समेत लगानीकर्तालाई भराई दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ ।

त्यसैगरी कम्पनी कानुनमा लगानीकर्ताको हक हित संरक्षणसम्बन्धी निम्नानुसार व्यवस्था गरिएको छः

कम्पनी ऐन, २०६३ बमोजिम शेयरधनीको हक हितसम्बन्धी मुद्दामा कम्पनीले मुद्दा नचलाएमा कम्पनीको चुक्ता पुँजीको साढे २ प्रतिशत वा सोभन्दा बढी शेयर लिएको कुनै शेयरधनीले एक्लै वा पाँच प्रतिशत शेयर पुग्ने एकभन्दा बढी शेयरधनीहरू मिली कम्पनीको तर्फबाट त्यस्तो सञ्चालक वा पदाधिकारी वा कम्पनी नियन्त्रण गर्ने व्यक्ति वा अन्य कुनै व्यक्तिको विरूद्ध अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ ।

### ६. अन्त्यमा

धितोपत्र बजारमा लगानीकर्ताहरूको बढ्दो क्रमसँगै लगानीकर्ता हकहित संरक्षणको सवाललाई विशेष रूपमा हेरिएको छ । लगानीकर्ता हक हित संरक्षणलाई शेयर बजारको घटबढ तथा सोबाट हुने हानी नोक्सानीको क्षतिपूर्तिको रूपमा बुझ्नु हुँदैन । विश्वका सबै जसो धितोपत्र बजारमा लगानीकर्ताहरूले लगानीसम्बन्धी निर्णय लिन चाहिने सही सूचना प्राप्त गर्ने, लगानीकर्ताहरूलाई गलत सूचना प्राप्त हुन नहुने, गलत क्रियाकलापबाट हानी हुन नहुने, धितोपत्र बजारमा गलत कारोबार तथा गतिविधि भएमा सोका लागि अनुसन्धान तथा तहकिकात गरी सो कार्यमा संलग्न पक्षहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउँदा लगानीकर्ताको हित संरक्षण हुने भनी व्याख्या गरिएको छ भने धितोपत्र बजारमा हुन सक्ने अस्वाभाविक गतिविधि रोकथामका लागि नियामक निकायहरूले उपयुक्त संयन्त्र विकास तथा त्यस्ता गतिविधि भएका कानुनी दायरा ल्याउनुपर्ने विषय समेत उल्लेख गरिएको छ ।

अन्त्यमा, लगानीकर्तालाई लगानीसम्बन्धी निर्णयमा सघाँउ पुग्ने सूचनामा सहज पहुँच हुने व्यवस्था गर्ने, सूचनाको दुरूपयोग रोक्ने संयन्त्र विकास गर्ने, बजारमा हुने छलकपट, झुठो कारोबार, जालसाँजीयुक्त कारोबार, मूल्यमा उतारचढाव लगायतका बजारलाई प्रभावित पार्ने गतिविधिलाई नियन्त्रण गरी कानुनी दायरमा ल्याई कारबाही गर्नुका साथै प्रणालीगत जोखिमलाई न्यूनीकरणका लागि आवश्यक व्यवस्था मिलाउँदा लगानीकर्ताको हक हित संरक्षण तथा प्रवर्द्धनमा सघाउ पुग्ने देखिन्छ । ■■

*लेखक नेपाल धितोपत्र बोर्डका उपकार्यकारी निर्देशक हुनुहुन्छ ।*

### सन्दर्भ सामग्री


- नेपाल धितोपत्र बोर्डका वार्षिक प्रतिवेदन तथा अन्य प्रकाशनहरू
- नेपाल धितोपत्र बोर्ड, पुँजी बजार साक्षरता पुस्तिका, २०७५
- www.cdsc.com.np
- www.iosco.org
- www.nepalstock.com.np
- www.nib.org.np
- www.nrb.org.np
- www.oecd.org
- www.sebon.gov.np

कृषि विकास बैंक लि. को ५६औं शृङ्खला :

# नामदेखि कामसम्म, कुलोदेखि चुलोसम्म सफलता



डा. सुरोज टण्डन

## १) विषय प्रवेश

कृषि विकास बैंक लिमिटेड (कृविबैंलि) ले स्थापनादेखि नै सहरमा रहेको पुँजी, सिप, प्रविधि, अनुभव र ज्ञानलाई ग्रामीण तहसम्म पुऱ्याई मुलुकमा लगानी, उत्पादन, रोजगारी, आम्दानी, बचतलगायत विविध क्रियाकलापद्वारा राष्ट्रको सन्तुलित आर्थिक विकासमा बहुआयमिक योगदान पुऱ्याउँदै आएको छ । बैंकले साना कृषक एवम् उद्यमीदेखि ठूला व्यवसायि एवम् संस्थासम्म सेवामा विविधीकरण गरी आवश्यक कर्जासँगै शिक्षा, सेवासँगै सुविधा, प्रविधिसँगै ज्ञान र अनुभवसँगै सिप उपलब्ध गराउँदै नामदेखि कामसम्म सफलता हासिल गरेको छ । कृषि, ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्य, उपभोग, निर्माण, सेवालगायत उत्पादनशील क्षेत्रसम्म आवश्यक सम्पूर्ण बैंकिङ्ग सुविधा नियमित प्रवाह गर्दै आएको छ । बैंकले आफ्नो बजेट तथा कार्यक्रममार्फत दिगो स्रोत व्यवस्थापन, न्यून लागतको स्रोत परिचालन, कोष तथा गैरकोषको कारोबारलाई फराकिलो बनाउँदै आम्दानी, लागत र जोखिमलाई सन्तुलनमा राख्न जोड दिएको छ ।

बैंकले अन्तर्राष्ट्रिय असल बैंकिङ्ग अभ्यासको कार्यान्वयन, डिजिटल बैंकिङ्ग कारोबार, उपयुक्त जोखिम व्यवस्थापन, असल संस्थागत सुशासन र बलियो आन्तरिक नियन्त्रण प्रणालीलाई प्राथमिकतामा राखेको छ । नेपाल सरकार, नेपाल राष्ट्र बैंक, वासेल समिति लगायतका नियामक निकायले निर्देशन गरेका नीति, निर्देशन, मार्गदर्शन र कार्यविधिभित्र रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था, प्रदेश तथा स्थानीय सरकारसँग समन्वय, सहकार्य र सम्झौता गरी कारोबारलाई समयसापेक्ष बनाउँदै लगेको छ । बैंकले आफ्नो ५६औं शृङ्खलाको यात्रा तय गर्दा नामदेखि कामसम्म कुशलता र कुलोदेखि चुलोसम्म सफलता हासिल गर्न बजारमा नेतृत्वदायी भूमिका प्रस्तुत गर्न सक्नु पर्दछ ।

## २) नामदेखि कामसम्म कुशलता

कृषि विकास बैंक ऐन, २०२४ अन्तर्गत पूर्ण सरकारी स्वामित्वमा वि.सं. २०२४ साल माघ ७ गते स्थापना भई शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक तथा आर्थिक सुधार, रोजगार सिर्जना र आयआर्जन बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । वि.सं. २०३२ सालदेखि देशका अधिकांश स्थानमा साना किसान विकास आयोजना कार्यान्वयन गरी विपन्नवर्ग, समुदाय र क्षेत्रमा लक्षित कार्यक्रममार्फत जनताको आर्थिक, सामाजिक र प्राविधिक रूपान्तरणका लागि विशेष सुधारका कार्यक्रम सञ्चालन गर्दै आएको छ । वि.सं. २०४० को दशकबाट नेपालले निजीकरण, उदारीकरण र विश्वव्यापीकरणको बाटो अवलम्बन गरे अनुसार बैंकले आफ्ना सीमित कार्यालयहरूबाट बैंकिङ्ग सेवा प्रवाह गरी प्रतिस्पर्धा र निजीकरणको अभ्यासलाई अवलम्बन गर्दै आएको छ । नेपालले उदार आर्थिक नीति कार्यान्वयनमा ल्याएपश्चात सरकारी बैंक तथा वित्तीय संस्थाहरूमा देखिएको कर्जा असुली, गुणस्तर, निष्क्रिय कर्जा, धितो, राजनैतिक हस्तक्षेप, कर्मचारी व्यवस्थापन, शाखा सञ्चालन आदि समस्या देखा परेपछि आइएमएफ, विश्व बैंक र एशियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय निकायहरूको सहयोगमा वित्तीय क्षेत्र सुधार कार्यक्रम लागु भयो । वित्तीय क्षेत्र सुधार कार्यक्रमले बैंकिङ्ग बजारमा ऐन, नीति, नियम, निर्देशनमा सुधार, पुँजी वृद्धि, बहुभुक्तानी प्रणालीको प्रयोग, प्रभावकारी निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण प्रणाली, कम्प्लायन्सको पालना, कर्जा नोक्सानी व्यवस्था, जोखिम शिक्षाको विकास, उचित कर्मचारी व्यवस्थापन, असल आन्तरिक नियन्त्रण प्रणाली, पुँजी पर्याप्तता जस्ता क्षेत्रमा व्यापक सुधार ल्यायो ।

नेपालको वित्तीय क्षेत्रमा सुधार कार्यक्रमको अवधारणा अनुरूप बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ जारी गरेपश्चात कृषि विकास बैंकलाई 'क' वर्गको वाणिज्य

बैंकमा वर्गीकरण गरी वि.सं. २०६२ साल असार ३१ गते कम्पनी ऐनमा दर्ता भई वि.सं. २०६२ चैत्र ३ गतेदेखि औपचारिक रूपमा वाणिज्य बैंकको यात्रा सुरू गऱ्यो । बैंकले स्थापनादेखि नै लगानी वृद्धि गर्ने, उत्पादन बढाउने, रोजगार सिर्जना गर्ने, आम्दानी तथा वित्तीय साक्षरतालगायत आर्थिक गतिविधि बढाउँदै आएपनि वाणिज्य बैंकमा प्रवेश गरेपश्चात बैंकले सञ्चालन गर्ने छोटो, मध्यम र लामो अवधिसम्मका आधुनिक बैंकिङ् कार्यक्रम गाउँदेखि सहरसम्म सन्तुलित रूपमा प्रवाह गर्दै आएको छ । तत्कालीन समयदेखि नै बैंकले सीमान्तकृत समुदायदेखि सम्पन्न परिवारसम्मलाई उनीहरूको चाहना, आवश्यकता र माग अनुसार विभिन्न शीर्षकमा कर्जा प्रदान गरी सहरको पुँजी, सिप, प्रविधि, ज्ञान र अनुभव ग्रामीण क्षेत्रसम्म पुऱ्याउँदै नामदेखि कामसम्म कुशलता देखाएको छ । यसरी बैंकले लघुवित्त र विकास वित्तको क्षेत्रमा कार्यान्वयनमा ल्याएका विभिन्न कार्यक्रमहरू अविस्मरणीय, रोचक, प्रिय र प्रशंसनीय हुन गएकोले जनजनको मन र मस्तिष्कमा बसेको पाइन्छ ।

व्यवसायलाई छिटो, छरितो, भरपर्दो र सुविधायुक्त बनाउँदै एउटै स्थानबाट बहुसेवा प्रदान गर्न सक्ने उच्चस्तरको प्रविधि बैंकले प्रयोगमा ल्याएको छ । आधुनिक बैंकिङ् कारोबार नीति, नियम, निर्देशन र मार्गदर्शनभित्र सञ्चालन गरी प्रविधिको उच्चतम उपयोग, ग्राहक, लगानीकर्ता, कर्मचारी र प्रतिस्पर्धीलाई विशेष ध्यान दिँदै रणनीतिक लाभको निम्ति बैंक अग्रसर रहेको छ । यसैगरी निक्षेपकर्ता संख्या, कर्जाग्राही संख्या, मोवाइल बैंकिङ्, इन्टरनेट बैंकिङ्, भिसाकार्ड, डिम्याट खाता संख्या, क्रेडिट कार्ड, क्यूआर.कोड, किसान एप, किसान मर्चेन्ट आदि सेवा तथा सुविधातर्फ बैंक अग्रसर रहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंकिङ् अभ्यासलाई आत्मसात गरी खराब कर्जा, गैरबैंकिङ् सम्पत्ति, राजनैतिक दबाब, कर्मचारीको काम ठग्ने प्रवृत्ति, प्रविधिगत समस्या, चुनौती र जोखिमलाई बैंकले घटाउँदै लगेको छ । आ.व. २०७८।७९ को असार मसान्तसम्म बैंकको कुल स्रोत करिब रू. १९३४३ करोड, निक्षेप रू. १६६५० करोड, कर्जा प्रवाह रू. १७८५१ करोड, निष्क्रिय कर्जा रू. ३०० करोड, कर्जा तथा निक्षेप अनुपात ८९.१७ प्रतिशत, खुद नाफा (कर अघिको) रू.४१५ करोड, निक्षेपकर्ता संख्या झण्डै १६ लाख ३३ हजार, कर्जाग्राही संख्या १ लाख ५२ हजार, निष्क्रिय कर्जा अनुपात १.६८ प्रतिशत, आधार दर ८.९० प्रतिशत, स्प्रेडदर ४.३७ प्रतिशत, कोषको लागत ६.८९ प्रतिशत रहेको र २०७९ आश्विन मसान्तसम्मको निक्षेप रू. १६४५२ करोड, कर्जा तथा सापट रू. १७७५० करोड रहेको (बैंकको अपरिष्कृत तथ्याङ्क) छ । बैंकका २ सय ८४ शाखा कार्यालयबाट झण्डै छब्बिस सय कर्मचारीले नियमित सेवा प्रवाह गरिरहेको, स्रोत तथा साधनको उच्चतम सदुपयोग गरेको, आयआर्जनका लागि लोन प्लस कार्यक्रम सञ्चालन गरेको, अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको, लघुवित्त र विकास वित्त क्षेत्रमा नियमित सेवा पुऱ्याउँदै आएकोले पनि बैंकबाट कृषि वित्तमा एक्सिलेन्स सेवाको आशा जनजनमा रहेको छ ।

बैंक तथा वित्तीय संस्थाका लागि स्रोत तथा निक्षेप लगानीको प्रमुख आधार भएको हुँदा सर्वसाधारण, संघ, संस्था, सरकार, अन्तर्राष्ट्रिय निकायबाट वित्तीय स्रोत सङ्कलन गरी बैंकिङ् कारोबारलाई थप गति प्रदान गर्न आवश्यक छ । बैंकले निक्षेप सङ्कलन तथा परिचालन गर्ने सन्दर्भमा चल्ती निक्षेप खाता, बचत निक्षेप खाता, कल निक्षेप खाता र मुद्दती निक्षेप खाताबाट लक्ष्य बमोजिम निक्षेप परिचालन गरेको सन्दर्भमा आ.व.२०७९/८० को प्रथम त्रैमासिक अवधिसम्म रहेको निक्षेप मिश्रणको संरचनागत अवस्थालाई बैंकिङ् बजारसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १: आ.व. २०७९/८० को प्रथम त्रैमासिक अवधिसम्मको निक्षेप मिश्रणको तुलनात्मक अवस्था**

| विवरण | २०७८।७९ को प्रगति | | २०७९।८० को प्रथम त्रैमाससम्मको प्रगति | | बैंकिङ् बजार (क वर्ग) को प्रथम त्रैमाससम्मको प्रगति (रू. करोडमा) | |
|---|---|---|---|---|---|---|
| | कुल रकम | प्रतिशत | कुल रकम | प्रतिशत | कुल रकम | प्रतिशत |
| चल्ती निक्षेप | २६७३.४७ | १६.०६ | २१३२.४८ | १३.०० | ४५२८३.०० | १०.०० |
| कल निक्षेप | ४८६.८३ | २.९२ | ४२२.४० | २.५७ | २८५००.०० | ५.०० |
| बचत निक्षेप | ४७६८.१५ | २८.६४ | ४४७८.३७ | २७.३० | १२२३४२.०० | २९.०० |
| मुद्दती निक्षेप | ८७२१.२४ | ५२.३८ | ९३७१.४० | ५७.१३ | २५८७३१.०० | ५६.०० |
| जम्मा | १६६६९.८७ | १००.०० | १६४५२.९८ | १००.०० | ४५४८५८.०० | १००.०० |

आ.व.२०७९/८० को आश्विन मसान्तसम्मको बैंकिङ्ग बजारसँग कृषि विकास बैंक लि. को निक्षेप मिश्रणको तुलनात्मक अवस्थालाई देहायको तस्बिरमा प्रस्तुत गरिएको छः







नेपालको बैंकिङ्ग बजार ('क' वर्ग) को वित्तीय अवस्था आ.व. २०७८।७९ को असार मसान्तसम्मको अध्ययन गर्दा कुल निक्षेप रू. ४५४५१५ करोड, कर्जा तथा सापट रू.४१८२३० करोड, शाखा संख्या ६३९४, निक्षेपकर्ता संख्या ४ करोड ५० लाख र कर्जाग्राही संख्या १८ लाख २९ हजार, निष्क्रिय कर्जा अनुपात १.३१%, कर्जा तथा निक्षेपको अनुपात ८६.२२%, आधार दर ९.५४% र स्प्रेड दर ४.२१% रहेको छ भने आश्विन मसान्तसम्मको कुल निक्षेप रू. ४५४८५८ करोड, कर्जा तथा सापट रू. ४२२८९९ करोड, शाखा संख्या ६४६९, निक्षेपकर्ता संख्या ४ करोड ६९ लाख र कर्जाग्राही संख्या १८ लाख २२ हजार रहेको छ । निक्षेप मिश्रणको तुलनात्मक अध्ययन गर्दा कृषि विकास बैंक लि. को न्यून लागतको निक्षेप ४३% तथा उच्च लागतको ५७% र बैंकिङ्ग बजारको न्यून लागतको निक्षेप ४४% र उच्च लागतको ५६% रहेको देखिन्छ ।

यसैगरी बैंकको आ.व. २०७९/८० को आश्विन मसान्तसम्मको कुल तथा सापटमध्ये करिब ६०% ग्रामीण क्षेत्र, ३४.४१% कृषि क्षेत्र, ६१.२५% निर्देशित क्षेत्र र ३८.७५% व्यावसायिक तथा अन्य क्षेत्रमा कर्जा रहेको छ । कर्जा मिश्रणतर्फ करिब ८७ प्रतिशत सानो प्रकृतिको वा रू. १ करोडसम्म, ५ प्रतिशत रू. १ देखि रू.३ करोडसम्म र ८ प्रतिशत रू. ३ करोडभन्दा माथि कर्जाको आकार रहेको छ । यसैगरी कुल कर्जा तथा सापटमध्ये ७७.१२ प्रतिशत चालुपुँजी कर्जा, २२.८८ प्रतिशत अवधिक कर्जा र गैरकृषि क्षेत्रतर्फ ६५.५९ प्रतिशत रहेको देखिन्छ । बैंकको २०७९ असार र आश्विनसम्मको क्षेत्रगत कर्जा तथा सापटको शीर्षक अनुसार विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. २: २०७९ असार र आश्विनसम्मको क्षेत्रगत कर्जा तथा सापटको शीर्षक अनुसारको विवरण**

| क्र.सं. | क्षेत्रगत कर्जा शीर्षक | २०७९ आश्विन | | २०७९ असार | |
|---|---|---|---|---|---|
| | | कर्जा प्रवाह | औषत | कर्जा प्रवाह | औषत |
| १ | कृषि तथा वनसम्बन्धी | ५७३४.७८ | ३२.३१ | ५८०५.३१ | ३२.५२ |
| २ | माछा पालन सम्बन्धी | ५३.७९ | ०.३० | ५४.१९ | ०.३० |
| ३ | खानी सम्बन्धी | ३१.५८ | ०.१८ | ३१.६६ | ०.१८ |
| ४ | कृषि तथा वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी | ३१९.५० | १.८ | ३२४.०४ | १.८२ |
| ५ | गैर खाद्य वस्तु उत्पादन सम्बन्धी | ६०८.६० | ३.४३ | ७५३.८४ | ४.२२ |
| ६ | निर्माण | ८९३.८५ | ५.०४ | ८८४.६६ | ४.९६ |
| ७ | विद्युत, ग्याँस र पानी | ३३२.६७ | १.८७ | ३४४.२३ | १.९३ |
| ८ | धातुका उत्पादनहरू, मेसनरी तथा ईलेक्ट्रोनिक औजार तथा जडान | ४९.७७ | ०.२८ | ४९.२९ | ०.२८ |
| ९ | यातायात भण्डार र सञ्चार | २३७.३० | १.३४ | २३६.४१ | १.३२ |
| १० | थोक तथा खुद्रा बिक्रेता | ३४०५.८५ | १९.१९ | ३४३९.६४ | १९.२७ |
| ११ | वित्त, विमा तथा अचल सम्पत्ति | ५८३.२ | ३.२९ | ६२४.८६ | ३.५० |
| १२ | पर्यटन सेवा | ४४१.५५ | २.४९ | ४४३.९६ | २.४९ |
| १३ | अन्य सेवाहरू | ४१४.५१ | २.३४ | ४१४.२६ | २.३२ |
| १४ | उपभोग्य कर्जा | २५३१.७३ | १४.२६ | २६१६.८१ | १४.६६ |
| १५ | स्थानीय सरकार | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १६ | अन्य | २१११.५२ | ११.९० | १८१६.२७ | १०.१७ |
| | कुल जम्मा | १७७५०.२० | १०० | १७८५१.४९ | १०० |

बैंकिङ्ग बजारमा जोखिम बिनाको व्यवसाय, प्रविधि बिनाको सेवा, योग्यता तथा दक्षता बिनाको जनशक्ति, बैंकिङ्ग व्यवसाय बिनाको बैंक कल्पना पनि गर्न सकिदैन तसर्थ यस बैंकका सामु जोखिम, चुनौती र समस्या अनेक भएपनि उपलब्धि, अवसर र सम्भावनालाई उपयोग गरी आफ्ना सम्पूर्ण कार्यालयबाट बहुबैंकिङ्ग सेवा तथा सुविधा निरन्तर प्रवाह गर्नु आजको आवश्यकता हो । बैंकका सेवा तथा सुविधा प्रविधिमैत्री र आधुनिक भइसकेकोले ग्राहक सन्तुष्टिलाई अधिकतम बनाई प्रतिस्पर्धात्मक लाभ लिन जोखिम, लागत, तरलता तथा मुनाफालाई सन्तुलनमा राख्न सक्नु पर्दछ । समग्रमा भन्दा बैंकिङ्ग बजारमा फरकफरक प्रकृतिको सेवा, फरकफरक संस्कृति, विभिन्न उद्देश्य र आ–आफ्ना ध्येयसहित सेवा तथा सुविधा प्रदान गरी रणनैतिक लाभ लिन सक्नु नै कृषि विकास बैंक लि. को नामदेखि कामसम्मको सफलता हो । संघीय, प्रदेश तथा स्थानीय सरकारसँग समन्वय एवम् सहकार्य गरी बैंकले विभिन्न कार्यक्रम सञ्चालन गर्नु, स्रोत एवम् निक्षेप सङ्कलनलाई प्राथमिकता दिनु, बलियो आन्तरिक नियन्त्रण प्रणाली, असल संस्थागत सुशासन, सूचना प्रविधिका सेवालाई सुदृढ बनाउनु, सेवा प्रवाह छिटो, छरितो र प्रभावकारी बनाउनु नै अहिलेको रणनीतिक उद्देश्य हो । बैंक स्थापनाको ५६औं शृङ्खलामा प्रवेश गरी नामदेखि कामसम्म कुशलता हासिल गर्ने र कुलोदेखि चुलोसम्म सफलता प्राप्त गर्ने सन्दर्भमा देहायका समस्या एवम् चुनौतीहरूको पहिचान गरी निराकरणका उपायहरू कार्यान्वयनमा ल्याउनु पर्दछ ।

- लक्ष्यअनुरूप स्रोत परिचालन गरी प्रतिस्पर्धात्मक लाभ लिनु,
- निष्क्रिय कर्जा घटाई गुणस्तरीय कर्जा कायम गर्नु,
- CRR, SLR Maintain गरी लगानीयोग्य रकम व्यवस्थापन गर्नु,
- SLF तथा LOLR व्यवस्थापन गर्नु,
- निष्क्रिय कर्जालाई लक्षित सीमाभित्र राख्नु,
- बैंकमा आवश्यक जनशक्तिको आपूर्ति, व्यवस्थापन र परिचालन समयमा गर्नु,
- कर्मचारीमा देखिएको प्रविधिगत समस्या हटाई उत्पादकत्व अभिवृद्धि गर्नु,
- छाँया वा अनौपचारिक बैंकिङ्ग क्षेत्रको चाप निरन्तर बढ्नु,
- पुँजीगत खर्च, सम्पत्ति व्यवस्थापन र परिचालनमा सन्तुलन कायम गर्नु,
- आम्दानी बढाउने र खर्च घटाउने रणनीति कार्यान्वयन गर्नु,
- विकास वित्त, लघुवित्तसँगै आधुनिक प्रविधियुक्त सेवा ग्राहकमैत्री बनाउनु,
- कुलोदेखि चुलोसम्म, कृषिदेखि सहवित्तीयकरणसम्म कर्जासँगै सेवा तथा सुविधा पुर्‍याउनु,
- सम्भावित जोखिम, पुँजी, तरलता र मुनाफाबीच सन्तुलन कायम गरी व्यवसाय अभिवृद्धि गर्नु,
- प्रभावकारी जोखिम व्यवस्थापन, कम्लायन्सको परिपालना, असल संस्थागत सुशासन र बलियो आन्तरिक नियन्त्रण प्रणाली बनाउनु,
- ऐन, नीति, नियम, कार्यविधि र निर्देशनको समय सापेक्ष पुनरावलोकन एवम् संशोधन गर्नु,
- नेपाल राष्ट्र बैंकको निर्देशन, निरीक्षण र बाह्य लेखा परीक्षणबाट औंल्याइएका कमी, कमजोरी सुधार गरी निर्देशनको परिपालन गर्नु,
- अन्तर्राष्ट्रिय असल बैंकिङ्ग अभ्यास अनुरूप बैंकिङ्ग सेवा प्रवाह गर्नु,

बैंकले स्रोत तथा कर्जा व्यवस्थापन, तरलता तथा निक्षेप परिचालन, बजेट तथा कार्यक्रम तर्जुमा, मुनाफा तथा जोखिम व्यवस्थापन, सम्पत्तिको गुणस्तर र खराब कर्जा तथा गैरबैंकिङ्ग सम्पत्ति व्यवस्थापन आदि चुनौतीको न्यूनीकरण गर्दै आ.व.२०७९।८० को बजेट तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्ष्य पूरा हुने गरी नामदेखि कामसम्म कुशलता देखाउन सक्नु नै बैंकको भूमिका र पहिचान हो ।

### ३) कुलोदेखि चुलोसम्म सफलता

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कृषि, खानी, गैरखाद्य वस्तु उत्पादन, निर्माण, थोक तथा खुद्रा बिक्रेता, पर्यटन सेवा, उपभोग्य कर्जा, स्थानीय सरकार लगायतका कर्जा शीर्षकमा करिब १ लाख ५२ हजार कर्जाग्राहीलाई रू. १७८५१.४९ करोड कर्जा प्रवाह गरेको छ । साथै व्यावसायिक कृषि/पशुपंछी, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवा परियोजना, महिला उद्यमशिल, दलित समुदाय व्यवसाय विकास, युवा स्वरोजगार कर्जा लगायतका सहुलियतपूर्ण कर्जा

शीर्षकतर्फ जम्मा १५५८० कर्जाग्राही संख्यालाई रू. २२६४ करोड कर्जा आ.व. २०७८।७९ को असार मसान्तसम्म प्रवाह गरेको छ । बैंकले संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा वैदेशिक सम्झौताका आधारमा आवश्यक नीति, प्रोडक्ट पेपर तथा संयन्त्र निर्माण गरी सहुलियतपूर्ण कर्जा, कृषि, पशु तथा वन जन्य परियोजनामा आधारित व्यवसायमा कर्जा प्रवाह गरेको छ । लघु, साना तथा मझौला कर्जा छिटो छरितो ढंगले प्रवाह गर्न रू. २० लाखसम्मका कर्जा ग्राहकहरूले घरमा बसी बसी कर्जा आवेदन दिन सक्ने र कर्जा प्राप्त गर्ने योग्यता पुगे नपुगेको स्वयम् ग्राहकले नै थाहा पाउने प्रणालीको विकास गरेको छ । जोखिम व्यवस्थापन गर्ने सन्दर्भमा आवश्यक नीति, कार्यविधि, मार्गदर्शन आदि तयार, कार्यान्वयन र पुनरालोकन गरी असल जोखिम संस्कृतिको अनुशरण गर्दै विभिन्न तहमा समिति, उपसमितिलगायत जोखिमका आवश्यक सुरक्षा घेराको संरचना तयार गरेको छ । बैंकले कुलोदेखि चुलोसम्म व्यावसायिक सफलता हासिल गर्ने सन्दर्भमा आ.व. २०७९।८० को वार्षिक बजेट तथा कार्यक्रममा लिएका प्राथमिकतालाई देहायमा प्रस्तुत गरिएको छः

- दिगो स्रोत तथा निक्षेप परिचालन हुने गरी न्यून लागतका आन्तरिक तथा बाह्य स्रोत सङ्कलनमा जोड दिने,
- कर्जा सम्पत्तिको गुणस्तर कायम गरी कर्जा लगानी वृद्धि गर्ने,
- कृषि क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी यस क्षेत्रमा अगुवा बैंकको रूपमा कार्य गर्ने,
- लगानीका विभिन्न सम्भावना भएका क्षेत्रमा तरलता व्यवस्थापन गरी लगानी बढाउने,
- कोष तथा गैर-कोषमा आधारित सेवा तथा सुविधा थप विस्तार गरी आम्दानी वृद्धि गर्ने,
- नेपाल सरकार, दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,
- बैंकका सेवा, सुविधाहरूलाई डिजिटलाइजेशन गरी उत्पादकत्व वृद्धि गर्ने र डिजिटल सेवाहरू अभिवृद्धि हुने गरी कार्यक्रम सञ्चालन गर्ने,
- महामारी एवम् संकुचनबाट प्रभावित व्यवसायलाई मध्यनजर राखि कार्यक्रम सञ्चालन गर्ने,
- बैंकको सूचना प्रविधिको कार्यान्वयन र सुरक्षासम्बन्धी व्यवस्थालाई सुदृढीकरण गर्ने,
- बैंकको सञ्चालन खर्च न्यूनीकरण गरी मुनाफा अभिवृद्धिका कार्यक्रमलाई प्राथमिकता दिने,
- दिगो, प्रतिस्पर्धात्मक र उच्च प्रतिफल प्राप्त हुने गरी व्यवसाय सञ्चालन गर्ने,
- असल संस्थागत सुशासन, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली, प्रभावकारी जोखिम व्यवस्थापन एवम् कम्प्लायन्सको परिपालना हुने गरी कार्यक्रम सञ्चालन गर्ने,
- नेपाल सरकारको बजेटका प्राथमिकता र नेपाल राष्ट्र बैंकले दिएका निर्देशनलाई जोड दिई कार्यक्रम सञ्चालन गर्ने,

मुलुकमा न्यून पुँजीगत खर्च, रेमिट्यान्स आप्रवाहमा ह्रास, आयात वृद्धि, निर्यात न्यून, ठूलो रकम करबाट उठाउनु, विदेशी विनिमय संचिति घट्नु, घर, जग्गा, शेयर, सुन जस्ता क्षेत्रमा लगानी बढ्नु, वित्तीय अनुशासनमा ह्रास आउनु, छाँया बैंकिङ् गतिविधि बढ्नु, आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासन कमजोर हुँदा वित्तीय स्थायित्वमा जोखिम पैदा भए पनि बैंकले व्यावसायिक सफलता प्राप्त गर्ने सन्दर्भमा बैंक एक सेवा अनेक रणनीति कार्यान्वयमा ल्याएको छ । कृषि विकास बैंकले कुलोदेखि चुलोसम्म व्यावसायिक सफलता हासिल गर्न बजारको सूक्ष्म अध्ययन तथा विश्लेषण गरी ग्राहकको माग, चाहना र स्वाद अनुसार आफ्ना नीति तथा कार्यक्रममा देहायका रणनीतिक अवधारणाहरू कार्यान्वयनमा ल्याउन उपयुक्त देखिन्छः

- निक्षेप समिश्रणलाई प्रभावकारी बनाउँदै आन्तरिक तथा बाह्य स्रोत सङ्कलनमा जोड दिने,
- सम्पत्ति तथा दायित्व योजनालाई बलियो बनाई गुणस्तरीय कर्जा प्रवाह गर्ने,
- शुल्कमा आधारित व्यवसायको पहिचान, मापन, व्यवस्थापन गरी प्रचारप्रसार र पहुँच विस्तार गर्ने,
- बैंकले प्रदान गर्दै आएका सेवालाई थप परिष्कृत र समयसापेक्ष बनाई ग्राहकको माग र आवश्यकता अनुसार सेवा प्रदान गर्ने,
- बैंकले प्रदान गर्दै आएका वस्तु तथा सेवाको प्रचार प्रसार तथा बजारिकरण प्रणालीमा सुधार गर्ने,
- आफ्नो बजार क्षेत्र कायम राख्दै सेवालाई थप व्यावसायिक बनाउने,

- ग्राहकको वास्तविक गुनासो व्यवस्थापन गर्न नमुना ग्राहक तयार गरी समस्या पहिचान गर्ने,
- खराब तथा निष्क्रिय कर्जा असुलीका लागि कर्मचारी, युनियन, प्रबन्धक, निक्षेपकर्ता आदिको उपयोग गरी प्रतिस्पर्धात्मक भावनाको विकास गर्ने,
- प्रविधिलाई उच्चतम उपयोग गर्न थप रणनीति बनाई कागजी कार्यलाई निरूत्साहित गर्ने,
- कर्मचारी सम्पत्ति र मानवीय स्रोत समेत भएकाले उनीहरूलाई जिम्मेवारी र उत्तरदायी बनाउने,
- तालिमको प्रभावकारिता अध्ययन गरी समीक्षा गर्ने,
- कर्मचारीमा रहेको प्रविधिमैत्री समस्याको पहिचान गरी समाधान गर्ने,

यसरी बैंकले कुलोदेखि चुलोसम्म व्यावसायिक सफलताका लागि वासेल समितिले तयार गरेका मार्गदर्शन, नेपाल सरकारका नीति, केन्द्रीय बैंकका निर्देशन, बैंकका नीति तथा कार्यविधिहरूको पूर्णपालना गरी बैंकिङ्ग कारोबार सञ्चालन गर्दा व्यवसायमा आउन सक्ने जोखिमलाई घटाउने वातावरण तयार हुन जान्छ ।

### ४) अन्तर्राष्ट्रिय असल बैंकिङ्ग अभ्यास

नेपाल सरकारको आर्थिक नीति, वित्तीय नीति, नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, निर्देशन, वासेल समितिले तयार पारेका मापदण्ड र बैंकले तयार गरेका नीति, नियम तथा कार्यविधिहरूको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । बैंकले संस्थागत सुशासन कायम गर्ने, कम्प्लायन्सको परिपालना गर्ने, बलियो आन्तरिक नियन्त्रण प्रणाली, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अपनाएका असल बैंकिङ्ग अभ्यासको पालना गरी मुनाफा, लागत, जोखिम र स्रोतमा सन्तुलन कायम गर्नु पर्दछ । अबको बैंकिङ्ग व्यवसाय विगत वर्षहरूमा भन्दा राम्रो भएर पुग्दैन अन्य मुलुकको बैंकिङ्ग प्रणाली जस्तो पूर्ण प्रविधियुक्त, सवल, सुरक्षित र आधुनिक बनाई संस्थागत लक्ष्य हासिल गर्न सक्नु पर्दछ । वित्तीय क्षेत्र अन्तर्गत बैंकिङ्ग, बिमा, पुँजी बजार, गैरबैंकिङ्ग वित्तीय संस्था र सहकारी क्षेत्र पनि पर्ने भएकोले बैंकिङ्ग क्षेत्रका योजना तथा कार्यक्रम राष्ट्रको आर्थिक प्रणालीलाई थप गतिशील बनाउन सहयोग पुग्ने हुनु पर्दछ । बैंकिङ्ग सेवालाई थप सहज र सरल बनाउन बैंकले शाखा खोल्ने नीति एवम् प्रणालीमा सुधार गरी ग्रामीण परिवेशमा सेवा काउन्टर खोल्न केन्द्रीय बैंकको स्वीकृति लिन नपर्ने व्यवस्थालाई उपयोग गर्न आवश्यक छ । बैंकले संक्रमण, महामारी र मन्दीको समयमा पनि सबै क्षेत्र तथा समुदायलाई नियमित बैंकिङ्ग सेवा तथा सुविधा उपलब्ध गराउनका लागि भएका प्रयास, प्रविधिको उपयोग, विज्ञताको प्रयोग र सेवाको निरन्तरतालाई नेपालको बैंकिङ्ग इतिहासले सधै स्मरण गर्नेछ ।

कृषि विकास बैंकले नेपाल सरकारद्वारा निर्दिष्ट गरेका नीति, नियम एवम् बैंक सञ्चालक समितिको निर्देशनभित्र रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग सहकार्य, समन्वय तथा सम्झौता गर्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन स्रोत सङ्कलन गरी गुणस्तरीय व्यवसाय विस्तार गर्न जरूरी छ । हाल यस बैंकको ब्याज खर्च उच्च हुँदै गएकोले ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी बढाई सञ्चालन खर्च घटाउने उपाय अपनाउँदै शुल्कमा आधारित व्यवसाय बढाउनु पर्दछ । निक्षेप दायित्व बाहेक अन्य स्रोत (कृषि बन्ड, एडिविएल डिवेञ्चर, नेपाल राष्ट्र बैंकबाट प्राप्त पुनर्कर्जाको ब्याज खर्च, बाह्य स्रोत लगायत)बाट प्राप्त स्रोतको ब्याजदरमा सन्तुलन कायम गरी कुल ब्याज खर्चको तुलनामा आम्दानी बढाउन जरूरी छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी ऐन, कानुन बमोजिम ग्राहकको सीमा कारोबार, शंकास्पद गतिविधिलाई समयमा वित्तीय जानकारी एकाइमा उपलब्ध गराई प्रणालीमा देखापर्न सक्ने सबै प्रकृतिका जोखिमको पहिचान, मापन, व्यवस्थापन र न्यूनीकरणका उपाय एवम् संयन्त्र प्रयोगमा ल्याउनु पर्दछ ।

बैंकको व्यावसायिक कारोबारमा हुनसक्ने विभिन्न प्रकारका जोखिम तथा सोको अनुपातमा आवश्यक पर्ने पुँजीको व्यवस्था गर्दै सुदृढ जोखिम संस्कृतिको विकास गरी जोखिमको सीमा निर्धारण र अधिकेन्द्रित जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नु पर्दछ । यसैगरी जोखिमको अनुगमन तथा सुपरिवेक्षण गरी हुनसक्ने वातावरणीय, सामाजिक, आर्थिक, ख्याति, एएमएलसिएफटी लगायत जोखिमको विश्लेषण गरी जोखिम व्यवस्थापन सम्बन्धी नीति/निर्देशन/ मार्गदर्शन प्रयोगमा ल्याउनु पर्दछ । बैंकले लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, प्रणालीको कार्यान्वयनमा ल्याउने, रेभेन्यू अडिटलाई थप प्रभावकारी बनाउने, पुँजी तथा वित्तीय व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति अनुरूप असल बैंकिङ्ग अभ्यासको पूर्णरूपमा कार्यान्वयन गर्नु पर्दछ ।

### ५) अबको यात्रा

नेपालमा औपचारिक बैंकिङ्ग व्यवसायको अध्याय आठ दशकभन्दा बढी भएको छ । बैंकिङ्ग बजारको आफ्नै नाम,

काम, कार्यक्रम, आयाम, जोखिम र दुर्नाम जे भएपनि कृषि विकास बैंक लिमिटेडले ५६औं शृङ्खलाको यात्रामा नामदेखि कामसम्म कुशलता हासिल गरी कुलोदेखि चुलोसम्म सफलता प्राप्त गरेको छ । बैंकका आफ्नै कथा, व्यथा, विवशता, अवस्था, अवसर र चुनौती जेजस्तो भएपनि नीति, कार्यक्रम, कार्यविधि र रणनीति तय गर्दा सम्पत्ति र दायित्वबीच सन्तुलन, कर्मचारीको योगदान र योग्यतालाई कदर, लगानी र सेवाको विविधीकरण, कृषि, ऊर्जा, पर्यटन र पूर्वाधारजस्ता क्षेत्रमा लगानी गर्ने सन्दर्भमा केन्द्रीय बैंकको निर्देशन र अन्तर्राष्ट्रिय असल बैंकिङ्ग अभ्यासअनुरूप कार्यक्रम सञ्चालन गर्नु पर्दछ । बैंकका सामु सबलता, दुर्बलता, अवसर र चुनौती प्रयाप्त भएपनि अवस्थाको आँकलन र मूल्याङ्कन गरी अवसर र सवलताको सदुपयोग तथा चुनौती र दुर्बलताको न्यूनीकरण आवश्यक छ । विश्व व्यापारिकरण, उदारीकरण र निजीकरणको अवधारणा अनुरूप बैंकले आफ्नो कारोबारलाई अन्तर्राष्ट्रियस्तरको बनाई विधि, पद्दति, प्रणाली र संस्कृतिमा रूपान्तरण गरी नामदेखि काम र कुलोदेखि चुलोसम्म सफलता प्राप्त गर्न सक्नु पर्दछ । ■■

*लेखक कृषि विकास बैंक लि. का*
*वरिष्ठ शाखा प्रमुख हुनुहुन्छ ।*

## सन्दर्भ सामग्रीहरू

१. नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७९।८० को मौद्रिक नीति ।

२. नेपाल राष्ट्र बैंक (२०७८) बाट "क", "ख" र "ग" वर्गको इजाजतपत्र प्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन ।

३. नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७९।८० का लागि सार्वजनिक गरेको बजेट तथा कार्यक्रम ।

४. नेपाल सरकार राष्ट्रिय योजना आयोगको पन्धौं पञ्च योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

५. टण्डन सुरोज (२०७४), आधुनिक बैंकिङ्ग व्यवस्थापन र अर्थव्यवस्था, उत्सव बुक्स प्रकाशन, काठमाडौं ।

# बैंक तथा वित्तीय संस्थाको शाखा सञ्चालनमा छरितो व्यवस्थापन (Lean Management) एक सिंहावलोकन



विनोद कोइराला

## विषय प्रवेश

ठूला व्यावसायिक संस्थाहरूको व्यवसाय विस्तारका लागि कार्यालय सञ्जाल विस्तार गरिएको हुन्छ । व्यावसायिक संस्थाको कामको प्रकृति, कामका लागि आवश्यक जनशक्ति, व्यवसायको कार्यक्षेत्र, व्यवसायमा प्रयोग भएको सूचना प्रविधि प्रणाली, व्यावसायिक वस्तु आदिका आधारमा कार्यालय संगठन विस्तार गरिएको हुन्छ । सर्वसाधारण बचतकर्ताको सम्पत्ति सुरक्षा गरी नाफा आर्जन गर्न स्थापना भएको बैंक तथा वित्तीय संस्थाले शाखा विस्तारमार्फत सेवा प्रवाह गर्नु आवश्यक मात्र नभई अपरिहार्य रहिआएको छ । सेवामुखी संस्थाको शाखा विस्तार अन्य उत्पादनमुखी संस्थाभन्दा भिन्दै प्रकारको हुने गर्दछ ।

सेवा प्रवाह गर्ने मुख्य केन्द्र नै शाखा भएकोले त्यस प्रकारका संस्थाले प्रदान गर्ने सेवाको पहुँच सर्वसुलभ हुने गरी शाखा विस्तार र व्यवस्थापन गर्ने प्रचलन छ । भौतिक वस्तु व्यापार गर्ने संस्थाहरूले विस्तार गर्ने शाखाभन्दा सेवा प्रवाह गर्ने संस्थाहरूले विस्तार गर्ने शाखाको प्रकृति र शाखा व्यवस्थापनको पद्धति फरक हुने गर्दछ । बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार गर्दा शाखा कार्यालयको दीर्घकालीनता, सेवा सर्वसुलभता, नाफाजन्यता लगायत विभिन्न पक्षहरूको विश्लेषण गरी शाखा स्थापना गर्नुपर्दछ । बैंकिङ्ग व्यवसायमा प्रयोग भइरहेको सूचना प्रविधि प्रणालीको प्रयोगसँगै शाखा व्यवस्थापनमा समेत नयाँ धारणा विकास भइरहेको छ । शाखा कार्यालयले गर्ने कतिपय कार्यहरू एजेन्सीमार्फत गर्न मिल्ने भएकोले अन्तर्राष्ट्रिय रूपमा एजेन्टसी सेवाको प्रयोग बढिरहेको देखिन्छ । शाखा व्यवस्थापनमा कसरी छरितो व्यवस्थापन गर्न सकिन्छ भन्ने मुख्य विषय यस प्रसंगमा समेट्न खोजिएको छ ।

## बैंकको शाखा व्यवस्थापनको आधार

बैंकले प्रदान गर्ने सेवालाई सर्वसुलभरूपमा प्रवाह गर्नका लागि बैंकको आधिकारिक सेवा प्रदान गर्ने स्थान नै शाखा हो । शाखाले प्रदान गर्ने सेवाहरूको प्रवाहमा सरलीकरण र सहजीकरण गरी नाफाजन्यता हासिल गर्नु नै शाखा व्यवस्थापनको मुख्य सिद्धान्त हो ।

नेपालको भौगोलिक अवस्थाको आधारमा बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउन बैंकहरूले शाखा विस्तार गरिरहेका छन् । लोकतन्त्र प्राप्तिपछि नयाँ नेपालको भौगोलिक प्रारूपअनुसार नियामक निकायले बैंकिङ्ग पहुँच कायम गर्न सबै स्थानीय निकायमा कम्तीमा एक शाखा स्थापना गर्नुपर्ने नीतिगत व्यवस्थ गरेको छ । नियामक निकायले गरेको नीतिगत व्यवस्थाका कारण करिब ७५३ वटै स्थानीय निकायमा बैंकिङ्ग शाखा विस्तार भइसकेका छन् ।

शाखा विस्तारको काम बैंकका लागि निकै जटिल र खर्चिलो भएकोले सूचना प्रविधिको उच्चतम प्रयोग गरी बैंकहरूले शाखा विस्तारको अलावा बैंकहरूले शाखारहित बैंकिङ्ग सेवा प्रदान गरिरहेका छन् । शाखारहित बैंकिङ्ग एजेन्सी बैंकिङ्ग हो । निश्चित सीमासहित एजेन्टसँग गरेको सम्झौताको आधारमा बैंकिङ्ग सेवा प्रदान गर्नु नै शाखारहित बैंकिङ्ग हो ।

## शाखा व्यवस्थापनका मुलभूत आधारहरू

शाखा स्थापना र सञ्चालनका मुलभूत सिद्धान्तका आधारमा शाखा कार्यालयको कार्यसञ्चालन गरिएको हुन्छ तीमध्ये मुख्य आधारहरू देहाय बमोजिम छन् :

- सहज पहुँचको आधार
- सेवा विस्तारको आधार
- कोष व्यवस्थापनको आधार
- सुरक्षाको आधार
- एकीकृत कारोबारको आधार
- नाफाजन्यताको आधार
- ग्राहक सन्तुष्टिको आधार

## शाखा स्थापनाको नीतिगत व्यवस्था

बैंक तथा वित्तीय संस्थाको रेखदेख, खटनपटन, व्यवस्थापन, नियन्त्रण तथा निरीक्षण गर्ने मुख्य जिम्मेवार निकाय देशको केन्द्रीय बैंक हो । नेपाल राष्ट्र बैंक बैंकको शाखा व्यवस्थापन सम्बन्धी नियामक निकाय हो । नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशिका शाखा व्यवस्थापन नियमित गर्ने मुख्य ऐन तथा नियमहरू हुन ।

## बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३

शाखा कार्यालय सम्बन्धमा "बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३" को परिभाषा खण्डमा शाखा कार्यालयलाई देहाय बमोजिम व्याख्या गरिएको छ ।

"शाखा कार्यालय" भन्नाले बैंक वा वित्तीय संस्थाको नेपाल र नेपाल बाहिर रहेको शाखा, उपशाखा, प्रशाखा, इलाका, प्रतिनिधि वा सम्पर्क कार्यालय तथा विदेशी बैंक वा वित्तीय संस्थाको नेपालमा रहेको शाखा वा प्रतिनिधि वा सम्पर्क वा अन्य जुनसुकै कार्यालय सम्झनु पर्छ ।

ऐनको दफा ६ को उपदफा (१०) मा बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको स्वीकृति लिई नेपाल बाहिर शाखा कार्यालय खोल्न सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

## नेपाल राष्ट्र बैंक ऐन २०५८

शाखा व्यवस्थापन सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन २०५८ मा देहाय अनुसारको व्यवस्था रहेको छ ।

नेपाल राष्ट्र बैंक ऐन २९५८ को दफा ७८ मा को उपदफा १ मा वाणिज्य बैंक तथा वित्तीय संस्थाले बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न बैंकबाट तोकिए बमोजिम इजाजतपत्र लिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यो व्यवस्था बमोजिम शाखा कार्यालयबाट बैंकिङ्ग तथा वित्तीय कारोबार गर्दा स्वीकृति लिनुपर्ने हुन्छ ।

## एकीकृत निर्देशिका २०७८

नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन - २०७६ को इ.प्रा.निर्देशन नं. १४/०७६ को बुँदा नं. १ मा देहाय बमोजिमको व्यवस्था रहेको छ ।

(क) इजाजतपत्रप्राप्त संस्थाले महानगरपालिका र उप महानगरपालिकामा शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर खोल्दा कारोबार सुरु गरेकै दिन उक्त शाखा तथा एक्सटेन्सन काउन्टरसम्बन्धी विवरण यस बैंकको रिपोर्टिङ पोर्टलमा अद्यावधिक गर्नुपर्नेछ ।

(ख) देहायको अवस्था पूरा गरेका इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कार्यक्षेत्रभित्र नयाँ शाखा कार्यालय खोल्न सक्नेछन्ः

(अ) शाखा विस्तार गर्नका लागि प्रस्तावित स्थान वित्तीय रूपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने ।

(आ) यस बैंकको नीतिगत व्यवस्था तथा निर्देशनबमोजिम तोकिएको न्यूनतम चुक्ता पुँजी कायम गरेको ।

(इ) यस बैंकबाट इजाजतपत्र प्रदान गर्दा तोकिएका सर्तहरू पूरा गर्नुका साथै शाखा खोल्नु अगाडिको त्रैमासिक वित्तीय विवरणमा यस बैंकले तोकेको पुँजीकोष पूरा गरेको ।

(ई) शाखा कार्यालयमा सूचना आदान प्रदान गर्नका लागि नेटवर्किङ्ग गरी वा विद्युतीय माध्यमबाट केन्द्रीय कार्यालयमा सूचना प्रणालीमा तत्काल आबद्ध हुन सक्ने व्यवस्था गरेको ।

(उ) ठीक अघिल्लो त्रयमासमा निष्क्रिय कर्जा (NPL) ५ प्रतिशतभन्दा बढी नभएको ।

(ऊ) सम्बन्धित संस्थाको सञ्चालक समितिबाट शाखा कार्यालय स्थापना/सञ्चालन गर्नेसम्बन्धी निर्णय भएको हुनुपर्ने । सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिनभित्र यस बैंकसमक्ष संलग्न अनुसूची १४.१ बमोजिमको ढाँचाको फारम भरी स्वीकृतिका लागि आवेदन दिनुपर्ने । यस बैंकबाट स्वीकृति पाएको मितिले छ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरी सक्नुपर्ने ।

(ए) चालु तथा अघिल्लो आर्थिक वर्षमा अनिवार्य नगद मौज्दात बाहेक यस बैंकबाट अन्य कुनै कारबाहीमा नपरेको ।

(ग) माथि उल्लिखित सर्त तथा व्यवस्थाहरू पूरा नभएको अवस्थामा इजाजतपत्र प्राप्त संस्थालाई विशेष परिस्थितिमा कुनै स्थानमा शाखा स्थापना गर्न अत्यावश्यक देखिएमा यस बैंकले स्वीकृति दिन सक्नेछ ।

(घ) शाखा विस्तार गर्न स्वीकृति प्रदान गर्दा प्रस्तावित क्षेत्रको व्यावसायिक कारोबार, बैंकिङ्ग सेवाको पहुँच नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन- २०७८ खण्ड "क" तथा उक्त बैंक वा वित्तीय संस्थाबाट कृषि, उर्जा, पर्यटन र लघु उद्यमको क्षेत्रमा कर्जा प्रवाहमा हुन सक्ने वृद्धिको स्थिति झल्कने गरी पेस गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन

समेतलाई आधार बनाइने छ । शाखा स्थापनाका लागि पेस गरिने सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रस्तावित शाखा स्थापनाका लागि हुने पुँजीगत तथा अन्य खर्चहरू, तीन वर्षभित्रमा सोही संस्थाको अन्तरशाखा ब्याज आम्दानी बाहेकका बैंकिङ्ग कारोबारबाट प्रस्तावित शाखा मुनाफामा सञ्चालित हुन सक्ने आधार समेत समावेश गर्नुपर्नेछ ।

(ङ) काठमाडौंबाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात मात्र काठमाडौं उपत्यकामा बैंकिङ्ग सेवाको पहुँच कम भएका स्थानलाई पहिलो प्राथमिकता दिने गरी एक शाखा खोल्न स्वीकृति प्रदान गर्न सकिनेछ । काठमाण्डौं उपत्यका बाहिर खोल्ने तीन शाखामध्ये कम्तीमा दुई शाखा नगरपालिका वा गाउँपालिकामा खोलिएको हुनुपर्नेछ ।

(च) कुनै इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक वा वित्तीय संस्थाको शाखा खरिद गर्ने भएमा दुवै संस्थाले प्रचलित कानुन तथा आफ्नो आर्थिक प्रशासन विनियमावलीको अधीनमा रही शाखा खरिद बिक्री गर्न सक्नेछन् । काठमाण्डौं उपत्यकालगायत अन्य कुनै पनि स्थानमा अवस्थित समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको शाखा कार्यालय खरिद गरी सञ्चालन गरेमा शाखा खरिद गर्ने बैंक तथा वित्तीय संस्थालाई माथि उल्लेखित खण्ड (च) को व्यवस्था अनिवार्य हुने छैन । तर यस बैंकबाट समस्याग्रस्त घोषणा नभई विशेष निगरानीमा रहेका बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय खरिद बिक्री सम्बन्धमा यस बैंकको पूर्व स्वीकृति लिएर मात्र गर्न/गराउन सकिने छ ।

## शाखा स्थापनाको प्रक्रिया

### सम्भाव्यता अध्ययन

शाखा कार्यालय स्थापनाको सुरुवाती कार्य सम्भाव्यता अध्ययनको नेपाल राष्ट्र बैंकले तोकेको निर्देशनको परिधिभित्र रही सम्भाव्यता अध्ययन गर्नुपर्दछ । बैंकको योजना तथा अनुसन्धान विभागले सम्भाव्यता अध्ययन सम्बन्धी फरम्याट जारी गरेको छ भने शाखा व्यवस्थापन विभागले संक्षिप्त सम्भाव्यता अध्ययन सम्बन्धी फर्म्याट जारी गरी कार्यान्वयनमा ल्याएको छ । शाखा स्थापनका लागि मुख्य कागजात भनेको सम्भाव्यता अध्ययन प्रतिवेदन हो । शाखा स्थापना गर्ने क्षेत्रभित्र रहेको प्रदेश कार्यालयले त्यस प्रकारको सम्भाव्यता अध्ययन गरी शाखा कार्यालय खोल्न सिफारिससहित मुख्य कार्यालय पठाउनु पर्दछ ।

### सञ्चालक समितिबाट निर्णय

प्रदेश कार्यालयबाट प्राप्त प्रतिवेदनको आधारमा बैंकको शाखा व्यवस्थापन विभागले निर्णय गरी शाखा स्थापनाका लागि सञ्चालक समितिमा पेस गर्नुपर्दछ । शाखा व्यवस्थापन विभागले गरेको सिफारिस उचीत भएमा सञ्चालक समितिले शाखा खोल्न स्वीकृति दिन सक्दछ ।

### नेपाल राष्ट्र बैंकबाट स्वीकृति

सञ्चालक समितिको स्वीकृति पछि शाखा खोल्न नेपाल राष्ट्र बैंकसमक्ष स्वीकृतिका लागि पेस गर्नुपर्दछ । नेपाल राष्ट्र बैंकले कतिपय दुर्गम स्थानमा खोल्ने शाखाका लागि स्वीकृति लिन नपर्ने गरी निर्देशिका जारी गरको छ । स्वीकृति लिन नपर्ने स्थानमा खोलेको शाखाको जानकारी तथा अन्य विवरण शाखा सञ्चालनमा आएको १५ दिनभित्र नेपाल राष्ट्र बैंकसमक्ष जानकारी गराउनुपर्ने व्यस्था रहेको छ ।

### शाखा स्थापना सञ्चालन र व्यवस्थापन

नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएपश्चात शाखा कार्यालय स्थापना र सञ्चालनको क्रम सुरु हुन्छ । शाखा कार्यालय स्थापना गर्नु विभिन्न प्रकारका कार्य संयोजन गर्नु हो । कारोबार सुरु गर्नका लागि आवश्यक भौतिक, सूचना प्रविधि, जनशक्ति, सुरक्षालगायत विभिन्न प्रकारका कार्यको नियमसंगत संयोजन गरी कारोबार सुरू गर्ने गरिन्छ ।

### शाखाका प्रकारहरू

शाखाका प्रकारलाई विभिन्न आधारमा उल्लेख गर्न सकिन्छ । व्यवसायको आकारको आधारमा कर्पोरेट, साना किसान वा उद्यमी, रिटेल बैंकिङ्ग । भौगोलिक पहुँचको आधारमा दुर्गम, सुगम, मुख्य सहरी क्षेत्र । कारोबारको प्रकृतिको आधारमा स्वदेशी मुद्रा कारोबार, विदेशी मुद्रा कारोबार, निक्षेप कारोबार, कर्जा तथा जमानत कारोबार, डिजिटल भुक्तानी कारोबार र सेवा पहुँचको आधारमा प्रतीतपत्र, रेमिट्यान्स, रिटेल बैंकिङ्ग आदि शाखाका प्रकारहरू हुन सक्दछन् ।

## शाखा व्यवस्थापनका आवश्यक तत्वहरू

### भौतिक पूर्वाधार

बैंक तथा वित्तीय संस्थाको शाखा स्थापनाका लागि मुख्य आवश्यकता भनेको पूर्वाधार हो । सडक, विद्युत, खानेपानी,

कार्यालय भवनलगायतका अन्य भौतिक पूर्वाधारबिना शाखा स्थापना गर्न सकिँदैन । शाखा कार्यालयले कार्यालयमा रहेको नगदको सुरक्षा गर्न आवश्यक नगद भल्ट लगायतका भौतिक सामग्री खरिद तथा ढुवानी गर्न भौतिक पूर्वाधार आवश्यक हुने गर्दछ । यस बैंकले गत वर्ष विकट स्थानमा शाखा स्थापना गर्दा कार्यालयका लागि आवश्यक भल्ट ढुवानी गर्न हेलिकप्टर प्रयोग गरी शाखा स्थापना गरेको थियो जुन अत्यन्त महँगो ढुवानी हो । कार्यालय सञ्चालनका लागि आवश्यक जेनेरेटर, यु.पि.एस. लगायतका भारी सामग्रीको व्यवस्थापन पर्याप्त सडक पूर्वाधारबिना सम्भव हुँदैन ।

### सूचना प्रविधि

आजको शाखा सूचना प्रविधिद्वारा जोडिनु पर्दछ । बिनासूचना प्रविधि शाखा स्थापना र व्यवस्थापन गर्न सकिदैन । इन्टरनेट, नेटवर्क कनेक्टीभिटीलगायत अन्य सूचना प्रविधि अर्को न्यूनतम आवश्यकता हो ।

### सुरक्षा

शाखा कार्यालय स्थापना गर्न आवश्यक अर्को विषय सुरक्षा हो । बैंक नगद सङ्कलन, वितरण र स्थानान्तरण गर्ने व्यावसायिक संस्था हो । पर्याप्त सुरक्षा प्रबन्धबिना शाखा स्थापना गर्न सकिदैन । त्यसैले बैंकले शाखा स्थापना गर्ने स्थानमा सुदृढ सुरक्षा प्रबन्ध भएको हुनु पर्दछ ।

### स्रोतको सन्तुलन

बैंकको स्रोत भनेको नगद हो । नगद जम्मा र वितरण नहुने स्थानमा शाखा स्थापना नै हुँदैन । शाखा स्थापना गर्दा स्रोत सङ्कलन हुने /नहुने सम्भावना आँकलन गरिएको हुनु पर्दछ । नगद जम्मा र भुक्तानीको सन्तुलन हुने स्थानमा शाखा खोल्नु पर्दछ । लामो ढुवानी प्रयोग गरी नगद वितरण गर्ने स्थानमा खोलिएका शाखाहरू दीर्घकालीन नहुने सम्भावना रहन्छ ।

## शाखा विस्तारमा छरितो व्यवस्थापन (Lean Management) को प्रयोग

### शाखारहित बैंकिङ

परिवर्तित बैंकिङ व्यवसायमा महँगो र खर्चिलो शाखा स्थापना नगरी स्थानीय स्तरमा व्यवसाय गरिरहेका व्यक्ति तथा संस्थालाई बैंकले तोकेको निश्चित अधिकार प्रदान गर्ने गरी गरिएको सम्भौताको आधारमा सञ्चालन गरिएको बैंकिङ्ग शाखा नै शाखारहित बैंकिङ्ग हो । सानो सानो आकारको बैंकिङ्ग कारोबार गर्नका लागि प्रदान गरिएको अधिकारसहित एजेन्टलाई दिएको सीमासम्म निक्षेप लिने र भुक्तानी दिने लगायतका कार्य गर्ने गरी तयार गरिएको बैंकिङ्ग पद्धति नै शाखारहित बैंकिङ्ग हो । नेपालका बैंकहरूको शाखा विस्तार शाखारहित बैंकिङ्ग तर्फ अग्रसर भइरहेको पाइन्छ । यो एजेन्सी बैंकिङ्गको एक नमुना हो ।

### भुक्तानी विविधीकरण

शाखा कार्यालयको काउन्टरमा गएर परंपरागत तरिकाले भुक्तानी लिँदा/दिँदा समय, स्रोत, परिश्रम सबै खर्च गर्नुपर्दछ । भुक्तानी लिन वा गर्न बैंकको काउन्टरसम्म नपुगी सूचना प्रविधिको माध्यमबाटै भुक्तानी लिने र दिने कार्य भुक्तानी विविधीकरण हो । भुक्तानी विविधीकरणले नगदविहीनताको अवस्था सृजना गराउँछ । भुक्तानीका विभिन्न माध्यमहरूको प्रयोग गरी सेवा उपलब्ध गराउनु नै विविधीकरण हो । भुक्तानी विविधीकरण गरी सर्वसुलभ गऱ्यो भने बैंकले ठूलो लगानीमा शाखा खोल्नु पर्दैन । शाखा विस्तारको अर्को विकल्प भुक्तानी विविधीकरण हुन सक्दछ ।

### विद्युतीय भुक्तानी (Digital Payment)

सूचना प्रविधिको प्रयोग गरी सुरक्षित आधुनिक भुक्तानी नै डिजिटल पेमेन्ट हो । आजको बैंक वायर ट्रान्सफरको बैंक हो । फोनको ब्यालेन्सबाट भुक्तानी, बार कोडबाट भुक्तानी, POS उपकरणबाट भुक्तानी, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्गलगायत सूचना प्रविधि जडित उपकरण वा पद्धतिबाट गरिने बैंकिङ्ग कारोबारलाई बढावा दिँदा ग्राहकले शाखाको आवश्यकता महसुस गर्दैनन् र शाखा विस्तार नगरी पनि बैंकको पहुँच विस्तार गर्न सकिन्छ । डिजिटल पेमेन्ट अर्को विकल्प हुन सक्दछ ।

### प्राविधिक शाखा

सूचना प्रविधिको बढ्दो प्रयोगसँगै बैंकिङ्ग क्षेत्रको परिभाषा समेत वदलिएको छ । बैंकले मानव पहुँचबिना शाखा कार्यालयले दिने कतिपय सेवाहरू प्रवाह गरिरहेका छन् । नगद भुक्तानी दिने मेसिन र नगद जम्मा गर्ने मेसिनका माध्यमबाट शाखा कार्यालयका सेवाहरू प्रदान गरिरहेका छन् र सेवा विस्तारमा प्रविधिको प्रयोगले व्यवसाय विस्तारमा सहजीकरण भएको छ । प्रविधिको प्रयोगद्वारा गरिने कारोबारका कारण बैंकिङ्ग पुहँच बढेको छ भने कारोबारमा समेत सहजता प्रदान भएको छ । प्रविधिको प्रयोगले नगद जम्मा गर्ने, चेक जम्मा गर्ने मेसिन तथा उपकरणहरूको प्रयोग गरी बैंकिङ्ग कारोबार सहज बनिरहेको छ । कोभिड-१९ को संक्रमणपश्चात

मानवीय हस्तक्षेप/सहयोग/सञ्चालनबिना नै कारोबार गर्ने क्रम वृद्धि भएसँगै यस प्रकारको प्राविधिक शाखा वा उपकरणमार्फत कारोबार गर्ने क्रम वृद्धि भइरहेको छ ।

## कारोबारको वर्गीकरण

बैंक तथा वित्तीय संस्थामा विभिन्न प्रकारको कारोबार हुने गर्दछ । देशको सबै प्रकारको आर्थिक कारोबारको केन्द्रबिन्दु नै बैंक तथा वित्तीय संस्था हुने हुनाले सबै आर्थिक कारोबार यसै क्षेत्रमार्फत हुने गरको पाइन्छ । छरितो व्यवस्थापनको सिद्धान्त अवलम्बन गरी, कारोबारको जोखिमका आधारमा कारोबार वर्गीकरण गर्न सकिन्छ । बैंक खाता खोल्ने, गुनासो प्रशोधन गर्ने, खरिद आदेश प्राप्त गर्ने, कारोबारको आदेश प्राप्त गर्ने, प्रतिनिधित्व गर्ने जस्ता कारोबारहरूका लागि एजेन्सी सेवामार्फत गर्न सकिन्छ । यस्ता कारोबारहरू एजेन्सी सेवामार्फत गर्दा सेवा प्रवाहका आधारमा एजेन्सी खर्च भुक्तानी गरी बैंकको दीर्घकालीन अवकाश भुक्तनीको खर्च बचत गर्न सकिन्छ । दीर्घकालीन खर्च बचत भएमा लगानीमा बढी प्रतिफल दिन सकिन्छ भने लगानीको प्रतिफल बढी दिने संस्थामा ग्राहकहरूको विश्वास ज्यादा रहेको हुन्छ ।

## प्रविधिको प्रयोग

बैंकिङ्ग कारोबारमा प्रविधिको प्रयोग बढिरहेको छ । मोबाइल तथा ताररहित इन्टरनेटमा भएको द्रुततर विकास, मोबाइल, कम्प्युटर, ट्याब्लेट जस्ता उपकरणहरूको विकास, उपकरणमा प्रयोग भएको मोबाइल सिमसम्बन्धी प्रणाली, डाटा प्रसारणमा हुने गोपनीयतालगायत प्रणालीमा भएको विकासले प्रविधिको प्रयोग गरी बैंकिङ्ग सेवा प्रदान गर्न सहजता भएको छ । मानव संसाधनमार्फत उपलब्ध गराउने सेवाभन्दा उपकरणमार्फत उपलब्ध गराउने सेवाको गुणस्तर तथा सेवा प्रवाह समय दुवै राम्रो हुने भएकोले यस प्रकारको सेवामा वृद्धि भएको देखिन्छ । नेपालमा पनि यस प्रकारको सेवा प्रवाह गरी साना बजार केन्द्रहरूमा प्राविधिक शाखा विस्तार गर्न सकिने देखिन्छ ।

## एजेन्सी सेवा

कारोबारका आधारमा लाभ उपलब्ध गराउने गरी सम्झौतामा तोकेका बैंकिङ्ग सेवाहरू प्रतिनिधिमार्फत उपलब्ध गराउने प्रणाली नै एजेन्सी सेवा हो । एजेन्सी सेवा छरितो व्यवस्थापनको मुख्य औजार रहिआएको छ । कार्य प्रगतिका आधारमा पारिश्रमिक भुक्तानी हुने हुनाले बैंकले ठूलो लगानी गर्नुपर्दैन । कार्य प्रगति विश्लेषण गरी एजेन्सी सेवा विस्तार गर्न सकिन्छ । विश्वव्यापी रूपमा यस प्रकारको सेवामार्फत बैंकिङ्ग सेवा प्रदान गर्ने गरिन्छ । Mortgage Borker, Deposit Broker, POS Agent, Digital Wallet आदि एजेन्सी सेवाका उदाहरणहरू हुन् ।

## अन्त्यमा,

शाखा कार्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने कार्य जटिल मात्र नभई चुनौतीपूर्ण समेत हो । शाखा कार्यालयका काम नियमित गर्न हरेक बैंकका शाखा व्यवस्थापन विभाग रहेको हुन्छ । शाखा व्यवस्थापन विभाग बैंकको मुटु हो । यसले शाखा कार्यालयका सम्पूर्ण कार्यको संयोजन गरी व्यवसाय निरन्तरताको काम गर्ने गर्दछ । शाखा कार्यालयनै बैंकले निर्दिष्ट गरेका सेवा प्रदान गर्ने मुख्य स्थल भएको हुनाले यसको सञ्चालन रेखदेख र व्यवस्थापनमा विषेश ध्यान पुर्‍याउनु आवश्यक रहेको देखिन्छ । बैंक सञ्चालनमा बढ्दै गएको दीर्घकालीन दायित्व, कर्मचारीहरू व्यवस्थापन, Personnel Turnover, शाखा सञ्चालनका लागि प्राविधिक, प्रशासनिक, मावनीय व्यवस्थापन लगयतका विभिन्न अवरोधहरूलाई व्यवस्थापन गर्दै बैंकिङ्ग सेवा विस्तार गर्ने प्रणालीनै छरितो व्यवस्थापन (Lean Managemen) हो । यसले सेवा प्रवाहलाई सहज बनाउँदछ भने ग्राहक सेवामा समर्पित भइ नाफाजन्यतालाई आधार मानेको हुन्छ । कुनै एक शाखालाई बलियो शाखाको रूपमा विकास गरी ग्राहक प्राप्ति, निक्षेप निवेदन सङ्कलन, कर्जा निवेदन सङ्कलन, Pont of Sale का माध्यमबाट निक्षेप भुक्तानी, भुक्तानी आदेश प्राप्ति र प्रशोधन, समाशोधन सम्बन्धी आदेशहरूको सङ्कलन जस्ता कार्यहरू बैंकले बैंकका एजेन्टमार्फत गर्ने प्रक्रिया नै शाखाहरूको छरितो व्यवस्थापन हो । यसले एकातिर ग्राहक केन्द्रित व्यावसायिक लक्ष्य लिएको हुन्छ भने अर्कोतिर लागत नियनत्रण गरी प्रतिफल वृद्धि गरिरहेको हुन्छ । ■■

*लेखक कृषि विकास बैंक लि. का वरिष्ठ शाखा प्रमुख हुनुहुन्छ ।*

## सन्दर्भ सामग्री


- www.nrb.org.np
- www. adbl.gov.np
- नेपाल राष्ट्र बैंक ऐन २०५८
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३
- नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशिका २०७६
- अन्य विभिन्न ऐन, नियम तथा निर्देशिका

# खराब कर्जा व्यवस्थापनमा देखिएका समस्या र समाधानका उपाय

■ निरञ्जन पौडेल

## अवधारणा

बैंक तथा वित्तीय संस्थाले व्यक्ति, फर्म वा कम्पनीको विभिन्न चल तथा अचल सम्पत्तिहरू सुरक्षणको रूपमा लिई वा बिनासुरक्षण समेतका आधारमा कर्जा प्रदान गर्ने गर्दछन् । यसरी कर्जा प्रदान गर्दा निक्षेपका रूपमा विभिन्न व्यक्ति तथा संस्थाहरूले निश्चित ब्याज पाउने वा नपाउने गरी औपचारिक रूपमा बैंक खाता खोली राखेका रकम वा निक्षेपलाई परिचालन गरी आफूले निश्चित ब्याज कमाउने गरी कर्जा लगानी गरिएको हुन्छ । यसरी निक्षेपका रूपमा रकम स्वीकार गर्दा तथा उक्त रकमलाई कर्जाको रूपमा लगानी गर्दा मुलुकको केन्द्रीय बैंकको नीति, नियम तथा प्रचलित ऐनको अधिनमा रही बैंकले आफ्नो कार्यक्रम तथा योजनाहरू सञ्चालन गर्दछन् । अतः निक्षेपकर्ताको रकम मागेका बेलामा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने भएकाले पनि मुलुकको प्रचलित ऐन, कानुन, केन्द्रीय बैंकको निर्देशनका आधारमा बैंक आफैंले तयार पारेका कार्यविधि एवम् मापदण्डका आधारमा कर्जा लगानी गर्नुपर्ने बाध्यता रहन्छ ।

**निक्षेपकर्ताको रकम मागेका बेलामा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने भएकाले पनि मुलुकको प्रचलित ऐन, कानुन, केन्द्रीय बैंकको निर्देशनका आधारमा बैंक आफैंले तयार पारेका कार्यविधि एवम् मापदण्डका आधारमा कर्जा लगानी गर्नुपर्ने बाध्यता रहन्छ**

यसरी निक्षेप रकमलाई परिचालन गरी कर्जा लगानी हुने भएकाले बैंकले लगानी गरेका कर्जा जहिले पनि सक्रिय तथा नियमित हुनु आवश्यक हुन्छ । लगानी गरेका कर्जा सक्रियबाट क्रमशः निष्क्रिय, कमसल र खराब हुन पुग्छ बैंकले आफूले लगानी गरेका रकम असुल हुँदैन र निक्षेपकर्ताले राखेको रकम जोखिममा पर्न जान्छ । अतः कर्जा जोखिम नदिन बैंकले नियमित रूपमा कर्जा तथा परियोजनाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने हुन्छ अन्यथा कर्जा बिग्रिन गई कर्जाको जोखिम बढ्न जान्छ । जब कर्जाको जोखिम बढ्छ बैंकले उक्त कर्जा असुलीका लागि ऋणीलाई पत्र लेख्ने, पत्रिकामा सूचना प्रकाशन गर्ने लगायतका कर्जा असुलीका विभिन्न कारबाही अगाडि बढाउने गर्दछ ।

## खराब कर्जाको परिभाषा

केन्द्रीय बैंकको रूपमा रहेको नेपाल राष्ट्र बैंकले कर्जा जोखिमको न्यूनीकरणका लागि समय-समयमा निर्देशिका जारी गरी बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिइरहेको हुन्छ । यसैअन्तर्गत बैंकले आफ्ना ग्राहकहरूलाई दिएको कर्जा सापटलाई केन्द्रीय बैंकको निर्देशन बमोजिम कर्जा प्रवाह, वर्गीकरण तथा कर्जा नोक्सानीसम्बन्धी व्यवस्था गरेको हुन्छ । यसअन्तर्गत असल कर्जा, सूक्ष्म निगरानी, निष्क्रिय कर्जाको रूपमा वर्गीकरण गरेको छ । निष्क्रिय कर्जालाई पुनः कमसल, शंकास्पद र खराब कर्जाको रूपमा वर्गीकरण गरिएको छ । सक्रिय कर्जा, सूक्ष्म निगरानी र निष्क्रिय कर्जालाई विभिन्न आधारमा परिभाषा गरिएको छ । सक्रिय तथा सूक्ष्म निगरानीमा रहेका कर्जालाई न्यून जोखिम तथा निष्क्रिय कर्जालाई उच्च जोखिममा राखेको छ । निष्क्रिय कर्जाअन्तर्गत ३ महिनादेखि ६ महिनासम्म भाखा नाघेका कर्जा तथा सापटलाई कमसल कर्जा, ६ महिनादेखि १ वर्षसम्म भाखा नाघेका कर्जा तथा सापटलाई शंकास्पद कर्जा र १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका तथा अन्य विभिन्न उच्च जोखिम अवस्थामा रहेका कर्जालाई समेत खराब कर्जाको रूपमा परिभाषा गरेको छ । खराब कर्जाको थप व्यवस्थाअन्तर्गत १ वर्षभन्दा बढी अवधिले

भाखा नाघेका कर्जाका अतिरिक्त निम्न अवस्थाका कर्जाहरूलाई समेत खराब कर्जा मानिनेछ । (क) ऋणी टाट पल्टेमा, वा घोषणा भएमा (ख) ऋणी बेपत्ता भएमा वा ९० दिनसम्म सम्पर्कमा आएमा (ग) कर्जा दुरूपयोग गरेमा (घ) परियोजना वा व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा वा नभएमा (ङ) सम्भावित दायित्वहरू फोर्स लोनको रूपमा कोषमा आधारित कर्जामा परिणत भएको अवस्थामा ९० दिनसम्म असुल नभएमा (च) कर्जा असुल हुन नसकी लिलामी प्रक्रियामा रहेको वा यस प्रक्रियाअन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा (छ) कालोसूचीमा रहेका ऋणीलाई नयाँ वा थप कर्जा प्रदान गरेको अवस्थामा (ज) सुरक्षणको बजार मूल्यले कर्जा खाम्ने अवस्था नरहेमा (झ) खरिद वा डिस्काउण्ट गरेको बिलको भुक्तानी मितिले ९० दिनसम्म असुली नभएमा (ञ) क्रेडिट कार्ड कर्जा भाखा नाघेको मितिले ९० दिनभित्र अपलेखन भएमा (ट) ऋणीले एकै मिति वा अवधिको अलग अलग वित्तीय विवरण पेस गरेमा ।

## खराब कर्जाको असर, व्यवस्थापन तथा समस्या समाधानका उपाय

बैंक तथा वित्तीय संस्थाले आफ्ना खराब कर्जाको व्यवस्थापन गर्नु अपरिहार्य हुन्छ । खराब कर्जा व्यवस्थापन नगर्दा कर्जा असुली नभई उच्च जोखिम हुने हुँदा जोखिम न्यूनीकरणका लागि खराब कर्जाको व्यवस्थापन जरूरी हुन्छ । कर्जा खराबमा परिणत हुनासाथ बैंक तथा वित्तीय संस्थाले उक्त कर्जाको शतप्रतिशत नोक्सानी व्यवस्था हिसाबअन्तर्गत लेखाङ्कन गर्नुपर्ने हुन्छ, जसको असर बैंकको खर्च तथा नोक्सानी बढ्न गई बैंकको बासलातमा प्रत्यक्ष नकारात्मक असर पार्ने तथा बैंकको साखमा समेत नकारात्मक असर गर्दछ । अधिक खराब कर्जा भएमा नेपाल राष्ट्र बैंकले समेत आफ्नो निगरानीमा राख्ने, नीतिगत कारबाही गर्ने तथा नियन्त्रणमा लिनेसम्मको कार्य गर्न सक्दछ । अधिक खराब कर्जा भएका बैंक तथा वित्तीय संस्थालाई अर्को खराब कर्जा कम रहेको बैंकसँग मर्जर गराउने वा प्राप्तिमा जान निर्देशन दिने लगायतका कार्य गर्न सक्दछ । यसरी मर्जर वा प्राप्तिमा जादा बैंकको अस्तित्व नै समाप्त हुन सक्दछ । खराब कर्जा अत्यधिक हुँदा लगानी कर्जाको प्रतिफलमा ह्रास आउने, पुँजी बजारमा शेयरको बजार मूल्य समेत घट्न जाने हुँदा लगानीकर्ता आफ्नो लगानीको प्रतिफल मात्र नभई लगानी रकम डुब्न जाने सम्मको अवस्था समेत आउन सक्ने हुँदा खराब कर्जा अत्यधिक भएका बैंक तथा वित्तीय संस्थाको शेयरमा लगानी गर्न लगानीकर्ता हतोत्साही हुने गर्दछन् जसको फलस्वरूप बजारमा शेयरको मागभन्दा आपूर्ति बढ्न गई शेयर मूल्य घट्न जाने र खराब कर्जाको कारण बैंकको आन्तरिक तथा बाह्य प्रतिष्ठामा समेत असर पुऱ्याउने लगायतका अनेकौं समस्या पैदा हुन जान्छ । यसकारण पनि बैंकले खराब कर्जाको यथाशिघ्र व्यवस्थापन गर्न आवश्यक देखिन्छ । बैंकको कर्जा सम्पत्ति भएकाले खराब हुन नदिन यसको Assets Quality वा कर्जा सम्पत्तिको गुणस्तर कायम राख्नका लागि पनि खराब कर्जाको व्यवस्थापन गर्न जरूरी हुन्छ । खराब कर्जा व्यवस्थापनका अनेक उपाय र विधिहरू हुन्छन् । खराब कर्जा व्यवस्थापनका निम्न विधि, उपाय तथा रणनीति रहेका छन् ।

### (१) निष्क्रिय कर्जा असुलीको पूर्व तयारी गर्ने :

बैंक तथा वित्तीय संस्थाले आफ्नो खराब कर्जालाई वाञ्छित सीमासम्म राख्न वा न्यूनीकरण गर्न अनेक उपायहरू गरेका हुन्छन् । सर्वप्रथम त कर्जालाई निष्क्रिय हुन नदिने कार्य गर्न कर्जा प्रवाह भएदेखि नै उक्त कर्जा तथा परियोजनाको निरीक्षण तथा अनुगमन गर्नुपर्दछ । कर्जाको ब्याज वा साँवाको किस्ता बाँकी रहन नदिन ऋणीलाई पहिले नै सचेत गराउनु पर्दछ । यसका लागि भाखा नाघ्नुअघि नै कर्जाको भाखा नाघ्ने अवधिको बारेमा बैंकको आधिकारिक लिखित पत्र वा एसएमएस वा इमेलमार्फत सूचना पठाई सोको बारेमा ऋणीलाई पहिले नै सचेत गराउनु पर्दछ । कर्जा निष्क्रिय हुन नदिन आवश्यक कदम चाल्नु नै उत्तम उपाय हुन्छ तर पनि कर्जा निष्क्रिय एवम् खराब हुन सक्दछ । यद्यपि कर्जा निष्क्रिय वा खराब भएमा उक्त कर्जा असुली गर्नु राम्रो मानिन्छ । यसका लागि ऋणीको कर्जा चुक्ता हुनु पर्दछ वा उक्त कर्जा चुक्ता गराउन सर्वप्रथम तथा ऋणीलाई कर्जाको हालको अवस्था, यसले भविष्यमा ऋणीलाई पार्ने प्रभाव लागायतका विषयहरूलाई स्पष्ट गराउनु जरूरी हुन्छ ।

यसअन्तर्गत ऋणीसँग कर्जा चुक्ता गर्ने उपाय लगायतका विषयहरूमा छलफल गर्नुपर्दछ । बैंकले लगानी गरेको कर्जा सम्झौता वा सर्तबमोजिम साँवा, साँवाको किस्ता वा ब्याज नियमित नभएको अवस्थामा के कति कारणले निष्क्रिय वा खराब कर्जामा परिणत भएको हो वा हुन खोजेको हो सोको विषयमा ग्राहकसँग छलफल गरी अनिवार्य रूपमा discussion paper तयार गरी सम्बन्धित कर्जा मिसिलमा समावेश गर्नुपर्दछ । यसरी छलफल गर्दा ऋणीले बुझेर आफैं कर्जा चुक्ता गर्न पनि सक्दछ । यदि चुक्ता गर्न आलटाल गर्ने, चासो नदिने, झैझगडा

गर्न खोज्नेसम्मका कार्यहरू हुन सक्दछन् । कर्जा चुक्ता गर्न ऋणीको कमजोर आर्थिक अवस्था, धितोमा समस्या, परियोजनामा समस्या, ऋणीको मृत्यु भएको, बेपत्ता भएको, अङ्गभङ्ग भएको वा प्राकृतिक प्रकोपका कारण पीडित भएको अवस्था समेत हुन सक्दछ । कर्जा, परियोजना, धितो सुरक्षण, ऋणीको अवस्था बुझेर निष्क्रिय कर्जा असुलीका लागि आवश्यक कारबाही तथा प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

### (२) असुली कारबाही सञ्चालन गर्ने

कर्जाको ब्याज बाँकी रहेमा, साँवाको किस्ता भाखा नाघेमा उक्त किस्ता वा ब्याज यथाशिघ्र असुल गर्नुपर्दछ । यद्यपि उक्त किस्ता वा ब्याज असुल गर्न नसकिएमा पछि किस्ता तथा ब्याज समेत थप हुँदै जाने भएकोले असुली गर्न पछि अझै कठिन हुन सक्दछ । यसका लागि बैंक तथा वित्तीय संस्थाले पत्र लेख्नु पर्दछ । यद्यपि पत्र लेख्दा समेत ब्याज वा किस्ता वा कर्जा चुक्ता नभएमा निज ऋणीलाई बैंकले गर्ने कारबाहीको बारेमा जानकारी गराउनु पर्दछ तथा यथाशिघ्र कारबाही अगाडि बढाउनु पर्दछ । सार्वजनिक पत्रिकामा कर्जा बुझाउने बारेको सूचना प्रकाशन गर्नुपर्दछ । यसरी सूचना प्रकाशन गरेको पत्रिका सम्बन्धित ऋणी, व्यक्तिगत जमानी दिने, धितो सुरक्षण दिने लगायतका व्यक्तिहरूलाई समेत उक्त पत्रिका बुझाउनु पर्दछ ।

यसरी पत्रिकामा नाम प्रकाशन गरी बुझाउँदा समेत अटेर गरेमा वा कर्जा चुक्ता नगरेमा निष्क्रिय कर्जा असुलीका अन्य कारबाहीहरू समेत गनुपर्ने हुन्छ । सवारी साधनको हकमा ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी गाडी कब्जा लिनु पर्दछ । परियोजनाको हकमा कार्यविधिमा उल्लेखित नीतिगत प्रक्रिया पूरा गरी परियोजना कब्जा गर्ने, परियोजना बिक्री गर्ने लगायका कार्य गरी कर्जा असुलउपर गर्नुपर्दछ । निष्क्रिय कर्जा असुलीका लागि पत्रिकामा सूचना प्रकाशन गर्ने कार्यलाई तीव्रता दिने, ऋणले बैंकको नाममा लेखिदिएको सुरक्षण धितोको लिलाम बिक्री गर्ने, ऋणी तथा व्यक्तिगत जमानी दिने र धितो सुरक्षण दिने व्यक्ति, फर्म वा कम्पनीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरी सम्बन्धित पक्षहरूको नाम कालोसूचीमा राख्न सकिन्छ ।

यसरी सम्बन्धित ऋणीको नाम कालोसूचीमा समावेश भएपश्चात अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा वा अन्य बैंकिङ्ग सुविधाबाट समेत बञ्चित हुने, राजनीतिक रूपमा उम्मेदवार हुन नपाउने, पासपोर्ट रोक्का गर्न सकिने लगायतका कारबाही हुने हुँदा निष्क्रिय कर्जा असुली हुन थप सहयोग पुग्दछ । धितो लिलाम बिक्री गर्दा समेत असुलउपर नहुने अवस्था आएमा अन्य विभिन्न उपायहरू अवलम्बन गरी कर्जा असुल गर्न सकिन्छ ।

### (३) कर्जा नियमित गर्ने

कर्जा लगानी भएपश्चात कतिपय अवस्थामा उक्त कर्जाको लगानी पूर्व सही ढंगबाट कर्जा विश्लेषण नभएको पनि हुन सक्दछ यस्तो अवस्थामा ऋणीले लगानी गरेको परियोजना सञ्चालनका लागि आवश्यक हुने स्थिर पुँजी वा चालू पुँजी नपुग हुन सक्दछ जसको कारण परियोजना सञ्चालनमा कठिनाइ भइरहेको हुन सक्दछ । यद्यपि पुँजीकै कारणले under financing भएको कारणले परियोजना सञ्चालनमा कठिनाइ भइरहेको कारणले कर्जा नियमित हुन नसकी ब्याज वा किस्ता भाखा नाघेको अवस्था रहेमा र ग्राहकप्रति बैंकलाई विश्वास लागेमा परियोजना सञ्चालन गर्न आवश्यक अतिरिक्त पुँजी प्रदान गरेमा परियोजना सञ्चालन रहने तथा उक्त परियोजनाले पर्याप्त नाफा कमाउन सक्ने आधारहरूको पुष्टि भएमा थप कर्जा प्रदान गर्दा परियोजनालाई support हुने देखिएमा थप कर्जा प्रदान गरेमा नियमित हुन नसकेको कर्जा नियमित हुन जान्छ ।

### (४) कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचना

कतिपय कर्जा लगानी गरेपश्चात काबुबाहिरको परिस्थितिका कारण कर्जा नियमित नहुने वा निष्क्रिय हुने गर्दछ । यस्तो अवस्थामा मुलुकको केन्द्रीय बैंकले कर्जा नियमित गर्न नीतिगत व्यवस्था गरेको हुन्छ । नेपालमा पनि नेपाल राष्ट्र बैंकले कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्न पाउने नीतिगत व्यवस्था गरेको छ । काबु बाहिरको कारण वा प्राकृतिक प्रकोप वा अन्य कारणले सम्भावना बोकेको परियोजना असफल भएमा वा असफल भएको लागेमा वा सञ्चालनमा अवरोध भएमा वा सञ्चालन हुन नसकी कर्जा नियमित नभएमा वा निष्क्रिय भएको अवस्थामा ऋणीले परियोजना सञ्चालन गर्ने लिखित प्रतिबद्धता, परियोजना सञ्चालन, परियोजनाको आगामी वित्तीय विश्लेषण समेत संलग्न राखी तोकेको निश्चित प्रतिशतले हुने ब्याज रकम बुझाएमा त्यस्तो कर्जा, परियोजनाको विश्लेषण, आगामी वर्षको वित्तीय विश्लेषणका आधारमा बैंकलाई उचित लागेमा उक्त कर्जाको पुनर्तालिकीरकण वा पुनर्संरचना गर्न सकिन्छ ।

यसरी नीतिगत रूपमा प्रक्रिया पुऱ्याई गरेका कर्जाको पुनर्तालिकीकरण वा पुनर्संरचना गर्दा सहुलियत प्राप्त भई पुनः कर्जा नियमित तथा सक्रिय हुन सक्दछ ।

### ५) कर्जा अन्य बैंकमा सार्ने

केन्द्रीय बैंकको नीतिगत व्यवस्थाका आधारमा बैंक आफैंले loan Swap सम्बन्धी product paper समेत तयार गरेका हुन्छन् । स्वापसम्बन्धी कार्यविधि तथा प्रोडक्ट पेपरका आधारमा बैंकले आफ्ना निष्क्रिय कर्जा अन्य बैंकमा सार्न सक्दछ । जुन बैंकमा कर्जा सार्ने हो, स्वाप गरी कर्जा ग्रहण गर्ने बैंकलाई उक्त कर्जाको अवस्थाका बारेमा पहिले नै जानकारी भएको हुन्छ । निष्क्रिय कर्जालाई थप पुँजी उपलब्ध गराउने नसक्ने अवस्था रहेमा, कर्जाको पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न नसक्ने अवस्था रहेमा, बैंकको CD ratio वा समग्र निष्क्रिय कर्जाको भार उच्च रहेमा वा अन्य विभिन्न कारणले गर्दा कर्जा स्वाप गर्ने गरिन्छ । यसरी अर्को बैंकले पनि कर्जा तथा परियोजनाको बारेमा सम्पूर्ण जानकारी तथा ज्ञान हुँदाहुँदै पनि परियोजनाको सम्भावना देखेको अवस्थामा एक बैंकबाट कर्जा स्वाप गरी आफ्नो बैकमा सार्ने गर्दछन् । यसरी बैंकले निष्क्रिय वा खराब अवस्थाका कर्जा स्वाप विधिबाट अर्को बैंकमा सारी निष्क्रिय कर्जा घटाउन सक्दछ ।

### (६) सहुलियत दिई राफसाफ गर्ने

ऋणीको काबु बाहिरको परिस्थिति वा अन्य कारणले जस्तै परियोजना असफल भएको, धितो कमजोर भएको, ऋणीको मृत्यु भइसकेको, दैवी प्रकोप, महामारी, बाढीपहिरो, भूकम्प, बेपत्ता, दीर्घरोगी, अङ्गभङ्ग लगायतका विभिन्न कारणले कर्जा असुलउपर हुन नसक्ने भएमा त्यस्ता कर्जा यथाशिघ्र राफसाफ गर्नुपर्ने भएकाले कर्जाको ब्याजमा छुट सुविधा दिई कर्जा राफसाफ गर्न उपयुक्त हुने भएकाले ब्याज वा शुल्कमा निश्चित रकम छुट दिई कर्जा राफसाफ गराउने अभ्यास समेत रहेको छ । धितो नभएको, बिमाले कभर हुन नसक्ने वा अन्य विबिध कारणले कर्जा असुलउपर हुन नसक्ने भएमा वस्तुगत मूल्याङ्कनका आधारमा ऋणीलाई सहुलियत प्रदान गरी कर्जा राफसाफ गर्ने गरिन्छ ।

यसरी कर्जा राफसाफ गर्दा बैंक तथा वित्तीय संस्थाले निश्चित कार्यविधि र मापदण्डका आधारमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न सकिन्छ । यस प्रकारको नीतिगत व्यवस्था कार्यान्वयन गर्दा गोपनीयता अपनाउनु समेत पर्दछ ।

### (७) बैंक आफैंले सकार गर्ने

निष्क्रिय तथा खराब कर्जाको असुलउपर गर्न धितो लिलामी कारबाही गर्दा धितो लिलाम बिक्री नभएमा वा कोही पनि व्यक्ति धितो सकार गर्न नआएमा केन्द्रीय बैंकको नीतिगत व्यवस्था एवम् बैंकको आफैंले तयार गरी कार्यान्वयन गरेको कार्यविधि वा म्यानुअलमा आफैंले धितो सकार गर्न सक्ने नीतिगत व्यवस्था गरेको हुन्छ । यसरी धितोको लिलाम बिक्री गर्दा समेत कर्जा असुलउपर हुन नसक्ने देखिएमा बैंकले ऋणीले कर्जा लिँदाको बखत सुरक्षण वापत लेखिदिएको धितो आफैंले सकार गरी कर्जा असुलउपर गर्ने गर्दछ । यसरी सुरक्षणवापत राखेको धितो सकार गरेपश्चात उक्त सम्पत्ति बैंकले गैरबैंकिङ्ग सम्पत्तिको रूपमा लेखाङ्कन गर्दछ । यसरी बैंक आफैंले सकार गरेको सम्पत्ति धितो लिलाम वा शिलबन्दी टेण्डर गरी पुनः बिक्री गर्न पनि सक्दछ वा आफ्नै प्रयोग गर्ने भएमा बैंकको सञ्चालक समितिले निर्णय गरी बैंकिङ्ग सम्पत्ति कायम गर्न समेत सक्नेछ । उक्त गैरबैंकिङ्ग सम्पत्ति धितो लिलाम बिक्री गर्नुअघि तत्कालीन ऋणीले आफूले तिर्नुपर्ने सम्पूर्ण कर्जा रकम बुझाएमा बैंकले निजलाई नै उक्त सम्पत्ति फिर्ता दिन बाधा पर्ने छैन भन्ने कानुनी व्यवस्था भएकोले सम्बन्धित पक्षलाई फिर्ता दिन सक्नेछ । यसरी भाखा नाघेका तथा निष्क्रिय कर्जालाई बैंक आफैंले सकार गरी निष्क्रिय कर्जा घटाउन सक्नेछ ।

### (८) ऋण असुली न्यायाधीकरणमा मुद्दा दर्ता गर्ने

बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा असुलीका लागि बैंक आफैंले अधिकतम प्रयास गर्दा समेत कर्जा असुलउपर नभएमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा नियमावली २०५९ बमोजिम बैंक तथा वित्तीय संस्थाले कर्जा असुलीका लागि देहायका अवस्थामा ऋण असुली न्यायाधीकरणमा उजुरी निवेदन दर्ता गर्न सक्नेछ ।

(क) साँवा रकम रू. ५ लाख वा सोभन्दा माथि भएको

(ख) कर्जाको भाखा नाघेको ४ वर्षभन्दा कम अवधिको

(ग) कर्जा असुलीका लागि यथेष्ट प्रयास गरिएको गरिएको हुनु पर्दछ ।

ऋण असुली न्यायाधीकरणमा उजुरी निवेदन दर्ता गर्दा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा नियमावली २०५९ मा भएका व्यवस्था बमोजिम सक्कल कागजातहरू समेत अनिवार्य रूपमा संलग्न

राखि निवेदन दिनु पर्नेछ । यसरी मुद्दा दर्ता भएपश्चात न्यायाधीकरणले सम्पूर्ण कर्जाको अध्ययन अनुसन्धान, अनुगमन तथा निरीक्षणका आधारमा ऋणीसँग छलफल उजुरी निवेदन तामेली/मिलापत्र लगायतका कार्य समेत गर्न सक्दछ । न्यायाधीकरणले बैंक तथा वित्तीय संस्थाले दिएको निवेदनका आधारमा धितो सुरक्षणको लिलाम बिक्री गरी कर्जा असुल गर्ने गर्दछ । यसरी बैंक तथा वित्तीय संस्थाको कर्जा असुली गरी ऋण असुली कार्यमा सहयोगीको भूमिका निर्वाह गर्दछ ।

### (९) अन्य वैकल्पिक उपाय अपनाउने

खराब कर्जा असुली कार्य गर्दा ऋणीको सुरक्षणमा रहेको धितोले सम्पूर्ण कर्जालाई खाम्न नसक्ने अवस्था देखिएमा ऋणीको अन्य घरजग्गा वा सम्पत्तिको खोजी गरी बैंक तथा वित्तीय संस्थाको नाममा सम्पत्ति रोक्का राख्न सक्दछ । यसरी रोक्का राखेका सम्पत्तिहरूलाई लिलाम बिक्रीका लागि सूचना प्रकाशन गरी लिलामी कार्य अगाडि बढाउन सक्दछ । धितो लिलामी कार्य गर्दा ऋणीको धितोले खाम्न नसक्ने अवस्था आएमा बाँकी सम्पूर्ण धितो लिलाम बिक्री गर्ने र नपुग धितोलाई बैंकले तोकिएको अपलेखन मापदण्ड र नीतिका आधारमा अपलेखन गर्न सक्दछ । यसरी अपलेखन गरेको रकम सोही आर्थिक वर्षको अन्त्यसम्म अनिवार्य रूपमा खर्च जनाई हिसाब लेखाङ्कन गर्नुपर्दछ । कर्जाको गुणस्तर कायम हुन नसकी सम्पत्तिको गुणस्तर खस्किन गएमा वा कर्जा निष्क्रिय वा कमसल हुनेबित्तिकै कर्जा सूचना केन्द्रको CIC अद्यावधिक गर्ने कार्य नियमित रूपमा गर्नुपर्दछ । कतिपय अवस्थामा व्यक्तिगत जमानत दिने र एकाघर परिवारलाई सामाजिक दबाब सिर्जना गराई वा कानुनी बमोजिम जमानी दिने व्यक्तिलाई कारबाही गरी कर्जा असुली गर्न सकिन्छ । ऋणी, धितो जमानी दिने व्यक्ति वा संस्था र अन्य व्यक्ति वा संस्थासँग कर्जा हस्तान्तरण गरी, कर्जा राफसाफ हुने सर्तमा किस्ता किस्ता गरी कर्जा असुल गर्दै आंशिक धितो समेत फुकुवा गर्दै जाने, ऋणीसँग वा निजका एकाघर सदस्यहरूले काम गर्ने वा सम्बन्ध रहेका कार्यालयहरू सरकारी, गैरसरकारी, शिक्षण संस्था वा अन्य निकायमा समेत असुली प्रक्रियामा सहयोग गर्नका लागि पत्राचार गर्ने, धितो सुरक्षण बिक्री गरी वा परियोजना भाडा दिने लगायतका सम्झौता गरी निष्क्रिय कर्जा राफसाफ गर्न सकिन्छ । ■■

*लेखक कृषि विकास बैंक लि. का*
*वरिष्ठ शाखा प्रमुख हुनुहुन्छ ।*

# डिजिटल वित्तीय साक्षरता र यसको आवश्यकता



प्रज्वल भट्टराई

### परिचय

साधारणतया वित्तीय साक्षरतालाई वित्तीय साधन तथा स्रोतहरूको आम जनतामा प्रभावकारी रूपमा प्रयोग गर्न हासिल गर्ने ज्ञान तथा सिप भन्ने बुझिन्छ । वित्तीय साक्षरताबाट जनताले वित्तीय शिक्षा, वित्तीय योजना, बैंकिङ्ग शिक्षा तथा सिपलगायत बचत, कर्जा, बिमा, विप्रेषण, आम्दानी, खर्च लगानी तथा अन्य रूपैयाँ पैसाको उचित व्यवस्थापनसम्बन्धी ज्ञान प्राप्त गर्न सक्दछन् । तसर्थ वित्तीय तथा मौद्रिक प्रणाली, बचत तथा यसको परिचालन, लगानीको अवसर एवं क्षेत्र पहिचान र निर्णय क्षमता, वित्तीय स्रोत एवं कर्जा व्यवस्थापन, पैसाको महत्व र सोको उचित व्यवस्थापनलगायत बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने विभिन्न वित्तीय सेवा सुविधा आदिका बारेमा जानकारी दिने ज्ञान तथा कला नै वित्तीय साक्षरता हो भन्न सकिन्छ । वित्तीय साक्षरताबाट वित्तीय सेवा उपलब्ध गराउने संघ संस्थाहरूलाई उनीहरूको प्रोडक्ट, सेवा तथा सुविधाहरूको बारेमा बुझ्न, प्रोडक्टहरूसँग जोडिएका विभिन्न जोखिमहरूको पहिचान गर्न, ती जोखिमहरूको प्रभावकारी रूपमा व्यवस्थापन गर्न समेत मद्दत गर्दछ । त्यसैगरी यसबाट उपभोक्ताहरूको आवश्यकतालाई पहिचान गरी आफूले प्रवाह गरेका सेवा सुविधाहरूलाई परिस्कृत तथा परिमार्जन गर्न समेत सहयोग पुऱ्याउँछ । वित्तीय साक्षरताले समग्र वित्तीय प्रणालीमा विश्वासको अभिवृद्धि गरी सहभागितामा वृद्धि गर्ने गर्दछ ।

आजको युग विज्ञान तथा प्रविधिको युग हो । विज्ञान तथा प्रविधिको विकासको कारणले गर्दा विश्वमा द्रुततर गतिमा विकासले फड्को मारिरहेको छ । विभिन्न अत्याधुनिक डिजिटल प्रविधिहरूको प्रयोगबाट कार्य सम्पादन/कार्य व्यवस्थापनमा भएको सहजताले समय तथा लागतमा बचत भई बैंक तथा वित्तीय संस्थाहरूको उत्पादकत्वमा समेत वृद्धि भइरहेको छ । डिजिटल प्रविधिले बैंकिङ्ग क्षेत्रको कारोबारलाई मितव्ययी र पारदर्शी बनाएको छ । बैंक तथा वित्तीय संस्थाहरूमा अत्याधुनिक बैंकिङ्गको प्रयोगबाट ग्राहकहरूले सजिलैसँग जुनसुकै ठाउँबाट जुनसुकै समयमा नै बैंक खाता खोल्ने, कर्जाको माग गर्ने, विभिन्न Digital Financial Service ( Mobile Banking, Internet Banking, ATM, POS, Card, QR Code Payment आदिको सञ्चालन गर्न सक्ने, Mobile Top-Up, Fund Transfer, Utility Bill Payment, Merchant Payment, QR Payment, Government Payment लगायत आफ्नो खाताको विबरण तथा कारोबारको जानकारी प्राप्त सकिने हुँदा यो प्रविधि एकदमै लाभदायक रहेको छ । बैंक तथा वित्तीय संस्थाले सञ्चालनमा ल्याएको अत्याधुनिक Digital Financial Product हरूको जानकारी तथा उक्त प्रोडक्टहरूको प्रयोगबाट प्राप्त गर्न सकिने सेवा सुविधाहरूको बारेमा आम जनतालाई सुसूचित गर्नु अति आवश्यक रहेको छ । तसर्थ डिजिटल प्रविधिको माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने बैंकिङ्ग तथा वित्तीय सेवा सुविधाहरू, तिनीहरूको उपयोगिता र विशेषताहरू, प्रयोगका तरिकाहरू, प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी सम्बन्धी ग्राहकहरूलाई दिइने जानकारी तथा ज्ञान नै डिजिटल वित्तीय साक्षरता हो ।

जनतालाई अनलाइनबाट वस्तु तथा सेवा खरिद गर्न तथा अनलाइनबाटै सहज तथा सरल तरिकाले भुक्तानी गर्ने ज्ञान तथा सिप डिजिटल वित्तीय साक्षरताले प्रदान गर्दछ । जुनसुकै समयमा जुनसुकै ठाउँबाट नै विभिन्न डिजिटल बैंकिङ्ग सेवा तथा सुविधाहरू प्रयोग गर्न सकिन्छ, डिजिटल प्रविधिबाट नगदरहित कारोबार गर्न सकिन्छ भन्ने विषयको जानकारी गराउँदछ । आधुनिक वित्तीय प्रविधिको आविष्कार तथा यसको प्रयोगले डिजिटल वित्तीय साक्षरतालाई विश्वभर वित्तीय साक्षरताको नयाँ माध्यमको रूपमा अङ्गीकार गरेको पाइन्छ ।

### डिजिटल वित्तीय साक्षरता सम्बन्धमा नेपाल राष्ट्र बैंक

विभिन्न Financial Product and Service हरूको उपलब्धताको बारेमा जानकारी गराउन, जनमानसलाई औपचारिक बैंकिङ् अभ्यासहरूमा अभ्यस्त गराउन, उनीहरूको वित्तीय अवस्था सुधारका लागि उत्प्रेरित गर्न, उपभोक्ताहरूलाई वित्तीय अधिकार र जिम्मेवारीहरूको बारेमा बुझ्न मद्दत गर्न, Digital Financial Product and Service हरूको बारेमा जागरूकता ल्याउन, वित्तीय ठगी र गुनासो निवारणका उपायहरूको बारेमा जनचेतना जगाउन, वित्तीय शिक्षा प्रदान गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहित गर्न, विभिन्न वित्तीय साक्षरता कार्यक्रमहरूको कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरूबीच सहकार्य विकास गर्ने हेतुले नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था तथा गैर बैंक वित्तीय संस्थाहरूको लागि Financial Literacy Framework, 2022 जारी गरेको छ । उक्त Framework ले Digital Financial Service हरूको सही तथा सुरक्षित तरिकाले प्रयोग गर्न सिकाइने बुझाइ, ज्ञान र सिपहरूको सँगालो (Set) को रूपमा डिजिटल वित्तीय साक्षरता परिभाषित गरेको छ । साथै उक्त Framework ले डिजिटल वित्तीय साक्षरतालाई वित्तीय साक्षरताको एक भागको रूपमा लिएको छ ।

### डिजिटल वित्तीय साक्षरताको उद्देश्य

बैंक तथा वित्तीय संस्थाहरूले ल्याएका अत्याधुनिक प्रविधिका विभिन्न डिजिटल सेवा/सुविधाहरूको सही तथा सुरक्षित तबरले प्रयोग गर्न आम जनताहरूलाई सुसूचित गर्नु डिजिटल वित्तीय साक्षरताको प्रमुख उद्देश्य रहेको छ । त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरूले के कस्ता डिजिटल सेवाहरू प्रवाह गरिरहेका छन् ? ती सेवाहरूको प्रयोग कसरी गर्ने ? तिनीहरूको विशेषता के कस्ता रहेका छन् ? सेवाहरूको प्रयोगबाट के के फाइदा हुन्छन् ? सेवा प्रयोग गर्दा के कस्ता सावधानीहरू अपनाउनु पर्छ ? भन्ने विविध विषयहरूको बारेमा जानकारी तथा ज्ञान प्रदान गर्नु नै डिजिटल वित्तीय साक्षरताको उद्देश्य हो । डिजिटल वित्तीय साक्षरताको उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- अत्याधुनिक डिजिटल बैंकिङ् सेवाहरूको बारेमा जानकारी प्रदान गर्नु,
- उपयुक्त Digital Financial Service and Product हरूको छनौट तथा प्रयोग गर्न सक्ने क्षमता विकास गर्नु,
- Digital Financial Service and Product हरूको प्रयोग गर्दा हुन सक्ने जोखिमहरूको बारेमा सुसूचित गर्नु,
- डिजिटल वित्तीय सेवाहरूको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरूको बारेमा जानकारी दिनु,
- डिजिटल वित्तीय सेवाहरूको प्रयोग गर्दा आउन सक्ने जोखिमहरूको न्यूनीकरणको योजना बनाउन सक्ने ज्ञान र सीप प्रदान गर्नु,
- अनलाइनको माध्यमबाट विभिन्न वस्तु तथा सेवाहरूको खरिद गर्न तथा अनलाइनबाट नै सहज तथा सरल तरिकाले भुक्तानी गर्ने सम्बन्धी ज्ञान तथा सिप प्रदान गर्नु,
- डिजिटल प्रविधिबाट गर्न सकिने नगदरहित कारोबार सम्बन्धी जानकारी गराउनु ।

### डिजिटल वित्तीय साक्षरताको आवश्यकता

जनताले जहाँबाट, जुनसुकै समयमा पनि सजिलै बैंक तथा वित्तीय संस्थाहरूसँगको पहुँचता कायम गर्न तथा डिजिटल बैंकिङ् सेवाहरूको उपयोग गर्न, डिजिटल प्रविधिको माध्यम इलेक्ट्रोनिक कारोबार गर्न सकिने कुराको जानकारी तथा त्यस्ता कारोबार गर्ने तौरतरिकाको बारेमा जानकारी डिजिटल वित्तीय साक्षरताबाट प्राप्त गर्न सकिने हुँदा सबै क्षेत्रमा यसको महत्व बढ्दै गएको पाइन्छ । यसको अलावा विभिन्न क्षेत्रमा डिजिटल वित्तीय साक्षरताको आवश्यकता तथा महत्वहरूलाई निम्न बुँदाहरूबाट थप प्रष्ट पारिएको छ ।

- बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेका डिजिटल सेवा तथा सुविधाहरूको बारेमा जानकारी लिन/दिन सकिन्छ,
- सहज तथा सरल विभिन्न भुक्तानीका माध्यमहरूको जानकारी लिन/दिन सकिन्छ,
- अनलाइनको माध्यमबाट विभिन्न वस्तु तथा सेवाहरूको खरिद गर्न तथा अनलाइनबाट नै सहज तथा सरल तरिकाले भुक्तानी लिने/दिने ज्ञान तथा सिप प्राप्त गर्न सकिन्छ,
- डिजिटल बैंकिङ्का विभिन्न प्रोडक्टहरूको माध्यमबाट नगद रहितको कारोबारमा वृद्धि गर्न सकिन्छ,
- डिजिटल वित्तीय सेवाहरूको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरूको बारेमा जानकारी लिन/दिन सकिन्छ,

- डिजिटल वित्तीय सेवाहरूको प्रयोग गर्दा आउन सक्ने जोखिमहरूको न्यूनीकरण योजना बनाउन सक्ने ज्ञान र सीप प्राप्त हुन्छ,
- डिजिटल वित्तीय सेवासम्बन्धी आवश्यक सूचनाहरू प्रदान गरी उपयुक्त सेवा छनौट गर्ने क्षमता प्रदान गर्छ र गलत सेवा प्रदायकको छनौटबाट हुन सक्ने हानी, नोक्सानी बचाउँछ,
- वित्तीय सेवा प्रदायकहरूलाई डिजिटल सेवाहरूका विस्तार गर्ने अवसर दिई उक्त सेवाहरूको गुणस्तर विकास गर्न सचेत गर्छ ।

### Different Delivery Channels of Digital Financial Literacy

डिजिटल वित्तीय साक्षरतालाई विभिन्न तरिका तथा माध्यमहरूबाट सञ्चालन गर्न सकिन्छ । बैंक तथा वित्तीय संस्थाहरूले डिजिटल वित्तीय साक्षरताको कार्यक्रम देहाय बमोजिमका Delivery Channel हरूमार्फत सञ्चालन गर्न सक्दछन् ।

- व्यक्तिगत सञ्चार र परामर्शबाट,
- सरल नेपाली भाषामा वा स्थानीय भाषामा विभिन्न Print, Audio Video Media हरूको प्रसारण मार्फत,
- विभिन्न सामाजिक सञ्जाल (Facebook, Twitter, Instagram, Tiktok आदि) मार्फत,
- डिजिटल वित्तीय सेवा सुविधा बारेमा रेडियो, टेलिभिजन, YouTube Video का साथै आम प्रस्तुति र कार्यक्रम सञ्चालनमार्फत,
- वेवसाइट, Online Dashboard, Mobile Application आदिमा Alert Notification, Road-Block को व्यवस्था गरेर,
- प्रकाशन, पुस्तक, पुस्तिका, हातेपुस्तिका, कविता, कथा, आदि मार्फत,
- डिजिटल बोर्डहरू, कलर रिङ ब्याक टोन (CRBT) मार्फत,
- विभिन्न तालिम पुस्तिकाहरू, प्रतियोगिताहरू सञ्चालनमार्फत,
- अध्ययन भ्रमण, अवलोकन भ्रमण आदिको सञ्चालन मार्फत ।

### अन्त्यमा

डिजिटल वित्तीय सेवाहरू परम्परागत वित्तीय सेवाहरूभन्दा बढी भरपर्दो लागत प्रभावकारी, पहुँचयोग्य र कम समय खपत हुने भएकाले विश्वव्यापी रूपमा डिजिटल वित्तीय सेवाहरूको प्रयोग बढ्दै गएको छ । विश्वव्यापीकरण तथा वित्तीय बजारमा आएका नयाँ नयाँ प्रविधिहरूको विकास तथा विस्तारको परिणामस्वरूप नेपालमा पनि अत्याधुनिक डिजिटल वित्तीय प्रोडक्टहरू सञ्चालनमा आई विभिन्न आर्थिक क्रियाकलापहरू समेत डिजिटल बैंकिङ्ग सेवाको माध्यमहरूमार्फत सञ्चालन भइरहेका छन् । वित्तीय क्षेत्रमा प्रयोगमा ल्याइएको विभिन्न अत्याधुनिक डिजिटल बैंकिङ्ग सेवाहरूको प्रयोगबाट आमजनतालाई सहजता प्रदान गरे तापनि विभिन्न किसिमको जटिलता तथा जोखिमहरूको सृजना भएको पाइन्छ । तसर्थ नेपाल राष्ट्र बैंकको मार्गदर्शन, निर्देशन परिपालन गर्न मात्र नभई नेपाल सरकारको "डिजिटल नेपाल" बनाउने परिकल्पनालाई सार्थक बनाउन बैंक तथा वित्तीय संस्थाहरूले मुलुकको वित्तीय व्यवस्था, वित्तीय प्रणाली, वित्तीय कारोबारका विभिन्न डिजिटल उपकरणहरूको प्रयोग, त्यसबाट उत्पन्न हुन सक्ने जोखिमहरू, ती जोखिमहरूलाई न्यूनीकरण गर्ने उपायहरूको बारेमा विभिन्न जानकारी मुलुक डिजिटल वित्तीय साक्षरताको कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य रहेको छ । ■■

*लेखक कृषि विकास बैंक लि. का वरिष्ठ शाखा प्रमुख हुनुहुन्छ ।*

# बैंकिङ्ग व्यवसायमा देखिएका सञ्चालन जोखिम र निराकरणका उपायहरू



अमृतप्रसाद पौड्याल

अर्थतन्त्रको विकासमा उद्योग तथा व्यापारको प्रवर्द्धन, संकलित निक्षेपको न्यायपूर्ण विनियोजन सुनिश्चित र सरकारी मौद्रिक नीतिको कार्यान्वयन गरेर बैंकहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यद्यपि मध्यस्थताको दायित्व पूरा गर्ने सन्दर्भमा बैंकहरूको असक्षमताले वित्तीय प्रणालीमा केही कमजोरीहरूको उदय हुन सक्छ जसको नतिजा ऋण सङ्कट निम्तिन सक्छ । जोखिम लिनु बैंकिङ्गको अभिन्न अङ्ग भए तापनि पर्याप्त नाफा कमाउनका लागि बैंक व्यवस्थापनले आफ्नो जोखिम र प्राप्तिलाई सन्तुलनमा राख्नुपर्छ र यो एक निरन्तर चासोको विषय बन्नुपर्दछ । जोखिम भन्नाले आन्तरिक वा बाह्य तत्वबाट सिर्जित गतिविधिको कारणले सम्भावित हानी हुने वा बिग्रने, दायित्व सिर्जना हुने वा कुनै नकारात्मक परिणाम हो । अनुमानित प्रतिफलभन्दा प्राप्त भएको वास्तविक प्रतिफल कम भएमा त्यसलाई वित्तीय जोखिम भनिन्छ भने अनायास विकसित हुने सम्भावना, पूर्वानुमान गर्न नसकिने र अनियन्त्रित अनिश्चितताको उपज नै जोखिम हो भनी बैंकिङ्ग व्यवसायमा बुझिन्छ ।

सञ्चालन, कर्जा, बजार, ब्याजदर, तरलता, वातावरण एवम् सामाजिक, सूचना प्रविधिलगायतका विभिन्न जोखिमहरूमध्ये सञ्चालन जोखिम एक बहुआयाम भएको जोखिमको प्रकार हो । संस्थाको आन्तरिक प्रक्रिया, व्यक्ति वा प्रणालीमा उत्पन्न हुन सक्ने असक्षमता वा अवरोधका कारण व्यवसाय सञ्चालन असफल हुने सम्भावना नै सञ्चालन जोखिम हो । सञ्चालन जोखिमको कुशल व्यवस्थापनको सिद्धान्त प्रतिपादन गर्ने Bank for International Settlement को BASEL Committee on Banking Supervision का अनुसार अपर्याप्त वा असफल आन्तरिक प्रक्रियाहरू, व्यक्तिहरू र प्रणालीहरू वा बाह्य घटनाहरूबाट उत्पन्न हुने हानीको जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यो परिभाषाले कानुनी जोखिम समावेश गर्दछ तर रणनीतिक र प्रतिष्ठा जोखिम भने समावेश गर्दैन । सामान्यतया रणनीतिक र प्रतिष्ठा जोखिमहरू सञ्चालन जोखिमभित्र परिभाषित नगरिए पनि लामो समयसम्म सञ्चालन जोखिमका घटनाहरूलाई नजरअन्दाज गरिएमा तिनीहरू प्रतिकुल रूपमा प्रभावित भने हुन सक्छन् ।

**चित्र १ : सञ्चालन जोखिमका स्रोतहरू**




चित्र नं. १ मा उल्लेख भएका कारकहरूले सिर्जना गर्ने सञ्चालन जोखिम निम्नानुसार रहेको देखिन्छ ।

क. **व्यक्तिः** मानवीय त्रुटि एवम् भुल, जालसाँजी, हिनामिना एवम् ठगी, चोरी, जर्बजस्ती र अनधिकृत अभ्यास, कार्यस्थल सुरक्षा एवम् भेदभाव, कार्य क्षमतामा ह्रास जस्ता व्यक्ति सम्बद्ध घटनाहरूले सिर्जना हुनसक्ने जोखिम ।

ख. **प्रक्रियाः** अवलम्बन गर्नुपर्ने प्रक्रियामा हेलचेक्र्याइँ, डिजाइन गरिएको प्रक्रियमा खराबी, नियन्त्रणमा अवरोध, स्वचालित प्रक्रियाको अभाव, त्रुटिगत उत्पादन, गलत रिपोर्टिङ्ग जस्ता प्रक्रिया सम्बद्ध घटनाहरूले सिर्जना हुनसक्ने जोखिम ।

ग. **प्रणालीः** प्रणालीको क्षमता, तथ्याङ्क अखण्डतामा अभाव, प्रणालीको सीमितता, तथ्याङ्क एवम् सूचनाको सुरक्षामा सम्झौता, कोडिङ्ग (Coding) वा

डिकोडिङ्ग (Decoding) मा गडबडी, सफ्टवेयरमा समस्या, हार्डवेयरका त्रुटिहरू, सञ्चारमा अपर्याप्तता लगायतका प्रणालीजन्य घटनाहरूले सिर्जना गर्न सक्ने जोखिम ।

घ. **बाहिरी घटना**ः बाह्य तत्वबाट हुने धोकाघडी एवम् जालसाँजी, व्यापारको वातावरणमा आउने परिवर्तन र प्राकृतिक विपत्तिले साधन स्रोत एवम् सम्पत्तिमा हुने क्षति तथा भू-राजनीतिक गतिविधि, महामारी लगायतका घटनाबाट सिर्जना हुन सक्ने जोखिम ।

यसरी हेर्दा व्यक्ति, प्रक्रिया, प्रणाली वा बाह्य घटनाका कारणहरू नै सञ्चालन जोखिम उत्पन्न हुने कारक तत्वहरू हुन जुन तत्वहरू बैंकका हरेक गतिविधि, प्रक्रिया वा प्रणालीमा अन्तर्निहित हुन सक्छन् र अन्ततः यिनीहरू नै सञ्चालन जोखिम व्यवस्थापनका अवयवहरू हुन् ।

सिद्धान्तः बैंकमा सिर्जना हुने सञ्चालन जोखिमका घटनाहरूलाई निम्न वर्गमा समूहकृत गरिएको छ भनी वासेल समितिले दस्तावेज गरेको छ ।

१. **आन्तरिक धोकाघडी**ः भेदभावका घटनाहरूबाहेक ठगी गर्न अभिप्रेरित कार्य, सम्पत्तिको दुरूपयोग, नियमहरूको बेवास्ता वा अवज्ञा जस्ता कार्यहरूमा कम्तीमा संस्था (बैंक) भित्रका एक पक्ष (सञ्चालक/कर्मचारी/अन्य) संलग्न भई घटेका घटनाहरूबाट उत्पन्न हुने जोखिम तथा हानीहरू हुन् ।

२. **बाह्य धोकाघडी**ः सम्पत्तिको दुरूपयोग, नियमहरूको अवज्ञा र ठगीजस्ता घटनाहरूमा तेस्रो पक्षको संलग्नताको कारणले उत्पन्न हुने जोखिम तथा हानीहरू हुन् ।

३. **रोजगार अभ्यास र कार्यस्थल सुरक्षा**ः रोजगारी, स्वास्थ वा सुरक्षा कानुन वा सम्झौताहरूसँग असंगति, व्यक्तिगत चोट, दाबीहरूको भुक्तानी वा कार्यस्थलमा भेदभावका घटनाहरूका कारणले उत्पन्न हुने जोखिम तथा हानीहरू हुन् ।

४. **ग्राहकहरू, उत्पादनहरू र व्यापार अभ्यासहरू**ः अनजान वा लापरबाहीवश ग्राहकहरूका लागि एक व्यावसायिक दायित्व पूरा गर्ने सिलसिलामा भएको असफलता वा सेवा सुविधाको प्रकृति वा डिजाइनको असफलता, अनुचित व्यापार वा बजार अभ्यासका कारण उत्पन्न हुने जोखिम तथा हानीहरू हुन् ।

५. **भौतिक सम्पत्तिको क्षति**ः प्राकृतिक विपद वा अन्य घटनाबाट भौतिक सम्पत्तिमा भएको हानी, आतंकवाद जस्ता कारण हुने मानवीय क्षतिका कारण उत्पन्न हुने जोखिम तथा हानीहरू ।

६. **व्यापार अवरोध र प्रणाली विफलता**ः सञ्चार, इन्धन (बिजुली, ग्याँस) र सफ्टवेयरमा आएको अवरोधका कारण प्रणालीमा उत्पन्न हुने नकारात्मक अवस्था वा व्यापारमा आउने अवरोधका कारण उत्पन्न हुने जोखिम तथा हानीहरू हुन् ।

७. **कार्यान्वयन, वितरण र प्रक्रिया व्यवस्थापन**ः गलत सञ्चार प्रवाह, तोकिएको म्याद वा जिम्मेवारीमा हुन गएका कमी, लेखांकनमा त्रुटि, ग्राहकसँग लिनुपर्ने कागजातमा कमी, अनिवार्य रिपोर्टिङ्को दायित्वमा असफलता लगायतका असफल लेनदेन प्रशोधन वा प्रक्रिया, सेवा प्रदायकसँगको सम्बन्धका कारण उत्पन्न हुने जोखिम तथा हानीहरू हुन् ।

माथि उल्लेखित सञ्चालन जोखिमका कारक र घटनाको वर्गीकरण अनुसार बैंकमा हुन सक्ने सञ्चालन जोखिम घटनाको उदाहरणहरू निम्नअनुसार छन् ।

क. विभिन्न प्रकारका मानवीय वा प्राविधिक त्रुटिहरूबाट उत्पन्न हुने हानीको जोखिम जस्तै भुलवश सिर्जना हुने नगदको अभाव, भौचरहरूको गलत प्रविष्टि, तोकिएभन्दा फरक ब्याजदर वा अवधि वा छुट आदिको प्रविष्टि, प्रणालीमा सेवा वा सुविधहरूको म्यापिङ गर्दा हुन सक्ने त्रुटिहरूलगायत इमेल सम्बद्ध फिसिङ (Phishing) सम्बन्धी जोखिम ।

ख. भुक्तानी गर्ने वा कारोबार निप्टाउने जस्तै चेक क्लियरिङको कार्य वा सफ्टवेयर कारणले सञ्चालन (व्यापार) मा हुने अवरोध, सुषुप्त अवस्थामा रहेका घरजग्गा, बाटोघाटो, सार्वजनिक सम्पत्ति सम्बन्धी प्रावधानहरूको पुनरावृत्तिले निम्त्याउने कानुनी जोखिमसँग सम्बन्धित जोखिमहरू ।

ग. कर्मचारी र बाहिरका व्यक्तिहरूद्वारा गरिने जालसाँजी, धोकाघडी, कर्मचारी र ग्राहकहरूबीच हुने लेनदेन, कर्मचारीहरूले गर्ने अनधिकृत लेनदेन (घुस, मोहलिजा) कम्प्युटर एवम् दूरसञ्चार प्रणालीमा आउने त्रुटि एवम् दुरूपयोगका घटनासम्बन्धी जोखिम ।

घ. गुमेको अवसर वा अप्रत्याशित वित्तीय स्थिति, प्रतिष्ठा वा अन्य क्षतिको सम्भावित जोखिम ।

ङ. बजार, कर्जा तरलता, विदेशी मुद्रा वा वातावरण तथा सामाजिक जोखिमबाहेक दैनिक कारोबार सञ्चालनका क्रममा आउने अन्य जोखिमहरू ।

बैंकहरूका लागि सञ्चालन जोखिमको व्यवस्थापनको कार्य यस कारणले महत्त्वपूर्ण छ कि बैंकहरू विश्वव्यापी वित्तीय अन्तरसम्बन्धको घेराभित्र रही आफ्ना सेवाहरू

प्रदान गर्न उच्चस्तरको स्वचालन प्रविधिको प्रयोग गरिरहेका हुन्छन् ।

सञ्चालन जोखिम व्यवस्थापनको प्रक्रिया समग्र जोखिम व्यवस्थापन वातावरणको परिधिभित्र रहेको हुन्छ जुन सम्बन्धित संस्थाले सदैव आत्मसात गर्नुपर्छ र यो जोखिम संस्कृतिको एक अभिन्न अङ्ग पनि हो । सिद्धान्ततः सञ्चालन जोखिम व्यवस्थापनको एक प्रमुख धारले बैंकहरू तीन तहको रक्षा रेखाहरूमा भर पर्छन् भन्ने मान्यता राख्दछ । व्यावसायिक एकाइहरू जस्तै शाखा कार्यालयहरू एवम् तिनीहरूलाई सहयोग गर्ने कार्यात्मक विभागहरू पहिलो रेखामा, स्वतन्त्र कर्पोरेट सञ्चालन जोखिम व्यवस्थापन कार्य (Corporate Operational Risk Function-CORF) जसअन्तर्गत जोखिम र अनुपालन विभागहरू दोस्रो रेखामा तथा स्वतन्त्र आश्वासन (Independent Assurance) जसअन्तर्गत लेखापरीक्षण एकाइहरू तेस्रो रक्षा रेखामा अवस्थित हुन्छन् । सञ्चालन जोखिम व्यवस्थापन वातावरणअन्तर्गत रहेका चित्र नं. २ मा उल्लेखित प्रक्रियाहरूले बैंकलाई जोखिमका घटनाहरूलाई व्यवस्थापन गरी बैंकको साख एवम् वासलातमा हुने हानीलाई स्वीकारयोग्य तहमा कायम गर्न मद्दत गर्नेछ ।

**चित्र २: सञ्चालन जोखिम व्यवस्थापन वातावरण**




### क. पहिचान एवम् मूल्याङ्कन

बैंकको उद्देश्य बोध भएपछि मात्र जोखिम पहिचानको कार्य सुरू हुन्छ र जोखिमले कुनै पनि त्यस कुरालाई प्रतिनिधित्व गर्दछ जसले बैंकलाई आफ्नो उद्देश्य प्राप्त गर्नमा अवरोध गरेको हुन्छ । जोखिम पहिचान र मूल्याङ्कनका कार्यहरू प्रभावकारी सञ्चालन जोखिम व्यस्थापन प्रणालीका आधारभूत विशेषताहरू हुन् र यिनीहरूले प्रत्यक्ष रूपमा सञ्चालन लचिलोपनाको क्षमताहरूलाई कायम गर्न योगदान गर्दछ । प्रभावकारी जोखिम पहिचानको कार्यले आन्तरिक र बाह्य दुवै कारकहरूलाई विचार गर्दछ । योग्य जोखिम मूल्याङ्कनले बैंकलाई आफ्नो जोखिम प्रोफाइल (Profile) लाई अझ राम्ररी बुझ्न र जोखिम व्यवस्थापन स्रोतहरूलाई रणनीतिलाई प्रभावकारी रूपमा व्यवस्था गर्न मद्दत गर्दछ ।

सम्भाव्यता र प्रभाव जोखिम मूल्याङ्कन नै जोखिम मूल्याङ्कनको व्यवस्थित प्रक्रिया हो भने जानकारीमा रहेको जोखिमहरूको प्राथमिकता सूची तयार हुनु नै जोखिम मूल्याङ्कनको परिणाम हो । तसर्थ बैंकले घटनालाई व्यवस्थापन गर्ने, सञ्चालन जोखिमसम्बद्ध तथ्याङ्कहरूको मापन गर्ने, स्वःमूल्याङ्कन गर्ने, नियन्त्रणको निगरानी र ढुक्कसँग आश्वस्त हुने, तुलनात्मक विश्लेषण तथा स्थापितमानकसँगको तुलना र आन्तरिक लेखापरीक्षण जस्ता संयन्त्रहरू प्रयोग गरेर जोखिम पहिचान र मूल्याङ्कनका कार्यहरू गरिन्छ । सञ्चालन जोखिम मूल्याङ्कनका संयन्त्रहरूको नतिजाहरू सही तथ्याङ्कमा आधारित हुने, बलियो प्रमाणीकरणको जगमा बस्ने र आन्तरिक मूल्य निर्धारण र कार्यसम्पादन मापनको सही आँकलन गरिएको सुनिश्चित गरिएको हुन्छ । साथै सुरक्षाका पहिलो घेरामा रहने व्यावसायिक एकाइहरूले यी मापन गर्ने कार्य गर्दछन् जुन स्वयम्मा परिस्थितिको नजिक रहेर भएको हुन्छ ।

### ख. निगरानी र रिपोर्टिङ

नियन्त्रणका अवयवहरू आ–आफ्नो भूमिकामा रहेमा प्रक्रियाहरूको प्रभावकारिता सुनिश्चित गर्न तिनीहरूको नियमित रूपमा निगरानी तथा समीक्षा गर्नुपर्दछ । बैंकले आफ्ना प्रतिवेदनहरू व्यापक, सटीक, सुसंगत र व्यापारिक एकाइहरू र उत्पादनहरूमा कार्ययोग्य छन् भनी सुनिश्चित गर्नुपर्छ साथै यस अन्तमा सुरक्षाको पहिलो घेराले सञ्चालन जोखिम घटना, नियन्त्रणका कमजोरीहरू, प्रक्रियाका अपर्याप्तताहरू, सञ्चालन जोखिम सहिष्णुतासँग गैरअनुपालन लगायत अवशिष्ट सञ्चालन जोखिममा रिपोर्टिङ्ग गर्ने सुनिश्चित गर्नुपर्नेछ । निर्णय लिन सान्दर्भिक हुने घटना र सर्तहरूबारे जानकारी प्राप्त हुने सञ्चालन जोखिम प्रतिवेदनहरूले आन्तरिक वित्तीय अवस्था सञ्चालन र अनुपालन सूचकहरू साथै बाह्य बजार र वातावरणीय सूचकहरू सम्मिलित बैंकको जोखिम प्रोफाइलको वर्णन गर्नुपर्नेछ । बैंक सञ्चालक समिति र उच्च व्यवस्थापनबाट सक्रिय निगरानी एवम् सञ्चालन जोखिम प्रोफाइलहरू र महत्त्वपूर्ण सञ्चालन उजागरको नियमित अनुगमनकै प्रक्रिया लागु गर्नुपर्दछ ।

### ग. नियन्त्रण र न्यूनीकरण

एक सुदृढ आन्तरिक नियन्त्रण कार्यक्रममा जोखिम व्यवस्थापन प्रक्रियाका अभिन्न अङ्गको रूपमा रहेका

घटकहरू जस्तै जोखिम मूल्याङ्कन, नियन्त्रण, सूचना तथा सञ्चार र अनुगमन समावेश भएका हुन्छन् । सम्पत्तिको रक्षा, विश्वसनीय वित्तीय रिपोर्टहरूको उत्पादन, नीति र नियमहरू पालनाको आश्वासनको डिजाइनसहित बैंक प्रभावकारी रूपमा सञ्चालन हुने गरी आन्तरिक नियन्त्रणको संरचना बन्नु पर्दछ । सिद्धान्ततः बैंकहरूले नीति, प्रक्रिया र प्रयोग गर्ने बलियो नियन्त्रण वातावरण हुनुपर्छ र उपयुक्त प्रणाली, आन्तरिक नियन्त्रण, उपयुक्त न्यूनीकरण वा स्थानान्तरण रणनीतिहरू हुनुपर्नेछ भनी वासेल समितिले तय गरेको छ । एकपटक जोखिम न्यूनीकरणका उपायहरू छनौटको निर्णय गरेपछि त्यसको अर्को चरण भनेको कार्यान्वयन गर्नु हो । प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, बहन गर्न चाहेको जोखिम तथा बैंकलाई ग्राह्य सीमासम्बन्धी व्यवस्थाहरू लागु गर्नुपर्छ ।

बैंकले बलियो सञ्चालन जोखिम व्यवस्थापन ढाँचालाई सहज बनाउन स्रोतहरूको उपलब्धता सुनिश्चित गरेर चयन भएका नियन्त्रणका अवयवहरू लागु गर्नका लागि उपर्युक्त योजना तर्जुमा गरी सञ्चालन जोखिम व्यवस्थापन वातावरणका हरेक अवयवहरूको माध्यमले जोखिम व्यवस्थापन सहज बनाउन सक्छ । बैंकहरूले पहिचान भई मूल्यांकित भइसकेका जोखिमहरूलाई कि त स्वीकार गरेर वा हस्तान्तरण अथवा साझेदारी गरेर वा नियन्त्रण अथवा न्यूनीकरण गरेर वा अन्ततः बेवास्ता गरेर जोखिमको उपचारात्मक व्यवस्थापन गर्ने गर्दछन् ।

समग्र बैंकिङ्ग क्षेत्रमा सञ्चालनतर्फ एकपछि अर्को ठूला-ठूला जोखिमका घटनाहरू घटी सञ्चालन जोखिमको मात्रा बढ्दै गइरहेको छ । व्यापार एवम् सेवाका फराकिलो दायरा, विद्युतीय माध्यमको बढ्दो कारोबार, सूचना प्रविधिको नयाँ नयाँ प्रयोगसँगसँगै आन्तरिक वा बाह्य तत्वहरूबाट अनुमान गर्न नसकिने सञ्चालन जोखिमका घटनाहरू पनि सिर्जना भइरहेका छन् । दक्ष जनशक्ति, प्रष्ट एवम् सरल सञ्चालनका प्रक्रिया, बलियो प्रणाली, नियन्त्रणका कसिलो प्रयास, नियामक निकायको निरन्तर खबरदारीका बाबजुद पनि सञ्चालन जोखिम भने बढोत्तरी भइरहेका देखिन्छन् । सञ्चालन जोखिमसम्बद्ध घटना कहिले, कसरी र कस्तो तीव्रतामा हुन्छन् भनेर मूल्याङ्कन गर्न गाह्रो हुन्छ । सञ्चालन जोखिमबाट हुने नोक्सानीले बैंकको पुँजीलाई यस्तो परिमाण र तीब्रताका साथ घटाउन सक्छ कि जसले सम्बन्धित संस्था (बैंक) लाई त्यस अवस्थाबाट उम्कन कुनै पनि ठाउँ नै बाँकी नछोड्न पनि सक्छ र जसको परिणाम संस्थाको वित्तीय स्थितिलाई भताभुङ्ग बनाई पतनको स्थितिमा समेत पुऱ्याउन सक्छ ।

कतिपय अवस्थामा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा आइपर्ने अपर्याप्तता वा व्यवधानले व्यवसाय विस्तारको रणनीतिलाई सफल पार्ने गरी विकेन्द्रीकृत गरिएको निर्णय लिने प्रक्रियाको दुरूपयोग भई आन्तरिक ठगी एवम् जालसाँजीको घटनाहरू समेत उजागर हुन सक्छन् । तसर्थ सञ्चालन जोखिम र यसको नियन्त्रणको बारेमा स्पष्ट बुझाई व्यवस्थापनका लागि सधैं चुनौतीको रूपमा रहेको छ ।

वर्तमान समयमा बैंकिङ्ग क्षेत्रमा प्रमुख रूपमा देहायका विषय एवम् गतिविधिहरूमार्फत हानी भई सञ्चालन जोखिम सिर्जना भएको देखिन्छ ।

क. सूचना प्रविधिमा अवरोध
ख. तथ्याङ्क सुरक्षामा सम्झौता
ग. चोरी एवम् जालसाँजी
घ. तेस्रो पक्ष सिर्जित जोखिम
ङ आचरण जोखिम
च. नियामक जोखिम
छ. संगठनात्मक परिवर्तन
ज. भू-राजनैतिक जोखिम
झ. कर्मचारी कल्याण

विगत केही वर्षदेखि सञ्चालन जोखिमका घटनाहरू घटित हुने तीव्रता हेर्दा बैंकिङ्ग क्षेत्रमा सूचना प्रविधिमा आक्रमण, तथ्याङ्क सुरक्षामा सम्झौता तथा आन्तरिक एवम् बाह्य स्रोतबाट सिर्जना हुने चोरी तथा जालसाँजीको घटनाबाट सञ्चालन जोखिम बढी सिर्जना भएको देखिन्छ र यस्ता सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्थालाई चुनौती देखिएको छ । सञ्चालन जोखिम न्यूनीकरण व्यवसाय सञ्चालनको एक आवश्यक अवयव हो । प्रायः संस्थाहरूले सञ्चालन जोखिम मूल्याङ्कनमा विशेष ध्यान केन्द्रित गर्न विशेषज्ञहरूको सहयोग लिने एवम् सल्लाहकारहरू समेत नियुक्त गरेका हुन्छन् ।

सञ्चालन जोखिम व्यवस्थापको प्रक्रिया समग्र जोखिम व्यवस्थापन वातावरणको परिधिभित्र रहेको हुन्छ जुन सम्बन्धित संस्थाले सदैव आत्मसात गर्नुपर्छ र यो जोखिम संस्कृतिको एक अभिन्न अङ्ग पनि हो । सुदृढ जोखिम व्यवस्थापन संरचना तयार गरी बैंकले सामना गर्नुपर्ने जोखिमको पहिचान, मापन, अनुगमन, व्यस्थापन, नियन्त्रण र रिपोर्टिङ्गका कार्यहरू गर्नेछ । सञ्चालक समितिले बैंकको कारोबारमा जोखिम वा जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिन आफ्नो नीति र रणनीतिअनुरूप सञ्चालन कारोबार होसियारीपूर्वक सञ्चालन गर्न आन्तरिक नियन्त्रण प्रणाली एवम् जोखिम व्यवस्थापनको मापदण्ड तयार गरी लागु गर्नेछ । बैंकमा जोखिम व्यवस्थापन कार्यको नेतृत्व जोखिम व्यवस्थापन समितिले गर्नेछ, जुन समिति गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा गठन हुन्छ । यसरी हेर्दा बैंकमा सञ्चालन

जोखिम व्यवस्थापनको मुख्य दायित्व सञ्चालक समितिमा नै रहेको हुन्छ ।

सञ्चालक समितिको सक्रिय निगरानी, नीति एवम् प्रक्रियागत विषयको पर्याप्तता, प्रभावकारी जोखिम व्यवस्थापन कार्य, उपयुक्त व्यवस्थापन सूचना प्रणाली, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली एवम् सीमा जस्ता विषयहरू समावेश गरी जोखिम व्यवस्थापन संरचना कायम गर्नुपर्नेछ ।

सञ्चालन जोखिमबाट सृजित घटनाहरूबाट हुन सक्ने हानीलाई व्यवस्थापन गर्न बैंकले देहाय बमोजिमका निराकरणका विभिन्न उपायहरू अवलम्बन गर्नुपर्दछ ।

१. सञ्चालक समिति, उच्च व्यवस्थापन एवम् आम कर्मचारीहरू माझ जोखिम संस्कृतिलाई सर्वस्वीकार्य बनाउनु पर्नेछ ।

२. बैंक सञ्चालनार्थ स्पष्ट नीति, कार्यविधि एवम् मार्गदर्शनहरू तर्जुमा गरी प्रभावकारी रूपमा लागु गर्नुपर्दछ ।

३. बैंकसँग नीति, प्रक्रिया र प्रणालीहरूको उपयोगका लागि बलियो नियन्त्रणको वातावरण अन्तर्गत उपयुक्त आन्तरिक नियन्त्रण र जोखिम न्यूनीकरण वा स्थानान्तरण रणनीतिहरू हुनुपर्दछ ।

४. बैंकको हरेक सेवा सुविधा एवम् गतिविधिहरूको सञ्चालन बैंकले तय गरेको स्टान्डर्ड अपरेटिङ प्रोसिड्युर तथा तोकिएको कार्यप्रवाह बमोजिम हुनुपर्दछ ।

५. **सञ्चालन जोखिम व्यवस्थापन प्रणालीको अवलम्बनः** जोखिमसम्बद्ध घटनाहरूलाई प्रणालीमा दर्ज गरी जोखिमको तथ्याङ्क बनाउन बैंकले सञ्चालन जोखिम व्यवस्थापन प्रणाली लागु गर्नुपर्दछ । यसअन्तर्गत जोखिम तथा नियन्त्रणका अवयवहरूको स्वः मूल्याङ्कन, आन्तरिक हानीका घटनाहरूको अभिलेखीकरण तथा प्रमुख जोखिम सूचकांक प्रयोग गर्ने गर्दछ ।

६. जोखिमलाई स्वीकारयोग्य बनाउन देहाय अनुसारका सूक्ष्म अवयवहरूको सक्रियता जरुरी देखिन्छ ।
   क. कार्यको पहिचान तथा विभाजन
   ख. मेकर तथा चेकरको व्यवस्था
   ग. उपयुक्त कर्मचारीको चयन
   घ. स्वचालित कार्यप्रवाह
   ङ. कार्य विभाजन
   च. अपवादहरूको मन्थन
   छ. प्रदर्शन र अपवादहरूको मापन
   ज. निरन्तर प्रक्रिया अपनाउने

७. बैंकले निम्न दृष्टिकोणहरू अपनाएर सञ्चालन जोखिम व्यवस्थापनलाई कम गर्नुपर्नेछ ।
   क. प्रक्रियामा जटिलताहरू कम गर्ने
   ख. संगठनात्मक नैतिकतालाई सुदृढ गर्ने
   ग. प्रमुख सम्पादन सूचकमार्फत नियमित अनुगमन तथा मूल्यांकन
   घ. अवाधिक जोखिम मूल्याङ्कन
   ङ. विगतबाट सिक्ने
   च. साधन र स्रोतको दुरूपयोग रोक्ने
   छ. कर्मचारीलाई सिपालु बनाउने
   ज. अद्यावधिक पार्श्व योजना

८. अक्षुण्ण (Intact) व्यापार निरन्तरता योजना

९. **सेवा प्रयोगकर्ता एवम् कर्मचारीहरूलाई पूर्व सचेतना गराउने**

समग्रमा आन्तरिक प्रक्रिया, व्यक्ति र प्रणालीहरूमा असक्षमता वा अपर्याप्तता वा विघटनका कारण बैंकिङ्ग व्यवसाय सञ्चालनमा असफलता हुनु नै सञ्चालन जोखिम हो । विशेषतः मानवीय त्रुटि एवम् बाह्य घटनाहरू नै सञ्चालन जोखिमका परिचित स्रोतहरू हुन् र यदि सञ्चालन जोखिम वस्तुगत हुन्छ भने त्यसले समग्र बैंकिङ्ग व्यवसायलाई क्षति पुऱ्याउन सक्छ । तसर्थ बैंकमा सञ्चालन जोखिम व्यवस्थापन भन्नाले जोखिमहरूको मूल्याङ्कन गर्ने र सान्दर्भिक नियन्त्रणहरू लागु गर्ने निरन्तर प्रक्रिया हो जसले जोखिमहरूलाई स्वीकार गर्ने, न्यूनीकरण गर्ने, हस्तान्तरण गर्ने वा बेवास्ता गर्ने कार्यको नेतृत्व गर्दछ । जोखिम निराकरणका लागि बैंकले नीति, कार्यविधि र अन्य मार्गदर्शनहरू तय गरी लागु गर्ने, जोखिम संस्कृतिको प्रवर्द्धन गर्ने, सञ्चालक समिति र उच्च व्यवस्थापनको सक्रिय निगरानी रहने, जवाफदेहिता एवम् पारदर्शिता कायम गर्ने एवम् व्यापार निरन्तरता योजनालाई अद्यावधिक गर्ने कार्यहरू गर्नुपर्दछ । ■■

*लेखक कृषि विकास बैंक लि. का वरिष्ठ शाखा प्रमुख हुनुहुन्छ ।*

## सन्दर्भ सामग्रीहरू


१. Revisions to the Principles for the Sound Management of Operational Risk: Basel Committee on Banking Supervisions ,2021

२. नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८, निर्देशन नं. ५

३. Risk Management Guidelines For Banks and Financial Institutions: Nepal Rastra Bank, 2018

४. Principles of Operational Risk Management and Measurement: CRO Forum, 2014

# कम्पनीको दर्ता तथा सञ्चालन



दिपक खतिवडा

## पृष्ठभूमि

कम्पनी कानुनको इतिहासलाई अध्ययन गर्दा बेलायतबाट सुरु भएको औद्योगिक क्रान्तीको सुरूआती चरणमा व्यापार, व्यवसाय र उद्योग सञ्चालन गर्न राष्ट्रको तर्फबाट ऐन कानुनको आवश्यकता भई कम्पनी ऐनको प्रादुर्भाव भएको पाइन्छ ।

नेपालमा कम्पनी कानुनको विकासको इतिहासलाई सिंहावलोकन गर्दा वि.सं. १८८२ मा उद्योग परिषद्को स्थापना भए पश्चात वि.सं. १९९० को दशकमा विकासप्रेमी श्री ३ जुद्व शमशेरले बेलायतको औद्योगिक विकास सम्बन्धमा बुझ्न सरदार विजय शमशेर र गुञ्जमान सिंहलाई बेलायत पठाई त्यहाँको औद्योगिक विकासबाट प्रभावित भई औद्योगिक विकासका लागि आवश्यक आफ्नै मुलुकमा उद्योग, कम्पनी स्थापना गर्ने र सञ्चालन गर्ने त्यति बेलासम्म कुनै कानुनी व्यवस्था नभएको हुँदा मुलुकमै पहिलो पटक कम्पनी स्थापना गर्न चाहिने "कम्पनी कानुन १९९३" बनाई नेपालमा कम्पनी खोल्न अनुमति दिइयो । त्यसैगरी सिप सिकाउन "घरेलु इलम प्रसार अड्डा" को स्थापनापश्चात आर्थिक लगानीबिना उद्योगधन्दाको सञ्चालन गर्न सम्भव नभएकोले मुलुक मै पहिलो पटक वि.सं. १९९४ कार्तिक ३० गतेका दिन नेपाल बैंक लिमिटेडको स्थापना भयो । वि.सं. १९९३ सालमा नेपालमै पहिलो पटक नेपाल सरकारको सहयोगमा रामलाल गोल्छाको सक्रियता र लगानीमा विराटनगर जुट मिलको स्थापना भयो ।

नेपालमा वि.सं.२००० साल चैत्र २७ गते "प्राइभेट कम्पनी कानुन" जारी भयो भने वि.सं.२००७ साल भदौ ३० गते नेपाल कम्पनी कानुन जारी भयो । नेपालमा भएको तीव्र राजनितिक घटनाको विकास क्रमसँगै कम्पनी, उद्योग र व्यवसाय दर्ता गर्ने क्रम बढ्दै गयो जसको फलस्वरूप वि.सं. २०२१ मा " कम्पनी ऐन २०२१" कार्यान्वयनमा आयो ।

करिब तिस वर्षको पञ्चायती शासनकाल र २०४७ को राजनैतिक परिवर्तनपश्चात विश्व नै औद्योगिकीकरण, निजीकरण र विश्वब्यापीकरणमा प्रवेश गरिसकेको सन्दर्भमा कम्पनी कानुन समयानुकुल बनाउन र साबिकमा हुँदै आएको कम्पनी, उद्योग र व्यवसाय दर्ता सम्बन्धी कार्यहरू विभिन्न ऐन अन्तर्गत र विभिन्न निकाय अन्तर्गत जस्तै : उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग, जिल्ला प्रशासन कार्यालय, नगरपालिका, गाविस जस्ता विभिन्न निकायबाट कम्पनी, उद्योग र व्यवसाय दर्ता हुँदा नियमन तथा प्रशासन कार्यमा विविधता र जटिलता पैदा हुन गई दैनिक कामकारबाहीमा नै अन्यौल सिर्जना भएको, एक आपसमा नमिल्दो खालको अवस्था रहेको र कतिपय प्रशासनिक कार्यमा दोहोरोपना भएकोले जनतालाई संस्थागत सुशासनको प्रत्याभुत गराउन नसकिएकोले साबिकमा भएको कमीकमजोरीलाई हटाई सञ्चालनमा रहेका सबै कम्पनीहरूलाई एकै ऐनबाटै सम्बोधन गरी कम्पनी दर्ता गर्ने, दर्ता भएका कम्पनीहरूको संस्थापना, सञ्चालन एवम् नियमन नियन्त्रण जस्ता प्रशासनिक कार्यहरू सञ्चालन गर्ने, आर्थिक उदारीकरणलाई सम्बोधन गर्ने र सरकारको कम्पनी सम्बन्धी कार्यलाई थप सहज, पारदर्शी र संस्थागत सुशासन कायम गर्ने उद्देश्य लिई "कम्पनी ऐन २०५३" जारी भई २०५३ फागुन २२ गतेबाट लागु भएको थियो । वि.सं. २०४९ सालमै कम्पनी सम्बन्धी ऐनलाई कार्यान्वयन गर्ने संस्थाको रूपमा कम्पनी रजिष्ट्रार कार्यालयको स्थापना भइसकेको हुँदा यस कार्यालयबाट एकीकृत सेवा दिन थालियो । त्यसको करिब १० वर्षपछि विभिन्न कानुन र समायानुकुल बनाउन "कम्पनी ऐन २०६३" जारी भई लागु भएकोमा देशमा भएको राजनैतिक परिवर्तनले नयाँ संविधान २०७२ जारी भई लागु भएको अवस्थामा संविधान अनुकुल कम्पनी कानुन समायोजन हुने गरी २०७४ मा "कम्पनी ऐन २०७४" जारी भई २०७५ मा पहिलो संशोधन समेत भइसकेको अवस्था छ । उक्त

कम्पनी कानुन कार्यान्वयन गर्न सहज होस् भनेर कम्पनी निर्देशिका (द्रोश्रो संशोधन) २०७८ जारी भई लागु भएको विद्यमान अवस्था छ ।

## विषयवस्तु प्रवेश

कम्पनी कानुन ज्यादै विस्तृत विषयवस्तु समेट्ने विषय भएको हुंदा प्रस्तुत लेखमा प्राकृतिक र कानुनी व्यक्ति, प्राइभेट, पब्लिक र मुनाफा वितरण नगर्ने कम्पनीको स्थापना, दर्ता र सञ्चालन सम्बन्धमा मुख्य मुख्य विषयमा व्यावहारिक जानकारी दिने प्रयास गरिएको छ ।

व्यापार, उद्योग, व्यवसाय सम्बन्धी ऐन नियमले अधिकार, कर्तव्य उत्तरदायित्व जवाफदेहिता र कानुनी उपचारको व्यवस्था गरेको हुन्छ । जसले व्यापार, उद्योग, व्यवसाय सम्बन्धी विविध पक्षहरूलाई समेटिएको सबै कानुनलाई वाणिज्य कानुन भनिन्छ ।

कुनै पनि काम, उद्यम गर्न धेरै व्यक्तिहरू र धेरै पैसाको आवश्यकता पर्छ । त्यही उद्यम गर्न चाहने, उद्योग व्यवसाय खोल्न चाहने धेरै व्यक्तिहरूलाई आफ्नो लगानी गर्ने पुँजीको सुरक्षा गर्न र व्यवस्थित तरीकाले उद्योग सञ्चालन गर्न राष्ट्रिय रूपमा बनाइने नीतिअन्तर्गत नै कम्पनी ऐनमार्फत राष्ट्रले पुँजी लगानी गर्न चाहने पक्षहरूको शेयरहोल्डर, कम्पनी सञ्चालक, व्यस्थापन गर्न नीति नियम पद्धति विकास गर्न कम्पनी ऐनको प्रादुर्भाव भई हाल सबै देशमा अन्तर्राष्ट्रिय अभ्यास, अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अनुकुल हुने गरी राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने गरी कम्पनी कानुनको निर्माण गरी लागु गरिएको पाइन्छ ।

कम्पनीको परिभाषाः विभिन्न कानुनी परिभाषाहरू अध्ययन गर्दा विस्तृत रूपमा कम्पनीको विशेषता समेटेको परिभाषाको रूपमा उल्लेख गर्न सकिन्छ ।

Salmon v Salmon and Company ltd का अनुसार A company is a legal peron,or legal entity seprate from and capable of surviving beyond the lives of its members, capable of rihts and duties of its own and endowed with the potentioal of perpetual uccession.

Blacks Law Dictionary का अनुसार company is a society an association of person in cosiderable number for the prosecution usually of some commercial or industrial under taking or the legitimate business.

प्राकृतिक र कानुनी व्यक्तित्व (व्यक्ति) को सम्बन्धमा मुलुकी देवानी संहिता २०७४ को भाग २ मा व्यक्ति सम्बन्धी व्यवस्थामा व्यक्तिलाई प्राकृतिक र कानुनी व्यक्ति भनी वर्गीकरण गरेको पाइन्छ । वाणिज्य कानुन बुझ्न प्राकृतिक र कानुनी व्यक्तित्व (व्यक्ति) बुझ्नु पर्छ ।

### १. प्राकृतिक व्यक्ति (Natural Person)

भौतिक शरीर भएको प्राकृतिक रूपमा हिँडडुल गर्न, सास फेर्न विभिन्न आफ्नो अधिकारको उपभोग गर्न, कर्तब्यको पालना गरी आफ्नो उत्तरदायित्व बहन गर्न सक्ने जीवित व्यक्तिलाई प्राकृतिक व्यक्ति भनिन्छ ।

### १.१ प्राकृतिक व्यक्तिको प्रकार

क) सक्षम प्राकृतिक व्यक्ति (१८ वर्ष पूरा भएको सक्षम व्यक्ति)

ख) असक्षम प्राकृतिक व्यक्ति (१० वर्षभन्दा कम उमेरको बालबालिकाहरू र होस ठेगानामा नभएको व्यक्तिहरू)

ग) अर्धसक्षम प्राकृतिक व्यक्ति (१० वर्ष पूरा भई १८ वर्ष पूरा नभएको उमेर समूहका व्यक्तिहरू)

### २. कानुनी व्यक्ति Legal Person

प्राकृतिक व्यक्ति वा व्यक्तिहरूले निश्चित कानुनी प्रक्रिया पूरा गरी कानुनले प्रदान गरेको हक अधिकार प्रयोग गर्न सक्ने, लाभान्वित हुने, तत् व्यक्तिले के गर्नुहुन्छ र के गर्नु हुँदैन, के गर्नुपर्छ पर्दैन भनेर कानुन अनुसार नै स्थापित हुने संस्थालाई कानुनी व्यक्ति भनिन्छ । यसरी हेर्दा कानुनी व्यक्ति कानुनको परिकल्पना हो । कानुनमा नै तोकेको ग्रुप संस्था कानुनी व्यक्ति हुने भनेर तोकेको छ भने मात्र कानुनी व्यक्तित्व प्राप्त हुन्छ ।

### उदाहरणः

कम्पनी कानुनी व्यक्ति हो किनकि कम्पनी ऐनबाट उक्त कम्पनीको सिर्जना भएको हुन्छ । अविच्छिन्न उत्तराधिकार भएका ट्रस्ट, NGO, INGO गुठी आदिलाई कानुनले नै कानुनी व्यक्ति भनी उल्लेख गरेको सबै संस्थाहरू नै कानुनी व्यक्ति हुन् । कानुनी व्यक्तिको छुट्टै कानुनी हैसियत, आफ्नै छाप, कानुनी अधिकार प्राप्त हुन्छ ।

२.१. मुलुकी देवानी संहिता २०७४ मा भएको मुख्य व्यवस्थाहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- कानुनी व्यक्तिको आफ्नो छुट्टै छाप हुनेछ ।
- कानुनी हक अधिकार हुनेछ ।
- काम गर्न नियमानुसार स्वतन्त्र हुन्छन् ।

- अविच्छिन्न उत्तराधिकारी संगठित संस्था हुनेछ ।
- मुद्दा दायर गर्न सक्ने र प्रतिवाद गर्न सक्ने हुन्छन् ।
- सीमित दायित्व बहन गर्न सक्दछन् ।
- प्राप्त हक अधिकार हस्तान्तरण गर्न सक्दछन् ।
- प्राकृतिक व्यक्तिले झै आफ्नो छाप मार्फत सम्पत्ति किन्न, बेच्न, उपभोग, भाडामा दिन वा लिन सक्दछन् ।
- कानुनी व्यक्तिको स्थापना प्रचलित विद्यमान ऐन कानुन अनुसार स्थापना र मृत्यु (खारेजी) प्राकृतिक व्यक्तिद्वारा गरिन्छ ।

### २.२ कानुनी व्यक्तित्वको सीमितता/विशेषता/अवधारणा

१) अविच्छिन्न उत्तराधिकार (Perpetual Succsion)

संस्थाको अस्तित्व र आयु संस्थाको स्थापना गर्ने व्यक्तिको जीवनसँग सम्बन्धित रहँदैन । कानुनी व्यक्तिको जीवन निरन्तर अविच्छिन्न उत्तराधिकारी संगठित संस्थाको रूपमा चलिरहन्छ । कम्पनीको सिर्जना भैसकेपछि प्राकृतिक व्यक्तिभन्दा अलग अस्तित्व भएको कानुनी व्यक्ति जन्मन्छ ।कानुनद्वारा जन्म भएको कानुनी व्यक्तित्व कानुनी प्रक्रियाद्वारा नै खारेज नगरे सम्म त्यस्तो संस्थाको कानुनी व्यक्तित्व अन्त्य हुँदैन ।

#### कम्पनी खारेजी हुने प्रक्रिया (Company Liquidation)

- स्वेच्छिक (Voluntary)
- दामासाही (Insolvancy)

२) कम्पनीले आफ्नो नाममा चल अचल सम्पत्ति, शेयर, ट्रेडमार्क, पेटेन्ट डिजाइनलगायत मूर्त अमूर्त सम्पत्ति किन्न, निर्माण गर्न, प्रयोग गर्न, भाडामा लगाउन, भाडामा लिन र बिक्री गर्नसक्ने अधिकार प्राप्त गर्छ । सम्पत्ति सम्बन्धमा उल्लेख गरिएको विषयमा प्राकृतिक र कानुनी व्यक्तिसँग संयुक्त वा छुट्टाछुट्टै सम्झौता गर्न सक्छ ।

३) आफूले मुद्दा गर्न र आफूविरूद्व मुद्दा खेप्न सक्ने

४) सीमित दायित्व

सिद्वान्त अनुसार भन्ने हो भने एक व्यक्तिको दायित्व र अधिकार अर्को व्यक्तिमा सार्न सकिँदैन । सबै संगठनमा सीमित दायित्व नहुन पनि सक्छ। संगठित संस्था ,कम्पनी र शेयर सदस्यको दायित्व आफूले लिएको शेयर रकम सम्म मात्र हुन्छ ।

कुनै पनि संस्थाको कानुनी कागजातमा कानुनी व्यक्ति भनेर उल्लेख नगरे पनि माथिका चार वटा विषेशताहरू विद्यमान छन भने कानुनी व्यक्तित्व भएको कम्पनी हो भनी बुझ्नु पर्छ ।

### २.४ कम्पनीको प्रकारहरू

#### परम्परागत कम्पनीको प्रकारहरू

१) चार्टड कम्पनी
२) संस्थान
३) रजिष्ट्रर भएको कम्पनी
४) रजिष्ट्रर नभएको कम्पनी

अध्ययनका लागि नेपालमा हाल विद्यमान कम्पनी ऐन २०६३ मा नेपालको संविधानअनुकुल बनाउन र आर्थिक उदारीकरण लाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गराउन समयसापेक्ष सुधार गरी कार्यान्वयनमा आएको कम्पनी ऐन २०७४ लाई आधार मान्दा कम्पनीको विभाजन निम्नानुसार गर्न सकिन्छ ।

१) प्राइभेट कम्पनी
२) पब्लिक कम्पनी
३) मुख्य कम्पनी
४) सहायक कम्पनी
५) बिदेशी कम्पनी
६) सूचिकृत कम्पनी
७) मुनाफा वितरण नगर्ने कम्पनी

माथि उल्लेखित ७ वटा कम्पनी मध्ये यहाँ प्राइभेट कम्पनी, पब्लिक कम्पनी र मुनाफा वितरण नगर्ने कम्पनीको वारेमा चर्चा गरिएको छ ।

मुनाफाको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्तिले एक्लै वा अरूसँग समूह बनाई प्रबन्धपत्रमा उल्लेख भए बमोजिम एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिको लागि दायित्व सीमित गरी ऐनबमोजिम संस्थापना गरिएको कानुनी व्यक्ति नै कम्पनी हो । हालको कम्पनी ऐन २०७४ ले मुनाफा वितरण नगर्ने कम्पनी लाई पनि संस्थापना गर्ने बाटो खुल्ला गरेको छ । यो अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित तथा संगठित संस्था हुनेछ ।

### २.५ प्राइभेट र पब्लिक कम्पनीको दर्ता र सञ्चालन

#### क. प्राइभेट कम्पनी

मुनाफाको उद्देश्य लिई व्यवसाय गर्न चाहने एक्लै वा धेरै जना मिली प्रबन्धपत्रमा उल्लेख भए बमोजिमको उद्देश्य प्राप्तिको लागि कम्पनी ऐन बमोजिम प्राइभेट कम्पनी भनी संस्थापना गरिन्छ । आफ्नो धितोपत्र खुला रूपमा बिक्री वितरण गर्न र कुनै किसिमले हक छाडी

दिन नपाउने कम्पनी लाई प्राइभेट कम्पनी भनिन्छ । प्राइभेट कम्पनी दर्ता गर्न कम्तीमा १ जना र बढीमा १०१ जना संस्थापक भई दर्ता गर्न सकिन्छ । यसको पुँजी जति पनि हुन सक्छ । यसमा व्यक्ति तथा सरकारको लगानी हुन सक्छ । यस्ता कम्पनीले अनिवार्य रूपमा आफ्नो नामको पछाडि प्रा.लि. लेख्नुपर्छ । सीमित सदस्यले सीमित काम गर्न Closed Group बनाई काम गर्ने भएको हुँदा धेरै पब्लिक कम्पनीको जस्तो Rules and Regulation Follow गर्नुपर्दैन । जस्तोः साधारणसभा र विशेष साधारण सभा गर्नुपदैन,सञ्चालक समिति साधारण सभाबाट बनाउनु पर्दैन यी जस्ता विविध कुराहरूमार्फत काम गर्न सहजीकरण गरिएको हुन्छ ।

### प्राइभेट कम्पनी दर्ता गर्ने पक्रिया

नेपाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको कम्पनी रजिष्ट्रारको कार्यालयमा भौतिक रूपमा नगई कम्पनी रजिष्ट्रारको कार्यालयको www.ocr.gov.np वेभसाइटमा लगइन गरी आफूले खोल्न चाहेको कम्पनीको प्रस्तावित नाम पठाउने उक्त नाम Accept नभएमा पुनः अर्को नाम पठाई Conformation Letter आएपछि निम्न कागजातहरूको Softcopy mail मार्फत कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्छ ।

क) कम्पनी दर्ताको निबेदन

ख) प्रस्तावित कम्पनीको प्रबन्धपत्र,नियमावली

ग) शेयरहोल्डरको बिचमा कुनै सम्झौता भए त्यसको प्रतिलिपि

घ) विदेशीलाई नेपालमा लगानी गर्ने अनुमतिपत्रको प्रतिलिपि

माथिको कागजात चेकजाँच गरी अन्य निकायबाट समेत स्वीकृति लिनुपर्ने भए त्यो समेत लिई कम्पनी रजिष्ट्रारको कार्यालयले स्वीकृत गरी मेलमा प्राप्त हुन्छ । त्यसपछि नियमानुसार पुँजीको आधारमा ऐन बमोजिम राजस्व बुझाई प्रबन्धपत्र र नियमावली र प्रमाणपत्रमा सहीछाप गरेर प्राप्त भएपछि दर्ता प्रक्रिया सकिन्छ ।

### सबै प्रकारका कम्पनी दर्ता गर्दा अपनाउने चरणहरू :

१) न्यूनतम आवश्यक कुराहरू

२) आवश्यक कागजातहरू

३) नामको आवेदन गरी स्वीकृत भएपछि दफा ३ वमोजिमको कागजातहरू अनलाइन मार्फत अपलोड गर्ने

४) ७ दिनभित्र प्रमाणपत्र प्राप्त

५) कम्पनीले नियमानुसार पूरा गर्नुपर्ने बाध्यकारी कुराहरू क्रमश पूरा गर्दै जाने

### ख. पब्लिक कम्पनी

उद्योग व्यापार व्यवसाय गर्न चाहने कम्तीमा ७ जनार बढीमा जति पनि व्यक्तिहरू मिलि न्यूनतम रू. १ करोड पुँजीमा व्यक्ति वा सरकार वा दुवैले ऐन बमोजिम संस्थापना गरेको प्राइभेट कम्पनी बाहेकको सर्वसाधारण व्यक्तिलाई शेयर बिक्री वितरण गर्न पाउने गरी संस्थापना भएको कम्पनीलाई पब्लिक कम्पनी भनिन्छ । पब्लिक कम्पनीहरूले आफ्नो नामको पछाडि लिमिटेड अनिवार्य रूपमा लेख्नुपर्छ । केही कम्पनी स्थापना गर्दा कम्पनी ऐनले नै पब्लिक कम्पनीमै दर्ता हुनुपर्छ भनेर उल्लेख गरेको विद्यमान अवस्था छ । जस्तैः बैकिङ कारोबार गर्ने सस्था, वित्तीय कारोबार, बीमा व्यवसाय, धितो बजार सम्बन्धी कारोबार, सामूहिक बचतकोष सञ्चालन गर्न, ५ करोडभन्दा बढी चुक्ता पुँजी भएको दूरसञ्चार सेवा प्रदायक कम्पनी ।

### पब्लिक कम्पनी दर्ता गर्ने प्रक्रिया

नेपाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको कम्पनी रजिष्ट्रारको कार्यालयमा भौतिक रूपमा नगई कम्पनी रजिष्ट्रारको कार्यालयको www.ocr.gov.np वेभसाइटमा लगइन गरी आफूले खोल्न चाहेको कम्पनीको प्रस्तावित नाम पठाउने उक्त नाम Accept नभएमा पुन अर्को नाम पठाई Conformation Letter आएपछि निम्न कागजातहरूको Softcopy mail मार्फत कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्छ ।

क) कम्पनीको दर्ता निवेदन

ख) प्रस्तावित कम्पनीको संस्थापकहरू विच कुनै सम्झौता भएमा त्यसको प्रतिलिपि

ग) विदेशी नागरिक भएमा पासर्पोटको प्रतिलिपि

घ) विदेशी नागरिक वा संस्थाले नेपालमा लगानी गर्न उसको देशको सम्वन्धित निकायबाट नेपालमा लगानी गर्न पाएको अनुमतिपत्र त्यस्तै नेपालमा लगानी गर्न पाउने नेपाल सरकारको निकायहरूबाट उपलब्ध गराइएको इजाजतको अनुमतिपत्र, स्वीकृतपत्र, नियमानुसार दर्ता शुल्क तिरेको रसिदको softcopy कम्पनी रजिष्ट्रारको कार्यालयको www.ocr.

gov,np वेभसाइटमा Upload गर्नुपर्छ । त्यसपछि कार्यालयबाट कम्पनी दर्ता हुने जानकारी ७ दिनभित्र प्राप्त हुन्छ भने नियमानुसार नहुने भए ग्राहकलाई जानकारी दिन्छ ।

ङ) अन्य ऐन कानुनले तोकेको थप आवश्यक कागजातहरू पेश गर्नुपर्छ ।

### पब्लिक कम्पनी सम्बन्धी अन्य महत्वपूर्ण जानकारीहरू

- कम्पनी ऐन अनुसार कम्पनी दर्ता भएपछि कम्पनीको हरेक गतिविधि नियमित रूपमा कार्यालयलाई हरेक मुख्य मुख्य काम कारवाहिको विवरणहरू बुझाउनु पर्छ । प्रत्येक आ.व. समाप्त भएको मितिले ३ महिनाभित्र कम्पनीको सर्म्पुण आम्दानी खर्चको लेखापरीक्षण गराई आन्तरीक राजश्व कार्यालयमा बुझाउनु पर्छ ।
- कम्पनी ऐनमा तोकेको समायवधिभित्र विवरणहरू पेश नगरेमा पहिला ३ महिना, दोस्रो ३ महिना र प्रत्येक आ.व.को लेखा परीक्षण पेश नगरेवापत जरिवाना तिर्नुपर्छ ।
- नयाँ दर्ता भएको कम्पनीले दर्ता भएको कम्पनीले दर्ता भएको ३ महिनाभित्र कार्यालय स्थापना भएको ठेगाना जानकारी गराई कबुल गरेको शेयर रकम दाखिल भएपछि शेयर बाँडफाँड गरी १ महिनाभित्र शेयर लगत पेश गरी सञ्चालक समिति गठन गर्नुपर्छ ।
- आवश्यकता अनुसार पब्लिक कम्पनीले शेयर/डिवेन्चर खुला रूपमा बिक्री गर्न सक्छ ।
- पब्लिक कम्पनीको चुक्ता पुँजी प्रचलित कानुन वा नेपाल सरकारले राजपत्रमा प्रकाशित पुँजी तोकिएकोमा बाहेक कम्तीमा १ करोड रूपैयाँ हुनुपर्छ ।
- कारोबार गर्न इजाजत प्राप्त गरेको ३ महिनाभित्र प्रबन्धपत्र र नियमावली प्रकाशन गर्नुपर्नेछ ।
- धितोपत्र आह्वान गर्नुअघि कम्पनीले अनिवार्य रूपमा सर्वसाधारणको जानकारीको लागि कम्पनीको विवरणपत्र प्रकाशन गर्नुपर्छ ।
- सार्वजनिक शेयर निष्काशन गर्दा प्रत्याभुति सम्झौता नभएमा ५० प्रतिशत शेयर बिक्री हुन नसकेमा शेयर बाँडफाँड नभई पुनः नयाँ प्रक्रियाबाट शेयर निष्काशन गर्नुपर्छ ।
- कम्पनीको धितोपत्र निष्काशन, बिक्री वितरण, नामावली संकलन, शेयर लगत राख्न मान्यता प्राप्त धितोपत्र व्यवसायी मार्फत कारोबार गर्नुपर्छ । उक्त व्यवसायी संगको सम्झौताको एक प्रति ७ दिनभित्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दिनुपर्छ ।
- साधारणसभाभन्दा ३० दिनअगाडि वार्षिक आर्थिक विवरण तयार गर्नुपर्छ ।
- साधारणसभा गर्नुभन्दा २१ दिन, विषेश साधारणसभा भएमा १५ दिन अगाडि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्छ ।
- कारोबार सुरू गर्न इजाजत प्राप्त गरेको १ वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्छ । त्यसपछिको वर्षमा आ.व. पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने व्यवस्था छ ।
- साधारणसभाबाट लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक तोक्नुपर्ने व्यवस्था छ ।
- कम्पनीको चुक्ता पुँजी ५ करोडभन्दा बढी भएमा साधारणसभाबाट ३ जना सञ्चालन सदस्य रहेको लेखा परीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ ।
- साधारणसभा भएको ३० दिनभित्र सभाको विवरण कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाउनुपर्दछ ।
- कम्पनीको सञ्चालक हुन २१ वर्ष उमेर पुगेको हुनुपर्छ ।
- कम्पनी सञ्चालकको कार्यकाल नियमावलिमा भए वमोजिम बढिमा ४ वर्षको हुने व्यवस्था रहेको छ ।
- कम्पनी संस्थापना गरेको वर्ष संस्थापक सदस्यवाटै सञ्चालक समिति बन्ने र अर्को आ.व.बाट साधारणसभा मार्फत चुनिएको सञ्चालक समिति रहने व्यवस्था छ ।
- एक आ.व.मा सञ्चालक समितिको बैठक कम्तीमा ६ पटक बस्नुपर्ने र प्रत्येक बैठकको गणपुरक सङ्ख्या ५१ प्रतिशत हुनुपर्ने व्यवस्था छ। गणपुरक सङ्ख्या नपुगी बैठक वस्न नहुने व्यवस्था छ ।
- लेखा सञ्चालक समितिले तोकेबाहेक रकम बैंक मार्फत कारोबार गर्नुपर्छ ।
- कम्पनीभित्रका विभिन्न अन्य कार्यहरू प्रबन्धपत्र, नियमावली संशोधन,शेयर लगत, सञ्चालक र कम्पनी सचिवको विवरण,लेखा परिक्षकको नियुक्ति, कम्पनी गाभ्ने र गाभिने सम्बन्धी प्रस्ताव, ठेगाना परिवर्तन,

बैठक सञ्चालक, माइन्युट आदि कानुनले तोकेको म्यादभित्र र कानुनी ढाँचामा गर्नुपर्छ ।

- कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको कम्पनी दर्ताको प्रमाणपत्र प्राप्त गरेपछि घरेलु तथा साना उद्योग कार्यालयमा बिना शुल्क दर्ता गर्न पाउने कानुनी व्यवस्था बाट अन्य विभाग, मन्त्रालय, गाउँपालिका, नगरपालिकाबाट सुविधा पाउन घरेलुमा दर्ता गर्नुपर्ने हुन्छ ।
- कम्पनी गाभिनका लागि गाभिने कम्पनीले साधारणसभामा विषेश पस्ताव पारीत गरी स्वीकृतिको लागि ३० दिनभित्र कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिनुपर्छ ।

### पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत हुने अवस्थाहरू

- पब्लिक कम्पनीको शेयरधनीको सङ्ख्या ७ जना भन्दा कम भएमा ।
- पब्लिक कम्पनीले चुक्ता पुँजी कायम गर्न नसकेमा ।
- (माथिको २ अवस्थामा ६ महिनाभित्र आफ्नो प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्नुपर्छ ।
- संशोधन भएको ३० दिनभित्र कम्पनी रजिष्ट्रारको कार्यालयमा नियम अनुसारको दस्तुरसहित तोकिएको ढाँचामा निवेदन दिनुपर्छ ।
- कम्पनी रजिष्ट्रारको कार्यालयले ६० दिनभित्र प्राइभेट कम्पनीमा परिणत भएको प्रमाणपत्र दिनुपर्नेछ ।
- पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत हुँदा सबै दायित्व नयाँ बन्ने प्राइभेट कम्पनीमा सर्नेछ ।

### प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुने अवस्थाहरू

- साधारणसभाले विषेश प्रस्ताव पारित गरी पब्लिक कम्पनीमा परिणत गर्ने निर्णय गरेमा ।

### निम्न शर्तहरू पालना गनुपर्ने :

- ३० दिनभित्र तोकिएको ढाँचामा नियमानुसार दस्तुर राखी कम्पनी रजिष्ट्रार कार्यालयमा निवेदन दिनुपर्नेछ ।
- आवश्यक प्रक्रिया पूरा गरी आएमा कार्यालयले कम्पनी दर्ता किताबमा पब्लिक कम्पनिमा परिणत भएको ब्यहोरा जनाई ६० दिनभित्र प्रमाणपत्र दिनुपर्छ ।
- प्रमाणपत्र प्राप्त गरेको दिनदेखि पब्लिक कम्पनीको नियम लागु हुने ।
- प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा सबै दायित्व नयाँ बन्ने प्रब्लिक कम्पनीमा सर्नेछ ।

### ३. मुनाफा वितरण नगर्ने कम्पनी दर्ता र सञ्चालन

नाफा आर्जन गर्ने व्यापार व्यवसाय वाहेक धार्मिक,गैरनाफामुलक सामाजिक, शैक्षिक, प्राज्ञिक, परोपकारी, कल्याणकारी कार्य गर्ने गैरनाफामुलक संगठनहरू यस अन्तर्गत पर्दछन् । जस्तैः NGO, INGO, गुठी कुनै सामाजिक कार्य गर्ने उद्देश्य राखी कम्पनी ऐन अन्तर्गत कम्तीमा ५ जना संस्थापक भई संस्थापन गर्न सकिनेछ । संस्थापक सदस्यहरूले स्वपुँजी संकलन गरी कुनै सामाजीक काम गर्न, आम्दानीलाई लाभांसको रूपमा नबाडी संस्थाको वृद्धि वा सामाजिक काममा खर्च गरिने,कुल खर्चको २५ प्रतिशतभन्दा बढी प्रशासनिक खर्च गर्न नपाउने गरी दर्ता भएको कम्पनी नै मुनाफा वितरण नगर्ने कम्पनी हो भनी बुझ्नु पर्छ । मुनाफा वितरण नगर्ने कम्पनी दर्ता गर्दा शेयर पुँजी आवश्यक पर्दैन भने आवश्यक पुँजी सदस्यबाट, अन्य व्यक्तिबाट दान - दातब्यको रूपमा र अनुदानको रूपमा प्राप्त गर्न सकिन्छ । सबै सदस्यहरू बराबर हुने, एक जनाको एक भोट कायम हुने, खारेज गर्दा दायित्व सबै तिरी बाँकी रहेको सम्पत्ति नेपाल सरकारको हुने, उही प्रकृति बाहेक अन्य कम्पनीसँग नगाभिने, सदस्यता हस्तान्तरण नहुने, नामको पछाडि प्रा.लि., लि र कम्पनी लेख्नु नपर्ने, शाखा बिस्तार गर्दा प्रा.लि.ले पूरा गर्नुपर्ने चरण पूरा गर्नुपर्ने ।

### मुनाफा वितरण नगर्ने कम्पनीको दर्ता प्रक्रिया

नेपाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको कम्पनी रजिष्ट्रारको कार्यालयमा भौतिक रूपमा नगई कम्पनी रजिष्ट्रारको कार्यालयको www.ocr.gov.np वेभसाइटमा लगइन गरी आफूले खोल्न चाहेको मुनाफा वितरण नगर्ने कम्पनीको प्रस्तावित नाम पठाउने उक्त नाम Accept नभएमा पुनः अर्को नाम पठाई Conformation Letter आएपछि आवश्यक कानुनी कागजातहरूको Softcopy mail मार्फत कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्छ । नाम प्रस्तावित गर्दा अरूको नामसँग जुध्नु हुँदैन, Public Policy विरूद्धको नाम हुनुहुँदैन । कुनै नाम पहिले नै खारेज भएको वा दामासाहीमा परेको ५ वर्ष अवधि पूरा भएकोमा पुनः उक्त नाम राख्न पाउने कानुनी व्यवस्था रहेको छ ।

## मुनाफा वितरण नगर्ने कम्पनी सम्बन्धी अन्य महत्वपूर्ण जानकारीहरू

- शेयर पुँजी भएको कम्पनी लाई मात्र लागु हुने व्यवस्था बाहेक कम्पनी ऐन २०७४ मा भएको अन्य व्यवस्था लागु हुने ।
- कम्पनीको उद्देश्य परिवर्तन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट पूर्व स्वीकृति लिनुपर्ने ।
- एक व्यक्ति एक भोटको आधारमा सञ्चालक चयन गरी सञ्चालक समिति बनाइने ।
- संस्थापित कम्पनी विघटन/खारेजी भएमा ऋण दायित्व फछ्र्योटपछि बाँकी रहेको जायजेथा नियमावलीमा कुनै व्यवस्था भए सो बमोजिम नभएमा नेपाल सरकारमा सर्नेछ ।
- तोकिएको व्यवस्था उल्लङ्घन भएमा उक्त कम्पनी दर्ता खारेज गर्न सक्नेछ । खारेज गर्नुअघि सफाइको मौका दिनुपर्नेछ । चित्त नबुझेमा ३५ दिनभित्र अदालतमा उजुर गर्ने, समयावधि तोकी लिक्विडेटर/लेखा परीक्षकले प्रचलित कानुनबमोजिम कार्य सम्पादन गर्ने ।

### ४. **कम्पनी कसुर** (Concept of Liffting to corporate vel)

कम्पनीमा शेयरहोल्डरको दायित्व आफूले लगानी गरेको शेयरको मूल्य सम्म मात्र हुने भन्ने सिद्वान्त भएको हुँदा कम्पनीमा धेरै व्यक्तिहरूमध्ये केही मात्र व्यवस्थापकिय जिम्मेवारी (बोर्ड) मा रही कम्पनी सञ्चालन गर्दाका बखत शेयरहोल्डरले काम गर्न सहजताको लागि जुन अधिकार बोर्डलाई दिइएको हुन्छ, उक्त कानुनी अख्तियारी भन्दा बाहिर गएर काम गरेमा, गैरकानुनी, किर्ते, जालसाँजी, लेटरहेड र छापको दुरूपयोग आदि गरेमा कम्पनी शेयरहोल्डरको नोक्सानी हुने काम गरेमा उक्त कामकारबाहीबाट सिर्जना भएको दायित्व संस्थाको नभई व्यक्तिगत कसुर गर्ने संस्थाको जुनसुकै पदाधिकारी नै किन नहोस्, उक्त कसुर गर्ने व्यक्तिको हुन जान्छ । कम्पनीले प्रचलित कानुनबमोजिम उक्त व्यक्ति विरूद्व मुद्दा दायर गरी क्षतिपूर्ति समेत तिराइन्छ ।

## सारांश

बेलायतबाट सुरू भएको कम्पनी स्थापनाको लहर विश्वभरि नै क्रमिक रूपमा विकास हुनपुग्यो । सो क्रममा उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्न सरकारी रूपमा दर्ता, प्रशासनिक कार्य सहजताका साथ सम्पन्न गरी जनतालाई आर्थिक सुशासन प्रदान गर्ने क्रममा कम्पनी ऐनको प्रादुर्भाव भयो । ऐन कानुनहरू समयक्रम सँगै जनताको आवाज सम्बोधन गर्न, विभिन्न कानुनी तथा व्यावहारिक बाधा अड्चनहरूलाई हटाउन, द्वन्द्व समाधान गर्न र विद्रोहलाई शान्तिपूर्ण रूपमा अवतरण गराउँदा इतिहासका विभिन्न कालखण्डहरूमा पुरानो संविधान खारेज हुने र नयाँ बन्ने क्रममा संविधानको मर्म र भावनाअनुकुल हुने गरी ऐन कानुनहरू पनि संशोधन र नयाँ बन्ने क्रम रहन्छ त्यहीअनुरूप कम्पनी ऐन पनि धेरैपटक संशोधन र निर्माण हुने गरेको छ । संसद्द्वारा पारित भई राष्ट्राध्यक्षबाट प्रमाणित भई लागु भएका हरेक कानुनको पालना गर्नु सबै नागरिकको कर्तब्य हुन आउँछ । कार्यान्वयनको क्रममा देखा परेका व्यावहारिक समस्याहरूलाई क्रमशः सम्बोधन गर्दै जनतालाई असल सुशासन उपलब्ध गराउन राज्य पक्ष हरेक समय लागिपर्नुपर्छ । वाणीज्य सम्बन्धी कार्य गर्दा देशको संविधान प्रचलित ऐन कानुनहरू र पक्ष राष्ट्र भएको विभिन्न द्विपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय सन्धिसम्झौता आदि पक्षले प्रत्यक्ष र अप्रत्यक्ष असर पुऱ्याइरहेको हुन्छ । ■■

*लेखक कृषि विकास बैंक लि. का शाखा प्रमुख हुनुहुन्छ ।*

## सन्दर्भ सामग्रीहरू


- www. law commission.gov.np
- www.onlinemajdoor.com
- www.ocr.gov.np
- Black Law Dictionary 7th ed
- कम्पनी ऐन २०६३ र २०७४
- मुलुकी देवानी संहिता २०७४
- विभिन्न नेपाल कानुन पत्रिकाहरू
- नेपालको संविधान २०७२
- अधिवक्ता दर्पणः मुकुन्द शर्मा पौडेल, भागिरथ भुसाल

# English Section

# Governance : The Act, Process and Power of Governing



Anil Kumar Upadhyay

Corporate Governance is the approach by which companies are directed and controlled by regulatory frameworks. It determines the distribution of authority and responsibilities by which the business and affairs of a bank or company are carried out by its board and senior management which sets the bank's strategy and objectives. Corporate governance can be justified by the combination of well-defined rules, procedures, laws, and functions of business activities that take place within a company or organization. The board of directors are responsible for the governance of their organization or company. The shareholders' role in governance is to appoint the directors and the auditors and to assure themselves that it is appropriate in a place. The responsibilities of the board include setting the company's strategic aims, providing the leadership to put them into effect, supervising the management of the business and reporting to the stakeholders within the given period.

The main principles of corporate governance in banking sector are:

1. Accountability, transparency, fairness, ethics, and risk management.
2. Board and its committee (Composition and competence)
3. Managing conflict of interest
4. Board and Management senior interface (role delineation and relationship)
5. Structural and behavioral issue of corporate governance

The purpose of corporate governance is to facilitate effective, entrepreneurial, and prudent management that can deliver the long-term success of the company. Thus, the board of a company does and sets the value of the company and it is to be distinguished from the day-to-day operational management of the company or a bank.

The primary objectives of corporate governance should be safeguarding stakeholders (shareholders, regulators, depositors, etc.) interest in conformity with public interest on a sustainable basis. Corporate governance frameworks of banks are designed and guided by the regulators (NRB, Company act, Sebon, etc.) to facilitate effective management and control of business, enable the bank to maintain a high level of business ethics and to maximize the value of all its stakeholders. It can be explained as the combination of well-defined rules, procedures, laws and facilities of business activities that take place within the company or a bank. This is a framework of corporate policies & practices used by the corporate members in achieving their organizational/companies goals or objectives.

The **Basel Committee on Banking Supervision (BCBS)** is the primary global standard setting organization for The PRUDENTIAL REGULATION OF BANKS and provides a forum for regular cooperation on banking supervisory matters. The BCBS looks into the following:

- Make a banking sector strong and enough to withstand ECONOMIC and FINANCIAL STRESS
- Reduce RISK in the system
- Improve TRANSPARENCY
- Build a base for strong & RESILIENT banking system




Reinforcing risk governance includes significant roles and responsibilities alongside fine-regulated and communicated risk profiles. The principles the board has set for its structures, qualifications, and practices and assumes the responsibility for the bank's strategic and risk management as well as communication. Compliance and internal audit are performed by independent internal control. External control requires disclosure and transparency and the role of supervisors. The supporting factors for sound corporate governance include governance of group structure and compensation strategy.

According to the **Bank and Financial Institutions Act 2073 (BAFIA)** of Nepal, the framework of corporate governance includes the proper defining the authority and responsibilities of board members, representing board composition (seven including female and functions of independent board director), responsibility of banking services (Assets Laundering Prevention Committee, Audit Committee, Risk Committee and Employee welfare & Benefit Committee), governance system, overseen and managing compliance risk, and transparent financial reporting, and disclosure practices in an organization.

If the banks do not maintain good corporate governance and financial discipline, as guided by regulatory, Nepal Rastra Bank has the authority to halt the transaction, put conditional restriction, and financial penalty to the banks as well as individuals. This ultimately impacts the bank's reputation.

In this respect, the world of corporate governance needs to place high priority on making its culture, leadership, alignment, systems, and structure more rationalized in terms of flexibility, complexity and centralization or decentralization. Therefore, the main structure of corporate governance includes the directors, management and the stakeholders of a company or a bank.

The rapid globalization, international legal deregulation, and rapid development in information, reporting and technology have resulted in opportunities as well as challenges for companies or the banks. The success of the banks or company in the global as well as countries scene is essentially determined by the level of corporate governance that bank or company is practicing. Effective and efficient corporate governance provides a competitive approach to the company.

Recently, the concept of corporate governance has been increasing even in public due to its credibility and importance on the economic health of cooperation in general. While the financial crisis is at its culmination, regulators, government, and academicians tend to focus on corporate governance more in order to enhance investors' confidence that would attract more position of funds in business. Hence, the concept of corporate governance itself is a risk for investors and in fact it determines the investment decisions. ■■

*About author: Former CEO (ADBL) & President (NBA)*

# Corporate Governance



Yagya Prakash Neupane

Governance refers specifically to the set of rules, controls, policies, and resolutions put in place to direct corporate behavior. A board of directors is pivotal in governance. Proxy advisors and shareholders are important stakeholders who can affect governance. Communicating a firm's corporate governance is a key component of community and investor relations. It provides corporate governance information including its committee charters and governance documents, such as by laws, stock ownership guidelines, and most companies strive to have exceptional corporate governance. For many shareholders, it is not enough for a company merely to be profitable. It also must demonstrate good corporate citizenship through environmental awareness, ethical behavior, and sound corporate governance practices.

**Benefits of Corporate Governance**

- Good corporate governance creates transparent rules and controls, provides guidance to leadership, and aligns the interests of shareholders, directors, management, and employees.
- It helps build trust with investors, the community, and public officials.
- Corporate governance can provide investors and stakeholders with a clear idea of a company's direction and business integrity.
- It promotes long-term financial viability, opportunity, and returns.
- It can facilitate the raising of capital.
- Good corporate governance can translate to rising share prices.
- It can lessen the potential for financial loss, waste, risks, and corruption.
- It is a game plan for resilience and long-term success.

**Corporate Governance and the Board of Directors**

